तन्त्रविद्यालोक

विद्यानाथ उपाध्याय भट्ट

अद्वैतब्रह्मरूपो ऽपि स्वयं पशुपतिः शिवः ।
पञ्चमूर्त्यात्मको भूत्वा गुरुभावेन संस्थितः ॥
पशुपाशविनाशाय जीवानामुद्दिधीर्षया ।
स्वशक्त्यां तत्स्वरूपायां तन्त्रं समवतारयत् ॥

श्री पशुपति शिवले स्वयं अद्वैत ब्रह्मरूप भएर पनि पञ्चमूर्ति स्वरुप भइकन गुरुभावमा रहेर पशु (अज्ञानी जीवहरू) को पाशो (अज्ञान) को विनाश गर्न पाँचै मूर्ति भएकी आफ्नी शक्तिमा तन्त्रशास्त्रहरूको अवतरण गर्नुभयो ।

तन्त्रविद्यालोक

लेखक

विद्यानाथ उपाध्याय भट्ट

प्रकाशिका

अन्नपूर्णा उपाध्याय भट्ट

पुस्तक : तन्त्रविद्यालोक

प्रथम संस्करण : २०६२ नवरात्र

सर्वाधिकार : लेखक तथा प्रकाशिकामा सुरक्षित

कम्प्यूटर विन्यास : मुरारिराज शर्मा पाण्डे

आवरण सज्जा : मोहन राज हाडा

मूल्य : रू. ४००/-

मुद्रक : युनियन प्रेस (प्रा) लि., पुतलीसडक, काठमाडौं
फोन : २३०२८९, २३०३८५

लेखक आफ्नी धर्मपत्नी तथा पुस्तकका प्रकाशिकाका साथ

समर्पण

वागर्थाविव सम्पृक्तौ वागर्थप्रतिपत्तये ।
जगतः पितरौ वन्दे पार्वती-परमेश्वरौ ।।

– श्रीकालिदास

हे प्रभो साम्बसदाशिव !

पत्रं पुष्पं फलं तोयं जो छ मेरो चढाउँछु ।
भक्तिको प्रेमधाराले स्नान तिम्रो गराउँछु ।।

शब्दपुष्पाञ्जलि मेरो राम्रो छैन म जान्दछु ।
सुगन्ध भक्तिको भर्ने प्रयास अब गर्दछु ।।

देखाऊ भक्तिको बाटो शक्ति देऊ निरन्तर ।
बालको बुद्धि के हुन्छ ? प्रभो ! उद्धार लौ गर ।।

शिव हुँ शिव मात्रै हुँ भन्ने भाव सदा भर ।
हटाई द्वैतको भाव विनाश भेदको गर ।।

नित्य, शुद्ध, बुद्ध, मुक्त तिम्रो शाश्वत रूप छ ।
चित्त, वाक्, काय, बुद्धिले अवर्ण्य सत्स्वरूप छ ।।

कुन हो शास्त्रको मर्म ? म परेँ रनभुल्लमा ।
क्षमाको याचना साथ म गर्छु ईश ! वन्दना ।।

कृपाका लेशले तिम्रो तन्त्रको ज्ञान फैलियो ।
अज्ञान-पशुताबाट जीव सम्पूर्ण जोगियो ।।

तिम्रै पवित्र यी पाऊ मनले नित्य भज्दछु ।
तिमीमै भक्तिले ग्रन्थ-समर्पण म गर्दछु ।।

– प्रा. विद्यानाथ उपाध्याय 'भट्ट''

प्रकाशकीय

तन्त्रका ज्ञानको राशि शिवमा लीन जो थियो ।
लोक कल्याणका लागि आविर्भूत त्यही भयो ।।

गुरु भई महादेव शिष्य हैमवती उमा ।
प्राप्त भो शिवको ज्ञान तन्त्रको यस लोकमा ।।

दश शैवागमहरू अठार भैरवागम ।
चौसट्ठी तन्त्रका भेद शिवबाट विनिःसृत ।।

गुरु-शिष्य हुँदै आयो ज्ञानधारा सुपावन ।
पशुत्वका बन्धबाट मुक्त पार्ने सुसाधन ।।

अज्ञान पाशले बद्ध सारा जीवहरू पशु ।
पशुत्वबाट मुक्त गर्ने पशुका पति हुन् शिव ।।

शिव जीव दुवै यौटै भेद छैन कुनै पनि ।
अज्ञानले झल्कने हो नभए त्यो शिवै शिव ।।

अनादि शिवहुन् - ब्रह्म उनैका विश्व विग्रह ।
भिन्नमा एकको बोध शिवका ज्ञानको फल ।।

हे नाथ! हे पशुपति मेरा बन्ध सबै हर ।
मुक्त पारी पाशबाट शिवभाव सदा भर ।।

प्रकाशिका

- श्रीमती अन्नपूर्णा उपाध्याय भट्ट

मेरो दृष्टिमा तन्त्रविद्यालोक

- सं. डा. स्वामी प्रपन्नाचार्य

सनातन वैदिक आर्य हिन्दूवाङ्मय ज्ञान र विज्ञानको शेवधि हो । यसमा **ननु न च र अथ च** गर्ने अवसर नै छैन । तथापि **मुखमस्तीति वक्तव्यम्** आफ्नै मुख हो, बोले के फरक पर्ला ? भन्नेहरूको पनि कमी छैन । हिन्दूवाङ्मय जहाँ आध्यात्मिक र दार्शनिक ज्ञानको नीरनिधि हो भने हिन्दूवाङ्मय नै आधुनिक विज्ञानको पनि शेवधि हो भन्नुमा अत्युक्ति हुने ठाउँ छैन । त्यसैले महर्षि शाकपुणि आफ्नै रचना **शाकपुणिनिरुक्त**मा आज्ञा गर्नहुन्छ –

हिनोति धर्मविज्ञानं नयत्यात्मानमुन्नतिम् ।
दुनोति दुष्टवृत्तस्थान् स वै हिन्दुरिति स्मृतः ।।

महर्षि शाकपुणिले हिन्दूको लक्षण गर्दा धेरै इतिहास राख्नुभएको छ । यहाँ प्रसङ्ग छ ज्ञान र विज्ञानको समस्त ज्ञानको भण्डार अर्थात् शेवधि चतुर्दश विद्या हो । यसैगरी विज्ञानको भण्डार अर्थात् शेवधि पनि चतुर्दश विद्या नै हो भन्नुमा अत्युक्ति हुने ठाउँ छैन । आधुनिक विज्ञानको मूल जरो पनि प्राचीन[१] चतुर्दश विद्या नै हो ।

ती चतुर्दश विद्या कुन कुन हुन् त ? महर्षि याज्ञवल्क्य भन्नुहुन्छ[२] – चार वेद, छ अङ्ग, मीमांसा, न्याय, पुराण तथा धर्मशास्त्र यी चतुर्दश विद्या हुन् । यद्यपि विष्णुपुराण आदि अन्य ग्रन्थहरूमा अठार विद्याको उल्लेख पाइन्छ । तिनमा पाइने आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र अथर्ववेदको अन्तर्भाव चतुर्दश विद्याभित्रै भएको छ, किनभने यी चार विद्या चार वेदभित्रकै हुन् । अलग

---

१. *प्राचीन हिन्दूविज्ञान द्रष्टव्य । (वेदमा के छ ? को उत्तर भाग) ।*

२. *याज्ञवल्क्यस्मृति – १।३ ।*

परिगणनाको आवश्यकता नै छैन । यसरी विपुल विविध विचारसरणिलाई अवलम्बन गर्दा चतुर्दश विद्याका अतिरिक्त सात सिद्धान्तहरू[३] प्रतिपादित छन् । योगी याज्ञवल्क्य_ग्रन्थको प्रमाण विक्रमको नवौं शताब्दीको वाचस्पति मिश्रले उल्लेख गरेका छन्। आजभन्दा पाँचहजार वर्ष पूर्व नै तीन सय शास्त्र तथा पचहत्तर महातन्त्रहरूको लेखन र पठन–पाठनक्रम चलिराखेको इतिहास महाभारत शान्तिपर्वमा[४] स्पष्टसँग उल्लेख भएको छ ।

यस दृष्टिले चियाउँदा वैदिक वाङ्मयराशिमा नै लाखौं लाख ग्रन्थ तत्त्वदर्शी वैज्ञानिक ऋषि–मुनि र आचार्यहरूले रचना गरे भने परात्पर परब्रह्म शिवस्वरूप देवाधिदेव महादेव स्वयं वक्ता, स्वयं प्रवर्तक तथा पराम्बा चित्कलाशक्ति त्रिपुरासुन्दरी भगवती पार्वती जुन शास्त्रको श्रोता बनिन्, त्यो शास्त्र हो तन्त्रशास्त्र। तन्त्रशास्त्र पनि मूलदेखि हाँगाविँगा हुँदै जाँदा वैदिकवाङ्मय जस्तै लाखौंको सङ्ख्यामा ग्रन्थ रचना भएका छन् । तन्त्रशास्त्र धेरै मात्रामा अप्रकाशितै छन् । त्यसैले चामुण्डा–चूडातन्त्रमा देवाधिदेव महादेव चित्प्रभा–कलास्वरूपा पार्वतीजीलाई भन्नुहुन्छ–

सप्तसप्तसहस्राणि तन्त्राण्याहुर्वरानने ? यसको विज्ञ नीरक्षीरविवेचन–पेशल धीवरहरूले जोड, गुणा, भाग आदि जे अर्थ गरे पनि स्वतन्त्र हुनुहुन्छ, तर अवश्य नै यति त भन्न सकिन्छ कि वैदिकवाङ्मय जस्तै तन्त्रवाङ्मय पनि अथाह समुद्र नै देखिन्छ । विपुल तन्त्रवाङ्मयराशिका सम्बन्धमा गहन विचार गर्दा यस तन्त्रवाङ्मयभित्र अथाह विषयहरू समाविष्ट भएका छन् ।

यिनीहरूको हजारौं वर्षदेखि लाखौं वर्षका अन्तरालमा रचना भयो भने यिनको अध्ययन–अध्यापन तथा शोधखोज आदि क्रियाकलापमा पनि उत्ति नै वर्ष लाग्यो । यसमा सन्देह गर्ने अवसर छैन ।

तर 'तन्त्र' शब्द वैदिक शब्द होइन भन्ने आधुनिक विद्वान्हरूको पनि

---

३. *पाञ्चरात्र, कापिल, अपान्तरतम, ब्रह्मिष्ठ, पाशुपत, हैरण्यगर्भ (याज्ञवल्क्यस्मृति ग्रन्थ द्रष्टव्य)*

४. *महाभारत शान्तिपर्व अ. १२२ ।*

कमी छैन । जे होस्, तर प्राचीन वैदिक वाङ्मयको आमूलचूल आलोडन गर्दा 'तन्त्र' शब्द मूल ऋग्वेदको[५] दशमण्डल, ७१।९ मन्त्रमा स्पष्ट उल्लेख भएको पाउँछौ । त्यसपछि अथर्ववेद, तैत्तिरीयब्राह्मण, पञ्चविंशब्राह्मण, शतपथब्राह्मण आदिमा तन्त्र शब्द उल्लेख भएको कुरा विज्ञ सुधीशेखरहरूको सामु लुकेको छैन । यसरी अनुसन्धान गर्दै जाँदा मूल वेदहरूमा प्राप्त भएको छ भने कसरी अवैदिक शब्द भन्ने ? यसरी तन्त्र शब्द वैदिक शब्द नै हो भन्ने सिद्ध छ ।

परन्तु 'तन्त्र' शब्दको अर्थांशमा विद्वानहरूमा विप्रतिपत्ति हुनु अस्वाभाविक कुरा होइन । त्यसैले केही विद्वान्हरू भन्दछन् – वेदहरूमा प्रयोग भएको 'तन्त्र' शब्दको अर्थ प्रसिद्ध तान्त्रिकहरूले प्रयोग गर्दै आएको 'तन्त्र' होइन । वेदहरूमा प्रयुक्त 'तन्त्र' को अर्थ तन्तु अर्थात् धागोको या डोराको वाचक हो भन्दछन् । वस्तुस्थितिमा विचार पुऱ्याउनु पर्दा वेदहरूमा प्रयोग भएको 'तन्त्र' शब्द धागोको वाचक पनि नहुने होइन । तर तन्तु–धागोको वाचक हुनुमात्रै 'तन्त्र' शब्दको अर्थ हुन्छ वा हो भन्नु एकलकाटे विचार हो ।

स्वयं एउटै अथर्ववेद सिङ्गो रूपमा 'तन्त्र' ग्रन्थ नै खडा भएको छ भने निर्देश गर्दा फरक पर्दैन । यद्यपि अथर्ववेदभित्र एकदेखि लिएर वीस काण्डभित्र विविध विषयहरू सन्निविष्ट छन् । आयुर्वेद, अथर्ववेद आदि समस्त विषयहरूका पोका ज्ञान विज्ञानका ढोका भएर पनि सम्मोहन, मारण, मोहन, भेदन, उच्चाटन आदि जादू टोनासम्म उल्लेख पाइन्छ । दोस्रो कुरा वेदमा जम्मा एक लाख मन्त्रहरू छन् । तीमध्ये अस्सी हजार मन्त्रहरूले कर्मकाण्डको प्रतिपादन गरेका छन् । ती मध्ये सोह्र हजार मन्त्रहरू उपासनापरक छन् । शेष चार हजार मन्त्रहरूले ज्ञानकाण्डलाई थामेका छन् । मानव जीवनमा विविध व्यवहार धान्नका लागि विविध कर्म गर्नैपर्ने हुन्छ भने उपासना पनि मानवजीवनको

---

५. *ऋग्वेद १०।७१।९*

क. *अथर्ववेद १०।७।४२*

ख. *तैत्तिरीयब्राह्मण २।५५।३*

ग. *पञ्चविंशब्राह्मण १०।५*

घ. *शतपथब्राह्मण १४।२।२।२२*

अभिन्न र अपरिहार्य अपरित्याज्य अङ्ग हो । उपासना अनेकविध हुन्छन् । त्यसैले सर्वतन्त्रस्वतन्त्र सुकीर्तिदत्त पन्त भन्नुहुन्छ, 'समस्त'[६] तन्त्रहरू वेदका उपासनाकाण्डभित्र पर्दछन्। किनभने वेद त्रिकाण्डात्मक भएका हुनाले वैदिक उपासना र तान्त्रिक उपासनामा साम्य देखिन्छ ।

उपासनाका प्रकारहरू भिन्न भिन्न छन् । सात्त्विकी, राजसी, तामसी तीनै प्रकारका उपासना हुन्छन् । सात्त्विकी उपासनामा पनि सयकडौं भेद–उपभेदहरू छन् भने राजसी र तामसी उपासनाहरू पनि सयकडौं भेद–उपभेदहरूमा बाँडिएका छन् । यसरी वैदिक तन्त्रबाट विस्तारै हाँगाविँगा फैलिदै गएर आज विश्वका आठ अर्वभन्दा बढ्ता मानवहरूको माझमा तन्त्र साम्राज्य छाएको छ ।

परन्तु वैदिक तान्त्रिक विधि–विधानबाट होइन । अपितु आ–आफ्नै व्यत्ययक्रमबाट चालित छन् । स्वयं मूल वैदिक परम्परामा नै अनेक विधाहरू छन् भने इसाई, मुसलमान, आदिमा थुप्रै अन्तर पाइन्छ । तर इसाई र मुसलमानहरूमा पनि तन्त्रसाधना र उपासना अवश्य हुन्छ । यो रहस्य उनीहरुको माझमा पसेपछि बुझिने विषय हो । जैन र बौद्धहरुमा भने केही निक्कै फरक र केही अत्यन्त साम्य पनि देखिन्छ ।

यी उपर्युक्त कुरा वा विषयवस्तुलाई जान्न र बुझ्न अध्ययन गर्न उनीहरूको माझमा प्रवेश गरेपछि समर्पित हुनुपर्छ । मान र अपमानहरूलाई पैतालामुनि दबाएर हिंड्नुपर्ने हुन्छ । अनि मात्र अथाह तन्त्रवाङ्मयको रहस्य कहाँ कहाँ कुन कुन रूपमा रहेका छन् ? आदि कुराको अध्ययन गर्न सकिन्छ । यो धेरै ठूलो त्याग र तपस्याको विषय हो । यी विषयहरूलाई साधारण विषय सम्झनु खलविद् विषय हो ।

अब 'तन्त्र' शब्दको प्रयोगमा पनि पाठक–वाचकवृन्द समक्ष ऊहापोह गर्नु आवश्यक देखिन्छ । त्यसैले यहाँ सानो चियोचर्चा गरिन्छ । तन्त्र, मन्त्र, यन्त्र आदि साधारण धामी, झाँक्री, ओझा, फेदावा, विजुवा, माङ्पा, नाक्छौ,

---

६. *तथा च वेदकाण्डत्रयमध्ये उपासनकाण्डशेष एव तन्त्रशास्त्रमिति सिद्धम् । तन्त्रेऽपि श्रीविद्योपासना त्वतीव प्रशस्ता (मकरन्दस्तुति का. ११३)*

लामा आदिले झारफूक, मारण, मोहन, उच्चाटन आदि गर्ने साधारण विषय सम्झे अथवा देखेर सामान्य सम्झने गरेकाछन् आधुनिक केही व्यक्तिहरूले । तर अध्ययन, चिन्तन, मनन, सत्सङ्ग र विचारको अभावले गर्दा र एकोहोरो आधुनिक शिक्षाका कारणले गर्दा त्यसो हुन पुगेका हो ।

वस्तुस्थितिमा पुगेर डुबुल्की मार्दा तन्त्रशास्त्र अथाह समुद्र नै देखिन्छ । साधारण गुरुहरूबाट पार लाग्ने विषय होइन । अपितु तन्त्रशास्त्रविद् तत्त्वदर्शी गुरुका शरणमा गएर दीक्षित नभइकन पार लाग्ने विषय नै होइन । फेरि त्यो गुरु सम्प्रदायविद् हुनु पनि आवश्यक देखिन्छ । त्यो सम्प्रदायको पद्धतिअनुसार नै पठन-पाठन, साधन, मनन, ध्यान, पूजा-अर्चना आदि सम्पन्न हुने कुरा हो । त्यसैले समग्र कुराको परिवर्तन हुन सक्दैन । विषयगत कुञ्जी वा ताला खोल्ने काम गुरुदीक्षाले मात्रै गर्छ । त्यसैले **चारार्चनपद्धति**[७] आदि ग्रन्थहरूमा स्पष्ट रूपमा उद्घोष गरेर लेखेको छ । यहाँ ग्रन्थको नाम प्रयोग भएको 'चार' शब्द तान्त्रिक परिभाषिक शब्द हो ।

अश्वक्रान्त सम्प्रदायमा 'चार' क्रियाविशेषले अभिचार, उपचार, समाचार, लाभचार, उन्मथचार यी पाँचवटा चारविधि **हिरण्यतन्त्र**[८]मा उल्लेख छ । परन्तु रथक्रान्त सम्प्रदाय र विष्णुक्रान्त सम्प्रदायहरूमा प्रसङ्गवश 'अभिचार' शब्दबाहेक अरू 'चार'को भेद गणना गरेको पाइदैन । तर मूल तन्त्रको उपदेष्टा भगवान् शिव र प्रथम श्रोताका रूपमा तन्त्ररहस्यको यथार्थ वस्तुसत्यलाई हृदयङ्गम गर्ने परमा आद्याशक्ति पार्वती नै हुन् भन्ने सिद्धान्तमा दुई मत छैन । त्यसैले तन्त्रसम्बन्धी समग्र उपासना आद्याशक्ति देवीमा थुपरिन पुगेका हुन्छन्। काली, तारा, त्रिपुरासुन्दरी आदि नवदुर्गादेखि उपनामका अनेक देवीहरूको नामबाट उपासना गरिन्छ । उपासनाहरूमा पनि सात्त्विकी राजसी र तामसी तीनै प्रकारका उपासना प्रचलित छन् ।

---

७. *हस्तलिखित प्रति हरिपुर हजारामा महाराजा हरिसिंह पुस्तकालय*

८. *कालुराम शास्त्रीको सङ्ग्रह पुस्तकालय विलासपुर हिमाचल प्रदेश हस्तलिखित ग्रन्थ द्रष्टव्य ।*

पूजाविधि र मन्त्रप्रयोग वैदिक र शुद्ध तान्त्रिक दुवैथरि गर्ने गर्छन् । दीक्षाविहीन साधक विद्यार्थी आदिले आफ्नो कार्यदक्षतामा सफलता प्राप्त गर्न सक्दैन । त्यसैले अन्त्यमा त्यसको सद्गति पनि हुन सक्दैन । त्यसैले सम्पूर्ण कार्य सफल गर्नका लागि योग्य गुरुहरूबाट दीक्षा लिनु आवश्यक हुन्छ ।

अदीक्षिता ये कुर्वन्ति जपपूजादिकाः क्रियाः ।
न भवन्ति प्रिये ? तेषां शिलायां न्यस्तबीजवत् ।।

यस वाक्यांशमा **जपपूजादिकाः** मा आदिपदको ज्यादै व्यापक अर्थ छ। मानवमात्रको कल्याण दीक्षाले मात्र हुनु सम्भव छ । यो दीक्षाको क्रम केवल सनातन हिन्दूहरूमा मात्र होइन अपितु विश्वव्यापी दीक्षाक्रम जारी छ ।

तर यो दीक्षाक्रम कहाँबाट विश्वमा फैलियो त ? यसको सीधा उत्तर आर्यावर्त जम्बूद्वीप, भरतखण्डको मानस, हिमवत्खण्डबाट विस्तारै मैदानमा उत्रियो । मैदानहरूमा प्रशस्त फैलिएपछि जति जति मानव फैलिँदैगए, उति उति यो 'दीक्षा' क्रम पनि बढ्दै फैलिँदै गयो । तर यस दीक्षाको एकरूपता भने रहन सकेन । त्यसैले स्वयं आर्यावर्त भरतखण्डभित्र नै दीक्षामा अनेक रूपता आएको देखिन्छ । परन्तु एक प्रश्न अवश्य नै उपस्थित हुन्छ । यो दीक्षा भन्ने शब्दले विश्वलाई किन छोडेन ? उत्तर छ 'दीक्षा' जीवनका लागि नभई नहुने परम्परा हो त्यसैले विश्वमानवले दीक्षा लिन छाडेनन् । दीक्षामा भने अनेकरूपता पाइन्छ ।

एउटा सानो उदाहरणबाट पाठक-वाचकवृन्दले बुझिदिनुभए दीक्षाको रहस्य बुझ्नुहुनेछ । सौन्दर्य प्रसाधन केन्द्र आजको युगमा जताततै स्थापित भएका छन्। त्यसको विदेशी नाम हो ब्यूटीपार्लर । यसभित्र हुने सामग्री र क्रियाकलाप आदिलाई गम्भीर रूपले दृष्टिपात गर्नुहोस् । यस्तै कम्पुकराते, सिनेमा, डाक्टर, नर्स, वैद्य, अध्यापक, प्रोफेसर, होटेल, ड्राइवर, पाइलट, इञ्जिनियर आदिदेखि लिएर घरपरिवारका चुला-चौकासम्म कुनै कोही 'दीक्षा' नलिइकन बाँच्न सकेका छैनन् र भविष्यमा पनि बाँच्ने छैनन् । परन्तु 'दीक्षा' शब्द बिर्सेर 'सिक्नु' र सिकाउनु शब्दहरूको प्रयोग गर्छन्, यतिमात्र फरक छ । यस्तै अभ्यास, मनन, चिन्तन आदिलाई सानो विदेशी शब्दमा ट्रेनिङ्ग भन्ने गरिन्छ । यति नै त

फरक हो। के शब्द बदलिँदैमा अर्थ क्रिया बदलिन्छ र ? केवल भाषान्तर र शब्दान्तरमा अवश्य फरक सुनिन्छ तर अर्थ बुझेपछि दीक्षा नै हो र दीक्षाविना मानव मानव हुन सक्दैन ।

यस्तै धार्मिक आध्यात्मिक क्षेत्रलाई पनि बुझ्ने प्रयास गरे ज्यादै राम्रो होला कि ? वैदिकदीक्षा, तान्त्रिकदीक्षाका रूप सम्पूर्ण विश्वमा फैलिएका छन् । इसाईहरूको वपतिष्मा, ताओहरूको जोबिया, मुसलमानहरूको जुमासवा, कन्फुसियनमा लुङ आदि विश्वभरिका धर्महरूमा दीक्षा दिने र लिने चलन वा परम्परा चलिरहेका छन् भने यस्ता परम्परा चलिरहने नै छन् । यसमा सन्देह छैन। तर यो परम्परा विश्वगुरु आर्य हिन्दूहरूबाट संसारभरि फैलिएको थियो ।

तन्त्रविद्यालोकलाई विहङ्गम दृष्टिले अवलोकन गर्दा र कतै चाहार्दा, कतै डुबुल्की मार्दा, कतै पौडँदा र कतै तटहरूमा उभिएर रमिता हेर्दा विषयगाम्भीर्यमाथि सूक्ष्म दृष्टिले कठिनी दगुरेको छ भन्ने **आलोक**मा आभास पाइन्छ । आभासमात्र होइन अपितु प्रौढ–पाण्डित्य–ग्रावनिकषमा कसिएका विषयहरू **आलोक**मा प्रस्तुत भएका छन् । तन्त्रविद्यालोक वस्तुतः अन्वर्थ नाम हो भन्दा अत्युक्ति हुने ठाउँ छैन । नीरक्षीरविवेचनपेशल सुधीजन तथा पाठक–वाचकवृन्दलाई समान रूपले सम्झाउने प्रयास स्तुत्य छ । यस **आलोक**मा विवेचनीय विषय प्रथमतः भाषा नै हो । कुनै पनि विषयलाई विद्यार्थी वा पाठक–वाचकवृन्दसामु प्रस्तुत गर्ने माध्यम भाषा नै हो । निक्खार परिमार्जित वा खारिएको भाषा नभएसम्म कुनै पनि विषय पाठक–वाचकसामु सम्झाउन–बुझाउन सारो मात्र होइन, अपितु अति नै गाह्रो हुन्छ।

दोस्रो कुरा जुन विषयलाई प्रस्तुत गर्न थालेको छ, त्यस विषयको गम्भीर अध्ययन, चिन्तन, मनन, श्रवण, निदिध्यासन आदि भएको छैन भने अझ कठिन हुने गर्छ ।

तेस्रो कुरा सम्प्रदाय र सिद्धान्तलाई हृदयङ्गम गर्नु अत्यावश्यक हुन्छ । यदि सम्प्रदायलाई बुझेको छैन भने सम्प्रदायविपरीत र अप्रामाणिक हुन्छ ।

सम्प्रदायको ज्ञान नभएको खण्डमा अप्रमाणिक मात्र हुने होइन, अपितु सम्प्रदायविज्ञहरूको सभा, वार्तामा पदे पदे टोकाइ खाने गर्छ र निन्दापात्रको

रूपमा परिणत हुने गर्छ । त्यसैले सम्प्रदायविद् हुनु अत्यावश्यक हुन्छ । त्यसैले अश्वक्रान्तरहस्यसार ग्रन्थ **सम्प्रदायज्ञानशून्योऽदीक्षितः कर्मोपासनज्ञानशून्यो नरो भवतीति समयसम्प्रदायविदं गुरुमाश्रित्य यत्र कुत्रापि दीक्षितः सन् आश्रमे निवसेत्** भनेर स्पष्ट उल्लेख गरेको छ । सम्प्रदायशून्य, सम्प्रदाय ज्ञानशून्य र दीक्षाशून्य व्यक्तिले गरेका कर्म, उपासना तथा ज्ञानार्जन सबै निष्क्रिय, निष्फल हुन्छन् । त्यसैले कर्म उपासना आदि कुनै पनि कर्मकलाप निष्क्रिय, निरर्थक र निष्फल नहोस् भन्नका लागि दीक्षित हुनु अत्यावश्यक हुन्छ । तर त्यसका लागि तत् तत् सम्प्रदायविद् गुरुको आवश्यकता हुन्छ । तर यहाँ विचारणीय विषय के छ भने ग्रन्थकार विमलसूरिले स्वयं उल्लेख गर्दै **किन्नाम सम्प्रदायत्वम्** भनेर तर्क उठाएका छन् र आफैले भनेका छन्- **सृष्टिकालादविच्छिन्नरूपेणागततन्त्रपरम्परा एव सम्प्रदायशब्देनोच्यते सा चाचार्यमूला** । अगाडि अझ खुलस्त पारेर भन्दछन् - **सा तन्त्रपरम्परा आचार्यमूलैव** । भन्न खोजेको के हो भने तन्त्रको परम्परा कुनै न कुनै आचार्यले बसाएको थियो । त्यो शिष्य-प्रशिष्यहरूद्वारा संरक्षित हुँदै आयो । त्यसको नाम अनादिपरम्परा रह्यो । त्यसैले परम्परा **आचार्यमूला** कहलाए । **कश्चनाचार्य एव मूलं यस्याः सा आचार्यमूला** भनेर विस्तृत व्याख्या गरेका छन् । यस रीतिले व्याख्या गर्दै जाँदा **प्रथमतन्त्राचार्यस्तु शिव एव नान्यः कश्चन, शिष्यपरम्परायाञ्च प्रथमा पराम्बा शैलपुत्रीति सम्प्रदायः** अर्थात् शिष्यहरूमा प्रथम शिष्य पराम्बा शैलपुत्री पार्वती नै हुन् । **अयमेव सम्प्रदायः, इयमेव परम्परा सम्प्रदायशब्देनोच्यते** भनेर सम्प्रदाय र परम्पराशब्द पर्यायवाची शब्दको रूपमा स्वीकार गरेका छन् तन्त्राचार्य विमलसूरिले । तर यस मतलाई विमलसूरिको मात्रै होइन आधुनिक तन्त्रविद्याचार्य भास्कर रायले पनि आफ्ना ग्रन्थहरूमा कतै सङ्केत र कतै उपसङ्केत गरेका छन् भने कतै व्यास र कतै समासशैलीमा आफ्ना भावहरू पोखेका छन् । यसरी शिवशक्ति नै तन्त्रशास्त्रका प्रथमाचार्य र प्रथम शिष्याका रूपमा पराम्बा पार्वती नै श्रोताको रूपमा देखापर्नु नै गुरु-शिष्यभाव हो । यस गुरुशिष्यभावलाई अक्षुण्णरूपमा परिचालन गर्ने शिष्य-प्रशिष्यहरूको अविच्छिन्नरूपमा अध्ययन,

अध्यापन, श्रवण, मनन, निदिध्यासन, साधना एवं उपासना आदिको परिपक्व अवस्था नै परम्पराका रूपमा परिणत भयो । परम्पराको अर्को पर्यायवाची शब्द सम्प्रदाय शब्दले व्यवहृत भयो ।

अत एव रुद्रयामलतन्त्र आदिमा अदीक्षित कुनै पनि पुरुष कुनै कार्यमा सफल हुँदैन र मृत्यु भएपछि रौरव नरकमा जान्छ भनेको छ –

अदीक्षितो हि पुरुषो मरणे रौरवं व्रजेत् ।
तस्माद्दीक्षां प्रयत्नेन गृह्णीयुः सर्वमानवाः ।।

यहाँ दीक्षा शब्दको अर्थ 'ट्रेनिङ्ग' हो । तर अधिकार प्राप्त नगरेसम्म ट्रेनिङ्ग गर्न पाउँदैन । त्यस्तै कर्तव्य पूरा नगरेसम्म अधिकार प्राप्त हुँदैन । यो नियम केवल तन्त्रमा मात्र लागु हुने नियम होइन । यो सर्वतन्त्रस्वतन्त्र नियम हो। प्रत्येक व्यक्ति प्रत्येक विषयमा लागु हुने नियम हो । यसैमा असल व्यक्तित्व र असल साधन हो कि ? सफल मात्र हो ? भन्ने कुरा छुट्याउन सकिन्छ । तर असल साधकको अथवा असल विद्यार्थीको सफलता त आफ्नै मुठ्ठीभित्र हुने गर्छ। त्यसैले दीक्षा हरेक मानिसको फलदायक नियम हो । यसलाई तन्त्र वा आध्यात्मिक आदि विषयको नियममात्र हो भन्न मिल्दैन । यदि दीक्षित भएको छैन भने, त्यसको के हालत होला त ? भगवान् आशुतोष शिवले पराम्बा जगदम्बा पार्वतीजीलाई प्रथम शिष्याको रूपमा आज्ञा गर्नुभएको छ –

देवि ! दीक्षाविहीनस्य न सिद्धिर्न च सद्गति : ।
तस्मात् सर्वप्रयत्नेन गुरुणा दीक्षितो भवेत् ।।

उपर्युक्त रीतिबाट दृष्टिपात गर्दा तन्त्रविद्यालोकमा निम्न विषयहरू समाविष्ट भएका छन् ।

आगमको प्रतिपाद्य विषय, आगमार्थ, त्यसको उद्भव र विकासमाथि अत्यन्त गम्भीर अनुसन्धान भएको छ । त्यसको दर्शन र पदार्थ, पशु, पाश र पति त्रितयजन्य ज्ञानराशि स्वरूपतः पदार्थ हुन् । आगमको आभिर्भाव र तन्त्रको रहस्यमाथि गहन दृष्टिपात भएको छ । तान्त्रिक उपासनाको रहस्य तथा उपासना आदि तन्त्रविद्याको आन्तरिक पक्षका साथै तन्त्रकै विविध पक्षहरूमा अनुसन्धान मात्र होइन अपितु गहन गहनातिगहन अनुसन्धान भएको छ ।

शैवतन्त्रसिद्धान्त तन्त्रविद्यालोकको मूल स्तम्भ भएको छ । यसमा तन्त्र के हो ? तन्त्रको आविर्भाव, अवस्था, वर्गीकरण, तन्त्रप्रयोग, प्रयोगविधि, देवता, उपासना, आचार आदिमा पर्याप्त अनुसन्धान भएको छ ।

तन्त्रपरिचयमा सूक्ष्मेक्षिकया अवयवार्थमा विशेष विद्वत्तापूर्वक विश्लेषण भएको छ । यसमा प्रमुख भेद र भेदाभेदहरूमाथि पनि विचार भएको छ । नेपालमा तान्त्रिक परम्परा भविष्यमा पनि अनुसन्धेय विषय रहेको छ ।

दीक्षा तन्त्रविद्याको रहस्यसर्वस्व हो । यसमा विद्वान् लेखकले प्रश्नोत्तर शैली अपनाएर पाठक–वृन्दलाई दीक्षाको रहस्य विहङ्गम दृष्टिले सम्झाउने प्रयास गर्नुभएको छ । यो ज्यादै उत्तम भएको छ । उपनिषद्‌हरूमा प्रश्नोपनिषद्, बृहदारण्यकोपनिषद्, याज्ञवल्क्य गार्गी मैत्रेयी संवाद र बौद्ध ग्रन्थहरूमा नागसेन एवं मिलिन्दप्रश्न आदि यसै शैलीमा लेखिएका थिए, जुन आज पनि सर्वोत्तम मानिन्छन् । लेखकको यसै शैलीमा जिज्ञासुहरूलाई तन्त्रदीक्षारहस्य बुझाउने प्रयास स्तुत्य भएको छ । गुरुप्रतिको आचरण र व्यवहार आजको युगको माग हो। यो पनि प्रश्नोत्तर शैलीमा छ । तर तन्त्रमा मात्र होइन अपितु सर्वत्र गुरुप्रतिको श्रद्धावनत[९] व्यवहार कुनै पनि विद्याको लागि उपयोगी हुन्छ भन्ने सिद्धान्त सर्वविदितै भएको छ । राक्षसी र तामसी प्रवृत्तिमा गुरुद्रोही हुनु या मानवअधिकार वा बालअधिकारको राग अलापिने हो भने तन्त्रविद्याको कुरा त छोडौँ आज अङ्ग्रेजी विद्याकै पनि गहन ज्ञान हुन सक्दैन र हुन सकेको छैन र भविष्यमा पनि हुन सक्दैन । त्यसैले गुरुको ज्ञान लिनका लागि गुरुहरूसँग कस्तो आचरण र कस्तो व्यवहार गर्नुपर्छ, यसबारे अरू विस्तृत व्याख्यान हुनुपर्छ । यस विषयमा लेखकले बिन्दुमा सिन्धु भर्नुभएको छ ।

जहाँ तन्त्र त्यहाँ यन्त्र अवश्य हुन्छ । यन्त्रहरूमा मन्त्रहरूले पूजा–उपासना गर्नुपर्ने हुन्छ । यन्त्रहरू देवतापरक हुन्छन् । तर यन्त्र दुई प्रकारका हुन्छन् – एउटा यान्त्रिक विज्ञानपरक[१०] कल, काटा, फोसेज आदि यन्त्र, अर्को आध्यात्मिक

---

९. *मन्त्रे तीर्थे द्विजे देवे दैवज्ञे भेषजे गुरौ । यादृशी भावना यस्य सिद्धिर्भवति तादृशी ।। तन्त्रसारावलि ।*

१०. *यन्त्रारूढानि मायया । (गीता १८।६१)*

तान्त्रिक यन्त्र । देवता र ती देव देवताहरूका आयुध आदि आकार–प्रकार रेखाचित्र, विचित्र र गणितीय हिसाबमा आधारित त्रिकोण, चतुष्कोण आदि विविध प्रकारका हुन्छन् । यसमा तत्तद्देवताहरूको आह्वान गरेर पूजा गर्नाले दोषहरूको नियन्त्रण हुन्छ –

जन्मजन्मान्तरकृतदोषयन्त्रणाद् = अनियन्त्रणाद्, यन्त्रमित्याहुर्यन्त्र-विचक्षणाः । यो भनाइ कामाक्षी तन्त्रको हो । अथवा **यत्- यस्मिन्, देवो देवी वा चिन्त्यते तत् तेन वा त्रायत इति यन्त्रम्** । अर्थात् जसमा उपासकले चिन्तन गर्छ र जसले त्यसको रक्षा गर्छ, त्यसैको नाम 'यन्त्र' हो । त्यसैले तान्त्रिक विषयमा यान्त्रिक विषय हुन्छ भने मान्त्रिक प्रयोग प्राण हुने गर्छ । यी तीनैको परस्पर अविनाभाव सम्बन्ध भएको हुन्छ । जो एक बिना अर्को रहनै सक्दैन । त्रिकोण, अष्टकोण, षट्कोण आदि यन्त्रहरूको भेद देवीहरूको नामसहित निर्देश गर्नुभएको छ लेखकले ।

तान्त्रिकहरूको मात्रै होइन, अपितु समस्त प्राणीमात्रको खुसी हुनु वा प्रसन्न हुनु अथवा प्रसन्नता व्यक्त गर्ने आकार विशेष, प्रकार विशेषलाई 'मुद्रा' भन्छन् तन्त्रविशेषत्रहरू । आलङ्कारिक जगत्मा यसै मुद्रालाई हाव, भाव भङ्गिमा आदि शब्दले व्यवहार गर्छन् । त्यसैले तन्त्ररहस्यकारले–

मोदनात्सर्वदेवानां द्रवणात् पापसन्ततेर्मुद्रेति संज्ञिता ।

अर्थात् सम्पूर्ण देवीदेवताहरूलाई प्रसन्न गर्ने भएको हुनाले मुद्रा भनिएको हो । त्यसैले- **मुदम्-** हर्षम्, राति- आददातीति **मुद्रा,** यो अर्थ व्याख्याताहरूले गरेका छन् । तन्त्रविद्यालोकमा ग्रन्थकारले महत्त्वपूर्ण अनुसन्धानका सूत्रपक्षहरूलाई स्पष्ट्याएको देखिन्छ । 'भाव'लाई प्रश्नोत्तर शैलीमा सुन्दर सफासँग पाठकहरूलाई बुझाउने प्रयास स्तुत्य छ । गायत्रीतत्त्वलाई क, ख, ग विभाग गरेर विस्तृतरूपमा व्यास शैलीमा पाठक–वाचकवृन्दसमक्ष राखिएको छ । वस्तुतः 'गायत्री' 'वेदमाता[११]' हुन् । वैदिक तान्त्रिक उभयविधस्वरूप प्रतिपाद्य देखिए पनि स्वरूपतत्वमा भेद छैन, अभेद नै छ । यस्तै प्रकारले ब्रह्मतत्त्व, गणेश आदिलाई

---

११. *प्रचोदिया मया वेदमाता ..... अथर्ववेद ।*

पनि सम्झाउने प्रयास गर्नुभएको छ ।

कुण्डलिनी विशुद्ध यौगिक क्रिया हो । यो षट्चक्र भेदनपछि पनि यसलाई गहनतम उधिनाइ बुनाइबाट योगीहरूले बाटोमा ल्याउने गर्छन् । आलोकमा यो पनि सुन्दर शब्दराशिमा सजिएको छ । महाविद्यामा काली र तारापछि षोडशीलाई अवस्थाभेदले विभाग गरिएको छ ।

चिद्रूपा पराम्बा त्रिपुराको मनोहर स्तुतिदेखि परास्वरूपा हुनु यो तन्त्रशास्त्रको पराकाष्ठा मानिन्छ । **स्वरूपाया आनन्त्यं भजते** यस वाक्यको स्वरूप नै वस्तुतः चितिरूपा त्रिपुराको मूलस्वरूप हो । यसको लेखक महोदयले मनोहारी चित्र शब्दचित्र रूपमा आफ्नो कठिनी कुचीले उतार्नुभएको छ । शिव–पशुपतिको निर्गुणस्वरूपको वर्णन निर्गुण नै भएको छ भने शिवको मन्त्रमय शरीर तन्त्रको विशेषता नै भएको छ । असलमा गहनस्वरूप विवेचना गर्दा तन्त्रशास्त्रका तत्त्वबुभुत्सु जनहरूको सौन्दर्यलाई ध्यानमा राख्नु उचितै हो । त्यसैले गहन विषयलाई अत्यन्त सरल पारेर पाठकसामु राख्नु लेखकीय कुशलता हो भन्नुपर्छ। **श्रीपशुपतेर्मान्त्रं वपुः** शीर्षकमा लेखक महोदयले भगवान् पशुपतिको तान्त्रिक तथा दार्शनिक एवं व्यावहारिक स्वरूप देखाई एउटै बाणले तीन शिकार गरेको देखिन्छ । यो लेखकको शास्त्रचिन्तन, मनन र निदिध्यासनको निस्सीम साक्षात्कार हो भन्न सकिन्छ ।

तन्त्रवाङ्मयको निचोड दार्शनिक पद्धतिमा तन्त्रमुखप्रतिपाद्य सद्योजात, वामदेव, अघोर, तत्पुरुष तथा ईशान तथा कालाग्नि रुद्रको स्वरूपनिरूपण गर्न र आगमार्थप्रतिपादन गर्न विद्वान् लेखकका कठिनीले कठिन परिश्रम गरेको देखिन्छ। गहनतम प्रमाणहरूको प्रस्तुतीकरण यस पृष्ठभूमिको मुटु हुन गरेको छ। आद्योपान्त मननपूर्वक हेर्दा स्पष्ट बुझ्न सकिन्छ । यसरी पशुपतिको मान्त्रिक शरीरको व्यासविश्लेषण गरेर लेखकमहोदयले तन्त्रविद्यालोक प्रसारित गरेर नेपाली भाषामा तन्त्रको ठूलो र व्यापक प्रचार गर्नुभएको छ । शाकल र पैप्पलादको प्रश्नोत्तरमा पैप्पलादको उत्तर ज्यादै बोधगम्य र दुरुह छ, फेरि पनि पञ्चब्रह्मोनिषद् मूल तत्त्वमा परिणत भएको छ । शिवत्वभित्र पर्ने पति, पशु र पाशतत्त्वको विश्लेषण प्रवृत्ति र निवृत्ति दुवैको मर्मस्पर्शी व्याख्या हो । यो सहज दर्शन

होइन। परन्तु लेखकले सरलीकरण गरेर पाठकवृन्दसामु राख्नु लेखकीय कुशलताको द्योतक भएको छ ।

पाशुपतदर्शनको संक्षिप्त इतिहास दिग्दर्शनमा पाशुपतसूत्र, कौण्डिन्यभाष्यादि अनेक ग्रन्थहरूको नामोल्लेख गरेर पाठकहरूको ज्ञान बढाउने प्रयास गरिएको छ। यस विषयले पाशुपतदर्शनको उद्भव र विकासको नालीबेली पैल्याउने मार्ग प्रशस्त भएको छ । शिववन्दना तथा विश्वगुरु भगवान् शिव र शक्ति शीर्षकहरूले बोकेको ज्ञानराशिले पाठकवृन्दको प्रशस्तरूपमा ज्ञानचक्षु खोलेको छ । तन्त्रमा पशुपति साधना शक्तिमान्को दार्शनिक निष्कर्ष हो भने ब्रह्मरूपा गुह्यकाली पराम्बा चित्स्वरूपा शक्ति हो । **शक्तिशक्तिमतोरभेदात्** शक्तिभाष्यको अनुसार शक्ति र शक्तिमान्को अभेदसम्बन्ध हुन्छ । अर्धनारीश्वरमा पनि कुनै न कुनै सम्बन्ध कल्पना गर्नैपर्ने हुन्छ ।

संस्कृतभाषामा लेखिएका पुराणहरूमा र तहहरूमा उल्लेख भएको गुह्यकाली वा गुह्येश्वरीको इतिवृत्त सम्बन्धमा निबद्ध लेख मननपूर्वक पढ्न योग्य छ । लेखकमहोदयले परिश्रमका साथ पुराण आदिदेखि लिएर ऋग्वेद तथा ऐतरेय, शतपथ आदि ब्राह्मणग्रन्थहरूमा पनि चाहारेर दृष्टिपात गर्नु निश्चय पनि उहाँको लगनशीलता, अध्ययनशीलता र शास्त्रव्यसनितामा समर्पित जीवनको परिचायक देखिन्छ । विज्ञजन भन्दछन् - **व्यसनेषु शास्त्रमेव व्यसनमन्यत् क्षणिकम्** । अर्थात् शास्त्रस्वाध्यायबाहेक अरू सबै व्यसन दुर्व्यसन हुन्, किनभने अरू सबैले पतन गराउँछ, पतन गर्छ । शास्त्रहरूले चरमोत्कर्षमा पुऱ्याउँछन् । त्यसैले लेखकले शास्त्ररूपी उत्तुङ्ग हिमशिखरमा पुगेर पाठकवृन्दलाई इतिहास दिनुभएको छ । अर्को **गुह्यकालीको ब्रह्मभावोपासना** यो लेख पनि संस्कृत भाषामा लेखकले प्रस्तुत गर्नुभएको छ । यस लेखमाथि भविष्यमा भाष्य लेखिने छ भन्ने ठानेको छु । दुर्गा, दुर्गोपासना, दशैं आदि नेपाली वा हिमाली संस्कृतिका विविध पक्षहरू लेखकमहोदयले प्रस्तुत गर्नुभएको छ ।

बलि भन्ने शब्दको अर्थ सामान्यतः 'उपहार' मात्र हो । परन्तु तन्त्रशास्त्र आदिमा जीवहिंसापरक अर्थ गरेर 'बलि' शब्दको जीवहिंसा नै रूढ्यर्थ गरिएको

छ । यस विषयलाई लिएर संस्कृतका विद्वान्हरू एकमत हुन सकेका छैनन् । तन्त्रविद्यालोकका पङ्क्तिहरूलाई नियाल्दा लेखकमहोदयले 'बलि' शब्दको हिंसापरक अर्थ स्वीकार गर्नुभएको छ । यस विषयलाई अहिलेलाई विचारणीय कोटिमा छोडिएको छ । तिहार ती-हार लक्ष्मीपूजाको विस्तृत वर्णन भएको छ । आवश्यक र उचित रूपमा ऊहापोह भएको छ ।

तन्त्रशास्त्रमा समाज व्यवस्था वर्णन एउटा नवीन खोज भएको छ । यसका लागि समाजशास्त्रका विद्यार्थी र अध्यापकहरूले पनि गम्भीर भएर तान्त्रिक समाजशास्त्रको अध्ययन गर्ने बेला आएको देखिन्छ । समय-समयमा समाजमा परिवर्तन हुँदै रह्यो । यस कुरालाई नकार्न सकिन्न । **धर्मशास्त्रमा पृथिवी पूजन**जस्ता विषय लेखकमहोदयले चर्चा गरेर भूगोलको मानचित्र प्रस्तुत गर्नुभएको छ । यसरी अनेक अध्ययन मनन गर्ने विषयहरू चौसठ्ठीवटा मूल शीर्षकहरूमा कुँदिएको 'तन्त्रविद्यालोक'मा अनेक उपशीर्षकहरू विभूषित भएका छन् । अन्तिम शीर्षक सर्वतन्त्रस्वतन्त्र महाकवि सुकीर्तिदत्त पन्त विरचित कार्तवीर्योदय महाकाव्यको **तन्त्रदृष्ट्या अवेक्षण** रहेको छ । यस शीर्षकमा व्यासशैली तथा चिकित्सकपद्धति दुवै पद्धति अपनाइएको प्रष्ट देखिन्छ । जो लोकोत्तर वैदुष्यको ग्रावनिकष हुन पुगेको छ ।

उपर्युक्त शीर्षकहरूमा पर्यवेक्षण गर्दा भाषाविज्ञानको दृष्टिले हेर्दा यति गहन र कठिन विषयहरूलाई पनि अति सरल, सुबोध भाषामा विषयवस्तुलाई प्रस्तुत गर्ने लेखक महोदयको प्रशंसनीय कार्य भएको छ । कठिन विषयलाई सरल, सरस भाषामा पाठकहरूलाई सम्झाउनु धेरै कठिन कुरा हो । यस विषयमा लेखकले सहजै **लवणार्णवं पुप्लुवे** अर्थात् लवणसागर पार गर्नुभएको छ । विषयगाम्भीर्य भएको ग्रन्थलाई सम्झाउनु अझ कठिन काम हो । यसमा असल विद्वान् हुनाले सहजरूपमा सफलता प्राप्त भएको छ लेखकलाई सन्देह छैन ।

तन्त्रविद्यालोकका रचयिता प्रा. विद्यानाथ भट्टजी एक सुपरिचित नाम हो। उहाँ नव्यन्यायशास्त्रका धुरन्धर विद्वान् हुनुहुन्छ । शारदापुत्र स्वनामधन्य पद्मप्रसाद भट्टराई जस्ता सर्वतन्त्रस्वतन्त्र विद्वान्का नव्यन्याय विषयका शिष्यहरूको

परम्परामा विद्यानाथ भट्ट नव्यन्याय आदि शास्त्रहरूमा आफ्ना गुरुको पूर्णरूपेण असल छात्र भई सफल उत्तराधिकारी हुनुभएको छ । साथै विश्वको एकमात्र हिन्दूराष्ट्र नेपालको प्रथम **महेन्द्र संस्कृत विश्वविद्यालय**का प्रथम शिक्षाध्यक्ष रहिसक्नुभएको भट्टजी तन्त्रविद्यामा वंशपरम्परागत पैतृक सम्पत्ति जस्तै तन्त्रविद्याको परम्परागत अंशवण्डा प्राप्त गर्नुभएको छ ।

विक्रमको सत्रौं शताब्दीका राजा प्रताप मल्ल[१२]का पालामा लम्बकर्ण भट्ट तन्त्रशास्त्रका विद्वान् आफ्नो समयमा अति ख्यातनामा थिए भन्ने उल्लेख र जनश्रुति दुवै प्रमाणहरूबाट सिद्ध भएको छ । उनै लम्बकर्ण भट्टको औरस वंशपरम्परा पाँचसय वर्षदेखि निरन्तर चल्दै आएको छ भने तन्त्रविद्याको सम्प्रदाय-परम्परा पनि निरन्तर चलिआएको छ भन्ने प्रमाण तन्त्रविद्यालोकले सिद्ध गरेको छ । तन्त्रविद्यालोकको प्रत्येक पृष्ठ, प्रत्येक पङ्क्ति, प्रत्येक वाक्य र प्रत्येक शब्दावलीहरूलाई शब्दधीवर-पेशलहरूले विश्लेषणात्मक दृष्टिकोणले दृष्टिपात गरे स्पष्ट हुन्छ । तन्त्रविद्यालोकको नालीबेली पैल्याउँदा आलोककार भट्टजीले पैतृक सम्पत्तिमामात्र निर्भर नरही व्यापक दृष्टिकोणले अन्य शास्त्रहरूको पनि अध्ययन, श्रवण र मनन गरेको प्रमाण तन्त्रविद्यालोकले स्पष्ट पारेको छ ।

तन्त्रविद्यालोकमाथि केही मन्तव्य लेखिदिन स्वयं लेखकमहोदयले पशुपतिक्षेत्र मृगस्थली चन्द्रेश्वर धर्मशालामा पदार्पण गर्नुभयो । आज पश्चिमबाट कसरी घाम झुल्क्यो होला ? भन्ने प्रश्नको उत्तरमा तन्त्रविद्यालोकको टङ्कण-पाण्डुलिपि मेरोसामु उपस्थापित गर्नुभयो र यस तन्त्रविद्यालोकमाथि केही मन्तव्य लेखिदिने आग्रह गर्नुभयो । मैले भने शरीरको अस्वस्थता र कार्यव्यस्तताले गर्दा भ्याउने कुरै भएन, तथापि यौटा विशिष्ट विद्वान् **न विद्यते आगमनस्य तिथिर्यस्य सः, अतिथिः** अर्थात् जसको आउने तितिथ निश्चित हुँदैन त्यस्ता अतिथिका रूपमा पाल्नुभयो । त्यसैले पहिले म आँखाले भ्याएसम्म पाण्डुलिपि अध्ययन गरौंला, त्यसपछि म केही लेख्नसक्ने क्षमता भएमा लेखौंला भन्ने भाकल गरें । भाकल गरेअनुसार झण्डै एक महिना दिनसम्म फुर्सद पाएको बेला

---

१२. *डा. गोविन्द टण्डनको स्रोतबाट ।*

(क) भाषावंशावलिको अनुसार ।

अध्ययन गर्दा पनि तन्त्रविद्यालोक ग्रन्थको नयनसंयोगानुकूल व्यापार हुन कठिन पऱ्यो । त्यसको मूल कारणचाहिँ कार्यव्यस्तता थियो र मध्य–मध्यमा शारीरिक अस्वस्थता पनि बाधक भयो । तेस्रो नम्बरमा नेत्रज्योतिले पनि विस्तारै चौरासीतिर लाग्दा बाधा पुऱ्याइराखेको हुनाले अझ विलम्बित गतिमा हिँड्नुपऱ्यो । यसका लागि लेखक महोदयको विलम्बित धैर्यधारण गर्ने शक्तिलाई म प्रशंसा गर्दछु ।

तन्त्रविद्यालोक नेपाली भाषामा लेखिएको नेपाली शब्दराशिले कुँदिएको तन्त्रविद्यालाई परिचय दिने महत्त्वपूर्ण आलोक नै सिद्ध भएको छ । यस आलोकबाट पाइने लाभमा धीवरपामरसाम्य छ, अर्थात् धीवरहरूले गहनतम तन्त्रविद्याको रसास्वादन गर्नेछन् भने जनसाधारणले तन्त्रविद्या भन्ने के रहेछ भन्ने मनग्गे परिचय पाउनेछन् । दुवै पक्षलाई तन्त्रविद्याको सामग्री प्रस्तुत गर्नुमा लेखक असल भएर सफल हुनुभएको छ । आधिकारिक विद्वान् हुनु असल हो । असल भएपछि सफलता त उसको हातैमा रहेको हुन्छ । असलियतविनाको सफलता मानवाधिकारको हनन हो । आजको युगमा तन्त्रशास्त्रलाई मात्र के भनौं हरेक विद्यामा सफलताको कारणले ह्रास आइराखेको छ । प्रत्येक विद्यार्थीहरू सफलता प्राप्त गरेर जसो भए पनि **उदरम्भरिणो जीवा वराकाः कूटभाषिणः** भइराखेका छन् । यस परिस्थितिमा संस्कृतभाषामा लेखिएका कुनै पनि शास्त्रको अध्ययन, मनन, पठन–पाठन, चिन्तन आदिको अभाव भएको बेला तन्त्रविद्यालोकजस्तो ग्रन्थ लेखेर प्रकाशित गर्नु गौरवपूर्ण कुरा हो । यद्यपि भट्टजीको यो ग्रन्थ समय–समयमा लेखिएका सङ्कलित लेखहरूको लेखमाला हो, तथापि यो अत्यन्त महत्त्वपूर्ण ग्रन्थ भएको छ। एतदर्थ, लेखकमहोदयलाई कुन शब्दले धन्यवाद दिने ? जुन शब्द उठाए पनि सानै पर्छ । त्यसैले शब्द उठाएर धन्यवाद दिनका लागि धन्यवादै भन्नुपर्ला । विद्वान् लेखकलाई अभिवादन, साधुवाद र धन्यवाद शब्दले मुन्धुम पुऱ्याएको छु । **असतो मा सद् गमय, तमसो मा ज्योतिर्गमय ।**

राजपरिषद् स्थायी समिति

बहादुरभवन, कान्तिपथ, काठमाडौं ।

वि.सं. २०६२ वैशाख ४ गते रामनवमी।

शुभेच्छा

आर्यसंस्कृतिको मूल स्रोत वेद हो । **वेदाः प्रमाणम्** भनेर हाम्रा ऋषिमुनिहरू वेदलाई आफ्ना चिन्तन चरित्र र मर्यादाहरूको मूल स्रोत मान्दछन् । वेदका अङ्ग, उपनिषद्, पुराण, धर्मशास्त्र, दर्शन यी सबै प्राचीन मान्यता र जीवनशैलीका मार्गदर्शक हुन् । आर्यसंस्कृतिकै पावन गङ्गाको अर्को धारा आगम वा तन्त्र हो । जसरी आर्यसंस्कृतिको प्रधान स्रोत भएर वैदिक संस्कृतिले हाम्रो जनजीवनलाई पवित्र र उत्कृष्ट बनाउन विशेष योगदान गरेको छ, त्यसरी नै तान्त्रिक संस्कृतिले सोभन्दा पनि उदार हुँदै मानवलाई मर्यादाको उच्चतम शिखरसम्म प्रतिष्ठित तुल्याउन ठूलो भूमिका निर्वाह गरेको छ । पावन गङ्गाका अलकनन्दा र मन्दाकिनी जस्तै स्वरूपतः पृथक् पृथक् देखिए तापनि वैदिक र तान्त्रिक संस्कृति वस्तुतः मानवजातिको कल्याण र उद्धार गर्ने एउटै पवित्र धारा हो । जसको उद्देश्य अतीव महान् छ । वेदनिःसृत, वेदाविरुद्ध, वेदप्रयोजक र वेदको सारभूत शास्त्र भएर पनि तन्त्रशास्त्र वेदभन्दा अधिक मानिन्छ ।

ज्ञायते तत्प्रभावेण सकलं वेदवाक्यतः ।
वेदेभ्यः सारमुद्धृत्य यत्कृतं शङ्करेण वै ।।
वेदाधिकतया देवि ! आगमः परिकीर्तितः ।।

वैदिक मार्गमा अधिकार नपाएका श्रद्धावान् मुमुक्षुलाई पनि साधनाको मार्गबाट इहलोकको सुख शान्ति र परम मुक्तिको चरम लक्ष्यसम्म पुऱ्याउनु नै तन्त्रविद्याको वास्तविक उद्देश्य हो । तन्त्रले निर्देश गरेका मार्गको अवलम्बनबाट धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थ सहजै प्राप्त गर्न सकिन्छ भनी तन्त्रले उद्घोष गरेकै छ ।

श्रीसुन्दरी (श्रीत्रिपुर-महासुन्दरी) सेवनतत्पराणां
भोगश्च मोक्षश्च करस्थ एव ।।

तान्त्रिक अन्तर्याग र बहिर्यागमय योग महायोगबाट **देवो भूत्वा देवं यजेत्** भन्ने निर्देशअनुसार स्वयं देवता बनेर ब्रह्मभावमा प्राप्त गराउने विधि नै तान्त्रिक प्रक्रिया हो ।

नेपालको परिवेशमा पनि तन्त्रको ठूलो स्थान छ । यसले प्राचीन कालदेखि ठूलै सम्मान र स्वीकृति पाउँदै आएको छ । मल्लकाल त तन्त्रविद्याको स्वर्णकाल नै मानिन्छ । त्यसपछि पनि तन्त्र वा ज्ञान र कर्मका दुवै क्षेत्र नेपाली समाजमा अद्यावधि सम्मानित र प्रतिष्ठित रहेका पाइन्छन् । यहाँ प्रतिष्ठित तान्त्रिक देवताहरूको आराधना, अनेकौं तान्त्रिक पीठहरू र तीमाथिको आस्था श्रद्धा, तान्त्रिक दीक्षा र अर्चाको परम्परा, तान्त्रिक चाडपर्वहरू, तन्त्रमा आधारित विभिन्न संस्कारहरूको मान्यता आदि अनगिन्ती प्रमाण, प्रसङ्गहरूबाट नेपालमा तन्त्रविद्याको विशिष्ट स्थान र उत्कर्ष सिद्ध हुन्छ । तन्त्रको संस्कृति नेपालको संस्कृति हो । तन्त्रविद्या नेपालको परिचय हो, गौरव र प्रतिष्ठाको विषय पनि हो ।

प्रस्तुत कृति तन्त्रविद्यालोकले नेपालीलाई साधनामार्गका विविध पक्षबाट परिचित हुने अवसर दिएको छ । तन्त्रविद्यालोक तन्त्रविद्यासम्बन्धी लेखहरूको सङ्ग्रह हो र तन्त्रका श्रद्धालु, जिज्ञासु जनसमक्ष यो प्रस्तुत हुन आएको छ । हुन त तन्त्रका समग्र पक्षलाई यसले अँगाल्न सकेको छैन । अझै अनेकौं अज्ञात विषय र पक्षहरू प्रकाशमा आउन बाँकी नै छन् । तथापि प्रस्तुत सङ्ग्रह जुन रूपमा प्रस्तुत छ यो पनि निकै उपादेय, अनुकरणीय, मननीय र सङ्ग्रहयोग्य छ भन्ने मलाई लागेको छ ।

प्रस्तुत पुस्तकका रचनाकार प्रा. विद्यानाथ उपाध्याय भट्ट मेरा आदरणीय अग्रज हुनुहुन्छ । हामीले एउटै संस्थामा सहृदयताका साथ धेरै समय सँगै काम गऱ्यौं । एकले अर्कालाई राम्ररी चिनेका छौं । नव्यन्याय–शास्त्रका विशिष्ट ज्ञाता भएर पनि पारिवारिक विशेष पृष्ठभूमिका कारण तन्त्रविद्यामा पनि उहाँको गहिरो ज्ञान छ । तन्त्रजस्तो साधना र उपासना मार्गको प्रतिपादक गम्भीर विषयलाई पनि सरल राष्ट्रभाषामा प्रस्तुत गर्नसक्नु उहाँको विशिष्टता हो । प्रस्तुत कृतिकार उपाध्याय भट्ट नेपालका ऐतिहासिक सिद्धतान्त्रिक लम्बकर्ण भट्टका वंशज, तन्त्रपरम्पराका

अनुयायी र साधक पनि हुनुहुन्छ । साधनापथमा पनि ज्ञान र कर्म एक अर्काका पूरक हुनुपर्छ भन्ने आफ्नो मान्यता अनुरूप धेरै समयदेखि उहाँले तन्त्रविद्याका ज्ञान र कर्मपरक रचनाहरू जनसमक्ष राख्दै आउनुभएको छ । भगवान् शङ्करबाट माता पार्वतीलाई उपदेश भएको तन्त्रशास्त्रको ज्ञान अनेकौं गुरशिष्यपरम्पराबाट प्रवाहित, प्रकाशित र प्रचारित हुँदै आयो । अनेकौं विद्वान्हरू यस कार्यमा निमित्त बन्नुभयो । विद्वान् उपाध्याय पनि तन्त्रविद्यापरम्परामा निमित्त बनेर उभिनुभएको छ । यो अत्यन्त प्रसन्नताको विषय हो ।

उपासना वा साधनाशास्त्र मानिएको तन्त्रविद्या संस्कृतवाङ्मयको अमूल्य निधि हो । दश शैवागम, अठार भैरवागम, चौसठ्ठी तन्त्र, अनेकौं उपागम, उपतन्त्र र तिनका असंख्य भेद, उपभेदहरूको प्रतिपादन गर्ने तन्त्रका अनेकौं ग्रन्थरत्नहरू संस्कृतवाङ्मयमा सुरक्षित छन् । संस्कृतभाषाको अपेक्षित ज्ञानका कमीले पनि जिज्ञासु साधहरूको त्यति पहुँचको विषय बन्न सकिरहेको छैन तन्त्रविद्या । साधनस्रोतको न्यूनता, योग्य अनुसन्धाताको अभाव, सम्बद्ध शिक्षणसंस्थाको आ–आफ्नो निश्चित सीमाजस्ता अनेकौं कारणहरूले गर्दा अत्यन्त महत्त्वपूर्ण, प्रकाशनीय ज्ञानराशिले पनि उद्धारको प्रतीक्षामा रहनुपरेको स्थिति छ ।

महेन्द्र संस्कृत विश्वविद्यालयमा तन्त्रविषयको पठनपाठन हुने व्यवस्था छ । सम्पादन–प्रकाशनको काम पनि नभएको होइन । प्राध्यापक श्री उपाध्यायले विस्तृत भूमिकासहित सम्पादन गर्नुभएको **तन्त्रचिन्तामणि** (प्रथम भाग) म.सं.वि.ले प्रकाशित गरिसकेको छ । दोस्रो भाग प्रकाशित गर्न बाँकी छ । तर पनि यी प्रयत्नहरू पर्याप्त छैनन् । विशेष अध्ययन–अनुसन्धान र सम्पादन प्रकाशनको आवश्यकता अझै विद्यमान छन् ।

यही परिप्रेक्ष्यमा तन्त्रविद्यालोकलाई प्रकाशमा ल्याएर प्रा. विद्यानाथ उपाध्यायले भट्टले थप योगदान पुऱ्याउनु भएकोमा उहाँलाई शतशः धन्यवाद दिनै पर्दछ । संस्कृत अध्ययन संस्थानको पहिलो सहायक डीन, म.सं.वि.को पहिलो शिक्षाध्यक्ष र न्यायविभागाध्यक्ष जस्ता शैक्षिक प्राशासनिक कार्यको नेतृत्व गर्दै धेरै अनुभव सँगाल्नुभएका विद्वान् पनि हुनुहुन्छ उहाँ । नव्यन्याय र

तन्त्रविद्यासँग सम्बद्ध महत्त्वपूर्ण लेखनप्रकाशन कार्यहरू सम्पन्न गर्दै जिज्ञासु समाजलाई विशेष लाभ पुऱ्याउन उहाँ समर्थ हुनुहोस्, उहाँको क्रियाशील जीवनले निरन्तरता पाइरहोस् यही मेरो हार्दिक शुभेच्छा छ ।

फैलियोस् तन्त्रविद्याको यो आलोक सबैतिर ।
साधनानिम्ति यसले देला बल निरन्तर ।।
यस्ता अनेक सत्कार्य अझै गर्न गराउन ।
श्री विद्यानाथले पाऊन् ऋषिप्रार्थित जीवन ।।

अस्तु

प्रा. शिवहरि मरहट्टा
उपकुलपति

अन्तर्वस्तु-वीक्षाको आलोकमा तन्त्रविद्यालोक

- प्रा.डा. वेणीमाधव ढकाल

कार्यकारिनिर्देशक

अनुसन्धान केन्द्र, महेन्द्र संस्कृत विश्वविद्यालय ।

वागर्थाविव सम्पृक्तौ वागर्थप्रतिपत्तये ।
जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ ।।

१. अवतारणा

नव्यन्याय र आगमका मूर्धन्य विद्वान् प्रा. श्री विद्यानाथ उपाध्यायद्वारा प्रणीत र सम्पादित **तन्त्रविद्यालोक**को प्रकाशन सम्मोदको विषय हुन आएको छ । निश्चय पनि यो कृति तन्त्रविद्याका जिज्ञासुहरूका लागि अत्यन्त उपादेय हुनेछ । लेखकले मलाई यस कृतिबारे केही लेख्न सुवर्ण अवसर दिनुभएकोमा उहाँप्रति कृतज्ञता व्यक्त गर्दै **तन्त्रशास्त्रको अप्रतिम महिमा, नेपालमा तन्त्रपरम्परा, उज्ज्वल वंशका ज्योति प्रा. श्री विद्यानाथ उपाध्याय, तन्त्रविद्यालोकको अन्तर्वस्तु-वीक्षा, अन्तर्वस्तु-समीक्षा, तन्त्रविद्यालोकको विशेषता**जस्ता शीर्षकहरूमा केन्द्रित रही विचारप्रस्तुतिका लागि उद्यत भएको छु।

२. तन्त्रशास्त्रको अप्रतिम महिमा

शुक्लयजुर्वेद, अथर्ववेद, ऋग्वेद, मनुस्मृति, श्रीमद्भागवत,

पद्मपुराण, बौद्धगाथा आदि पूजित ग्रन्थहरूमा तन्त्रशास्त्रलाई उच्च स्थान प्रदान गरिएको पाइन्छ। कुल्लुक भट्टले मनुस्मृतिको टीकामा– **श्रुतिश्च द्विविधा वैदिकी तान्त्रिकी च** । भनेर तन्त्रशास्त्रलाई वेदको कोटिमा राखेको प्रसङ्ग स्मरणीय छ ।

हृदयको ग्रन्थि फुकाउन तन्त्रमार्गबाट आराध्यको उपासना गर्नुपर्दछ भन्ने श्रीमद्‌भागवतको भनाइबाट पनि तन्त्रशास्त्रको अपरिमित महत्ता प्रकट हुन्छ। **सत्ययुगमा श्रोतसाधनासरणि महनीय मानिन्छ, त्रेतामा स्मृतिसम्मत उपासनामार्ग अनुसरणीय हुन्छ, द्वापरमा पुराणोक्त उपासनापद्धति पालनीय हुन्छ भने कलियुगमा आगमोक्त उपासनापद्धति अनुकरणीय मानिन्छ** । रुद्रयामलको यस भनाइबाट पनि वैदिक वर्णाश्रमसम्मत आचार शिथिल हुँदैगएको वर्तमान परिप्रेक्ष्यमा वेदानुकूल तन्त्रशास्त्रको उपादेयता अझ स्पष्ट हुन्छ ।

सम्पूर्ण देव–देवीहरूमा व्यावहारिक विभेद देखिए पनि परिणामतः ती सबै एक हुन् भन्ने उदार भावनामा आधारित वैदिक तन्त्रशास्त्र र बौद्ध तन्त्रशास्त्रको अध्ययन र साधनाको उर्वरभूमि नेपालमा हिन्दुहरूका आराध्य पशुपतिनाथ बौद्धहरूका लागि आराध्य अवलोकितेश्वर बन्दछन् । यसैगरी हिन्दुहरूकी आराध्या गुह्येश्वरी बौद्धहरूका लागि उपासनीया नैरात्म्या बनेकी छन् ।

कृष्णलाई कालिका, रामलाई तारिणी, वराहलाई भुवनेश्वरी, नृसिंहलाई भैरवी, वामनलाई धूमावती, परशुरामलाई छिन्नमस्ता, मत्स्यावतारलाई लक्ष्मी, कूर्मावतारलाई बगलामुखी र बुद्धावतारलाई मातङ्गीका रूपमा समन्वित गराउने तन्त्रशास्त्रको उदारता र समन्वयवाद अत्यन्त गरिमामय छ ।

तन्त्रशास्त्रको महत्ताबारे यो उक्ति प्रसिद्ध छ –

विविधेषु च शास्त्रेषु तन्त्रशास्त्रमनुत्तमम् ।
सर्वकामप्रदं पुण्यं तन्त्रं वै वेदसम्मितम् ।।

यस उक्तिबाट श्रुतिसम्मत यो तन्त्रशास्त्र मानवजातिका लागि हाम्रा पुर्खाहरूले प्रदान गरेको अमोघ उपहारका रूपमा रहेको विषय प्रमाणित हुन्छ । यसै कारण बृहद्धर्मपुराणमा आगम र वेदलाई परमेश्वरका त्रिलोकीधारण गर्ने दुई पवित्र हात मानिएको छ ।

३. नेपालमा तन्त्रपरम्परा

तन्त्रसाधनालाई दीप्त र फलप्रद तुल्याउन स्वभावतः सहयोगी बनेको पर्वतराज हिमालयको छत्रछायामा विराजमान नेपाल, भगवान् पञ्चमुख पशुपति र गुह्येश्वरीको सामरस्यभूमि हो । समस्त आगमहरूलाई आफ्ना सद्योजात, वामदेव, तत्पुरुष, अघोर र ईशान नामक पाँच मुखबाट आविर्भाव गराउनुहुने पञ्चमुख श्रीपशुपतिनाथको राष्ट्र नेपालको तन्त्रपरम्पराको इतिहास आगमको आविर्भावकालदेखि नै आरम्भ हुन्छ भन्नुमा अतिशयोक्ति हुनेछैन।

नेपालमा पशुपतिको पावन उपस्थिति र गुह्यकाली भगवतीको नित्य सत्ताले पनि नेपालको तन्त्रपरम्परालाई प्राचीनतम परम्पराको रूपमा परिचित गराउँछन् । तन्त्रशास्त्रको परम लक्ष्य शिव र शक्तिको सामरस्य हो। सामरस्यका दुवै परिपूर्ण आधार गुह्यकाली र पशुपति नै हुन् । ती दुवैको महिमामय उपस्थितिका कारण नेपाल विश्वको अनुपम तन्त्रतीर्थ हो भन्ने कुरा नेपालका वासिन्दाहरूको तन्त्रानुष्ठानपरायणताले पनि प्रमाणित गर्दछ।

नेपाल तान्त्रिक साधनाको देशमात्र नभई वैदिकविधिबाट मूर्द्धाभिषिक्त राजपरम्पराद्वारा संरक्षित राष्ट्र पनि भएकाले यहाँको जनजीवनमा प्राचीनकालदेखि वेद र तन्त्रको स्निग्ध समन्वय हुँदै आएको छ । वेदमन्त्रको श्रवण गर्ने वटुले दीक्षामन्त्र पनि श्रवण गर्ने परम्परा वैदिककाल, पुराणकाल, किरातकाल, लिच्छविकाल र मल्लकालदेखि वर्तमान शाहकालसम्म यथावत् गतिशील छ । यो परम्परा वैदिक र तान्त्रिक साधनासरणिको समन्वयको प्रतीक पनि हो ।

लिच्छवि राजा मानदेवले काठमाडौंमा अनेक शिवलिङ्गहरूको प्रतिष्ठा गराए भने पलाञ्चोक विजयेश्वरी भगवती आदि अनेक शक्ति मन्दिरहरूको स्थापना र मूर्तिप्रतिष्ठा पनि गराए । लिच्छविकालका अभिलेखहरूमा प्रयुक्त **कारणपूजा** शब्दले पनि तत्कालीन तन्त्रशास्त्रको अध्ययन र तान्त्रिक उपासनालाई प्रमाणित गर्दछ ।

मल्लकालका राजाहरू पनि तन्त्रशास्त्रका मर्मज्ञ र साधक थिए। प्रताप मल्ल स्वयं तन्त्रसाधक थिए भने उनकै समयका तन्त्रशास्त्रका विशिष्ट विद्वान् लम्बकर्ण भट्ट, नृसिंह ठाकुर र जामुना गुभाजुलाई विस्मयकारी घटनाका प्रवर्तक तन्त्रवेत्ताको रूपमा आज पनि सादर स्मरण गरिन्छ।

लम्बकर्ण भट्टजस्ता तन्त्रविद्याका विशिष्ट विद्वान्को सहयोग लिएर कालभैरव, दक्षिणकाली, हनुमान् आदि देव–देवीको प्रतिष्ठा गराउने प्रताप मल्लको उज्ज्वल तन्त्रानुष्ठानलाई ती प्रसिद्ध र फलदायक तन्त्रतीर्थका प्रतिमाहरूले आज पनि प्रमाणित गरिरहेका छन् । नेपालका विभिन्न क्षेत्रमा रहेका शक्तितीर्थ र मन्दिरहरूका साथै काठमाडौं उपत्यकामा रहेका देव-देवी मन्दिर, काठमाडौंका विशिष्ट परिवारमा प्रचलित गम्भीर तन्त्रसाधना आदिले पनि नेपाललाई तान्त्रिक राष्ट्रका रूपमा परिचित गराउँछन् ।

शाहकालका राजाहरूले तान्त्रिक साधनापद्धति स्वीकार गरी विद्वान्हरूबाट तन्त्रसम्बन्धी उत्तम ग्रन्थ लेखाउने गरेको तथ्य पनि इतिहासद्वारा प्रमाणित छ । यसका साथै नेपाल राष्ट्रले राष्ट्रिय पर्वका रूपमा स्वीकार गरेका बडादशैं, लक्ष्मीपूजा आदि पर्वहरूले पनि शक्तिसाधनाको महत्त्वपूर्ण पक्षलाई प्रतिबिम्बित गर्दछन् । यस राष्ट्रमा प्राचीनकालदेखि नै तन्त्रसाहित्यमा यहाँका विद्वान्हरूले महत्त्वपूर्ण योगदान दिंदै आएका छन् । अर्वाचीन साधक र लेखकहरूमा धनशमशेर जबरा, पण्डित कृष्णप्रसाद भट्टराई, प्रा. बुद्धिसागर पराजुलीजस्ता तन्त्रविद्यानिष्णात र विद्वान् दीक्षितहरूबाट तन्त्रविद्याको विकासमा प्रशंसनीय योगदान भएको छ ।

आगमशास्त्रको साधना र रचनापक्षको गत्याधान गर्ने क्रममा नारायण भट्ट, लक्ष्मीनारायण भट्ट अथवा लम्बकर्ण भट्टदेखि विष्णुरमण भट्ट र वासुदेव भट्टसम्मको तन्त्रसाधनापूत पवित्र वंशका ज्योति, आफ्नो कुलपरम्परामा प्रचलित पारदर्शी तन्त्रसाधनाको परम्परालाई आफ्नो गहन अध्ययन, अनुसन्धान र साधनाद्वारा ज्योतिर्मय तुल्याउँदै आउनुभएका सर्वतन्त्रस्वतन्त्र मूर्धन्य विद्वान् प्रा. श्री विद्यानाथ उपाध्यायज्यूले सर्वजनहिताय र सर्वजनसुखायको भावनाबाट अभिप्रेरित भई **तन्त्रविद्यालोक** नामक कृतिलाई जनसमक्ष अवतरण गराउनुभएको छ ।

यो कृति तन्त्रविद्याले गरेको प्राक्तन प्राप्ति र नूतन ख्यातिको बीचमा सेतु बनेर उदाएको छ । संसारलाई **सत्यं शिवं सुन्दरम्**का नजरले हेर्दै संसारपारिको जीवनलाई शक्ति र शिवको सामरस्यरूप ब्रह्मबोधमा टुङ्ग्याएर सत्य, शिव, सुन्दर र अनन्तज्योतिर्मय ब्रह्मसत्तामा आफूलाई विलीन गराउन चैतन्य प्रदान गर्ने तन्त्रविद्याको आलोक बनेर सुहाएको छ।

४. *उज्ज्वल वंशपरम्पराका ज्योति प्रा. श्री विद्यानाथ उपाध्याय

विक्रमको सत्रौं शताब्दीमा महेन्द्र मल्लका छोरा शिवसिंह मल्लको शासनकालमा महाराष्ट्रतिरबाट द्रविड वंशका मूर्धन्य विद्वान् नारायण भट्टले काठमाडौं उपत्यकामा प्रवेश गरेका थिए । राजा शिवसिंहले आगत विद्वान्को अप्रतिहत वैदुष्य र तन्त्रविद्याजनित विशिष्ट सिद्धिबाट प्रभावित भई ठूलो सम्मान गरे । कालक्रमले ती विद्वान्ले राजा शिवसिंहलाई मन्त्रदान पनि दिए । त्यसपछि राजगुरु नारायण भट्टलाई कुनै कुराको कमी भएन । तिनले अनेक ठाउँमा विर्ता पाए र प्रभूत सम्मान पनि ।

सद्गुरुको सान्निध्य, कृपा र तन्त्रसिद्धिका कारण कान्तिपुरका राजा शिवसिंह मल्लले ललितपुरलाई पनि कान्तिपुर राज्यमा मिलाए ।

---

* यहाँ रहेको वंशपरम्परासम्बन्धी विषय नेपाल पत्रिका(२०४८)को लम्बकर्ण भट्ट शीर्षकमा प्रकाशित डा. जगदीशचन्द्र रेग्मीको लेखको आधारमा प्रस्तुत गरिएको छ।

दोलखा राज्य गाभे, लिस्ती र केरुङ कब्जा गरे । पूर्वमा मकवानपुर सिन्धुलीसम्म र पश्चिममा गण्डकी पारिसम्म प्रभाव जमाए । चापागाउँ अभिलेखमा नारायण भट्टको रूपसौन्दर्य, लोकशङ्कर भगवान् शङ्करको आराधनाका कारण शङ्करमयता, प्रकाण्ड वैदुष्य र विलक्षण सिद्धिको वर्णन गर्दै उनकै सहयोगबाट शिवसिंह मल्ल नेपालाधीश बनेको ऐतिहासिक तथ्य र स्वयं नारायण भट्ट पनि अपरिमित वैभव र ऐश्वर्यले सम्पन्न भई क्रियाशील रहेको विषयमा प्रकाश पारिएको छ –

सत्कीर्तिः शरदिन्दुसुन्दररुचिर्मूर्तिः शिवस्याकृतिः,
विद्या यस्य समस्तशास्त्रनिचयव्याख्यातिभूमिं गता ।
सिद्धिर्यस्य दिनेऽपि चन्द्रकरणे रात्रौ च सूर्योद्गमे,
सोऽयं सद्द्रविडान्वयोद्भवतनुः श्रीभट्टनारायणः ।।
येन श्रीशिवसिंहनामनृपतेर्नेपालदेशाखिला-
धीशत्वं परिकल्प्य भूतिरखिला स्वस्यापि सम्पादिता ।।

नारायण भट्टको परामर्श र सहयोगमा शिवसिंह मल्लले ठाउँठाउँमा अनेक मन्दिर बनाई मूर्ति प्रतिष्ठा गरेको विषयमा वंशावलीकार र इतिहासकारहरूबाट प्रशस्त लेखनी चलाइएको छ । कसैले भ्रान्तिवश नारायण भट्टलाई नै लम्बकर्ण भट्टका रूपमा चित्रण गरे तापनि इतिहास प्रसिद्ध लम्बकर्ण भट्ट यिनै नारायण भट्टका नाति भएको तथ्य **नेपाल** पत्रिका (२०४८) मा **लम्बकर्ण भट्ट** शीर्षकमा लेखिएको डा. जगदीशचन्द्र रेग्मीको लेखबाट खुल्न आएको छ ।

नारायण भट्टका छोरा महादेव भट्टपछि लक्ष्मीनारायण भट्टको उदय भयो। यी लक्ष्मीनारायण भट्ट कुलदीपक, पूर्णचन्द्रझैं रमणीय स्वरूपका धनी, यशस्वी र नेपालेश्वर पूजित पनि थिए । वास्तवमा यी विद्वान् नै नेपालको इतिहास र किंवदन्तीका चमत्कारी नायक हुन् । चापागाउँको अभिलेखमा यिनको वर्णन गर्दै भनिएको छ –

लक्ष्मीनारायण इति ततो भट्टचूडामणिः सत्-
सूनुर्जातः शशधर इवोदन्वतः पूर्णबिम्बः ।

दाने ज्ञाने द्रविडकुलमणेर्यस्य कीर्तिर्विशाला,
नेपालेशार्चितपदयुगस्यास्य भागीरथी स्त्री ।।

यिनै लक्ष्मीनारायण भट्टलाई लामा–लामा कान भएका कारण लम्बकर्ण भन्ने गरिएको थियो । यी कान्तिपुरका राजा प्रताप मल्ल र ललितपुरका राजा श्रीनिवास मल्लका बीच भएको सन्धिपत्रमा पनि साक्षी बसेका थिए। यिनलाई गुरुजीसमेत भनिएकाले यी प्रताप मल्लका गुरु पनि थिए ।

प्रताप मल्लको वर्णन गर्दा लम्बकर्ण भट्ट, नृसिंह ठाकुर र जामुना गुभाजुका चमत्कारजनक क्रियाकलापको विषयमा पनि इतिहासहरूमा प्रकाश पारिएको छ। लम्बकर्णका रूपमा ज्यादै प्रसिद्ध विद्वान् लक्ष्मीनारायण भट्टको सहयोगमा प्रताप मल्लले दक्षिण दिशामा अर्थात् फर्पिङ नजिकै भगवती दक्षिणकालीको स्थापना गरेका हुन् ।

लम्बकर्ण भट्टकै आचार्यत्वमा प्रताप मल्लले हनुमान्ढोकामा हनुमान्को मूर्ति पनि स्थापना गरेका थिए । यिनले पशुपति वासुकि मन्दिरको जीर्णोद्धार गराएको विषय पनि प्रसिद्ध छ । यिनैले प्रताप मल्लको राज्यवृद्धि र प्रतापवृद्धिमा समेत सहयोग गरेका कारण प्रताप मल्लले उनलाई सात दिनभर घुमेको जग्गा विर्ता दिने कबूल गरेका थिए भन्ने कुरा पनि प्रसिद्ध छ।

लम्बकर्ण भट्टको हनुमान्ढोका दरबारबाट अलिकता पश्चिम नरदेवी टोलमा बसोबास रहेको थाहा पाइन्छ । आज पनि यिनका उत्तराधिकारी भट्टहरूको बसोबास नरदेवीमा नै रहेको छ । यिनीपछि उनका सुपुत्र हरिशङ्कर भट्ट भए। चापागाउँ अभिलेखबाट तिनको विशिष्ट विद्वत्ताको परिचय प्राप्त हुन्छ ।

यसै उज्ज्वल भट्टवंशको परम्परामा विद्वान् र तन्त्रविद्यानिष्णात महान् साधक विष्णुरमण भट्ट भए र तिनका सुपुत्र वासुदेव भट्ट । यिनै वासुदेव भट्ट र कर्मादेवीका सुपुत्रका रूपमा तन्त्रविद्यालोकका रचयिता प्रा. श्री विद्यानाथ उपाध्यायको वि.सं. १९९७ मा नरदेवी काठमाडौंमा

जन्म भयो । उहाँ आफ्ना पितामह विष्णुरमण भट्टबाट प्रारम्भिक अध्ययन र तन्त्रदीक्षा प्राप्त गरी परम्परागत तन्त्रसाधनामा प्रवृत्त हुनुभएको तथ्य ज्ञात हुन आएको छ ।

भारत र नेपालमा ख्यातिप्राप्त न्यायविद्याका धुरन्धर विद्वान् प्रा. पद्मप्रसाद भट्टराईका शिष्यका रूपमा न्यायशास्त्र अध्ययन गरेर **सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय**को नव्यन्यायाचार्य परीक्षामा सर्वप्रथम भई स्वर्णपदक प्राप्त गर्नुहुने प्रा. श्री विद्यानाथ उपाध्यायले तन्त्रशास्त्रको गहन अध्ययन र उच्चतम साधना पनि सम्पन्न गर्नुभएको छ ।

प्रा. उपाध्यायले वि.सं. २०१९ सालदेखि नै त्रिभुवन विश्वविद्यालय सेवा आरम्भ गर्नुभयो । वि.सं. २०२२ सालदेखि उहाँलाई आफ्नै गुरु प्रा. पद्मप्रसाद भट्टराईको रिक्त स्थानमा त्रि.वि. आचार्य विभागमा नव्यन्यायको उपप्राध्यापकको रूपमा नियुक्त गरियो । संस्कृत अध्ययन संस्थानको स्थापना भएपछि सहायक डीन एवं वाल्मीकि विद्यापीठ प्रमुख समेत भई संस्कृत शिक्षाको समुत्थानमा योगदान गर्नुभयो ।

प्रा. श्री विद्यानाथ उपाध्यायले वि.सं. २०४३ सालमा **श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव सरकार**बाट महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना गरिएपछि विश्वविद्यालयको प्रथम शिक्षाध्यक्षको रूपमा नियुक्त भई संस्कृत र संस्कृतिको प्रशंसनीय सेवा गर्नुभयो । त्यसपछि पनि उहाँले संस्कृत सेवाको उदात्त परम्परालाई कायम गर्दै वाल्मीकि विद्यापीठको न्याय विभागध्यक्ष पदमा रहेर कार्य सम्पादन गर्नुभयो । अहिले पनि संस्कृत सेवामा समर्पित हुनुहुन्छ र रचनात्मक गतिविधिबाट संस्कृत भारतीको सोह्र सिङ्गार गर्दै हुनुहुन्छ ।

प्रा. उपाध्यायले प्रशासकका रूपमा रहनुहुँदा पनि साधनामा कत्ति शिथिलता आउन दिनुभएन । तन्त्रविद्या र न्यायविद्याका निगूढतम रहस्यहरूलाई विद्वान्हरूसमक्ष र जनसमक्ष पुऱ्याउने उद्देश्यले राष्ट्रभाषा र संस्कृत भाषामा सयकडौं लेख/निबन्धहरू प्रकाशित गर्नुभयो । कतिपय उहाँका विशिष्ट निबन्धहरूलाई सञ्चार माध्यमले पनि उच्च सम्मानका

साथ प्रसारित गरे ।

प्रा. उपाध्यायको अनेक पाटामा छरिएको व्यक्तित्वका विविध रूप र रङ्ग छन् । प्रत्येक पाटामा उहाँ अत्यन्त सफल देखिनुहुन्छ । उहाँले मल्लकालका प्रसिद्ध विद्वान् नवमीसिंह भण्डेलद्वारा रचित चालीस प्रकाशमा लेखिएको तन्त्रचिन्तामणिको वैदुष्यपूर्ण सम्पादन गरेर तन्त्रविद्याको संवर्द्धन र विकासको क्षेत्रमा नेपाल राष्ट्रले गरेको योगदानलाई जनसमक्ष प्रकाशित गर्नुका साथै ग्रन्थसम्पादनमा निष्णात विशिष्ट व्यक्तित्वको परिचय समेत दिनुभएको छ । अहिले उहाँ त्यस्तै महत्त्वपूर्ण ग्रन्थहरूको सम्पादनका साथै न्यायविद्या र व्याकरणविद्याका लागि महत्त्वपूर्ण मानिएको भाषाविज्ञानसम्बन्धी विशिष्ट आकरग्रन्थ व्युत्पत्तिवादको व्युत्पत्तिपूर्ण नेपाली टीकालेखनमा तल्लीन हुनुहुन्छ । यसबाट उहाँको विशिष्ट टीकाकार एवं प्रामाणिक अनुवादकको व्यक्तित्व चमत्कृत भएको छ ।

प्रा. श्री उपाध्यायको न्यायविद्याधुरन्धर विद्वान्को रूप र आदर्श गुरुको भूमिका व्यक्तित्वको एउटा पाटो हो भने न्यायविद्याकै विशिष्ट चिन्तनलाई नेपाली भाषामा अनुवाद गरी रचनाहरूको प्रकाशनबाट न्यायलाई लोकप्रिय तुल्याउन उहाँले गर्नुभएको योगदान अर्को उत्तिकै प्रशंसनीय पाटो हो । यसैगरी उहाँको तन्त्रविद्यासम्बन्धी ज्ञान, तन्त्रसम्बन्धी रचनाहरूको प्रकाशन र तन्त्रसाधनाबाट दीप्त तान्त्रिक व्यक्तित्वको पाटोलाई यसै **तन्त्रविद्यालोक**ले आफै प्रमाणित गर्दछ ।

छात्रावस्थादेखि वर्तमानकालसम्म संस्कृत रङ्गमञ्चको क्षेत्रमा उहाँले गर्नुभएको योगदानको पाटो अतुलनीय छ । महेन्द्रसंस्कृत विश्वविद्यालयको शिक्षाध्यक्ष पदमा रहनुहँदा तत्कालीन **श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाह सरकार** मध्यपश्चिमाञ्चल क्षेत्रभ्रमणका क्रममा सुर्खेतमा राज होइबक्सदा मञ्चन गरिएका संस्कृत नाटकको निर्देशक र पात्रसमेत रही प्रा. उपाध्यायले देखाउनुभएको प्रतिभाबाट मौसूफ सरकार प्रभावित होइबक्सेको सन्दर्भ संस्मरणीय छ ।

प्रा. उपाध्यायले विद्यापीठ प्रमुख, सहायक डीन र शिक्षाध्यक्ष

पदमा रहनुहुँदा संस्कृत शिक्षाका लागि समर्पित भएर गर्नुभएको योगदानमा आधारित प्रशासकीय व्यक्तित्वको पाटोले भिन्नै महत्त्व राख्दछ । एउटा शिक्षाविद्को रूपमा संस्कृत शिक्षाको विकास र उत्थानका लागि विभिन्न गोष्ठीहरूमा प्रस्तुत कार्यपत्रहरूको माध्यमबाट उहाँले दिनुभएका नीतिगत चिन्तन र कार्ययोजनाहरूको सार्वकालिक महत्त्व छ । यसरी शिक्षाविद्को रूपमा अभिव्यक्त उहाँको व्यक्तित्वको यो पाटो पनि उत्तिकै विशिष्ट छ।

जर्मन, बेलायत आदि राष्ट्रहरूमा भ्रमणको समयमा त्यहाँका संस्कृतानुरागी र नेपालानुरागी विद्वान्हरूसँग मित्रता कायम गरी महेन्द्र संस्कृत विश्वविद्यालयको प्राज्ञिक विकासका निमित्त प्रा. उपाध्यायले गरेको प्रयास र प्राप्तिको ऐतिहासिक र प्राज्ञिक मूल्यवत्ता छ । उहाँको व्यक्तित्वको यो अविस्मरणीय पक्ष हो । उहाँको युगबोधविशिष्ट, सभ्य र सुसंस्कृत नागर व्यक्तित्वको पाटो झनै आकर्षक छ र प्रभावोत्पादक पनि ।

विशिष्ट व्यक्तित्वसम्पन्न विद्वान् श्री उपाध्यायज्यूद्वारा निर्मित उच्चस्तरीय रचनाको रूपमा रहेको यो तन्त्रविद्यालोकले पाठकहरूलाई अन्धकारबाट प्रकाशतर्फ डोऱ्याउन र लक्ष्यप्राप्तितर्फ उन्मुख गराउन सहयोग गर्ने विषयमा म विश्वस्त छु । उहाँबाट हामीले यस्ता अरू पनि मूल्यवान् ग्रन्थरत्न प्राप्त गर्न सकौं । प्रज्ञाको राजमार्गमा उहाँको निरन्तर गतिशीलता संस्कृत र संस्कृतिको दीप्तिका लागि अनिवार्य एवं अपरिहार्य छ ।

५. अन्तर्वस्तु-वीक्षा

तन्त्रविद्यालोक ग्रन्थका **आगम एवं उपासना, पशुपतितत्त्व, शक्तितत्त्व, तन्त्र एवं यसका विविध पक्ष**जस्ता प्राकरणिक शीर्षकहरूको परिकल्पना गरी त्यहाँ रहेका महत्त्वपूर्ण अन्तर्वस्तुलाई बुँदागतरूपमा प्रस्तुत गरिन्छ –

१. वाणीको परावस्था, बोधको केन्द्र परावाक्भूमिबाट ज्ञानरूप सकल शास्त्रहरूको विमर्शमय पश्यन्ती भूमिमा अवतरणप्रक्रिया, पश्यन्तीभूमिमा अवतीर्ण बोधाकार शास्त्रहरूको वाच्यवाचकभावको

स्फुरणरूप मध्यमाभूमिमा अवतरण प्रक्रिया, त्यसबाट शास्त्रहरूको पूर्ण वाच्यवाचकभावका साथ वैखरीभूमिमा अवतरणप्रक्रिया र त्यसबाट नै आगमहरूको आविर्भाव प्रसङ्ग तन्त्रविद्यालोकमा विश्लेषण गरिएका उच्चस्तरीय विषय हुन् । प्रकारान्तरमा भन्नुपर्दा– आकाशरूप परशिवबाट शब्द, शब्दबाट अक्षर, अक्षरबाट शब्दराशि, शब्दराशिबाट ग्रन्थहरूको अवतरण हुने प्रक्रियालाई आत्मसात् गराई विद्वान् लेखकले पाठकलाई वाग्देवीको अवतरणमा आधारित रमणीयतालाई हृदयङ्गम गर्ने अवसर प्रदान गर्नुभएको छ ।

२. आगम र तन्त्रको विवेचन र तन्त्र एवं आगमको एकरूपताको स्पष्ट निरुक्तिबाट सामान्य मानिसहरूले पनि आफ्नो मस्तिष्कद्वारा आगम र तन्त्रमा भेददृष्टि नरहेको तथ्यबोध गर्न सजिलो भएको छ ।

३. आगमका ज्ञानपाद, योगपाद, क्रियापाद र चर्यापादको विषयक्षेत्रको बोधबाट जिज्ञासुहरूलाई आगमको आन्तरिक स्वरूप स्पष्टतया बुझाउन तन्त्रालोकले दर्पणको काम गरेको छ ।

४. पशुपति, पति, पाश र पशुतत्त्वहरूको गम्भीर विश्लेषणका साथै पशुभाव, वीरभाव र दिव्यभावका लक्षण; ती ती भावमा अङ्गीकार गरिने साधनासरणि यस कृतिका अनमोल विषय हुन् ।

५. पशुपतिको छैठौं मुख कालाग्निरुद्रको स्वरूप र ध्यानबारे नूतन सूचना पनि यस कृतिको उल्लेखनीय पक्ष हो ।

६. आगम र तन्त्रहरूको उद्भव र विकास प्रक्रियाको बोधका साथै उत्पन्न आगम एवं तन्त्रहरूको विशाल साम्राज्यको परिज्ञान गराउने दिशामा पनि यस कृतिको महत्त्वपूर्ण अवदान रहेको छ ।

७. साधनाका सोपानहरूको दिग्दर्शन गराउँदै तिनको औचित्य पुष्टिबाट तान्त्रिक उपासनालाई आत्मसात् गराउन यस कृतिले ठूलो सहयोग पुऱ्याउने छ ।

८. बीज, मन्त्र, मन्त्रसंस्कार, दीक्षा, जप, माला, मालासंस्कार, प्राणायाम, न्यास, ध्यान, अन्तर्याग, बहिर्याग, गुरुतत्त्व, शिष्यतत्त्वजस्ता

विषयको सूक्ष्म विश्लेषणलाई तन्त्रविद्यालोकको विशिष्ट देन मान्नुपर्दछ ।

९. ब्रह्मतत्त्व, देवतातत्त्व, महाविद्यातत्त्व, गणेशतत्त्व र गायत्रीतत्त्वबारे तन्त्रालोकमा गरिएको सूक्ष्मचिन्तन र पारदर्शी विश्लेषण हृद्य र उपकारक बन्न पुगेको छ ।

१०. शिवका निर्गुण एवं सगुण स्वरूप, शिवतत्वको व्यापकता, पञ्चब्रह्मको निरूपण, मन्त्रब्रह्मको निरूपण, पञ्चब्रह्मका भिन्न-भिन्न कलाहरूको विशदीकरण, तन्त्रवाङ्मयमा वर्णित पशुपतितत्त्व इत्यादि यस ग्रन्थमा प्रतिपादित विषय महिमामय छन् ।

११. स्कन्दपुराणको सूतसंहिताको मङ्गल पद्यमा रहेका **ईश्वर, परमतत्त्व, आदिमध्यान्तवर्जित, सर्वलोकाधार, अविक्रिय, अनन्तानन्दबोधाम्बुनिधि, अद्भुतविक्रम, अम्बिकापति** र **ईशान** पदहरूको पाशुपतशास्त्रमा आधारित उच्चस्तरीय व्याख्या तन्त्रविद्यालोकको प्राणतत्त्वका रूपमा रहेको छ ।

१२. पाशुपतविद्या, मध्यमपाशुपतविद्या, महापाशुपतविद्याका आधार शिवको स्वरूप र विशेषताको बोधप्रदान गर्ने तन्त्रविद्यालोकका विषयहरू ज्यादै मननीय र महनीय छन् ।

१३. गुह्यकालीको विशिष्ट स्वरूप, गुह्येश्वरीपीठको उत्पत्तिप्रसङ्ग, तन्त्रशास्त्र र पुराणहरूमा गुह्येश्वरीपीठको चर्चा, पशुपति र गुह्येश्वरीको अनिर्वचनीय सम्बन्धजस्ता विषय जिज्ञासु र अनुसन्धाताहरूका लागि अत्यन्त उपादेय छन् ।

१४. काली, तारा, त्रिपुरसुन्दरी, विद्याराज्ञी, ललिता, राजराजेश्वरी, लक्ष्मी र दुर्गाका बाह्य एवं आन्तरिक स्वरूपको उन्मीलन; काली र ताराको अभेदरूपता, श्रीविद्या र श्रीचक्रको विशिष्ट चिन्तन; श्रीविद्याको गुरुकृपाबोध्यस्वरूप, कुण्डलिनीजागरण र षट्चक्रको उत्थानजस्ता विषयमा आधारित गम्भीर चिन्तनराशि यस कृतिका दुर्लभ विषय हुन् ।

१५. शिव र शक्तिको एकता र ब्रह्मरूपताको चिन्तन; दुर्गोत्सव; नवरात्रका भेद; नवरात्रमा गरिने आराधनाको विशिष्ट स्वरूप; लक्ष्मीपूजन; तिहार; पर्वरात्रि र महाविद्याहरूको परिचयजस्ता विषयहरूका कारण तन्त्रविद्यालोकको नाम सार्थक बनेको छ ।

१६. यन्त्रस्वरूप, यन्त्रको महत्त्व, पात्रभेदले यन्त्रपूजाको फलमा भिन्नता, यन्त्रभेद, महाविद्याहरूका यन्त्र, यन्त्रसंस्कारको अनिवार्यता, गुरुपरम्पराअनुसार यन्त्रग्रहणजस्ता विषय विशिष्ट पात्रका लागि उपयोगी छन् ।

१७. पञ्चमहाभूतका प्रतीक अङ्गुलिहरूबाट निष्पन्न हुने मुद्राको अर्थ र विशेषता, साधारण मुद्रा र विशेषमुद्रा, मुद्राको औचित्य, विविध तन्त्रहरूमा बताइएका विभिन्न मुद्राहरू पनि यस कृतिका पठनीय विषय हुन् ।

१८. बलिप्रसङ्गमा निरूपित पशुबलिको उचितानुचितविवेक र लेखकीय निष्कर्ष विशिष्ट प्रभावकारी बनेर रहेका छन् ।

१९. तन्त्रविद्यालोकमा **तन्त्रमा सामाजिक व्यवस्था वर्ण, आश्रम, आचार एवं संस्कार** शीर्षकमा लेखिएको निबन्ध उपयोगी र अनुसन्धानपूर्ण छ । सामाजिक अध्ययनको दृष्टिबाट पनि यो रचना अत्यन्त उपादेय छ ।

२०. तन्त्रपरिचय, नेपालको तन्त्रपरम्परा र तन्त्रभेदका सम्बन्धमा विभिन्न शीर्षकमा लेखिएका रचनाहरू बोधजनक र विशिष्ट सूचनामा आधारित छन् ।

२१. संवादका रूपमा लेखकद्वारा तान्त्रिक पञ्चमकारको विषयमा व्यक्त विचार, पञ्चमकारको निषेधमा भन्दा अध्यात्मपरक उपयोगमा केन्द्रित रहेकाले पञ्चमकारसम्बन्धी तान्त्रिक अवधारणा असत्य नभएको तथ्य यो कृतिबाट स्पष्ट भएको छ ।

२२. **हिन्दू र बौद्धतन्त्रका समन्वयात्मक बिन्दु** शीर्षकमा निहित निबन्धद्वारा तन्त्रविद्यालोकले मर्मस्पर्शी सूचना प्रदान गरेको छ ।

प्रत्येक बिन्दुमा प्रस्तुत विषयहरूबाट सनातनतन्त्र र बौद्धतन्त्रको समानतामात्र होइन पारमार्थिक एकता पनि प्रमाणित भएको छ ।

२३. तन्त्रविद्यालोकका रचयिता प्रा. श्री विद्यानाथ उपाध्यायले आफ्नो गहन अध्ययन र अनुसन्धानको क्रममा सयकडौं ग्रन्थहरूको अनुशीलन गरी तयार गर्नुभएको यो **तन्त्रविद्यालोक** ती उदात्त ग्रन्थहरूमा रहेका चिन्तनको मन्थनबाट निष्पन्न नवनीत नै हो । लेखकले अँगाल्नुभएको दीक्षापरम्पराका गोपनीय ग्रन्थहरूको चर्चा सम्भव नभए पनि तन्त्रविद्यालोकको पेटभित्र र टिप्पणीका रूपमा प्रस्तुत सयभन्दा बढी आधारग्रन्थहरूको अध्ययन, अनुभूति र साधनाजनित चिन्तनराशिको मूर्त रूप यो तन्त्रविद्यालोक तन्त्रविद्याका जिज्ञासु र अनुसन्धाताहरूका लागि **मनचिन्ते झोली**का रूपमा रहेको तथ्य हृदयङ्गम गर्न सकिन्छ ।

२४. तन्त्रालोकमा समावेश गरिएका पशुपतिको मन्त्रमय स्वरूप, गुह्यकालीको स्वरूप एवं उत्पत्ति प्रसङ्ग र कार्तवीर्योदय महाकाव्यमा तान्त्रिक प्रभावजस्ता संस्कृतभाषामा निबद्ध लेख/रचनाहरूले अनेपालीभाषी संस्कृतज्ञहरूलाई नेपालको विशिष्ट तन्त्रसाधना, पशुपति–ज्योतिर्लिङ्गको महिमा, गुह्येश्वरी भगवतीको गरिमा र नेपालका उच्चकोटिका संस्कृतमहाकवि सुकृतिदत्त पन्तको कालजयी रचना कार्तवीर्योदय महाकाव्यको विषयमा गम्भीर बोध एवं विशिष्ट सूचना प्रदान गरेर नेपाल राष्ट्रको गौरव बढाएका छन् ।

६. अन्तर्वस्तु- समीक्षा

तन्त्रविद्यालोकका केही समीक्षणीय विषयहरूमा केन्द्रित रहेर विचार प्रस्तुत गरिन्छ –

१. तन्त्रविद्यालोकमा प्रस्तुत अनेक निबन्धहरूमा शैलीगत भिन्नता भए पनि वस्तुगत भिन्नता कम देखिएको छ । यस्ता लेख–

निबन्धहरू विषयगत दृष्टिले पटक–पटक दोहोरिएका छन् । तिनमा आगम र मन्त्रको आविर्भावप्रसङ्ग, तन्त्रनिर्दिष्ट विषयवस्तु–निरूपण–प्रसङ्ग, पशुपति, शिव, गुह्यकाली, तारा, षोडशी, लक्ष्मी र दुर्गाका परिचयप्रसङ्ग मुख्य छन् । पटक–पटक विषय दोहोरिंदा पाठकको हृदय अवश्य प्रभावित हुन्छ । तन्त्रविद्यालोकको मुद्रण एवं प्रकाशनको प्रसङ्गमा विशेष ध्यान दिएर सम्पादन गरिएको भए यो कृति पूर्णिमाको जूनझैं जाज्वल्यमान हुने थियो । हुन त केही श्रद्धावान् जिज्ञासुहरूका लागि उक्त पुनरावृत्ति गरिएका विषय **द्विर्बद्धं सुबद्धम्** पनि हुनसक्छन् ।

२. तन्त्रविद्यालोकमा दश महाविद्याहरूको नामावलि पढ्न प ्न्छ तर काली, तारा, षोडशी र लक्ष्मी गरी जम्मा ४ महाविद्याको मात्र सर्वाङ्गीण स्वरूपचिन्तन भएको छ । यी ४ महाविद्याका आवृत्ति गरिएका लेखहरूको सट्टा बाँकी ६ महाविद्या सम्बन्धी लघुआकारकै भए पनि केही रचनाहरूको समावेश हुन पाएको भए मणिकाञ्चन योग हुने थियो ।

३. अन्नपूर्णा र पृथ्वीजस्ता मातृतत्त्वको निरूपण गरिएसरह अष्टमातृका, योगिनी, मनसा, षष्ठी, मङ्गलचण्डिका, स्वाहा, स्वधा, गङ्गा र राधाजस्ता प्रसिद्ध शक्तिहरूको विषयमा पनि केही रचना समावेश गरिएको भए पाठक लाभान्वित हुने थिए ।

४. तन्त्रविद्यालोकमा **धर्मशास्त्रमा पृथिवी** शीर्षकको लेख रहेको छ । प्रमाण भने पुराणहरूका प्रस्तुत गरिएका छन् । त्यसकारण पुराणहरूमा पृथिवी शीर्षक दिएको भए उपयुक्त हुने थियो ।

५. तन्त्रविद्यालोकमा गणेशसम्बन्धी सूचना र ज्ञान सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएका छन् । उपत्यकाका चार विनायकका साथै अन्य प्रसिद्ध गणेशहरूको सम्बन्धमा पनि विस्तृत प्रकाश पारिएको भए गणेशसम्बन्धी जिज्ञासा राख्ने पाठक र अनुसन्धाताहरू उपकृत हुने थिए ।

६. तन्त्रविद्यालोकमा निरूपित विषयहरू बोधप्रधान छन् । गम्भीर शब्द र अर्थको साम्राज्य छ । सामान्य पाठकका लागि यहाँको भाषिकसंरचना त्यति सुगम प्रतीत हुँदैन । अनेक रचनाहरू विषयभारले आक्रान्त छन्, तर सञ्चारमाध्यमबाट प्रसारण गरिएका संवादप्रधान रचनाहरू भने सरस र सर्वबोध्य छन् । अरू रचनाहरू पनि यसै शैलीमा लेखिएका भए यो तन्त्रविद्यालोक सर्वसाधारणका लागि पनि अत्यन्त आकर्षक र ग्राह्य हुनसक्ने तथ्य अनुभूतिगम्य छ ।

७. यस कृतिमा तन्त्रशास्त्रका प्रचुरतम पारिभाषिक शब्दहरूको उपयोग गरिएको छ । तन्त्रशास्त्रका मर्मज्ञले मात्र तिनको रहस्यबोध गर्न सक्दछन् । तिनलाई सर्वबोध्य बनाउन तन्त्रविद्यालोकको अन्तिममा परिशिष्ट खण्ड राखेर पारिभाषिक शब्दहरूको अर्थ प्रदान गरिएको भए सामान्य व्यक्तिहरूका साथै तन्त्रको गन्ध नभएका संस्कृतज्ञहरूसमेत लाभान्वित हुनसक्ने तथ्य मननीय छ ।

८. वर्तमान समयमा तन्त्रविद्याका साधिकार विद्वान्हरूको नाम लिंदा प्रा. विद्यानाथ उपाध्यायज्यूको स्थान सर्वोच्च छ । उहाँबाट मात्र नेपालका दक्षिणकाली, भद्रकाली, वनकाली, रक्तकाली, श्वेतकाली, शोभाभगवती, पलाञ्चोकभगवती, मनकामना, मैतीदेवी, चण्डीश्वरी, वागीश्वरी, विन्ध्यवासिनी आदि शक्तिहरूका विषयमा सामान्य र विशेष जानकारी पाउन सक्छौं । तन्त्रविद्यालोकमा ती शक्तिहरूको सम्बन्धमा पनिः केही चर्चा गरिएको भए पाठक लाभान्वित हुने थिए ।

७. तन्त्रविद्यालोकका विशेषता

१. प्रा. विद्यानाथ उपाध्यायको महत्त्वपूर्ण कृति तन्त्रविद्यालोक शिवशक्तिसामरस्यको प्रतिपादक, पाशुपत र शाक्तदर्शनको समन्वय बिन्दुका रूपमा उदाएको छ र यहाँका शिव र शक्तिपरक रचनाहरूका

पद–पदमा शिवको चैतन्य र शक्तिको स्पन्दन सुहाएको छ ।

२. यहाँ कालीको निष्कल्मष ज्योतिर्मय स्वरूप झझल्किएको छ र ताराको हृदयाभिराम छटा छचल्किएको छ ।

३. यहाँ महाविद्या षोडशीका षोडशकलाको विकास छ र लक्ष्मी एवं दुर्गाको दिव्य प्रकाश छ ।

४. यहाँ आगम एवं तन्त्रको आविर्भाव एवं विकासको तन्त्रशास्त्रनिर्णीत सत्य इतिहास छ र पुरुषार्थचतुष्टयको प्राप्तिका लागि आवश्यक तान्त्रिक उपासनाका अङ्ग एवं प्रत्यङ्गको शुभ्र प्रकाश छ ।

५. यहाँ अन्नपूर्णाको परिपूर्ण उपासनारूप निधि छ र पृथिवीको आराधना एवं वन्दनाको विधि छ ।

६. यहाँ यन्त्र एवं मुद्राको अमुद्रित महिमाको रेखाङ्कन छ र बलि एवं पञ्चमकारको पारदर्शी मूल्याङ्कन छ ।

७. यहाँ तन्त्रचिन्तामणि एवं चण्डीभक्तिविनोदिनीका सुधामय सिद्धान्तबिन्दु छचल्किएका छन् र बौद्धदर्शन एवं सनातनदर्शनका समन्वयबिन्दु प्रकाशित गरिएका छन् ।

८. यहाँ विघ्नहर्ता गजानन गणेशको गुणगान छ र विविध देवताका वन्दना, अर्चना र ध्यानको विधिविधान छ ।

९ यहाँ सुकृतिदत्त पन्तद्वारा रचित कार्तवीर्योदय महाकाव्यमा प्रतिबिम्बित भगवती ताराको महिमगान छ र विष्णुका चक्रावतार कार्तवीर्यको ऊर्जस्वल आख्यान पनि छ ।

१०. यहाँ वंशावली र किंवदन्तीमा आधारित तान्त्रिक सिद्धिहरूको वयान छ र ब्राह्मण, क्षत्रिय, वैश्य एवं शूद्रका लागि मात्र नभई मानवमात्रका लागि ग्राह्य हुनसक्ने मङ्गलमय उपासना, चमत्कारजनक योग र ज्योतिर्मय ज्ञानको सङ्लो मुहान पनि छ।

त्यसकारण यो कृति नेपाली भाषाका पाठकका लागि अमूल्य प्राप्ति हो र नेपाली साहित्यको भण्डारमा तान्त्रिक चिन्तनको पूर्ण व्याप्ति पनि हो।

८. पर्यन्त-कथन

पर्यन्तमा म नेपाली वाङ्मय भण्डारमा तान्त्रिक साहित्यरत्नको रूपमा उदाएको तन्त्रविद्यालोकनामक अभिनव कृतिको पूर्ण दीप्ति र विद्वन्मूर्धन्य प्रा. श्री विद्यानाथ उपाध्यायज्यूको दुग्धधवल कीर्तिका लागि जगदम्बा गुह्यकराली र बाबा पशुपतिनाथसँग बिन्ती चढाउँछु । यसका साथै ग्रन्थकार उपाध्यायज्यूको ज्योतिर्मय जीवनका लागि निम्नानुसार पद्यात्मक मङ्गलाशंसा पनि टक्र्याउँछु –

शाक्तं शैवं भुवनमहितं ज्योतिरेकं दधाना,
यस्माज्जाता कृतिरभिनवा तन्त्रविद्याभिधाना ।
विद्यानाथादिह पशुपतेः प्राप्तकारुण्यवर्षः,
विद्यानाथो भुवि विजयतां सैष विद्याप्रकर्षः ।।

ॐ

श्री गणेशाय नमः

तन्त्रशास्त्रको निर्मल दर्पण तन्त्रविद्यालोक : एक दृष्टि

- प्रा.डा. दुर्गाप्रसाद दवाडी

वागीशाद्याः सुमनसः सर्वार्थानामुपक्रमे ।
यं नत्वा कृतकृत्याः स्युस्तं नमामो गजाननम् ।।

१. प्रस्तावना

आजको नेपालका न्यायविद्याका सर्वश्रेष्ठ विद्वान्, तन्त्रविद्याका विशिष्ट अध्येता र तान्त्रिक साधनामा निष्णात स्वनामधन्य प्राध्यापक श्री विद्यानाथ उपाध्यायज्यूले तन्त्रको विषयमा केही विचार प्रकट गरिदिन मजस्ता तन्त्रशास्त्रको परमलघुसेवकलाई अह्राउनु भएकोमा उहाँको आज्ञा उल्लङ्घन गर्न नसकेर यहाँ केही शब्द लेख्न लागिएको छ । यो लेखन तन्त्रशास्त्रमा आधारित छ र यस विषयमा प्रेरक हुनुहुन्छ तन्त्रशास्त्रका उद्भट विद्वान् प्रा. श्री विद्यानाथ उपाध्याय। अतः यसैले पनि केही सारस्वत आराधना हुनेछ भनेर यो लेखनीको व्यापार गर्न लागिएको छ।

तन्त्रविद्यालोक नामबाट प्रकाश्यमान यस पुस्तकले तन्त्रविद्यामा प्रकाश पार्ने काम गरेको छ । यस पुस्तकमा प्रमाणपुरःसर विषयको प्रतिपादन भएको छ र जिज्ञासुहरूले राखेका प्रश्नहरू पनि उपस्थापित गरेर तिनको सटीक उत्तर उवस्थापना गरिएको हुनाले यो ग्रन्थ अत्यन्त उपादेय छ, यसमा कुनै संशय छैन।

२. तान्त्रिक जिज्ञासाहरूको समाधानग्रन्थका रूपमा तन्त्रविद्यालोक

तन्त्रविद्यालोकमा विद्वान् लेखकले तन्त्रशास्त्रका महत्त्वपूर्ण विषयहरूको समावेश गर्नुभएको छ । तिनलाई अध्ययन गर्दा सामान्य पाठकले अनेक प्रश्नहरूको उत्तर प्राप्त गरी आफ्नो जीवनलाई अन्धकारबाट प्रकाशतर्फ उन्मुख गराउन सक्दछन्। यहाँ अध्ययनको सुविधाका लागि प्रकरणअनुसारका प्रश्नहरूको दिग्दर्शन गरिएको छ । तदनुसार सर्वप्रथम जिज्ञासुहरूले उपासना प्रकरणका प्रश्नहरूको गम्भीर उत्तर प्राप्त गर्न सक्छन् । ती प्रश्न यसप्रकार छन् –

आगम के हो ? आगमको आविर्भाव कसरी भयो ? तान्त्रिक उपासनाको रहस्य के हो ? उपासना भनेको के हो ? तन्त्रका विविध पक्ष के हुन् ? शैवतन्त्रको सिद्धान्त कस्तो छ ? तन्त्रको परिचय कसरी गर्ने ? तन्त्र र आगम यौटै हुन् कि भिन्न हुन् ? दीक्षा भनेको के हो ? दीक्षाको आवश्यकता किन ? मन्त्र र बीजमन्त्र भनेको के हो ? दीक्षितको गुरुप्रति आचरण कस्तो हुनुपर्छ ? गुरु कस्तो हुनुपर्छ? शैवतन्त्र सिद्धान्त कस्तो छ ? तन्त्रमा दीक्षाको कस्तो स्थान छ ? तन्त्रमा यन्त्रको कस्तो स्थान छ? तान्त्रिक मुद्रा कस्ता हुन्छन् ? भावको महत्त्व कस्तो छ ? गायत्रीको के महत्त्व छ ? गायत्रीको कति प्रकार छ ? ब्रह्मतत्त्व के हो ? गणेश, कुण्डलिनी, दश महाविद्या कुन कुन हुन् ? श्रीविद्याको के कस्तो स्वरूप छ ? त्रिपुरा देवी को हुन् ?

यसैगरी तन्त्रविद्यालोकको पशुपति प्रकरणमा रहेका महत्त्वपूर्ण विषयहरूमा आधारित जिज्ञासा यसप्रकार छन् –

पशुपतिको निर्गुण स्वरूप कस्तो हो ? पशुपतिको मन्त्रमय स्वरूप कस्तो छ? **पञ्चब्रह्मोपनिषद्**मा पशुपतिको कस्तो स्वरूप बताइएको छ? पशु, पाश र पतिको तत्त्व कस्तो छ ? पाशुपतदर्शनको स्वरूप कस्तो छ ? शिववन्दना किन र कसरी ? शिव र शक्तिको कस्तो सम्बन्ध छ ?

तन्त्रानुसार पशुपति साधन कसरी गर्ने ?

तन्त्रविद्यालोकको शक्ति प्रकरणमा आधारित जिज्ञासा यसप्रकार छन् –

गुह्यकालीको तत्त्व र महत्त्व कस्तो छ ? गुह्यकालीको शास्त्रीय इतिवृत्त कस्तो छ ? गुह्यकालीको ब्रह्मभावनाले उपासना कसरी गर्ने ? भगवती दुर्गाको के कस्तो महत्त्व छ ? शारदीय दुर्गापूजाको के कस्तो महत्त्व छ ? दशैंको के महत्त्व छ ? दशैंमा के के गर्नुपर्छ ? तान्त्रिक दृष्टिमा बलिदानको कस्तो स्थान छ ? लक्ष्मीपूजन र तिहारको के कस्तो महत्त्व छ ? लक्ष्मीपूजन कसरी गर्ने ? तन्त्रमा समाजको के कस्तो व्यवस्था छ ? शास्त्रले पृथ्वीलाई कुन रूपमा उपस्थापित गर्छ? अन्नपूर्णा को हुन् र तिनको उपासना कसरी गर्ने ? तान्त्रिक साधनामा पञ्च मकारको के रहस्य छ ? नेपाललाई शक्तिक्षेत्र किन मान्ने ? हिन्दूतन्त्र र बौद्धतन्त्रमा के कस्तो समन्वय हुनसक्छ ? सप्तशती चण्डीको के महत्त्व छ ? चण्डीभक्तिविनोदिनी ग्रन्थको के कस्तो स्वरूप छ र सप्तशती परिष्कारको के महत्त्व छ ? तन्त्रचिन्तामणि ग्रन्थको स्वरूप र महत्त्व के कस्तो छ ? कार्तवीर्योदयमहाकाव्यमा तन्त्रको प्रभाव के कस्तो छ ? इत्यादि विषयहरूको गम्भीर अध्ययन, मनन, चिन्तन र निदिध्यासनपूर्वक यस ग्रन्थमा उपस्थापन गरिएको छ । यसबाट सनातन संस्कृतिको विशेषता र तन्त्रविद्याको रहस्यका जिज्ञासु पाठकहरू अत्यन्त लाभान्वित हुनेछन् ।

३. निगम र आगमको अन्योन्याश्रित सम्बन्ध

उपासना जाति, धर्म, आश्रय एवं अधिकारअनुसार अनेक प्रकारको हुन सक्छ, हुन्छ । उपासनाका अनेक पद्धति छन्, यसमा सन्देह छैन किन्तु सबैको गन्तव्य स्थल यौटै हुन्छ र गन्तव्यस्थल परमात्मा नै हुन् ।

रुचीनां वैचित्र्यादृजुकुटिलनानापथजुषाम्,
नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव ।

ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम् भनाइअनुसार

भगवान्लाई जसले जसरी उपासना गर्छ, त्यसैरूपमा भगवत्प्राप्ति हुन्छ। त्यसै हुनाले भगवान्को कथन छ –

यान्ति देवव्रता देवान् पितॄन् यान्ति पितृव्रताः ।
भूतानि यान्ति भूतेज्या यान्ति मद्याजिनोऽपि माम् ।।

देवतापूजक देवताकहाँ जान्छन्, पितृपूजक पितृमा जान्छन् र भूतपूजक भूतकहाँ नै जान्छन् । उपासना अर्थात् पूजामा पञ्चोपचार, दशोपचार, षोडशोपचार, राजोपचार आदि भेद छन् र त्यसमा मन्त्रजप र स्तुति पनि पूजाकै अङ्ग मानिएका छन् । शब्दमात्र कम्पनरूप हो र त्यसद्वारा आकृति पनि उत्पन्न हुन्छ । अदृश्य जगत्मा शब्दद्वारा आकार उत्पन्न हुन्छ र अनेक आकार मिलेर मूर्ति बन्न सक्छ ।

मन्त्रहरूमा प्रणव अर्थात् ओंकारको अत्यन्त महत्त्वपूर्ण स्थान छ। ईश्वर अर्थात् ब्रह्मको वाचक प्रणव नै हो **तस्य वाचकः प्रणवः** भनेर योगदर्शनले बताएको छ र **तज्जपस्तदर्थभावनम्** भनेर प्रणवको जप प्रणवार्थद्वारा ईश्वरको भावना गर्नुपर्छ भनेको छ । यो प्रणव प्रायः सबै वैदिक एवं तान्त्रिक मन्त्रहरूको आदिमा पनि प्रयोग गरिन्छ । तन्त्रशास्त्र सर्वलोक हितकारी हो । तन्त्रको प्रकाश कलिमलदूषित चित्तहरूको निमित्त विशेषरीतिले भएको हो । कलिकालको प्रभावले जुन साधकहरूको साधना तल्लो तहको छ, जुन साधक भोगेच्छुक छन्, तिनीहरूलाई क्षुद्र सिद्धिको लोभ दिएर उपासनामार्गमा प्रवृत्त गराउनु तन्त्रशास्त्रको यौटा लक्ष्य हो भन्न सकिन्छ ।

वेदजस्तै हाम्रो तन्त्रशास्त्र पनि विस्तृत र अनन्त छ । हाम्रो जीवनमा, नेपालीहरूको जीवनमा दुई प्रकारका विधि प्रचलित छन् – वैदिक विधि र तान्त्रिक विधि । विशेष गरेर आजका समयमा हाम्रो जीवनमा तान्त्रिक विधि नै विशेष रीतिले व्याप्त छ । ऐहिक र पारलौकिक अभ्युदय र निःश्रेयसका साधक उपाय जसबाट विस्तार गरिन्छन् त्यो तन्त्रशास्त्र हो। समाजको धारक वा पोषकलाई तन्त्र भनिन्छ अथवा नियमविशेषले

लोकलाई नियन्त्रण गर्ने तन्त्र हो ।

यसैगरी आगम पनि तन्त्रशास्त्रको बोधक शब्द हो र गम् धातुको अर्थ गति, प्राप्ति, ज्ञान हुनाले सम्यक् प्राप्तिको विषय, सम्यक् प्राप्तिको साधन, सम्यग् ज्ञानको अधिकरण आगम हो भन्ने बुझिन्छ । अनादि कालदेखि गुरुशिष्य परम्पराले आएको ग्रन्थ समुदाय आगम हो । वेदलाई पनि गुरुशिष्यको परम्पराबाट अनादिकालदेखि आएका हुनाले आगम नै भन्न सकिन्छ । वेदलाई श्रुति पनि भनिन्छ किनभने त्यो सुनिन्छ मात्रै कुनैले बनाएको होइन । यस्तै तन्त्रलाई श्रुतिशब्दले व्यवहार गरेको देखिन्छ । मनुस्मृतिको द्वितीय अध्यायको प्रथम श्लोकमा कुल्लूक भट्टले -

विद्वद्भिः सेवितः सद्भिर्नित्यमद्वेषरागिभिः ।
हृदयेनाभ्यनुज्ञातो यो धर्मस्तं निबोधत ।।

यस श्लोकको व्याख्यामा **अत एव हारितः, अथातो धर्मं व्याख्यास्यामः, श्रुतिप्रमाणको धर्मः, श्रुतिश्च द्विविधा वैदिकी तान्त्रिकी च** लेखेर वैदिक तान्त्रिक दुई प्रकारका श्रुति स्वीकार गरेका छन् । यसले धर्मकार्यमा वेदको तुल्य नै तन्त्रको पनि प्रामाण्य छ भन्ने कुरा बुझिन्छ । यसैगरी रामचरितमानसका लेखक हिन्दीभाषाका प्रासादिक ग्रन्थलेखक तुलसीदासले आफ्नो राम चरितमानसमा-

नानापुराणनिगमागमसम्मतं यत्,
रामायणे निगदितं क्वचिदन्यतोऽपि ।
स्वान्तःसुखाय तुलसी रघुनाथगाथा -
भाषानिबद्धमतिमञ्जुलमातनोति ।।

लेखेर निगम र आगम सम्मत हुनाले आफ्नो ग्रन्थको प्रामाण्य छ भन्ने कुरा सिद्ध गर्दै तन्त्रको प्रामाण्य वेदसरह नै छ भन्ने समेत दर्शाएका छन् । अरु युगमा श्रुति अथवा वेदको महत्त्व भए पनि कलियुगमा वेदको अपेक्षा आगमको नै विशेष प्रामाण्य छ भन्ने कुरा महानिर्वाणतन्त्रले बताएको छ -

मेध्यामेध्यविचाराणां न शुद्धिः श्रौतकर्मणा ।
न संहिताद्यैः स्मृतिभिरिष्टसिद्धिर्नृणां भवेत् ।।
सत्यं सत्यं पुनः सत्यं सत्यं सत्यं मयोच्यते ।
विना ह्यागममार्गेण कलौ नास्ति गतिः प्रिये ।।
श्रुतिस्मृतिपुराणादौ मयैवोक्तं पुरा शिवे ।
आगमोक्तविधानेन कलौ देवान् यजेत् सुधीः ।।
कलावागममुल्लङ्घ्य योऽन्यमार्गे प्रवर्तते ।
न तस्य गतिरस्तीति सत्यं सत्यं न संशयः ।।

(महानिर्वाणतन्त्र २/६-९)

वेदको प्रामाण्य आफ्नो स्थानमा छ परन्तु कलियुगमा वेदको अपेक्षा तन्त्रको नै विशेष महत्त्व छ -

निवीर्याः श्रौतजातीया विषहीनोरगा इव ।
सत्यादौ सकला आसन् कलौ ते मृतका इव ।।

(महानिर्वाणतन्त्र २/१५)

तथाऽपि सन्ध्यादि ब्रह्मकर्ममा वैदिकमार्ग ब्राह्मणको निमित्त प्रशस्त मानिएको छ -

द्विजातीनां प्रभेदार्थं शूद्रेभ्यः परमेश्वरि ।
सन्ध्येयं वैदिकी प्रोक्ता प्रागेवाह्निककर्मणाम् ।।

(महानिर्वाणतन्त्र ७/८८)

देवताहरूमा विष्णु, जलाशयहरूमा समुद्र, नदीहरूमा गङ्गा, पर्वतहरूमा हिमालय, वृक्षहरूमा अश्वत्थ, राजाहरूमा इन्द्र, देवीहरूमा दुर्गा र वर्णहरूमा ब्राह्मणलाई श्रेष्ठ मानिएझैं सम्पूर्ण शास्त्रहरूमा तन्त्रशास्त्र श्रेष्ठ मानिएको छ । यो शास्त्र कामनापूरक र वेदसम्मत पनि छ -

विष्णुर्वरिष्ठो देवानां ह्रदानामुदधिस्तथा ।
नदीनाञ्च यथा गङ्गा पर्वतानां हिमालयः ।।
अश्वत्थः सर्ववृक्षाणां राज्ञामिन्द्रो यथा वरः ।

देवीनाञ्च यथा दुर्गा वर्णानां ब्राह्मणो यथा ।
तथा समस्तशास्त्राणां तन्त्रं वै वेदसम्मतम् ।।

४. तन्त्रशास्त्र एवं तन्त्रविद्यालोकद्वारा प्रतिपादित विषय

तन्त्रशास्त्रका विषयहरू विचार गर्दा त्यसमा वेद, पुराण, धर्मशास्त्र, इतिहास (श्रुति, स्मृति, पुराण) मा वर्णित विषय सबै पाइन्छन् । सर्ग (सृष्टि), प्रतिसर्ग (प्रलय), शास्त्रीय निर्णय, देवताहरूको संस्थान, तीर्थहरूको स्थिति, ब्रह्मचर्य गृहस्थादि आश्रमहरूको धर्मको वर्णन, ब्राह्मणादि वर्णधर्म र जीवसंस्थान (जीवसृष्टि)को वर्णन, यन्त्रनिर्णय, देवताहरूको उत्पत्तिको वर्णन, तरुकल्प, औषधिकल्प, ग्रह नक्षत्र आदिको स्थितिको वर्णन, पुराणाख्यान कथन, कोषकथन, व्रतवर्णन, शौचाशौच निर्णय, नरकवर्णन, पञ्चतत्त्व (पञ्चभूत)को अधिकारानुसार पञ्च सगुणोपासना, स्थूल र सूक्ष्म कारण, चार प्रकारको ब्रह्मको ध्यान, धारणा–समाधिको वर्णन, मन्त्रयोग, लययोग, हठयोग र राजयोग यी चारै प्रकारको योगको वर्णन गरिएको पाइन्छ ।

यसैगरी तन्त्रशास्त्रमा परमेश्वरको सबै प्रकारको उपासनाविधि, दर्शन शास्त्रानुसार सात ज्ञानभूमिका रहस्य, अध्यात्म, अधिदैव र अधिभूत यी तीन प्रकारका भावको लक्ष्य, तन्त्र तथा पुराणमा प्रयोग गरिएको समाधिभाषा, परकीयभाषा र लौकिकभाषा यी त्रिविध भाषाको रहस्य, वेदका ६ अङ्गको र ४ उपवेदहरूको रहस्यको वर्णन, प्रेततत्त्व, पितृतत्त्व, चतुर्दश लोकतत्त्व, जीवतत्त्व, ज्ञानतत्त्व शुक्लकर्मतत्त्व, कृष्णकर्मतत्त्व, रसायनशास्त्र, रससिद्धि, जयसिद्धि, तपःसिद्धि, देवतत्त्वविवेचन (दैवजगत्को रहस्य), सबै देवताद्वारा पनि पूजित शक्तितत्त्वको रहस्य, हरचक्रको कथन, स्त्री–पुरुषको लक्षण, राजधर्म र युगधर्म, दानधर्मको व्याख्यान, व्यवहाररीतिको विवेचन, आत्मा, परमात्मा, अनात्मादि अध्यात्मको वर्णन गरिने शास्त्र नै तन्त्रशास्त्र हो अर्थात् तन्त्रशास्त्रमा यी र

यस्ता विषयहरूको विवेचना पाइन्छ –

सर्गश्च प्रतिसर्गश्च तन्त्रनिर्णय एव च ।
देवतानाञ्च संस्थानं तीर्थानाञ्चैव वर्णनम् ।।
तथैवाश्रमधर्मश्च जीवसंस्थानमेव च ।
संस्थानञ्चैव भूतानां यन्त्राणाञ्चैव निर्णयः ।।
उत्पत्तिर्विबुधानाञ्च तरूणां कल्पसंज्ञितम् ।
संस्थानं ज्योतिषाञ्चैव पुराणाख्यानमेव च ।।
कोषस्य कथनञ्चैव व्रतानां परिभाषणम् ।
शौचाशौचस्य चाख्यानं नरकाणाञ्च वर्णनम् ।।
सगुणोपासना दिव्या पञ्चतत्त्वविभेदतः ।
भेदचतुष्टयेनैव ब्रह्मणो ध्यानधारणे ।।
मन्त्रयोगो तमश्चैव राजयोगो हठस्तथा ।
उपासनाविधिः सम्यगीश्वरस्य परात्मनः ।।
सप्तानां ज्ञानभूमीनां शास्त्रोक्तानां विशेषतः ।
ज्ञानस्य चाधिकाराँस्त्रीन् भावतात्पर्यलक्ष्मतः ।।
तन्त्रेषु च पुराणेषु भाषायास्त्रिविधां सृतिम् ।
वेदस्य च षडङ्गानि, उपवेदचतुष्टयम् ।।
प्रेततत्त्वं पितृतत्त्वं लोकतत्त्वं वरानने ।
जीवतत्त्वं ज्ञानतत्त्वं कर्मतत्त्वं शुभाशुभम् ।।
रसायनं रससिद्धिं जपसिद्धिस्तपः परम् ।
दैवं रहस्यं शक्तिञ्च निश्शेषदेवपूजिताम् ।।
हरचक्रस्य चाख्यानं स्त्रीपुंसोश्चैव लक्षणम् ।
राजधर्मो दानधर्मो युगधर्मस्तथैव च ।।
व्यवहारः कथ्यते च तथा चाध्यात्मवर्णनम् ।
इत्यादिलक्षणैर्युक्तं तन्त्रशास्त्रं विदुर्बुधाः ।।

जस्तै वेद अनन्त छन् त्यस्तै तन्त्रशास्त्र पनि अनन्त नै छ, सम्पूर्ण तन्त्रशास्त्रको अध्ययन गर्न अनेक जीवन नै चाहिन्छ भने हुन्छ होला । वेदोक्त रहस्य बुझ्न कठिन भएकोले तन्त्र शास्त्रको अवतार भएको हो । वेदोक्त कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्डको सरल भाषामा तन्त्रमा प्रतिपादन गरिएको छ । वेदप्रतिपादित निर्गुण ब्रह्मतत्त्वको विवेचन र उपासन उपनिषद्प्रतिपादित आत्मतत्त्वको रहस्य बुझ्न तन्त्रशास्त्रले सहायता गर्छ ।

विष्णुयामल, रुद्रयामल, आदित्ययामल, शक्तियामल, गणपतिसूक्त आदि तन्त्रग्रन्थहरूमा पञ्चदेवोपासनाको रहस्य प्रतिपादित गरिएको छ । हामी नेपाली प्राय: पञ्चदेवोपासक छौं, पञ्चदेवोपासना हाम्रा घर–घरमा हुन्छ, शालिग्रामको पूजा हामी गर्छौं, यस्तो पञ्चोपासनाको रहस्य तन्त्रग्रन्थहरूमा पाइन्छ । यसैगरी अवतारोपासना र ऋषि–देवता–पितृहरूको उपासनाको रहस्य जान्न पनि तन्त्रले नै सहायता गर्छ । यस अतिरिक्त निम्न श्रेणीका भूत, प्रेत, पिशाच, डाकिनी, शाकिनी आदिको उपासना पनि तन्त्रमा पाइन्छ । षड्दर्शनको रहस्य बुझ्न तन्त्रशास्त्रले सहायता गर्छ । चिकित्साशास्त्रको पनि तन्त्रले वर्णन गरेको छ ।

तान्त्रिक चिकित्सा आजको युगमा पनि उपयोगी मान्न थालिएको छ । स्पर्शचिकित्सा हिजोआज **रेकी** चिकित्साका नामले प्रसिद्ध भएको छ । **रेकी** शब्द जापानी हो । रेको अर्थ ईश्वरीय सृष्टि अर्थात् ब्रह्माण्ड हो भने **की**को अर्थ प्राण ऊर्जा अर्थात् जीवनीशक्ति हो । जापानी डाक्टर उसुईले यस चिकित्सा पद्धतिको जापानी नाम राखेर आधुनिक युगमा प्रसार गरेका छन्, किन्तु यो हाम्रो तान्त्रिक चिकित्सा पद्धति हो । मन्त्रको प्रयोग गरी शरीरका अनेक अङ्ग स्पर्श गरेर रोगीलाई स्वस्थ पार्नु नै यो चिकित्साको पद्धतिको प्रक्रिया रहेको छ । यसैगरी आजको युगमा नवीन प्रचलित **हिलियोथैरपी** र **क्रोमोपैथी** चिकित्सा पद्धति पनि तान्त्रिक चिकित्सा पद्धति हो । **हिलियो** रोमन शब्द हो, यसको अर्थ सूर्य हुन्छ। **थैरपी**को अर्थ चिकित्सा पद्धति हो । यसैगरी **क्रोमो** भनेको रङ्ग हो,

पैथीको अर्थ चिकित्सा हो । सूर्यको किरणमा सात रङ्ग हुन्छन्, ती सात रङ्गको अर्थात् सूर्यकिरणको उपयोग गरेर चिकित्सा गर्नु नै **हिलियोथेरेपी** र **क्रोमोपैथी** हो।

हाम्रो वेदले **सूर्य आत्मा जगतस्तस्थुषश्च** भनेर सूर्यको महत्त्व बताएको छ। प्रातः, मध्याह्न र सायङ्कालको सन्ध्योपासनामा सूर्यको नै उपासना गरिन्छ । आदित्ययामलले सूर्यको महत्त्व प्रकट गरेको छ । प्राकृतिक चिकित्सा पद्धतिमा सूर्यकिरणमा स्नानको ठूलो महत्त्व छ । त्यो चिकित्सा पद्धति पनि तान्त्रिक पद्धति नै हो ।

प्रकृति त्रिगुणात्मिका छन् । त्रिगुण– सत्त्वगुण, रजोगुण, तमोगुणको रहस्य जान्न तन्त्रशास्त्रको अध्ययन आवश्यक छ । पुराणहरूको रहस्य बुझ्न पुराणमा विद्यमान भाषासमाधिमा लौकिकभाषा र परकीयभाषाको रहस्यज्ञानको निमित्त पनि तन्त्रशास्त्रले सहायता गर्छ । स्थूल, सूक्ष्म, कारण र तुरीय यी चार अवस्थामा महाशक्तिको विस्तारको वर्णन तन्त्रशास्त्रले सरलरूपमा गरेको छ ।

आकाशादि पञ्चभूतमा विद्यमान विद्युच्छक्तिको अवलम्बन गरेर आजको विज्ञानले विकासवादको प्रतिपादन गरेको छ । तर त्यस पञ्चभूतको सूक्ष्मतम विचार हाम्रा तन्त्रशास्त्रले जति गरेका छन् त्यसले आजको युगलाई आश्चर्यान्वित बनाउँछ। अनन्तकोटि ब्रह्माण्डभित्र यो हाम्रो ब्रह्माण्ड पनि छ । हरेक ब्रह्माण्डमा सूर्य, चन्द्र इत्यादि ग्रह–उपग्रह आ–आफ्नो कक्षामा घुमिराखेका छन् । तिनीहरू धर्मको धारण गर्ने शक्ति र आकर्षण शक्तिको सामाञ्जस्यद्वारा कक्षाच्युत हुँदैनन् । अन्यथा चन्द्र, सूर्य र यी हाम्री पृथ्वी एक दोस्रामा ठक्कर खाएर नष्ट–भ्रष्ट हुने थिए।

आजको विज्ञानले पनि प्रत्येक परमाणुमा आकर्षण–विकर्षण दुवै शक्ति रहन्छन् भनेको छ । त्यस शक्तितत्त्वको विवेचन तन्त्रशास्त्रले गरेको छ । स्थूल जगत्को आकर्षण शक्तिद्वारा परमाणुहरूको परस्परमा मिलन भएर स्थूल जगत्को उत्पत्ति हुन्छ । प्रलयको बेलामा विकर्षणशक्तिको प्राबल्यले परमाणुहरू पृथक् पृथक् भएर स्थूल जगत्को नाश हुन्छ भन्ने

तन्त्रशास्त्रको कुरो आधुनिक विज्ञानदृष्टिले पनि सर्वथा युक्तियुक्त सिद्ध हुन्छ । तन्त्रमा अनेक देवताको उपासना बताइएको छ । वास्तवमा ती देवताको उपासना हैन, ती देवताकी शक्तिको उपासना हो । विष्णुको वैष्णवीशक्ति र शिवको शैवीशक्तिको उपासना हो । त्यसै हुनाले तान्त्रिक पूजाको महत्त्व प्रतिपादन गर्ने सौन्दर्यलहरीमा भनिएको छ –

शिवः शक्त्या युक्तो यदि भवति शक्तः प्रभवितुम्,
न चेदेवं देवो न खलु कुशलः स्पन्दितुमपि ।
अतस्त्वामाराध्यां हरिहरविरिञ्चादिभिरपि,
प्रणन्तुं स्तोतुं वा कथमकृतपुण्यः प्रभवति ।।

शक्तिले युक्त भएर नै शिव केही गर्न सक्छन् अन्यथा उनी हलचल गर्न पनि सक्दैनन् ।

तन्त्रशास्त्रको यस्तो महत्त्व हुनाले नै हाम्रो नेपालमा शक्ति-उपासनाको विशेष महत्त्व रहेको छ । काली, दुर्गा, लक्ष्मी, सरस्वती गायत्री, पार्वती आदि देवीहरूको उपासना पौराणिकविधि र तान्त्रिकविधिले गरिन्छ । तान्त्रिकविधिले **दशमहाविद्या** – काली, तारा, छिन्नमस्ता, षोडशी, भुवनेश्वरी, त्रिपुराभैरवी, धूमावती, बगलामुखी, मातङ्गी र कमलाको पूजा गरिन्छ । **कलौ चण्डीविनायकौ** यो भनाइअनुसार कलियुगमा शक्तिको उपासना शीघ्र फल दिने मानिएको छ ।

५. तन्त्रविद्यालोकका रचयिता प्रा. श्री विद्यानाथ उपाध्याय भट्ट

तन्त्रविद्यालोकमा निर्दिष्ट तन्त्रशास्त्रका महत्त्वपूर्ण विषयहरूको चर्चापछि तन्त्रविद्यालोकका रचयिता प्रा. विद्यानाथ उपाध्याय भट्टसँग आफ्नो आत्मीय सम्बन्धका विषयमा पनि केही उल्लेख गर्नु सान्दर्भिक हुनेछ ।

प्रा. श्री विद्यानाथज्यूसित २०२५ सालको प्रारम्भमा त्रि.वि.वि.मा उपप्राध्यापक पदमा नियुक्ति पाएपछि मेरो परिचय भयो । त्यस बेलामा उहाँ नवनियुक्त नै हुनुहुन्थ्यो । साथीभाइको रूपमा उहाँले मसँग अत्यन्त

सहृदयतापूर्वक व्यवहार गर्नुहुन्थ्यो । त्यो स्वभाव आज पनि छँदैछ । तिनताका उहाँ तन्त्रशास्त्रका विविदिषु हुनुहुन्थ्यो, अहिले यौटा अधिकारी विद्वान् भइसक्नुभएको छ र उहाँको विद्या खारिएको छ, त्यसैगरी साधना पनि खारिएको छ ।

आदरणीय विद्वान् प्रा. विद्यानाथ उपाध्याय भगवती जगदम्बिकाको उपासनामा अत्यधिक रत हुनुहन्छ केवल पूजाद्वारा मात्र हैन लेखनद्वारा पनि उहाँले तान्त्रिक उपासना गरिराख्नुभएको छ । त्यसमध्ये यो **तन्त्रविद्यालोक** ग्रन्थ पनि यौटा हो। **तन्त्रचिन्तामणि**जस्ता तन्त्रशास्त्रका विशिष्ट ग्रन्थहरूको सम्पादन पनि गर्नुभएको छ।

६. उपसंहार

अन्ततः **तन्त्रविद्यालोक**को नामबाट प्रकाशित यस उच्चस्तरीय कृतिमा समाहित सम्पूर्ण रचनाहरूले पाठकलाई साधना, उपासना र लक्ष्यप्राप्तितर्फ अभिप्रेरित गर्दछन् । धर्म, अर्थ, काम र मोक्षनामक चार पुरुषार्थहरूको प्राप्तिको दिशामा मार्गदर्शक यस ग्रन्थले सार्वकालिक र सार्वदेशिक महत्त्व राख्दछ ।

विद्वान् लेखकका यस कृतिको प्रकाशनबाट नेपाली वाङ्मयभण्डारले एउटा तन्त्रशास्त्रमा आधारित उच्चकोटिको रचना प्राप्त गर्नेछ । यसका साथै हाम्रो नेपाली समाज यस कृतिबाट कर्तव्य र गन्तव्यको उद्बोधन गराउने सारस्वत मार्गदर्शन पाएर कृतार्थ हुनेछ भन्ने विषयमा म विश्वस्त छु ।

तन्त्रविद्यालोकनामक यस विशिष्ट ग्रन्थको व्यापक प्रचार–प्रसारका लागि र ग्रन्थकार विद्वान् प्रा. श्री विद्यानाथ उपाध्याय भट्टज्यूको अखण्ड प्रज्ञासाधना र **सत्यं शिवं सुन्दरम्**मा आधारित यशस्वी जीवनका लागि भगवती गुह्यकाली एवं भगवान् पञ्चब्रह्मस्वरूप श्री पशुपतिनाथसँग प्रार्थना गर्दछु ।

मेरो भनाइ

नत्वा पशुपतिं देवं तन्त्रविद्याप्रकाशकम् ।।
मातरं गुह्यकालीञ्च गुरुं विष्णुं तथैव च ।
आलोकं तन्त्रविद्यायाः स्वकीयकृतिसङ्ग्रहम् ।
साधकानां सुबोधाय लोकप्रीत्यै तनोत्यसौ ।।

विश्वगुरु भगवान् श्री पशुपतिनाथ र जगन्माता श्री गुह्यकालीका असीम अनुकम्पा एवं दिव्यौघ, सिध्दौघ, मानवौघ, परमेष्ठी, परम र स्वगुरुका कृपामय आशीर्वादले 'तन्त्रविद्यालोक' तन्त्र विद्याका जिज्ञासु साधकहरूका समक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्त हर्ष लाग्दछ ।

परम कारुणिक, दयामूर्ति भगवान् शिवले स्वयं गुरुभावमा रहनु भएर आफ्नी प्रिया भगवती शक्तिलाई उपदिष्ट गर्नु भएको शिवशास्त्रका रूपमा प्रसिद्ध तन्त्रविद्याको स्रोत स्वयं वेद नै भए पनि यसले वहन गरेका उदात्त विचार र सर्वजन कल्याणकारी भावनाले गर्दा यो विद्या वेदभन्दा पनि अधिक मानिएको छ। तन्त्रविद्याको विशाल वाङ्मयको एक मात्र प्रयोजन पशुपाश विमोचन नै हो, यसै कार्यले गर्दा नै यसका प्रकाशक भगवान् शिव श्री पशुपतिनाथका नामले जनजनबाट आराधना गरिनुहुन्छ । यस वाङ्मयमा कर्म, भक्ति, ज्ञान, योगका प्रभावकारी विश्लेषणबाट शिवसायुज्यप्राप्तिको अनन्य उपाय निहित छ । यसैका मार्गदर्शनबाट गरिएका साधनाबाट ऋषि मुनिहरू, देव-दानवहरू र मनस्वी मानव साधकहरूले परम पुरुषार्थ प्राप्त गरेको तथ्य प्रमाणसिद्ध छ । आज पनि तन्त्रविद्याका साधकहरू ऐहिक सुख-समृद्धि र आमुष्मिक मोक्षका लागि शिवको अनुग्रह प्राप्त गर्न साधनामा संलग्न पाइन्छन् ।

यसै तन्त्रविद्याको यत्किञ्चित् अंशको शास्त्रसम्मत व्याख्या समाविष्ट भएका केही मेरा रचनाहरूको यो 'तन्त्रविद्यालोक' यौटा सङ्ग्रह हो । विभिन्न समयमा, विभिन्न पत्रिकाहरूमा प्रकाशित भइसकेका, रेडियो तथा दूरदर्शनमा अन्तर्वार्ताद्वारा

प्रसारण भइसकेका र केही अप्रकाशित पनि मेरा रचनाहरूलाई एकत्रित गरी एकै ठाउँमा जिज्ञासु साधकले पढ्न पाउन् भने प्रयोजनले यसलाई पुस्तकाकारमा प्रकाशित गर्ने प्रयास मैले गरेको हुँ । तन्त्रविद्याका समग्र विषयहरूको व्याख्या यसमा पाइन्छ म कदापि भन्दिन, वास्तवमा यो त यौटा चयनिका हो, यौटा पुष्प-कदम्ब हो । यौटा फूलको गुच्छामा सबै फूलको समावेश नभए पनि त्यसले सौन्दर्य र सौरभको यत्किञ्चित् छटा अवश्यै प्रदान गर्ला भन्ने मेरो विश्वास छ । यसमा जे छ शास्त्रीय छ, अशास्त्रीय छैन, त्यो चाहिँ मेरो आफैमाथिको भरोसा हो, यसमाथिको प्रतिक्रिया म विद्वान् साधकहरूमा नै राख्न चाहन्छु ।

यही अवसर पाएर आफ्ना कुलका विषयमा पनि म केही निवेदन गर्ने अनुमति माग्दछु । यो आत्मप्रशंसा होइन । मलाई थाहा छ - आत्मश्लाघा प्रशंसनीय हुँदैन । तर यो गौरवगाथा हो - यो पुण्यचर्चा हो भन्ने म मान्दछु।

लिखित इतिहास ज्यादै स्पष्ट नभए पनि किंवदन्तीहरू, परम्परागत गतानुगतिक अभिव्यक्तिहरू, प्रचलित मान्यताहरू र प्रकाशित वा अप्रकाशित वंशावलिहरूअनुसार काष्ठमण्डपमा शिवसिंह मल्ल राजाकै पालामा जसलाई सिमसिम राजाका पालामा भनिन्छ, 'लम्बकर्ण भट्ट' नामले प्रसिद्ध तान्त्रिकको जगजगी थियो । उनको वास्तविक नाम नारायण भट्ट वा लक्ष्मीनारायण भट्ट जे भए तापनि कान अलि लामा भएकाले 'लम्बकर्ण भट्ट' वा नेवारी भाषामा 'ह्नाय्पँताहा वाज्या' पनि भनिन्थे । उनी मूलतः दाक्षिणात्य तन्त्रविद्याका देशिक विद्वान्, साधक, सिद्ध हुनुकासाथै राजनीतिका पनि राम्रो ज्ञाता थिए भन्ने उल्लेख इतिहासकार गर्ने गर्दछन्। भट्ट नारायण (नारायण भट्ट)ले शिवसिंह राजालाई नेपालका राजा बनाएर अतुल सम्पत्ति पनि पाए' भन्ने अभिलेख पाउनु उनको नाम अन्यत्र लक्ष्मीनारायण भनिनु र उनका प्रशंसामा 'भट्ट चूडामणि, उज्ज्वल कीर्तिमान्, नेपालका राजाद्वारा पनि पूजित' भन्ने एवं उनलाई 'श्रीलक्ष्मीनारायण गुरुज्यू' भन्ने चर्चा अभिलेख समेतमा हुनु उनका विशिष्टताको गाथा हो । यहाँनिर यौटा असजिलो पनि छ, भट्ट नारायण वा नारायण भट्ट राजा शिवसिंह मल्लका समकालीन थिए र उनका छोरा महादेव भट्ट पछि उनका पनि छोरा लक्ष्मीनारायण भट्ट (लम्बकर्ण) राजा प्रताप मल्लका पनि गुरु थिए भन्ने देखिन्छ, कहीं भने

नारायण भट्ट र लम्बकर्ण एउटै हुन् भन्ने पनि आभास पाइन्छ– यो अनुसन्धेय छ। जेहोस्, उनको वैशिष्ट्य इतिहासप्रसिद्ध छ।

नारायण भट्टका सल्लाहले राजा शिवसिंह मल्लले देगु तलेजुको स्थापना गरे र उनको पूजा अर्चनाको जिम्मा लक्ष्मीनारायण भट्टकै जिम्मामा आयो र पछि सम्म पनि लम्बकर्ण भट्टका सन्तान देगु तलेजुको अर्चना गर्ने काममा संलग्न थिए भन्ने तथ्य प्रमाणित छ।

लक्ष्मीनारायण भट्ट – लम्बकर्ण भट्ट ठूला सिद्धतान्त्रिक थिए, उनले अनेकौ चमत्कारपूर्ण सिद्धिको प्रदर्शन गरेका थिए – अमावास्याको रातमा चन्द्रमा झलमल्ल उदाएको देखाएका थिए। हनुमानढोकाका हनुमान्लाई लड्डु ख्वाए। कालभैरवलाई हिँडाए, राजा प्रताप मल्ललाई बोक्सी विद्यामा लागेकाहरू प्रत्यक्ष देखाए, मानिसहरूको सर्वाङ्ग अलग गराएर फेरि जोडी चमत्कार देखाउने चटकी मधिसेलाई परास्त गराए, राजा प्रताप मल्ललाई उनीसँग वैरभाव राख्ने पाटनका अन्य राजाबाट बचाए आदि आदि किंवदन्ती प्रसिद्ध छन् र आज पनि रोचकतापूर्वक सुनाइने गरिन्छन्।

उनले आफू राजा प्रताप मल्लका गुरु भएकाले र राजा ठूला कवि, तन्त्रका स्वयं विद्वान्, भक्त साधक भएकोले उनीबाट देव–देवताहरूको स्थापना, प्रतिष्ठा, यात्रा परम्परा चलाएको प्रसिद्धि सर्वत्र गराइन्छ। उनको निवास नरदेवी, काठमाडौंमा थियो र आजसम्म पनि उनका सन्तान त्यहीं बसोबास गर्दैछन्। राजा प्रताप मल्लका छोरा राजा भूपालेन्द्र मल्ल, उनका छोरा नृपेन्द्र मल्ल र पार्थिवेन्द्र मल्लसमेतले 'ङट' नरदेवीमा गई दीक्षा लिई तलेजू पसे भन्ने उल्लेख अभिलेखमा पाइन्छ। उनको यौटा सिद्धविद्या परम्परा छ, देवी आराधनाका लागि दीक्षा परम्परा छ, नित्य नैमित्तिक तथा काम्य त्रिविध पूजा परम्परा जो आजसम्म पनि उनका सन्तानमा जीवित र सक्रिय छ। यसै गौरवमय परम्पराका प्रवर्त्तक नारायण भट्ट वा लक्ष्मीनारायण भट्ट (लम्बकर्ण भट्ट)कै वंशमा जन्म लिने सौभाग्य प्राप्त गरी शक्ति आराधनाको, पुर्खाले कृपापूर्वक दिएको आशीर्वाद पाई 'हिङ नै नभए पनि हिङ बाँधेको टालो नै भए पनि' जानी नजानी पुर्खाले अर्जेको पुण्यको प्रसाद पाउने यो लेखक उनकै सत्रौं पुस्तामा पर्दछ। सिद्धि

केही नभए तापनि चमत्कार गर्न नसके तापनि तन्त्र विद्याको अध्ययनमा ईश्वरले नियुक्त गर्नुभएछ, पुर्खाले आशीर्वाद दिनुभएछ, मन लाग्यो, आँखा खुले, अलिकति जो जानिँयो, जो बुझियो, ईश्वरकै कृपाले, गुरुकै प्रेरणाले पाएका प्रसादको फल यो प्रस्तुत 'तन्त्रविद्यालोक' पनि हो ।

विचित्र छ – तन्त्रविद्यालाई अत्यन्त गोप्य भनिन्छ । घरमा दीक्षा नलिउञ्जेल सप्तशती पाठ गर्ने पनि अनुमति छैन । तन्त्र पढ्ने र लेख्ने जान्ने त प्रश्नै छैन । तै पनि आफूलाई त्यसरी ज्ञान गोप्य राख्ने, भन्नै सुनाउनै नहुने भन्ने कुरा रुचिकर लागेन । स्व-स्फूर्त पूर्वजको प्रेरणा अनुसार लुकीचोरी तन्त्र विद्याका पुस्तक पढ्न हेर्न थालियो । केही जानेबुझेपछि अभिव्यक्त गर्न पनि मन लाग्यो, लेखहरू लेख्ने प्रवृत्ति बस्यो । एउटा रहस्यमय, अज्ञात विद्याको प्राकट्य कसैलाई मन पर्‍यो, कसैलाई मन परेन । राम्रो लाग्नेले सराहना गरे, प्रेरित गरे, प्रोत्साहन दिए, लेख प्रकाशित पनि गरिदिए, न राम्रो न लाग्नेले गाली गरे, धिक्कारे पनि र दुःख परेको बेला 'यस्तै भन्नै नहुने कुरा प्रकाशित गरेकाले दुःख पर्‍यो' भन्ने वचन पनि लगाए। जेहोस्, मलाई लाग्यो – भन्नै, देखाउनै, सुनाउनै नभएको भए भगवान् शिवले कसरी उमालाई सुनाउनु भयो होला, गुरु परम्पराबाट कसरी यत्रो वाङ्मय प्रकाशित भयो होला । मेरै मनमा पनि कसरी यसलाई पढ्ने लेख्ने प्रेरणा जाग्यो होला ? जेहोस् 'कुनै देवताले हृदयमा बसेर जो अह्रायो व्यक्ति त्यही गर्दछ' भन्ने कुरा म वास्तवमा मान्दछु र यो काम गर्ने प्रेरणा वा नियुक्ति नै भनौं अवश्य पनि मेरो हृदयमा विराजमान मेरा इष्ट देवताकै हो, गुरुकै हो भन्ने सम्झी उनैको मौन अनुमति लिई म बोल्ने र लेख्ने गर्दछु । मलाई लाग्दछ – 'गोप्य' शब्दको अर्थ 'लुकाउनु' भन्ने यहाँको प्रकृत अर्थ होइन, गुपु सुरक्षणे धातु छ संस्कृतमा । यसको अर्थ हो सुरक्षा गर्नु, गोप्य भन्ने शब्दको अर्थ हो – सुरक्षा गर्नु । भन्दैं, बताउँदै, लेख्दै गरेमा नै यो शास्त्र सुरक्षित रहन्छ भन्ने मेरो विश्वास भएरै यो प्रयास भएको हो । तन्त्रविद्यालाई लिएर सामान्य जनमानसमा धेरै नै भ्रमहरू विद्यमान छन् । यसलाई झारफूक, टोनामोना गराउने विद्या मान्नेहरूको सङ्ख्या पनि कम छैन । हुन त यो पनि तन्त्रको एउटा विधा नै होइन भन्न सकिँदैन तापनि तन्त्रको मूल प्रयोजन भने यो होइन । तन्त्र वाङ्मयमा मारण, मोहन, सम्मोहन,

वशीकरण, द्वेषण, उच्चाटन यी अभिचारकर्मको विधान न भएको होइन तर यिनीहरूको प्रयोग साधकले योगसाधनाका क्रममा काम, क्रोध, मद, मात्सर्य, लोभ, मोह यी जीवनका छवटा शत्रुहरूलाई हटाउने प्रयोजनका निमित्त गर्नुपर्ने हो, तर जो स्वार्थपरायण साधक हुन्छ, त्यसले यिनीहरूको प्रयोग आफ्ना स्वार्थपूर्तिका लागि आफ्नो प्रतिकूल काम गर्ने शत्रुहरूको निवारणार्थ गर्ने गर्दछन्। यसको परिणाम उनीहरूलाई क्षणिक सुख प्राप्त भए तापनि अन्ततः दुःखद नै हुने गर्दछ – आफ्ना लागि पनि र जसका विरुद्ध प्रयोग गरिन्छ, तिनीहरूका लागि पनि । आफूलाई जुन काम प्रतिकूल हुन्छ, त्यो अर्कालाई पनि हुन्छ भन्ने मानेर त्यो नगर्नु नै उचित हुन्छ । तन्त्रसाधनाको मूल उद्देश्य त परमाद्वैत हो – ब्रह्मावाप्ति हो । विश्वमा आफूलाई व्याप्त देख्नु, आफैमा विश्व निःस्यूत अनुभव गर्नु, सम्पूर्ण भेददृष्टिको निवारण यसको प्रयोजन हो । वेद–वेदान्तको मर्म न जान्ने तान्त्रिक हुन सक्तैन, मूलतः वेद–वेदान्त र तन्त्रको परमलक्ष्य एउटै हो तर वेदान्त आदिले प्रतिपादन गरेको **अहं ब्रह्मास्मि**को सिद्धान्तलाई तान्त्रिक साधनाका क्रियाले कार्यान्वित गराउँदछ– त्यही सूक्ष्म फरक हो वेद–वेदान्त र तन्त्रको । यसैले तन्त्रलाई पाँचौ वेद पनि भनिन्छ ।

तन्त्रका क्रियालाई अशुद्ध, वेदविरुद्ध, आसुरी र निन्दित भन्नेहरू पनि छन्, तर यो तथ्य होइन । उनीहरूको आरोप तन्त्र साधनामा हुने पञ्चमकारको प्रयोगलाई लिएर हो । तर तन्त्रमा यसको साक्षात् प्रयोग अनुकल्पविधान, प्रतीक प्रयोगका प्रक्रियाहरू अधिकारका आधारमा विहित हुन्छन् । फेरि यहाँ पनि तीन भाव छन् – पशु, वीर र दिव्य । पशुभावमा यिनीहरूको प्रयोग निषिद्ध छ, वीरभावमा अधिकारप्राप्त साधकदेखि बाहेक अरूलाई यसका प्रयोगको अनुमति दिइँदैन । उनीहरू अनुकल्पको प्रयोग गर्दछन् । दिव्यभावमा त पञ्चमकारको अर्थ नै बेग्लै हुन्छ । पूजा त योग हो, याग योग नै हो, योगका उत्कर्षमा बाह्य भौतिक पदार्थको, उपचारका रूपमा साक्षात् प्रयोग हुन सक्दछ । यो स्वाभाविक हो तर तन्त्रयोग गीतामा प्रतिपादित अनासक्त कर्मयोगभन्दा पृथक् हुँदैन, यसमा आरूढ व्यक्तिको निम्ति बाह्य कर्तव्याकर्तव्यको बन्धन रहँदैन । अशुद्धि पनि शुद्ध बन्दछ, यसको रहस्य अचम्म छ, त्यसैले आगम अगम भनिन्छ ।

वस्तुतः तन्त्र त वेदनिःसृत हो, पूर्व वैदिक हो, वेदविरुद्ध होइन । जसरी सोम आदि यज्ञमा गरिएको हिंसा निषिद्ध मानिँदैन, तन्त्र साधनामा अधिकार प्राप्त दीक्षित साधकहरूले प्रयोग गरेको उपचार निन्दित हुन सक्तैन । वीरभावको अवलम्बन, त्यसमा अवस्थिति, त्यसभन्दा पनि माथि आरूढ भएर दिव्यभावमा पुग्नु र त्यहाँ स्थित हुनु गुणातीतताको उत्कर्ष हो ।

तन्त्र साधनालाई याग भनिन्छ, यो त योग नै हो भनियो । यो त स्वयं देवता बनेर देवताको याग गरिन्छ । देवता बन्ने प्रक्रिया साधनाशास्त्रमा वर्णित छ । अन्तर्यागको प्रक्रिया त पूर्णतः देवता बन्ने नै प्रक्रिया हो- यसमा दुइमत नै छैन । देवता स्वयं बनिसकेपछि यजन त अफ्नै हुन्छ – ब्रह्मस्वरूप आत्माको शिवसायुज्यप्राप्तिको पूर्ण प्रकिया हो । यसैबाट विश्वब्रह्माण्डैमा अहन्ताको–पूर्णाहन्ताको अनुभव हुन्छ, यही लक्ष्य हो तन्त्र साधनाको ।

प्रकृतमा, तन्त्र तन्त्रविद्यालोकको प्रतिपाद्य विषय तन्त्रसम्बद्ध छन् । शास्त्रीय छन्, शास्त्रविरुद्ध छैनन्, तर समग्रतालाई यसले प्राप्त गरेको छैन किनभने यो प्रकीर्ण, प्रकाशित तन्त्र सम्बद्ध सामग्रीको सङ्ग्रह हो । यसमा प्रकाशित केही रचनाहरुमा चर्चित विषय एक अर्काका साथ मिल्न जाँदा दोहोरिएको, पुनरुक्ति भएको अनुभव पनि पाठकहरूलाई अवश्य हुन जाने देखिन्छ तर के गर्नु, यो बाध्यता हो । एउटै विषय पृथक् पृथक् समयमा पृथक् पृथक् पत्रिकामा प्रकाशनार्थ लेखिँदा शास्त्रीयतामा फरक नआउने हुँदा पुनरुक्ति पर्न गएको सत्य हो । तर दुइवटा लेख पूर्णतः पुनरुक्त मात्र नभएर केही न केही नवीनता त्यहाँ पाइने नै छ। त्यति त सह्य हुनु नै पऱ्यो भनी पाठकहरूमा अनुरोध गर्नु कर्तव्य ठान्दछु । ज्ञानको अथाह सागर तन्त्रविद्या, त्यसमा पौडी खेल्न पानीभित्र पसेको यो एउटा स्थूलबुद्धि लेखक, यसको के सामर्थ्य तन्त्रविद्याको मोती खोजेर ल्याउने । तै पनि यी रचनाहरूबाट लेखकले कसैलाई सिकाउन खोजेकै होइन, केवल आफ्ना भक्तिका पुष्पहरू शब्दका रूपमा परमेश्वरका चरणमा समर्पण गर्ने प्रयास मात्र गरेको हो । भक्तले प्रभुको स्तुति गर्दछ, प्रभुकृपाका लागि तर त्यसको आवृत्तिबाट अरूलाई पनि लाभ हुन्छ, त्यो पनि त सत्य नै हो । तन्त्रविद्यालोकले जिज्ञासु साधकका ज्ञानपिपासालाई समग्ररूपमा शान्त गराउन नसके तापनि चर्चित विषयवस्तुलाई संक्षिप्त रूपमा आफूले बुझ्ने भाषामा पढ्न पाउँदा, विषय बुझ्दा प्राप्त हुने सन्तोषबाट पाठकले

वञ्चित भने हुन परोइन भन्ने लेखकलाई भरोसा छ।

यसमा जे छ, जसरी प्रतिपादन गरिएको छ, पाठकसमक्ष नै छ । प्रभुबाट प्राप्त ज्ञान प्रभुमै समर्पित छ । राम्रो भए पनि नराम्रो भए पनि भगवच्चरणमा नै समर्पित यो एउटा फूल हो ।

अन्त्यमा, विश्वगुरु भगवान् श्रीपशुपतिनाथका असीम अनुकम्पाबाट प्रस्फुरित शिवज्ञानको सङ्ग्रह यो तन्त्रविद्यालोकको प्रकाशन प्रभुकै कृपामय अन्त:प्रेरणाबाट हुनलागेकोमा प्रभुकै प्रमुख अर्चक पूज्य रावल श्रीमहाबलेश्वर भट्टज्यूबाट ज्यादै महत्त्वपूर्ण सहयोग र आशीर्वादसमेत् प्राप्त भएको हुँदा उहाँमा म श्रद्धापूर्वक अभिवादन र आभार टक्र्याउँछु । कर्मयोगलाई जीवनको मूलमन्त्र मानेर निरन्तर स्वकर्तव्यमा निरतरहने, विविध शास्त्रका मर्मज्ञ राजपरिषद् स्थायी समितिका सम्माननीय सदस्य डा. स्वामी श्री प्रपन्नाचार्यज्यू, जो सधैं ममाथि स्नेह राखी कर्तव्यपथमा अग्रेसर रहन प्रेरणा दिइरहनु हुन्छ र जसले यस प्रकाशनमाथि आफ्नो अनभर्घ मन्तव्य लेख्नु भएर मलाई प्रोत्साहित गर्नुभयो उहाँलाई हृदयदेखिको आभार टक्र्याउँदछु। त्यसपछि मेरा परममित्र महेन्द्रसंस्कृत विश्वविद्यालयका वर्तमान उपकुलपति प्रा. श्री शिवहरि मरहट्टाज्यू जो मेरो शैक्षिक र प्राज्ञिक अभियानमा लामो समयसम्म सहयात्री भई मलाई आजसम्म पनि प्रेरित र प्रोत्साहित गर्दै हुनुहुन्छ र जसले मेरो यस प्रकाशनमाथि आफ्नो बहुमूल्य मन्तव्य लेख्नु भई अनुगृहीत गर्नुभयो, उहाँप्रति म आफ्नो अन्तर्हृदयदेखि आभार व्यक्त गर्दछु । अनि महेन्द्र संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रका वर्तमान कार्यकारिनिर्देशक मेरा घनिष्ठ मित्र प्रा.डा. वेणीमाधव ढकालज्यू, जसले मेरो प्रकाशनलाई साङ्गोपाङ्ग पढी, यसको गुणदोष केलाई आफ्नो अमूल्य मन्तव्य भूमिकाका रूपमा लेख्नुभएको छ, उहाँप्रति पनि म आभार व्यक्त गर्दछु । फेरि प्रा.डा. दुर्गाप्रसाद दवाडीज्यू, आगमशास्त्रका मर्मज्ञ, धर्मप्राण सन्त मेरा मित्र हुनुहुन्छ, जसले मेरो यस कृतिलाई लिएर सारगर्भित वक्तव्य प्रस्तुत गर्नुभएको छ, उहाँको पनि कृतज्ञ छु । त्यसपछि नेपाली संस्कृतिका विशिष्ट अनुसन्धाता मित्रवर डा. जगदीशचन्द्र रेग्मी, जसले नेपालका विशिष्ट तान्त्रिक सिद्धपुरुष श्री लक्ष्मीनारायण भट्ट, जो लम्बकर्ण भट्टका नामले इतिहास प्रसिद्ध हुनुहुन्छ र हाम्रा परमपूज्य पूर्वपुरुष पनि हुनुहुन्छ, उहाँको यश, ख्याति र विद्वत्ता आदि वैशिष्ट्यलाई लिएर शोधपूर्ण लेख लेख्नुभयो, मेरो अनुरोधमा सौजन्यपूर्ण स्वीकृति दिएर आफ्नो लेख यस प्रकाशनमा

यथावत् समाविष्ट गरी प्रकाशित गर्न अनुमति प्रदान गर्नुभयो, उहाँप्रति म धेरैधेरै कृतज्ञ छु । फेरि मेरा पिताजी श्री वासुदेव भट्टका मित्रवर, स्वनामधन्य ज्यौतिषी श्री नरनाथ पाण्डेयज्यूका सुयोग्य पुत्र श्री मुराररिराज पाण्डेयले मेरो यस सङ्ग्रहलाई कम्प्युटर टाइप गराई स्वयं शुद्ध समेत पारी व्यवस्थित बनाई मलाई धेरै सहयोग गर्नुभयो उहाँको बिर्सिनसक्नु सहयोगप्रति उहाँलाई धन्यवाद प्रदान गर्दछु । आखिरमा, मेरी सहधर्मिणी श्रीमती अन्नपूर्णा देवी, जसले मेरो यस कृतिको प्रकाशनका निमित्त प्रेरणा दिइन् र स्वयं प्रकाशनको भार लिएर ठूलो सहयोगसमेत् गरिन्, उनलाई मेरो स्नेहसिक्त शुभ आशीर्वाद र धन्यवाद ।

वस्तुतः तन्त्रको परम गहन रहस्य त स्वयं वाक् र अर्थका मूर्ति पार्वती र परमेश्वर नै जान्नुहुन्छ, मजस्तो बालकले के जान्नु ? तैपनि यस प्रयासलाई म के भनौं ? महाकवि कालिदासले भन्नुभएझैं म पनि निवेदन गर्दछु –

क्व शम्भुप्रभवं शास्त्रं क्व चाल्पविषया मतिः ।
तितीर्षुर्दुस्तरं मोहादुडुपेनास्मि सागरम् ।।

म त केवल यति प्रभुसँग प्रार्थना गर्दछु –

तन्त्रको ज्ञानका धारा सदा मानसमा बगून् ।
कृपाले ईशका सारा कालिमा मनका हटून् ।।

उदाउन् ज्ञानका सूर्य मोक्षको मार्ग भेटियोस् ।
तन्त्रविद्यालोकले यो कल्याण सबको गरोस् ।।

करचरणकृतं वाक्कायजं कर्मजं वा
श्रवणनयनजं वा मानसं वाऽपराधम् ।
विहितमविहितं वा सर्वमेतत् क्षमस्व
जय जय करुणाब्धे श्रीमहादेव शम्भो ।।

ॐ तत्सत्

विद्वद्वशंवद

– विद्यानाथ उपाध्याय भट्ट

विषय सूची

आगम	१
आगमको आविर्भाव - रहस्य	१३
आगम र तन्त्रको रहस्य	२२
तान्त्रिक उपासनाको रहस्य	२७
उपासना	३३
तन्त्र र यसका विविध पक्ष	३६
शैव तन्त्र सिद्धान्त	३९
तन्त्र परिचय	५०
दीक्षा	६१
दीक्षितको गुरुप्रतिको आचरण र व्यवहार	६८
तन्त्रमा दीक्षा	७१
उपासनामा यन्त्रको स्थान	७४
तान्त्रिक दृष्टिमा यन्त्र-विस्तार	७८
तान्त्रिक मुद्राहरू	८२
भाव	८८
गायत्री - 'क'	९३
गायत्री - 'ख'	९८
गायत्री - 'ग'	१०३
ब्रह्मतत्त्व	१०५
गणेश	१०८
कुण्डलिनी	१११
महाविद्या-काली	११५
महाविद्या-तारा	१२१
महाविद्या-षोडशी-१	१२६
महाविद्या - षोडशी-२	१३४
महाविद्या - षोडशी-३	१३८
महाविद्या षोडशी - श्रीविद्या	१४२

चितिरूपा - त्रिपुरा १५४
शिव-पशुपतिको निर्गुण स्वरूप १५९
श्रीपशुपतेर्मान्त्रं वपुः १६८
श्री पशुपतिको मान्त्रिक शरीर १८१
भगवान् श्री पशुपति पञ्चब्रह्मोपनिषद्को दृष्टिमा १९६
शिवज्ञान र पति-पशु-पाशतत्त्व २००
पाशुपतदर्शन : संक्षिप्त पूर्व इतिहास र साहित्य २१७
पाशुपतदर्शनको उद्भव र विकास २२१
शिववन्दना २२५
विश्वगुरु भगवान् शिव र शक्ति २४१
तन्त्रमा पशुपति साधना २४७
ब्रह्मरूपा गुह्यकाली २६१
श्रीगुह्येश्वरी / श्रीगुह्यकाली २७२
नैपालकगुह्येश्वरीपीठस्य शास्त्रीयमितिवृत्तम् २८१
श्रीगुह्यकाल्या ब्रह्मभावोपासनम् २८९
श्रीदुर्गा २९५
दुर्गोत्सव (शारदीय दुर्गापूजा) ३०२
दशैं ३०७
बलिदान तान्त्रिक दृष्टिमा ३२१
लक्ष्मीपूजन र तिहार ३२६
लक्ष्मीपूजा ३३३
तन्त्रमा समाजव्यवस्था - वर्ण, आश्रम, आचार र संस्कारहरू ३३७
धर्मशास्त्रमा पृथिवीपूजन ३४४
अन्नपूर्णा उपासना ३५०
तान्त्रिकसाधना र पञ्चमकार ३५६
नेपाल : एक शक्ति क्षेत्र ३६८
हिन्दू र बौद्ध तन्त्रका समन्वयात्मक बिन्दुहरू ३७४
चण्डी भक्त (भक्ति) विनोदिनी : एक अध्ययन ३८१
नेपाली प्रतिभा नवमीसिंहको तन्त्रचिन्तामणि - एक परिचय ३८७
कार्तवीर्योदयमहाकाव्यस्य तन्त्रदृष्ट्याऽवेक्षणम् ३९२
लम्वकर्ण भट्ट - डा. जगदीशचन्द्र रेग्मा ४०३

आगम

परिभाषा

[1]आगतं शिववक्त्रेभ्यो गतं च गिरिजामुखम् ।
मतं च वासुदेवस्य तस्मादागममुच्यते ।।

भगवान् शिवका सद्योजात, वामदेव, तत्पुरुष, अघोर र ईशान यी पाँच मुखबाट अथवा कालाग्निरुद्रसमेत ६ मुखबाट निस्केको (स्वयं शिवले गुरुपदमा रहेर उपदेश गरेको), पार्वतीले शिष्यभावमा रहेर (कुब्जेश्वरी, सिद्धेश्वरी (गुह्येश्वरी), पूर्णेश्वरी, निशेश्वरी, कामेश्वरी र वज्रेश्वरीका रूपमा) प्राप्त गरेको, वासुदेवले पनि मानेको (वैष्णवहरूबाट पनि सम्मत) विद्या नै आगम हो ।

प्रतिपाद्य विषय

[2]सिद्धं सिद्धैः प्रमाणैस्तु हितं चात्र परत्र च ।
आगमः शास्त्रमाप्तानामाप्तास्तत्त्वार्थवेदिनः ।।
सृष्टिश्च प्रलयश्चैव देवतानां तथार्चनम् ।
साधनं चैव सर्वेषां पुरश्चरणमेव च ।।
षट्कर्मसाधनं चैव ध्यानयोगश्चतुर्विधः ।
सप्तभिर्लक्षणैर्युक्तमागमं तं विदुर्बुधाः ।।

रजोगुण र तमोगुणबाट निर्मुक्त (रागद्वेषबाट छुटेका), तपस्या र ज्ञानका बलले भूत, वर्तमान र भविष्यत् तीनै कालको निर्मल र अव्याहत ज्ञान प्राप्त गरेका शिष्य र ज्ञानवान् पुरुष आप्त हुन् । ती तत्त्वज्ञानी हुन्, शास्त्रका वास्तविक

---

१. *वाराहीतन्त्र, पाशुपतसूत्र र शैवसिद्धान्त, पिङ्गलामत ।*

२. *वाराहीतन्त्र, उद्धृत – आगमरहस्य (भूमिका) ।*

तत्त्वको तिनलाई ज्ञान थियो । तिनीहरूले बताएको यस लोक र परलोक दुवैमा हित हुने, प्रमाणहरूबाट पुष्ट, सृष्टि, प्रलय, देवताका अर्चनप्रक्रिया, सबै साधना प्रणालीहरू, पुरश्चरणका विधि–विधान, षट्कर्मसाधन (मारण, मोहन, उच्चाटन, वशीकरण, विद्वेषण र स्तम्भन) र चार प्रकारका ध्यानयोग (हठ, राज, मन्त्र र लययोग) को समग्र वर्णन भएको विद्या नै आगम विद्या हो ।

[३]अभ्युदय र निःश्रेयसका उपायहरू बताउने विद्या आगम विद्या हो ।

[४]समस्त पुरातन व्यवहारहरूको प्रसिद्धि जहाँ वर्णित छ त्यो आगम हो ।

[५]सम्पूर्ण सम्बोधिस्वरूप, परम द्वैतका रूपमा प्रतिष्ठित तत्त्वको वास्तविक स्वरूपलाई छर्लङ्ग तुल्याउने शास्त्र आगम शास्त्र हो ।

उद्‌भव र विकास

[६]**परावाक्** – यो सबैको मूल हो । यही सम्पूर्ण बोधरूप हो र यही पूर्वस्थिति हो । समस्त भावहरू यस स्थितिमा पूर्ण रहन्छन् । समस्त शास्त्रहरू अनन्तकालदेखि बोधस्वरूपमा यसै स्थितिमा निहित रहन्छन् । यही परमेश्वरको परम शक्ति हो ।

पश्यन्तीभूमि – सृष्टिका उन्मेषमा परावाक्‌मा ज्ञानस्वरूप भएर रहेका समस्त शास्त्रहरू बहिर्मुख भएर अवतरित हुन्छन् । सर्वप्रथम 'म' भन्ने ज्ञानको उदय हुन्छ अन्तर्हृदयमा । यस स्थितिमा पनि परमबोध स्फुट हुँदैन र वाच्यवाचक स्वभाव पनि रहँदैन ।

मध्यमाभूमि – परमेश्वर आफैलाई गुरु र शिष्य दुई अंशमा विभक्त गर्दछन् र यहीं गुरुले शिष्यलाई बताएझैं गरेर गुप्तज्ञानलाई प्रकट गर्दछन् । यसबेला पनि यी शास्त्रहरू अस्फुट रहन्छन् ।

वैखरीभूमि – यस स्थितिमा ती ज्ञानहरू शास्त्रका रूपमा अवतरित

३. *वाचस्पति मिश्र, तत्त्व वैशारदी, उद्–आगम रहस्य ।*

४. *तन्त्रालोक, पृ. ३५५–३५६, अ. ३५ श्लोक १–२*

५. *तन्त्रालोकको टीका, जयरथ ।*

६. *तान्त्रिकवाङ्मय में शाक्त दृष्टि गोपीनाथ – कविराज ।*

हुन्छन् । वास्तवमा भन्ने हो भने अद्वयमार्गमा परमार्थसत्तारूप संविद् नै सबथोक हो । प्रष्टा शिष्य र वक्ता गुरुको भेद नै वास्तविक होइन । पारमार्थिक र पूर्ण स्वभाववाला संविद् तत्त्व नै पश्यन्ती, मध्यमा र वैखरी भूमिमा स्फुट हुन्छन् ।

[७]गुरुशिष्यपदेऽप्येष वेद्यभेदोऽप्यतात्त्विकः ।

प्रष्ट्री च प्रतिवक्त्री च स्वयं देवी (संविद्) व्यवस्थिता।।

शिवको शरीर भौतिक शरीर होइन, शक्तिमय शरीर हो । उनका पाँच शक्ति चित्, आनन्द, इच्छा, ज्ञान र क्रिया नै उनका ईशान, तत्पुरुष, सद्योजात, वामदेव र अघोर पाँच मुख हुन् । वास्तवमा महेश्वर यौटै छन् । उनका शक्तिहरूका सम्बन्धका भेदबाट उसमा अनेकता र भेद जस्ता कुराहरू देखिन्छन् । अनि भेदप्रधान, भेद-अभेदप्रधान र अभेदप्रधान अवस्थाहरू प्रकट हुन्छन् ।

भेदप्रधान दश अवस्था - शिवका भेदप्रधान दश अवस्थाहरू छन् । यिनीहरूबाट भेदप्रधान दश आगमहरू - कामिक, योगज, चिन्त्य, [८]मुकुट, अंशुमत्, दीप्त, अजित, सूक्ष्म, सहस्रसुप्रभेद प्रकट हुन्छन् । यी शैवागम भनिन्छन्।

भेद-अभेदप्रधान अठार अवस्था - शिवका भेद-अभेदप्रधान अवस्थाहरू अठार वटा छन् । यिनीहरूबाट अठार वटा रौद्र आगमहरू प्रकट हुन्छन् । ती हुन्- विजय, निश्वास, मद्गीत (प्रोद्गीत), पारमेश्वर, मुखबिम्ब, सिद्ध, सन्तान, नारसिंह, चन्द्रांशु, वीरभद्र, आग्नेय, स्वयम्भू, विसर, रौरव, विमल, किरण, ललित र सौरभेय ।[९]

अभेदप्रधान चौसट्ठी अवस्था - परमेश्वरका अभेदप्रधान चौसट्ठी अवस्था छन् । यी भैरवावस्था हुन् । यिनीहरूबाटै चौसट्ठी अभेद प्रधान भैरवागमहरू प्रकट हुन्छन् ।

भैरवाष्टक - स्वच्छन्द, भैरव, चण्ड, क्रोध, उन्मत्त, असिताङ्ग, महोच्छूष्म र कंकालीश ।

---

७. *तन्त्रालोक १-२५६, उद् तान्त्रिक वाङ्मय में शाक्त दृष्टि ।*

८. *मुकुटको सट्टा कहीं कहीं 'कारण' लाई लिइएको छ - अजितागम ।*

९. *विमर्शरूपिणी शक्तिरस्य विश्वगुरोः सदा । परिस्फुरति सैकाऽपि नानाभावार्थरूपिणी।। अमृतानन्द, उद्. - तान्त्रिक वाङ्मय में शाक्त दृष्टि ।*

यामलाष्टक - ब्रह्मा, विष्णु, रुद्र, आथर्वण, रुरु, बेताल र स्वच्छन्द ।

मताख्याष्टक - रक्ताख्य, लम्पटाख्य, लक्ष्मी, मत, चालिका, पिङ्गला, उत्फुल्लक र विश्वाद्य ।

मङ्गलाष्टक - भैरवी, पिचु, समुद्भव, ब्रह्मीकला, विजया, चन्द्राख्या, मङ्गला, सर्बमङ्गला ।

चक्राष्टक - मन्त्रचक्र, वर्णचक्र, शक्तिचक्र, कलाचक्र, बिन्दुचक्र, नादचक्र, गुह्यचक्र ।

शिखाष्टक - भैरवी, वीणा, वीणामणि, सम्मोह, डामर, आथर्वक, कवान्ध, शिरश्छेद ।

बहुरूपाष्टक - अन्धक, रुरुभेद, अजाख्य, मूलसंज्ञक, वर्णकण्ठ, विडङ्ग, ज्वालित, मातृरोदन ।

वागीशाष्टक - भैरवी, चित्रिका, हंसाख्य, कादम्बिका, हल्लेखा, चन्द्रलेखा, विद्युल्लेखा र विद्युन्मान ।

[१०]वास्तवमा विश्वगुरुकी विमर्शरूपिणी शक्ति आफू यौटै भएर पनि भिन्न-भिन्न भावार्थका रूपमा परिस्फुटित हुन्छिन् । यही सत्य हो ।

यिनीहरूका अतिरिक्त दुई सय सात आगमहरूको पनि उल्लेख पाइन्छ।[११]

परशिवबाट सृष्टिको शुभारम्भ - पहिले सृष्टि हुनुभन्दा पहिले आकाशस्वरूप परशिवबाट प्रथमतः शब्दको प्रादुर्भाव भयो । त्यसबाट अक्षर र अनि त्यसबाट पनि अनुत्तम शब्दराशि । यस शब्दराशिमा नौ वर्ग र पचास भेद छन् : अ, क, च, ट, त, प, य, श, ह - यी नौ वर्ण र अ-वर्गका 'अ'देखि 'अः' सम्म - सोह्र, क- वर्गमा कदेखि ङसम्म- पाँच, च- वर्गमा चदेखि ञसम्म - पाँच, ट-वर्गमा टदेखि णसम्म - पाँच, तवर्गमा- तदेखि नसम्म - पाँच, प-वर्गमा पदेखि मसम्म - पाँच, य- वर्गमा य र ल व, श - वर्गमा श ष स, ह-वर्गमा ह र अनि क्ष - यी पचास भेद ।

---

१०. *उक्त ६४ भैरवागममध्ये यामलाष्टक र चक्राष्टकमा ७ आगमहरूको मात्र उल्लेख छ - १-१ आगम पुग्दैन ।*

११. *अजितागम ।*

यी पचास भेदहरू भएको शब्दराशिलाई योनि–बीजात्मक मानिएको छ। पचास स्वरवर्ण बीजरूप र बाँकी चौंतीस व्यञ्जन वर्णयोनिरूप हुन् । यिनै योनिबीजात्मक शब्दराशिबाट ग्रन्थहरू प्रादुर्भाव भएका हुन् ।[१२]

त्यसमा पनि सद्योजात–मुखबाट दश शैवागम भित्रका कामिक, योगज, चिन्त्य, कारण र अजित, वामदेवबाट दीप्त, सूक्ष्म, सहस्त्र, अंशुमद् र सुप्रभेद, एवं अघोर मुखबाट अठार रुद्रागमभित्रका विजय, निश्वास, स्वायम्भुव, अनल र वीर, तत्पुरुष मुखबाट रौरव, मुकुट, विमल, चन्द्रज्ञान र मुखबिम्ब, ईशान मुखबाट प्रोद्गीत, ललित, सिद्ध, सन्तान, सर्वोक्त, पारमेश्वर, किरण र वातुल आगमहरूको उद्भव भएको हो । चौसट्ठी आगमहरू चाहिँ शिवका पाँचै मुखहरू अन्तर्लीन भै योगिनीवक्त्र बनेर यसैबाट प्रकट भएका हुन् ।

यी आगमहरू सदाशिव मूर्तिझैं अङ्ग–प्रत्यङ्ग एवं उपवीत, हार, अलङ्कार एवं वस्त्रहरू हुन् । यसकारण शिवज्ञान स्वयं शिवदेखि भिन्न छैन ।[१३]

आगमका श्रोताहरू – यी आगमका श्रोताहरूमा कामिकका प्रणव, त्रिकलहर, योगजका सुधाख्य भस्म, विभु, चिन्त्यका दीप्त गोपति, अम्बिका, कारणका कारण, शर्व प्रजापति, अजितका सुशिव, शिव, अच्युत, दीप्तका ईश त्रिमूर्ति हुताशन, सूक्ष्मका सूक्ष्म वैश्रवण प्रभञ्जन, सहस्त्रका काल भीम धर्म, अंशुमद्का अंशु उग्र रवि, सुप्रभेदका दिशेश गणेश शशी हुन् । यसैगरी विजयका अनादिरुद्र परमेश्वर, निश्वासका दशार्ण शैलसम्भव, स्वायम्भुवका निधन पद्मसम्भव, अनलका व्योम हुताशन, वीरका तेज प्रजापति, रौरवका ब्राह्मणेश नन्दिकेश्वर, मुकुटका शिव महादेव, विमलका सर्वात्मन् वीरभद्र, चन्द्रज्ञानका अनन्त बृहस्पति, मुखबिम्बका प्रशस्त दधीची, प्रोद्गीतका शूलिन् कवच, ललितका आलय रुद्रभैरव, सिद्धका बिन्दु चण्डेश्वर, सन्तानका शिवनिष्ठ संशयायन, शर्वोक्तका सोमदेव नृसिंह, पारमेश्वरका श्रीदेवी उशनस्, किरणका देवताक्ष्र्य संवर्त, वातुलका शिव महाकाल हुन् ।[१४]

१२. *अजितागम ।*

१३. *अजितागम ।*

१४. *अजितागम ।*

शिवज्ञानको गुरुपरम्परा - रौरव तन्त्रमा रुरुका वचनअनुसार परमेश्वर शिवका मुखबाट श्रीकण्ठले शिवज्ञान प्राप्त गरे । श्रीकण्ठले देवीलाई, देवीले नन्दीशलाई, नन्दीशले ब्रह्मालाई, ब्रह्माले इन्द्रलाई उपदेश गरे, उनीबाट ऊर्वले, अनि ऋचीकले, उनीबाट रामले, रामबाट रुरुले शिवज्ञान प्राप्त गरे । यो शिवज्ञानको गुरुवंश हो ।[१५]

आगमको प्राचीनता - आगमको प्राचीनता शास्त्रीय र आधुनिक दुवै दृष्टिले सिद्ध गरिन्छ । शास्त्रीय दृष्टिले आगमोक्त शिवज्ञान स्रोत वेद नै हुन् । ऋक्, साम, यजु र अथर्व चारै वेद एवं उपनिषद्हरूमा आगममा बताइएका शिवज्ञानको मूल फेला पर्दछ । यसैले यो पूर्ण वैदिक ज्ञान हो । विभिन्न पुराण एवं महाभारतरूप इतिहासमा पनि यसको वर्णन पाइन्छ । श्रीकण्ठ शिवले दुर्वासालाई उनले त्र्यम्बकादित्यलाई, उनले त्र्यम्बकलाई, उनले आफ्ना चौध मानसपुत्रलाई उपदेश गरे, त्यसपछि अनेकौं ऋषि, मुनि, दार्शनिकहरूमा अवतरित हुँदै यो ज्ञान आजसम्म आइपुगेकोछ ।

अजितागमको मतमा आगमको उद्भव - [१६]आगमको उद्भवका विषयमा अजितागमको भनाइ छ – सृष्टिका आदिमा निष्कल परम शिवबाट नाद उत्पन्न भयो । त्यसबाट सम्पूर्ण मातृकाको मूल – प्रणव र त्यसपछि मातृका अक्षरहरूको शब्दराशिको उत्पादन भएर अनि आगम आदि ग्रन्थराशिको जन्म भयो । अक्षर मातृकाको अवयव पचास अक्षरहरू नौ वर्गमा विभक्त छन् – (१) अ–अः (१६), (२–६) क–म (५×५=२५), (७) य–व (४), (८) श-ह (४), (९) ह–ह र क्ष (१) गरी जम्मा ५० अक्षर। यी ५० अक्षरबाट ज्ञानबोधक ग्रन्थराशिको आविर्भाव भयो ।

आगमहरूमा दुई प्रकारका ब्रह्महरूको निरूपण - आगम ग्रन्थहरूमा दुई ब्रह्मको प्रतिपादन गरिएको पाइन्छ – परब्रह्म र शब्दब्रह्म । कार्यकारणरहित निष्कल परमशिव, परशिव र तिनैको अधिकार अवस्थामा उनैको सदाशिवस्वरूप

१५. *रौरवागम ।*

१६. *अजितागमको भूमिका ।*

नै शब्दब्रह्म । परमशिवले नै सृष्टि गर्ने इच्छाले अधिकार अवस्थामा[१७] पञ्च मन्त्रात्मक शिवदेहबाट अभिव्यक्त सदाशिवको रूप लिन्छन् । त्यसपछि महेश्वर, रुद्र, विष्णु, ब्रह्मा आदि कारणेश्वरहरूलाई र अनन्त आदि विश्वेश्वरहरूलाई उत्पन्न गर्दछन् । यिनीहरूका साथ संसारको सृष्टि गर्न उद्यत भएर सद्योजात, वामदेव, अघोर, तत्पुरुष र ईशान यी पाँच मुख धारण गरी यिनै पाँच मुखहरूबाट पश्चिम, उत्तर, दक्षिण, पूर्व र ऊर्ध्व (माथि) यी पाँच स्रोतरूप, वेद आगमादि ग्रन्थराशि रूप, ज्ञानदीपको आविर्भाव हुन्छ र जगत्को अज्ञानरूप अन्धकारको विनाश हुन्छ ।

आगमका पाद

[१८]आगमहरूका प्रायः चार पाद हुन्छन् - **ज्ञान, योग, क्रिया र चर्यापाद**।

१. **विद्यापाद** - पति लक्षणपरीक्षा, पञ्चकृत्य, पाशलक्षण, मायालक्षण, प्रत्यय, अध्व, परमोक्षनिरास, पतिस्वरूपनिरूपण, पशुलक्षण, कर्मविचार, कला आदि कार्य र इन्द्रियादिको विचार पाइन्छ ।

२. **योगपाद** - ज्ञानक्रियाको क्रम जान्ने साधकले पनि समाधिको अभ्यास नहुँदा आत्माको ज्ञान नहुने हुँदा यसका निमित्त प्राणायाम आदि अङ्ग सहित योगको अनुष्ठान गर्नुपर्दछ - यसैको निरूपण पाइन्छ ।

३. **क्रियापाद** - मन्त्रोद्धार, अर्चा, मुद्रा, अधिवास, स्नान, साध्यपूजा, अग्निकार्य र दीक्षाविधिको प्रतिपादन गरिएको हुन्छ ।

४. **चर्यापाद** - शैवहरूको सामान्यआचार, शैवहरूका भेद र उपभेद, व्रतविशेष, भिक्षाचरण, भोजनविधि, साधक पुत्रहरूको आचारविधि, प्रायश्चित्त, पवित्रविधि आदिको उपपादन गरिएको छ ।[१९]

---

१७. *सद्योजातं प्रपद्यामि ....., वामदेवो ...., तत्पुरुषाय ......, अघोरेभ्यो ......, ईशानः सर्वदेवानां .... यी पाँच मन्त्रहरूको समष्टि नै शिवको शरीर हो, भौतिक शरीर होइन ।*

१८. *मृगेन्द्रागमको उपोद्घात ।*

[20]शैवागमद्वारा प्रतिपाद्य दर्शन

शैव आगमहरूमा तीनवटा प्रमेय स्वीकृत छन् – १. पति, २. पशु र ३. पाश । अद्यापि आगमहरूमा स्वायम्भुव सात, पौष्कर र मतङ्गमा छ, श्री मत्पराख्यमा पाँच पदार्थको निरूपण पाइन्छ तापनि पति र पशु पदार्थदेखि बाहेक सबै पाशपदार्थ भित्र पर्न सक्ने हुँदा तीनै वटामात्र पदार्थ वास्तविक मानिन्छन् । यीमध्ये पहिलो पदार्थ पति हो ।

१. पति

[21]गुणत्रयातीत (सत्त्व, रज र तमो गुणभन्दा टाढा) ब्रह्मा, विष्णु, रुद्ररूप त्रिमूर्तिका पनि कारण स्थूल, सूक्ष्म र शून्य तीनै रूप नभएका चित् (ज्ञानस्वरूप) र आनन्द (परमसुख) स्वरूप पति हुन् । नाम र रूप नभएतापनि व्यापक भएकाले ब्रह्मा, रक्षा गर्ने भएकाले विष्णु र संहार गर्ने भएकाले रुद्र यिनैका नाम हुन् । नाम र रूप वास्तविक होइनन् मायाले गर्दा भएका हुन् ।

पति – अनन्त भएकाले अप्रमेय, नदेखिने हुनाले अलक्ष्य, अर्को कुनै वस्तु त्यस्तै नहुनाले अनौपम्य, विमल हुनाले अनामय, त्यस्तै सूक्ष्म, व्यापक, नित्य, ध्रुव, अगम हुन् । पतिको तटस्थ लक्षण हो - पञ्चकृत्यकारित्व, अर्थात् सृष्टि, स्थिति, संहार, तिरोधान र अनुग्रह, यी पाँच कृत्य पतिका कार्य हुन् । यसैले यिनका कर्ता पति।

[22]घडा देख्दा यसलाई बनाउने कर्ता कुमालेको अनुमान भएजस्तै यस विश्वका ज्ञाता कर्ता पनि कोही छ भन्ने अनुमान हुन्छ । त्यही कर्ता

---

१९. *यी मृगेन्द्र आगमका प्रतिपादित विषय हुन् तापनि अन्य आगममा पनि खास फरक पाइँदैन ।*

२०. *शैवपरिभाषा, शिवाग्रयोगीन्द्र ज्ञान शिवाचार्य ।*

२१. *पराख्य तन्त्र, सूतसंहिता, स्वायम्भुव, देवीकालेश्वर, अचिन्त्यागम, मृगेन्द्र आदि ग्रन्थका शैवपरिभाषामा उद्धृत उद्धरणहरू । परिच्छेद – २ ।*

२२. *पौष्कर, मृगेन्द्र ।*

अचेतन माया आदिका प्रवर्तक भएकाले पनि भनिन्छ । यही कर्ता अवस्था भेदले गर्दा शक्त, उयुक्त र प्रवृत्त भनिन्छ । सम्पूर्ण कार्य उपादानमा लीन हुँदा जननशक्ति सम्पन्न भएकोले शक्त कार्य उत्पादनमा अभिमुख हुँदा उद्युक्त र प्रवृत्त हुँदा प्रवृत्त हुन्छ । यही योटै कर्ता नौ प्रकारको देखिन्छ - १-४ शिव,शक्ति, नाद र बिन्दु - **निष्कल**, ५- सदाशिव- **सकल-निष्कल**, ६-९ महेश्वर, रुद्र, विष्णु र ब्रह्मा - **सकल** । यसमा दुई शक्तिका भेद र सात शिवका भेद हुन् ।

शक्तिभेद - यौटै शक्ति पनि अवस्था भेदले गर्दा बिन्दु, शक्ति, मनोन्मनी, माहेश्वरी, उमा, लक्ष्मी र वाणी – यी सात प्रकारका मानिन्छन्।

शिवबाट विश्वको आविर्भाव - कर्ताको कर्तृत्व सङ्कल्पमय र कारणमय गरी दुई प्रकारको हुन्छ । शिवको सङ्कल्पमात्रबाट बिन्दुमा क्षोभ हुन्छ । शिवको शरीर मन्त्रमय छ- पञ्चमन्त्रमय । यिनै पाँच मन्त्र सृष्टि, स्थिति, संहार, तिरोभाव र अनुग्रह पाँच कृत्यमा उपयोगी हुन्छन् । ईशान, तत्पुरुष, अघोर, वामदेव र सद्योजात यी पाँच शिवका शिर मानिन्छन् । शिव, सत्य, परम आनन्द, प्रकाशस्वरूप शिवबाटै यो चेतन र अचेतन विश्वको आविर्भाव भएको हो ।

२. पशु

[२३]चिद्रूप भएको नाताले पशु पतिभन्दा बेग्लै चाहिँ नभए तापनि देह र इन्द्रियादिदेखि भिन्न नित्य, ज्ञानस्वरूप, अनेक, व्यापक, अनादिकालदेखि मलले आवृत, अस्वतन्त्र कर्ता हो ।

शरीर आत्मा होइन । जुन हुनाले देहमा चेष्टा देखिन्छ, जुन नहुनाले देखिंदैन, त्यही सूक्ष्म चैतन्य आत्मा हो । त्यो शरीर चाहिँ अवश्यै पनि होइन । त्यसैगरी इन्द्रियहरू पनि आत्मा होइनन् । किनभने इन्द्रियले काम नगर्दा पनि स्वप्नमा ज्ञान हुन्छ ।

त्यसैगरी मन पनि आत्मा होइन, प्राणवायु पनि आत्मा होइन,

---

२३. *मृगेन्द्र ।*

ज्ञान सन्तति (धारण) पनि होइन । आत्मा त स्थायी छ, व्यापक छ। आत्मा प्रतिशरीर भिन्न भिन्न छ । त्यसैले यो यौटा छैन, अनेक छ। आत्मा निराकार छ ।

आत्माका तीन अवस्था छन् - केवलावस्था, सकलावस्था र शुद्धावस्था। जुनबेला स्थूल र सूक्ष्म देह, प्राण इन्द्रिय, अन्तःकरणहरू नहुँदा अभिव्यञ्जक नभएकाले आणवमलले सङ्कल्प, ज्ञान, क्रियाशक्तिहरूलाई आवृत गर्दछ त्यो अवस्था केवल अवस्था हो । जुन बेला सूक्ष्म देह अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय कोशहरूले अवच्छिन्न हुन्छ त्यो अवस्था सकलावस्था हो । जुन बेला कर्म साम्य हुन्छ, शक्तिपात भएपछि गुरुका कृपाले शिवानन्दको अभिव्यक्ति भएर तीन प्रकारका मलहरूको निवृत्ति हुन्छ, शिवको मात्र अभिव्यक्ति हुन्छ त्यो अवस्था शुद्धावस्था हो । आत्माका विविध अवस्थाहरूमध्ये निर्मल जाग्रत, निर्मल स्वप्न, निर्मल सुषुप्ति, निर्मल तुर्य र निर्मल तुर्यातीत अवस्था पनि छन् ।

पशु तीन प्रकारका छन् सकल, प्रलयाकल र विज्ञानाकल ।

३. पाश

शिवानन्दको अभिव्यक्तिको विरोधी पाश हो । पाश पाँच प्रकारको हुन्छ- आणव, तिरोधायक शक्ति, बिन्दु, माया र कर्म । तिरोधायक शक्ति चिद्रूप हुन्छ र अरू चार आणव, बिन्दु, माया र कर्म चाहिँ जड हुन्छन् । मल पनि सात प्रकारको हुन्छ - मोह, मद, राग, विषाद, ताप, शोष र वैचित्र्य । मल र आत्माको सम्बन्ध संयोग हो ।

आणव मलले आत्माका दृक्शक्ति र क्रियाशक्तिलाई अवरुद्ध गर्दछन् । आणव मलको अनुग्राहक शिवत्वको रोधक शक्ति भएको हुँदा यो पनि पाश मानिन्छ । शुद्ध शब्द र शुद्ध तत्त्वहरूको उपादान बिन्दु हो। यो जड छ, भगवान्को परिग्रहशक्ति भएकोले यसको नाम कुण्डलिनी

पनि हो । यहीं शिवको लयादि अवस्थाभेद हुन्छ, रुद्राणुहरूको प्रबोध र मुक्ति पनि हुन्छ ।

यसै बिन्दुबाट शिव, शक्ति, सदाशिव, ईश्वर शुद्ध विद्या - यी पाँच तत्त्वको आविर्भाव हुन्छ । ज्ञानमात्रले युक्त भएर परमात्मामा अधिष्ठित तत्त्व शिवतत्त्व हो। क्रियामात्रले युक्त भएर परमात्मामा अधिष्ठित तत्त्व शक्तितत्त्व हो । ज्ञान र क्रिया दुवैले युक्त भएको अधिष्ठिततत्त्व सदाशिव तत्त्व हो । अधिक क्रियाले युक्त भएको अधिष्ठित तत्त्व ईश्वरतत्त्व हो ।

अधिक ज्ञान युक्त भएको अधिष्ठित तत्त्व विद्यातत्त्व हो । जसले गर्दा विश्व प्राप्त हुन्छ त्यो माया हो । यो पनि कलादेखि पृथिवीसम्मका उपादान, जड भगवान्को परिग्रहशक्ति हो । यो यौटै छ, नित्य छ र व्यापक छ ।

कर्म तीन प्रकारको हुन्छ - मन, वाक् र काय । यिनै तीन कर्मका कार्य हुन् - आध्यात्मिक, आधिदैविक र आधिभौतिक सुख-दुःख । यी पाँच कर्महरू वैषयिक र दुःखसुखमा कारण भएकाले पाश मानिन्छन् ।

शिवशास्त्रमा वर्णित ३६ तत्त्व - शिवशास्त्रमा निम्नानुसारका ३६ तत्त्वहरूको वर्णन गरिएको छ - १. अणु, २. शक्ति, ३. बिन्दु, ४. माया, ५. कर्म, ६. कला, ७. कारण, ८. नियति, ९. विद्या, १०. राग, ११. पुरुष १२. प्रकृति, १३. चित्त, १४. बुद्धि, १५. अहंकार, १६. मन, १७-२१ शब्द, स्पर्श, रूप, रस, गन्ध तन्मात्राहरू, २२-२६ आकाश, वायु, तेज, जल र पृथ्वी पाँच महाभूतहरू, २७-३६ पाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रियहरू ।

यीमध्ये कलादेखि पृथिवीसम्मका ३१ तत्त्वहरूले प्राणीहरूको भोगायतन शरीर बन्दछ, पुर्यष्टक नामक सूक्ष्म शरीर बन्दछ । वास्तवमा कार्यभित्रै यी ३१ तत्त्व पनि पर्ने हुनाले माथि बताइएका पाँच वटा पाश मानिन्छन् ।

मुक्ति - यिनै पाँच पाशहरूको संस्पर्श नभएमा आत्माको शिवसँग एकता स्थापित हुन्छ र शिवानन्दको अभिव्यक्त हुन्छ । यही मुक्ति हो । ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, सवर्णादि अनुलोम जाति पनि जब कर्म साम्य हुन्छ र मलपरिपाक

हुन्छ त्यसबेला त्यसमा परमेश्वरको शक्तिपात हुन्छ । त्यसबेला राम्रा कुरा जान्ने श्रद्धा पैदा हुन्छ । विषयहरूबाट वैराग्य उदय हुन्छ । अनि ऊ गुरु कुल जान्छ। त्यहाँ सद्गुरुबाट समय दीक्षा पाएर समयधर्महरूको परिपालनबाट शिवको आराधना गर्दछ । उनका कृपाले उसलाई ज्ञान प्राप्त हुन्छ । अनि चाँडै नै शिवसायुज्यमा ऊ प्राप्त हुन्छ ।

'म आत्मा हुँ, शिव अर्कै हो जसलाई परमात्मा भनिन्छ' यसरी मोहवश चिन्तन गर्ने व्यक्तिले शिवत्व कहिल्यै प्राप्त गर्न सक्तैन । यसकारण शिव र आफूमा पार्थक्यको भाव छोडेर शिव र म यौटै हुँ भन्ने भावना गर्ने व्यक्तिलाई नै ज्ञान प्राप्त हुन्छ त्यसको अज्ञान निवृत्त भएर स्वयं शिव हुन पुग्दछ ।

आगमको आविर्भाव - रहस्य

आगम शब्दको अर्थ

[१]भगवान् परम शिवका मुखारविन्दबाट निस्केको [भगवान् शिवले आफ्ना (क) सद्योजात (ख) वामदेव (ग) अघोर (घ) तत्पुरुष र (ङ) ईशान यी पाँच मुखबाट उपदेश गर्नुभएको, अथवा (च) कालाग्निरुद्रसमेत छ मुखबाट उपदेश गर्नुभएको भगवती पार्वतीले शिष्यभावमा रहनुभएर प्राप्त गर्नुभएको - सिक्नु वा सुन्नुभएको, वासुदेव-श्रीविष्णुले पनि मान्नुभएको] शास्त्र नै आगम हो ।

[२]महेश्वर भगवान्बाट प्राप्त भएर गुरुपरम्परा हुँदै आएको शास्त्र नै आगम हो भन्ने कुरा **पञ्चार्थी भाष्य**मा पनि स्पष्टसँग प्रतिपादन गरिएको छ ।

[३]**आसमन्ताद् गम्-आगच्छति - शिवमुखान्निर्गच्छति'** अर्थात् शिवका मुखबाट निस्केको शास्त्र आगम हो भन्ने कुरा शिवसिद्धान्तशास्त्रको पनि निष्कर्ष हो।

आगमशब्दमा रहेका अक्षरहरू मध्ये **आ-** अक्षरले पाश वा पाशो, **ग-** ले पशु र **म**-ले पति अर्थात् पाश, पशु र पति यी तीन तात्त्विक पदार्थहरूको प्रतिपादन गर्ने शास्त्र नै आगम हो, अथवा **आ-** बाट शिवविज्ञान, **ग-** बाट मोक्ष र **म-** बाट पति बुझिने हुँदा शिवविज्ञानको साङ्गोपाङ्ग चर्चा, मोक्ष साधनाको उपाय र पति-स्वरूपको विमर्श वा विचार आगम शास्त्रमा पाइन्छ ।

यी माथिका आगमशब्दका परिभाषाहरूबाट भगवान् शिवसम्बन्धी ज्ञान, मोक्ष र ईश्वर (परमेश्वर, पति) सम्बन्धी विचार आदि प्रतिपादन गरिएको शास्त्र

---

१. *परिशिष्ट अ.२/१ ।*

२. *पञ्चार्थीभाष्यसहित पाशुपतसूत्र, पृ. ७ ।*

३. *शैवसिद्धान्त, Theory of knowledge, Annanmalai University, 1950, पृष्ठ ७ ।*

आगम स्वयं भगवान् शिव भनौं वा भगवान् पशुपतिकै मुखारविन्दबाट सर्वप्रथम उपदिष्ट भएर गुरुपरम्पराबाट प्राप्त हुँदै जनसामान्यसामु आएको कुरा स्पष्ट हुन्छ।

फेरि आगममा **पति, पशु** र **पाश** यी तीन पदार्थको साङ्गोपाङ्ग विश्लेषण गरिएको र यिनको ज्ञानबाट **पति**का कृपाले **पशु**-अज्ञानी पुरुषहरू **पाश**-अज्ञानको पाशोबाट मुक्त हुने हुँदा आगमलाई नै पाशुपतशास्त्र, पाशुपतसिद्धान्त वा शैव ज्ञान भनिएको हो ।

आगमशब्द जस्तै तन्त्र शब्दको पनि व्युत्पत्तिलभ्य परिभाषाबाट ज्ञात हुने शास्त्र पनि शिवकै अथवा भगवान् पशुपतिकै मुखारविन्दबाट प्राप्त भएकाले शिवशास्त्र वा पाशुपतशास्त्र नै हो । तर आगम र तन्त्रमा विशेष फरक के छ भने आगम शिव र शिवसम्बद्ध भएर शक्ति तत्त्वको पनि ज्ञान र अर्चालाई लिएर बढ्छ भने तन्त्रमा शिव, शक्तिका साथै विष्णु, सूर्य, गणेश आदि अन्य देव-देवताको ज्ञान-अर्चा वा सृष्टि प्रक्रियादेखि मोक्षसम्मका कुराहरू र आचार-विचार आदिको पनि विचार पाइन्छ । जे होस् - आगम र तन्त्र दुवै भगवान् शिव (पशुपति) ले पार्वतीलाई उपदेश गर्नु भएका शास्त्र भएकाले शिवशास्त्र नै हुन् ।

आगमको उद्भव र विकास

[४]दिव्य, अपौरुषेय र सूक्ष्म ज्ञान वागात्मक (वाक् स्वरूप) भएर पनि इन्द्रियहरूले जान्न नसकिने कुरो हो । तैपनि मन्त्रद्रष्टा ऋषिहरू सबै कुराहरू स्वयं आफ्नै आँखाले देखेझैं थाहा पाउने हुनाले यस्तो सूक्ष्म वाक्लाई पनि देख्न सक्ने हुन्छन् । तर जो इन्द्रियका मात्र भरमा पर्ने हुन्छन्, उनीहरूले सूक्ष्म वाक्स्वरूप ज्ञानलाई थाहा पाउन नसक्ने हुँदा ऋषिहरूले इन्द्रियद्वारा थाहा पाउन सक्ने गरी शब्दात्मक वेद-वेदाङ्ग आदि शास्त्रका रूपमा यसैलाई प्रकट गर्दछन् ।

[५]शिवमा समवेत शक्ति दुई प्रकारको मानिएको छ (क) ज्ञानात्मक र (ख) क्रियात्मक । पहिलो ज्ञानात्मक शक्ति पनि दुईवटा छन् - परा र अपरा । पर-ज्ञान बोधात्मक छ भने अपर चाहिं वागात्मक । बोधात्मक परज्ञान वागात्मक

४. *परि. ४ ।*

५. *तान्त्रिक वाङ्मय में शाक्तदृष्टि, गोपीनाथ कविराज, पृ. ४४ ।*

भएर अर्थ प्रकाशित गर्न समर्थ हुन्छ । संसारको सृष्टिको उन्मेष हुने बेला परमेश्वरले पर र अपर मुक्तिको सम्पादनका लागि ज्ञानलाई प्रकट गर्दछन् । यसै बोधात्मक ज्ञानको पाँच स्रोत हुन्छन् - पूर्व, पश्चिम, दक्षिण, उत्तर र ऊर्ध्व । सम्पूर्ण ज्ञानराशिका परम कारण वा स्रोत शिव नै हुन् । [६]परमात्मा शिवले नै मन्त्रसिंहासनमा रहेर आफ्ना पाँच मुखबाट विविध शास्त्रको उपदेश गरी अनुग्रह गरे । उनी आफैले गुरु-शिष्य पदमा रहेर सदाशिवको भूमिकामा सम्पूर्ण वाक्यहरूको ज्ञान ईश्वरलाई प्रदान गरेका हुन् ।

[७]परा वाक्‌मा नै सम्पूर्ण भावहरू निर्भर छन् । यही सम्पूर्ण शास्त्रहरूको मूल हो । एउटा सानो बीजमा विशालवृक्ष लुकेर रहेझैं यसैमा समस्त शास्त्रहरू अनुस्यूत छन् । यो परा वाक् सूक्ष्म छ, इन्द्रियहरूले थाहा पाइनसक्नु छ, पूर्ण स्वभावको छ । यही वाणीको परा अवस्था हो ।

विश्वसृष्टिको उन्मेष हुँदा त्यहाँबाट केवल 'म' भन्ने भित्री विमर्शको उदय हुन्छ । त्यहाँ वाच्य र वाचकको भेद कत्ति पनि छुट्टिंदैन । यसलाई 'भ' भन्ने अहन्ताले छोपेको हुन्छ । यही अवस्था पश्यन्तीको हो ।

त्यसपछि मध्यमा भूमिमा वाच्य-वाचकभावको स्फुरण भित्रभित्रै हुनजान्छ। अनि परमेश्वर स्वयं एउटै अद्वितीय भए पनि आफ्नै स्वतन्त्र इच्छाअनुरूप गुरु र शिष्यको भावमा दुईवटा भइदिएर अन्तर्ज्ञानको आविष्कार गर्दछन् । वास्तवमा गुरु र शिष्य दुई तत्त्व नभएर एउटै तत्त्व हुन् । यिनीहरूमा पृथक्‌ता छँदै छैन ।

यही ज्ञानको वाच्य-वाचक रूपमा विश्वमा प्रस्फुटन हुन्छ । यसैलाई वैखरी अवस्था भनिन्छ । यसरी परा, पश्यन्ती, मध्यमा र वैखरी यी ज्ञानका प्रस्फुरण वा प्रस्फुटनका चार अवस्थाविशेष हुन् ।

अवस्थाविशेष

[८]परमेश्वर शिवका १- चित्, २- आनन्द, ३- इच्छा, ४- ज्ञान र ५-

६. *परि. - ५ ।*

७. *तान्त्रिक वाङ्मय में शाक्तदृष्टि, गोपीनाथ कविराज, पूर्ववत् ।*

८. *पूर्ववत्, परि. ७ ।*

क्रिया यी पाँच शक्तिहरूका मन्त्रमय स्वरूप शिवका- १- ईशान २- तत्पुरुष ३- सद्योजात ४- वामदेव र ५- अघोर यी पाँच मुखहरू हुन् । यिनमा पनि प्रत्येकका दुई अवस्था छन्- (क) उद्भूत हुन चाहने उद्बुभूषु अवस्था र (ख) उद्भूत भैसकेको अवस्था । यिनैबाट परमेश्वर स्वयं एउटैमात्र भए पनि उनका शक्तिहरूका भिन्नताले भेदप्रधान, अभेदप्रधान र भेदाभेदप्रधान आगमहरूको समुदय हुनगएको हो।

भेदप्रधान आगमहरूको संख्या दश छ । यी द्वैत आगम भनिन्छन् । यिंनको नाम शैवागम पनि हो । भेदाभेदप्रधान अर्थात् द्वैताद्वैतप्रधान आगम अठारवटा छन् । यिनलाई रुद्रागम भन्दछन् । यिनीहरूको आविर्भाव पनि शिवकै पाँच मुखारबिन्दबाट भएको हो । एउटामात्र, दुइ, तीन र चारवटा मुखसम्म मिलेर पनि यिनीहरूको आविर्भाव भएको देखिन्छ । यसैगरी शिवकै मुखारबिन्दबाट चौसठ्ठी तन्त्रको पनि समुदय भएको छ । यी तन्त्रपद अभेदप्रधान अर्थात् अद्वैतप्रधान छन् । परमेश्वरको दक्षिणपट्टिका अघोरवक्त्रमा अरू चारैवटा मुखहरू अन्तर्लीन हुँदा उनको भैरव अवस्था हुन्छ । यिनैबाट यी तन्त्रहरूको आविर्भाव हुन्छ । यी आगमहरू हुन् -

दशवटा शैव आगमहरू (द्वैत)[९] - (१) कामिक (२) योगज (३) चिन्त्य (४) मुकुट (५) अंशुमत् (६) दीप्त (७) अजित (८) सूक्ष्म (९) सहस्र (१०) सुप्रभेद । यी दशवटा शैव आगमहरू दश शिवस्वरूप (दशवटा शिवहरूबाट) अवतरित भएका द्वैत आगमका नामले प्रसिद्ध छन् ।

शिवका दशस्वरूप (दशवटा शिव) - प्रणव, सुधाशिव, दीप्त, कारण, सुशिव, ईश्वर, सूक्ष्म, काल, गणेश, अंशु हुन् ।

[१०]अठार रौद्रागम (द्वैत+अद्वैत) - १) विजय (२) निःश्वास, (३) मद्गीत

९. *नेपालमा प्राप्त प्राचीन किरणतन्त्रअनुसार भगवान् शिवले स्वयं एउटै मात्र भए तापनि दशवटा भएर शैव आगममा अवतरण गरेका हुन्, तिनका नाम त्रिकालोद्धार, भस्म प्रभु, गोपति, प्रजापति, हुताशन, प्रभञ्जन, काल, शशी र रवि । The Catalogue of Palm Leaves and Olli Selected tapers . Vol. II श्री हरिप्रसाद शास्त्री ।*

१०. *परि. ७, ८ ।*

(४) पारमेश्वर (५) मुखबिम्ब (६) सिद्ध, (७) सन्तान, (८) नारसिंह (९) चन्द्रांशु (१०) वीरभद्र (११) आग्नेय (१२) स्वयम्भुव (१३) विसर (१४) रौरव (१५) विमल (१६) किरण (१७) ललित (१८) सौरभेय ।

यी अठार रौद्रागम रुद्रका अठारवटा स्वरूप (अठार रुद्र)बाट आविर्भाव भएका हुँदा रौद्रागमका नामले प्रसिद्ध छन्। यी ऊर्ध्व स्रोतका आगम हुन् ।

[११]चौसठ्ठी तन्त्रहरू (अद्वैत) - चौसठ्ठी तन्त्रहरू परमेश्वर शिवका दक्षिणतर्फका हार्दलिङ्ग परम हृदयभागबाट प्रकट भएका हुन् ।यो हार्दलिङ्ग सर्वसंहारक भएकाले अन्धकारको रूप कृष्ण-कालो वर्णको छ । यो अद्वय स्वभावको हुन्छ । यसका चार अवस्था छन् - उद्‌बुभूषु, उद्‌भूत, तिरोधित्सा र तिरोहित । यसै लिङ्गमा चारवटै अरू तत्पुरुष- वामदेव, सद्योजात र ईशान वक्त्रहरू अन्तर्लीन भए पछि यसैको चौसठ्ठी भैरवावस्था हुनजान्छन् । यिनै चौसठ्ठी भैरवहरूबाट चौसठ्ठीवटा तन्त्रको आविर्भाव हुन्छ ।

यसमा आठ-आठका समूहका आठवटा वर्ग हुन्छन्- ८×८ = ६४ । यिनलाई सदाशिव चक्र भन्दछन् । यी आठवर्ग हुन्- १) भैरवाष्टक २) यामलाष्टक ३) मताष्टक ४) मङ्गलाष्टक ५) चक्राष्टक ६) शिवाष्टक ७) बहुरूपाष्टक र ८) वागीशाष्टक। यी आठ वर्गमध्ये प्रत्येकवर्गमा आठ-आठवटा तन्त्रहरू पर्दछन् ।

(क)[१२] **भैरवाष्टक** (आठ भैरवहरू) - १) स्वच्छन्द (२) चण्ड (३) क्रोध (४) उन्मत्त ५) असिताङ्ग ६) महोच्छूष्म (७) कंकालीश (८) भैरव।

(ख) **यामलाष्टक** (आठ यामलहरू) - (१) ब्रह्म (२) विष्णु (३) रुद्र (४) आथर्वण (५) रुरु (६) बेताल (७) स्वच्छन्द (८) देवी ।

---

११. *परिशिष्ट ।*

१२. *आठ भैरवमध्ये असिताङ्ग, रुरु, चण्ड, क्रोध, उन्मत्त, कपाली, भीषण र संहार भैरवबाटै यी तन्त्रहरूको अविर्भाव भएको भन्ने पनि अर्को मत छ। ब्रह्मयामलमा- स्वच्छन्द, क्रोध, उन्मत्त, उग्र, कपाली, झङ्कार, शेखर र विजयलाई अष्टभैरव मानिएको छ भने स्वच्छन्द तन्त्रमा - कपालीश, शिखिवाहन, क्रोधराज, विकराल, मन्मथ, मेघनादेश्वर, सोमराज र विद्याराजलाई अष्टभैरव मानिएको छ ।*

अथवा

(१) रुद्र (२) कन्द वा स्कन्द (३) ब्रह्म (४) विष्णु (५) यम (६) वायु (७) कुवेर (८) यामल

(ग) **मताष्टक** (आठ मतहरू) - (१) रक्त (२) लम्पट (३) रश्मिमत (४) चालिका (५) पिङ्गला (६) उत्फुल्ल (७) विश्वाद्य र (८) मत ।

(घ) **मङ्गलाष्टक** (आठ मङ्गलहरू) - (१) भैरवी (२) पिचु (३) समुद्भव (४) ब्राह्मी (५) विजया (६) चन्द्रा (७) मङ्गला (८) सर्वमङ्गला ।

(ङ) **चक्राष्टक** (आठ चक्रहरू) - (१) मन्त्र (२) वर्ण (३) शक्ति (४) कला (५) बिन्दु (६) नाद (७) गुह्य (८) रव।

(च) **शिखाष्टक** (आठ शिखाहरू) - (१) भैरवी (२) वीणा (३) वीणामणि (४) सम्मोह (५) डामर (६) अथर्वक (७) कबन्धक (८) शिरश्छेद।

(छ) **बहुरूपाष्टक** (आठ बहुरूपहरू) - (१) अन्धक (२) रुरु (३) अजाख्य (४) मूल (५) वर्णकण्ठ (६) विडङ्ग (७) ज्वालित (८) मातृरोदन ।

(ज)[१३] **वागीशाष्टक** (आठ वागीशहरू) - (१) भैरवी (२) चित्रिका (३) हंसा (४) कदम्बिका (५) हृल्लेखा (६) चन्द्रलेखा (७) विद्युल्लेखा (८) विद्युन्मान।

यी आगम (तन्त्रहरू) को संख्या असीमित छ, भनिसक्नु छैन । शास्त्रहरूमा स्पष्टताका साथ उल्लेख भएका आगम वा तन्त्रहरूको सम्भव भएसम्म वर्गीकरण गरी शास्त्रकारले यी संख्या निकालेका हुन् । तात्त्विक कुरो त के हो भने जति पनि आगम (तन्त्र) हरू संसारका गुरुपरम्पराबाट प्राप्त भएका छन्, ती सबै परमेश्वर शिवकै विभिन्न स्वरूपबाट उपदिष्ट भएर लोकमा आएका हुन् । त्यसैले यी सबै शिवशास्त्र नै हुन् । परमेश्वरको एउटै वक्त्र(मुख) पनि पाँच मुखस्वरूप छ । एउटै मुखबाट एक, दुई, तीन, चार वा पाँच मुख कुनै कुनैसँग मिलेर वा नमिलीकन, विभिन्न अवस्थाहरूमा शास्त्रहरूको आविर्भाव शिवबाटै भएका छन् । शिवकी विमर्शरूपिणी शक्ति नै नाना किसिमका भावार्थका रूपमा प्रकट

---

१३. *तान्त्रिक वाङ्मय में शाक्तदृष्टि, गोपीनाथ कविराज, तान्त्रिकसाहित्य की भूमिका - कविराज ।*

भएर परा, पश्यन्ती, मध्यमा र वैखरीका क्रमले आविर्भूत हुन्छिन् ।

[१४]शिवमा केवल बोधरूपले रहेको ज्ञान अत्यन्त सूक्ष्म परनाद भनिन्छ । त्यसैमा सम्पूर्ण शब्दहरू अव्यक्तरूपमा परिनिष्ठित रहन्छन् । यसै परनादको अभिव्यक्ति स्फोट हो । यो अभिव्यक्ति शिवतत्त्वबाट शक्तितत्त्वको आविर्भाव हुने बेला सँगसँगै हुन्छ । एउटा मुजुरको अण्डरसमा सम्पूर्ण रङ्गहरूको कारणतत्त्व विद्यमान रहेझैं स्फोट सर्वशब्दात्मक हुन्छ । पहिले यो सूक्ष्म हुन्छ र शक्तितत्त्वबाट सादाख्य तत्त्व (सदाशिवतत्त्व) को आविर्भाव हुने बेला स्थूलरूपमा अभिव्यक्त भएर सर्वसाधारणका अनुभवमा आउँदछ । यही अवस्था अपरनादावस्था हो ।

शिवतत्त्वबाट स्फोटले आलिङ्गित शक्तितत्त्व आविर्भूत हुन्छ, यही परबिन्दु हो । यसबाट आविर्भूत वर्णसमूह चाहि अक्षरबिन्दु अर्थात् अपरबिन्दु हो ।

अपरबिन्दुबाट ईश्वरतत्त्वमा आश्रित सूक्ष्मवर्ण र शुद्धविद्यातत्त्वमा आश्रित स्थूलवर्णको आविर्भाव हुन्छ ।

यसरी शक्तितत्त्वमा आश्रित शब्द परा वाक्, सदाशिवतत्त्वमा आश्रित-पश्यन्ती वाक्, ईश्वरतत्त्वमा आश्रित मध्यमा वाक् र शुद्धविद्यातत्त्वका आश्रित चाहिँ वैखरी वाक् भएर अर्थवाचक हुन्छन् ।

यो पनि एउटा शिवतत्त्वबाट आगम(तन्त्रहरू)को आविर्भावको एउटा शास्त्रसम्मत प्रक्रिया हो ।

शिवतत्त्वका कार्यभूत पाँच स्वरूप (१) शिवसादाख्य (२) अमूर्तसादाख्य (३) मूर्तसादाख्य (४) कर्तृसादाख्य (५) कर्मसादाख्य नै पराशिवका सद्योजात, वामदेव, अघोर, तत्पुरुष र ईशान मूर्तिहरू हुन् । यिनैबाट उपर्युक्त शैव, रौद्र र तन्त्रहरूको आविर्भाव भयो ।

[१५]परमशिव सदाशिवरूपका पाँच मुखारबिन्दबाट अठ्ठाइस आगमको आविर्भाव भएको अर्को प्रक्रिया शास्त्रहरूमा पाइन्छ-

क) **सद्योजातबाट** - कामिक, योगज, चिन्त्य, कारण र अजित ।

---

१४. *सारस्वती सुषमा - तन्त्रावतार - N. R. Bhatta (परि. ११) ।*

१५. *सारस्वती सुषमा - तन्त्रावतार - N. R. Bhatta उद्धृत (परि. १२) ।*

ख) वामदेवबाट- दीप्त, सूक्ष्म, सहस्त्र, अंशुमत् र सुप्रभेद ।
ग) अघोरबाट - विजय, निःश्वास, स्वायम्भुव, अनल र वीर ।
घ) तत्पुरुषबाट- रौरव, मुकुट, विमल, चन्द्रज्ञान र बिम्ब ।
ङ) ईशानबाट - प्रोद्गीत, ललित, सिद्ध, सन्तान, सर्वोत्तर, पारमेश्वर, किरण र वातुल ।

यिनीहरूका अतिरिक्त पनि बौद्धतन्त्रहरू छन् । चीनाचार, महाचीनाचार सिद्धान्तसँग सम्बद्ध तन्त्रहरू पनि परमशिवकै मुखारबिन्दबाट उपदिष्ट भएका हुन् । ती तन्त्रहरू भने शिवका पातालवक्त्र कालाग्निरुद्रबाट आविर्भाव भएका हुन् ।

वस्तुतः यी तन्त्रका जति पनि भेद–उपभेद देखिन्छन्, यी तात्त्विक होइनन्, अपितु औपचारिक हुन् । शिवधामप्राप्ति फल दिने परतत्त्वको प्रतिपादक हुन् । जे भए पनि यी सबै आगमहरू शिवबाटै प्रादुर्भूत भएका शिवशास्त्र हुन् ।

परिशिष्ट

१. आगतं शिववक्त्रेभ्यो गतं च गिरिजामुखम् ।
मतं च वासुदेवस्य तस्मादागम उच्यते ।। (सर्वोल्लासतन्त्र १५/८/२)
गुरुशिष्यपदे स्थित्वा स्वयं देवः सदाशिवः ।
प्रश्नोत्तरपरैर्वाक्यैस्तन्त्रं समवतारयत् ।। (महास्वच्छन्दतन्त्र)

४. यो सूक्ष्मां नित्यामतीन्द्रियां वाचम् ऋषयः साक्षात्कृतधर्माणो मन्त्रदृशः पश्यन्ति, तामसाक्षात्कृतधर्मेभ्यः परेभ्यः प्रतिवेदयिष्यमाणा विमलं समामनन्ति। (तान्त्रिक वाङ्मय में शाक्तदृष्टि, गोपीनाथ कविराज, पृ. ४३)

५. अदृष्टविग्रहायातं शिवात्परमकारणात् ।
ध्वनिरूपं सुसूक्ष्मं तु सुशुद्धं सुप्रभान्वितम् ।।
तदेवापररूपेण शिवेन परमात्मना ।
मन्त्रसिंहासनस्थेन पञ्चवक्त्रमहात्मना ।।
पुरुषार्थं विचार्याशु साधनानि पृथक् पृथक् ।
लौकिकादिशिवान्तानि परापरविभूतये ।।
तदनुग्रहयोग्यानां स्वे स्वे विषयगोचरे । (स्वच्छन्दतन्त्र, ८/२७-३०)

७. ईशतत्पुरुषाज्जातैरुद्भूतैरुद्बुभूषुभिः ।
एककैः षड्भिरेकेन त्रिकेण द्व्यात्मकैस्त्रिभिः ।।
तदित्थं शिवभेदानां दशानामभवत् स्थितिः ।। (तन्त्रालोकविवेक, उद्. पृ.३७)

८. विजयं चैव निःश्वासं मद्गीतं पारमेश्वरम् ।
मुखबिम्बं च सिद्धं च सन्तानं नारसिंहकम् ।।
चन्द्रांशुं वीरभद्रं च आग्नेयं च स्वयम्भुवम् ।
विसरं रौरवा पञ्च विमलं किरणं तथा ।।
ललितं सौरभेयञ्च तन्त्राण्याहुर्महेश्वरि ।
अष्टाविंशतिरित्येवमूर्ध्वस्त्रोतो विनिर्गता ।।
(तन्त्रालोकविवेकमा जयरथद्वारा उदधृत, पृ. ४०)

९. यच्चान्ते दक्षिणं हार्दं लिङ्गं हृत्परमं मतम् ।
तदप्यन्तः कृताशेषस्य(सृ)ष्टभावानुनिर्भरम् ।।
सर्वसंहारकत्वाच्च कृष्णं तिमिररूपधृक् ।
भेदभावकमायीय तेजोंशग्रसनात्मकम् ।।
तत्रान्तर्लयितां यान्ति यावद्वक्त्रचतुष्टयम् ।
उद्बुभूषु तथोद्भूतं तिरोधित्सु तिरोहितम् ।।
इत्थं युगपदेवैतद् भेदषोडशात्मकम् ।
दक्षे वैसर्गिके हार्दे स्वतन्त्रेऽथ शिवे विशत् ।।
अष्टाष्टकात्मतच्छास्त्रं युगपद्भैरवाभिधम् । (तन्त्रालोकविवेक, पृ. ४१)

११. स महामायाजन्यो नादः परमार्थवाचको भवति ।
येन स्थूलं शब्दं मन्त्रं तन्त्रात्मकं भवेद् वाऽपि ।। (मृगेन्द्रतन्त्र)

१२. कामिकाद्यजितान्ताश्च सद्योजातमुखोद्भवाः ।
दीप्तादिसुप्रभेदान्ता वामदेवमुखोद्भवाः ।।
विजयाद्याश्च वीरान्ताः पञ्चैतेऽघोरवक्त्रजाः ।
रौरवाद्यास्तु बिम्बान्ताः पुरुषस्याननोद्भवाः ।।
प्रोद्गीताद्यष्टतन्त्रास्तु चेशानाननसम्भवाः ।।
(सारस्वतीसुषमाको तन्त्रावतारलेखबाट - उद्धृत)

आगम र तन्त्रको रहस्य

प्रश्न - हाम्रो देश नेपालमा तन्त्रको राम्रो विकास भएको देखिन्छ । साधकहरू तान्त्रिक साधनामा लागेका पनि देखिन्छन् । वास्तवमा भनौं भने यसको यौटा छुट्टै परम्परा नै विकसित भएको छ । यसबारे हामी रेडियो नेपालका हाम्रा श्रोताहरूलाई जानकारी गराउने उद्देश्यले यहाँसँग केही प्रश्नहरू सोध्न चाहन्छौं ।

उत्तर - साधना जगत्का दुई प्रमुख विधाहरू छन् – हिन्दु धार्मिक परम्परामा- वैदिक साधना र तान्त्रिक साधना । हुन त तान्त्रिक साधना वेदसम्मत हो वा वेदविरोधी भन्ने कुरामा पनि विवाद गरिन्छ, तैपनि यसलाई अलि पर पन्छाएर तन्त्र भनेकै के हो र तान्त्रिक साधना केलाई भन्दछन् भन्ने कुराको जानकारी लिने प्रयास गरे वेश होला । किनभने त्यो विवाद पनि यही कुरा बुझेपछि हटाउन सजिलो पर्ला, हुन्न र ?

प्रश्न - हुन्छ त, यसै गरौं न त । उसो भए तन्त्र भनेको के हो त ? अझ यस प्रश्नसँगै आगम शब्दलाई जोड्न राम्रो होला हगि ? तन्त्र र आगम यी दुई शब्दहरूले केलाई बुझाइन्छ त साधना जगत्मा ?

उत्तर - पहिले आगम शब्दलाई लिउँ । आगम शब्दमा तीन अक्षरहरू न् - आ, ग र म । यिनका बेग्लाबेग्लै अर्थ छन् । आ–बाट अथवा शिवबाट आएको (भगवान् शिवले उपदेश गर्नुभएको वा प्राप्त गर्नुभएको, ग–बाट पर्वती (शक्ति) मा गएको (पार्वतीले सुन्नुभएको वा प्राप्त गर्नुभएको) र म–बाट भगवान् विष्णुले पनि मान्नुभएको भन्ने कुरा बुझिन्छ –

'आगतं शिववक्त्रेभ्यो गतं च गिरिजामुखम् ।
मतं च वासुदेवस्य तस्मादागम उच्यते ।।' भनिन्छ

अब तन्त्र शब्दले के कुरा बझाउँदछ भन्ने कुरा हेरौं –

साधनासँग सम्बद्ध धेरै कुराहरू बताइएको, विशेषतः तन्त्रमन्त्रबारे प्रतिपादन गरिएको र यसमा बताइएको विधि – विधानलाई राम्ररी पालन गरेर साधनामा लाग्ने भक्त साधकहरूको त्राण (रक्षा) समेत गर्ने शास्त्रलाई तन्त्र भन्दछन् ।

'तनोति विपुलान् अर्थान् तन्त्र-मन्त्रसमन्वितान् ।

त्राणं च कुरुते यस्मात् तन्त्रमित्यभिधीयते ।।' भनिएको छ ।

यसरी वास्तवमा आगम र तन्त्र यी दुवै शब्दहरू पर्यायवाची। यौटै अर्थ दिने खालका छन् । आगम शास्त्र भनौं वा तन्त्रशास्त्र, हिन्दु धर्मअनुरूप गरिने साधनाको यो मूलस्रोत मानिन्छ ।

प्रश्न - यो साधनाशास्त्र, जसलाई यहाँले आगम वा तन्त्र भन्नुभयो । यो कसरी विश्वमा परिचित भयो त ? यसको आविर्भावको रहस्य के हो?

उत्तर - आगम वा तन्त्रशास्त्रको आविर्भाव स्वयं परम-करुणामूर्ति भगवान् शिवबाट भएको हो ।

– **'ईशानः सर्वविद्यानाम् ।'**

– **'यो ब्रह्माणं विदधाति पूर्वं यो वै वेदाँश्च प्रहिणोति तस्मै ।**
तस्मै वेदान् पुराणानि दत्तवान् अग्रजन्मने ।।'

– **'अष्टादशानामेतासां विद्यानां भिन्नवर्त्मनाम् ।**
आदिकर्ता शिवः साक्षाच्छूलपाणिरिति श्रुतिः ।।'

– **'आगमं शिववक्त्रात्तु गतं च गिरिजामुखम् ।**
मतं च वासुदेवस्य तस्मादागम उच्यते ।।'

इत्यादि वेद, स्मृति, स्वयं आगम र पुराणका वचनहरूबाट पुष्ट हुन्छ कि समस्त विद्याहरू भगवान् स्वयं शिवबाटै प्राणीहरूका कल्याणका लागि अनुग्रहपूर्वक यस जगत्मा अवतरित भएका हुन् ।

शिव स्वयं गुरु पदमा रहनुभएका आफूदेखि अभिन्न आफ्नै स्वरूप शक्तिलाई शिष्य पदमा राखेर संसारको कल्याणका निमित्त

उपदेश गर्नुभएको साधना शास्त्र आगम वा तन्त्रशास्त्र हो ।

यसैले भगवान् शिवको नाम पशुपति पनि पर्न गएको हो। पशुहरूका पति - पशुपति । यस जगत्का समस्त जीव पशु हुन् - अज्ञानरूपी पाशोले बाँधिएका पशु । यिनका पाशोलाई छिनालेर, यिनको अज्ञानलाई नष्ट गरेर ज्ञान प्रदान गरी कल्याण गर्ने, अनुग्रह गर्ने ईश्वर - पति - पशुपति । अज्ञानबाट छुट्न ज्ञान चाहिन्छ । ज्ञान शास्त्रहरूबाट हुनसक्तछ । शास्त्रको आविर्भाव - उपदेश भनौं स्वयं शिवबाट भयो । यसैले स्वयं शिव समस्त विद्याहरूको मूलस्रोत भएकाले पशुपति हुनुहुन्छ ।

प्रश्न - यहाँले यौटा चाखलाग्दो कुरा गर्नुभयो– भगवान् पशुपतिबारे उहाँ तन्त्रको उत्पत्तिसँग सम्बद्ध हुनुहुँदो रहेछ। यसलाई अलि स्पष्ट गरौं न?

उत्तर - भगवान् पशुपतिका मूर्तिमा हामी पूर्व–पश्चिम–दक्षिण र उत्तर दिशामा चार वटा श्रीमुखहरू देख्तछौं । वास्तवमा उहाँमा छ वटा श्रीमुख छन् - माथि र तल पनि । यी छ वटा श्रीमुखका बेग्लाबेग्लै नाम र स्वरूप छन् । यसैगरी छ वटै बेग्लाबेग्लै शक्ति पनि छन् -

- पूर्व–शिव - तत्पुरुष, शक्ति - पूर्णेश्वरी ।
- पश्चिम शिव - सद्योजात, शक्ति, कुब्जेश्वरी । कुब्जिका देवी।।
- उत्तर शिव - वामदेव, शक्ति - सिद्धेश्वरी (गुह्येश्वरी वा गुह्यकाली)
- दक्षिण शिव - अघोर, शक्ति - निशेश्वरी (दक्षिणा)
- ऊर्ध्व (माथि) शिव– ईशान (कामेश्वर), शक्ति - कामेश्वरी (त्रिपुरा)
- अधः (तल) शिव– कालाग्निरुद्र, शक्ति - तारेश्वरी (वज्रेश्वरी)।

शिवका यी छ वटा मूर्तिहरू तन्त्रशास्त्रको आविर्भावसँग सम्बद्ध छन् । शिवका छ मुखबाट उपदेश गरिएका तन्त्रशास्त्र वा आगमशास्त्र पनि ६ आम्नायहरूमा बाँडिएका छन् - पूर्व, पश्चिम, दक्षिण, उत्तर, ऊर्ध्व र अध ।

प्रश्न - कति छन् त यी आगम वा तन्त्रहरू ? संख्या कति हो ?

उत्तर - शिवका मुखारविन्दबाट निस्केका मुख्य मुख्य आगमहरू हुन् - दश शैव आगम, जो भेद प्रधान छन्, जसलाई द्वैत आगम पनि भन्दछन्। अठार रुद्र आगम छन्, जो भेदाऽभेद प्रधान हुन्, यसलाई द्वैताद्वैत आगम पनि भनिन्छ । अनि चौसठ्ठी भैरव आगम, जो अभेद प्रधान छन् । जसलाई अद्वैत आगम पनि भन्दछन् । यी मूल आगम वा तन्त्र हुन् । यिनलाई मूल मानेर निस्केका अरू उपआगम वा उपतन्त्र त कति छन् कति गनिसक्नु छैन ।

प्रश्न - यतिका आगम वा तन्त्रको यहाँले चर्चा गर्नुभयो । यी सव शास्त्रहरूको मूख्य उद्देश्य वा लक्ष्य चाहिँ के हो त ?

उत्तर - शास्त्रहरूका उद्देश्य वा प्रवृत्ति, निवृत्ति अथवा दुवै हुन् -

'प्रवृत्तिर्वा निवृत्तिर्वा नित्येन कृतकेन वा ।
पुसां येनोपदिश्येत तच्छास्त्रमभिधीयते ।।'

परम पुरुषार्थ कैवल्य, निःश्रेयस, मोक्ष जे भनौ यतातिर प्रवृत्त गराउनु वा लगाउनु र यसको उल्टो सधैं संसारमा प्रपञ्चहरूसँग बाँधेर राखिछोड्ने अनेकौं किसिमका पाशहरू छन् नि -

घृणा शङ्का भयं लज्जा जुगुप्सा चेति पञ्चमी ।
कुलं शीलं तथा जातिरष्टौ पाशाः प्रकीर्तिताः।।' भनिन्छ ।

यी पाशोबाट जीवलाई मुक्त हुन नदिने, मोक्षको बाटोमा जालो भनेर बाँधिराख्ने, यसबाट निवृत्त गराउनु, हटाउनु नै शास्त्रको मूल उद्देश्य हो ।

यही कुरा वाचस्पति मिश्रले पनि गरेका छन् - आगमको परिभाषा दिंदै - **'आगच्छन्ति बुद्धिमारोहन्ति यस्मादभ्युदय-निःश्रेयसोपायाः स आगमः ।'** अभ्युदय हो - कल्याण र निःश्रेयस-मोक्ष । यिनका उपायहरू जुन विद्याले सुझाउँदछ, चिह्नाउँछ, त्यही शास्त्र, त्यही विद्या आगम हो । यौटा कुरा यहाँ भन्नु छ, यो ज्यादै महत्त्वपूर्ण पनि छ - त्यो के हो भने - आगम वा तन्त्र शास्त्रमा

केवल मोक्षका मात्र उपायहरू मार्गहरू, विधि-विधान बताइएका छैनन्, तिनका साथै किनभने ती त तन्त्रका मूल विषय हुन्, मोक्ष त मूल लक्ष्यबिन्दु हुँदै हो । तिनका साथै -मानव-भोगका उपायहरू पनि बताइएका छन् । त्यस्ता आचारहरूको वर्णन छ त्यहाँ, धेरै अनुशासनहरूको निर्देश गरिएको छ । जसको आचरण, जसको अनुवर्तन, पालनले मानव-जीवन सुखमय हुनुका साथै मोक्षको बाटो पनि खुल्दछ ।

भनिएको छ - '**भोगश्च मोक्षश्च करस्थ एव ।**'

तर ती उपायहरू मोक्षका साधक हुनु पर्दछ, भनाइको अर्थ मोक्षका लागि, अज्ञान निवृत्तिका लागि, दुर्वृत्ति, परदुर्भावनाबाट निवृत्तिका लागि अपनाइनुपर्दछ । केवल भोगमात्रका लागि होइन। नत्र त्यसबाट अर्कालाई समाप्त गर्न उठाइएको कदमले आफ्नै विनाश गरे जस्तै ती उपायहरू आफ्नै पतनका निमित्त हुन जाने छन् - यो पनि राम्ररी बताइएको छ ।

यसरी मोक्ष, मोक्षका निमित्त देवता प्रसाद र यसमा विरोधी नपर्ने गरी भोग, यतातिर प्रवृत्ति र कुमार्गबाट निवृत्ति यिनै तन्त्रका मूल उद्देश्य वा लक्ष्य हुन् ।

उपसंहार

हस् त आज यति नै गरौं । अब आउने दिनहरूमा हामी तान्त्रिक उपासना वा साधना भनौं, यसका विविध पक्षहरूको जानकारी गराउने उद्देश्यले यहाँसँग वार्तालाप गर्नेछौं । धन्यवाद ।

अष्टमातृका अष्टभैरव सहित

तान्त्रिक उपासनाको रहस्य

प्रश्न - यसभन्दा पहिले तन्त्र वा आगम भनेको के हो ? यसको आविर्भाव वा उद्‌भव र यसको उद्देश्यबारे हाम्रो श्रोताहरूलाई यथासम्भव छोटकरी जानकारी गराएका थियौं । अब आज फेरि तान्त्रिक उपासनाबारे जानकारी गराउने उद्देश्यले हामी उपाध्यायजीसँग वार्तालाप गर्दैछौं । उपाध्यायजी, तान्त्रिक उपासनाबारे हाम्रा श्रोताहरूलाई केही जानकारी गराइदिनु हुन्छ कि ?

उत्तर- यो विशाल सृष्टिप्रपञ्च जुन छ नि, जसमा हामी स्वयं पनि सम्मिलित छौं, यसका दुइवटा मूलस्तम्भ छन्, फलिया खम्बा अथवा यसरी भनौं सृष्टि प्रपञ्चसम्बन्धी चिन्तनका दुइवटा प्रमुख बिन्दुहरू छन् । ती हुन् नाम ब्रह्म र माया । माया प्रकृति हुन् र मायी, जसको माया हो, ती चाहिं ब्रह्म - महेश्वर । यी दुवैको विभूति नै यो चर र अचर, चेतन र जड भनौं जगत् हो, विश्व हो ।

मायां तु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम् ।
तयोर्विभूतिलेशो वै जगदेतच्चराचरम् ।।' भनिन्छ ।

यस्तै शक्ति र शक्तिमान्, दुइवटा त पदार्थ छन् यहाँ । यीमध्ये शक्तिचाहिँ स्वयं यो जगत् हो र महेश्वर - शक्तिमान् ।

शक्तिश्च शक्तिमाँश्चैव पदार्थद्वयमुच्यते ।
शक्तयोऽस्य जगत्सर्वं शक्तिमाँश्च महेश्वरः ।

यस्तो पनि शास्त्रीय वचन छ ।

यहाँ हुन त दुई चीज देखिए, शक्ति र शक्तिमान्, ब्रह्म र माया वा ईश्वर र जगत् । वास्तवमा भन्ने हो भने यी दुइको तात्त्विक भेद - वास्तविक भेद चाहिँ छैन-छँदैछैन । देख्दा र सुन्दामात्र यी दुई

पदार्थ हुन्, वास्तवमा तिनीहरूको अस्तित्वचाहिँ यौटै हो । आगो र यसको पोल्ने शक्ति बेग्लै हुन् र ? होइनन् । तिनीहरूमा फरक छैन। चन्द्र र चन्द्रिका दुइवटा जस्तो लाग्दछन्, तर वस्तु यौटै । अभेद छ तिनीहरूमा।

विद्वान्हरू भन्दछन् –

शक्तिश्च शक्तिमद्रूपाद् व्यतिरेकं न वाञ्छति ।
तादात्म्यमनयोर्नित्यं वह्निदाहकयोरिव ।।

जेहोस्, देख्ता आपातत: दुइटै वस्तु हुन् यसको वास्तविकता जे भए पनि । ब्रह्म र माया, शक्तिमान् र यिनको शक्ति । यिनका स्वरूपको वास्तविक बोध गराएर (यिनीहरूका बीचमा रहेको फेरि बीच भन्ने शब्दको प्रयोग भयो, दुइटा वस्तु जस्तो भयो त्यसो होइन कि) यिनीहरूको अभेद, तिनीहरूमै त्यसैमा भनौं (फेरि बहुवचन पनि किन ?) साधकको अस्तित्वसमेत विलीन गराइदिनु – यही उपासनाको रहस्य हो ।

प्रश्न – यो त बडो गम्भीर कुरो भयो । साधक र साध्य, साध्य – ब्रह्मतत्त्व र मायाको अभेदबोध, फेरि त्यसैमा साधकको पनि अस्तित्व विलीन गराउने प्रश्न । यो अब कसरी त ? यो त छ मूल गाँठो, यसलाई फुकाउन केही जमर्को गरौं न त ।

उत्तर – हो, यही नै खास कुरो, फुकाउनै पर्ने गाँठो । साधक र साध्यको पनि एकात्मकता (तादात्म्य) कसरी ?

उपासनाका विभिन्न मन्त्रहरू, पद्धतिहरू, साधनाका भिन्न-भिन्न उपायहरू यसैका लागि हुन्छन् । यतैतिर पुऱ्याउँदछ उपासनाले। यौटा उपासक चिन्तन गर्दछ, अभ्यास गर्दछ –

'अहं देवी न चान्योऽस्मि ब्रह्मैवाहं न शोकभाक् ।
सच्चिदानन्दरूपोऽहमात्माहमिति चिन्तये ।।'

म स्वयं देवता हुँ, म अरू कोही होइन । ब्रह्म नै हुँ म ।

शोक-कल्याणले मलाई छुँदै छोएको छैन । म सत् हुँ (सधैं रहिरहन्छु) चित् हुँ (ज्ञानस्वरूप हुँ) र आनन्द हुँ (दुःखको लेशमात्र पनि ममा छैन, अनन्त सुखको समुद्र हुँ म) म आत्मा हुँ ।

फेरि अर्को पनि शास्त्रीय वचन छ -

एकैवाहमियं द्वितीयरहिता न स्त्री न चाहं पुमान्
न क्लीबं न शरीरिणी विधिमुखो मायाप्रपञ्चोऽखिलः ।
मायातीततया निराकृतगुणग्रामाऽनुपाधिः स्वतः ।
सर्वज्ञाऽस्म्यहमक्रिया घनतरानन्दोदधिः सच्चितोः ।।

म यौटै छु । स्त्री, पुरुष, नपुंसक भनेर छुट्टिने म होइन । मेरो शरीर पनि छैन । यहाँ जेजति पाइन्छन् ती त सब मायाका प्रपञ्च हुन्, तर विधिमुख मायाप्रपञ्च निषेधमुख होइन । तात्पर्य के हो भने सम्पूर्ण चराचर जगत् सत्य हो मेरै रूप हो, नेति नेति भन्दै निषेध गर्दै चराचर जगत्को मिथ्यात्व (झूठोपन) सिद्ध गर्ने होइन । मायातीत भएकाले सत्त्व-रज र तमो गुणबाट पनि म टाढै छु । मेरो कुनै उपाधि छैन । म ज्ञानस्वरूप हुँ । सर्वज्ञ हुँ । क्रिया पनि ममा छैन । सत् र चित् (सत्य र ज्ञान) को पनि आनन्दको सागर अनन्त अथाह त्यो नै मै हुँ ।

यसरी समस्त ब्रह्माण्डलाई आफूमा र आफूलाई समस्त ब्रह्माण्डमा एकीकृत गराउने यसै चिन्तनलाई दृढ, दृढतर, सुदृढ बनाउँदै लगेर शाश्वतता प्रदान गर्दछ उपासनाले, साधनाले ।

प्रश्न - तान्त्रिक साधना गर्ने क्रममा विभिन्न रूप, पूजा, पूजामा पनि आन्तरिक र बाह्य पूजा, जुन कुरा साधकले सम्पन्न गर्दछ । त्यहाँ बीज मन्त्रको पनि प्रयोग हुने गर्दछ । यो किन गरिन्छ त ? यसको रहस्य के हो ?

उत्तर - मन्त्र शब्दको अर्थ हो - जसको अर्थात् जेको भनौं, मनन गर्नाले मनन गर्नेको त्राण - संरक्षण हुन्छ, त्यही मन्त्र हो । हामी जप्तछौं - मन्त्र । त्यो त हो अक्षर अथवा अक्षरहरूको समुदाय, कहिलेकाहिँ अर्थहीन

जस्तो पनि लाग्दछ - मन्त्र । कुनै अर्थ नै निस्कंदैन यसबाट। तर त्यसो होइन । मन्त्रले देवताको स्वरूपको प्रतिनिधित्व गर्दछ । देवताको गुण, स्वभाव चिह्नाउँदछ । मन्त्र र देवतामा फरक छैन । मनन मन्त्रको हुन्छ र चिन्तन यिनका माध्यमबाट देवताको हुन्छ । बीजको अर्थ हो बीउ । यौटा सानो बीउ रोप्ता वृक्ष जन्मन्छ । वृक्षको उत्पादन शक्ति त्यसै बीउमा लुकेको हुन्छ । त्यस्तै कुनै खास बीजमा देवताको स्वरूप लुकेको हुन्छ । त्यसैले बीज मन्त्र जप्ता देवता प्रकट हुन्छन्, प्रसन्न हुन्छन् र उपासकको इष्ट सिद्ध हुन्छ । यसैले जप पूजामा मन्त्रको भनौं बीज-मन्त्रको प्रयोग हुन्छ ।

प्रश्न - अरू पनि त प्राणायाम, न्यास, ध्यान आदि उपासनाका अङ्ग छन् नि, तिनीहरूको पनि के महत्त्व हो ? के प्रयोजन हो ? केही जानकारी गराइदिनु हुन्छ कि ?

उत्तर - प्राणायाम, न्यास, ध्यान, जप, पूजा, समर्पण, पाठ इत्यादि उपासनाका धेरै अङ्ग छन् । यिनीहरूमध्ये प्रत्येकको उद्देश्यमूलक रहस्य पनि छ, प्रयोजन छ ।

प्राणायाम - प्राणायाममा पूरक, कुम्भक र रेचक तीन वटा क्रिया हुन्छन् । सास तान्नु - पूरक, रोक्नु - कुम्भक र छोड्नु रेचक हो । यी तीन क्रियासँग बीज मन्त्रको पनि प्रयोग हुन्छ । पूरकमा वायुबीज, कुम्भकमा अग्निबीज र रेचकमा जलबीज । यहाँ रहस्यात्मक कुरा के छ भने साधक स्वयं देवता नै हो । 'स्वयं देवता भएर देवताको पूजा गर्नु' भन्ने शास्त्रीय वचन छ '**देवो भूत्वा देवं यजेत्**' । अब साधकलाई देवता बन्नबाट रोकेको छ केले ? अनि बन्ने कसरी त देवता फेरि ? यी दुइवटा प्रश्न छन् । साधकलाई देवता बन्नबाट रोक्ने पाप हो, कल्मष हो, मल हो । यो साधक स्वयंको शरीरमै रहेको हुन्छ । साधना गर्दा साधकले आफ्नो बायाँ कुक्षिबाट बूढीऔंला जत्रो पाप पुरुष जसको शरीर पापमय हुन्छ बाहिर झिकेको भावना

गर्नुपर्दछ । अनि वायुबीज सोह्र पल्ट जप्दै पूरक–सास तान्दै पापपुरुषको शरीरबाट अमृतको शोषण गरिन्छ । अनि चौसठ्ठीपल्ट अग्निबीज जप्दै कुम्भक – सांस रोकेर सुकेको पापपुरुषलाई जलाइन्छ र फेरि बत्तीस पल्ट जलबीज जस्तै रेचक – सांस छोड्दै पापपुरुषको खरानी पनि पानीले बगाइन्छ । यसरी प्राणायामका तीन क्रियाबाट पाप पखालेर साधक पापमुक्त, शुद्ध, देवतास्वरूप भएर आफ्नै अर्चना गर्दछ । यही प्राणायामको रहस्य हो ।

प्रश्न - अनि न्यास ?

उत्तर - अब न्यास हेरौं – आफ्नो अङ्ग–अङ्गमा साधकले देवताहरूको स्थापना गर्दछ र अनि स्वयं देवमय बन्दछ - यही न्यास हो । अथवा अङ्ग - अङ्गलाई बीज मन्त्रहरूद्वारा सुरक्षित गरी पाप–दुर्भावना आदिलाई पस्न नदिनु न्यासको रहस्य हो । हातका औंलाहरू हत्केलाको मूल, हृदय, शिर, शिखा, नेत्र, कवच, अस्त्रमा गरिने न्यास, बीजन्यास, मातृकान्यास आदि धेरै न्यासहरू छन् । यी पनि साधक देवमय बन्ने नै प्रक्रिया हुन् ।

प्रश्न - ध्यान, जप आदि ?

उत्तर - ध्यान त देवताको सगुण स्वरूपको चिन्तन हो । सगुण र निर्गुण दुवै स्वरूप हुन्छन् देवताका । यिनैका नाम सकल र निष्कल पनि हुन् । सगुण ध्यानमा देवताका अङ्ग–अङ्गको चिन्तन हुन्छ भने निर्गुण ध्यानमा देवतालाई परब्रह्म स्वरूप मानेर साधकले आफूलाई देवता नै मान्दछ र माथि भनिए जस्तै अझ चिन्तन गर्दछ ।

- जप चाहिँ देवताका स्वरूपको चिन्तन र आफूलाई देवताबाट अभिन्न मान्ने प्रक्रिया हो, अभ्यास हो ।
- पूजा, त्यसमा पनि बाहिरी पूजा चाहिँ विभिन्न द्रव्यहरू देवतालाई समर्पित गर्नु र अन्तर्पूजा (भित्री पूजा) – आफ्नो अस्तित्व देवतामा विलीन गराएर देवमय बन्ने प्रक्रिया ।

फेरि अन्तर्पूजा – अन्तर्याग वा सन्ध्या पनि भनिन्छ । बिहान सबेरै गरिने अजपा विधान, आफ्ना शरीरमा रहेका ६ चक्रहरू - मूलाधार, स्वाधिष्ठान, मणिपूर, अनाहत, विशुद्ध र आज्ञा र अनि सबभन्दा माथि सहस्रार (सहस्रदल कमल) कुण्डलिनीको उत्थान गरेर यी समस्त जगत्का पदार्थहरूलाई देवतामा समर्पित गर्ने भावना गरी देवतादेखि बाहेकका कुनै पनि पदार्थको पृथक् अस्तित्व नै समाप्त गरी देवतामै विलीन गराउनु अन्तर्याग वा अन्तर्पूजा हो ।

बाहिरी पदार्थ, पाद्य, अर्घ्य, चन्दन, धूप, दीप, नैवेद्य आदि प्रत्यक्ष चढाउनु बाह्यपूजा वा बहिर्याग हो । यसमा साधकको गच्छे अनुसार पाँच, सोह्र आदि उपचार हुन्छन् । सक्नेले धेरै, नसक्नेले थोरै गर्दछन् ।

पूजाका विस्तृत व्याख्या त आउँदा दिनहरूमा हुँदै गर्नेछन् । वास्तवमा के हो भने – यो सम्पूर्ण जगत् देवताकै विराट् स्वरूप विग्रह हो । देवता – परब्रह्म स्वरूप नै हुन् । साधनाको, उपासनाको अर्थनै स्वयं देवता बनी पूजन गर्नु हो, देवता बन्नु हो । मोक्ष परम पुरुषार्थ हो, यसका निमित्त ज्ञान – आत्मज्ञान, ब्रह्मज्ञान जे भनौं नभै हुँदैहुन्न । ज्ञानलाभ नै पूजाको वास्तविक र परम लक्ष्य हो । यसैले पूजालाई योग पनि भन्दछन् । योगको अर्थ जोड हो– जीव र ब्रह्मको एकात्मकता, तादात्म्य ।

उपसंहार

आज यति नै गरौं । अब यसै धाराअन्तर्गत, यसै मालाका विभिन्न फूलस्वरूप भनौं पछि आउने दिनहरूमा हामी पूजाका, योगका विभिन्न रहस्यहरूबाट पनि श्रोताहरूलाई परिचित गराउन प्रयास गर्नेछौं। आजलाई यहीं विश्राम गरौं ।

उपासना

प्रश्न - आज हामी उपासनाको विषयमा केही चर्चा गरौं न हुन्न त ? कुनै पनि देवताको उपासना गर्दा कुन कुरा नबुझीकन नहुने हुन्छ ? त्यस्तो केही छ भने बताइदिनुहुन्छ कि ?

उत्तर - सबभन्दा पहिले त देवता तत्त्वबारे जान्नु अत्यावश्यक हुन्छ । जसको उपासना गर्नुछ, त्यही तत्त्व नबुझीकन उपासना कसरी गर्नु सम्भव होला ।

देवतातत्त्वबारे हामीले पहिले पनि केही चर्चा गरिसक्यौं । देवता - जुनसुकै देवता हुन्, काली, तारा, कृष्ण, राम आदि । सवै देवता बेग्लाबेग्लै छन् भन्ने देखिएता पनि तात्त्विक दृष्टिले यौटै तत्त्व हुन् - परब्रह्म तत्त्व । ब्रह्मतत्त्व त निरञ्जन, निराकार, नाम र रूपले विहीन, सर्वत्र व्याप्त छ । सत्, चित्, आनन्दस्वरूप छ । मन र वचनले वर्णन पनि गर्न सकिंदैन ।

तर साधकको हितका लागि, उपासना गर्न सरल होस् भनेर ब्रह्मको नाम रूपको कल्पना हुन्छ, सत्य कल्पना । यो अवश्य बुझ्नु पर्दछ नबुझी हुँदैन । किनभने जसले देवताहरूमा भेद देख्तछ, त्यो अज्ञानी हो । जहिलेसम्म भेद देखिन्छ तवसम्म अज्ञानले छोड्दैन । उपासनाको मूल लक्ष्य नै भेदको समाप्ति हो । देवता तत्त्व भनेको फेरि आत्मतत्त्वभन्दा बेग्लै पनि छैन ।

प्रश्न - देवता भनेको आत्मतत्त्व नै हो भन्नुभयो - त्यो कसरी ? के उपासना अब आफ्नै गर्नें त ?

उत्तर - हो ठीक भन्नुभयो । उपासना आफ्नै गर्ने । देवता खोज्न टाढा जानु आवश्यक छैन । बाहिर खोज्ने व्यक्तिले कहिल्यै देवता प्राप्त गर्न

सक्तैन । मन्दिरका देवता त आफ्नै आत्मतत्त्वको काल्पनिक प्रतीक मात्र हुन् । शुरु शुरुमा आत्मतत्त्वमाथि ध्यान, जप, अर्चना हुन नसक्ने हुँदा मन केन्द्रित गर्ने, श्रद्धाभक्ति समर्पित गर्ने केन्द्र मानिएको मात्र हो । पछि त जुन देवताको पनि आत्मतत्त्वमै ऐक्य स्थापित गर्नै पर्दछ ।

प्रश्न - अब आफ्नै उपासना कसरी गर्ने त ? यो त बडो अप्ठेरो कुरोजस्तो लाग्यो ?

उत्तर - अप्ठेरो केही छैन । पहिले संसारमा जो जति वस्तु हुन सक्तछन्, जति पनि कल्पना गर्न सकिन्छ, त्यो सकुञ्जेल चिन्तन गऱ्यो । ती सब मबाटै निस्केका हुन्, ममै निहित छन्, ममै विलीन हुन्छन् । म नै सर्वत्र हुँ, सम्पूर्ण ममै छ, मदेखि बाहेक केही छैन भन्ने चिन्तन नै वास्तविक उपासना हो । भनिन्छ –

अहं देवी न चान्योऽस्मि ब्रह्मैवाहं न शोकभाक् ।
सच्चिदानन्दरूपोऽहमात्माऽहमिति चिन्तये ।।

म देवता हुँ, ब्रह्म हुँ, शोक मलाई केही छैन, म सत् हुँ, चित् हुँ र आनन्द मै हुँ । त्यस्तो आत्मतत्त्व मै हुँ । आदि ।

प्रश्न - यो त चिन्तन गऱ्यो । तब चिन्तन गर्दैमा देवता नै होइहालिन्छ त ? त्यसको प्रक्रिया पनि त केही होला ?

उत्तर - हो, छन् प्रक्रियाहरू । तर जति पनि प्रक्रिया छन् तीमध्ये शुद्ध प्रक्रिया चाहिँ आत्मतत्त्वकै उपासना गराउनै नै हुन् । भेद सिद्ध गरिदिने प्रक्रिया वास्तविकरूपमा शुद्ध होइनन् । अब हामीले राम्ररी विचार गऱ्यौं भने – प्राणायाम, न्यास, ध्यान, जप, पूजा सवैले ब्रह्मभाव मै पुऱ्याउँदछन् ।

चिन्तन गर्दागर्दा – उपासना जति जति दृढ हुँदै जान्छ, उपासक सम्पूर्ण देवताहरू आफ्नै इष्ट देवतामा अन्तर्लीन भएको देख्न थाल्दछ। इष्ट देवता चाहिँ कहीं बाहिर होइन आफूभित्रै आत्मतत्त्वका रूपमा

विराजमान भएको अनुभव गर्न थाल्दछ ।

अनि विस्तारै विस्तारै संसारमै बसेर सबै व्यवहार गरेर पनि ती सबै प्रपञ्चबाट हुने दुःख-सुखबाट आफूलाई मुक्त अनुभव गर्न थाल्दछ । सब काम ईश्वरकै सम्झन थाल्दछ । त्यतिबेला अति अति प्रसन्नता हुन्छ हेर्नोस्, त्यसको वर्णनै गर्न सकिन्न ।

प्रश्न - यसरी आफै देवता हुँ भन्ने चिन्तन त्यो त केही नराम्रो असर पनि त पार्न सक्ला । के त्यस्तो भावनाले बाहिर कुनै मन्दिर नजाने, देवतै केही नमान्ने स्थिति आउँदैन र ?

उत्तर - हो, त्यो हुनसक्तछ । त्यसैले प्रारम्भिक स्थितिमा असल गुरु छानेर दीक्षा लिनु, उनको आज्ञा अनुसार कुनै यौटा देवताको दीक्षा लिनु, तिनकै मन्त्रको जप, पूजा, पाठ गर्नु, उसैलाई सर्वस्व मान्नु आदि भनिएको हो । अनि गुरुका कृपाले सन्देहहरू पनि हट्तै जान्छन् । मनको स्थिति पनि बलियो हुँदै जान्छ । श्रद्धा बढ्दै जान्छ, भक्ति बढ्छ । तत्त्व बुझिंदै गइन्छ । चित्तवृत्तिहरू बाहिरबाट भित्रतिर फर्कंदै जान्छन् । अन्तर्दृष्टि खुल्दै जान्छ । यसरी उपासना सफल हुन्छ ।

तन्त्र र यसका विविध पक्ष

ॐ

सर्वमङ्गलमाङ्गल्ये शिवे सर्वार्थसाधिके ।
शरण्ये त्र्यम्बके गौरि नारायणि नमोऽस्तु ते ।।

हाम्रो देश नेपाल धर्मप्राण राष्ट्र हो । हाम्रो राष्ट्रिय संस्कृतिमा धर्मले ज्यादै गहिरो जरा हालेको पाइन्छ । यसभित्र पनि तन्त्रपरम्पराको महत्त्वपूर्ण स्थान छ। हाम्रा उपास्य देवताहरू, हाम्रा उपासना–प्रक्रियाहरू, देव–मन्दिर यसमा रहेका कला–कौशल, हाम्रा रीतिरिवाज, पर्व, जात्रा आदि अनेकौं हाम्रा जनजीवनका महत्त्वपूर्ण पक्षहरू प्रायः तन्त्रमा आधारित वा तन्त्रबाट प्रभावित छन् । प्राचीनकालदेखि आजसम्म निरन्तर प्रवाहित भएर हाम्रा जीवनलाई पवित्र र महान् बनाउँदै यस जीवनमा भोग र पछि मोक्ष प्रदान गर्ने मन्दाकिनीका रूपमा हामी आफ्नो तन्त्र–परम्परालाई लिन सक्तछौं ।

आज यसै तन्त्रपरम्पराका महत्त्वपूर्ण पक्षहरूसँग परिचय प्राप्त गर्ने उद्देश्य लिएर म केही चर्चा गर्न चाहन्छु । तन्त्र के हो र यसको आविर्भाव कसरी भयो भन्ने कुरा हामी आगम र तन्त्र यी दुई शब्दहरूको विश्लेषणबाटै थाहा पाउन सक्तछौं । आ–भगवान् शिवले स्वयं गुरु भएर उपदेश गर्नुभएको, ग– स्वयं पार्वतीले शिष्य भएर प्राप्त गर्नुभएको र म– भगवान् विष्णु समेतले स्वीकार गर्नुभएको विद्या आगम हो । यही तन्त्र हो ।

यसै वाङ्मयभित्र सृष्टि, प्रलय, देवताहरूको अर्चना गर्ने प्रक्रिया, मन्त्रसिद्ध गर्ने उपायहरू, पुरश्चरण विधान, शान्ति, वशीकरण, स्तम्भन, विश्लेषण, उच्चाटन र मारण – यी षट्कर्मसाधन र ध्यानयोग, यिनीहरूका अतिरिक्त मानवका कर्तव्य-

अकर्तव्यको विवेचना गरिएको पाइन्छ ।

तन्त्रहरूको आविर्भाव स्वयं भगवान् शिवबाट भएको हो । हाम्रा राष्ट्रदेव पशुपतिनाथ उहाँको मूर्तिमा पूर्व, पश्चिम, दक्षिण र उत्तर चारतिर चारवटा मुख देखिन्छ । वास्तवमा उहाँका अन्य दुइवटा मुखहरू पनि छन् – माथि र तल । यी मुखहरू गुप्त=लुकेका छन् । भगवान् पशुपतिनाथका यी छ वटा मुखहरूमध्ये पश्चिमपट्टिको मुख सद्योजात, उत्तरको वामदेव, पूर्वको तत्पुरुष, दक्षिणको अघोर, माथिको ईशान र तलको कालाग्निरुद्र हो ।

यिनीहरूमध्ये प्रत्येकको बेग्लाबेग्लै शक्ति छ– पश्चिमको कुब्जेश्वरी, उत्तरको सिद्धेश्वरी अथवा गुह्येश्वरी, पूर्वको पूर्णेश्वरी, दक्षिणको निशीश्वरी, माथिको कामेश्वरी र तलको वज्रेश्वरी अथवा तारा हो । शिवका यिनै मुखहरूबाट दशवटा शैव आगमहरू, अठारवटा भैरव आगमहरू र चौसट्ठी तन्त्रहरूको उपदेश भएको हो। तिनैलाई उनै शक्तिहरूले सर्वप्रथम प्राप्त गरे । अनि यो लोकमा प्रचारित र प्रसारित हुँदै आयो ।

तन्त्र वाङ्मयमा खास गरी शक्ति उपासनाका प्रक्रियालाई विशदरूपमा विवेचना गरिएको पाइन्छ –

यस सृष्टि प्रपञ्चका दुइवटा आधारस्तम्भ मानिन्छन् – ब्रह्म र माया । यिनै दुइवटाको विभूतिलेश–परिणाम भनौं यो चराचर जगत् हो । शक्ति स्वयं यो संसार हो र शक्तिमान् स्वयं महेश्वर । वास्तवमा भन्ने हो भने त यी दुइवटा शक्ति र शक्तिमान् पनि आगो र यसको ज्वलन शक्तिजस्तै परस्पर पृथक् छैनन्, अभिन्न छन्, यौटै तत्त्व हो यो ।

वास्तवमा शक्तिको न नाम छ, न रूप, यो त जलमा शीतलता, आगोमा दाहकता, चन्द्रमा निर्मलता, सूर्यमा तापकता आदि रूपमा व्यक्त भएको देखिन्छ। प्राणीमात्रमा चैतन्य यही हो । त्यसैले यसको नाम छ – चितिशक्ति । स्वयं शिवमा शक्ति भएरै स्पन्दन छ, क्रियाशीलता छ, अन्यथा शक्तिलाई यसबाट अलगग झिकिदिने हो भने यो केवल शव–मुर्दामात्र बाँकी रहन्छ – स्पन्दनहीन, निरर्थक।

एकपल्ट आदि शङ्कराचार्य शंकर भगवत् पाद आफ्नो शास्त्रीय विश्वविजय

गर्ने क्रममा नेपाल आएछन् । नेपाल शक्तिपीठ थियो, तर उनी भने शक्ति नमान्ने ब्रह्मतत्त्वका व्याख्याता, कर्मवादका विरोधी । नेपाल पस्नासाथ उनी अशक्त भएर लडेछन्, कमण्डलु उठाएर पानी पिउने सामर्थ्य पनि उनीमा रहेन ।

उनको मनमा आयो 'आज मलाई के भयो, पानी खाने शक्ति पनि ममा छैन ।' यत्तिकैमा यौटा निर्मल, उन्मुक्त हाँसो यौटा बालिकाको त्यहाँ सुनियो र यौटी हाँसिरहेकी बालिका त्यहाँ प्रकट भएर उनलाई यौटा कचौरामा खीर खान दिइन् । शङ्कराचार्यले भने 'नानी ! अहिले त यो कचौरा लिने शक्ति पनि ममा छैन, के गरौं ?' बालिका हाँस्तै भन्छिन् – 'जोगी बाबा, ममा ब्रह्म छैन भन न, शक्ति छैन, किन भनेको ? तिमी शक्ति मान्दैनौ होइन र ?' यति सुन्नु के थियो शङ्कराचार्यका आँखा खुले, शक्तिको महत्ताको उनलाई ज्ञान भयो । उनले भगवती गुह्येश्वरीको त्यहीं यौटा स्तोत्र पाठ गरे – पज्झटिका स्तोत्र ।

पज्झटिका स्तोत्रले उनलाई शक्ति प्रदान गऱ्यो, बालिका विलाइन् र आज पनि शङ्कराचार्य पीठहरूमा शक्तिको पूजा हुन्छ। स्वयं भगवान् पशुपतिनाथका मूर्तिको मस्तकमा श्री–शक्तिको पूजा हुन्छ । यो पूजनपरम्परा स्वयं शङ्कराचार्यले चलाए भन्ने कुरा प्रसिद्ध छ । शक्तिकै अनेकौं मूर्तिरूपको उपासना हामी गर्दछौं -

दश महाविद्याहरू – काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, बगलामुखी, मातङ्गी, कमला ।

नौ दुर्गाहरू – शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी, सिद्धिदात्री अथवा भनौं – रुद्रचण्डा, प्रचण्डा, चण्डोग्रा, चण्डनायिका, चण्डा, चण्डवती, चण्डरूपा, अतिचण्डिका र महोग्रचण्डा।

अष्टमातृकाहरू – ब्राह्मी, माहेश्वरी, वैष्णवी, ऐन्द्री, महालक्ष्मी, कौमारी, वाराही र चामुण्डा ।

त्रिशक्ति – महाकाली, महालक्ष्मी र महासरस्वती । आदि आदि अनेकौं देवताहरू वस्तुतः यौटै मूलप्रकृति, महामाया अझ भनौं ब्रह्मस्वरूपा शक्तिकै विभूतिहरू हुन् । यसै दृष्टिले अनेकमा यौटै तत्त्व देखेर यसैले सम्पूर्ण चराचर जगत् व्याप्त भएको मानेर शक्ति उपासना गर्नु उचित र आवश्यक ठहर्छ ।

शैव तन्त्र सिद्धान्त

ज्ञानको स्रोत

भगवान् शिवका स्वरूपको ध्यान गर्‍यो भने उहाँले त्रिशूल लिनुभएको छ । शूल भनेको दुःख । त्रिशूल अर्थात् तीनवटा दुःख । आध्यात्मिक, आधिदैविक र आधिभौतिक । यी तीनैवटा दुःख अज्ञानबाट निस्केका हुन्। दुःख नाश गर्नु छ भने अज्ञान नाश गर्नुपर्छ । अज्ञान नाश गर्न विद्या अथवा शास्त्र चाहियो । शास्त्रको मूल स्रोत श्रुति हो भनेर हामी मान्दछौं । श्रुति भनेको वेद हो भनेर भन्ने चलन छ तर श्रुति भनेको कानले सुनेको हो ।

उहिले पढ्ने लेख्ने साधनहरू थिएनन् । गुरु, ऋषि, मनीषीजस्ता तत्त्ववेत्ताहरूले जे देखेर स्पष्ट मन्त्र बोलिदिए, शिष्यले त्यसैलाई सुने । फेरि आफ्ना शिष्यलाई कानमा बताइदिए । गुरु परम्पराबाट शाब्दिक अनुभवलाई श्रुति भनियो तर श्रुति दुई किसिमको हुन्छ – वैदिक श्रुति र तान्त्रिक श्रुति । वैदिक विद्या बेग्लै हो – यज्ञयागादि गर्ने, हवन गर्ने । अनेक किसिमका लौकिक, पारलौकिक दुःख कष्टहरूलाई हटाउन प्रयोग गरिने वैदिक विधि बेग्लै छ ।

तन्त्र के हो ?

तन्त्र एउटा शास्त्र हो । कुनै पनि उद्देश्यपूरक क्रियाका खास खास मान्यताहरू हुन्छन्, मर्यादाहरू हुन्छन् । तर यस्तै मान्यताका विषयमा कहीं शङ्का उठ्यो भने त्यसको निराकरण गर्न, एउटा व्यवस्था माग्न हामी शास्त्रसम्म पुग्छौं । **तस्मात शास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ।** यो काम गर्नु हुन्छ, यो काम गर्नु हुँदैन भनी बताइदिने शास्त्र हुन्छ । त्यस्तै एउटा शास्त्र तन्त्र हो ।

तन्त्रले पूजा, उपासनाको बाटोमा हिंड्ने, ज्ञानको खोजीमा लाग्ने मानिसहरूको लागि यो गर्नुहुन्छ, यो गर्नु हुँदैन, यसरी साधना गर्ने, यो भाव मनमा लेऊ यो

आचारमा लाग भनेर बताइदिन्छ। पहिले-पहिले मीमांसा इत्यादि शास्त्रलाई पनि तन्त्रै भन्ने चलन थियो । तन्त्रवार्त्तिक शब्दले यही कुरो जनाउँछ । तर अब चाहिं तन्त्र भन्नाले कुनै देवताविशेषको उपासना विधि बताइदिने विधा बुझिन्छ ।

आगम भनेको पनि त्यही हो । आगम अगम हो, अगम भनेको जानिनसक्नु हुन्छ भनेर भन्नु ठीक होइन । नेवारहरू जसलाई आगँ भन्छन्, त्यो हो एउटा गोप्य ठाउँ जहाँ आगमद्वारा प्रतिपादित कर्महरू गरिन्छन् र आगम शब्दमा तीनवटा अक्षर छन् - आ, ग, म । **आ** भनेको शिवजीबाट **आएको** । **ग** भनेको शक्तिको कानसम्म **गएको** । **म** भनेको धार्मिक क्रियाकलापमा विष्णुले **मानेको** । आगम र तन्त्र वास्तवमा एउटै विधा हो ।

तन्त्रको आविर्भाव - शिवबाट

शिव शब्दको अर्थ कल्याण हो । शिवको अर्को नाउँ शङ्कर छ - **शं** भनेको कल्याण, **कर** भनेको गर्ने । यिनी कल्याणमूर्ति हुन् । यिनलाई महादेव पनि भनिन्छ । महादेव अर्थात् ठूला देवता । समुद्रमन्थनका बेला रत्नहरू निस्के, घोडा निस्कियो, हात्ती निस्कियो, लक्ष्मी निस्किन्- यी सबै देवता र दानवहरूले बाँडेर लिए । तर संसारलाई जलाउने भयङ्कर विष निस्किँदा शिवजीले कण्ठमा राखिदिनु पऱ्यो । त्यसैले उनलाई नीलग्रीव पनि भनिन्छ ।

शिव कल्याणको एउटा अभिव्यक्ति हो, मूर्तरूप हो । नेपालमा यिनको नाउँ पशुपति छ । स्वस्थानीमा शिवले पशुरूप लिई वनविहार गरिरहनु भएको थियो, ब्रह्माले, विष्णुले र इन्द्रले त्यसको सिङ समात्दा टुक्रा भएर जहाँ खस्यो, त्यसै ठाउँमा तिनको प्रतिष्ठा भयो, अनि पशुपतिको प्रादुर्भाव भएको हो भन्ने कथा परेको छ । त्यसलाई होइन नभनौं। तर पशुयोनिबाट, पशुभावबाट मुक्त गराइदिने भएका हुनाले यिनलाई पशुपति भनिएको हो । नराम्रो अज्ञानमूलक काम गर्नेलाई हामी पशु भन्छौं । **पशुत्वं बन्धः, अज्ञानम् ।** पशुत्व भनेकै अज्ञान हो । त्यसैले अज्ञानलाई हटाउन ज्ञानको, शास्त्रको, विद्याको स्रोत शिवलाई मानिएको हो ।

तन्त्र आविर्भावका अवस्था

ज्ञानका दुई अवस्था हुन्छन् । एउटा बोधको अवस्था, अर्को ज्ञान कै

अवस्था, बोध अवस्थामा शब्द र अर्थ हुँदैन । शब्द अक्षर समूह हो, जसले त्यसबाहेक कुनै वस्तुलाई बुझाउँछ । शब्द र अर्थ बेग्लाबेग्लै हुन्छन् । ज्ञानको पूर्वावस्थामा शब्द, अर्थ दुइवटैको अभाव हुन्छ । शिवको चैतन्य स्वरूपमा यसो हुने गर्छ । यस स्वरूपलाई परा अवस्था भनिन्छ ।

उनको मनमा संसारलाई कल्याण गरूँ भन्ने भावना आउँदा कम्पन हुन्छ, उन्मेष आउँछ । यस उन्मेषावस्थालाई पश्यन्ति अवस्था भनिन्छ । यस अवस्थामा केही चीज वर्णन गरूँ, भनुँ, केही कल्याण गरूँ भन्ने भावना हुन्छ । पश्यन्ति अवस्था सुषुप्तावस्था होइन । यो अवस्थालाई सम्पूर्ण ज्ञानलाई बाहिर निकाल्न शिवले आफुमैं निहित, आफुदेखि अभिन्न तत्त्व निकाल्नु भयो, त्यसलाई शक्ति भनियो। शक्ति शिवकै अवस्था हो । माया र मायीमा भेद छैन । शक्ति र शक्तिमान्मा भेद छैन । स्वरूप एउटै हो तर अवस्था भिन्दाभिन्दै हुन् । यस अवस्थालाई मध्यमा अवस्था भनिन्छ ।

यसपछि ६ उपदेशको, बाहिर प्रसारको वैखरी अवस्था आउँछ । यी नै चार अवस्था भएर शिवजीबाट आविर्भाव भएको ज्ञान नै तन्त्र हो।

तन्त्र- वर्गीकरण

तन्त्रलाई वर्गीकरण गर्नुपर्ने भएपछि शिवको छ वटा मुख भयो । प्रत्येक मुखका एउटा शक्ति रहे र त्यस मुखबाट आविर्भाव भएको ज्ञानले वेग्लै आम्नायको रूप लियो । पूर्वमुखी तत्पुरुषले पूर्णेश्वरी शक्तिलाई गर्नुभएको उपदेश नै पूर्व आम्नाय भयो । पश्चिममुखी सद्योजातले कुब्जेश्वरी शक्तिलाई सुनाउनु भएको तन्त्र चाहिँ पश्चिम आम्नायका तन्त्र भए ।

दक्षिणमुखी अघोरले निशीश्वरीलाई – जसलाई हामी दक्षिणकाली पनि भन्छौं – बताउनुभएको ज्ञान नै दक्षिणाम्नायका तन्त्र भए । उत्तरतिरको वामदेव वक्त्रले सिद्धेश्वरीलाई – जसलाई गुह्येश्वरी पनि भनिन्छ – बताउनुभएको तन्त्र नै उत्तरआम्नायका तन्त्र भए । त्यति चारवटा मुख त पशुपतिनाथमा पनि देखिन्छन्। ऊर्ध्वमुखी ईशानले कामेश्वरीलाई भन्नुभएको तन्त्र ऊर्ध्वआम्नायका तन्त्र भए ।

धेरै ठाउँमा **पञ्चवक्त्रं त्रिनेत्रम्** भनिएको भए तापनि अधोमुखी पातालका

कालाग्निरुद्रले वज्रेश्वरीलाई बताउनु भएको तन्त्र अधराम्नायका तन्त्र भए। प्राचीन तन्त्र-दर्शनमा वज्रेश्वरीलाई बताएको हुनाले यो तन्त्र वज्रयान भयो भन्ने उल्लेख छ ।

यसरी शिवका ६ वटा वक्त्रबाट निस्केका आगमहरू कति छन् भने दशवटा शैव आगम । यी सबै द्वैतपरक अर्थात् जहाँ उपास्य र उपासक फरक-फरक हुन्छन्; अठारवटा भैरव आगम - यी सबै द्वैत र अद्वैत दुइटै हुन्छन्; चौसठ्ठीवटा अद्वैतपरक तन्त्रहरू । त्यसका आधारमा बनेका उपतन्त्र त कति कति। प्रत्येक आम्नायका तन्त्रमा देवताविशेष, मन्त्रविशेष, विधानविशेषका उल्लेख भए, व्याख्या भए ।

यसरी तन्त्र संसार समक्ष आयो। ज्ञानको यो आविर्भावले अज्ञान अर्थात् पशुत्वबाट मानिसलाई मुक्त गऱ्यो । मानिस मोक्षतिर लाग्यो । शिव नेपालमा आएर पशुपतिका रूपमा उपास्य भए किनभने यहाँ उनको अज्ञानलाई नाश गर्ने स्वरूप उपासना गर्ने चलन चलिआएको छ ।

तन्त्रको प्रयोग

तन्त्र एउटा शास्त्र हो, त्यसमा हामी आफ्ना दुःख कष्ट हटाउन एउटा उपासना, साधनाको पद्धति अपनाइएको पाउँछौं र त्यही पद्धतिको समग्ररूपले, समष्टिरूपले प्रतिपादन गरिएको हुन्छ । तन्त्रका अनगिन्ती शाखा-प्रशाखा छन् र प्रत्येकमा लाखौं श्लोकहरू भेटिन्छन् । विद्वान्हरूले कहिले निर्माण गरे होलान्। ती श्लोकहरूको रहस्य त्यसै तन्त्रपरम्परामा लागिपरेकाहरूले बुझ्दछन् । त्यसमा प्रयुक्त साधनाका बाटोहरू, उपायहरूको व्याख्या गरिनसक्नु छ । तर तिनमा राम्रा कुरा पनि छन्, नराम्रा पनि छन् ।

तन्त्रमा नराम्रै कुराको प्रयोग पनि राम्रोको लागि हुनुपर्ने प्रावधान छ। जस्तो मारण, मोहन, उच्चाटन, स्तम्भन, वशीकरण, विद्वेषणजस्ता विद्याहरूमध्ये मारण भन्नाले कुनै व्यक्ति विशेषलाई मार्ने भनेको होइन । हाम्रो हृदयमा वास गर्ने काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यलाई मार्ने भनेको हो । अरूमाथि हिंसा गर्ने इच्छा मनमा आइराखेको छ भने त्यसलाई मार्ने भनेकै मारण हो।

जसरी हाम्रो हातमा रहेको खुकुरीले कसैलाई बचाउन पनि सक्छौं, कसैलाई काट्न पनि सक्छौं ।

विज्ञानका आविष्कारहरूमा धेरैको सर्वनाश गर्ने बम पनि छन्, धेरैलाई राम्रो गर्ने पनि छन् । यही माइकको उपयोग ज्ञानको प्रसारको निम्ति पनि भएको छ, राजनीतिको निम्ति पनि भएकै छ । तन्त्रमा उल्लिखित विभिन्न विधिहरू प्रयोगमा भर पर्दछन् । प्रयोग व्यक्तिले गर्दछ र भावना, विचार र सद्गुणको आधारमा हुने गर्दछ ।

तन्त्रको प्रयोगविधि र देवता

सबैभन्दा पहिले उपासनाको लागि देवता चाहियो । तन्त्रको मूल लक्ष्य, प्रयोजन यही हो । निष्प्रयोजन कुरोमा कोही पनि अगाडि जाँदैन। तपाईंहरू यहाँ तन्त्रको विषयमा केही सुनौं, केही छलफल गरौं भनेर पाल्नुभएको छ । न्यायमा भन्ने चलन छ, **प्रवृत्तिं प्रति इष्टसाधनता-ज्ञानं कारणम्** । कुनै कुरामा प्रवृत्त हुनु पऱ्यो भने त्यसले मलाई फाइदा गर्छ भन्ने भावना मभित्र हुनुपर्छ । तान्त्रिक ज्ञानले मलाई मोक्षसम्म पुऱ्याउँछ । जन्म, मृत्यु व्याधिबाट मोक्ष प्राप्त गर्नु नै तन्त्रको मूल लक्ष्य हो ।

एकातिर सारा उपनिषद्हरू आत्मतत्त्व नै संसारमा मूल कुरो हो भन्छन् । परब्रह्म, परामात्मा मात्रै छ, एउटै ईश्वर छ भन्छन् । त्यही ईश्वरतत्त्व तन्त्रको पनि लक्ष्य हो । तन्त्रमा पनि **अहं ब्रह्मास्मि, तत्त्वमसि** जस्ता महावाक्यहरू छन् । तर भिन्नता के छ भने वेदान्त, वेद विद्याहरूले यस्ता महावाक्यहरू भन्न सिकाउँछन् भने तन्त्रले ब्रह्म नै हुन सिकाउँछ। **अहं ब्रह्मास्मि** भन्न जो पनि सक्छ, तर हुन बिरलै मात्र सक्दछ ।

ईश्वरका अनगिन्ती नाम व्यवहृत छन्। तर चाहे सिद्धिलक्ष्मी भन्नोस्, भैरव भन्नोस्, भद्रकाली भन्नोस्, चाहे कृष्ण भन्नोस् – ती सबै एक तत्त्व हुन् । ईश्वरको नाम छैन, रूप छैन । **नामरूपविहीनस्य ब्रह्मणो रूपकल्पना।** नाम र रूप नभएको परब्रह्म परमात्माको ईश्वर तत्त्वको रूपको हामी कल्पना गर्छौं । **यही नामरूपविनाको ईश्वरलाई जति बेला हामी आत्मसात् गर्छौं, त्यही**

मोक्ष हो ।

यो ईश्वरतत्त्व वास्तवमा तपाईं हामीभित्रकै आत्मतत्त्व हो । तान्त्रिक पूजा, उपासनाको रहस्य पनि यही हो । आफूलाई परब्रह्म परामात्माको स्वरूपमा विभिन्न नदीहरू समुद्रमा मिस्सिएझैं लय गरिदिनु। यस विषयको रूपक चण्डीमा छ । शुम्भसित युद्ध गर्दा भगवतीको देहबाट ब्राह्मी माहेश्वरी, कौमारी, वैष्णवी, नारसिंही आदि निस्के । नारसिंहीले गदा, ब्राह्मीले कमण्डलुको जलले प्रहार गरेको कुरा त्यहाँ आउँछन् । शुम्भले अर्काको बल, शक्ति पाएर बडो फूर्ति गर्छ्यौं भनेपछि भगवतीले मातृकाहरूलाई आफ्नो हृदयमा लीन गरेर देखाइन्। म बाहेक यहाँ केही छैन भनेर भनिन् ।

नदीहरू समुद्रमा मिस्सिए जस्तै आफ्नो अस्तित्वलाई उही ईश्वरतत्त्वमा मिलाउनु नै तन्त्र उपासनाको, साधनाको मूल लक्ष्य हो। तर नाम रूप नभएको देवताको उपासना कठिन भएकोले भैरव छन्, भद्रकाली छन्, काली, तारा, षोडशी, भुवनेश्वरी आदि पनि छन्। **त्रयी साङ्ख्यं योगः पशुपतिमतं वैष्णवमिति।** कसैले वेद माने, कसैले सांख्य माने, कसैले योग, कसैले तन्त्र माने, कसैले वैष्णव माने। यी एकै ठाउँमा पुग्न बनाइएका थरिथरिका बाटाहरू हुन् ।

कुनै ठाउँमा पुग्नु पर्‍यो भने हामी उनाउ, नराम्रो र नचिनेको बाटो हिंड्दैनौं। प्रत्येक बाटोका मान्यताहरू, मर्यादाहरू हुन्छन् – त्यो हामीले जानेका हुँदैनौं । चिनेको बाटो लामै भए पनि, अँध्यारै भए पनि हामीलाई सजिलो लाग्छ। यसरी नै हामी पनि जुन परम्परामा हुर्केका छौं, त्यसैको अनुसरण गर्न सहज ठान्दछौं । आ–आफ्नो परम्पराअनुसार साधना, उपासना गर्नलाई विभिन्न तन्त्रहरू बनेका हुन्, विभिन्न देवीदेवताका स्वरूपहरू बनेका हुन् । त्यसपछि विभिन्न महाविद्याको प्रतिपादन भयो। मन्त्र भन्नु, देवता, भन्नु, विद्या भन्नु, यन्त्र भन्नु – सबै एउटै हुन्।

महानवमीको दिन तपाईंहरू मेशिनलाई पूजा गर्नुहुन्छ । अमेरिकाबाट वा जर्मनीबाट त्यो धातुको डल्लो बनेर आएको हुनसक्छ । तपाईंले त्यसबाट निस्कने शक्तिलाई चाहिं पूजा, श्रद्धा, उपासना गर्नुभएको हो । शक्ति के हो त ?

हुन त आदि शङ्कराचार्यको नेपाल प्रवेश ऐतिहासिक तथ्य हो, होइन - यसमा विवादै छ । तर किंवदन्ती के छ भने, शङ्कराचार्यले नेपालमा प्रवेश गर्नु

भएर परब्रह्मको व्याख्या गर्न थाल्नुभयो । नाउँ र रूप नभएको ब्रह्मको वर्णन गर्न थाल्नुभयो । परब्रह्म व्यापक छन् । संसारको एउटै तत्त्व यही हो । द्वैतभाव मायिक हो । भेददृष्टि भ्रमबाट निस्केको हो भन्दै हिंड्न थाल्नुभयो । एक दिन उहाँ लड्नुभएछ । हातखुट्टा उठाउन त के चलहल पनि गर्न सक्नु भएन ।

त्यतिबेला एउटी सानी बालिका प्रकट भई जोगी बाबा ! तपाईं त सुत्नुभएछ, खान पाउनु भएन छ कि, लौ खानुस् भनेर खीरको पात्र दिइन्। शङ्कराचार्यको हात पनि उठ्तैन, गोडा पनि उठ्तैन। उहाँलै खै नानी ! मेरो त शक्ति नै छैन भन्नुभयो। मुसुक्क हाँसेर बालिकाले किन, तपाईंले मेरो ब्रह्म छैन भन्नुपर्ने, शक्ति छैन भन्नु भएछ भनेर भनिन्। भनिन्छ, त्यसपछि फेरि उहाँले शक्तिको उपासना गर्न थाल्नुभयो।

शक्तिको रूप छैन । बोल्ने शक्ति, कर्मशक्ति, अनुसन्धान गर्ने शक्ति । शक्ति अपरिहार्य छ, सबलाई चाहिन्छ । म सक्दिनँ भन्ने चलन छ । शक्ति न अर्थात् शक्ति छैन । शक्ति कति व्यापक छ त भनेदेखि **जले शीतलत्वं शुचौ दाहकत्वम्, विधौ निर्मलत्वम्, रवौ तापकत्वम्।** जलमा शीतलता छ, आगोमा तताउने शक्ति छ पोल्ने गुण छ, सूर्यमा तापशक्ति छ, हावामा सुकाउने शक्ति छ । यो सबै **त्वमेवाम्बिके**, हे अम्बिका, तपाईं नै हुनुहुन्छ । **त्वमेका परब्रह्मरूपेण सिद्धा** । तपाईं त परब्रह्मस्वरूप हुनुहुन्छ ।

देवता – तत्त्व निर्गुण, निराकार, निरञ्जन अनि नाम रूप नभएको तत्त्व हो। त्यसलाई मानिसले **साधकानां हितार्थाय** भनेझैं आफ्नो हितको लागि विभिन्न परिकल्पना गर्छ । महिषासुरलाई एउटी सुन्दरीको हातबाट मर्ने इच्छा भयो, कल्पना गऱ्यो – तिनी त्यस्तै भइदिइन् । कालीको प्रचण्डरूप पनि हाम्रो कल्पना हो । भैरवको रूप भीषण छ तर उनी ज्ञान र परब्रह्मका द्योतक हुन् । **भीरूणामभयप्रदो विज्ञानभैरव** भन्ने पनि चलन छ नै ।

यसरी देवतत्त्वका विविध रूप खालि हाम्रा कल्पना हुन् । तर यी मिथ्या चाहिं होइनन् । कल्पना गरेतापनि सत्य नै हुन् । म एउटा व्यक्ति हुँ – यो सत्य हो। तर म दाजु पनि हुँ, बाबु पनि हुँ, छोरो पनि हुँ यही भेद चाहिँ कल्पना हुन्। तर कल्पना भएरै पनि भाइको अगाडि, छोराको अगाडि र बाबुको अगाडि मैले

गर्ने, गर्नुपर्ने व्यवहार बेग्लाबेग्लै हुनुपर्छ। परब्रह्म परमात्मा ईश्वरले पनि विभिन्न स्थानमा, विभिन्न कर्म गर्ने उपासकका अगाडि विभिन्न रूप लिन्छन् । जस्तो आकाश के हो, कत्रो छ भन्ने भेउ पाउन नसके पनि चारकुने कोठाबाट देखिने चारकुने आकाशका आकार कल्पना भएर पनि एउटा यथार्थ नै हो ।

तन्त्रको प्रयोगविधि - उपासना

तन्त्रमा उपासनाका विधिहरू पनि प्रतिपादन गरिएका हुन्छन् । उपासना गर्दा पहिले भाव चाहिन्छ। **भाव एव हि केवलम्** । तीन प्रकारका भाव हुन्छन्- पशुभाव, वीरभाव, दिव्यभाव । पशुभावको उपासनामा उपासक आफूलाई ईश्वरको दास मान्दछ । घरद्वार आदि तुच्छ कामनाको पूर्ति गरिदिन ईश्वर पुकार्दछ । अधिकांश मानिसको ईश्वरभक्तिको रहस्य यति मात्र हो । तर हाम्रो साधनापद्धतिमा पशुभावको उपासनालाई सबैभन्दा निकृष्ट, सबैभन्दा हीन सिद्ध गरिएको छ ।

वीरभावको उपासनामा उपासकले स्वयंलाई देवता ठान्दछ । **अहं ब्रह्मास्मि** भन्दछ । 'म' को दुइटा अर्थ छन् । एउटा 'म' ले मानिसलाई घमण्डी, स्वार्थी सिद्ध गर्दछ । शरीरलाई म भन्न थाल्यो भने मेरो घर, मेरो द्वार, मेरो कपडा, मेरो लोग्ने, मेरी स्वास्नी, मेरो सम्पत्ति आदिसम्म पुगिन्छ । यो डरलाग्दो हुन्छ । यसले संसारको कहिल्यै कल्याण गर्दैन । अर्को 'म' चाहिँ अहंता पूर्णहन्ता । यो जगत्लाई आफू ठान्नु । यो जगत्मा म मात्रै छु । ममा नै यो जगत् छ । यस्तो दृष्टिकोणलाई अहन्ता भनिन्छ । अहं भनेको म – यो ब्रह्मरूपता – पूर्णव्यापकता हो ।

संस्कृतमा अहं शब्दको बनोट यस्तो छ । 'अ' र 'ह' वर्णका बीचमा सारा संसार पर्दछन् । जसरी प वर्गको उच्चारण गर्न हामीले ओठ जोड्नुपर्छ, त्यसरी नै 'अ' र 'ह' वर्णलाई 'म' ले जोडिदिन्छ । यसरी 'अ' र 'ह' बीचका सबै मातृकाहरू, सम्पूर्ण ज्ञान सबै अक्षरहरू 'म'भित्र पस्छन् ।

वीरभावको उपासनामा उपासक देवताभन्दा बेग्लै हुँदैन तर उसले **अहं देवी न चान्योस्मि** म देवता हुँ, अरू कोही पनि छैन भन्छ । म नै सत्चित् आनन्द हुँ भन्दछ । वीरभावको उपासना गर्नेले गरेको कुनै पनि कर्मको दोष लाग्दैन । त्यस्तो उपासक दोष नलाग्ने हुँदै जान्छ ।

शिशुकालमा हामी एउटा खेल खेल्थ्यौं । साथीहरू माझ उभिएर मलाई छो त भन्दथ्यौं । साथीले हात समात्न पुग्यो भने हामी भन्थ्यौं – हात पो छोइस्, मलाई छो त ! कानमा समाते पनि नहुने, नाकमा समाते पनि नहुने । अर्कोतिर भनौं, पिता मृत्युशय्यामा हुनुहुँदा हामी 'ल ल, जानु भो' भन्छौं । कहाँ जानु भो, उहीं त हुनुहुन्छ । के भएर उनलाई हामी पिता भन्छौं, के नभए त्यसलाई लगेर हामी जलाइ दिन्छौं । स्वास्नीले त्यस्तो प्रेम गरेर, त्यस्तो प्रिय बनाएर राखेको लोग्नेलाई पनि मऱ्यो भने लैजाउ, लैजाउ भन्छिन् ।

जुन तत्त्व छँदा हामी छ भन्छौं, जुन नहुँदा हामी छैन भन्छौं – त्यो सबैभन्दा महत्त्वपूर्ण तत्त्व रहेछ । यौटा त्यही परब्रह्म परमात्मा हो । देवता तत्त्व र आत्मतत्त्व पनि त्यही हो । त्यसैले भनिएको छ –

ईश्वरो गुरुरात्मेति मूर्तिभेदविभागिने ।
व्योमवद् व्याप्तदेहाय दक्षिणामूर्तये नमः ।।

आकाशजस्तो व्यापक, ईश्वर आत्मा गुरु एउटै तत्त्व हो । यस्तो उपासना वीरभावको उपासना हो । यस उपासनामा अनेक किसिमका उपचार गरिन्छन् । धूप दीप नैवेद्य, मद्य मांस इत्यादि सबै । तर यो अन्तिम होइन ।

सबैभन्दा अन्तिम सोपान हो दिव्यभावको उपासना । दिव्यभाव उपासना गर्नेले स्वयंलाई र ईश्वरलाई अभिन्न मान्दछ । उपासक ध्यानमग्न भइ बस्तछ र उसका लागि बाहिरी जगत्को कुनै पनि कुरा प्रभावहीन हुन्छ।

तन्त्रको प्रयोगविधि - आचार

तन्त्रमा विभिन्न आचारका विषयमा पनि उल्लेख छ । वेदाचार भन्नाले वेदमा भनिए किसिमको आचारण गर्ने । वैष्णवाचार भन्नाले विष्णुलाई आराध्य मानेर ठाडो टीका लगाउने । वामाचार भन्नाले पञ्चमकारहरूको प्रयोग । सम्पूर्ण आचारका विषयमा यहाँ वर्णन गर्नु सम्भव छैन । आचारको विस्तृत ज्ञान गुरुबाट मात्र प्राप्त हुन सक्तछ ।

तन्त्रको उपासनाबाट अज्ञान बाहिरिन्छ, ज्ञान भित्रिन्छ । मोक्ष प्राप्त हुन्छ।

अर्थात् जन्म मरणको भवचक्रमा पर्नुपर्दैन । कोही कोही यो संसार सुन्दर छ, यहाँ अनेक किसिमका वस्तुहरू, ठाउँहरु छन्, यहाँ जन्मिएर अनुभव गर्न पाउनु पर्छ भन्ने पनि छन् तर अनुभव गराई कहिलेसम्म ?

बेस्करि भोक लागेपछि खाना खाँदा अपार आनन्दको अनुभव हुन्छ । तर खाना खाइसकेपछि दुःखको अन्त होइन, शुरुवात हुन्छ । यसरी दुःखको अन्त्य छैन । दुःखको अन्त गर्न ईश्वरको उपासनाबाट ज्ञान र त्यसबाट मोक्ष प्राप्त गर्नुपर्दछ। फेरि कोही ईश्वरको चरणमै सुख रहेको ठान्दछन् र मोक्ष पनि चाहँदैनन्। **न मोक्षस्याकाङ्क्षा भवविभाववाञ्छापि च न मे** भन्नेहरू यी नै हुन् । यो प्रेमाभक्ति हो ।

तन्त्रमा योग

तन्त्रमा योगको वर्णन पनि छ । योग भनेको जोड्नु । जीव र परमात्मालाई जोड्नु नै योग हो । अनि यो संसारमा आफूलाई देख्ने कसरी ? एउटा ठूलो पुरुष शरीरमा चक्रैचक्र रहेको चित्र तपाईं देख्नुहुन्छ। हुन त पर्यटकलाई लोभ्याउने मनसायले लेखिएका यस्ता चित्रहरूमा भए नभएका कुरा हुने गर्दछन् । यो यौगिक विश्वपुरुषको चित्र हो ।

ईश्वरको उपासना योगद्वारा गरिनुपर्छ । हामी गरिरहेकै हुन्छौं । कसैले नबताईकन हामी सहज प्रक्रियाको योग गरिरहेका हुन्छौं । त्यसै भइराखेको हुन्छ। एउटा अजपा छ । जप गर्न नपर्ने । सास बाहिर निस्कँदा एउटा अक्षर, भित्र जाँदा अर्को अक्षर । **सोऽहम्, सोऽहम्, सोऽहम्** – म त्यही हुँ, म त्यही हुँ, म त्यही हुँ । यति हुँदाहुँदै पनि मान्छेमा भावना हुनुपर्छ – म यो गर्दैछु भन्ने भावना । योगको मूल लक्ष्य दिव्यभावको उपासना हो ।

उपसंहार

संसारमा जति पनि विषम परिस्थितिहरूको सिर्जना भएको छ – त्यसको कारण भेददृष्टि हो । भेददृष्टिले विभागहरू देखिएका हुन् । तन्त्रले बताएको दर्शन भेददृष्टिलाई समाप्त गर्ने खालको छ । विज्ञान नचाहिने भन्ने होइन । तर भौतिक

वस्तुले कहिल्यै मूल लक्ष्यमा पुग्ने हाम्रो अठोटलाई रोक्न सक्दैन । हाम्रो अठोट के हुनुपर्छ भने हाम्रो वाटो व्यापकतातिर उन्मुख हुनुपर्छ । जुन उपासना गरे पनि, जुन देवताको उपासना गरे पनि, जस्तो कर्म गरे पनि, त्यो परम्पराअनुसार हुनुपर्छ र हाम्रो चिन्तनले खारिएको हुनुपर्छ ।

आखिरमा ज्ञान र कर्मलाई जोड्ने हो। तन्त्रले, कर्मकाण्डले जोड्ने काम गर्छ । कर्मकाण्ड भनेको फूल, अक्षता, घण्टा, दक्षिणामात्र उपचार होइन - ईश्वरमा आफ्नो एकता र समर्पण हो - त्यही जप, पूजा, अर्चना हो । जप पूजा अर्चनाको तात्पर्य दिव्यभावको उपासना हो । तन्त्रको तात्पर्य पनि यही हो ।

तन्त्र-परिचय

तन्त्र-शब्दार्थ

'तन्त्र' शब्दको मूल अर्थ हो 'शास्त्र', त्यो शास्त्र जसबाट ज्ञानको विस्तार हुनसक्तछ । केवल ज्ञानको विस्तार गर्ने शास्त्र मात्र नभै आफ्नो अनुसरण गर्ने व्यक्तिहरूको रक्षक पनि हो ।

'तन्त्र' शब्दको व्यापक अर्थ हो - शास्त्र, सिद्धान्त, अनुष्ठान, विज्ञान, विज्ञानविषयक ग्रन्थ आदि । विभिन्न ग्रन्थकारहरूले यस शब्दको प्रयोग उपर्युक्त विभिन्न विषयहरूको निमित्त गरेका छन् ।

तर लोकव्यवहारमा 'तन्त्र' शब्दको प्रयोग मन्त्र–कीलक–कवचसँग सम्बन्धित साहित्य, रहस्यमय एवं चमत्कारपूर्ण प्रयोग र देवी, भैरव आदि देवताहरूको पूजाका विधि–विधान लेखिएका ग्रन्थहरूको निमित्त गरिएको पाइन्छ।

तन्त्र शब्दको पर्यायवाची शब्द - आगम

'तन्त्र' शब्दको अर्को पर्यायवाची शब्द 'आगम' हो । यो शब्द पनि 'तन्त्र' शब्दजत्तिकै प्रसिद्ध छ । यसको पनि व्यापक अर्थ हो 'शास्त्र', त्यो शास्त्र जसबाट अभ्युदय (लोकल्याण) र निःश्रेयस (मोक्ष) प्राप्त हुनसक्तछ । तर 'तन्त्र' शब्द जस्तै 'आगम' शब्दको प्रयोग पनि लोकव्यवहारमा शक्तिपूजासँग सम्बन्धित मन्त्रशास्त्रको निमित्त गरिएको पाइन्छ ।

तन्त्रको लक्षण

सर्ग, प्रतिसर्ग, मन्त्रनिर्णय, देवताहरूको संस्थान, तीर्थहरूको वर्णन, आश्रमधर्म, ब्राह्मणहरूको र प्राणीहरूको संस्थान, यन्त्रहरूको निर्णय, विद्वान् ऋषिहरू र कल्पवृक्ष आदिको उत्पत्ति, पौराणिक कथाहरू, व्रतहरूको निर्णय,

शौचाशौचको निर्णय, नरकहरूको वर्णन, राजधर्म, दानधर्म, युगधर्म, व्यवहारवर्णन, अध्यात्मवर्णन आदि लक्षणहरूले युक्त शास्त्र नै तन्त्र हो ।

आगमको लक्षण

सृष्टि, देवताहरूको पूजा, सबै सिद्धिहरूलाई प्राप्त गर्ने उपाय, पुरश्चरण, षट्कर्म (मारण, मोहन, वशीकरण, स्तम्भन, विद्वेषण, उच्चाटन), उपाय, ध्यानयोग (अभीष्ट देवताको चिन्तन) यी सात लक्षणहरू 'आगम'का पाइन्छन् ।

यिनै लक्षणहरूले तन्त्र वा आगमका विषयहरूपट्टि सङ्केत गर्दछन् ।

तन्त्रको वैशिष्ट्य

वेदको वैशिष्ट्य 'ज्ञान' हो भने तन्त्रको वैशिष्ट्य क्रिया हो । क्रिया भएन भने ज्ञान भार मात्र ठहरिन जान्छ । आफूले पाएको ज्ञानलाई क्रियात्मक रूपमा परिणत गर्न सकेमा मात्र सफलता प्राप्त गर्न सकिने हुन्छ । वेदले बताएको ज्ञानलाई साधनाद्वारा क्रियात्मक रूप दिनु नै तन्त्र वा आगमको लक्ष्य हो । तन्त्रमा मात्र पनि 'ज्ञान' पर्याप्त मात्रामा पाइन्छ तर माथि बताइएझैं 'क्रिया' (साधना) नै यसको वैशिष्ट्य हो।

तन्त्र वा आगमहरूको आविर्भाव

भगवान् शिवका पाँच मुखहरू छन् । यसैले यिनलाई 'पञ्चवक्त्र' वा 'पञ्चमुखी' भन्दछन् । यिनै पाँच मुखका शास्त्रीय नामहरू हुन् – ईशान, तत्पुरुष, सद्योजात, वामदेव र अघोर । शिवका यिनै पाँच मुखबाट समस्त तन्त्र वा आगमहरूको आविर्भाव भयो । पार्वतीले शिष्यभाव लिएर यिनीहरूलाई सुनिन्। यसरी शिव र पार्वतीको प्रश्नोत्तरका रूपमा निक्लेको तान्त्रिक ज्ञानराशि नै जनकल्याणका लागि संसारमा फैलिएको छ ।

आगमअनुसार महेश्वरको स्वरूप यौटै मात्र छ । तर उनका शक्तिहरूको सम्बन्धभेदले गर्दा उनका दश भेदप्रधान, अठार भेदाभेदप्रधान र चौसट्ठी अभेदप्रधान अवस्थाहरू प्रकट भए । यिनै अवस्थाहरू क्रमशः शिवावस्था, रौद्रावस्था र भैरवावस्था भनिन्छन् ।

शिवका दश भेदप्रधान अवस्थाहरूमा यिनका पाँच मुखबाट प्रस्फुटित भएका 'कामिक' आदि दश भेदप्रधान आगमहरू 'शैवागम' भनिन्छन् । यिनैका अठार भेदाभेदप्रधान अवस्थाहरू प्रकट भएका 'विजय, निःश्वास' आदि अठार भेदाभेदप्रधान आगमहरू 'रौद्रागम' को नामले प्रसिद्ध छन् । यसैगरी शिवका अभेदप्रधान चौसट्ठी अवस्थाहरू छन् ।

शिवको दक्षिण वक्त्र योगिनीवक्त्र हो । यो शिवशक्तिको अद्वय सङ्कट रूप हो । जब यसैमा अन्य चारै वक्त्रहरू अन्तर्लीन भएर परस्पर मिल्दछन्, त्यसबेला चौसट्ठी प्रकारका अद्वयप्रधान भैरवावस्थाहरू आविर्भूत हुन्छन् । यही बेला भैरवागमहरूको आविर्भावको बेला हो । यस बेला सबै किसिमका भेदहरू अस्त भएर अद्वय अवस्था आउँछ । यसैले यहाँ आविर्भूत भएका चौसट्ठी प्रकारका आगमहरू भैरवागमको नामले प्रसिद्ध छन् । यी मूल आगम वा तन्त्रहरू हुन् । उपभेद त अनन्त छन् ।

ज्ञानको अवतरणको क्रम

अद्वैतमतानुसार ज्ञानको अवतरण यस प्रकार हुन्छ –

१. **परावाक्भूमि** – यो सबै प्रकारका ज्ञानको मूल रूप हो । यो बोधस्वरूप हो, पूर्ण स्थिति हो । अनन्त शास्त्रहरू परबोधको रूपमा परावाक्मै निहित रहन्छन् ।

२. **पश्यन्तीभूमि** – सृष्टिका उन्मेषमा परावाक्मा रहेका शास्त्रहरू क्रमशः निम्न भूमिहरूमा ओर्लन्छन् अर्थात् बहिर्मुखी भएर प्रकाशित हुन्छन् । सर्वप्रथम परमबोधबाट 'अहं' ज्ञानको उदय हुन्छ – अन्तर्हृदयमा । यस स्थितिमा परमबोध स्फुट रहँदैन । यस बेला वाच्यवाचकभाव पनि रहँदैन । यही 'पश्यन्ती भूमि' हो ।

३. **मध्यमाभूमि** – यस भूमिमा परमेश्वर आफ्नै स्वरूपलाई गुरु-शिष्यको अंशमा विभक्त गरेर आफै गुरु र शिष्य बन्दछन् । उनी गुरुमा आफ्नो चित्, आनन्द, इच्छा, ज्ञान र क्रिया नामक पाँच शक्तिहरू मुख्य रूपमा प्रकट गर्दछन् । यसैले महाशिव (गुरु) पञ्चवक्त्र हुन् । यिनैले उपर्युक्त

रूपबाट शास्त्रहरू प्रकाशित गर्दछन् । तर यस मध्यमा अवस्थामा पनि शास्त्रहरू अस्फुट नै रहन्छन् ।

४. **वैखरीभूमि** - वैखरी भूमिमा ती ज्ञानहरू प्रकाशित भएर शास्त्रहरूको रूप लिन्छन् । अनि पदार्थहरू प्रस्फुटित भएर संसारमा फैलन थाल्दछन्।

कलियुगमा तन्त्रको प्रधानता

सत्ययुगमा वेदप्रतिपादित आचारको, त्रेतायुगमा स्मृतिको, द्वापरयुगमा पुराणको र कलियुगमा आगम (तन्त्र) प्रतिपादित आचारको प्रधानता रहन्छ । सत्ययुगमा दश वर्ष, त्रेतायुगमा एक वर्ष, द्वापरयुगमा एक महिना साधना गरेर पाइएको फल कलियुगमा एक दिनमात्रको साधनाद्वारा पाउन सकिन्छ । कलिमा आध्यात्मिक शक्ति क्षीण भएको पाइन्छ । मानिसहरूमा त्याग, तपस्या, धैर्य आदि अत्यन्त महत्त्वपूर्ण साधनाका आवश्यकताहरू आज समाप्तप्रायः छन् । यसकारण तन्त्रोक्त मार्गबाट थोरै साधनाबाट कलियुगमा विशिष्ट फल प्राप्त गर्न सकिन्छ ।

तन्त्रका अधिकारी

तान्त्रिक अनुष्ठानहरूमा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र चारै वर्णको पूर्ण अधिकार छ । यहाँ भेदभाव छैन, जातिपातिको भिन्नता छैन । त्यसकारण तन्त्र सार्वभौमिक र सार्ववर्णिक भएर लोकप्रिय हुन गएको छ ।

तर तन्त्रमा अधिकारीको विवेचना नभएको होइन । गुरुले शिष्यलाई खुब परीक्षा गरेर मात्र साधनाको मार्गमा बढ्ने अधिकार प्रदान गर्दछन् । विनागुरु कुनै कार्य गर्ने अनुमति तन्त्रले दिंदैन ।

तन्त्र वैदिक वा अवैदिक

वामाचारका केही साधनप्रक्रियाहरू देख्दा विद्वान्हरू तन्त्रलाई वेदबाह्य मान्दछन् । तर कति तन्त्रहरूको मूलस्रोत वेद नै रहेका छन् । वैदिक आचारको यहाँ विधान छ । कति पूजापद्धतिमा त वेदका नै मन्त्रहरूको उच्चारण गर्नुपर्दछ। त्यसकारण तन्त्र वैदिक हो ।

तन्त्रको प्राचीनता

वैदिक पूजाको साथमा गुप्त-तान्त्रिक पद्धतिको कल्पना गर्नु निराधार होइन । विभिन्न तन्त्रमा प्रतिपादित तथ्यहरू वेदमा वर्णित छन्, केवल अथर्ववेदमा मात्र होइन, सबभन्दा प्राचीन मानिएको ऋग्वेदमा पनि । वेदबाट प्रस्फुटित भएकी तन्त्र-गङ्गा, उपनिषद्को ज्ञानराशिलाई बोकेर त्यसतिर पुऱ्याउने साधनाको सन्देश दिंदै अनेकौं शाखा-उपशाखाको सम्बद्ध ज्ञान र क्रियाकलापलाई आत्मसात् गर्दै प्राणीमात्रको कल्याणका लागि अनवरत प्रवाहित भइरहेकी छिन् ।

हामीले भन्यौं - तन्त्र वेदमा छ, यसै तन्त्रले उपनिषद्को ज्ञानराशि बोकेको छ, तन्त्र बौद्ध र जैन साहित्यमा छ, तन्त्र धर्मशास्त्र र पुराणमा छ, तन्त्र अन्यान्य सामाजिक शास्त्रहरूमा छ ।

तन्त्रको प्रमुख लक्ष्य

तन्त्रको सबभन्दा ठूलो लक्ष्य हो जीवलाई परमात्मासँग अभिन्न बनाउनु। तन्त्रमा वर्णित ज्ञानको पनि प्रमुख विषय हो - परमाद्वैतवाद । तान्त्रिक पूजक आफू देवता नै भएर देवताको पूजा गर्दछ । उपासक भन्दछ -

मै हुँ देवी देव सारा पूर्ण चैतन्य ब्रह्म हुँ ।
सुखी दुःखी ह्वैन केही सच्चिदानन्द रूप हुँ ।।

तन्त्रमा भाव र आचार

तन्त्रमा भावको ठूलो महत्त्व छ । भाव एक मनोदशा हो । यसका तीन भेद छन् - पशु, वीर र दिव्य । जुन जीवहरूमा अविद्याको आवरण नहटेकोले अद्वैतभावको उदय भएको छैन, ती 'पशु' हुन्, तिनको मानसिक अवस्था 'पशुभाव' हो । जसले अद्वैतज्ञानको केही अंशमात्र पनि प्राप्त गरेर अज्ञानरूप बन्धनलाई अलिकति मात्र पनि काट्न समर्थ भएको छ त्यो 'वीर' हो, त्यसको मनोदशा 'वीरभाव' हो । जसले 'वीरभाव' को चरमोत्कर्षबाट 'द्वैतभाव'लाई सर्वथा हटाएर आफ्नो उपास्य देवताका सत्तासँग आफ्नो सत्तालाई अभिन्न गराउन सकेको छ, त्यो 'दिव्य' हो, त्यसको मनोदशा 'दिव्यभाव' हो ।

आचार - आचार पनि सात छन् - वेदाचार, वैष्णवाचार, शैवाचार, दक्षिणाचार,

वामाचार, सिद्धान्ताचार तथा कौलाचार । यिनीहरू उक्त 'भाव' सँग सम्बद्ध छन् । यिनीहरूमा वेदाचार, वैष्णवाचार, शैवाचार र दक्षिणाचार 'पशुभाव' का निमित्त, वामाचार र सिद्धान्ताचार 'वीरभाव'का निमित्त र कौलाचार 'दिव्यभाव' का लागि हो । यी सबमध्ये कौलाचार सर्वश्रेष्ठ मानिन्छ । यसका रहस्य अत्यन्त गूढ छन् ।

कुल – कुल शब्दका अनेकौं अर्थ भए तापनि जुन साधकको अद्वैत भावना पूर्ण र शुद्ध छ त्यही 'कौल' हो । त्यसको निमित्त शत्रु र मित्रमा, मसान र भवनमा, सुवर्ण र तृणमा केही भेद रहँदैन । 'कौल'ले कहिल्यै पनि आफ्नो वास्तविक स्वरूप प्रकट हुन दिंदैन । उसका आचरण पनि सर्वश्रेष्ठ हुन्छन् ।

'कौल' पनि दुई प्रकारका हुन्छन् – पूर्वकौल र उत्तरकौल । 'पूर्वकौल'हरू पञ्चमकारको 'अनुकल्प' विधान गर्दछन् भने 'उत्तरकौल'हरू यिनीहरूको साक्षात् प्रयोग गर्दछन् ।

वास्तवमा 'कुल' शक्ति हो, 'अकुल' शिव हो । कुलमा अकुलको सम्बन्ध नै कौल हो । अर्थात् मूलाधार चक्रमा रहेको कुण्डलिनी शक्तिलाई उठाएर 'सहस्रार' मा रहेका शिवतत्त्वसँग मिलाएर राख्नु नै यसको प्रमुख लक्ष्य हो ।

कुलाचारको उपासना पाँच 'मकार' को प्रयोगमा अनुष्ठित छ । यी पाँच मकारहरू मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन हुन् ।

१) मद्य बाहिरी 'रक्सी' होइन, ब्रह्मरन्ध्रमा रहेको सहस्रार कमलबाट झर्ने अमृत नै मद्य हो । यो 'खेचरी' मुद्राबाट सिद्ध हुन्छ, त्यही पान गर्ने योगी नै 'मद्यपायी' हो ।

२) जसले पुण्य-पापरूपी पशुहरूलाई ज्ञानका खड्गले मारेर आफ्नो मनलाई परब्रह्ममा लीन गराउँछ, त्यही 'मांसाहारी' हो ।

३) शरीरमा रहेका इडा र पिङ्गला नाडीहरू गङ्गा र यमुना भनिन्छन् । यिनीहरूमा पौडी खेल्ने श्वास-प्रश्वास दुइवटा माछा हुन् । जुन साधकले प्राणायामद्वारा ती माछालाई सुषुम्णाभित्र लैजान सक्तछ र त्यहीं खेलाउँछ, त्यो 'मत्स्याहारी' हो ।

४) सत्सङ्गबाट मुक्ति र असत्सङ्गबाट बन्धन हुन्छ, यसकारण असत्सङ्ग त्याग गरी सत्सङ्गमा प्रसन्न रहनु नै 'मुद्रा' हो ।

५) मूलाधारमा रहेको कुण्डलिनी शक्तिलाई सहस्रारमा रहेका शिवसँग मिलाउनु नै 'मैथुन' हो, शिवशक्तिको सामरस्य हो ।

यसरी पाँच मकारहरूको प्रयोग 'अन्तर्याग' हो । यो वाममार्ग हो । यसमा अधिकार त्यसैको हुन्छ जो अर्काको धन देखेर 'अन्धो' जस्तो हुन्छ (वास्ता गर्दैन), अर्काकी स्वास्नी देख्दा नपुंसक हुन्छ (आसक्त हुँदैन), अर्काको निन्दा गर्नमा लाटो हुन्छ (कहिल्यै परापवाद गर्दैन), सर्वथा जितेन्द्रिय हुन्छ ।

कोही यिनीहरूको प्रयोग साक्षात् गर्दछन्, यो वीराचार हो । यो रहस्य अत्यन्त गोप्य छ ।

तन्त्रहरूका भेद

तन्त्रहरूका मुख्य तीन भेद छन् - ब्राह्मणतन्त्र, बौद्धतन्त्र र जैनतन्त्र । उपास्य देवताका भेदले ब्राह्मणतन्त्रका पनि तीन भेद छन् - वैष्णवागम (पाञ्चरात्र अथवा भागवततन्त्र), शैवागम र शाक्तागम । यिनीहरूमा क्रमशः विष्णु, शिव र शक्तिलाई परा देवता मानेर उपासना गर्ने प्रक्रिया पाइन्छन् ।

पाञ्चरात्र - पाञ्चरात्र आगमका संहिताहरूमा चारवटा विषयहरू प्रतिपादन गरिएका छन् - ज्ञान, योग, क्रिया र चर्या । यस तन्त्रमा परब्रह्म अद्वितीय, दुःखरहित, निःसीम, सुखानुभव रूप, अनादि, अनन्त, सब प्राणीहरूमा रहने, व्यापक, निरवद्य र निर्विकार छन् । यस तन्त्रका परमोपास्य नारायण सगुण र निर्गुण दुवै छन् । यिनी जगत्का उपादान तथा निमित्त दुवै कारण हुन् ।

वैखानस - वैष्णवागमहरूमा वैखानस आगमको पनि प्रमुख स्थान छ । यसको कृष्णयजुर्वेदको औरवेय शाखासँग सम्बन्ध थियो भन्ने विद्वान्हरूको भनाइ छ । वैखानस आगमको मुख्य विषय क्रिया तथा चर्या हो । यस दर्शनअनुसार परमोपास्य श्रीविष्णुको आराधना जप, हुत (हवन), ध्यान र अर्चना चार प्रकारले वैदिक पद्धतिबाट गरिन्छ र यस अनुष्ठानबाट जीवले क्रमशः सालोक्य, सामीप्य, सारूप्य र अन्त्यमा सायुज्य मुक्ति प्राप्त गर्दछ ।

शैवागम - शैवागमका भेद धेरै छन् तापनि परम्परागत रूपमा यसका छ वटा मत प्रचलित छन् -पाशुपत, शैवसिद्धान्त, वीर शैव, प्रत्यभिज्ञा, रसेश्वर र व्याकरण ।

पाशुपत मत – यस मतको स्थापना शिवका अवतार मानिएका नकुलीश, लकुलीश अथवा लगुडेशले ईशवी पहिलो शताब्दीतिर गरेका थिए ।यसैले यसको नाम 'नकुलीश पाशुपत दर्शन' प्रख्यात छ । यसका मूल ग्रन्थ पाशुपतसूत्र र कौण्डिन्यभाष्य हुन् । यस दर्शनमा कार्य, कारण, योग, विधि र दुःखान्त पाँच पदार्थ छन् ।

शैवसिद्धान्त मत – यस मतको प्रचार भारतको दक्षिण (तमिल–प्रदेश) मा बढी छ । सन्त आपार, सन्त ज्ञानसम्बन्ध, सन्त सुन्दर र सन्त मणिक्कवाचक चार आचार्यहरूले चर्या, क्रिया, योग र ज्ञान चार मार्गहरूको स्थापना गरे । यिनीहरूभन्दा पहिले पहिलो, दोस्रो शताब्दीतिर सन्त नक्कीर र सन्त कणप्पले पनि यस सिद्धान्तको प्रचार गरे । यस मतमा तीन पदार्थ मानिन्छन् – पति, पशु र पाश।

वीरशैव मत – यस मतको प्रचार कर्णाटक देशमा धेरै छ । यस मतका अनुयायीहरू लिङ्गायत अथवा जङ्गम भनिन्छन् । यिनीहरू हरदम आफ्नो घाँटीमा शिवलिङ्ग धारण गर्दछन् । यस मतका आद्यप्रचारक वसव थिए । यस मतलाई शक्तिविशिष्टाद्वैत भन्दछन् । यो कर्मप्रधान छ । शक्तिविशिष्ट जीव र शक्तिविशिष्ट शिवको सामरस्य नै यस मतको प्रमुख विषय हो ।

प्रत्यभिज्ञा मत – प्रत्यभिज्ञाशास्त्रको मूल स्थानीय ग्रन्थ सोमानन्द (८०० ई.) को शिवदृष्टि हो । यस मतमा परमशिव आफ्ना चित्, आनन्द, इच्छा, ज्ञान र क्रिया पाँच शक्तिद्वारा आफैलाई स्वभित्तिमा जगत्रूपबाट परिणत गर्दछन् । यहाँ शिव र शक्ति अभिन्न छन् । यसको साधनमार्गमा ज्ञान र भक्तिको सामञ्जस्य छ । यस मतअनुसार मोक्ष–भक्तिको आवरणरहित सन्उन्मेष मात्र हो, यही चिदानन्दलाभ हो ।

रसेश्वर मत – यस सम्प्रदायको मुख्य सिद्धान्त हो – जीवन्मुक्ति प्राप्तिको उपाय दिव्य शरीर पाउनु । पारो नै रस हो, यही ईश्वर हो । यसैको सेवनले शरीर क्लेशरहित बन्दछ ।

व्याकरण मत – यो साधनमार्ग हो, यसका अनुसरणबाट साधक प्रपञ्चबाट विमुक्त भएर परमतत्त्व प्राप्त गर्दछ । यसको परिचय पतञ्जलिको 'महाभाष्य'बाट पाइन्छ र विकसित रूप 'वाक्यपदीय' मा छ । यस मतअनुसार 'स्फोट' रूप

शब्द नै सत्य पदार्थ हो । समस्त संसार यसैको विवर्त मात्र हो । यहाँ शब्दब्रह्म र परब्रह्ममा विशेष अन्तर मानिंदैन । शब्दब्रह्म नै अनादि अविद्यारूपी वासनाको कारणभेदमा प्राप्त भएर अर्थरूपमा परिणत हुन्छ । वाचकदेखि भिन्न वाच्य छैन। वाचक (शब्द नै) सम्पूर्ण हो ।

शाक्ततन्त्र – शाक्ततन्त्र चौसट्ठी प्रकारका छन् भन्ने भए तापनि विचारको क्रममा यो मुख्य रूपमा दुई प्रकारले विभक्त गरिएको छ – क्रमदर्शन र कुलदर्शन।

क्रमदर्शन – यो अद्वैतवादी दर्शन हो । कश्मीरमा यसको बढी प्रचार छ। यस दर्शनका अनेक अभिधानहरूमा – क्रम, कालीनय, देवीनय, औत्तराम्नाय यी चारवटा प्रसिद्ध छन् । परमतत्त्वको ज्ञानरूपी मोक्षको प्राप्ति क्रमशः हुन्छ, यसैले यो क्रम हो । यसको परमतत्त्व काली नै क्षेप, ज्ञान, सुसंख्यान, गति र नाद पाँच कृत्यहरूको सम्पादन गर्दछिन् । यो शिवको उत्तरतिरको वामदेव वक्त्रबाट निस्केकोले 'औत्तराम्नाय' भनिन्छ ।

कुलदर्शन – शाक्तपरम्परामा यसको ठूलो महत्त्व छ । यस दर्शनको प्रचार सत्य, त्रेता, द्वापर कलियुगमा खगेन्द्र, कूर्म, मेष र मत्स्येन्द्रले क्रमशः गरे।

कुलका उपासनाको विधान गरिएकोले यो 'कौल' मत हो । परमेश्वरको सबभन्दा माथिल्लो शक्ति कुल शक्ति हो । शिवशक्ति सामरस्य पनि यस शब्दको अभिधेय अर्थ हो । कुलतत्त्व परमतत्त्व हो जसमा संसार अवस्थित छ, अन्तमा यसैमा संसार लीन पनि हुनजान्छ । यहीं आचार–विचारको पर्यवसान हुन्छ। यसभन्दा परम तत्त्व अरू छँदै छैन । यो मार्गको उपदेश शिवको ऊर्ध्ववक्त्रबाट निक्लेको हुनाले यसलाई 'ऊर्ध्वाम्नाय' पनि भन्दछन् ।

कुलाचार – कुलाचारमा पञ्चमकारको प्रयोगलाई लिएर केही विद्वान्हरू यसको आलोचना गर्दछन् तर अधिकारी विवेचनाको अज्ञानले यसो भएको हो।

कुलाचारमा अधिकारी राजयोगमा निपुण साधक नै हुन सक्तछ । काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यको प्रपञ्चमा नफसेको परब्रह्मतत्त्वको ज्ञाता नै वास्तविक कुलाचारको अधिकारी हो । यसैले यस मार्गको अवलम्बन गरेर निभाउनु तरबारको धारमा हिंड्ने, बाघको कान समात्ने, सर्पलाई समात्ने कामभन्दा पनि कठिन छ । यसैले अनधिकृत पात्रमा परेर यसको परिणाम भयङ्कर हुन

सक्ने हुनाले यसलाई नितान्त गोप्य मानिन्छ ।

कौलदर्शनमा 'संवित्‌नै प्रसिद्ध छत्तीस तत्त्वदेखि अलग्ग सैंतीसौं तत्त्व हो र यही परमतत्त्व हो, परब्रह्म हो, शिवशक्ति सामरस्य हो, सर्वदेवमय परमात्मा हो । साधकले आफ्नो आत्मालाई नै शक्तिस्वरूप सम्झेर उपासना गर्दछ । यसरी उपासक भावातीत भएर सर्वत्र ब्रह्ममय देख्तै पूर्णानन्द प्राप्त गर्दछ । त्यसबेला पाँचै मकार भावातीत भएर केवल आनन्द प्रदान गर्ने हुन्छन् ।

नेपालमा तान्त्रिक परम्परा

शैव - नेपाल शैवधर्मका प्रमुख केन्द्रहरूमध्ये यौटा मानिएको छ । पुराणहरूको अध्ययन गर्दा नेपालमा शैवधर्म प्राचीनकालदेखि नै थियो भन्ने देखिन्छ । रुद्रको हिमालयसँगको सम्बन्ध हुनु, रुद्रकै अर्को नाम पशुपति हुनु, किरातहरू शैव हुनु, नेपालमा किराँतहरूको शासन चल्नु आदि कारणहरू नेपालमा शैवधर्मको प्राचीनतालाई सिद्ध गर्दछन् ।

लिच्छविकालमा पनि शैवधर्म नेपालमा फैलिएको थियो । राजा, राजपरिवार, प्रजा सबै शिवलिङ्गको प्रतिष्ठा गरी पूजा गर्दथे । शिवमूर्ति बनाउँथे। 'पशुपति' लेखिएका पैसाहरू त्यसबेला प्रचलित थिए ।

त्यसपछि मल्लकालमा पनि कतिपय राजा र प्रजाहरू शिवका अनन्य भक्त थिए । यसैगरी मल्लकालका राजाहरू पनि शैवधर्मको प्रचारमा पछि परेका थिएनन् । त्यो त झन् शैवतन्त्रको प्रगतिको युग थियो ।

शाहकालमा नयाँ शैव संस्था र मन्दिरहरूको प्रतिष्ठा भएको नदेखिए तापनि प्राचीन परम्पराको ज्योति यथावत् बलिरहेकै पाइएको छ ।

नेपालमा पाशुपत सम्प्रदाय खूब फैलिएको थियो । यसको साथसाथै सोमसिद्धान्त र मिश्र-शैवधर्मको पनि यहाँ कम प्रचार थिएन । मिश्र-शैवधर्म शब्दको अभिप्राय यहाँ त्रिदेव, शैव + सौर, शैव + शाक्त, शैव + बौद्ध आदि संयुक्त उपासना प्रणाली हो ।

नेपालमा कतिपय शैव-आचार्यहरू भए । यहाँ पशुपतिनाथको मन्दिरका साथै अनेकौं शिवमन्दिर छन् । यहाँ शैवधार्मिक क्रियाहरू जनजीवनमा प्रचलित छन् । नेपाललाई काशीभन्दा पनि ठूलो शैवतीर्थ मानिन्छ । सारांशमा नेपालीको

रौं–रौंमा शैवधर्म भिजेको छ । धर्मको मूल आधार दर्शन रहेको हुन्छ, यसैले यो शैवागमका प्रमुख केन्द्रहरूमध्ये गनिएको छ ।

नाथसम्प्रदाय – नाथसम्प्रदाय पनि शैवमार्गहरूमध्ये योगप्रधान भएको यौटा मार्ग हो । नेपाल नाथसम्प्रदायको प्रधान केन्द्र रहेको छ । गोरखनाथ (गोरक्षनाथ), मच्छिन्द्रनाथ (मत्स्येन्द्रनाथ) नेपालमा प्रसिद्ध देवता मानिन्छन् । आफ्नो नामका अन्तमा 'नाथ' शब्दको प्रयोग गर्ने योगीहरू यसै सम्प्रदायका अनुयायी हुन् । विक्रमको छैटौं शताब्दीको उत्तरदेखि 'नाथ' सम्प्रदायसँग सम्बन्धित अभिलेख नेपालमा पाइएकाले प्राचीनकालमा पनि नेपालमा नाथसम्प्रदायको प्रमुख स्थान थियो भन्ने कुरा स्पष्ट छ । आजसम्म पनि प्रचलित मत्स्येन्द्रनाथजात्राले नेपालमा परेका नाथसम्प्रदायको प्रभाव सिद्ध गर्दछ ।

शाक्त सम्प्रदाय – शैवधर्मको साथसाथमा नेपालमा शाक्तधर्मको पनि प्रचार प्रचुरमात्रामा भएको पाइन्छ । यद्यपि शैवतन्त्रअन्तर्गत शाक्ततन्त्रलाई राख्ने व्यवस्था छ तापनि शाक्ततन्त्रको परम्परा विशिष्टरूपमा अलग्गै विकसित हुन गएकाले यसलाई पृथक् रूपले हेर्नु आवश्यक छ ।

नेपालमा लिच्छविकालमा मानदेवको समयदेखि नै शक्तिलाई आफ्नो इष्टदेवता मान्ने, उनका प्रसादले सम्पूर्ण कार्य गर्ने, शक्तिको मूर्ति प्रतिष्ठित गर्ने परम्परा रहेको पाइन्छ । मल्लकालमा त शाक्तधर्मको स्वर्णयुग आएजस्तै नै भयो ।

पुराणहरूमा नेपाललाई गुह्यकालीको शाक्तपीठ भनिएको छ । सतीदेवीको गुह्यपतन भएकाले गुह्येश्वरी नेपालमा प्रसिद्ध भएको कुरा अद्यावधि स्वस्थानीकथाको रूपमा नेपालमा घर–घरै दोहोऱ्याइन्छन् । तन्त्रहरूमा पनि नेपाललाई महामायानगरी भनिन्छ । यहाँका मल्लराजाहरू तन्त्रानुसार दीक्षित भएर स्वयं शक्तिको पूजा गर्दथे । आद्यशङ्कराचार्यले श्रीपशुपतिनाथको शिवलिङ्गको मस्तकमा श्रीचक्रको पूजन गर्ने प्रथा चलाए भन्ने जनश्रुति छ । आजसम्म पनि नेपालमा शक्ति दीक्षा लिने, शक्तिको उपासना गर्ने, दसैं, तिहारहरूलाई शक्तिपूजाको प्रमुख अवसरको रूपमा मनाउने प्रचलन छ । किं बहुना, श्रीपशुपतिनाथलाई पनि शाक्तपीठ भनी सम्बन्धित विद्वान्हरू मान्दछन् । यसरी शाक्ततन्त्र नेपालमा प्राचीनकालदेखि अद्यावधि अविच्छिन्नरूपमा प्रतिष्ठित र विकसित रहिआएको छ ।

दीक्षा

प्रश्न - तन्त्र साधनामा दीक्षाको ठूलो महत्त्व छ भन्ने सुनिन्छ । दीक्षित व्यक्तिले मात्र तान्त्रिक साधनामा लाग्न हुन्छ, अरूले लाग्यो भने फल हुँदैन विघ्न हुन्छ आदि विद्वान्हरू भन्दछन् । यसकारण अब यो दीक्षाका विषयमा केही भनिदिनु हुन्छ कि ?

उत्तर - हो ठीक भन्नुभयो । तान्त्रिक साधनामा सबभन्दा ठूलो महत्त्व दीक्षाको हुन्छ ।

जप, देवताको अर्चना आदि कुनै पनि तन्त्र - साधनासँग सम्बन्ध भएको काम सद्गुरुबाट दीक्षा लिएरै मात्र गर्नुपर्दछ । दीक्षा नलिइकन गरिएको क्रियाकलाप निष्फल हुने मात्र होइन, त्यसबाट पद–पदमा हानि हुने हुन्छ । त्यसैगरी बलपूर्वक तैंले दीक्षा लिनै पर्छ भनेर दीक्षा दिनु म नलिई छोड्दिन भनेर दीक्षा लिनु, गुरु नभै आफै किताब हेरेर फलका लोभले मन्त्र जप्नु, आदि कुराहरूलाई निषेध गरिएको छ ।

प्रश्न - उसो भए दीक्षा भनेको के त ?

उत्तर - असल गुरुले असल चेलोलाई शास्त्रीय विधि विधानपूर्वक दिइएको ज्ञान, जसले पापको विनाश गर्दछ, त्यसलाई दीक्षा भन्दछन् ।

दीक्षामा गुरु असल हुनुपर्दछ, चेलो - जसले दीक्षा लिन्छ, ऊ पनि भक्तिपरायण हुनु आवश्यक छ र दीक्षाको विधि-विधान पनि शास्त्रीय हुनै पर्दछ । नत्र त्यसको कुनै अर्थ रहँदैन । सिद्धि हुँदैन, फल हुँदैन, नोक्सान हुन्छ, काममा विघ्न परिरहन्छ । गुरुलाई पनि चेलोलाई पनि दुवैलाई ठीक हुँदैन ।

प्रश्न - दीक्षामा गुरुको महत्त्व रहेको कुरा यहाँले बताउनुभयो त्यसमा पनि

सद्गुरुको। सद्गुरु भनेको के हो त ? त्यो बताइदिनु हुन्छ कि ?

उत्तर - तन्त्र साधनामा गुरुको स्थान त स्वयं ईश्वरको भन्दा पनि ठूलो छ। ईश्वर, गुरु र आत्मा यी तीनै कुरा यौटै तत्त्व हुन् फरक छैन । स्वयं ईश्वरले साधकहरूलाई फल दिन गुरुको रूप लिएर मन्त्रको उपदेश दिन्छन् । ब्रह्मा, विष्णु, महेश्वर आदि देवता, अझ भनौं स्वयं परब्रह्म परमात्मा नै गुरुको रूप हो ।

भनिन्छ - शिव रिसाए भने बचाउने गुरु हुन्छन्, तर गुरु रिसाए भने कसैले बचाउन सक्तैन । गुरु खुसी भए सम्पूर्ण देवता खुसी हुन्छन्, गुरु रिसाए देवता रिसाउँदछन् । गुरुको सम्मान देवताको भन्दा पहिले गर्नुपर्दछ । गुरुको निन्दा कहिल्यै सुन्नु हुँदैन । गुरुकै कृपाबाट मात्र धर्म, अर्थ, काम र मोक्ष चारै पुरुषार्थ प्राप्त हुने हुनाले साधना क्षेत्रमा गुरुभन्दा ठूलो तत्त्व कुनै हुँदैन ।

प्रश्न - यो त भयो गुरुको महिमा । अब असल गुरु छान्ने प्रक्रिया चाहिँ के हो त ? के हो परीक्षाको मापदण्ड ।

उत्तर - गुरुका लक्षणहरू हेरेर असल र खराब गुरु छुट्याउनुपर्दछ । लक्षणहरू त धेरै छन्, तैपनि विशेषरूपमा ध्यान दिनुपर्ने लक्षण चाहिँ के हुन् भने -

सम्पूर्ण आगमका अर्थहरूको मर्म जान्ने, मन्त्रहरूको रहस्य बुझ्ने, शिष्यहरूका सन्देहहरू मेटाउन सक्ने, अन्तर्मुखी वृत्ति भएका, देश, कालका आवश्यकताहरू जान्ने, दयालु, प्रभावशाली, लोभ नभएका गुरु श्रेष्ठ मानिन्छन् । यसको उल्टो, धेरै लोभ गर्ने, अल्छि, धेरै वक्वक् गर्ने, अर्काको निन्दा गर्ने, आगमको मर्म नबुझ्ने गुरु चाहिँ उपयुक्त हुँदैनन् ।

प्रश्न - गुरुका लक्षण जस्तै चेलाका पनि त लक्षण होलान् । के शिष्यको पनि परीक्षा गर्नु पर्दछ दीक्षा दिंदा ?

उत्तर - हो, शिष्य पनि असल हुनुपर्दछ । राम्रा नराम्रा लक्षण हेरेर असल र

खराब शिष्यहरू छुट्याउनु पर्दछ ।

देवता गुरुहरूमा सम्मान गर्ने, धार्मिक, श्रद्धाभक्तिले भरिएका, दयालु, दानशील, परनिन्दा नगर्ने, उपकारी, गुरुका वचनमा शङ्का नगरीकन वचनको पालना गर्ने शिष्य राम्रा हुन्छन् । गुरु निन्दक, श्रद्धा भक्ति नभएका, वक्वके, लोभी, पाखण्डी चेला खराब हुन्छन् । गुरु र शिष्यका यिनै लक्षणहरू हेरेर असल गुरुका असल चेलोलाई दिइएको मन्त्र वास्तवमा फलदायक हुन्छ ।

नत्र हेर्नोस्, आजका युगमा गुरु धनका लोभी हुन्छन् । कसलाई के सिकाउँदा कति धन पाइन्छ भन्ने विचार गर्दछन् । शिष्य चाहिँ सिद्धि मात्र चाहन्छन्, दुःख गर्न नपरोस्, सजिलैसँग फल प्राप्त होस् भन्ने उनीहरूको चाहना हुन्छ । यसरी त दुबैको उद्देश्य सिद्ध हुँदैन । यही विडम्बना हो ।

प्रश्न - यो दीक्षा लिंदा पिता, लोग्ने, दाजु आदिबाट पनि लिन हुने नहुने के छ यसको नियम ?

उत्तर - सामान्यतया आ–आफ्ना सम्प्रदायका मन्त्रको दीक्षा आ–आफ्नै सम्प्रदायका गुरुबाट लिनुपर्छ । त्यसमा पनि दुई कल्प छन् – पशुकल्प र वीरकल्प । पशुकल्पमा बाबुले छोरा–छोरीलाई, लोग्नेले स्वास्नीलाई, दाजुले भाइलाई दीक्षा दिनु हुँदैन ।

तर वीरकल्पमा वीरहरू र कौलिकहरूमा चाहिँ यो बन्धन छैन । शिवले पार्वतीलाई दिए, वशिष्ठले आफ्ना सन्तानलाई दिए – यस्ता उदाहरण पाइन्छन् । यसमा पनि आफ्ना स्त्रीगुरु खासगरी आमाबाट लिएको दीक्षा बडो राम्रो हुन्छ ।

प्रश्न - स्वप्नमा पाएको मन्त्रलाई जप्न हुन्छ कि हुँदैन ?

उत्तर - स्वप्नमा पाएको मन्त्र त्यसै जप्नु हुँदैन । त्यसलाई फेरि गुरुबाट लिएर जप्नुपर्छ अथवा कलशमा गुरुको आवाहन गरेर त्यसबाट प्राप्त गर्नुपर्दछ।

प्रश्न - पुस्तकमा हेरेर मन्त्र जप्न के हुन्छ नि ?

उत्तर - फलका लोभले पुस्तकमा लेखेको मन्त्र जप्न चाहिँ हुँदैहुँदैन, यसबाट सिद्धि हुँदैन । यसैले गुरुमुखबाट प्राप्त मन्त्रमात्र सफल हुनसक्तछ।

मन्त्र

प्रश्न - दीक्षाको महत्त्व तन्त्रसाधनामा कत्तिको रहेछ – यो हामीले विगत हप्तामा सुन्यौं । सद्गुरुबाट असल शिष्यलाई दीक्षा प्राप्त भएपछि मात्र मन्त्र जप्न हुने, नत्र नहुने कुरा पनि बताइसकियो । अब मन्त्र भनेको के हो ? यसबारे केही चर्चा गरौं न हुन्न त ?

उत्तर - तपाइँले बडो सान्दर्भिक प्रश्न गर्नुभयो । तान्त्रिक साधनामा मन्त्रको स्थान अत्यन्त महत्त्वपूर्ण छ ।

जेको मनन गर्दा ज्ञान प्राप्त हुन्छ, संसारको बन्धनबाट छुट्न सकिन्छ, चाहेजस्तो सिद्धि प्राप्त हुन्छ त्यही मन्त्र हो । मन्त्रबाट जुन देवताको उपासना गरिन्छ, तिनको स्वरूपको ज्ञान हुन्छ । यो ज्यादै संक्षिप्त – सूत्रात्मक, अझ भनौं बीजात्मक हुन्छ ।

प्रश्न - हो, बीज मन्त्रको दीक्षा लिने, यसको जप गर्ने भनिन्छ ।यो बीज भनेको चाहिँ के हो त बताइदिनु हुन्छ कि ?

उत्तर - बीज शब्द त प्रसिद्धै छ, यसको प्रयोग बिउ भन्ने अर्थमा हुन्छ । प्रत्येक वनस्पति, प्रत्येक फलफूलको बेग्लाबेग्लै बीज हुन्छ । जेको बीज रोप्यो, त्यही अंकुर उत्पन्न हुन्छ, त्यही फल फल्छ, त्यही फूल फुल्छ। त्यस्तै प्रत्येक देवताको विशेषस्वरूपको बोध गराउने खास बीज हुन्छ । अरूसँग मिल्ने बीज पनि हुन्छन्, किनभने स्वरूप मिल्दा बीज पनि मिल्न जान्छ । तर खास बीज चाहिँ बेग्लै हुन्छ । त्यही बीज भएको मन्त्रको जप त्यसै देवताको हुन्छ । वास्तविक रूपमा भन्ने हो भने बीज देवता नै हो । बीज नै देवताको प्रतीक हुन्छ। यसमा त्यसै बीजको पूजा पनि हुन्छ ।

प्रश्न - यो मन्त्र जुराउने भन्छन् ? त्यो के हो ? के नजुराइ मन्त्र जप्न हुँदैन।

उत्तर - हो मन्त्र दुई प्रकारको हुन्छ । यौटा आफ्नो इच्छानुसार लिने, अर्को

परम्परागत सिद्ध मन्त्र । कसैलाई कुनै देवताको उपासना गर्न मन लाग्छ, अथवा कुनै यौटा देवताको साधना गर्न चाहन्छ, त्यसले आफ्नो नाम, राशिबाट जुराएर मन्त्र लिनु पर्दछ । नत्र नजुरेको मन्त्र सिद्ध नहुने मात्र होइन हानिकारक पनि हुन्छ । तर परम्परागत सिद्ध मन्त्र छ भने चाहिँ जुराइरहनु पर्दैन । तर मन्त्रहरूको संस्कार भने हुनु आवश्यक छ ।

प्रश्न - मन्त्रहरूको संस्कार भन्नुभयो – मन्त्रहरूका पनि संस्कार हुन्छन् र ? त्यो कस्तो संस्कार हो बताइदिनु हुन्छ ?

उत्तर - हो हुन्छ, मन्त्रहरूका छिन्न, रुद्ध, शक्तिहीन, पराङ्मुख आदि पचासवटा दोषहरू हुन्छन् । तिनको दश किसिमको संस्कार गर्नुपर्दछ– जनन, दीपन, बोधन, ताडन, अभिषेक, विमलीकरण, आप्यायन, जीवन, तर्पण र गुप्ति यी मन्त्रका दश संस्कार हुन् । यी संस्कार गरेपछि मन्त्र सिद्धिदायक हुन्छन् । तर यी पूर्व सिद्ध मन्त्रका लागि भने गर्नुपर्दैन ।

यौटा कुरो छ अर्को पनि – मन्त्रलाई विद्या पनि भन्दछन् – महाविद्या, सिद्धविद्या, विद्या, उपविद्या आदि । गुरुलाई मान्छे त होनि भन्ने बुद्धि र मन्त्रलाई अक्षर त होनि भन्ने बुद्धि राख्नुहुँदैन । गुरु र मन्त्रलाई देवता नै मानेर यिनीहरूको उपासना गर्न पर्दछ ।

जप

प्रश्न - दीक्षा लिएर मन्त्र जप्नुपर्ने कुरा तपाइँले बताउनुभयो । यो जप भनेको के हो ? कसरी मन्त्र जप्नु पर्दछ । यसको प्रक्रिया केही भनिदिनुहुन्छ कि ?

उत्तर - साधकले आफ्नो मनलाई बाहिरी प्रपञ्चबाट खिंचेर मन्त्रका अर्थको विचार गर्दै बारम्बार मन्त्र दोहोऱ्याइ दोहोऱ्याइकन मनन गरिरहनुलाई जप भनिन्छ । जपका पनि केही भेद छन् ।

प्रश्न - के ? कस्तो भेद ? कति प्रकारका जप हुन्छन् ?

उत्तर - जप तीन प्रकारका हुन्छन् – मानसजप, उपांशु जप र वाचिक जप ।

मन्त्रको अर्थ विचार गर्दै, देवतालाई सम्झदै मनै मनले मन्त्र जप्ने, ओंठ पनि नहल्लाउने, नबोल्ने यस्तो जप मानस जप हो। देवतालाई मनमा धारण गरेर जिभ्रो र ओंठ आदि चलाउँदै, फुसफुसाउँदै गरिने जप चाहिँ उपांशु जप हुन्छ। वचनले सुनिने गरी उच्चारण गर्दै गरिने जप वाचिक जप हो।

मानस, उपांशु र वाचिक जपमध्ये वाचिकभन्दा उपांशु जप लाख गुना असल र उपांशुभन्दा मानस जप करोडौं गुना राम्रो हुन्छ। वाचिकचाहिँ असल हुँदैन। स्तोत्र मनमनै पाठ गर्नु हुँदैन, जप बोलेर गर्नुहुँदैन, गऱ्यो भने दुवै निष्फल हुन्छन्। एक ठाउँमा चाहिँ के भन्या छ भने – मनस जपले सिद्धि प्राप्त हुन्छ, उपांशु जपबाट पुष्टि पाइन्छ र वाचिक जपले चाहिँ अभिचार कर्म सिद्ध हुन्छ।

प्रश्न – जपबाट के फल प्राप्त हुन्छ ?

उत्तर – जपबाट देवता चाँडै खुसी हुन्छन्। सिद्धि प्राप्त हुन्छ। जसले नित्य नियमपूर्वक जप गर्दछ, त्यसका घरबाट खराब तत्त्वहरू टाढैबाट भाग्दछन्। यही जपको फल हो।

प्रश्न – जपगर्दा कसैले माला लिन्छन्, कसैले हातैमा औंला गनेर गर्दछन् - यसमा के नियम छ ?

उत्तर – हो, जपगर्दा नगनिकन गर्नु हुँदैन। प्रतिदिन कहिले धेरै कहिले थोरै गर्नु हुँदैन। गुरुबाट पाएको मालाको गणना गर्दै जप गर्नुपर्दछ। तर माला चाहिँ बेग्लाबेग्लै किसिमका हुन सक्तछन्। यसको पनि यौटा बेग्लै महत्त्वपूर्ण अध्याय छ – तान्त्रिक साधनामा।

प्रश्न – माला कति किसिमका हुन्छन् त ? के हुन् यसका भेदहरू ?

उत्तर – माला तीन किसिमका हुन्छन् – १) वर्णमाला (अक्षरहरूका माला) २) चरमाला (रुद्राक्ष, मोती, स्फटिक आदिका माला) र ३) करमाला (हातका औंलाको माला)। यीमध्ये वर्णमाला हेरौं – 'अ'देखि 'क्ष' सम्म सुल्टो ५०, फेरि 'अ' देखि 'क्ष'सम्म उल्टो ५० गरी १०० भयो,

वर्गको पहिलो पहिलो अक्षर अकचटतपयश ८ गरी १०८ वर्णमाला हुन्छ ।

त्यसमा पनि क्षलाई मेरु भनिन्छ, यसलाई नाघ्नुहुँदैन जपगर्दा। चरमालामा चाहिँ – मणिमाला, शङ्खमाला, स्फटिकमाला, अक्षमाला आदि । साधकका कामना फरक फरक हुन्छन्, कामनाअनुसार माला पनि बेग्लाबेग्लै हुन्छन् । जस्तै सिद्धिका लागि अक्षमाला, धनका लागि मणिमाला, मोक्षका लागि स्फटिकमाला आदि । देवता पनि खास खास मालाले गरिएको जप मन पराउने हुन्छन् । तदनुसार गर्न उचित हुन्छ । नसक्नेले थोरै जप गर्नुपर्दा करमाला उपयोगी हुन्छ ।

मालाको पनि संस्कार गर्नुपर्दछ । त्यसको बेग्लै विधान छ । यो माला दीक्षित व्यक्तिले देखाउनु हुँदैन । गोप्य राख्नु पर्ने निर्देश शास्त्रको छ ।

दीक्षितको गुरुप्रतिको आचरण र व्यवहार

प्रश्न - दीक्षाको क्रममा असल गुरुले असल चेलोलाई दिइएको दीक्षामात्र शुभ हुन्छ भन्ने कुरा यसभन्दा अघिका चर्चामा हामीले बुझ्यौं । अब दीक्षित व्यक्तिले, उपासकले, साधकले भनौं कुन आचारमा बस्नुपर्छ-खास गरी गुरुप्रतिको आचार के–कस्तो हुनुपर्दछ त ?

उत्तर - तन्त्र साधनामा गुरुको महत्त्वपूर्ण स्थान छ । गुरुको राम्ररी परीक्षा गरेर सद्गुरु छुट्याएर यस्तो पाराको दीक्षामात्र फलदायी हुन्छ भन्ने कुराको चर्चा यसभन्दा अघि हामीले गरी सक्यौं । यसपछि अब दीक्षा लिइसकेपछि दीक्षित व्यक्तिको गुरुप्रति हुनुपर्ने श्रद्धा, आचारको चर्चा गर्नु प्रासङ्गिक होला ।

गुरु सम्पूर्ण देवताभन्दा पनि ठूला हुन्छन् । गर्नुपर्ने अथवा गर्न नहुने कुराहरू गरेको वा नगरेको साक्षी एक मन्त्र गुरु हुन्छन् । गुरुको पूजा गरेर उनैको आज्ञाले सम्पूर्ण कार्य गर्नु उचित हुन्छ । सम्पूर्ण कार्य गुरुका आज्ञाले गर्नु, गुरुको सदा–सर्वदा श्रद्धा गर्नु, गुरु पूजन गर्नु ज्यादै आवश्यक हुन्छ । किनभने भगवान् रिसाए भने गुरुले रक्षा गर्छन् तर गुरु रिसाए रक्षा गर्ने कोही हुँदैन ।

प्रश्न - गुरु पूजाको कुरा गर्नुभयो । गुरु पूजा कसरी गर्ने त ? के यस्तो पनि कुनै पद्धति वा विधि छ कि ?

उत्तर - हो छ, तान्त्रिक साहित्यमा गुरु पूजाको एउटा विधान नै विकसित भएको पाइन्छ । ठूला ठूला पर्वकालमा, विवाह, व्रतबन्धजस्ता राम्रो काम शुरु गर्दा गुरुलाई श्रद्धापूर्वक आमन्त्रण गरेर पवित्र स्थानमा

स्वागत गर्नुपर्दछ । त्यसपछि विधिपूर्वक यन्त्र लेखेर यसमा गणेश, धर्म, वरुण, कुवेर, भैरवहरूको पूजा गर्ने अनि त्यसपछि आठ वटा र तीन वटा सिद्ध गुरुको आवाहन पूजन गरेर त्यसपछि आफ्नो गुरुलाई स्थापित गर्ने, तिनका मस्तकमा गुरुका पनि गुरु परमगुरु र तिनका पनि गुरु परमेष्ठी गुरुको पूजन गर्ने विधान तान्त्रिक साधना शास्त्रमा वर्णन गरिएको छ ।

प्रश्न - यहाँ सिद्ध गुरु र आफ्नो गुरुका पनि तीन पुस्ते गुरुको पूजा गर्नुपर्ने कुराको चर्चा गर्नुभयो । के गुरुका पनि भेद छन् र? छन् भने के हुन् त ?

उत्तर - गुरु तीन प्रकारका हुन्छन् । दिव्यौघ, सिद्धौघ र मानवौघ अथवा भनौं दिव्य, सिद्ध र मानव गुरुहरूको पङ्क्ति नै हुन्छ । यिनीहरूको पूजा आफ्नो गुरु पूजा गर्नुभन्दा पहिले गर्नु आवश्यक हुन्छ । तर यी गुरु चाहिँ सर्वत्र यौटै हुँदैनन् । बेग्लाबेग्लै हुन्छन् ।

आ–आफ्ना मन्त्रको सर्वप्रथम उपदेश गर्ने देवता भए, ऋषिहरू भए, सिद्ध भए यी पृथक् पृथक् हुन्छन् । यी दिव्य र सिद्ध गुरुहरू हुन्। मानव गुरुमा चाहिँ परात् पर, परमेष्ठी, परम र आफ्नो गुरु, जसबाट सोझै दीक्षा पाएको छ, चार वटा हुन्छन् । यसरी गुरुका पनि पङ्क्ति कै पूजन गर्नु आवश्यक छ ।

प्रश्न - फेरि गुरुप्रति चेलाको आचारको कुरा गर्नुभयो । त्यो पनि बताइदिनोस् न त, के हुन् ती आचारहरू, जसको पालन चेलोले विशेषरूपमा नगरि हुँदैन ।

उत्तर - आफ्नो गुरुप्रति चेलोले पालन गर्नु पर्ने यौटा आचारसंहिता नै छ हेर्नोस् । जस्तै भनौं -

यौटै आसनमा चेलोले गुरुसँगै बस्ने, सुत्ने गर्नुहुँदैन । गुरुलाई देख्ने बित्तिकै उठिहाल्नु पर्छ । गुरु आफूभन्दा जाति, विद्या, धनमा कुनैमा पनि जहिले पनि श्रद्धेय नै हुन्छ । गुरुलाई श्रद्धापूर्वक दर्शन

गर्नु, आउँदा अगाडि लाग्नु, जाँदा पछि–पछि जानु, प्रणाम गरेर उनको आज्ञाले एक छेउमा बस्नु, उनको आज्ञा लिएर बस्नु, गुरुका अगाडि झूठो नबोल्नु, बक्–बक् नगर्नु, ऋण लिने–दिने, सामान किनबेच गर्ने काम नगर्नु, गुरुलाई पूज्य मान्नु, गुरुका सामु आफ्नो उत्कर्षको बखान नगर्नु, गुरुको पदचिह्न, छाया नकुल्चिनु, ननाघ्नु, गुरुलाई यथाशक्ति समर्पण गर्नु, गुरुको नाम नलिनु आदि आचरणको पालन गऱ्यो भने गुरु प्रसन्न हुन्छन् । गुरु प्रसन्न भएभने विद्या सफल हुन्छ ।

वास्तवमा गुरुमा मान्छे त होनि भन्ने भावना नराखीकन उनलाई ईश्वरको रूप ठान्नुपर्दछ । गुरुलाई मात्र होइन गुरु–शिव, गुरुआमा-पार्वती, गुरुपुत्र – गणेश, गुरुको घर – शिवमन्दिर, गुरुबाट पाएको कुरा ईश्वरको प्रसाद मानेर गुरुले दिएको विद्यालाई आफ्नो कल्याण गर्ने मार्ग सम्झने साधक वास्तविक सफल हुन्छ ।

तन्त्रमा दीक्षा

वन्दे देवमुमापतिं सुरगुरुं वन्दे जगत्कारणम्
वन्दे पन्नगभूषणं मृगधरं वन्दे पशूनां पतिम् ।
वन्दे सूर्य-शशाङ्क-वह्निनयनं वन्दे मुकुन्दप्रियम्
वन्दे भक्तजनाश्रयं च वरदं वन्दे शिवं शङ्करम् ।।

जगज्जननी भगवती उमाका पति, देवताहरूका गुरु महादेव, विश्वप्रपञ्चका परमस्रोत, काल सर्पका गहना लाएका, चैतन्यको प्रतीक मृगलाई हातमा लिएका, ईश्वरमा रहने ऐश्वर्यको अभाव बन्ध हो, यही चेतनावान् पशुहरूको पशुता हो, यिनै पशुहरूलाई आफ्नो अनन्त अपरिमित विभुशक्ति अर्थात् ज्ञानशक्ति अझ भनौं प्रभुशक्तिले रक्षा गर्ने हुनाले पशुहरूका पनि पति पशुपति जसको नाम छ, सूर्य, चन्द्र र अग्नि जसका तीन आँखा छन्, भगवान् विष्णुका पनि अत्यन्त प्यारा, भक्तहरूलाई सदासर्वदा आफ्नो आश्रयमा राख्ने, जगत्को कल्याण गर्न सदा तत्पर भएकाले जसको नाम शिव अथवा शङ्कर छ, यस्ता देवाधिदेव महादेव पशुपतिनाथलाई नमस्कार गर्दछु ।

उपनयन व्रतबन्ध भनौं नगरीकन द्विजहरूको वेदाध्ययन आदि कर्ममा जसरी कुनै अधिकार हुँदैन त्यसैगरी उपासना सात्त्विक, राजस वा तामस जेहोस् सकाम वा निष्काम जुन प्रकारको होस् मन्त्र जप्न, देवताको पूजा गर्न दीक्षा नलिएका व्यक्तिहरूको कुनै अधिकार हुँदैन ।

यसकारण मन्त्र, जप, अर्चना गर्न जो चाहन्छ, जसको यी कर्महरू गर्ने परम्परा छ, त्यसले आफूलाई मन्त्रद्वारा संस्कृत गराउनु पर्दछ – अर्थात् दीक्षित हुनुपर्दछ । भित्र पनि शुद्ध, बाहिर पनि शुद्ध यसप्रकार कुनै अशुद्धि कतै नराखीकन सदा सर्वदा ईश्वरमा चित्त लगाएर प्राणीहरूमा दयाभाव राखेर आफ्नो आत्मालाई देवता मानेर पूजन गर्ने ज्ञानी सात्त्विक अर्चक हो ।

मनमा सदासर्वदा राग राखेर कुनै कामनाको पूर्तिको लागि पूजा गर्ने व्यक्ति राजस अर्चक हो । अत्यन्त क्रोधी, जे मन लाग्यो उही बोल्ने, अर्काको द्वेष गर्ने, ठग्ने यस्तो व्यक्ति श्रद्धा नगरीकन देवताको पूजन गर्दछ भने त्यस्तो अर्चक तामस भनिन्छ । तर जे भए पनि सबैका लागि पूजा गर्नका निमित्त दीक्षा ग्रहण गर्नु अत्यन्त आवश्यक छ ।

त्यतिमात्र होइन दीक्षा नलिएको व्यक्तिको निमित्त मोक्ष सम्भव छैन । त्यस्तो व्यक्ति देख्नासाथ पुण्य टाढा भाग्दछ र त्यस्तालाई सधैं पापले समातिराखेको हुन्छ । दीक्षा लिनासाथै उसका सम्पूर्ण कल्मषहरू डढेर जान्छन् - समाप्त हुन्छन् । दीक्षा लिनासाथै सम्पूर्ण सिद्धि, सम्पूर्ण सम्पत्ति प्रदान गर्दछ यसले लोकमा र मरेपछि पुनः जन्मनु पर्दैन दीक्षित व्यक्तिले भन्ने शास्त्रीय वचन छ ।

दीक्षा असल गुरुबाट शास्त्रीय विधिपूर्वक लिनुपर्दछ । त्यसैले गुरुको चयन पनि यसमा अत्यन्त महत्त्वपूर्ण हुन आउँदछ । सद्गुरु साक्षात् शिव परमात्मा स्वरूप नै हुन्छ । यसै कारणले हो - दीक्षा लिंदा सर्वप्रथम बडो नम्र भएर हात जोडेर श्रद्धा र भक्तिपूर्वक शुद्ध चित्तले गुरुलाई नमस्कार गरेर भन्नुपर्दछ-

'भगवान् हजूर परमात्मा स्वरूप हुनुहुन्छ, परम कारुणिक दयावान् हुनुहुन्छ, अज्ञान नाश गर्न समर्थ हुनुहुन्छ, यसकारण गुरु, धर्म, अर्थ, काम र मोक्ष सम्पूर्ण पुरुषार्थ सिद्ध गर्ने महामन्त्र प्रदान गरेर ममाथि अनुग्रह गर्नुहोस् ।'

त्यसपछि गुरुको विधिपूर्वक वरण गरेर उनैका आज्ञाले सम्पूर्ण अङ्गभूत कर्महरूको सम्पादन गरिन्छ । देव-देवताहरूको अर्चना, जप, होम आदि कर्म गरिन्छन् । त्यसपछि गुरुले शिष्यलाई अग्निका नजीकै वेदीमा बसालेर अभिमन्त्रित जलहरूले अभिषेक गर्दछन् र शिरमा हात राखेर अत्यन्त वात्सल्यपूर्वक कल्याणका कामनाले आशीर्वाद दिन्छन् । अनि गुरुको पूजन हुन्छ । त्यसपछि मन्त्रदान हुन्छ। यही दीक्षा हो ।

दीक्षा अनेकौं प्रकारका हुन्छन् - वर्णमयी दीक्षा, कलावती दीक्षा, वेधमयी दीक्षा, पञ्चायतनी दीक्षा आदि । वर्णमयी दीक्षामा शिष्यको शरीरमा वर्णहरूको सन्निवेश गरेर उसको शरीरका चैतन्यलाई परमात्म चैतन्यसँग मिलन गराइन्छ । यसबाट शिष्य स्वयं देवतास्वरूप हुन्छ । कलावती दीक्षामा शिष्यको शरीरका विभिन्न अङ्गहरूमा निवृत्ति, प्रतिष्ठा, विद्या, शान्ता, शान्त्यतीता यी पाँच कलाहरूको

सन्निवेश गरिन्छ । यसबाट विभिन्न सिद्धिहरू प्राप्त गर्न सकिन्छन् ।

वेधमयी दीक्षामा शिष्यका शरीरमा रहेका मूलाधार, स्वाधिष्ठान, मणिपूर, अनाहत, विशुद्धि र आज्ञाचक्रलाई वेध गराएर कुण्डलिनी शक्तिका साथ आफूलाई परशिवसँग मिलन गराइन्छ । यसबाट अज्ञान नष्ट हुन्छन्, सर्वज्ञ होइन्छ । साक्षात् सदाशिवत्व प्राप्त गर्न सकिन्छ । पञ्चायतनी दीक्षामा शिव, सूर्य, विष्णु, देवी, गणेश यी पाञ्चायन देवताहरूको पूजन हुन्छ र अभीष्ट मन्त्र प्राप्त गरिन्छ । यसबाट समस्त पाप नष्ट हुन्छन्, ज्ञान प्राप्त हुन्छ र मोक्ष प्राप्त गरिन्छ ।

यसका अतिरिक्त पनि आणवी, शाक्ती र शाम्भवी दीक्षाहरूको यी तीन भेद हुन्छन् । आणवी भित्र पनि स्मार्ती, मानसी, यौगी, चाक्षुषी, स्पार्शनी, वाचिकी, मान्त्रिकी, होत्री, शास्त्री, आभिषेकी आदि दीक्षाहरूका भेदहरू हुन्छन्। यी सबै दीक्षाहरूको विस्तृत वर्णन यहाँ सम्भव छैन तापनि संक्षेपमा भन्दा मन्त्र दीक्षा आणवी दीक्षा हो यसबाट आणव मलको विनाश हुन्छ ।

गुरुले योगमार्गबाट शिष्यका शरीरमा प्रवेश गरेर ज्ञानचक्षु खुलाई दिने दीक्षा शाक्ती दीक्षा हो र गुरुले देख्नासाथ, छोइदिनासाथ अथवा एकपल्ट कुरा गरिदिनासाथ शिष्यलाई झलस्स ब्यूँझेजस्तो भएर समस्त ज्ञानराशिको साक्षात्कार गराइदिने दीक्षा शाम्भवी दीक्षा हो ।

विशेष गरेर शाक्त सम्प्रदायमा अझ क्रमदीक्षाको ठूलो महत्त्व छ । यसैमा विभिन्न महाविद्या, सिद्धविद्या, उपविद्याहरू प्राप्त गरेर देवताको साधना गर्ने अधिकार प्राप्त गरिन्छ । यो विशिष्ट दीक्षा हो । यसैभित्र अनेकौं तहका दीक्षाहरू अन्तर्भूत हुन्छन् । क्रमैसँग साधनाका तहहरू चढ्दै अन्तमा साक्षात् शिवस्वरूप तुल्याउने हुनाले यसको नाम क्रमदीक्षा ज्यादै सार्थक छ । अन्तमा –

ददाति यस्मादिह दिव्यभावं मायामले कर्म च संक्षिणोति ।
सर्वं चतुर्वर्गफलं च यस्मात् तस्मात्तु दीक्षेत्यभिधानमस्याः ।।

दिव्यभाव प्रदान गरेर तीन प्रकारका मल नाश गरेर, धर्म, अर्थ, काम र मोक्ष चार पुरुषार्थ प्रदान गर्ने हुनाले यो दीक्षा हो । दीक्षाका स्रोत सद्गुरु हुन् । यसकारण सद्गुरुबाट शास्त्रीय विधिपूर्वक दीक्षा प्राप्त गरेर गरिएको साधना सफल हुन्छ ।

उपासनामा यन्त्रको स्थान

त्रिपुरां कुलनिधिमीडेऽरुणश्रियं कामराजविद्धाङ्गीम् ।
त्रिगुणैर्देवैर्निनुतामेकान्तां बिन्दुगां महारम्भाम् ।।

श्रीयन्त्रमा तीनवटा रेखा भएको भूपुर, तीनैवटा रेखाको मण्डल वा वृत्त, त्रिकोणहरूकै समूह, मन्त्रहरूले कूट (समूह) पनि तीनै वटा, सात्त्विक, राजस र तामस तीनैवटा स्वरूप, तीनै किसिमका कुण्डली शक्ति, इच्छा, ज्ञान र क्रियास्वरूप, सृष्टि, पालन र संहारकर्ता ब्रह्मा, विष्णु र रुद्रका आविर्भावको पनि कारणस्वरूपा सबै कुरा तीनै तीन संख्याको समष्टि रहेको, यसैले जगदम्बाको नाम पनि त्रिपुरा, पृथ्वीतत्त्वको लय हुने चक्र–मूलाधारमा अधिष्ठित साक्षात् कुण्डलिनी स्वरूपा, भरखरै उदाउन लागेका सूर्यको जस्तो अलि–अलि रातो आभा, कामराज शिवसँग सामरस्यमा रहेकी, ब्रह्मा, विष्णु र शिव तीनै देवताहरूले सधैं नमस्कार गर्ने, सर्वानन्दमयचक्र बिन्दुको पनि मध्यमा रहेकी, एउटै रहस्यमय देवता महात्रिपुरसुदरी भगवतीलाई नमस्कार छ ।

आज यद्यपि भगवती त्रिपुराको अधिष्ठान, उनको प्रतीकात्मक विग्रह नै भने पनि हुन्छ - श्रीचक्र, जसलाई श्रीयन्त्र पनि भन्दछन्, यसैको चर्चा गर्ने प्रसङ्ग छ, तैपनि यसभन्दा पहिले सामान्यतया यन्त्र भनेको के हो ? उपासनामा यसको महत्त्व के छ ? कुन कुन वस्तुबाट यसको निर्माण हुन सक्तछ ? आदि विषयहरूमा केही चर्चा गर्नु वाञ्छनीय भएकोले यसैको निमित्त यहाँहरूसँग अनुमति मागदछु –

- 'विना यन्त्रेण पूजायां देवता न प्रसीदति ।'
- 'सर्वेषामपि देवानां यन्त्रे पूजा प्रशस्यते ।'
- 'देहात्मनोर्यथाऽभेदो यन्त्रदेवतयोस्तथा ।'

- 'तया यन्त्रं मन्त्रमयं मन्त्रात्मा देवतेति च ।'
- 'कामक्रोधादिदोषोत्थसर्वदुःखनियन्त्रणात् ।
  यन्त्रमित्याहुरेतस्मिन् देवः प्रीणाति पूजितः ।'

पूजामा यन्त्र नभै देवता प्रसन्न हुँदैनन् । सम्पूर्ण देवताहरूको पूजा यन्त्रमै गर्नु राम्रो हुन्छ । शरीर र आत्मा जसरी अभिन्न छन् त्यसैगरी यन्त्र र देवतामा पनि कुनै भेद छैन । यन्त्र मन्त्रमय हुन्छ र मन्त्र देवतास्वरूप हुन्छ । काम, क्रोध आदि दोषहरूबाट दुःखको जन्म हुन्छ, यिनै दुःखहरूको नियन्त्रण यन्त्र पूजनबाट हुन्छ, त्यसैले नै यसको नाम पनि 'यन्त्र' भन्ने परेको हो । यसैमा पूजन गर्नाले देवता तुरुन्त खुसी हुन्छन् । यही महत्त्व हो यन्त्रको र यन्त्रपूजाको ।

यन्त्र अनेकौं वस्तुहरूबाट बन्न सक्तछन् - मणि, सुन, चाँदी, तामा, स्फटिक, शालग्रामको शिला आदि । यी कुनै उपलब्ध छैनन् भने अपराजिता पुष्प, जपापुष्प, रातो करवीर अथवा द्रोण पुष्पहरूका यन्त्र हुन सक्तछन् । यी पनि पाइँदैनन् भने तीर्थ, खोलानाला, कुवाको शुद्ध जल त अवश्य पाइएला त्यसैमा पनि यन्त्रको भावना गरेर पूजन गर्न सकिन्छ । त्यहीं पनि छैन भने शुद्ध ठाउँ हेरेर पृथ्वीमा पनि यन्त्रको कल्पना गरेर देवपूजन हुन सक्तछ । यन्त्र नबनाई त्यसै पूजा गर्न भने हुँदैन, यसबाट आयु, धन, सन्तान नष्ट हुनसक्तछ भन्ने शास्त्रीय वचन छ ।

यन्त्र जुन वस्तुबाट बनाइएको छ त्यसका भेदले पनि फल बेग्लाबेग्लै हुन्छन् । तामाका यन्त्रमा पूजन गर्नाले लाख गुणा बढी फल हुन्छ भने चाँदीका यन्त्रमा करोड गुणा र सुवर्ण तथा स्फटिकका यन्त्रमा अनन्त फल पाइन्छ । मणिका यन्त्रमा त फल कति हो कति हिसाबै गर्न सकिन्न ।

भूमिमा सिन्दुरले यन्त्र बनाएर पूजन गर्नाले सम्पूर्ण कामनाको पूर्ति हुन्छ, सुवर्ण यन्त्रपूजनबाट समर्थ व्यक्तिहरू पनि आफ्ना वशमा पर्न आउँछन् । चाँदीका यन्त्र पूजनबाट दीर्घायु र आरोग्य पाइन्छ र तामाको यन्त्रपूजनबाट समस्त ऐश्वर्य लाभ हुन्छ ।

मणियन्त्रपूजनबाट शत्रुको विनाश हुन्छ र दशभाग सुन, सोह्रभाग चाँदी

र बाह्रभाग तामा मिलाएर बनाएको लोहयन्त्रमा पूजन गर्नाले सौभाग्य प्राप्तिका साथै अभीष्ट सिद्धिलाभ हुन्छ ।

तर वंग, शीशा, फलाम, फल्याक, कपडा, भित्ता यिनीहरूमा यन्त्र राख्नु हुँदैन । यसबाट कुल, धन, सन्तान निर्मूल भएर जान सक्तछन् । खण्डित, फुटेबिग्रको, दग्ध-डढेको, भ्रष्ट - लात्ती लागेको, अंगहीन, अयोग्य पशुले छोएको, खराब अशुद्ध ठाउँमा खसेको, अर्कै देवताका मन्त्रले पूजन गरिसकेको, पतित व्यक्तिले छोइदिएको यस्ता यन्त्रहरूमा कहिल्यै देवताको अर्चना गर्नु हुँदैन, निषिद्ध छ ।

यन्त्र बनाउने पद्धति पनि बेग्लाबेग्लै छन् । दक्षिणमार्गमा आठ किसिमका चन्दन लगाएर यन्त्र बनाइन्छ भने वाममार्गमा रक्त चन्दन लगाएर यन्त्रको निर्माण हुन्छ । यन्त्र निर्माणका अन्य विधि पनि छन् । आ-आफ्ना कुल परम्परा र शास्त्रीय निर्देश, गुरुका उपदेशबाट यन्त्र बनाएर पूजा गर्नु श्रेयस्कर हुन्छ ।

यन्त्र चार प्रकारका हुन्छन् - भूप्रस्तार, कूर्मप्रस्तार, पद्मप्रस्तार र मेरुप्रस्तार। निम्न रेखा भएमा भूप्रस्तार, ऊर्ध्वरेखा भएमा कूर्म र पद्मप्रस्तार एवं सतहभन्दा उठाएर बनाएमा मेरुप्रस्तार हुन्छ । यन्त्र बनाउँदा सोझा सोझा रेखा तानेर बनाउनु पर्दछ, यसबाट लक्ष्मी वृद्धि हुन्छ, ऐश्वर्य बढ्दछ । टेढा र बाङ्गा रेखा भएमा दरिद्रताको शिकार बन्नुपर्ने सम्भावना रहन्छ ।

सबै देवताको यौटै किसिमको यन्त्र हुँदैन । प्रत्येक देवताको बेग्लाबेग्लै यन्त्र हुन्छ । अझ यौटै देवताका पनि ध्यानभेद र मन्त्रभेदले गर्दा अलग अलग यन्त्रहरू हुन सक्तछन् । यन्त्रका बीचमा मूल देवताको र वरिपरि आवरण देवताहरूको पूजन हुन्छ ।

विभिन्न कामनाहरूको पूर्तिका लागि पनि बेग्लाबेग्लै यन्त्रहरूको पूजन र धारण गर्न सकिन्छ । मारण, मोहन, आकर्षण, वशीकरण, स्तम्भन, विद्वेषण, उच्चाटन आदि अभिचार कर्मका लागि र शान्ति प्राप्त गर्न, डर हटाउन, रोग नष्ट गर्न, सर्प, भूत, प्रेत आदिको बाधा-बन्धनबाट मुक्त हुन साथै मोक्ष प्राप्त गर्न समेत विभिन्न यन्त्रहरूको निर्माण, संस्कार, पूजन, धारण आदि गर्ने विधान तन्त्रहरूमा पाइन्छ । तर यन्त्रहरूको संस्कार भने नगरी हुन्न, संस्कार नगरेको

यन्त्रमा पूजन गर्नाले र यसको धारण गर्नाले देवता खुसी हुनुको सट्टा क्रुद्ध हुन्छन् र आफ्नो इष्ट सिद्धि यसबाट सम्भव हुँदैन ।

यसरी यन्त्रको महिमा अनन्त छ । यसको विधिपूर्वक गरिएका उपयोगबाट भोग र मोक्ष दुवै प्राप्त हुन सक्तछ र यसको दुरूपयोग वा निषिद्ध उपयोगबाट देवताका शापको भागी हुनपर्ने हुन्छ । यसकारण आ–आफ्ना परम्पराअनुसार योग्य गुरुबाट दीक्षा प्राप्त गरेर शास्त्रीय विधिपूर्वक यन्त्रको ग्रहण, पूजन र धारण गर्नु कल्याणकारी हुन्छ ।

तान्त्रिक दृष्टिमा यन्त्र-विस्तार

तन्त्रहरूमा देव-पूजनका दशवटा स्थानहरू कल्पित छन् – शिवलिङ्ग, मणि, यन्त्र, शालग्राम, घट (कलश), रवि (सूर्य), स्थण्डिल (सतहभन्दा केही ऊँचा उठाएर बनाइएको वेदी वा मञ्च), अग्नि (आगो), मूर्धा (शिर) र हृदय। यीमध्ये यन्त्र पूजनको विशेष आधार वा अधिष्ठान मानिएको छ । यसैको अर्को नाम चक्र वा श्रीचक्र पनि हो ।

यन्त्र-शब्द संस्कृत व्याकरण अनुसार दिनु – अर्थ भएको यम-धातुबाट उणादि य-प्रत्यय लागेर बन्दछ । यसको अर्थ हो – दिने अर्थात् समर्पण गर्ने वा चढाउने आधार । सम्पूर्ण देवताको पूजन यन्त्रमै गर्नु उचित हुन्छ । शरीर आत्माको अधिष्ठान हो, यन्त्र देवताको । यन्त्र मन्त्रमय हुन्छ, देवता साक्षात् मन्त्रस्वरूप । यसैले यन्त्रमा पूजा गऱ्यो भने देवता शीघ्र प्रसन्न हुन्छन् । साधकको अभीष्ट सिद्ध हुन्छ ।

मानवको शरीरमै काम, क्रोध आदि अनन्त दोषहरू विद्यमान छन् । नाना किसिमका दुःख-कष्टहरूका स्रोत यिनै हुन् । यन्त्रपूजनले सम्पूर्ण दुःखको नियन्त्रण गर्दछ । त्यसैमा यसको नामै छ यन्त्र, दुःखलाई नियन्त्रण गर्ने माध्यम-अपूर्व साधन ।

यन्त्र अनेकौं वस्तुबाट बन्न सक्तछन् – मणि, सुन, चाँदी, तामा, स्फटिक, शालग्राम शीला (गण्डकीका ढुङ्गा) आदिबाट । यी कुनै पनि उपलब्ध छैनन् भने अपराजिता पुष्प, जपापुष्प, शुद्ध रातो करवीर, अथवा द्रोणपुष्प, यिनीहरूमा पनि यन्त्र हुन सक्तछन् । त्यही पनि पाउँदैन भने तीर्थ, खोला-नदी वा कूवाँको शुद्ध जल त पाइएला, त्यसमा पनि यन्त्रको भावना गरेर पूजन गर्न सकिन्छ । अझ शुद्ध ठाउँ पारेर पृथ्वीमा समेत पनि यन्त्र बनाएर पूजन हुनसक्तछ । यन्त्र नबनाई भूमिमा त्यसै पूजा गर्न भने हुन्न, यसबाट आयु, धन, सन्तान नष्ट हुनसक्तछन्।

यन्त्र जुन वस्तुबाट बनाइएको छ, त्यसको भेदले पूजाका फल पनि

भिन्नभिन्न हुनसक्तछन् । तामाका यन्त्रमा पूजा गर्नाले लाख गुणा बढी फल पाइन्छ भने चाँदीको यन्त्रमा गर्नाले करोड गुना र सुन तथा स्फटिकका यन्त्रमा अनन्त फल पाइन्छ । मणि–माणिक्य रत्नको यन्त्र पूजनबाट त फल कति हो कति, हिसाब गर्न सकिंदैन । भूमिमा सिन्दूरले यन्त्र बनाएर गरिएको पूजनले सम्पूर्ण कामनाको पूर्ति गर्दछ ।

सुवर्णको यन्त्र पूजनबाट ठूलाभन्दा ठूला समर्थव्यक्ति साधकका वशमा आउन सक्तछन् । चाँदीको यन्त्रपूजनले दीर्घायु र आरोग्य प्रदान गर्दछ । तामामा बनाइएको यन्त्रमा पूजन गर्नाले सम्पूर्ण ऐश्वर्यलाभ हुन्छ। स्फटिकको यन्त्रार्चनबाट मनले चिताएको पुग्दछ । रत्नहरूमा पनि माणिक्यरचित यन्त्रपूजनबाट अपार भोग प्राप्त हुन्छ भने गोमेद निर्मित यन्त्र ऐश्वर्यप्रद मानिन्छ। मरकत मणिको यन्त्र पूजनबाट शत्रु–विनाश हुन्छ र दशभाग सुन, सोह्रभाग चाँदी र बाह्रभाग तामा मिलाएर बनाएको (लोहत्रय)को यन्त्रमा पूजन गर्नाले सौभाग्यप्राप्तिका साथै अभीष्ट सिद्धिको लाभ हुन्छ ।

तर वंग, शीशा, फलाम, फल्याक (काठ), कपडा, भित्ता यिनीहरूमा यन्त्र राख्नु हुँदैन । यसबाट कूल, धन, सन्तान निर्मूल भएर नष्ट हुन सक्तछन् ।

यौटै पीठमा यन्त्र नबनाइकन देवताहरूको पूजा गर्नु हुँदैन । यौटा देवतालाई आवाहन गरेर अर्काको पूजन पनि उचित होइन । यौटै पीठमा धेरै देवताको पूजा गर्नु छ भने पृथक् पृथक् आवाहन आदि गरेर पृथक् पृथक् नै उपचारले सबैको पूजन गर्नु आवश्यक छ ।

खण्डित, स्फुटित, दग्ध, भ्रष्ट, मानविवर्जित, व्यङ्ग (अङ्गहीन वा विपरीत अंगवाला, अनल पशुस्पृष्ट (अयोग्य पशुले छोएको), खराब ठाउँमा खसेको, अर्कै देवताका मन्त्रले पूजा गरिएको, पतित व्यक्तिले छोइदिएर दूषित भएको – यी दशवटा (यन्त्रमा) पूजन गर्नु हुँदैन ।

सुन, चाँदी, तामा, पीठ, भोजपत्र, पृथ्वी। यिनीहरूमा यन्त्र नलेखी पूजा गर्नु हुँदैन । यन्त्र लेख्ने वस्तु पनि दक्षिण र वाममार्गमा बेग्लाबेग्लै हुन्छन् । दक्षिणमार्गमा आठ किसिमका गन्ध (चन्दन) ले यन्त्र लेखिन्छन् भने वाममार्गमा आद्यपुष्प, रक्तले लेखिन्छ अथवा अपराजिता पुष्पमा रक्तचन्दन लगाएर यन्त्र बनाइन्छ। यसका अन्य विधि पनि छन्, तन्त्रानुसार विधिपूर्वक गर्नु उचित हुन्छ।

चक्र (यन्त्र)को प्रस्तार चार किसिकमा छन् – भूप्रस्तार, कूर्मप्रस्तार, पद्मप्रस्तार र मेरुप्रस्तार। निम्नरेखा भयो भने भू-प्रस्तार हुन्छ र ऊर्ध्वरेखा भएमा कूर्मप्रस्तार र पद्मप्रस्तार हुन्छ। मेरुप्रस्तारमा यन्त्रै सतहभन्दा उठाएर बनाइन्छ।

यन्त्र बनाउँदा सोझा सोझा रेखा तानेर बनाउनु पर्दछ, यसबाट लक्ष्मी (सम्पत्ति) प्राप्त हुन्छ। रेखा बाङ्गा भएमा दरिद्रताको शिकार बन्नुपर्ने हुन्छ।

देवताहरूको अधिष्ठान चक्र

प्रत्येक देवताको अधिष्ठान चक्र (यन्त्र) बेग्लाबेग्लै हुन्छन्। महाविद्याहरूमा-

१. **काली (दक्षिण)यन्त्र** – यसमा पाँचवटा त्रिकोण, तीन वृत्त, अष्ट दल, वृत्त र भूपुर हुन्छन्।

२. **ताराको यन्त्र** – यसमा त्रिकोण, वृत्त, अष्ट दल र दुई भूपुर रहन्छन्।

३. **षोडशी त्रिपुरसुन्दरीयन्त्र** – यसमा बिन्दु, त्रिकोण, अष्टकोण, दुई दशकोण, चौध कोण, वृत्त, अष्ट दल, षोडश दल, तीन वृत्त र तीन भूपुर हुन्छन्।

४. **भुवनेश्वरीयन्त्र** – यसमा षट्कोण, वृत्त, अष्ट दल, वृत्त, षोडशदल र भूपुर हुन्छन्।

५. **भैरवीयन्त्र** – यसमा नौ त्रिकोण, वृत्त, अष्ट दल र भूपुर रहन्छन्।

६. **छिन्नमस्तायन्त्र** – यसमा त्रिकोण, तीन वृत्त, अष्ट दल र तीन भूपुर हुन्छन्।

७. **बगलामुखीयन्त्र** – यसमा त्रिकोण, षट्कोण, वृत्त, अष्ट दल र भूपुर रहन्छन्।

८. **धूमावतीयन्त्र** – यसमा षट्कोण, वृत्त, अष्ट दल र भूपुर रहन्छन्।

९. **मातङ्गीयन्त्र** – यसमा षट्कोण, वृत्त, अष्ट दल र भूपुर रहन्छन्।

१०. **कमला (लक्ष्मी)यन्त्र** – यसमा षट्कोण, वृत्त, अष्ट दल र भूपुर हुन्छन्।

यी दश महाविद्याहरूका पूजाका अधिष्ठान चक्रहरू भए। यौटै देवताको यौटै चक्र मात्र हुँदैन। तर प्रत्येक चक्रमा सम्बद्ध देवताको मूल बीज मुख्यरूपले बीचमा रहन्छ र आवरण देवता वा तिनका बीजहरू अन्य कोणहरूमा रहन्छन्। यस्तै किसिमले गणेश, शिव, विष्णु, सूर्य, दुर्गा आदि देवताहरूका यन्त्र पनि भिन्न भिन्न हुन्छन्।

पूजा गर्दा तन्त्रशास्त्रमा उल्लिखित रीतिले, गुरुले उपदेश गरेको, परम्परामा

चलेको यन्त्र बनाई आफूले लिएको दीक्षाअनुसार सम्बद्ध देवताको बीज मन्त्र प्रधानरूपले यन्त्रको मध्यभागमा लेखी श्रद्धा र भक्तिसाथ नित्य पूजा गर्नु पर्दछ र नैमित्तिक एवं काम्य रूपमा पनि विधिपूर्वक अर्चन गर्ने गर्नु पर्दछ ।

यिनका अतिरिक्त विविध कामनाहरूका पूर्तिका लागि पनि भिन्न यन्त्रहरूको पूजन गर्ने विधान तन्त्रहरूमा पाइन्छन् । मारण, मोहन, आकर्षण, वशीकरण, स्तम्भन, विद्वेषण, उच्चाटन जस्ता अभिचारकर्मका लागि, शान्ति प्राप्त गर्न, डर हटाउन, रोग नाश गर्न, सर्प हटाउन, भूत-प्रेत आदिका बाधा शान्त गर्न, गर्भको रक्षा गर्न, सुखपूर्वक प्रसव गराउन, जूवा जित्न, बन्धनबाट मुक्त हुन एवं संसारको बन्धनबाट छुटी मोक्ष प्राप्त गर्न समेत उपयोगी अनेकानेक यन्त्रहरूको निर्माण, संस्कार, पूजन आदि विधिहरू तन्त्रशास्त्रमा उल्लिखित छन् ।

स्थायी यन्त्रहरूको मन्दिरमा प्रतिष्ठा गरेर पूजन गरिन्छ । धातुका चक्का चन्दन लगाएर यन्त्र लेखी नित्य, नैमित्तिक एवं काम्य पूजा गरिन्छ । इष्टदेवता, कुलदेवताहरूको सुन, चाँदी, तामा, मणि, भोजपत्र, कागज जे उपलब्ध हुन्छ, त्यसमा यन्त्र लेखी पूजा गरेर शिर, घाँटी, हात, कमरमा बाँधिन्छ । यन्त्र धोएको दुध वा पानी पिइन्छ । यसरी यन्त्रका प्रयोगहरू पनि अनेकौं छन् ।

तर यन्त्रको संस्कार भने नगरी हुन्न । संस्कार नगरिएको यन्त्रको प्रयोगले रोग, शोक र भयका विपत्तिमा पर्न सक्तछ । संस्कार गरेर ग्रहण वा धारण गरिसकेपछि मन्त्रले अभिषिक्त यन्त्रको प्रकाश गर्नुहुँदैन, नत्र देवता क्रुद्ध हुन्छन् भन्ने शास्त्रीय वचन पाइन्छ ।

प्रतिमा र कपडामा लेखिएको यन्त्रलाई सधैं स्नान गराउनु हुँदैन, केवल पर्वपर्वमा मात्र, मलनिवारण गर्नु उचित हुन्छ । दक्षिणायन वा उत्तरायण शुरु दिन, संक्रान्ति परेको बेला, चन्द्र-सूर्य ग्रहणको अवसरमा र विशेष पर्वकालमा यन्त्रको धारण गर्ने विधान छ ।

अन्तमा यन्त्रको महिमा अनन्त छ । यन्त्रले भोग र मोक्ष दुवै प्रदान गर्न सक्तछ । विधिपूर्वक गरिएको यन्त्र पूजनबाट देवता प्रसन्न हुन्छन् शास्त्रीय विधिविरुद्ध गरिएको यन्त्रको प्रयोगबाट देवता क्रुद्ध हुन्छन् र साधकलाई शाप पनि दिन सक्तछन् । यसकारण परम्पराअनुसार योग्य गुरुबाट दीक्षा प्राप्त गरेर शास्त्रीय विधिपूर्वक यन्त्रको ग्रहण, पूजन र धारण गर्नु कल्याणकारी हुन्छ ।

तान्त्रिक मुद्राहरू

'मुद्रा' संस्कृतको यो शब्द खुसी हुनु, पार्नु अर्थ भएको मुद् - धातुबाट बनेकाले यसको अर्थ हातका औंलाहरूले बनाएको देवतालाई खुसी पार्ने आकृति विशेष भन्ने हुन्छ । फेरि संस्कृतका मुद् - शब्दको अर्थ खुसी र रा-धातुको अर्थ ल्याउनु हो, त्यसैले पनि मुद्रा -शब्दबाट माथि बताइएअनुसारको अर्थ बुझिन्छ। सम्पूर्ण देवताहरूलाई प्रसन्न पार्ने र पापराशिलाई भगाइदिने हुनाले पनि यस्ता आकृतिलाई मुद्रा भनिएको हो ।

हातका पाँचवटा औंलाहरू आकाश, वायु, आगो, पानी र पृथ्वी यी पाँच तत्त्वका प्रतीक हुन् । यिनीहरूका संयोगबाट बनेका विभिन्न मुद्राहरू पूजाका खास खास अवसरहरूमा देखाउँदा देवताहरू ज्यादै खुसी हुने र यसबाट उपासकका कामनाहरू पूर्ण हुने हुनाले मुद्राको महत्त्व तन्त्रशास्त्रमा ज्यादै विशिष्ट मानिएको छ । पूजा, जप, ध्यान, काम्यकर्म, - विभिन्न अवसरहरूमा बेग्लाबेग्लै मुद्राहरू देखाउनु भन्ने शास्त्रहरूको निर्देश छ , तर दीक्षा नलिएका व्यक्तिले देखाएका मुद्राहरू भने स्वयं विफल हुने मात्र होइन, यसबाट देवताहरू क्षुब्ध पनि हुन जान्छन् र साधक रोगी र दरिद्र हुन सक्तछ ।

देवताहरूका भेदले मुद्राहरू बेग्लाबेग्लै पनि हुन सक्तछन्, सबै देवताका यौटै प्रकारका मुद्रा हुन्छन् भन्ने केही छैन । कतिपय मुद्राहरू सबैलाई मिल्ने पनि छन् । जस्तै १. आवाहनी, २. सन्निधापनी, ३. सम्बोधनी, ४. संमुखीकरणी, ५. सकलीकरणी, ६. भ्रमिता, ७. धेनु, ८. अमृतीकरणी र ९. परमीकरणी । यी नौवटा मुद्राहरू जुनसुकै देवताहरूको पूजामा पनि उपयुक्त हुन्छन् ।

विष्णुका - शङ्ख, चक्र,गदा, पद्म, वेणु (वंशी), श्रीवत्स, कौस्तुभ, वनमाला, ज्ञान, विल्व (बेल), गरुड, नारसिंह, हयग्रीव, वराह, धनु, बाण, परशु (बंचरो),

जगन्मोहन र काम १९ मुद्राहरू छन् ।

शिवमुद्रा - लिङ्ग, योनि, त्रिशूल, माला, इष्ट, भी (डर), मृग, खटवाङ्ग, कपाल र डमरु - दश मुद्राहरू छन् ।

सूर्यमुद्रा - सूर्यको यौटै मुद्रा छ पद्म (कमल) ।

गणेशमुद्रा - दन्त, पाश, अंकुश, विघ्न, परशु, लड्डू, बीजपूर सात मुद्रा छन् ।

दुर्गामुद्रा - पाश, अंकुश, वर, अभय, खड्ग, चर्म, धनु, शर (बाण), मुसल र मुद्रिका - दश मुद्राहरू छन् ।

लक्ष्मीमुद्रा - लक्ष्मी मुद्रा मात्र छ ।

सरस्वतीमुद्रा - अक्षमाला, वीणा, व्याख्यान र पुस्तक चार मुद्राहरू छन्।

श्यामा(काली)मुद्रा- महायोनि, मुण्ड, मत्स्य, कूर्म, ललिता, चारमुद्राहरू विशिष्ट खालका छन् ।

तारामुद्रा - योनि, भूतिनी, बीज, दैत्यधूमिनी, लोलिहाना, पाँच मुद्राहरू छन् ।

त्रिपुरासुन्दरीमुद्रा - संक्षोभण, द्रावण, आकर्षण, वश्य, उन्माद, महांकुश, खेचरी, बीज, योनि, त्रिखण्डा, दश मुद्राहरू छन् । कसैले यसमा त्रिखण्डालाई छोडेर नौ मुद्रा मात्र छन् भन्दछन् ।

यसका अतिरिक्त अभिषेक गर्दा कुम्भ, आसन चढाउँदा पद्म, विघ्न हटाउँदा कालकर्णी, जलशोधन गर्दा गालिनी, प्रार्थना गर्दा प्रार्थना, न्यास गर्दा सौभाग्यदायिनी र रिपुजिह्वा मुद्राहरूको प्रदर्शन गरिन्छ ।

धेनु, सम्पुट, प्राञ्जलि, विल्व, पद्म, नाराच, मुण्ड, दण्ड, योनि, अर्धयोनि, वन्दनी, महामुद्रा, महायोनि, भग, पुटक, निषङ्ग, अर्धचन्द्रक, अङ्ग, द्विमुख, शंख, मुष्टिक, वज्र, रन्ध्र, षड्योनि, विमल, घट, शिखरिणी, तुङ्ग, पुण्ड्र, अर्धपुण्ड्रक, संमिलनी, कुण्ड, चक्र, शूल, सिंहवक्त्र, गोमुख, प्रोन्नाम, उन्नमन,बिम्ब, पाशुपत, शुद्ध, त्याग, उत्सारिणी, प्रसारिणी, उग्रमुद्रा, कुण्डली, व्यूह, त्रिमुखा, असिवल्ली, योग, भेद, मोहन, वाण, धेनु, तूणीर (ठोक्रो). यी पचपन्न मुद्राहरू र अन्य

त्रिपत्र मुद्राहरूसमेत गरी एक सय आठ मुद्राहरू कामाख्यापूजनका सन्दर्भमा कालिका पुराणमा वर्णित छन् ।

मेरुतन्त्रमा उपर्युक्त मुद्राहरूसँग मिल्दाजुल्दा धेरै मुद्राहरूको वर्णनका साथै पूजनका अवसरमा विभिन्न उपचारहरू चढाउँदा प्रदर्शन गरिने पाद्य, अर्घ्य, आचन, मधुपर्क, स्नान, वस्त्र, आभूषण, गन्ध, पुष्प, धूप, दीप, नैवेद्य, मुद्राहरू प्राण, अपान, व्यान, उदान, समान, ग्रास मुद्राहरू एवं गायत्री जपकालमा प्रदर्शन गरिने सुमुख, संपुट, वितत, विस्तीर्ण, द्विमुख, त्रिमुख, चतुर्मुख, पञ्चमुख, षण्मुख, अधोमुख, व्यापकाञ्जलिक, शकट, यमपाश, ग्रथित सम्मुखोन्मुख, विलम्ब (प्रलम्ब), मुष्टिक, मत्स्य, कूर्म, वराह, सिंहाक्रान्त, महाक्रान्त, मुद्गर, पल्लव चौबीस मुद्राहरूको पनि वर्णन गरिएको छ ।

अन्य तन्त्रहरूमा उपर्युक्त चौबीस मुद्राहरू गायत्री जप गर्नुभन्दा अगि र गायत्री जप गरिसकेपछि सुरभि, ज्ञान, वैराग्य, योनि, शंख, पद्म, लिङ्ग र निर्वाण यी आठ मुद्राहरू देखाउनु पर्दछ भन्ने उल्लेख भएको पाइन्छ ।

यसमा विशेष कुरा के छ भने पूर्व, पश्चिम, दक्षिण र उत्तर चारै आम्नायका विभिन्न देवताहरू पञ्च मकारको विधिपूर्वक समर्पणबाट प्रसन्न हुन्छन् र यौटै मात्र तत्त्वको प्रयोगले भने साधकलाई शाप पनि दिन सक्तछन् । त्यसकारण त्यसमा कुनै त्रुटि नहोस् भन्नाको लागि उपासकले आ–आफ्ना सम्प्रदायअनुसारका मुद्राहरू जान्नु र ठीक ठीक ठाउँमा तिनको प्रयोग गर्नु अत्यावश्यक छ । यसबाट उसलाई शास्त्रले बताएअनुसार मोक्ष प्राप्त हुन सक्तछ ।

होम गर्दा मुद्रा नदेखाइ गर्न हुँदैन भन्ने शास्त्रको वचन छ । विना मुद्रा हवन गर्‍यो भने देवताले ग्रहण नगर्ने कुरा त छँदैछ, अझ त्यसभन्दा पनि बढी यजमान र होता दुवैलाई यो अनिष्टकर हुन्छ । यसकारण होम गर्दा मृगी, हंसी र शूकरी तीन मुद्राहरूको प्रयोग गर्नु अत्यावश्यक छ ।

फेरि परमन्त्रबाट हुने अभिचारहरूलाई हटाई निष्क्रिय पार्न पनि मुद्राहरूकै आवश्यकता पर्दछ । जस्तै – दाह, ज्वर, अभिचारकले शान्तिका लागि बूढी औंला र साहिंली औंलाले हवन गर्नुपर्दछ । विद्वेषण र उच्चाटन र मारणको

बाधा साहिंली र माझी औंलाले हवन गरेमा शान्त हुन्छ । बुद्धि, कान्ति, नीतिहरूको र शरीर पुष्टिका लागि एवं आकर्षणको निमित्त चोर र साहिंली औंलाले हवन गर्ने विधान छ । मोहन, वशीकरण, प्रीतिसंवर्धन साहिंली र कान्छी औंलाको हवनले सिद्ध हुन्छन् । मोहन, आकर्षण, क्षोभण, उच्चाटनका लागि कान्छी, माझी र बूढी औंलाले हवन गर्नु पर्दछ ।

यतिमात्र होइन बटुक, योगिनी, बटुक क्षेत्रपाल, राजराजेश्वर र गणेश यी देवताहरूलाई बलि चढाउँदा बेग्लाबेग्लै मुद्राको प्रयोग हुनु आवश्यक छ भने बलिविसर्जनमा पनि बेग्लै नै मुद्रा अपेक्षित हुन्छ । देवताहरूको आकर्षण र विसर्जनका लागि क्रमशः आकर्षण र संहारमुद्राको प्रदर्शन आवश्यक छ । शान्ति आादि कर्म गर्दा पद्म, पाश, गदा, मुशल, अशनि र खड्ग यी छ मुद्राहरू प्रदर्शित गरिन्छन् । यसै प्रकारले विस्मय, बिन्दु र नाद मुद्राहरू पनि विशेष अवसरहरूमा प्रदर्शन गर्ने विधान शास्त्रले गरेको छ ।

सबै किसिमका तान्त्रिक पूजा गर्दा पूजाको जलमा अंकुश मुद्राले गंगा आदि तीर्थको आवाहन गरी मत्स्यमुद्राले यसको शोधन गरिन्छ । षडंगन्यास अन्तर्गत हृदयादिन्यास हुँदा पनि प्रत्येकमा विशेष औंलाहरूको प्रयोग गरिन्छ । शंखार्घ्यमा धेनु, मत्स्य, शंख मुद्राको प्रदर्शन हुन्छ र सामान्यार्घ्यमा धेनु, मत्स्य र योनिमुद्रा देखाइन्छ ।

मृगमुद्राले देवताको प्राणप्रतिष्ठा मन्त्र पढिन्छ, आवाहनी आदि उपर्युक्त मुद्राहरूले आवाहन, संस्थापन आदि गरिन्छ र पूजा सकिएपछि संहारमुद्राले देवता विसर्जन गरिन्छ । यसैगरी नमस्कार, धेनु, लिङ्ग र योनि मुद्राले गरिन्छ आदि ।

अजितागममा – शोधनी, कालकर्णी, मुकुली, शशकर्णिका, निष्ठुरा, पद्म, नमस्कारा, मनोरमा, शान्ता, लिङ्ग, ध्वज, आवाहनी, स्थापनी, रोधनी, संनिधीकरणी, गायत्री, नेत्रा, अस्त्रा, सुधा, पञ्चमुखी, संहार, वज्र, शक्ति, दण्ड, खड्ग, पाश, अंकुश, गदा, शूल, चक्र, पद्म, द्रव्य, करकच्छपी, नाराच, मृगी, महामुद्रा, शंख, ताल, वाराही र भासिनी यी चालीस मुद्राहरूको वर्णन गरी शिवपूजामा यिनको उपयोग हुन्छ भनिएको छ ।

किरणागममा लिङ्ग, नमस्कार, ताल, शंख, सुरभी, मुकुली, वाराही, निष्ठुरा, बीज, पञ्चवक्त्री, द्रव्य, शिखा,संहार, सादाख्या, आसनी, महेश, वज्र, शक्ति, दण्ड, खड्ग, पाश, अंकुश, गदा, शूल, पद्म, चक्र, टंक, महारुद्रा, घण्टा, अस्त्र, शर र धनु यी बत्तीस मुद्राहरूको उल्लेख पाइन्छ ।

तर रौरवागममा भने नमस्कार, ध्वज, शशकर्णिका, मुकुला, पद्म, आवाहनी, निष्ठुरा, कालकण्ठी, लिङ्ग यी नौ मुद्राहरूको मात्र उल्लेख गरिएको पाइन्छ ।

मृगेन्द्रागममा चाहिँ स्रुक् (होम गर्ने उपकरण सुरो), मकरी, शूल, पद्म, धेनु, मनोरथ, नमस्कार, आवाहनी, स्थापनी, तिरोधिनी, परिघा, आकर्षिणी, घट र ताल यी चौध मुद्राहरू शिवपूजाका निमित्त वर्णित छन् ।

यस ग्रन्थमा मुद्रा शब्दको व्याख्या गर्दै ग्रन्थकार भन्छन् – विघ्नहरूलाई मुद्रण गर्ने (स्वतन्त्र हुन नदिइकन बाँधेर राख्ने) भएकोले औंलाहरूको यस बनावटलाई मुद्रा भनिएको हो। यो केवल औंलाहरूको संयोगविशेष मात्र होइन परमेश्वरका शक्तिहरू नै हुन् । यो काम अरू कुनै वस्तु वा उपचारबाट हुन सक्तैन।

यी मुद्राहरूमध्ये स्रुक्मुद्राले शक्तिलाई उद्दीप्त गर्दछ भने मकरीले सम्पूर्ण विघ्नको नाश गर्दछ । शूलमुद्राले दुष्टहरूको नाश गर्दछ, पद्ममुद्राको काम शक्तिपुरोचन हो र धेनुको ईश्वरप्रार्थना । मनोरथ र नमस्कार मुद्राले ईश्वरको सान्निध्यमा पुऱ्याउँदछ । आवाहनीमुद्रा आवाहन गर्न, स्थापनी स्थापना गर्न र निरोधनी रोकेर राख्न प्रदर्शन गरिन्छन् । परिघामुद्राले विघ्न नाश गर्दछ । आकर्षणी मुद्राले ईश्वरलाई आकर्षित गर्दछ । घटमुद्रा स्नान गराउँदा प्रदर्शन गरिन्छ । तालमुद्रा देखाउँदा साधक अट्टहास गर्दै तीन पल्ट ताली बजाएजस्तो गरी देब्रे हातको हत्केलामा दाहिने हातको चार र माझी दुई औंलाले तीन पल्ट ठोक्दछ र यसले पूजामा हुने सबै किसिमका विघ्नबाधाहरूलाई हटाउँदछ ।

यसरी तान्त्रिक पूजनमा मुद्राहरूको विशेष स्थान एवं भूमिका रहेको तथ्य स्पष्ट हुन्छ । देवताहरूको भेदले उनीहरूको पूजामा प्रयोग हुने मुद्रारू पनि बेग्लाबेग्लै हुन्छन् तापनि मुद्रा विना गरिएको पूजनको कुनै महत्त्व छैन भन्ने कुरा पनि सर्वमतसिद्ध छ । सर्वसाधारण मानवलाई त कसैले कुनै मुद्रा देखाइदियो

भने खुसी हुने र कुनै मुद्रा देखाउँदा रिसाउने हुन्छ भने परमेश्वरको पनि यही कुरा हो । अस्तु ।

विशेष

तर यसमा सावधानी लिनुपर्ने पनि केही कुरा छन् – शास्त्रीय निर्देशअनुसार उपासकले गुरुसँगै सिकेरमात्र आफ्नो उपासनाका मुद्राहरूको उपयोग गर्नुपर्दछ। गुरुको उपदेश विना सिद्धिको आकांक्षा लिएर पुस्तकमा लेखिएका मुद्राहरूको उपयोग गर्नु उचित हुँदैन । दीक्षित उपासकलाई गुरुको आज्ञानुसार मुद्राहरूको अभ्यास गर्न भने विभिन्न ठ्यासफूहरूमा उल्लिखित चित्रसंग्रहले अवश्यकै पनि सहयोग गर्नेछ भन्ने विश्वास गरिन्छ ।

भाव

प्रश्न - कुण्डलिनी उत्थान योगको कुरा गऱ्यौं । अब पूजामा-उपासनामा विशेष महत्त्वको कुरा अरू केही छ कि ?

उत्तर - छ, उपासनामा भावको ठूलो महत्त्व छ, भूमिका छ । भाव भनेको के हो भने - हामी लोकमा यौटा उदाहरण हेरौं, हाम्रो परिवारमा छोरी हुन्छे, पत्नी हुन्छे र आमा हुन्छिन् । हामी पुरुष यौटै भए तापनि तीनै जनाको अगाडि जाँदा हाम्रो भाव बेग्लाबेग्लै हुन्छ । छोरी अगाडि जाँदा वात्सल्य जाग्दछ, पत्नीसमक्ष जाँदा प्रेम र करुणा जाग्दछ र आमाको सम्मुख जाँदा श्रद्धा, मान्यता, आस्था जाग्रत हुन्छन् । तीनै अवस्थामा हाम्रा भाव र कर्तव्य कार्य पनि बेग्लाबेग्लै नै हुन्छन्। त्यस्तै नै उपासना पनि बेग्लाबेग्लै भावमा गरिन्छन् । उपासकको मनस्थितिलाई तीन भावमा विभक्त गरिन्छ - पशुभाव, वीरभाव र दिव्यभाव । यी भावअनुसार कर्म पनि बेग्लाबेग्लै हुन्छन् र साधनाका प्रक्रिया पनि बेग्लाबेग्लै हुन्छन् ।

प्रश्न - पशु, वीर र दिव्यभावको उल्लेख गर्नुभयो । पशुभाव भनेको के हो?

उत्तर - साधारणतः यसरी सम्झे वेश होला । पशुभावमा रहेको साधकले आफूलाई आफ्नो उपास्य देवताभन्दा पृथक्‌रूपमा उनको सेवक, दास, भक्त, अज्ञानी, दुःखी आदि आदि रूपले आफूलाई दीन-हीन सम्झन्छ । त्यही रूपमा उसले उपासना गरेर देवताबाट आफूलाई उद्धार गर्ने प्रार्थना गर्दछ । उसको यौटा कामना रहन्छ - आफ्नो उद्धार गराउने, आफ्नो दुःख-कष्ट नाश गराउने । उसका क्रियाकलाप पनि बेग्लाबेग्लै नै हुन्छन् ।

प्रश्न - पशुभावमा रहेको साधकको क्रिया-कलाप के - कस्तो हुन्छ त ?

उत्तर - पशुभावमा रहेको साधकलाई पशु पनि भन्दछन् । पशु भनेको लोकमा प्रसिद्ध भए जस्तै - गाई-वस्तु, भेडा बाख्रा भनेको होइन । वास्तवमा ती जस्तै अज्ञानका पाशोले, कर्मका पाशोले बाँधिएको पशु । अब क्रियाकलाप हेरौं- यौटा पशुले दुर्गापूजा, विष्णुपूजा, शिवपूजा नित्य भक्तिसाथ गर्दछ । नित्य श्राद्ध, सन्ध्यावन्दन, पितृतर्पण, देवतादर्शन, पीठहरूको दर्शन, तीर्थभ्रमण गर्दछ । गुरुको, बाबु आमा मान्यजनको आज्ञापालन गर्दछ । सम्पूर्ण शास्त्रमा बताइएबमोजिम कर्म गर्दछ । माछामासु खाँदैन, रक्सी खाँदैन, परस्त्रीलाई हेर्दैन, छुँदैन, आफ्ना आश्रमको वर्णको आचार पालन गर्दछ । आदि ।

प्रश्न - **यौटा कुरा यसमा मलाई सोध्न मन लाग्यो । माथि बताइएका कर्म गर्नु त के पुण्यकर्म होइन र ? त्यो मानवमात्रको कर्तव्य हो । यौटा धार्मिक पुरुषले ती कर्म गर्नै पर्दछ । तैपनि त्यस्तो साधक पशु कसरी त ?**

उत्तर - हो, ठीक भन्नुभयो । ती असल कर्म हुन् । तर ती सम्पूर्ण कर्म त्यसले गर्दछ, गर्नुपर्दछ, भनौं - जो शरीरमा बस्तछ । आत्मामा स्थित छैन। शरीरको कर्म सत्त्व, राजस र तामस गुणहरूका सीमामा रहनु । त्यहाँ रहेर, शरीरको, मन, बुद्धि, चित्त, अहंकार, इन्द्रियहरूका राम्रा नराम्रा वृत्तिहरूको अस्तित्व मानेर तिनका प्रभावमा प्रवाहित भएर यी कर्म गरिन्छन्। पहिले त साधकले यही गर्नुपर्दछ । यही सबै चीज होइन। यसभन्दा पनि साधक माथि उक्लन्छ । उक्लनु पर्दछ ।

प्रश्न - **पशुभावमा रहेको साधकले के सिद्धि पाउँदैन त ?**

उत्तर - पाउँदछ, अवश्य पाउँदछ । शास्त्रले विधान गरेको कर्म गर्दै गयो भने निन्दित कर्मको पाशोमा फसेन भने त्यसले पनि सिद्धि पाउँदछ । तर स्वर्ग आदि पारलौकिक सुख र सुखसम्पत्ति आदि लौकिक सुखमात्र मोक्ष उसलाई हुँदैन । जन्म-जन्मान्तरले फेरोबाट ऊ उम्कन सक्तैन । पुण्य गरे सुख, पाप गरे दुःख, स्वर्ग-नरक यही चक्र नै उसको सीमा हुन्छ ।

प्रश्न - उसो भए पशुभावको साधकले गर्न नहुने कर्म चाहिँ के हुन् त ?

उत्तर - राती यन्त्र छुनु र मन्त्र जप्नु, परस्त्रीलाई कुभावले हेर्नु, परद्रव्यको लालसा राख्नु, मन्त्रमा अक्षर त हो नि भन्ने, देवताका शिला-ढुंगो त होनि भन्ने, गुरुजनलाई मान्छे त होनि भन्ने यी कर्म गर्नु आदि पशुभावको साधकका निमित्त निन्दित कर्म हुन् ।

प्रश्न - यी निन्दित कर्म जान-अनजानमा हुन गयो भने के गर्ने त ? के उसको साधना सफल हुँदैन ?

उत्तर - प्रायश्चित्त गर्नुपर्दछ । चान्द्रायण आदि प्रायश्चित्त छन् नि । शास्त्रमा बताइएका हुन्छन्, वेद, धर्मशास्त्र, पुराणहरूमा, तदनुसार प्रायश्चित्त गऱ्यो भने ऊ शुद्ध भएर पुनः आफ्ना कर्मक्षेत्रमा उद्धारको मार्गमा लाग्न सक्तछ ।

प्रश्न - अब वीरभावको लक्षण के हो त ? कस्ता हुन्छन् ती वीरसाधक ?

उत्तर - वीरभावको साधकलाई वीर भनिन्छ । वीर माने बहादुर – एकदृष्टिले हेर्दा । पशुसाधकले आफूलाई देवताको सेवक, दास, भक्त, पुत्र आदि सम्झन्छ, भन्छ, प्रार्थना गर्दछ भने यौटा वीरसाधक देवता मैं हुँ भन्छ, सोच्छ, त्यही अनुरूप साधना गर्दछ । वीरले देवतामा भएका सम्पूर्ण गुण आफूमा देख्दछ, ऊ आफूलाई ऐश्वर्ययुक्त, शक्तिसम्पन्न, सर्वज्ञ, व्यापक, नित्य, शुद्ध, बुद्ध, मुक्त, सत्य, सत्चित् आनन्दस्वरूप परब्रह्म मान्दछ । यो संसारै ऊ आफैमा पाउँदछ, त्यसले आफूलाई ब्रह्माण्डभरि टम्म ढाकेको पाउँदछ । यो हुन्छ वीरको चिन्तन ।

प्रश्न - यो के ठीक हो त ? यसबाट घमण्ड, शेखीमात्र बन्दछ । ऊ कसैलाई देवतालाई नगन्ने हुन्छ । जे पायो उही गर्ने हुन्छ होइन र ?

उत्तर - होइन, यस्ता कदापि हुँदैन । यौटा वीर साधकले त्यस्तो अर्कालाई हानि हुने काम कहिल्यै गर्दैन । मनपरी ऊबाट हुँदै हुँदैन । ऊ शरीरमा स्थित भएर उपासना गर्दैन । शरीरबाट शरीरको धर्मबाट, सत्त्व, रज र तमो गुणका परिधिबाट माथि उठ्तछ । जब ऊ सर्वत्र आफूलाई देख्तछ, आफैमा सर्वचीज देख्तछ भने उसका निमित्त

अरू भन्ने वस्तु नै पो के हुन सक्तछ र दुःख दिने, कष्ट दिने काम गरोस् । ऊ त निर्द्वन्द्व हुन्छ, प्रपञ्चातीत, गुणातीत हुन्छ । यो संसारमा देखिएका भेददृष्टिलाई असत्य मान्दछ ।

प्रश्न - **आफैलाई देवता मानिसकेपछि कसको साधना गर्ने त ?**

उत्तर - आफ्नै, सबैको, व्यष्टि होइन समष्टिको । उसको चिन्तन आत्मचिन्तन हुन्छ, पूजन आत्मपूजन । सम्पूर्ण संसारको व्यवहार यौटा वीरको निमित्त देवपूजन नै हुन्छ ।

प्रश्न - **त्यसो भए वीरसाधकका आचार के हुन् त ? कसरी साधना गर्दछ ऊ?**

उत्तर - हेर्नोस् अब, अलि अप्ठेरो प्रश्न अब आयो । अप्ठेरो भनेर भन्नै नसकिने भन्ने होइन, तर लोकको, पशुभावमा रहेको वर्तमान अवस्थाका संसारको, आजको समाजका निमित्त उसको दृष्टिमा वीर साधकको आचार बुझ्नै नसकिने, शङ्काप्रद, निन्दा लाग्ने जस्तो हुनसक्तछ । यसैले यी आचारलाई स्पष्ट, खुल्लमखुल्ला व्यक्त नगर्ने शास्त्रको निर्देश छ ।

प्रश्न - **तैपनि कसरी चिन्ने त त्यो साधक वीरभावको साधक हो भनेर ?**

उत्तर - वीरसाधकहरूमध्ये कोही पञ्च मकारको साक्षात् प्रयोग गर्दछन्, कोही तिनका अनुकल्पले काम चलाउँछन् । यसमा वा अधिकारको प्रश्न आउँदछ । कस्तो साधकलाई कुन कुराको प्रयोग गर्ने अधिकार छ, कुन तहसम्म पुगेकाले के गर्न सक्तछ यी सब कुरालाई ध्यानमा राखेर पञ्चमकारको साक्षात् अथवा अनुकल्पको प्रयोग गर्ने गरिन्छ । तर साक्षात् प्रयोग गर्नेले पनि साधनामा बाधा पुग्ने गरी होइन, साधनाकै सिद्धिको निम्तिमात्र पञ्चमकारको प्रयोग गर्नु पर्ने हुन्छ, अन्यथा होइन।

अनेकौं गुप्त पूजा प्रक्रियाहरू हुन्छन् यिनको खुलस्तरूपले वर्णन गर्नु यहाँ सम्भव छैन । गर्नु पनि हुँदैन । गुरुमुखबाट जान्ने परम्परा अनुसार गर्ने गराउने गर्नु उचित हुन्छ ।

प्रश्न - **अनि दिव्यभाव भनेको फेरि के हो त ? कस्तो हुन्छ दिव्य साधक ?**

उत्तर - सबभन्दा उत्तम हुन्छ - दिव्यभावको साधक । दिव्य साधक त

योगारूढ हुन्छ अथवा योगी । वीरभावको साधक त योगारूढ हुने प्रक्रियामा हुन्छ – ऊ स्वयं देवता हुँ, ब्रह्म हुँ भन्ने चिन्तन गर्दछ । दिव्य साधकको पूजा गर्ने उपचारहरू, सांसारिक साधनहरू छुट्दै जान्छन् । ऊ त मनोजगत्मा प्रवेश गर्दछ । भावमात्र उसको लागि बाँकी रहन्छ – 'भाव एव हि केवलम्' ।

प्रश्न – वीरसाधक र दिव्यसाधकको वास्तविक फरक के त ?

उत्तर – वीरसाधकको गन्तव्य स्थल, पुग्ने ठाउँ दिव्यभावको प्राप्ति नै हो । यौटा सफल वीरसाधक नै दिव्य साधक हुन सक्तछ, जब उसको साधना सफल हुन्छ, 'देवता भएर देवताको पूजन गर्नु' भन्ने शास्त्रको निर्देश छ । वीरसाधक – प्राणायाम, न्यास, ध्यान, जप गर्दछ, पाप पुरुषलाई हटाउँदछ, शरीर, मन, चित्त, बुद्धि शुद्ध पार्दछ, देवता हुँ भन्दछ । तन्मय हुन प्रयास गर्दछ । सिंढी उक्लने उक्लिरहने प्रक्रियामा ऊ हुन्छ । उसलाई विभिन्न साधनको आवश्यकता पर्दछ । मन स्थिर पार्न पनि बाहिरी साधना चाहिन सक्तछ । तर यौटा दिव्यसाधक त्यसभन्दा माथि उठिसकेको हुन्छ । ऊ देवता बन्दछ र देवताको देवतास्वरूपमा आफ्नै उपासना गर्दछ । ऊ अनुभव गर्दछ, म नित्य, शुद्ध, बुद्ध, मुक्त छु । म ब्रह्मस्वरूप हुँ । दुःख कष्टको अनुभव ऊ गर्दैन । सुखै सुख – आनन्दै आनन्द, घनीभूत आनन्दको अनुभूति ऊ गर्दछ । उसको चित्त स्थिर छ, एकाग्र छ । यही अन्तर छ वीरसाधक र दिव्यसाधकका बीचमा ।

प्रश्न – दिव्यसाधकको आचार केही छन् त ?

उत्तर – के आचार हुनु दिव्य साधकको । ऊ दिव्यभावमा रहेर जे गर्दछ – त्यही उसको आचार हो । अनाचार उसबाट हुँदैहुँदैन । देख्दा अनाचारजस्तो लागे तापनि अरूलाई त्यसमा ऊ लिप्त छँदैछैन । जो लिप्त छैन, त्यो फलको भागी हुँदैहुँदैन । पुण्य पापले उसलाई छुँदैन, पुण्य-पापको सीमा नाघेपछि दुःख सुखमा अन्तर नआएर, जन्म भएन, मृत्यु भएन, मोक्ष – परमपदमा पुग्ने यही त हो बिन्दु ।


मध्याह्नध्यान
प्रातर्ध्यान
श्री गायत्री
सायाह्नध्यान

गायत्री - 'क'

प्रश्न - **व्रतबन्ध गरेपछि गायत्रीको जप गर्नुपर्ने विधान छ । यो कस्तो किसिमको साधना हो ? यसबारे केही बताइदिनु हुन्छ ?**

उत्तर - हो व्रतबन्ध गरेपछि गायत्रीको मन्त्र प्रदान गरिन्छ वटुलाई । अनि उसले नियमितरूपबाट विधिपूर्वक गायत्रीको जप गर्नुपर्दछ । यहीं उसको प्रथम साधनाको शुरुआत हुन्छ ।

पद्मपुराणअनुसार गायत्रीको, जसलाई सावित्रि पनि भनिन्छ । सबै द्विजले उपासना गर्नै पर्दछ । त्यो पनि दिनभरिमा एक समयमात्र होइन, बिहान, दिउँसो र बेलुका तीनै समयमा । होइन भने, त्यो व्यक्ति सावित्रि पाएको व्यक्ति भनौं पतित मानिन्छ । जसले नियमपूर्वक सावित्रिको उपासना गर्दछ, त्यसले सूर्यलोक प्राप्त गर्दछ । फेरि मानिसले जानि वा नजानिकन पाप कर्म गरिनै रहन्छ, गायत्रीको नित्य जपले ती समस्त पापराशिहरू नष्ट हुन्छन् । त्यसैले साधनामा गायत्री उपासनाको बडो महत्त्वपूर्ण स्थान छ ।

प्रश्न - **गायत्री कुन देवता हुन् त ? गायत्री शब्दको अर्थ के हो ?**

उत्तर - गायत्री शब्दको अर्थलाई सबभन्दा पहिले हेरौं - जसले गायन गर्दछ, अर्थात् जसले गायत्रीको विधिपूर्वक निरन्तर उपासना गर्दछ, जप गर्दछ, त्यसलाई रक्षा गर्ने हुनाले मन्त्रको नामै गायत्री पर्न गएको हो- गायन्तं पाति इति गायत्री ।

जहाँसम्म देवताको प्रश्न छ - गायत्रीको देवता चाहिँ वास्तवमा सूर्य हुन् । सूर्य भनेको यौटा अपूर्व परम तेजस्तत्त्व । सूर्य उदाएपछि अँध्यारोको लेश पनि रहँदैन, यसैले परदेवता सविता - सूर्य नै गायत्रीका देवता हुन् ।

फेरि उनै तेजस्तत्त्वका तीन देवीहरू ब्राह्मी, रौद्री र वैष्णवी शक्तिको पनि क्रमैले बिहान, दिउँसो र बेलुकी उपासना हुन्छ ।

प्रश्न - गायत्रीको सन्ध्या गर्ने प्रक्रिया - छोटो प्रक्रिया भनौं कस्तो हुन्छ त ?

उत्तर - गायत्रीको जप गर्दा सबभन्दा पहिले भस्म मन्त्रेर निधारमा त्रिपुण्ड्र लगाउनु पर्दछ । त्रिपुण्ड्र भनेको तीन कोठा पर्नु पर्दछ । माझी औंला र साहिंली औंलाले भस्म लगाएर बीचमा बूढी औंलाले कोठा झिक्नु पर्दछ । कोठा नपरेको त्रिपुण्ड्रले असल गर्दैन । त्यसैगरी घाँटी, छाती, पेट, पाखुरा, बाजू र नाडीमा पनि भस्म लगाउनु पर्दछ । भस्म खरानीको हुनु आवश्यक छ, त्यो नभए जल, वायु वा माटोको पनि हुनसक्तछ । भस्म धारण नगरीकन सन्ध्या गऱ्यो भने फल हुँदैन, यो पाशुपतव्रत भनिन्छ । त्यसपछि आचमन - तीन पटक जल अचाउने काम र भगवान् श्रीहरिका नामहरू धारण गर्ने काम गरिन्छ ।

त्यसपछि प्राणायाम हुन्छ पूरक, कुम्भक र रेचक । पूरकमा १६ पल्ट प्रणव जप्दै साँस तानिन्छ, कुम्भकमा ६४ पल्ट प्रणव जपुञ्जेल साँस रोक्ने काम हुन्छ र रेचकमा ३२ पल्ट प्रणव जप्दै विस्तारै साँस छोड्ने गरिन्छ । यति लामो गर्न नसक्नेले त्यसको आधा ८, ३२, १६ सङ्ख्यामा प्राणायाम गरे हुन्छ ।

प्रायाणाम प्रक्रिया - पूरक गर्दा दाहिने नाकको प्वाल बूढी औंलाले थिचेर बाँया नाकको प्वालबाट साँस तान्ने, कुम्भकमा बायाँ नाकको प्वाल साहिंली र माझी औंलाले र दाहिने नाकको प्वाल बूढी औंलाले थिचेर साँस रोक्ने र रेचकमा दाहिने नाकका प्वालबाट मात्र साँस छोड्ने काम गरिन्छ । यो उल्टो पनि गर्ने प्रचलन पनि छ अर्थात् दाहिनेले तानेर रोक्ने अनि बायाँले छोड्ने गरिन्छ । दुवै प्राणायाम गरेपछि यो प्रक्रिया पूरा हुन्छ ।

प्राणायाम पछि शिखाबन्धन गायत्री मन्त्रले गर्नुपर्दछ । त्यसपछि पवित्रिकरण हुन्छ, मन्त्र पढ्दै जल सर्वत्र छर्किइन्छ । त्यसपछि सङ्कल्प

हुन्छ । सङ्कल्पमा पापक्षय र ब्रह्मप्राप्तिका निमित्त प्रातः मध्याह्न वा साँझ सन्ध्या गर्ने सङ्कल्प गरिन्छ । त्यसपछि हुन्छ आसन शुद्धि ।

न्यास – साधकले औंलाहरू, हत्केला र यसका पछाडि, हृदय, शिर, शिखा,कवच, तीन नेत्र, अस्त्र, गोडा, घुँडा, तिघ्रा, पेट, मुख, शिर, गुह्य, आँखा, मुख, हृदयमा गायत्री मन्त्रले न्यास गर्नुपर्दछ। यही हो षडङ्गन्यास र व्याहृति न्यास ।

देवता – गायत्रीको आवाहन – बिहान उपासना गर्दा बाला, रुद्राक्षमाला र कमण्डलु लिएकी, रातो वस्त्र, चार मुख, हंसवाहना, ब्रह्मलोकवासिनी, सूर्यमण्डलबाट आउन लागेकी छन्दहरूकी माता गायत्रीको आवाहन हुन्छ । त्यसपछि गायत्रीको ध्यान हुन्छ । अनि गायत्री मन्त्रले प्राणायाम गरिन्छ । त्यसपछि रातभरि गरेको पाप नाश गर्न सम्पूर्ण पाप सूर्यको ज्योतिमा हवन गरिन्छ । त्यसपछि पवित्रिकरण र अनि अघमर्षण हुन्छ । त्यसपछि सूर्यलाई अर्घ्य प्रदान गरिन्छ र सूर्योपस्थापना हुन्छ । अनि चौबीस मुद्राहरूको प्रदर्शन हुन्छ ।

गायत्री जप – साधकहरूमध्ये सक्नेले १०००, नसक्नेले १०८, नभए ५४, त्यति पनि नभए २७, सक्तै नसके १० मात्र भए पनि गायत्रीजप गर्नै पर्दछ । जप गर्दा मालाले, त्यसो नभए करमालाले गर्नु आवश्यक छ। नगनि जप गर्नुहुँदैन । अनि आठ मुद्राको प्रदर्शन हुन्छ । अनि जपसमर्पण हुन्छ ।

गायत्रीको विसर्जन भएपछि – आचमन प्राणायाम र न्यास गरेर सूर्यलाई जलहोम समर्पण गरेपछि गायत्रीको जप समाप्त हुन्छ।

प्रश्न – **यति लामो प्रक्रिया रहेछ, त्यति नगरी हुँदैन कि, छोटकरी प्रक्रिया पनि छ ?**

उत्तर – यो प्रक्रिया लामो देखिए पनि छोटा मन्त्र भएका र अभ्यास भएपछि चाँडै चाँडै भन्न सकिने हुँदा धेरै बेर लाग्दैन, जप गर्न मात्र जति गर्न सक्यो त्यसै अनुसार समय लाग्दछ ।

फेरि नसक्नेले – आचमन, प्राणायाम, न्यास गरेर, सूर्य अर्घ्य दिएपछि जप गर्ने र समर्पण गरेर प्राणायाम न्यास गरेर सिध्याउने पनि गर्दछन् ।

प्रश्न – यो त बिहानको भयो अब दिउँसो र साँझको पनि सन्ध्याका केही फरक छ कि त्यही प्रक्रिया दोहोर्‍याउने ? के हो ?

उत्तर – यस्तो हुन्छ – अरू प्रक्रिया त त्यही हो । तर मध्याह्न सन्ध्यामा सङ्कल्प मध्याह्न सन्ध्याको हुने नै भयो ।

मध्याह्न सन्ध्या सावित्रि, युवती, सेतो लुगा, सेतै वर्णकी, त्रिशूल लिएकी, साँढेमाथि चढेकी, कैलासमा बस्ने रुद्राणी देवता हुन्छिन् ।

त्यस्तै बेलुकाका लागि सङ्कल्प सायँ सन्ध्याको हुने भयो र देवता चाहिँ सरस्वती–वैष्णवी, वृद्धा, कालो वर्ण, पहेंलो वस्त्र, चार हात, हातमा शङ्ख, चक्र, गदा, पद्म, गरुढ वाहन, बदरीआश्रममा बस्ने वैष्णवी हुन्छिन् ।

सायँ सन्ध्या गर्दा दिनभरिका पाप सत्यको ज्योतिमा हवन गरिन्छ । यहि फरक हो ।

प्रश्न – गायत्रीको जप कुन समयमा गरिन्छ ?

उत्तर – गायत्रीको सन्ध्या बिहान तारा देखिंदै उत्तम, तारा हराएपछि सूर्य नउदाउँदै मध्यम र सूर्य उदाएपछि अधम हुन्छ ।

मध्याह्न सन्ध्या दिउँसो मध्याह्नमा गरिन्छ । मध्याह्नमा गर्ने समय नभएकाले प्रातः सन्ध्या पूजा सकिएपछि मध्याह्नको सङ्कल्प गरेर गर्ने गर्दछन् ।

बेलुकाको भने सूर्य नअस्ताउँदै उत्तम, सूर्य अस्ताएपछि तारा नउदाउँदै मध्यम र तारा उदाएपछि अधम हुन्छ । यति समयभित्र गर्न सकिएन र समय नाघ्यो भने प्राणायाम गरेपछि यसको प्रायश्चित्त मानिन्छ ।

प्रश्न - गायत्रीको मन्त्र रहस्य के हो त आखिर किन गरिन्छ यो ?

उत्तर - हेर्नुहोस्, पुरुषार्थ चार प्रकारका हुन्छन् - धर्म, अर्थ, काम र मोक्ष । मोक्ष परम पुरुषार्थ हो । मोक्ष ज्ञान नभै हुँदैन । ज्ञान भनेको केवल जे पनि जान्नु मात्र होइन, आत्मज्ञान ब्रह्मज्ञान हो । सारा उपनिषद्ले यही प्रतिपादन गर्दछ । त्यसैले यो ब्रह्मविद्या भनिन्छ । यस्तो ज्ञान चित्तशुद्ध नभै हुँदैन । त्यतापट्टि जान खोज्नु, प्रवृत्त हुनु, ईश्वरसँग पनि आफ्नो बुद्धिलाई त्यतै लाग्न प्रेरणा पाउन प्रार्थना गर्नु, मानव कर्तव्य हो । गायत्री जपेर साधक भगवान् सूर्यको परम कल्याणकारी तेजःपुञ्जलाई ध्यान गर्दै आफ्ना बुद्धिलाई ब्रह्मप्राप्तिका निमित्त प्रेरित गर्ने प्रार्थना गर्दछ । यही गायत्रीको रहस्य हो ।

गायत्रीका धेरै अर्थ छन्, पदार्थ पनि अनेकौं छन् । त्यो अहिले यहाँ छोटो समयमा भनेर साध्य पनि छैन । उचित पनि छैन। विधिपूर्वक गुरुबाट प्राप्त गरेको गायत्रीको निरन्तर उपासना र सदाचारको परिपालनबाट साधकको कल्याण यसबाट अवश्य हुन्छ । यो सत्य हो ।

गायत्री - 'ख'

प्रश्न - गायत्री उपासनाको मूल लक्ष्य के हो ? किन मानिस अनेकौं दुःख उठाएर, परिश्रम गरेर, समय लगाएर साधना गर्दछ त ?

उत्तर - संसारको प्रत्येक जीव दुःखको अन्त्य चाहन्छ । मलाई कष्ट हुँदै नहोस् भन्ने सधैं ऊ इच्छा गर्दछ । बरु हुनसक्तछ भने दुःख परेर अनि पछि नाश हुनु, नाश गर्ने प्रयास गर्नुभन्दा दुःख आउँदै नआओस् भन्ने इच्छा हुन्छ उसको ।

यसकारण दुःख आउँदै नआउनु, अथवा दुःख आइहाल्यो भने त्यो दुःख अवश्य जाओस्, फेरि फर्केर कहिल्यै नआओस् भन्ने लक्ष्य प्रत्येक जीवको खास गरेर मानवमात्रको हुन्छ । यसलाई संस्कृतमा दार्शनिक शब्दमा भन्दा दुःखको आत्यन्तिक र ऐकान्तिक निवृत्ति भन्नुपर्दछ । यही मोक्ष हो, परम पुरुषार्थ हो । यसैको निमित्त ऋषिमुनिहरू, मनीषीहरू, चिन्तकहरू रातदिन चिन्तन गर्दछन् । समस्त साधनाको मूल लक्ष्य पनि यही हो । त्यसमा पनि द्विजमात्रको निमित्त गायत्री साधना गर्ने जुन निर्देश छ शास्त्रको, त्यसको पनि मूल लक्ष्य यही हो ।

प्रश्न - यो दुःखको अन्त्य गर्ने कुरा भन्नुभयो - कस्तो दुःख, कसरी दुःखको अन्त्य गायत्रीको उपासनाबाट हुन्छ त ?

उत्तर - दुःख जम्मा तीन प्रकारका हुन्छन् – आध्यात्मिक, आधिभौतिक र आधिदैविक दुःख । आध्यात्मिक दुःख भनेको कसैले दिएर हुने होइन आफ्नै मनमा त्यसै उब्जने दुःख । कसैको राम्रो भएको देख्नेबित्तिकै ईर्ष्या, अमर्ष भएका व्यक्तिलाई त्यसै कष्ट हुन्छ त्यही दुःख आध्यात्मिक हो । आधिभौतिक दुःख भनेको अरू कुनै प्राणीबाट

हुने दुःख । जस्तै भनौं – चोरले सामान चोरिदियो, कसैले कुटपीट गऱ्यो, कीराले सर्पले टोक्यो आदि अरू प्राणीले दुःख दियो त्यो दुःख आधिभौतिक । अब – आधिदैविक दुःख भनेको चाहिँ दैवले दिएको दुःख, बाढी आयो, आँधिबेहरी आयो, सुख्खा पऱ्यो यी सबै दैवीकारणबाट जुन दुःख हुन्छ त्यो आधिदैविक दुःख हो ।

प्रश्न - **यी त भए दुःख, अब यी दुःखको अन्त्य त अरू उपायबाट पनि त हुनसक्तछन् – भौतिक उपायबाट मानिसले आफ्नो दुःखको अन्त्य गर्न सक्तछ, फेरि शास्त्र, ज्ञान, साधना किन चाहिए त ?**

उत्तर - हो, ठीक हो, आध्यात्मिक दुःखको अन्त्य जस्तै अरूको राम्रो भए जस्तै आफ्नो पनि भयो भने दुःखको अन्त्य हुनसक्तछ, त्यस्तो साधन उपलब्ध गरेर त्यो दुःख हटाउन सकिन्छ । त्यस्तै अरूले अरू प्राणीले दिएको दुःख हटाउने पनि उपाय हुनसक्तछ, आफूलाई भएको नोक्सानको पूर्ति भयो भने दुःख हटिहाल्छ । त्यसैगरी आधिदैविक दुःख पनि बाढी पैरोले लगेको, सुख्खा परेको आदि सम्पत्तिको पूर्ति भयो भने दुःख हट्छ । यस्तै लौकिक उपाय पनि छन् – दुःख हटाउने। तर ती दुःख ती उपायबाट अवश्य हट्दछन् भन्ने निश्चय छैन, र हटेपछि पुनः आइपर्दैनन् भन्ने पनि निश्चय छैन । अर्थात् दुःखको ऐकान्तिक र आत्यन्तिक निवृत्ति हुनसक्तैन, यसको निमित्त ज्ञानै चाहिन्छ, ज्ञानमात्र यौटा त्यस्तो खड्ग हो, हतियार हो जसले ती दुःख काटेर तिनबाट निवृत्ति दिन सक्तछ र त्यसरी ज्ञानले हटाएको दुःख फेरि आउन पनि आउँदैन । ज्ञानको लागि शास्त्र चाहियो । शास्त्रमा बताइएका कुरा आफ्नो जीवनमा उतार्ने प्रक्रिया नै साधना हो । गायत्रीसाधना पनि तिनै प्रक्रियामध्ये ज्यादै राम्रो र उचित प्रक्रिया मानिन्छ ।

प्रश्न - **ज्ञानबाट मोक्ष कसरी हुन्छ त ? तपाइँले दुःखको सर्वतोभावेन अन्त्य हुन्छ भन्नुभयो, त्यो ज्ञानबाट कसरी सम्भव छ ?**

उत्तर - हो ज्ञान नभै मोक्ष हुँदैन, त्यो निर्विवाद छ । तर ज्ञान कस्तो ? के लुगा, कपडा, भाँडा, घर इत्यादिको ज्ञानबाट पनि मोक्ष हुन्छ त ? हो

हुन्छ, यिनीहरूको ज्ञान, सांसारिक विषयवस्तुको ज्ञान पनि मोक्ष प्राप्तिको निमित्त सहायक हुन्छ । कसरी भने ज्ञान दुई किसिमको हुन्छ – प्रमा र अप्रमा, अर्थात् ठीक र बेठीक ज्ञान । ठीक ज्ञान जुन वस्तु जस्तो छ त्यस्तै ज्ञान हुनु ठीक ज्ञान हो – यही प्रमा हो । बेठीक ज्ञान भने मिथ्या ज्ञान, झूठो ज्ञान । जुन वस्तु जस्तो हुँदै होइन त्यस्तो हो भन्ने ज्ञान । जस्तो बाटोमा डोरी वा रबड टेडोमेडो भएर परिराखेको छ भने त्यसलाई देखेर मानिसले सर्प भन्ने ठान्दछ र झस्कने, भाग्ने गर्दछ त्यो मिथ्याज्ञान हो झूठो ज्ञान । यो संसारको ज्ञान पनि झूठो ज्ञान हो । संसारमा धेरै वस्तु अनित्य छन्, झूठा छन्, नाशवान् छन्। कोही आज छन् भोलि छैनन् । कोही आफ्नो स्वरूपभन्दा बेग्लै जस्ता देखिन्छन्। ती कुनै सत्य सधैं रहिरहने वस्तु होइनन् । अब यो झूठो हो भन्ने ज्ञान हुन पनि त कुनै झूठो हो भन्ने जान्न तिनको ज्ञान त हुनै पर्‍यो । त्यसैले आत्मतत्त्व, ब्रह्मतत्त्व यौटै छ त्यही सत्य हो बाँकी सबै झूठो भन्ने ज्ञान भएपछि मिथ्याज्ञान निवृत्ति हुन्छ र मोक्ष हुन्छ ।

प्रश्न - अब हामी पूर्वप्रसङ्गसँग जोडिन जाउँ होला । अब प्रश्न त यो उठ्छ कि गायत्रीको साधनाबाट मोक्ष प्राप्त कसरी हुनसक्दछ त ?

उत्तर - हो यस विषयकै चर्चा अब प्रासङ्गिक पनि हुन्छ होला । गायत्री स्वयं ज्ञानस्वरूपा हुन् र ज्ञान नै ब्रह्म हो । ब्रह्मज्ञानबाट मोक्ष हुन्छ । यसैकारण गायत्रीको उपासनाबाट मोक्षको लाभ हुनु अत्यन्त स्वाभाविक हो ।

प्रश्न - गायत्री त मन्त्र हो । मन्त्रको अर्थ चाहिँ के हो त ?

उत्तर - हो, मन्त्रको अर्थ नबुझीकन जपेको मन्त्रले कुनै फल दिंदैन । मन्त्रको अर्थ बुझ्नु अत्यन्त आवश्यक छ ।

गायत्रीमा सविता शब्द आउँछ, यसको अर्थ हो सम्पूर्ण जगत्को सृष्टिकर्ता, सृष्टिका आदिम स्रोत, परमप्रकाशका मूल प्रतीक यिनै सूर्य हुन् । सूर्यकै प्रकाशले सम्पूर्ण जगत् प्रकाशमान हुन्छ । ज्ञान यौटा प्रकाशै हो, महाप्रकाश । ज्ञानकै प्रकाशले जुन जुन वस्तु प्रकाशित हुन्छ, ज्ञानवान् हुन्छ भनौं त्यो भवबन्धनबाट मुक्त हुन्छ । त्यसैले

सूर्य ज्ञान र प्रकाश, ज्ञानस्वरूप नै प्रकाशका प्रतीक देवता हुन् । फेरि त्यहीँ देव शब्द पनि आउँदछ । देव – जसबाट सम्पूर्ण जगत् प्रकाशित हुन्छ, चराचर जगत् आ–आफ्ना कर्ममा प्रवृत्त हुन्छन्, त्यो स्वयं प्रकाशमान छ, त्यही देव हो, तिनै सूर्य स्वयं हुन् । तिनैको तेज अत्यन्त कल्याणकारी तेज, ज्ञानरूप तेज । त्यहीँ तेजको हामी चिन्तन गर्छौं, ध्यान गर्छौं, ज्ञान प्राप्त गर्न प्रवृत्त हुन्छौं, त्यसैको लागि प्रयत्नशील रहन्छौं । त्यसै तेजले हाम्रा बुद्धिलाई ज्ञानप्राप्तिमा प्रेरणा देओस्, त्यतैतिर सदासर्वदा हामी लागिरहौं । हाम्रो बुद्धि ज्ञानमै रमिरहोस्, तन्मय होस् । यही गायत्रीको अर्थ हो ।

म तेजस्वरूप हुँ, म स्वयं तेजस्वी सूर्यसमान आलोकित हुँ, प्रकाशमान हुँ, मेरै प्रकाशले सम्पूर्ण जगत् आलोकित छ, म स्वयं ज्ञानस्वरूप हुँ, यी सम्पूर्ण चराचर जगत् ज्ञानस्वरूप नै हो, भेदबुद्धि अज्ञान हो । म आत्मा हुँ, म स्वयं प्रकाश हुँ, यही चिन्तनले साधक ब्रह्मभावमा प्राप्त हुन्छ । त्यसपछि मोक्ष त उसको हातमा रहेको अमला जस्तै हुन्छ ।

प्रश्न - **यो तपाइँले तेजको कुरा गर्नुभयो, तेज र देवता, मूर्ति, तेजको ध्यान, त्यसबाट ज्ञानप्राप्ति, अनि मोक्ष यी सब कुराहरूले अलि अलमल भएजस्तो लागदछ, अलि स्पष्ट पार्न पाए हुन्थ्यो कि ?**

उत्तर - तन्त्रशास्त्रमा यसको व्याख्या खासगरी तेजस्तत्त्वको विश्लेषण बडो राम्ररी गरेको पाइन्छ ।

लोकमा पनि हेर्‍यो भने थाहा पाइन्छ, तेजको, प्रकाशको ज्यादै ठूलो महत्त्व हुन्छ । तेजले जीवन दिइरहेको हुन्छ । तेज ज्ञानको प्रतीक हो । अज्ञानको प्रतीक अन्धकार । ज्ञानको अर्थ – सत्यको ज्ञान । जो सधैं एकरस छ, सधैं विद्यमान छ, कहिल्यै जन्मेन, नाश पनि हुँदैन त्यो सत्य हो – त्यो ब्रह्मतत्त्व हो । यही ब्रह्मतत्त्व ज्ञानस्वरूप छ । तेज त्यसैको प्रतीक हो । देवतातत्त्व पनि

तेजस्तत्त्व नै हो । चण्डीमा देवताहरूका तेजको समष्टि नै भगवतीको मूर्ति बनेर महिषासुरको वध गर्न आविर्भूत भयो । बत्तीको तेज, आगोको तेज, चन्द्रमाको तेज, सूर्यको तेज अलग अलग जस्तो लागेता पनि वस्तुतः यौटै तेज भएजस्तै देवी, ब्रह्मा, विष्णु, महेश्वर बेग्लाबेग्लै भएता पनि वस्तुतः यौटै ब्रह्मतत्त्व हुन् ।

गायत्री स्वयं तेजस्तत्त्व हो । यिनका उपासनाले ज्ञान लाभ हुन्छ र मोक्ष हुन्छ ।

गायत्री मन्त्रका पनि धेरै अर्थ छन् । गाई दुहेर दूधबाट विभिन्न परिकार बनेझैं ऋषिहरूले वेदलाई दुहेर गायत्री मन्त्र निकालेर तिनको विश्लेषण गरेर अनेकौं अर्थ निकालेका छन् ।

प्रश्न - गायत्रीका धेरै अर्थ छन् भन्नुभयो, केही अर्थ भनौं न त, के हुन् ती?

उत्तर - सबै अर्थ त यहाँ बताएर सकिन्न होला, हामीलाई समयको मर्यादाको सीमाले बाँध्दछ, तैपनि यथासम्भव अर्थ थाहा पाउन प्रयास गर्न सकिन्छ-

१) ब्रह्मज्ञान गर्न चाहने साधक पहिले हामीले चर्चा गरेजस्तै मोक्षका निमित्त ज्ञान प्राप्त गर्न परमतेजस्तत्त्वको ध्यान गरेर आफ्नो बुद्धिलाई मोक्षमार्गमा लग्न प्रेरणा प्राप्त गर्न चाहन्छ।

२) क्षत्रिय, राजा, आजको परिप्रेक्ष्यमा शासक भनौं लोककल्याणमा लागि दण्डविधानको निमित्त धर्ममा आफ्नो बुद्धिलाई लगाउन प्रेरणा प्राप्त गर्न खोज्छ ।

३) यौटा राजा, शासक दुष्टको दम गर्न आफ्नो वीर्य-पराक्रम गर्ने प्रेरणा गायत्रीबाट चाहन्छ ।

४) वर्णाश्रम धर्ममा लागेका ब्राह्मण, क्षत्रिय, वैश्य आ-आफ्ना कर्तव्यापालन गर्न बुद्धि, बरकत गायत्रीबाट प्राप्त गर्न चाहन्छन्।

यसैगरी चौंतीस अक्षर गायत्रीका चौंतीस वटा अर्थ भाष्यकारले गरेका छन् ।

गायत्री - 'ग'

प्रश्न - हामीले विगतका दिनहरूमा गायत्रीको उपासनाबारे केही चर्चा गऱ्यौं। यो चाहिँ वैदिक उपासना पद्धति थियो भन्ने कुरा पनि यहाँले बताउनुभयो। अब के गायत्रीको तान्त्रिक उपासना विधि पनि हुन्छ त ? यसबारे केही बताइदिनु हुन्छ कि ।

उत्तर - हो, यहाँले ठीक भन्नुभयो । गायत्रीका उपासना प्रक्रियाहरू दुई प्रकारका छन् - वैदिक र तान्त्रिक । वैदिक उपासना प्रक्रियाका विषयमा हामीले केही चर्चा गरिसक्यौं । अब पालो हो तान्त्रिक उपासना बारेमा केही चर्चा गर्ने ।

हुन त गायत्रीका उपासना प्रक्रियालाई मोटामोटी रूपमा हेर्दा यसलाई वैदिक र तान्त्रिक भनेर स्पष्ट स्पष्ट छुट्याउन गाह्रो पर्दछ र छुट्याउनै पनि हुने हो कि होइन, यहाँ पनि मतभेद नै छ । किनभने अब व्रतबन्ध गरेपछि गायत्रीको मन्त्र गुरुबाट पाएर शुद्ध वैदिक विधानबाट गायत्रीको उपासना गर्ने यौटा प्रक्रिया, अर्को चाहिँ फेरि, अरू तान्त्रिक विधिपूर्वक अरू देवताको बीज दीक्षा लिएजस्तै गायत्रीको पनि बीज दीक्षा लिएर बीज मन्त्रको जप गर्नु, यन्त्र आदि बनाएर पञ्चाङ्ग उपासना गर्नु जसलाई हामी तान्त्रिक प्रक्रिया भन्न सक्तछौं । यसरी भेद त गर्न सकिन्छ, तर तान्त्रिक प्रक्रियामा पनि वेदमन्त्रको प्रयोग हुने र वेदविरोधी प्रक्रिया नहुने भएकोले तान्त्रिक प्रक्रियालाई वैदिक प्रक्रिया होइन पनि भन्न चाहिँ मिल्ने होइन ।

यसैले गायत्रीको उपासना वैदिक चाहिँ अवश्य हो । तान्त्रिक प्रक्रिया भनेर अलिकति भेद ल्याए पनि (वेदभन्दा बाहिरी, अवैदिक भनौं) यसलाई भन्न हुँदैन, यस्तो स्थिति छ । तैपनि तन्त्रले गायत्री

उपासना सम्बन्धी के प्रक्रिया बताउँदो रहेछ, अब केही दिन यही विचार गर्नु उचित होला ।

प्रश्न - **तन्त्रले चाहिँ गायत्री उपासनाबारे के बताएको छ त ? के छ यस उपासनाको महत्त्व ?**

उत्तर - भगवान् शङ्करले पार्वतीलाई उपदेश गर्नुभएको यौटा शास्त्र छ 'गायत्री तन्त्र' । त्यसमा गायत्री जपको महात्म्य, ध्यान, विनियोग, गायत्रीको स्वरूप, गायत्री मन्त्रको अर्थ, भूतशुद्धि, प्राणायाम, गायत्री तत्त्वको व्याख्या, विधिविधान, यज्ञोपवीत (जनै) निर्माण गर्ने प्रक्रिया आदि धेरै गायत्री उपासनासम्बन्धी महत्त्वपूर्ण कुराहरू बताइएका छन् ।

प्रश्न - **बिचैमा यौटा कुरा सोधौं है ! वैदिक कर्मबाट गायत्रीको उपासना गर्ने प्रक्रिया त छँदैछ, अब यो तान्त्रिक प्रक्रियाको फेरि किन आवश्यकता पऱ्यो ? के अपर्याप्तता त्यहाँ हुन जान्छ र वैदिक कर्ममा ?**

उत्तर - महानिर्वाण तन्त्रमा उल्लेख छ - तान्त्रिक कर्मको आवश्यकताबारे। कलियुगमा द्विजातिहरूमा (द्विजातिहरू भन्नाले ब्राह्मण, क्षत्रिय र वैश्य लिइन्छ) । एक पल्ट जन्म हुने अर्को पल्ट संस्कार हुने हुनाले यिनीहरूलाई द्विज वा द्विजाति भनिन्छ । जब आचारनिष्ठा धेरै कम मात्र रहन्छ । खानपान भनौं वा कर्तव्य अकर्तव्य भनौं यसको विचार रहँदैन । यसबाट चित्तशुद्धि हुँदैन । अशुद्ध व्यक्तिलाई वैदिककर्ममा अधिकार रहँदैन । फेरि वैदिक र स्मृतिहरूले बताएका कर्मबाट सिद्धि पनि हुँदैन । यसकारण सबैलाई अधिकार दिन तन्त्रको आगमन भएको हो । कलियुगमा खास गरेर आगम-तन्त्रमार्गलाई छोडिदियो भने अरू गति छैन । यसैले वैदिक कर्म नगर्नु भनेको होइन कि, विशेष गरी कलियुगमा वैदिक कर्म गर्ने शुद्ध व्यक्ति नभएको हुँदा तन्त्रविधिले नै देवताको उपासना, साधना गर्नु उचित हुन्छ ।

ब्रह्मतत्त्व

प्रश्न - आज हामी उपासनाका कुरा गरौं । यसभन्दा पहिले यौटा कुरा स्पष्ट गर्नु आवश्यक जस्तो लाग्छ - ईश्वर त निर्गुण, निराकार छन् भनिन्छ। यस्तो हो भने उनको शरीर त रहँदैन, त यिनको उपासना कसरी हुनसक्तछ त ?

उत्तर - हो ईश्वर चिन्मय छन्, ज्ञान स्वरूप छन्, सम्पूर्ण प्राणीमा जो चैतन्य छ, त्यही स्वरूप हो ईश्वरको । उनी अद्वितीय छन् - यौटै छन् । उनको शरीर पनि त छैन । ऊ त ब्रह्मतत्त्व हो । तर उपासकका कार्यको लागि ब्रह्मको रूपको कल्पना गरिन्छ ।

प्रश्न - यो त अनौठो कुरो भयो जसको रूपै छैन, त्यसको रूपको कल्पना कसरी गर्नु ? फेरि कल्पनै गर्‍यो भने पनि हुँदै नभएको काल्पनिक, एक किसिमको झूठो वस्तुको के उपासना गर्नु त ?

उत्तर - त्यो त होइन, ब्रह्मतत्त्वको रूप, कुनै पनि रूप असत्य होइन । जो सधैं रहिरहन्छ, भूत, वर्तमान, भविष्यत् कुनै कालमा पनि जो छैन भन्न सकिन्न, त्यस्तो सत्स्वरूप ब्रह्मको रूप झूठो कसरी हुन्छ, हुँदैन, उसको जे कल्पना गरे पनि सत्यै हुन्छ, झूठो कदापि हुँदैन ।

प्रश्न - यसलाई अझ स्पष्ट गरौं न ।

उत्तर - यसमा दुइवटा कुरा छन् । भनाइको अर्थ दुई प्रकारले यसलाई हेर्न सकिन्छ -

यौटा उदाहरण लिऔं - वनमा यौटा चरो, कोइली भनौं कराउँछ । त्यसको यौटा ध्वनि मात्र हो, त्यहाँ कुनै शब्द हुँदैन । न कुनै अर्थ यसबाट निस्कन्छ । तर सुन्ने मानिसले यसमा शब्दको कल्पना गर्दछ, कसैले 'को हो को हो' भन्दैछ भन्छ, कोही भन्छ -

'काफल पाक्यो काफल पाक्यो' आदि । यहाँ शब्द नभएको ठाउँमा शब्दको कल्पना भयो, ठीक हो जस्तो भान हुन्छ, तर असत्य ।

तर, आकाश हेर्नोस् न त्यसको रूप, रङ्ग, परिमाणै छैन । तर हेर्ने मानिसले आकाशजस्तो व्यापक तत्त्वलाई परिच्छिन्न गराएर, घटाकाश, महाकाश, चारकुने, गोलो आदि कल्पना गर्दछ । त्यो सबै रूप ठीक हुन् सत्य पनि हुन्, तर त्यही मात्र होइन, ती त सबै यौटा महान् आकाशका एकाइहरू, अभिन्न काल्पनिक परिच्छेदहरू हुन् । त्यस्तै ब्रह्म पनि व्यापक छ, यो विश्व नै उनको विग्रह हो – स्वरूप हो । जति पनि कल्पना हुन सक्तछ, ती सबै ब्रह्मभित्रै छन् । त्यसदेखि बाहिर त छँदै छैन केही पनि भने कुनै पनि काल्पनिकरूप असत्य त हुँदै सक्तैन ।

तर यौटा कुरो के भने जेसुकै, जुनसुकै रूपको कल्पना होस् त्यो रूप अर्को देखिभिन्न छ भन्ने नसम्झी ब्रह्मकै स्वरूप हो भन्ने जान्नु पर्दछ । सारा उपनिषद्ले यही भन्छन् ।

यसैले काली, तारा, षोडशी आदि सव यौटै देवता हुन् तान्त्रिक दृष्टिले, केही फरक छैन । सवै व्यापक छन्, ब्रह्मतत्त्व हुन् । यसरी हेर्दा ब्रह्मबोध हुन्छ । वास्तवमा यही सच्चा उपासना हो ।

प्रश्न - **त्यसो भए - काली, तारा, षोडशी सवै देवताका स्वरूप बेग्लाबेग्लै बताइएका छन्, कोही काला छन्, कोही गोरा, कोही बूढी, कोही तरुणी, कोही कुमारी, हात धेरै - थोरै, आयुध किसिम-किसिमका- यो भेद कसरी र किन ?**

उत्तर - नाम र रूप त ईश्वरको छँदै छैन । नाम र रूपले ईश्वरजस्तो व्यापक तत्त्वलाई संकुचित गर्दछ, परिच्छिन्न गर्दछ । संकोच र परिच्छेद ईश्वरमा छैन ।

फेरि ईश्वरको नाम र रूपमा फरक किन त भन्ने प्रश्नमा त यौटा उदाहरण दिएर स्पष्ट गर्न सकिन्छ – परिवारको यौटा व्यक्ति

बाबु–आमा, पत्नी, भाइ–बहिनी, छोरा–छोरी भिन्न–भिन्न व्यक्तिसँग व्यवहार गर्दा यौटै गर्दैन, प्रत्येकले उसँग बेग्लाबेग्लै व्यवहार गर्दछ। तर व्यक्ति यौटै हुन्छ । त्यस्तै बेग्लाबेग्लै धर्म र सम्प्रदायका ईश्वरको स्वरूप बेग्लाबेग्लै भए पनि ईश्वर तत्त्व त यौटै नै हो ।

प्रश्न - **त्यसो भए नाम र रूप बेग्लाबेग्लै किन त ?**

उत्तर - उपासक–साधकका हितका लागि उनीहरूका कामना पूर्ण गर्न बेग्लाबेग्लै नाम र रूप हुन्छन् । सप्तशतीमा देवताका हितका लागि भगवती आविर्भाव हुँदा जन्मिन् भनिन्छ भनिएको छ । शुम्भ र निशुम्भसँग धेरै देवीहरूले लडेका थिए फेरि महादेवीकै शरीरमा विलाएर गए । स्वयं महादेवीले भन्नुभयो म त यौटै छु - भिन्नता कहाँ छ र ? महिषासुरलाई मार्ने प्रसङ्गमा पनि उसको इच्छानुसार भगवतीले उग्रचण्डा र भद्रकालीको रूप देखाएर डराएको हुँदा कात्यायनीको रूप लिएर मार्नुभयो ।

यसैले साधकले आ–आफ्नो सम्प्रदायमा जुनसुकै देवताको उपासना गरे पनि देवताहरूमा भिन्नता नदेख्ने, नित्य, शुद्ध, बुद्ध, मुक्त, सच्चिदानन्द ब्रह्मतत्त्वको अनुभव गर्नु पर्दछ । यही साधनाको रहस्य हो ।

गणेश

प्रश्न - पूजा गर्दा सबभन्दा पहिले कसको पूजा गर्ने विधान छ तन्त्रमा ? त्यसबारे केही बताइदिनु हुन्छ कि ।

उत्तर - जुनसुकै पूजा-अर्चना गर्दा पनि सर्वप्रथम त गणेश कै पूजा गर्ने हो नि। गणेशले शिव-पार्वती आफ्ना बुबा-आमालाई समस्त पृथ्वी सम्झेर घुमेको र कुमारसँग प्रतियोगिता जितेको कथा त सर्वप्रसिद्ध नै छ । वरदान पनि त्यसबेला पाएका थिए गणेशले सबभन्दा पहिले पूज्य हुने । त्यसैले सर्वप्रथम त गणेश कै पूजा हुन्छ । त्यसमा अर्को पनि यौटा रहस्य छ ।

प्रश्न - रहस्य के, कस्तो रहस्य ?

उत्तर - हेर्नोस्, हुन त ईश्वरको उपासना, पूजा कुनै फलको आशा नगरीकन गर्ने शास्त्रको निर्देश छ । फलको आशा राख्दा त्यो कर्म पूर्ण हुन कुनै प्रकारले सकेन भने बडो दुःख-कष्ट हुन्छ, कर्मप्रति, देवताप्रति, शास्त्रप्रति अनास्था पैदा हुन्छ । कुनै पनि कर्म अंग पुगेन, विधि पुगेन, भावशुद्धि भएन भने पूर्ण हुँदैन । आफ्नो न्यूनता प्रति यहाँ कसैले ध्यान दिंदैन । कर्म पूरा भएन भनेर दिक्दार हुने, रिसाउने गर्दछ । तर यति भएर पनि फलको आशाले नै साधकले धेरैजसो साधना गर्ने गर्दछ । संसारमा बसेर सांसारिक उपलब्धिको अनास्था गर्ने कुरा कमै मात्र हुनसक्तछ । फलमा बाधक हुन्छ विघ्न । विघ्नले रोक्तछ- फलसिद्धिलाई । गणेशको पूजनले विघ्ननाश हुन्छ । कर्मपूर्ण गर्न ज्ञान र बुद्धि प्रदान गर्दछ । यसैले गणेशलाई विघ्नहर्ता, बुद्धिदाता, सिद्धिदायक आदि नामले साधकहरू स्मरण गर्दछन् । छोटकरीमा भन्दा गणेशका पूजनले थालेको कर्म पूर्ण गर्ने मार्ग प्रशस्त गर्दछ ।

प्रश्न - **गणेशको स्वरूपबारे पनि केही भनिदिनुहुन्छ कि ?**

उत्तर - गणेशको स्वरूप, विग्रहबारे त प्रसिद्ध नै छ । हात्तीको मुख, ठूलो पेट, रातो सिन्दूर वर्ण वा सेतो वर्ण, यौटा मात्र दाँत, हातमा दन्त, बञ्चरो, मूला आदि, लड्डु मन पराउने । तर गणेशमा पनि केही भेद छन्, आम्नायअनुसार भिन्न भिन्न ।

प्रश्न - **भेद भन्नुभयो, कस्तो भेद ? गणेश पनि बेग्लाबेग्लै छन् त ?**

उत्तर - यस्तो छ, आम्नाय बेग्लाबेग्लै भएपछि त्यसका भेदले गणेशको स्वरूप, नाम पनि बेग्लाबेग्लै हुन्छन् । जस्तै भनौं – पूर्व आम्नायमा विरञ्चि गणेश, पश्चिम आम्नायमा क्षिप्रप्रसाद गणेश, दक्षिण आम्नायमा लक्ष्मीगणेश, हरिद्रा गणेश, उत्तर आम्नायमा उच्छिष्ट गणेश, ऊर्ध्व आम्नायमा महागणेश । यसमा पनि पाँच मुख भएका गणपति, शक्तिसहितका गणपति आदि धेरै भेद छन् ।

यी भेद बेग्लाबेग्लै भएपछि यिनका ध्यान, मन्त्रहरू पनि भिन्न भिन्न छन् । जुन आम्नायका देवताको पूजा हुन्छ, त्यसै आम्नायका मन्त्रले त्यसै ध्यान अनुसारका गणेशको पूजन गर्नुपर्दछ । कहीं कहीं त एकाउन्न गणेश र एकाउन्नै उनका शक्तिको पनि उल्लेख पाइन्छ । त्यस्तै यौटा फेरि चौर–गणपतिको उल्लेख छ । चोर गणेश, चोर भन्दा कस्तो भने – विघ्नको चोर, अज्ञानको चौर, उनको पूजा गरेपछि विघ्न, अज्ञान, बाधा सवै उनले चोरिदिन्छन् । त्यसैले उनको पूजा गरिन्छ ।

प्रश्न - **पहिले हामीले चर्चा गर्दा हाम्रो शरीरका चक्रमा पनि गणेशको पूजा गर्ने भन्नुभएको सम्झना आउँछ, त्यसबारे केही भन्नु प्रासङ्गिक हुन्छ कि ?**

उत्तर - हो, हाम्रो शरीरमा रहेका छ चक्रहरू – मूलाधार, स्वाधिष्ठान, मणिपूर, अनाहत, विशुद्ध र आज्ञा । यिनीहरूका बेग्लाबेग्लै देवताको पूजा हुन्छ । तीमध्ये सबभन्दा पहिले मूलाधार चक्रमा शक्तिसहितका

गणेशको पूजन हुन्छ । गणेशका शक्ति सिद्धि हुन् । सिद्धिसहितका गणेशलाई अजपामा आफ्ना रातदिनका २१६०० सासमध्ये ६००० सबभन्दा पहिले चढाउनु पर्दछ । यसको चर्चा हामीले पहिले नै गरिसक्यौं ।

प्रश्न - **हाम्रो नेपालमा ठाउँ-गाउँमा गणेशका मूर्ति प्रतिष्ठापित छन्, मन्दिर छन्, ती भेदहरू यहाँ पनि छन् त ?**

उत्तर - छन् नि, नेपालमा खासगरी काठमाडौंमै मात्र पनि हेरौं न, चार गणेश प्रसिद्ध छन्, कति त सबै गणेशका मूसामात्र वाहन छैनन्, कहीं गणेशका वाहन कमल छ, कहीं नाग छ, कहीं बेताल छ, मूसा छ, फरक फरक छ । हात, आयुध पनि बेग्लाबेग्लै छन् । रानी पोखरीनिरको गणेश हेर्नोस्, शक्तिलाई काखमा लिएका गणेश छन्, हात पनि सोह्र छन् । चावेल गणेश हेर्नोस्, नाग वाहन छ, बेताल छ अगाडि सुतेको, भादगाउँको गणेश हेर्नोस् - यी तान्त्रिक गणेश हुन् - तान्त्रिक विधिअनुसार यिनीहरूको पूजन हुन्छ ।

कुण्डलिनी

प्रश्न - **हामीले प्रातः कृत्यको सन्दर्भमा कुण्डलिनी उत्थानको चर्चा गर्‍यौं, छ चक्रहरूको पनि कुरा गर्‍यौं । त्यसै विषयमा आज पनि केही चर्चा गरौं कि ? यो कुण्डलिनी भनेको के चीज हो ?**

उत्तर - कुण्डलिनी देवी, कुण्डलिनीलाई देवी हामी यसकारण भन्दछौं कि यिनी समस्त शक्तिपुञ्जका रूपमा स्थित छिन् । मानिसलाई बाँच्नलाई नै भनौं या परमपुरुषार्थको निमित्त कुनै पनि प्रयास गर्न भनौं शक्तिको आवश्यकता पर्दछ, विभिन्न शक्तिहरूको । ती समस्त शक्तिहरूलाई एक अर्कामा मिलाएर सूक्ष्म गराउँदै लग्ने हो भने जम्मा तीन शक्ति बाँकी रहन्छन् – इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्ति । यिनीहरूको पनि समष्ठि नै कुण्डलिनी शक्ति हुन् । भनौं समस्त शक्तिहरूको पुञ्ज= यही कुण्डलिनी हो ।

प्रश्न - **उसो भए के यो सुतेको हुन्छ त ? यसलाई उठाउने भनेको के हो ?**

उत्तर - मानवमा सम्पूर्ण शक्तिहरू एकैपल्ट जाग्रत हुँदैनन् । शक्ति भनेको जहाँ जुन चाहिन्छ त्यही जाग्रत हुन्छ, त्यसलाई जगाउनु पर्दछ । एकैपल्ट सबै जागे भने अनर्थ हुन्छ । त्यसैले पहिले यो सुतेकै हुन्छ। पूजा–आजामा पनि त्यही हो । समस्त शक्तिहरूको घनीभूत स्वरूप कुण्डलिनी नजानीकन पूजा, मन्त्र, जप केही सिद्ध हुँदैन । कुनै कर्म सफल हुँदैन । सबै कर्मलाई सफल हुन शक्ति नै नभै हुन्न । यसैले यसलाई जगाउनु पर्दछ ।

प्रश्न - **उसो भए यो कस्तो आकारको हुन्छ त ? त्यो जागेपछि के गर्ने ? कहाँ लाने ?**

उत्तर - सबभन्दा तल लिङ्ग र गुदाको बीच भागमा मूलाधार चक्रमा कुण्डलिनी

सुतेकी हुन्छिन् । यसलाई यौटा सर्पको आकारको परिकल्पना गरिएको छ । यो बिजुलीजस्तो अत्यन्त तेजिलो, अत्यन्त सूक्ष्म छ । स्वयंभू लिङ्गलाई साढे तीन फन्को मारेर सुतेकी हुन्छिन् कुण्डलिनी । योगीले मन्त्र जप्तै प्राणवायुले यसलाई हिर्काउँदै उठाउँदछ । यो उठेपछि माथितिर लाग्दछ ।

प्रश्न - **विभिन्न चक्रहरूको नाम लिइयो मूलाधार, स्वाधिष्ठान आदि के हुन् त वास्तवमा ?**

उत्तर - मूलाधार, स्वाधिष्ठान, मणिपूर, अनाहत, विशुद्ध र आज्ञा यी छ चक्रहरू वास्तवमा शब्दब्रह्मस्वरूप हुन् । मन्त्र र देवता यौटै तत्त्व हो - बेग्लै छँदैछैन भनेर पहिले पनि भनिसकियो । मन्त्र शब्दमय छ । अक्षर नष्ट कहिल्यै हुँदैनन् । यसैले यिनलाई अक्षर भनिन्छ । अक्षरका अधिष्ठान चक्रहरू हुन् ।

प्रश्न - **अक्षरको अधिष्ठान चक्र हुन् भन्नुभयो, त्यो कसरी ? स्पष्ट गरौं न।**

उत्तर - अब पहिले घाँटीमा रहने विशुद्ध चक्र लिउँ । यो सोह्र पाते कमलस्वरूपको छ । यसका सोह्र पातमा 'अ'देखि 'अः'सम्मका सोह्र अक्षर छन् । फेरि छातीमा छ अनाहत चक्र, यो बाह्र पाते कमलस्वरूपको छ । यी पातमा 'क'देखि 'ठ' सम्मका बाह्र अक्षर छन् । त्यस्तै नाभिमा मणिपूर चक्र छ दश पाते कमलको । यसका दश पातमा 'ड'देखि 'फ'सम्मका दश अक्षर छन् । फेरि लिङ्गमूलमा रहने स्वाधिष्ठान चक्र छ । यसको स्वरूप छ पाते कमलको छ । यी पातमा 'ब'देखि 'ल' सम्मका छ अक्षर छन् । त्यसभन्दा तल चारपाते कमलको आकारको मूलाधार चक्र छ । यसका पातमा 'व'देखि 'स' सम्मका चार अक्षर छन् । अब आँखीभूइँका बीचमा दुई पाते कमलका आकारको आज्ञा चक्र छ । त्यसमा भने 'ह' र क्ष' दुई अक्षर छन् । यसरी छ चक्रमा जम्मा पचास अक्षर, यिनलाई मातृका पनि भन्छन् विद्यमान छन् । त्यतिमात्र होइन प्रत्येक चक्रका बीचमा मूलबीजहरू

पनि छ वटै छन् । यी मन्त्रस्वरूप भएकाले यिनलाई यहाँ स्पष्ट नभनीकन गुरुकै मुखबाट जान्नु उचित हुनेछ । भनाइको अर्थ छ चक्रहरू अक्षरमय, शब्दमय, मन्त्रमय, देवतामय र ब्रह्मस्वरूप नै हुन् ।

प्रश्न - **उसो भए यी छ चक्रहरूमा कुण्डलिनी लग्दै जाने भनेको के हो ?**

उत्तर - कुण्डलिनीलाई मूलाधारबाट स्वाधिष्ठान, त्यहाँबाट मणिपूर, त्यहाँबाट अनाहत, त्यहाँबाट विशुद्ध, त्यहाँबाट आज्ञा र अनि त्यहाँबाट सहस्रदल कमलमा पुऱ्याउने हो । वास्तवमा महाशक्तिको परम स्रोत त सहस्रारमा रहेका शिव नै हुन् । उनैको अंश सर्वत्र विद्यमान छ । कुण्डलिनी प्रत्येक चक्रमा प्रवेश गर्दा यौटा नयाँ शक्तिको प्रस्फुटन हुन्छ, शक्ति ठूलो - झन् झन् ठूलो शक्तिका रूपमा प्रस्फुटित हुँदै जान्छ र पछि महाशक्तिमा गएर मिल्दछ । परम मह, परम तेज, परम शक्ति जे भनौं त्योसँग कुण्डलिनी शक्ति एकाकार भएपछि सम्पूर्ण शक्ति जाग्रत हुन्छ।

प्रश्न - **यो चक्रभेदन भनेको चाहिँ के हो त ? भेदन भनेको त फुटाउने भन्ने हो क्यारे ?**

उत्तर - हो । फुटाउने भनेको शक्ति प्रस्फुटन नै हो । ठूलो प्रयास ध्यानबाट यौटा शक्तिको लोकमा पुग्ने ढोका खुल्दछ । यो ढोका खोल्न मन्त्रजपपूर्वक ध्यानको झट्का दिनुपर्दछ । त्यसपछि पहिलेको भन्दा ठूलो शक्तिको लोकमा पुगिन्छ । यही शक्तिद्वारा प्रस्फुटनलाई भेदन भनिएको हो ।

प्रश्न - **यसलाई योग पनि भनिन्छ क्यारे ? यसलाई योग किन भनेको त ?**

उत्तर - योग शब्दको अर्थ जोड हो । कुण्डलिनी शक्तिलाई परमशक्तिको स्रोत शिवसँग जोड्ने एकाकार गर्ने प्रक्रिया नै योग हो । वास्तवमा साधकले 'आफू देवता भएर देवताको पूजा गर्नुपर्छ' भन्ने कुराको चर्चा हामीले पहिले पनि गरिसक्यौं । यही योग नभै देवता हुनै सकिंदैन । देवता हुने नै प्रक्रिया यो हो ।

यो त शिवको मात्र कुरा गर्नुभयो । के वैष्णव, शाक्तहरूको

मतमा कुण्डलिनी उत्थान योगको आवश्यकता पर्दैन त ?

उत्तर - पर्छ । शिव - यहाँ ब्रह्म नै हुन् । ब्रह्म भनेको विष्णु, शक्ति, सूर्य, गणेश सबै हुन् । जुन सम्प्रदायमा परमतत्त्व जो हुन्छ - त्यो ब्रह्मतत्त्व नै हुन्छ, त्यही तत्त्वसँग कुण्डलिनीको मिलन हुन्छ ।

प्रश्न - यो त माथि लैजाने मात्र कुरो भयो । अब के माथिको माथि नै रहन्छ त कुण्डलिनी ? कि तल पनि आउँदछ ?

उत्तर - त्यो त छँदैछ । कुण्डलिनीलाई माथि लगी परमशिवसँग रमण गराएपछि त्यहाँबाट आनन्दको रस बग्दछ । त्यसले पुनः सहस्रारबाट तल आज्ञामा ल्याई त्यहाँको देवतालाई अर्पण गर्दै प्रसन्न गराउँदै विशुद्ध, अनाहत, मणिपूर, स्वाधिष्ठान र अनि मूलाधारमा ल्याएर आफ्नो स्थानमा विराजमान गराउने प्रक्रिया छ । फेरि माथि अनि तल - यसरी यातायात - लग्ने ल्याउने प्रक्रियाबाट मन्त्र सिद्ध हुन्छ, सम्पूर्ण पापबाट मुक्ति पाइन्छ, ज्ञान प्राप्त हुन्छ र यो प्रक्रिया सिद्ध भएर स्वाभाविक रूपबाट आरोह-अवरोह हुन थालेपछि ब्रह्ममय हुन्छ साधक ।

महाविद्या-काली

विद्या शब्दको अर्थ ज्ञान हो । परम तथा उत्तम पुरुषार्थ मोक्षको साधन विद्या स्वयंमा ब्रह्मरूप नै हो । यसैले त श्रुति स्वयं भन्दछ - सत्य स्वरूप ज्ञान नै ब्रह्मरूप हो, जो आनन्द स्वरूप पनि छ - **'सत्यं ज्ञानम् आनन्दं ब्रह्म'** । तर तन्त्रशास्त्रमा विद्या मन्त्रलाई भन्दछन् । जसको मनन गर्नाले संसारका बन्धनबाट त्राण प्राप्त हुन्छ, सिद्धि मिल्दछ, त्यही मन्त्र हो । मन्त्र अक्षरहरूको समुदाय मात्र होइन, त्यो त परम भक्ति र सिद्धिहरूको स्रोत साक्षात् ईश्वर हो - देवता हो। साधकहरूलाई फल प्रदान गर्ने स्वयं देवताहरूले मन्त्रको रूप लिएका हुन् । मन्त्र नै गुरु पनि हो । यही त विद्या हो - साक्षात् देवतास्वरूप ।

शाक्तमतमा महामायाको दुईवटा स्वरूप मानिएको छ सगुण र निर्गुण । मायाले समन्वित सगुण र मायाले रहित निर्गुण । वस्तुतः ईश्वर ब्रह्म स्वरूप नै हुन् । त्यसको नाम पनि हुन्न रूप पनि । नाम र रूपले सङ्कोच पैदा गर्दछ । जो स्वयं सङ्कुचित हुन्छ ईश्वर हुन्न, ब्रह्म हुन्न । तर साधकका हितका लागि, मोक्षका लागि ब्रह्ममा नै रूपको कल्पना गरिन्छ । सम्पूर्ण जगत् नै जसको विराट् विग्रह हो, जो जन्ममरण विहीन नित्य छ, जसबाट यो चराचर जत् व्याप्त छ, यिनै महामाया देवताहरूको कार्यसिद्धिका लागि आविर्भूत हुन्छिन् । अनि उनलाई उत्पन्न भइन् भनिन्छ । यो त केवल कल्पना हो-कल्पना पनि, असत्य त होइन । महामाया विश्वरूप नै हुन् भने उनको जुन रूपको कल्पना गरिन्छ त्यो असत्य कसरी हुनु । तर विभिन्न रूपमा तात्त्विक भेद चाहिँ असत्य हो । योगी-साधकहरू जुनसुकै रूपमा पनि महामाया तत्त्वकै साक्षात्कार गर्दछन् । तिनै महामायाका सगुणरूप महाविद्या हुन् । महाविद्याहरू भिन्न देखिएता पनि तिनीहरूको भेद तात्त्विक चाहिँ होइनन्, हुँदै होइनन् ।

महाविद्याहरू दशवटा छन् - काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी,

छिन्नमस्ता, धूमावती, बगलामुखी, मातङ्गी र कमला । यी दश भेदहरू एउटै ब्रह्मतत्त्वका औपचारिक भेद मात्र हुन्, तात्त्विक होइनन् । जेहोस्, महाविद्याहरू भिन्दा-भिन्दै मान्दा यिनका बेग्ला-बेग्लै ध्यान, मन्त्र, उपासना पद्धति र विद्या-परम्पराहरू छन् । यसैगरी तन्त्र, मन्त्र र यन्त्र पनि अलग-अलग छन् । यीमध्ये कुनै महाविद्या, कुनै सिद्धविद्या र कुनै विद्या भन्ने नामले उपासना गरिन्छन् । यो भेद पनि युगानुसार फरक-फरक हुन सक्तछ, कुनै युगमा कुनै महाविद्या हुन्छ भने कुनै युगमा त्यो सिद्धविद्या भएर अर्को महाविद्या हुन सक्तछ । यसैगरी विद्या पनि युगअनुसार बेग्ला-बेग्लै हुन सक्तछन् ।

१. काली

काली प्रथम महाविद्या हुन् । काली शब्दको व्युत्पत्ति दिंदै कामधेनु तन्त्र भन्दछ- काललाई पनि सङ्कलन (नियन्त्रण) गर्ने र गाँस बनाइदिने देवता काली हुन् । भनाइको तात्पर्य के हो भने संसारको प्रत्येक वस्तु कालको अधीन छ । कालबाट प्रभावित छ । कालले यसको नियन्त्रण गर्दछ । तर काल स्वयं कालीबाट नियमित बन्न पुग्दछ । काली कहिल्यै पनि कालको प्रभावबाट प्रभावित हुन्नन् ।

कालीका शिव भनौं वा भैरव हुन् महाकाल । शक्ति विनाको शिवको नाम पनि हुँदैन धाम पनि । त्यस्ता शिव शव समान स्पन्दनरहित हुन्छन् भने शिवविनाकी शक्ति कलाविनाको चैतन्यतत्त्व हुन्छ । बीज र अङ्कुर एक अर्काको स्रोत वा पूरक हुन् । एक विना अर्काको अस्तित्व छैन । त्यसै गरी शिव र शक्ति यी दुई पनि परस्परका स्रोत र पूरक हुन्। वास्तवमा यी दुवै एक तत्त्व हुन् । सगुण उपासनामा पनि शक्तिको उपासना गर्दा शिवको उपासना प्रारम्भमा गर्नै पर्दछ अन्यथा सफल हुँदैन। यसैले प्रत्येक महाविद्याका पनि आ-आफ्ना शिव वा भैरव हुन्छन्। भैरवसमन्वित महाविद्याको उपासनाले नै सफलताको सिंढी चढ्न सक्तछ।

कालीका पनि धेरै भेद छन् । महाकालसंहितामा नौ कालीको उल्लेख पाइन्छ- दक्षिणकाली, भद्रकाली, श्मशानकाली, महाकाली,

गुह्यकाली, कामकलाकाली, धनकाली, सिद्धिकाली र चण्डीकाली । तैपनि महाविद्याका रूपमा पहिलो महाविद्या दक्षिणकाली वा गुह्यकाली मानिन्छिन् । दक्षिणकाली दक्षिण आम्नायकी र गुह्यकाली उत्तर आम्नायकी अधिष्ठात्री वा नायिका मानिन्छिन्। अन्य कालीहरू सिद्धविद्याका रूप मानिन्छन् । हुनत काली कालो वर्णकी र रातो वर्णकी दुईवटी छिन् भनिएको छ । तिनीहरूमा कालो वर्णकी काली जसलाई श्यामा भनिन्छ, आद्या महाविद्या हुन् र रातो वर्णकी चाहिँ तेस्रो महाविद्या षोडशी वा त्रिपुरसुन्दरी हुन् । जयद्रथ यामलमा र सम्मोहन तन्त्रमा अरू पनि कालीका भेद बताएको छ, तापनि दक्षिणा र गुह्या यी दुई काली नै प्रधान रूपमा लिइएका छन्।

कालीका ध्यान विभिन्न तन्त्रमा भिन्न-भिन्न पाइन्छन् । कालो अङ्ग, चार हात, हातमा भर्खरै काटिएको शिर, कृपाण, अभय र वर, डरलाग्दो, उन्मुक्त केशावली, श्मशानवासिनी, कानमा शवका कुण्डल वा बाणको गहना, कम्मरमा शवकरको मेखला- योचाहिँ सर्वत्र पाइने दक्षिणकालीको ध्यान हो । अरू केही ध्यानचाहिँ अलि रहस्यमय भएकाले गुप्त छ ।

गुह्यकालीका ध्यान भने अनेकौं छन् । मन्त्रका भेदले ध्यानको भेद हुन्छ। उपासकका भेदले पनि ध्यानको भेद छ । एक मुखदेखि दशहजार मुखसम्मकी गुह्यकालीको वर्णन महाकालसंहिता तन्त्रमा पाइन्छ। तीमध्ये भरतले उपासना गरिएको दशमुख भएकी गुह्यकालीको ध्यान भने प्रधान मानिएको छ । ब्रह्मा, विष्णु, महेश्वर, ईश्वर र सदाशिव- यी पाँच प्रेतहरू; सत्य, त्रेता, द्वापर र कलि यी चार युगहरू, ऋक्, यजु, साम र अथर्व यी चार श्रुतिहरू; दशदिक्पालका मस्तकमाथि भैरव, तिनीमाथि स्याल यिनीहरूको आसन, प्रलयकालको अग्निज्वालाको मध्यभागमाथि सहस्रदलकमलमाथि भगवती गुह्यकाली, सिंह, हात्ती, बँदेल, बाँदर, भालू, घोडा, पक्षिराज गडूर, योगेश्वरी, मकर, मानवका

दशवटा मुख, आठ हात, हातमा शूल, अङ्कुश, बञ्चरो, मुङ्ग्रो, पासो, पात्र, खट्वाङ्ग र बालकको शिर, नीलो वर्ण, अत्यन्त सुन्दर शरीर- यो हो भरतोपासिता दशवक्त्रा गुह्यकालीको ध्यान । अरू ध्यानहरू रहस्यमय पनि छन्, वर्णन गर्न पनि सकिंदैन ।

दक्षिणकालीको बाइस अक्षरको मन्त्र र गुह्यकालीको सोह्र अक्षरका मन्त्रलाई विद्याराज्ञी (विद्याकी पनि रानी) महामन्त्र भनिन्छ । यसको उपासना सद्गुरुबाट दीक्षा लिएर विधिपूर्वक शास्त्रीय रीतिले गर्नुपर्दछ ।

मन्त्र बीजमय हुन्छ । बीजको अर्थ बीऊ । एउटा सानो बीऊमा विशाल वृक्षलाई स्वरूप दिने सामर्थ्य हुन्छ । यसैले यसको संरक्षण र विधिपूर्वक रोप्ने काम गरिन्छ । त्यसै गरी बीजमन्त्रमा ईश्वरको सकल र निष्कल स्वरूप प्रतिपादन र सम्पूर्ण शक्ति एवं सिद्धि लुकेको हुन्छ । यसैले मन्त्रको सेवा विधिपूर्वक, मर्यादापूर्ण ढङ्गले गरेमा देवता प्रसन्न हुन्छन्, सिद्धि र शक्ति प्राप्त हुन्छ, मन्त्र गोप्य हुन्छ । गोप्यशब्दका दुई अर्थ छन्- लुकाएर राख्नुपर्ने र संरक्षण गर्नुपर्ने । मन्त्रलाई सुरक्षित राख्नु पनि पर्छ र दुष्ट अनधिकारी व्यक्तिबाट लुकाउनु पनि पर्दछ अन्यथा उन्मत्त व्यक्तिको हातमा परेको शक्तिझैं विनाशको कारण बन्न सक्तछ । यसको अर्थ कसैलाई नदिने भनेको चाहिँ होइन, सत्पात्र, साधिकार व्यक्तिलाई दिनुपर्दछ ।

नेपालमा चामुण्डालाई पनि काली शब्दले अर्चना गरिन्छ । दक्षिणकाली, भद्रकाली, रक्तकाली, श्वेतकाली, सिद्धिकाली, श्रीकाली, कङ्केश्वरी आदि । तर यी चामुण्डा हुन् । यिनको उपासना तन्त्रान्तरमा बताइएको पद्धतिबाट हुन्छ । महाविद्याहरूसँगका कुराबाट यो अति भिन्न प्रकारको छ ।

२. तारा

तारा दोस्रो महाविद्या हुन् । तारालाई अधराम्नायकी अधिष्ठात्री वा नायिका मानिन्छ । यिनका शिव वा भैरव हुन् अक्षोभ्य । भवन-

बन्धनबाट पारि तारिदिने देवी हुनाले यिनको 'तारा' नाम ज्यादै सार्थक छ । यिनको अर्को नाम हो उग्रतारा–उग्र (ज्यादै ठूलो) आपत्तिबाट पार तार्ने हुनाले उग्रतारा । फेरि अर्को नाम नीलसरस्वती पनि हो– लीलैलीलाबाट वाणी प्रदान गर्ने हुनाले नीलसरस्वती । नीलसरस्वती पनि कहीं–कहीं यिनको नाम पाइन्छ । यसै गरी एकतारा पनि यिनको अर्को नाम हो । ताराका यी भिन्न नामहरूका बेग्ला–बेग्लै मन्त्र र ध्यान हुन्छन् अनि कुनै खास मन्त्रका लागि कुनै खास ध्यान र कुनै खास मन्त्र पनि । फेत्कारिणी तन्त्रमा उल्लिखित प्रसिद्ध ध्यानचाहिँ प्रत्यालीढ (खास आसन विशेष) आसनमा विराजमान, डरलाग्दी, मुण्डमाला पहिरेकी, पुड्की, ठूलो पेट, कम्मरमा बाघको छाला, युवति, चार हात, हातमा खड्ग, कर्त्री, कपाल र कमल, लपलपाउँदो जिभ्रो, ठूलो एउटै जटा, तीन आँखा, चिताको मध्यभागमा निवास, लामो दाह्रा, हाँसीरहेकी र सेतो कमलको आसन ।

भैरव पनि अक्षोभ्य । समुद्रमन्थन हुँदा कालकूट विष निक्स्यो । जगत् क्षुब्ध भयो । विश्वलाई क्षतिबाट बचाउन शङ्करले विष पिए । त्यसैले उनको नाम अक्षोभ्य भयो । यिनीसँगै तारा रमाउँदछिन् ।

ताराका भेद

तारा, उग्रा, महोग्रा, बज्रनीला, सरस्वती, कामेश्वरी, भद्रकाली पनि मानिन्छन्। आम्नायका भेदले अरू पनि यिनका नाम छन् –

पूर्वाम्नाय- स्पर्शतारा, चण्डतारा, चण्डघण्टा–घण्टिका त्रैलोक्यविजया।

दक्षिणाम्नाय - चिन्तामणि, सिद्धजटा, क्रूरमालिका, क्रूरचण्डा, महाचण्डा, वज्रतारा, मणितारा, ब्रह्मतारा, नारसिंही, चतुर्वेदोदरी ।

पश्चिमाम्नाय - उग्रतारा, अठचालीस प्रकारकी हंसतारा ।

उत्तराम्नाय - अष्टतारा ।

ऊर्ध्वाम्नाय - महोग्रतारा, महानीला, शाम्भवतारा, महानील सरस्वती, चीनसुन्दरी, नीलसुन्दरी र महानीलसुन्दरी ।

उग्रताराको महामन्त्र जपेर बुद्धरूपी विष्णु अजरामर भए, सृष्टि

आदि कर्ममा लाग्न सके । वसिष्ठ ऋषिले ताराकै उपासना गरेर नक्षत्रलोक पाए । दुर्वासा, व्यास, वाल्मीकि, भारद्वाज आदि ऋषिहरू र भीमार्जुन आदि क्षत्रिय वीरहरूले ताराकै उपासनाबाट सिद्धिलाभ गरे । महर्षि वसिष्ठले महाविद्याको दैवीवाणी सुनेर महाचीन गई बुद्धदेवताबाट ताराको दीक्षा लिए, चीनाचारक्रमले ताराविद्याको साधना गरे ।

भगवान् पशुपतिनाथको नाभिमण्डलमा विद्यमान अधोवक्त्र कालाग्निरुद्रकी शक्ति वज्रेश्वरी वा तारेश्वरीलाई महाविद्या ताराकै रूप मानिन्छ । शिवले लोककल्याणका लागि आफू गुरुपदमा रहेर बज्रेश्वरीलाई बौद्धतन्त्रको उपदेश गरे।

नेपालमा ताराविद्याको ठूलो उपासना परम्परा प्रचलित छ । शैवतन्त्रतर्फ त्रैवर्णिक हिन्दूहरू महाविद्याका रूपमा ताराको साधना, अर्चना गर्दछन् भने बौद्ध महायानीहरू उग्रतारा र योगिनीहरूको उपासना गर्दछन् ।

बौद्धहरूकी आराध्या तारा

खड्गयोगिनी, बज्रयोगिनी, आकाशयोगिनी र नैरात्म्ययोगिनी ताराकै मूल भेदमा पर्दछन् । परातन्त्रमा पनि बज्रतन्त्रको ध्यान आउँदछ । अधराम्नायकी नायिका, सम्पूर्ण कर्मनिर्माणमा सामर्थ्य प्रदान गर्ने, कलियुगमा शीघ्र सिद्धिप्रदान गर्ने, बौद्धमार्ग (चीनाचार) बाट प्रसन्न हुने बज्रयोगिनी तीनमुख, रातो वर्ण, नाचेको मुद्रा, शवासना, तीन आँखा, मुण्डमाला, सर्पको यज्ञोपवीत, व्याघ्रचर्मको अम्बर (कपडा), सिंहचर्मको उत्तरीय (उपर्ना), बज्रघण्टा, वर दिनमा आतुर, चार बाहु, कपाल उठेको, कर्त्री, कपाल, खट्वाङ्ग र डमरु हातमा धारण गरेकी यसै जगत्मा फल दिने श्री बज्रयोगिनी हुन् ।

महाविद्या-तारा

ताराप्रार्थना

ध्यायेत्कोटिदिवाकरद्युतिनिभां बालेन्दुयुच्छेखरां
रक्ताङ्गीं रसनां सुरक्तवसनां पूर्णेन्दुबिम्बाननाम् ।
पाशं कर्त्रीं महाङ्कुशादि दधतीं दोर्भिश्चतुर्भिर्युतां
नानाभूषणभूषितां भगवतीं तारां जगत्तारिणीम् ।।

'करोडौं सूर्यका कान्तिजस्तो उज्ज्वल आभा, शिरमा बालचन्द्रको शेखर, रातो शरीर, रातै वस्त्र, पूर्ण चन्द्रबिम्ब तुल्य मुखमण्डल, चार बाहु, पाश, कर्त्री, महांकुश आदि आयुध, शरीरभरि अनेकौं आभूषण यस्ती भवबन्धनबाट पार उतार्ने भगवती तारा यिनको सदा म ध्यान गर्न सकौं ।' ताराको भक्तिमा विह्वल भक्तको प्रार्थना हो यो ।

तारामहिमा

संसारको जन्म-मरणरूप प्रपञ्चबाट पार तारिदिने 'तारा' ज्यादै उग्र विपत्तिबाट उतारिदिने 'उग्रतारा', स्वयं शब्दब्रह्मस्वरूप भएर लोकलाई वाणी प्रदान गर्ने 'नीलसरस्वती', जसलाई जान्ने बित्तिकै साधक जीवन्मुक्त हुन्छ, सम्पूर्ण शास्त्रमा पाण्डित्य, शुद्ध वाणी प्राप्त हुन्छ, कुबेरतुल्य धनवान् हुनसकिन्छ, सभा, विवाद, व्यवहार सर्वत्र विजय प्राप्त हुन्छ, दोस्रो बृहस्पतिसमान सम्मान प्राप्त हुन्छ - यस्ती छन् तारा ।

अष्टरूपा तारा

यिनै तारा - उग्रा, महोग्रा, वज्रा, नीला, सरस्वती, कामेश्वरी, भद्रकाली, एकजटा यी आठ नामले विशेष प्रसिद्ध छिन् । स्पर्शतारा, सिद्धिजटा, उग्रतारा,

हंसतारा, महानीला, खर्वा तारिणी आदि अनेकौं नामहरू यिनै ताराका उत्कृष्ट गुण र क्रियाका आधारमा लोकविश्रुत भएका छन् ।

तारा परब्रह्म तत्त्व हुन् । यिनै समस्त ब्रह्माण्डको उद्भव, सम्पूर्ण सृष्टिको परमस्रोत, परमकारण मूलप्रकृति हुन् । यो समस्त चराचर जगत् यिनै ताराको विराट् विग्रह हो । समस्त ब्रह्माण्डमा पाइने प्रत्येक वस्तु ताराकै अङ्गका भिन्न-भिन्न अवयव हुन् । बिन्दुरूप परमसूक्ष्मतत्त्व भैकन पनि आकाशरूप परम महत्तत्त्व, ज्योतिर्मय स्वरूपा तारालाई उग्रतारा, महोग्रा, नीला, घना, एकजटा, महामाया, प्रकृतिका रूपमा जप्ने साधक स्वयं तारास्वरूप नै हुन्छ । उनीबाट भिन्न हुँदैन । सम्पूर्ण कर्ममा निर्भय प्राप्त हुन्छ, जीवन्मुक्त हुन्छ, परमपद मोक्ष प्राप्त गर्दछ ।

आख्यानमा तारा

ताराको माहात्म्यलाई लिएर तन्त्रमा यौटा आख्यान प्रसिद्ध छ -

मेरुको पश्चिमपट्टि चोल नाउँको ठूलो तलाउ थियो । त्यसैमा माता नीलसरस्वती विराजमान भएकी थिइन् । स्वयं शिवले तीन युगसम्म त्यहाँ यिनको आराधना गरे । तपस्या गर्दा गर्दा शिवका मस्तकबाट तेजपुञ्ज निस्केर तलाउका पानीमा पऱ्यो । त्यसले गर्दा तलाउको पानी नील वर्णको भयो । त्यहींनिर शिवकै अंश अक्षोभ्य पनि नील सरस्वतीको उपासना गर्दथे । कूर्च बीजको स्वरूप लिएर भगवती नीलसरस्वती लीन भएर बसेकी थिइन् । त्यसैबेला भगवान् विष्णु त्यही बाटो गरी अन्यत्र जान लागेका थिए । त्यहाँ भएका सिद्ध महात्माहरूले विष्णुलाई त्यताबाट नगई अन्यत्रबाट जान अनुरोध गरे । विष्णु वास्ता नगरी त्यतैबाट गए । अकस्मात् विष्णु स्तम्भित भएर त्यहीं लडे । माता नीलसरस्वतीले उनलाई सिद्धसूत्रले बाँधेर पानीमा फ्याँकिदिइन् । विष्णुले आर्त भएर ब्रह्मालाई पुकारे । ब्रह्मा बचाउन आए । उनी पनि त्यसैगरी पानीमा फ्याँकिए। एक-एक गरी सबै देवताहरूको त्यही गति भयो । स्वर्ग शून्य भएको देखेर देवगुरु बृहस्पतिलाई आश्चर्य लाग्यो र उनी शिवकहाँ गए । शिवले उनलाई देवताहरू भएका ठाउँमा ल्याई उनीहरूका हातमा कामाख्या कवच बाँधिदिए अनि उनीहरूलाई हात समाई उठाए । त्यसपछि देवताहरूले डरले काम्दै महादेवलाई प्रणाम गरे र उनैका उपदेशले कामाख्याको स्तुति गर्न थाले । त्यसबाट प्रसन्न

भएर भगवती नीलसरस्वतीको अनुग्रह भयो । देवताहरू विपत्तिबाट मुक्त भएर आ-आफ्ना स्थानमा गए ।

यो थियो वैशिष्ट्य माता नीलसरस्वतीको स्तम्भनबाट मुक्त गराउने परम शक्तिमत्ता ।

तारामहिमा प्रतिपादक दोस्रो आख्यान –

ब्रह्माका पुत्र वसिष्ठले ताराको आराधना गरे तर तारा प्रकट भइनन् । यसबाट क्रुद्ध भएर वशिष्ठले आफ्ना पिता ब्रह्मा कहाँ गएर त्यो विद्यालाई छोडिदिए। ब्रह्माले भने – 'बाबु ! भगवती ताराकै विभूति हामी ब्रह्मा, विष्णु र रुद्र तीनै जना हौं । उनैको प्रसादले हामी सृष्टि, स्थिति र संहार गर्दछौं । तिमीले उनको आराधना गर्न जानेनौं । शुद्ध चित्तले उनको सेवा गर । तिम्रो इष्टसिद्ध हुन्छ ।' त्यसपछि वशिष्ठले फेरि ताराको तपस्या गरे । तैपनि उनी प्रकाशित भइनन् । वसिष्ठ फेरि रिसाएर स्वयं भगवती तारालाई श्राप दिन तत्पर भए । अनि तारा प्रकट भइन् र उनलाई महाचीनाचारको उपदेश दिइन् । त्यही आचारमा रहेर उपासना गरेपछि भगवती तारा प्रसन्न भएर वशिष्ठलाई सिद्धि प्राप्त भयो ।

महाकौलक्रममा तारा

चीनाचार, महाचीनाचार, यसका विधि-विधान अत्यन्त गोप्य छन् । यो क्रम महाकौल क्रम हो । यसलाई प्रकाशित गर्न तन्त्रले निषेध गरेको छ । जो साधकलाई यसको दीक्षाबाट अधिकार प्राप्त छ, जसको परम्परामा यो आचार स्वीकृत छ त्यसैले मात्र यसको अनुगमन गर्नुपर्दछ । त्यो पनि गुरुका आज्ञाले मात्र। यसमा अलिकति पनि तलमाथि पार्नु हुँदैन । नत्र अनिष्ट अवश्यंभावी छ। त्यसैकारण यहाँ पनि यसबारे मौन नै रहनु परेको तथ्य यहाँहरू समक्ष प्रस्तुत छ।

तारा र कालीमा अभेद

तारा स्वयं काली हुन् र काली स्वयं तारा । यो भेद स्वरूपभेदमात्र हो । तात्त्विक भेद होइन । यिनै कामाख्या हुन् । यिनै सुन्दरी पनि हुन् । जसले यिनीहरूमा भेद देख्तछ – त्यो अज्ञानी हो, त्यसले तत्त्व बुझेको छैन । त्यसै कारण काली, तारा र सुन्दरी तीनै देवताको उपासना चीनक्रमबाट हुन सक्तछ ।

काली र तारा त चीनक्रमबाट आराधना गर्नाले ज्यादै ज्यादै प्रसन्न हुन्छन् ।

श्रीरामको रूपमा तारा

तारा स्वयं राम हुन् । यिनी ताराको पुरुष रूप हुन् । रावणको वध गरेर लोकलाई त्राण दिनका लागि ताराले स्वयं रामको स्वरूप धारण गरेकी हुन् । ताराको आविर्भाव पनि रामनवमीकै दिन चैत्र शुक्ल नवमीमा भएको हो ।

बौद्धहरूकी आराध्य तारा

बौद्धमार्गमा वज्रयानबाट ताराको उपासना गर्ने परम्परा प्रसिद्ध र शास्त्रसम्मत छ । यस मार्गमा भगवती तारा नै निरातङ्का, सौगता, कर्मसानुगा, वज्रा, वज्रयोगिनी आदि नामले प्रसिद्ध छिन् । यतापट्टिको उपासना प्रक्रिया बेग्लै नै छ ।

तन्त्रहरूमा सम्मानित देवीका रूपमा तारा

स्वामी ब्रह्मानन्दले ताररहस्यमा चार्च गर्नुभएका तारासार, तारानियम, महानील, महाचीन, नीलतन्त्र, ताराकल्प, शक्तिकल्प, शक्तिसार, रुद्रयामल, नीलसारस्वंत, लिङ्गतन्त्र, योनितन्त्र, षोढातन्त्र, ताराकुलसर्वस्व आदि आदि अनेकौं विशिष्ट तन्त्रग्रन्थहरूले भगवती ताराका वैशिष्ट्य, उहाँको महिमा, माहात्म्य गाउँदै यिनका विविध उपासना प्रक्रियाहरूको प्रतिपादन गरेका छन् ।

ब्रह्मा र विष्णुकी आराध्या तारा

स्वयं भगवान् सदाशिव जगज्जननी कालीलाई भन्नुहुन्छ – 'देवि ! प्राचीनकालमा जब तपाइँकै प्रभावले भयंकर रावण मऱ्यो, त्यसबेला वर र अभय मुद्रा, खड्ग र मुण्ड हातमा लिएकी, चञ्चल जिभ्रो मुखबाट बाहिर निकाल्दै नाच्न लागेकी, तिम्रो भयंकर स्वरूप देखेर समस्त देवताहरू डरले काम्न लागे । ब्रह्माजी समेत सबै देवताहरूले तिम्रो स्तुति गर्न थाले । देवताहरूलाई अगाडि देखेर तिमी भित्रभित्रै लाजमान्दै तल पृथ्वीतिर हेर्न थाल्यौ । त्यसबेला तिम्रो नग्न रूप देखेर ब्रह्माले तिमीलाई चर्म प्रदान गरे । बायाँ हातमा काञ्ची र दाहिने हातमा कर्त्री मुद्रा बनाएर आफ्नो मुकुटलाई पृथ्वीमा बजारेर तिमीले भगवान् रुद्रलाई बोलायौ । रुद्रले प्रकट भएर भने – देवि ! मैले एकलाख बीस

हजार ग्रन्थ हेरेर पनि म तिम्रो सम्पूर्ण कलाहरूको वर्णन गर्न समर्थ छैन । अब तिमी नै परम तन्त्रयोगको वर्णन गर । मदेखि प्रसन्न होऊ । यो सुन्नेबित्तिकै तिमीले मुसुक्क हाँसेर भन्यौ – महादेव !, यो संसारमा जति पुरुष छन्, ती सबै तिम्रै रूप हुन् र जति स्त्री छन् – सबै मेरै रूप हुन् । यसै भावनालाई मनमा राखेर सर्वत्र तिमी शिवशक्तिको दर्शन गर यही परमयोग हो । अनि देवीले रुद्रलाई नीलकमल र रुद्रले देवीलाई पानपात्र प्रदान गरे ।

अर्धनारीश्वर शिवका रूपमा तारा

शिवप्रिय तारा, ताराप्रिय शिव दुई बेग्लाबेग्लै देवता हुँदै होइनन् यौटै तत्त्व हुन् । अर्धनारीश्वरका रूपमा प्रकट भएका छन् । कालस्वरूप सर्प धारण गरेका हुँदा भगवान् शिव महाकाल र भवबन्धनबाट पार तारिदिने हुँदा भगवती देवी ताराका नामले लोकमा प्रसिद्ध छन् ।

महाशून्यनिवासिनी तारा

स्मरणमात्रले पनि भोग र मोक्ष प्रदान गर्ने भगवती तारा शून्य ब्रह्माण्ड–नभोमण्डलमा विराजमान छिन् । दोस्रो महाशून्यमा यिनै तारा सुन्दर अनिर्वचनीय विराट् स्वरूप धारण गरेर बसेकी छिन् । तेस्रो महाशून्यमा करोडौं बिजुली चम्केझैं प्रकाशमान भएर भगवती तारा निराकार र निराधार भएर पनि सम्पूर्ण पुरुषार्थ प्रदान गर्ने सिद्धिदात्री भएर रहेकी छिन् । चतुर्थ महाशून्यमा यिनै विष्णु बनेर संसारको पालन पोषण गर्दछिन् । यिनै विष्णुबाटै प्रकट भएर चतुर्मुख ब्रह्माले जगत् प्रपञ्चको सृष्टि गर्दछन् । पाँचौं महाशून्यमा भगवती तारा नै शिवस्वरूप भएर ब्रह्माण्डमा प्रलय उपस्थित गर्दछिन् । षष्ठ शून्यमय परब्रह्म जो विश्व पनि हुन् र विश्वेश्वर पनि । यिनै महाकाली, पराकाली, बीजतारका ॐकार स्वरूपा भगवती तारा हुन् ।

परब्रह्मरूपा तारा

वस्तुतः काली र तारा यी दुइवटामा कुनै तात्त्विक भेद छैन । काली नै तारा हुन्, तारा नै काली । केवल उपासकका हितका लागि बाह्यरूपमात्र स्वरूप भेद मानिएको हो । वस्तुतः दुइटै यौटै परब्रह्म तत्त्व हुन् ।

महाविद्या-षोडशी-१

तृतीयमहाविद्या षोडशी

कालीे, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, बगला, मातङ्गी र कमला यी दश महाविद्याहरू मध्ये षोडशी तेस्रो महाविद्या हो। यिनै श्रीविद्या हुन्, कामराज विद्या हुन् र लोपामुद्रा विद्या पनि । यिनैको नाम ललिता, त्रिपुरा, त्रिपुरसुन्दरी र ललितत्रिपुरसुन्दरी पनि हो ।

षोडशीको आविर्भाव

षोडशीको आविर्भावलाई लिएर यौटा ज्यादै रोचक आख्यान तन्त्रमा पाइन्छ- एकपल्ट भगवान् शङ्कर कैलासमा आनन्दपूर्वक कालिका (पार्वती)सँग बिहार गरिरहनु भएको बेला इन्द्रले उहाँका सेवामा निकै सुन्दर अप्सराहरूलाई पठाए। अप्सराहरूले पनि राम्रा नाच-गानहरू गरेर भगवान् शङ्करलाई प्रसन्न गरे। त्यसपछि शङ्करजीले भन्नुभयो - पुरुष पुरुषकै अतिथि हुन्छन् र स्त्री स्त्रीकै। यसैले यी अप्सराहरू कालिकाकै अतिथि हुन् । त्यसकारण अप्सराहरू कालीकै सेवामा जाउन् - यही उचित हुन्छ । अप्सराहरू माता कालिकाकै सेवामा जान पाउने भएर अत्यन्त प्रसन्न भए ।

भगवान् शिव अक्सर पार्वतीलाई '**काली ए काली !**' भनेर जिस्कँदै बोलाउने गर्नुहुन्थ्यो। पार्वती पनि अत्यन्त स्नेहपूर्ण सम्बोधन पाएर हर्षविभोर हुनुहुन्थ्यो।

एकपल्ट कालिकाले विचार गर्नुभयो - अब म कालीको स्वरूप छाडेर शुद्ध गौरीको रूप ग्रहण गर्दछु । अनि शिवजी मलाई काली काली भनी बोलाउनुहुन्छ। म बोल्दै बोल्दिन । उहाँ मलाई पाउनुहुन्न । बडो मजा आउँदछ । यति कुरा सोचेर काली अदृश्य हुनुभयो । महादेव पनि धेरैपल्ट बोलाउँदा पनि



श्री त्रिपुरसुन्दरी

कालीलाई नपाएर अन्तःपुरमा पो छिन् कि ? मसँग ठट्यौली त गर्न लागेकी छैनन् भनी अन्तःपुरमा प्रवेश गर्नुभयो । तर त्यहाँ पनि कालीलाई पाउनुभएन ।

त्यसैबेला भगवान् शङ्करको दर्शन गर्न देवर्षि नारद त्यहाँ आए । वार्तालाप चल्न लाग्यो । धेरै बेर बित्दा पनि भगवती कालीलाई त्यहाँ नदेखेर नारदले शङ्करजीलाई सोधे – भगवन् आज आमा कालिकालाई देख्तिन । तपाईंलाई छोडेर कहाँ जानुभएछ ? शङ्करजीले हाँस्तै भन्नुभयो – अँ, उनी अन्तर्ध्यान भएकी छिन् । मसँग रिसाएकी छिन् कि ? यति सुन्ने बित्तिकै नारदको छुल्याहा बानी यिनले विचार गरे, अब भने शङ्कर र कालिकाको झगडा गराउने बेला भयो । अब हेर्लान् बूढा ! नारद ध्यान दृष्टिले कालिका लुकेको ठाउँ पत्तो लगाएर त्यहाँ पुगे ।

नारदले कालिकाको चरण वन्दना गरेपछि कालिकाले नारदसित महादेवको हालचाल सोध्नुभयो । नारदले कुरा लाए – आजकाल शिवजी महाराज त तपाईंलाई छोडेर नयाँ विवाह गर्ने तरखरमा पो छन् त । राम्रा – राम्रा अप्सराहरूलाई अगि–पछि लगाउँदै हिंड्छन् ।

यो कुरा सुन्ने बित्तिकै कालिका रीसले चुर्लुम्म डुब्नुभयो । म कोभन्दा कम छु त भन्ने सोचेर अत्यन्त सुन्दरी षोडशीको रूप लिएर हत्तारिंदै झोंकले महादेवकहाँ पुग्नुभयो । त्यहाँ पुगेपछि हेर्नुहुन्छ त महादेवजीका हृदयकमलमा गोरी अपूर्व सुन्दरी स्त्री विराजमान छिन् । उहाँले रिसाउँदै फन्कदै महादेवलाई हकार्नुभयो – बाह बूढा ! म दुई दिन नहुँदा त बडो मोज पो भएको छ होइन ? अर्की स्त्रीलाई आफ्ना छातीमा बसालिराख्ने ? को हो त्यो नकच्चरी आइमाई ?

शिवले एकपल्ट आफ्नो छातीमा हेर्दै हाँसेर भन्नुभयो – ल चिनिनौं ? यो तिम्रै रूप त हो नि ! राम्ररी नियालेर हेर त । म तिम्रो स्थान किन अर्कालाई दिन्थें। कालिकाले नियालेर हेर्दा त साँच्चिकै त्यो त आफ्नै रूप थियो । उहाँको रीस र ईर्ष्या त कता भाग्यो कता । त्यसको सट्टा त उहाँलाई अति सारो लाज पो लागेर आयो ।

शिवले हाँस्तै भन्नुभयो – 'तिमीले अत्यन्त सुन्दर रूप लियौ । अब आइन्दा लोकले सधैं सोह्र वर्षकी षोडशी त्रिपुरसुन्दरीको रूपमा मान्नेछ । मेरो हृदयमा

आफ्नै छायाँ प्रतिबिम्ब देखेर डरायौ यसैले यो छायाँ अब आइन्दा त्रिपुरभैरवीका रूपमा लोकमा प्रसिद्ध हुनेछ । अब यसै रूपमा तिम्रो पूजा–उपासना संसारमा चल्नेछ । यो थियो त्रिपुरसुन्दरी र त्रिपुरभैरवीको आविर्भावको कथा ।

सोह्र नित्याहरूकी पुञ्जीभूतरूप तारा

वास्तवमा, षोडशीमा सोह्र नित्याहरूहरूको समावेश हुन्छ । यी हुन् -

१. महात्रिपुरसुन्दरी	२. कामेश्वरी	३. भगमालिनी
४. क्लिन्ना	५. भेरुण्डा	६. वह्निनिवासिनी
७. महाविद्येश्वरी	८. दूती	९. कुलसुन्दरी
१०. नित्या	११. नीलपताका	१२. विजया
१३. सर्वमङ्गला	१४. ज्वालामालिनी	१५. दिव्या र
१६. चित्रा		

यिनै नित्याको प्रतिपदादेखि पूर्णिमासम्म र अमावास्यासमेत सोह्र दिन क्रमैले पूजन हुन्छ । यो पूजन सौभाग्यप्राप्तिका लागि गर्ने गरिन्छ । यिनको मन्त्र सोह्र अक्षरहरूको हुन्छ । यसैले यिनी षोडशी हुन् । अदेखि अः सम्मका सोह्र स्वरवर्ण यिनैका विभिन्न स्वरूपहरूको प्रतिपादन गर्दछन् । यसले पनि यिनको नाम षोडशी हो ।

यिनको पूजाको आधार यन्त्र श्रीचक्र सोह्र चक्रात्मक छ । सोह्रवटा कलाहरू यिनैमा परिनिष्ठित छन् । यिनको पूजा सोह्र उपचारले गर्नुपर्ने विधान छ । एक–एक उपचार एक–एक यज्ञ समान हुन्छ । यस्तै कारणहरूले गर्दा त्रिपुरालाई षोडशीका नामले उपासना गर्ने निर्देश तन्त्रले प्रदान गर्दछ ।

षोडशी महाविद्या, सिद्धविद्या र राजविद्या हुन् । परा, अपरा र परा–अपरा विद्याराज्ञी छन् । यिनैको अर्को नाम त्रिपुरा, त्रिपुरसुन्दरी, महात्रिपुरसुन्दरी पनि हो । षोडशीको नाम त्रिपुरा हुनमा पनि रहस्य छ – यिनको मण्डल त्रिकोणात्मक छ । यिनको पूजाधार श्रीचक्रमा त्रिपुर भू–रेखात्मक छ । यिनको माझमा तीनवटा मूल अक्षर छन् । त्यसैले कादि, हादि र सादि विद्याले यिनको उपासना हुन्छ । यिनका रूप पनि तीन वटै छन् बाला, षोडशी र तुरीया । सृष्टि, स्थिति र

संहारकर्ता ब्रह्मा, विष्णु र महेश्वर यी त्रिदेवको पनि सृष्टि, स्थिति र संहार गर्ने यिनैका निर्देशनमा चल्दछन् । इच्छा, क्रिया र ज्ञान यी तीन वामा, ज्येष्ठा एवं रौद्री यी तीन शक्तिका रूपमा यिनी आविर्भूत हुन्छिन् । यिनै प्राणशक्ति कुण्डलिनी भएर इडा, पिङ्गला र सुषुम्णा नाडीहरूमा विचरण गर्दछिन् । कुल, अकुल र कुलाकुल यिनैका स्वरूपगत भेद हुन् । जाग्रत्, स्वप्न र सुषुप्ति तीनै अवस्थामा यिनी शाश्वतरूपमा विराजमान छिन् । यिनै सत्, चित् र आनन्दस्वरूप परब्रह्म हुन् । वाग्भव, कामरूप र शक्तिको समष्टिगत स्वरूप भएकोले यिनी त्रिकूटा भनिन्छन् । आदि–अनादि, जताबाट, जसरी, जुन दृष्टिले हेरे पनि तीन तीनै रूप यिनको देखिने हुनाले यिनै षोडशीलाई त्रिपुरा भनिन्छ, त्रिकूटा भनिन्छ ।

ललिताका रूपमा षोडशी

त्रिलोक, चतुर्दश भुवनकी अनिन्द्य सुन्दरी त्रिपुरसुन्दरी, ललिताको माहात्म्य वर्णनातीत छ । तैपनि उनको करोडौं अंशको एक अंशलाई मात्र लिएर भए पनि तन्त्र र पुराण आदि ग्रन्थ आ–आफ्नै किसिमले उनको माहात्म्य वर्णन गर्ने प्रयास गर्दछन् ।

ब्रह्माण्ड पुराणको उत्तराखण्ड र त्रिपुरारहस्यको माहात्म्य खण्डमा ललिता अवतारको रहस्य वर्णन पाइन्छ –

भण्डासुर, एक प्रबल शक्तिशाली दानव झन् झन् शक्तिसम्पन्न हुने उद्देश्यले भगवान् शिवको कठोर तपस्या गर्दछ । आशुतोष भगवान् शिव असुरका तपस्याबाट प्रसन्न भएर उसलाई अभयदान दिनुहुन्छ । शक्तिले उन्मत्त भण्डासुर तीनै लोकमा उत्पात मच्चाउँदै स्वर्गको राज्य पनि प्राप्त गर्दछ । देवता निर्वासित हुन्छन् । इन्द्राणी भागेर भगवती पार्वतीका शरणमा पर्छिन् । कामुक दानव इन्द्राणीलाई खोज्दै कैलाश पुग्दछ र गणेशसँग इन्द्राणीलाई माग्दछ । गणेश क्रुद्ध भएर उससँग युद्ध गर्न तम्सन्छन् । पार्वती स्वयं रीसले आगो भएर उसलाई मार्न जाइलाग्छिन् । त्यसैबेला ब्रह्मा पुगेर भण्डासुरलाई शिवको अभयदान प्राप्त भएको रहस्य बताउँदछन् । भण्डासुर त्यहाँबाट मुक्त त हुन्छ तर उसको अत्याचार तैपनि बन्द हुँदैन ।

देवताहरू त्रस्त भएर गुरु बृहस्पतिको शरणमा जान्छन् र भण्डासुरका

अत्याचारबाट मुक्त हुने उपाय बताउन प्रार्थना गर्दछन् । गुरु बृहस्पतिले तन्त्र अनुसार पराशक्तिको आह्वान गर्न महायागको अनुष्ठान गर्नुपर्ने उपाय बताउँदछन्। महायाग प्रारम्भ हुन्छ । देवताहरू आफ्ना-आफ्ना अंग काटेर स्वयं यज्ञमा हवन गर्दछन् ।

यज्ञकुण्डबाट करोडौं चन्द्रमाको किरण जस्तै शीतल आह्लादकारी तेजःपुञ्जको आविर्भाव हुन्छ । त्यसैको बीचमा अनुत्तरचक्र, श्रीचक्र, त्यसको मध्यभागमा उदीयमान सूर्यको जस्तो आभा, संसारमै प्राण संचार भएजस्तो जाग्रत शक्ति, ब्रह्मा, विष्णु र महेशको एकात्मकता, सौन्दर्य र आनन्दको एकरस, दाडिमका फूलजस्तो रक्तिम वस्त्र, सम्पूर्ण दिव्य आभूषण, सोह्र शृङ्गार, पाश, अंकुश, उखु, धनु, पञ्च बाण र अभय धारण गरेका बाहु यस्ती भगवतीको आविर्भाव हुन्छ । देवता प्रसन्न हुन्छन् । भगवतीको वरदान देवतालाई प्राप्त हुन्छ ।

जगदम्बिका ललिताका शक्तिहरू बालाम्बा, मन्त्रिणी, दण्डिनी, वाराही आदि पराम्बिकाकै देहबाट प्रकट भएर भण्डासुरसँग युद्ध गर्दछन् । अन्तमा महाकामेश्वर नामक दिव्य अस्त्रको प्रयोगबाट भण्डासुरको विनाश हुन्छ । अज्ञान, अन्धकार, काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य आदिका काल विनाशकारी आसुरी शक्ति हराएर जान्छन् । सुख, शान्ति र आनन्दको फेरि सर्वत्र साम्राज्य फैलिन्छ । देवता जय जयकार गर्दछन् । त्रिपुराका रहस्यको वर्णन गर्दै त्रिपुरारहस्य बोल्दछ -

त्रिपुरानन्तशक्त्यैक्यरूपिणी सर्वसाक्षिणी ।
सा चितिः सर्वतः पूर्णा परिच्छेदविवर्जनात् ।।

अनन्त शक्तिहरूको समष्टि चराचर जगत् प्रपञ्चकी साक्षी जडमा अव्यक्त र चेतनमा व्यक्तरूपले रहेकी चिति शक्ति, कतै अपूर्णता छैन, पूर्ण, परिपूर्ण परब्रह्म परमात्मा त्रिपुराको कतै परिच्छेदै छैन ।

बाला त्रिपुरसुन्दरीको ध्यान

रक्ताम्बरां चन्द्रकलावतंसां समुद्यदादित्यनिभां त्रिनेत्राम् ।
विद्याक्षमालाभयदानहस्तां ध्यायामि बालामरुणाम्बुजस्थाम् ।।

रातो वस्त्र पहिरेकी, शिरोमुकुटमा चन्द्रमा धारण गरेकी, भरखर उदाउन

लागेका सूर्यको जस्तो सुन्दर आभा, तीन आँखा, चार हात, हातमा पुस्तक, अक्षमाला, वर र अभय मुद्रा, रातो कमलको आसन यस्ती बाला त्रिपुरसुन्दरी भगवतीको म सदा ध्यान गर्दछु । यो हो भगवती बाला त्रिपुरसुन्दरीको सगुण विग्रहको ध्यान ।

सगुण र निर्गुण – दुवै प्रकारका उपासना पद्धतिहरू साधकहरूले अपनाएको देखिन्छ । सगुण उपासना ती भक्त साधकहरूका लागि जो बिरालाका बच्चा समान छन् । स्वयं योगमार्गबाट ज्ञानका बाटोबाट परमेश्वरलाई प्राप्त गर्न सक्तैनन्। स्वयंलाई यौटा बच्चाले आफूलाई कस्तै विपत्ति पर्दा पनि आमाका काखमा सुम्पेर आमाका आँचलले आफ्नो मुख ढाकेर सुरक्षित सम्झेझैं जगदम्बिका ईश्वरीलाई सर्वतोभावेन आफ्नी रक्षिका सम्झेर अनन्य भक्ति गर्दछन् । यस्ता भक्त साधकलाई बिरालाका माउ आफ्ना बच्चालाई स्वयं मुखले च्यापेर सुरक्षित ठाउँमा पुऱ्याए झैं जगदम्बिका भगवती त्रिपुरा स्वयं भवबन्धनबाट हटाएर मोक्ष प्रदान गर्दछिन् ।

साधकका लागि यो सगुण विग्रहको उपासना पद्धति प्रशस्त मानिन्छ तर योगीहरू, विद्वान्हरू यो दृश्यमान बाह्य प्रपञ्चलाई नै सम्पूर्ण मान्दैनन् । सूक्ष्म तत्त्वको परिशीलन गर्दछन् । ईश्वरतत्त्वको तात्त्विक विश्लेषण गर्दछन् । उनीहरू ईश्वरमा न रूप देख्तछन् न गुण । ईश्वर त तत्त्वतः नित्य, शुद्ध, मुक्त, सत्य, सत्, चित्, आनन्द स्वरूप पो हुन्छन् । प्रत्येक जीवनमा आत्मतत्त्वका रूपमा, प्रत्येक चेतन पदार्थमा चितितत्त्वका रूपमा, प्रत्येक जडपदार्थमा अव्यक्त चैतन्यका रूपमा ईश्वर तत्त्व नै विराजमान छन् । यसरी निर्गुण तत्त्वका रूपमा तिनै बाला त्रिपुरालाई हृदयङ्गम गर्दा यसै ध्यानको अर्को अर्थ पनि मुखरित हुन जान्छ – निर्गुण अर्थमा रातो वर्ण सौभाग्य र माया रूप आवरणको सूचक मानिन्छ । रातो वस्त्रको पहिरनले ईश्वरी बाला त्रिपुरालाई कर्मको बन्धनबाट छुटाउने अर्थको द्योतन गर्दछ ।

शिरमा चन्द्रमाको गहना लाएकी, यसको सूक्ष्म अर्थ छ, निर्गुण अर्थ – चन्द्रमा अमृत, आह्लाद, परमानन्द तत्त्वको द्योतक हो । यसले भगवतीलाई परमामृतस्वरूपिणी, परमाह्लादमयी, परमानन्दस्वरूपा हुन् भन्ने कुराको सङ्केत

गर्दछ । भर्खरै उदाउन लागेका बालसूर्यको जस्तो आभा भएको भन्ने वर्णनले भने सृष्टिको उन्मेष उनैबाट हुन्छ, उनैका अनुग्रहबाट विश्वप्रपञ्चको उन्मेष हुन्छ भन्ने तथ्यको द्योतन हुन जान्छ । फेरि बाला त्रिपुराका तीन नेत्र छन् – ती हुन् - सोम, सूर्य र अग्नितत्त्व ।

यसरी त्रिनेत्रा बाला काम कलात्मिका हुन् भन्ने कुरा यसबाट बुझिन्छ । यसैगरी यिनको रातो कमलको आसन छ – यहाँ रातो कमल पृथ्वी वा ब्रह्माण्डको प्रतीक हो । यसमा आसीन भन्नाले ब्रह्माण्डमा आधारित, विश्वव्यापिका भन्ने निर्गुण अर्थ प्रकाशित हुन्छ ।

भगवद्गीतामा भगवान् श्रीकृष्ण भन्नुहुन्छ – **मया ततमिदं सर्वं जगदव्यक्तमूर्तिना** । (यो सम्पूर्ण जगत्लाई मैले आफ्नो अव्यक्त मूर्तिद्वारा व्याप्त गरेको छु अर्थात् सम्पूर्ण विश्वमा म नै अव्यक्त रूपमा नदेखिने गरी व्याप्त भएर रहेको छु, म नभएको कुनै ठाउँ छैन ।) यही आशय यहाँ पनि व्यक्त हुन्छ । भगवती त्रिपुरा त न बालक छिन्, न युवति, न वृद्धा, फेरि किन यिनलाई बाला भन्न परेको। यो त केवल यिनलाई आदिशक्ति हुन् भन्ने बुझाउनका लागि मात्र हो । अन्यथा त्रिपुरा भगवती त देश र कालले बिलकुलै अपरिच्छिन्न ईश्वरतत्त्व हुन् । चार हात र यिनले धारण गरेका पुस्तकले ज्ञानशक्ति, अक्षमालाले मन्त्रशक्ति, अभय मुद्राले भय हटाउने शक्ति र वरमुद्राले वर दिने भक्तको इष्ट सिद्ध गराइदिन सक्ने शक्तिको द्योतन गर्दछ।

फेरि उक्त ध्यानबाट भगवती त्रिपुराको, बाला त्रिपुरसुन्दरीको मन्त्रहरूको पनि उद्धार हुन्छ । यसको प्रक्रिया नितान्त गोपनीय र गुरुमुखबाट मात्र बुझ्नुपर्ने हुनाले यहाँ प्रकाशित गरिएको छैन तापनि जिज्ञासु साधकहरूले दीक्षा–द्वारा यस उपासनाको अधिकार प्राप्त गरेर यसको ज्ञान प्राप्त गर्न सक्नेछन् ।

यसरी प्रत्येक ध्यानका दुई वटा अर्थ सगुण र निर्गुण, स्थूल र सूक्ष्म तत्त्वको उद्घाटन हुने गरी विद्वान् साधकहरू हृदयङ्गम गर्दछन् । अझ उपासकहरू त यसै ध्यानका वाङ्मय अर्थको अनुसन्धान गरेर मन्त्रको पनि उद्धार गर्दछन् ।

बालार्कमण्डलाभासां चतुर्बाहुं त्रिलोचनाम् ।
पाशाङ्कुशधनुर्बाणान् धारयन्तीं शिवां भजे ।।

यहाँ पनि स्थूल दृष्टिले हेर्दा भगवती त्रिपुरा–बालसूर्यको जस्तो आभा, चार बाहु, तीन आँखा, चार हातमा पाश, अंकुश, धनुष, बाणहरू धारण गरेकी कल्याणदायिनी भगवती भन्ने देखिन्छ । तर यिनले लिएको पाश रागको, अंकुश क्रोधको, धनुष मनको र पञ्चबाण रूप, रस, गन्ध, स्पर्श र शब्द तन्मात्राहरूको प्रतीक मानिन्छन् । उनको रातो आभाले सम्पूर्ण ब्रह्माण्डलाई व्याप्त गरेको छ । त्रिलोचना त्रिपुरा स्वयं कामकलास्वरूपा भएर विश्व प्रपञ्चको सृजना गर्दछिन् ।

भगवती त्रिपुरा, उनको असीमित अनन्त शक्ति, अनन्तरूप, अनन्त विग्रह, जस्तो साधक उस्तै विश्लेषण । भिन्न–भिन्न पृथक् पृथक् । यति भएर पनि अनेकमा एकता, भिन्नतामा अभेद, अपूर्व समन्वय । जो सम्पूर्ण छ त्यसलाई कुन चाहिँ होइन भन्नु । एक पनि हो अनेक पनि । यो पनि हो, त्यो पनि । त्यहाँ पुरुषभेद छैन । लिङ्गभेद छैन । स्वरूपभेद छैन । कुनै भेदै छैन । यस्ती त्रिपुरा हुन् परब्रह्मतत्त्व ।

महाविद्या - षोडशी-२

षोडशीवन्दना

आब्रह्माण्डपिपीलिकान्ततनुभृत्सूज्जृम्भमाणा स्फुटम्,
जाग्रत्स्वप्नसुषुप्तिभासकतया सर्वत्र या दीव्यति ।
सा देवी जगदम्बिका भगवती श्रीराजराजेश्वरी
श्रीविद्याकरुणानिधिः शुभकरी भूयात् सदा श्रेयसे ।।

काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, बगला, मातङ्गी र कमला यी दश महाविद्या भित्रकी तृतीय महाविद्या षोडशी श्रीविद्याका नामले प्रसिद्ध र पूजित एवं उपासित छिन् ।

षोडशीमाहात्म्य

यिनको माहात्म्य वर्णन गरेर साध्य छैन । 'अनेकौं जन्महरूमा असल कर्महरू गरेर सिद्धि प्राप्त गरिसकेपछि मात्र त्यस्ता सिद्ध पुरुषले परम गति प्राप्त गर्दछ' भन्ने अथवा 'अनेकौं जन्म लिएर असल कर्महरूद्वारा ज्ञान प्राप्त गरिसकेपछि मात्र पछिल्लो जन्ममा त्यस्ता ज्ञानीले मलाई प्राप्त गर्दछ' भन्ने भगवद्गीताको उद्घोष । जस्तै नै –

'चरमे जन्मनि यथा श्रीविद्योपासको भवेत्'

अथवा

यस्य नो पश्चिमं जन्म यदि वा शङ्करः भवेत् ।
तेनैव लभ्यते विद्या श्रीमत्पञ्चदशाक्षरी ।।

'अन्तिम जन्ममा जुन जन्मपछि अर्को जन्म लिनु पर्दैन' भनाइको तात्पर्य

ज्ञानवान् पुरुषले मात्र श्रीविद्याको उपासना गर्ने सौभाग्य प्राप्त गर्दछ । अथवा जसले अर्को जन्म लिनुपर्दैन त्यस्तो ज्ञानी पुरुष अथवा स्वयं भगवान् शङ्करले अर्थात् शाम्भव पदमा पुगिसकेको पुरुपले मात्र पञ्चदशाक्षरी श्रीविद्याको उपासना गर्ने अवसर पाउन सक्तछ' भन्ने श्रीविद्याको माहात्म्य छ ।

यही श्रीविद्या सत्, चित् र आनन्दस्वरूपा ब्रह्मविद्या हो, जसको आराधना गर्नाले जीवले सजिलैसँग ब्रह्मभाव प्राप्त गर्दछ । यसभन्दा ठूलो माहात्म्य र वैशिष्ट्य के हुन सक्तछ र ?

षोडशीका रूपभेद

यही श्रीविद्या स्वयं यौटै रूप, अझ (अरूप) रूपै नभएकी भएर पनि साधकका हितका लागि (त्रिरूपा) तीन रूप भएकी देखिन्छिन् - मन्त्रात्मक,यन्त्रात्मक र विग्रहात्मक । यिनको मन्त्रात्मक रूप हो पञ्चदशी, षोडशी, महाषोडशी । यिनको यो रूप परम गुह्य (गोप्य) भएको हुँदा सबैले बुझ्न नसकेता पनि जसले यिनको मन्त्रको दीक्षा लिने सौभाग्य पाएको छ त्यस्ता सौभाग्यशाली दीक्षित पुरुषले राम्ररी बुझ्न सक्तछन् । यिनको अर्को रूप छ यन्त्रात्मक रूप - त्यो हो श्रीचक्र ।

तन्त्रविद्यामा रुचि राख्ने कुनै विज्ञ व्यक्तिबाट श्रीचक्रको वैशिष्ट्य अपरिचित छैन । यो चारवटा शिवचक्र र पाँचवटा शक्तिचक्रहरू मिलेर बनेको शिवशक्त्यात्मक चक्र हो । यसलाई चक्रराज वा यन्त्रराज पनि भन्दछन् । यसैमा भगवती त्रिपुरसुन्दरीको आराधना र अर्चना हुन्छ । यसमा पूर्व, पश्चिम, दक्षिण, उत्तर, ऊर्ध्व र अध ६ आम्नायकै देवताहरूको अथवा भनौं छ आम्नायकै विशिष्ट विधि-विधानबाट पूजन हुनसक्ने हुनाले श्रीचक्रलाई सर्वाम्नायात्मक चक्र पनि भन्दछन् । 'शास्त्रीय विधिपूर्वक सय वटा यज्ञ सम्पन्न गर्दा जुन फल प्राप्त हुन सक्तछ त्यही फल केवल श्रीचक्रको दर्शनबाट मात्र पनि प्राप्त हुनसक्तछ ।' भन्ने शास्त्रीय वचन छ । यसभन्दा ठूलो श्रीचक्रको माहात्म्य अर्को के हुनसक्तछ ?

यसैगरी श्रीविद्याको तेस्रो विग्रहात्मक रूप हो - राजराजेश्वरी । श्रीललिता अथवा महात्रिपुरसुन्दरीको अत्यन्त सुन्दर विग्रह । 'भर्खरै उदाउन लागेको

बालसूर्यको जस्तो सुन्दर आभा, चार बाहु, तीन आँखा, भुजाहरूमा पाश, अंकुश, धनुष र बाण यस्ती कल्याणकारिणी शिवा त्रिपुरा ।' कति सुन्दर स्वरूप जति हेरे पनि आँखा अघाउँदैनन्, जति चिन्तन गरे पनि मन अघाउँदैन, जति अर्चन गरे पनि देह तृप्त हुँदैन ।

महात्रिपुरसुन्दरी भगवती

महात्रिपुरसुन्दरी त निर्गुण, नामरूप केही नभएकी, परमशिवसँग तादात्म्य भावमा अवस्थित परब्रह्मस्वरूपा हुन् । यिनै यो विश्वप्रपञ्च रूप कार्यको कारण हुन् । यिनी आफू यौटै भएर पनि आफूलाई विश्वस्वरूपमा परिभाषित गराउन चिदानन्दाकाररूपा हुन्छिन् । चैतन्यस्वरूपता धारण गर्दछिन् ।

जगत्को शक्तिरूपता

वास्तवमा 'सर्वं शाक्तमजीजनत्' भन्ने सिद्धान्तअनुसार यो जगत् नै शक्तिस्वरूप हो, के पुरुष, के स्त्री, के जड, के चेतन सम्पूर्ण चराचर जगत् नै देवीमय छ, शक्तिमय छ । हामी आफैलाई हेरौं - हामीभित्रै सम्पूर्ण विश्व विराजमान छ, यो बाहिरी विश्व त हामीभित्रै रहेको त्यही अन्तर्जगत् हाम्रै स्वरूप निर्मल ऐनामा झल्केको प्रतिबिम्बमात्र हो । त्यो त पछि उही हामी भित्रकै अन्तर्जगत्मा विलीन हुनजान्छ । त्यसबला यो विश्वविचित्रता, यी भेदभावहरू, यो प्रपञ्च सम्पूर्ण कुराको लय हुन्छ । केवल बाँकी रहन्छ एक अस्तित्व, त्यो पनि महाशून्यात्मक अस्तित्व, निष्कल भाव, त्यही त्रिपुरातत्त्व हो, सौन्दर्यतत्त्व, सत्, चित् र आनन्दतत्त्व- परब्रह्मतत्त्व ।

महात्रिपुरसुन्दरीको उपासना

महात्रिपुरसुन्दरी भगवतीको उपासना पनि तीन प्रकारको छ - स्थूल, सूक्ष्म र पर । यही कायिक, वाचिक र मानसिक उपासना हो। कायिक- शरीरले गर्ने उपासना स्थूल उपासना हो । यसमा भगवतीका सगुण विग्रहको अर्चना हुन्छ । वचनले गर्ने उपासना उनको सूक्ष्म उपासना हो - यही 'जप' हो। स्तोत्र पाठ आदि पनि हो । त्यसपछि मनले गर्ने उपासना परा उपासना हो । यसमा

भगवती त्रिपुरसुन्दरीको यन्त्रात्मक रूप श्रीचक्रसँग आफ्नो शरीरको विश्वब्रह्माण्डको तादात्म्य स्थापना गरिन्छ । भगवती त्रिपुरा मै आफ्नो, विश्वको, ब्रह्माण्डकै पनि लय गरिन्छ । यो परम उपासना हो – यसभन्दा ठूलो कुनै उपासना छैन ।

अन्तमा –

मम न भजनशक्तिः पादयोस्ते न भक्तिः,
न च विषयविरक्तिर्ध्यानयोगे न शक्तिः ।
इति मनसि सदाऽहं चिन्तयन्नाद्यशक्तेः,
रुचिरवचनपुष्पैरर्चनं सञ्चिनोमि ।।

ॐ तत्सत् ।

महाविद्या - षोडशी - ३

महाविद्या षोडशीको ध्यान

बालार्कमण्डलाभासां चतुर्बाहुं त्रिलोचनाम् ।
पाशाङ्कुशधनुर्बाणं धारयन्तीं शिवां भजे ।।

तेस्रो महाविद्या षोडशी महाविद्या हुन्, सिद्धविद्या हुन्, राजविद्या हुन्, यिनै परा, अपरा, पराऽपरा विद्याराज्ञी हुन् । यिनैको अर्को नाम त्रिपुरा, त्रिपुरसुन्दरी र महात्रिपुरसुन्दरी पनि हो ।

महाविद्या षोडशीका विशेषता

यिनको मण्डल त्रिकोणात्मक छ, यिनको भूपुरमा तीन रेखाहरू छन्, यिनको मन्त्रमा तीनवटा मूल अक्षरहरू छन्, यिनको रूप पनि तीनवटै छन्, सृष्टि-स्थिति र संहारकर्ता ब्रह्मा, विष्णु र महेश्वरको पनि यिनी सृष्टि गर्दछिन्, इच्छा, क्रिया र ज्ञान यी तीन र वामा, ज्येष्ठा एवं रौद्री यी तीनवटा शक्तिका रूपमा यिनी स्वयं आविर्भूत हुन्छिन्, यिनै प्राणात्मिका कुण्डली शक्ति भएर इडा-पिङ्गला र सुषुम्णा नाडीहरूमा विचरण गर्दछिन्, कुल, अकुल र कुलाकुल यिनैका स्वरूपगत भेद हुन्, यिनैलाई परा, अपरा र पराऽपरा विद्या भन्दछन् ।

जाग्रत्, स्वप्न र सुषुप्ति तीनै अवस्थामा यिनी शाश्वत वाग्भवकूट, कामराजकूट र शक्तिकूट यिनै त्रिकुटा हुन्, आदि आदि जताबाट, जसरी, जुन दृष्टिले हेरे पनि तीन तीन तीनै रूप यिनको देखिने हुँदा यिनलाई यिनै षोडशीलाई त्रिपुरा भनिन्छ, त्रिकुटा भनिन्छ । संसारकी अनिन्द्य, अचिन्त्य, मनोवाचामगोचरा मन र वचनले यस्ती भनेर वर्णन गर्न नसकिने, जसको अर्को उपमै छैन यस्ती सुन्दरी परमसुन्दरी भएकीले यिनै त्रिपुरमहासुन्दरी पनि हुन् ।

महाविद्या षोडशीको माहात्म्य

ब्रह्माण्ड पुराणको उत्तराखण्ड र त्रिपुराररहस्यको माहात्म्यखण्डमा ललितावतारका रहस्यको वर्णन पाइन्छ –

भण्डासुर – एक प्रबलशक्तिशाली दानव झन् शक्तिशाली हुने उद्देश्यले भगवान् शिवको कठोर तपस्या गर्दछ । आशुतोष भगवान् शिव असुरको तपस्याले प्रसन्न भएर उसलाई अभयदान दिनु हुन्छ । शक्तिले उन्मत्त भण्डासुर तीनै लोकमा उत्पात मचाउँछ । यज्ञको भाग पनि देवताहरूबाट खोस्तै लूट-पाट मचाउँदै स्वर्गको राज्य प्राप्त गर्दछ । देवता निर्वासित हुन्छन् । इन्द्राणी भागेर भगवती पार्वतीको शरणमा पुग्दछिन् । कामुक दानव इन्द्राणीलाई खोज्दै कैलास पुग्दछ र गणेशसँग इन्द्राणीलाई माग्दछ । गणेश क्रुद्ध भएर ऊसँग युद्ध गर्न तम्सन्छन् । पार्वती स्वयं क्रोधित भएर उसलाई मार्न जाइलाग्दछिन् । त्यसैबेला ब्रह्मा पुगेर भण्डासुरलाई शिवको अभय प्राप्तिको रहस्य बताउँदछन् र भण्डासुर त्यहाँबाट मुक्त हुन्छ । तैपनि उसको देवतामाथिको अत्याचार बन्द हुँदैन ।

त्यसपछि देवगुरु बृहस्पतिले देवताहरूलाई उनीहरूको दुःख देखेर तन्त्रानुसार पराशक्तिको आवाहन गर्ने उद्देश्यले महायागको अनुष्ठान गर्ने उपदेश दिन्छन्॰ महायाग प्रारम्भ हुन्छ । देवताहरूले आफ्नो अंग-अंग काटेर स्वयं यज्ञमा हवन गर्दछन् । त्यसको परिणाम – यज्ञकुण्डबाट करोडौं सूर्यको तेजःपुञ्ज समान देदीप्यमान करोडौं चन्द्रमाको किरणजस्तै शीतल आह्लादकारी तेजको आविर्भाव हुन्छ ।

आह्लादकारी तेजको बीचमा अनुत्तर चक्र-श्रीचक्र, त्यसको मध्यभागमा उदाउन लागेका सूर्यको जस्तो आभा, संसारमै प्राणको संचार भएजस्तो जाग्रच्छक्ति, ब्रह्मा, विष्णु र महेशको एकात्मकता, सौन्दर्य र आनन्दको एकरस, दाडिमका फूलको जस्तो वस्त्र, सम्पूर्ण आभूषण, सोह्र शृङ्गार, पाश, अंकुश, उखु, धनु, पञ्चबाण हातमा यस्ती भगवती देवीको आविर्भाव हुन्छ । देवता प्रसन्न हुन्छन् । धन्य हुन्छन् । भगवतीको वरदान देवताहरूलाई प्राप्त हुन्छ ।

महाविद्या षोडशीका शक्तिहरू

जगदम्बिका ललिताका शक्तिहरू बालाम्बा, मन्त्रिणी, दण्डिनी, वाराही आदि परा अम्बिकाकै देहबाट प्रकट भएर भण्डासुरसँग युद्ध गर्दछन् । अन्तमा महाकामेश्वर नामक दिव्य अस्त्रको प्रयोगबाट भण्डासुरको विनाश हुन्छ । अज्ञान, अन्धकार, काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य आदिका काला विनाशकारी बादल छाँट्टिएर जान्छन् । सुख, शान्ति, आनन्दको फेरि सर्वत्र साम्राज्य फैलिन्छ। देवता जय जयकार गर्दछन् – परा अम्बिका ललिता त्रिपुरमहासुन्दरीको जय ।

त्रिपुराका रहस्यको वर्णन गर्दै 'त्रिपुरारहस्य' बोल्दछ –

त्रिपुरानन्तशक्त्यैक्यरूपिणी सर्वसाक्षिणी ।
सा चितिः सर्वतः पूर्णा परिच्छेदविवर्जनात् ।।

महाविद्या षोडशीको महिमा

अनन्त शक्तिहरूको समष्टि त्रिशक्ति – इच्छा, ज्ञान र क्रियाशक्ति । यी तीन शक्तिहरूको परम समष्टि त्रिपुरा, समस्त चराचर जगत् प्रपञ्चकी साक्षी, जडमा अव्यक्त र चेतनमा व्यक्तरूपले रहेकी चितिशक्ति, कतै अपूर्णता छैन, कतै परिच्छेद छैन, पूर्ण–परिपूर्ण परब्रह्म परमात्मा यस्ती त्रिपुरा । यिनै त्यो स्वच्छ ऐना हुन् जसमा यो सम्पूर्ण चराचर जगत्को प्रतिबिम्ब परेको छ । यस्ती चिन्मयी शक्ति त्रिपुरा । यिनै षोडशी महाविद्या हुन् ।

महाविद्या षोडशीका पर्यायहरू

यिनै षोडशी महाविद्या – कामराज विद्या, लोपामुद्रा विद्या, श्रीविद्या, त्रिकुटा आदि नामहरूले प्रसिद्ध छिन् । यिनैको प्रातःकालमा राजसी ध्यान हुन्छ, मध्याह्नकालमा सात्विकी ध्यान हुन्छ र सन्ध्याकालमा तामसी ध्यान हुन्छ। त्यसभन्दा पनि तुरीय सन्ध्याकालमा यिनको परारूपा महात्रिपुरसुन्दरीको विशिष्ट ध्यान हुन्छ । जुन कुरा आफ्नो जन्म–जन्मान्तरको पुण्यका प्रभावले र स्वयं परमेश्वरी जगदम्बाको असीम अनुकम्पाले उनको सेवा गर्ने अवसर पाएका भक्तहरूले बुझ्दछन् । जुन कुरा सोचेर सकिन्न त्यो वाणीले कसरी भन्न सक्नु ?

जुन कुरा भन्न पनि सकिन्न त्यो अर्कालाई कसरी बुझाउन सक्नु ?

करुणामयी जगन्माता षोडशी

षोडशी त जगन्माता हुन् । नाना योनि, अनन्त जन्म, प्रत्येक जन्ममा बेग्लाबेग्लै माता पिता, कसलाई मेरा भन्नु ? कसको आश्रयमा जानु ? यो सम्झँदा अत्ताली लाग्दछ, त्यसबेला अनन्य रूपमा शरणदिने यौटै करुणामयी माता जगज्जननी हुन्छिन् – श्रीमाता परमेश्वरी ललिता । यिनैले यो जगत्को दुःखमय प्रपञ्चबाट उद्धार गर्न सक्तछिन् । चित्स्वरूप ब्रह्म, त्यही अग्निकुण्ड अविद्यारूपी अन्धकारलाई नाश गर्न सक्ने, त्यसैबाट श्रीत्रिपुरसुन्दरी भगवतीको आविर्भाव हुन्छ । देवकार्यको सम्पादनका लागि । सर्वत्र आसुरी शक्तिको विनाश एवं दैवीशक्तिको प्रसारका लागि र धर्मसंस्थापनाका लागि ।

षोडशीका आयुधहरूको रहस्य

यसैले त उनले लिएको पाश 'राग' हो भने अंकुश 'क्रोध' हो । ऊखु सायं 'मन' हो र पञ्चबाण रूप, रस, गन्ध, स्पर्श र शब्द तन्मात्रा, आफ्नै मनले पञ्च महाभूतका स्रोत पञ्चतन्मात्रालाई आफ्ना वशमा राखी राग र द्वेषको उच्छेद गर्नु अत्यन्त आवश्यक छ मोक्षको इच्छा गर्ने व्यक्तिको निमित्त, यो स्वयं भगवती त्रिपुराका प्रसादले र उनीमाथि अनन्य शरणागतिले मात्र सम्भव छ ।

ॐ तत्सत् ।

महाविद्या षोडशी - श्रीविद्या

श्रीविद्याको ध्यान

[१]बालार्ककोटिरुचिरां स्फटिकाक्षमालाम्,
कोदण्डमिक्षुजनितं स्मरपञ्चबाणान् ।
विद्यां च हस्तकमलैर्दधतीं त्रिनेत्रां
ध्यायेत् (ध्याये) समस्त जननीं नवचन्द्रचूडाम् ।।

करोडौं बालसूर्य (भरखरै उदाएका सूर्य) जस्तै अत्यन्त सुन्दर, हातमा स्फटिकको अक्षमाला, ऊखुले बनेको धनुष, पाँचवटा फूलका बाण र पुस्तक लिएकी, तीन आँखा भएकी, नयाँ चन्द्र (द्वितीयाको चन्द्रमा) आफ्नो शिरमा धारण गरेकी, सम्पूर्ण लोककी माता (भगवती त्रिपुरसुन्दरी) को ध्यान गर्नुपर्दछ (ध्यान गर्दछु) ।

श्रीविद्याको विशेषता

[२]दश महाविद्याहरूमा तृतीय महाविद्या षोडशी हुन् ।[३] कुनै तन्त्रमा षोडशीलाई सुन्दरी भनेर यिनलाई चारौं महाविद्या भनिएको छ । षोडशीको वास्तविक नाम महात्रिपुरसुन्दरी हो ।[४] यिनको मन्त्र सोह्र अक्षरको भएकोले, सोह्र कलाले यिनी पूर्ण भएकी हुनाले र [५]सोह्र नित्या स्वरूप भएकी हुनाले पनि

१. *कामराजकूट ध्यान ।*

२. *काली तारा महाविद्या षोडशी भुवनेश्वरी । भैरवी छिन्नमस्ता च विद्या धूमावती तथा । बगला सिद्धविद्या च मातङ्गी कमलात्मिका । (मुण्डमालातन्त्र)*

३. *शक्तिसङ्गमतन्त्र, उद्. बृहत्पुरश्चर्यार्णव ।*

४. *श्रीविद्या षोडशाक्षरी - ज्ञानार्णव, परातन्त्र ।*

५. *नित्या षोडशिका रूप - ललितासहस्रनाम, श्लोक १३६ ।*

थिनलाई षोडशी भनेर भक्तजन उपासना गर्दछन् ।[६]

श्रीविद्याका सोह्र नित्याहरू

तन्त्रमा सोह्र नित्याहरूको वर्णन पाइन्छ – १. महात्रिपुरसुन्दरी, २. कामेश्वरी, ३. भगमालिनी, ४. नित्या – क्लिन्ना, ५. भेरुण्डा, ६. बह्निवासिनी, ७. महाविद्येश्वरी, ८. दूती, ९. त्वरिता, १०. कुलसुन्दरी, ११. नित्या, १२. नीलपताका, १३. विजया, १४. सर्बमङ्गला, १५. ज्वालामालिनी, १६. चित्रा । यी सोह्र नित्याहरूमध्ये प्रतिपदादेखि पूर्णिमासम्मका पन्ध्र तिथिहरू नित्या (तिथिस्वरूप, तिथिका सौन्दर्यरूप कला वा तिथिका आराध्य देवता) हुन् र महात्रिपुरसुन्दरी नित्या चाहिँ व्यापक, षोडशी, पूर्णाङ्गी नित्या हुन् ।

नित्याजस्ता धन सम्पत्ति प्रदान गर्ने, संसारलाई आनन्द दिने, मन्त्रात्मक, शुभ शरीरवाला देवता अरू छैनन्; यसैले यिनको जप, पूजा, हवन, उपासना गर्नु ज्यादै श्रेयस्कर छ ।

ब्रह्मविद्याको रूपमा श्रीविद्या

महात्रिपुरसुन्दरी विद्या वस्तुतः ब्रह्मविद्या हो ।[७] ब्रह्मको नाम पनि हुँदैन र रूप पनि । तैपनि साधकहरूलाई साधना गर्न सरलता होस् भन्ने हेतुले विभिन्न नाम र रूपको कल्पना गरिन्छ । कल्पना भनेर असत्य कल्पना होइन, सत्य कल्पना, जो सर्वरूप छ त्यसमा त्यसैको अंशको सत्य कल्पना । महात्रिपुरसुन्दरीका अनन्त नाम र रूप छन् । जगत्मा अनन्त विषयवस्तु छन् । महात्रिपुरसुन्दरीको विराट् विग्रहभित्र जगतै पर्दछ ।

श्रीविद्याका नामहरू

संसारमा जे छ सबै श्रीविद्याको रूप र जुन वस्तुको जुन नाम छ – त्यो

---

६. *नित्या षोडशिकार्णव १–२४–२८ र ऋजुविमर्शिनी टीका ।*

७. *नामरूपविहीनस्य ब्रह्मणो रूपकल्पना । साधकानां हितार्थाय ब्रह्मणो रूपकल्पनम् । नित्याहरूको ध्यान श्रीविद्यार्णव तन्त्रमा छ भनेर उद्. बृहत्पुरश्चर्यार्णव – ३ मा उल्लेख छ ।*

उनैको नाम हो । तैपनि ललिता सहस्रनाम ग्रन्थमा उनको हजारवटा नामको परिगणना गरिएको छ र भास्कर रायजस्ता विद्वान् उपासकले ती सबै नामको अर्थ बयान गरेका छन् । त्यति भएर पनि उनका केही नाम अत्यन्तै प्रसिद्ध छन् –

महात्रिपुरसुन्दरी, सुन्दरी, षोडशी, त्रिपुरा, ललिता, श्री, बाला, कामेश्वरी आदि ।

श्रीविद्याका नामहरूको प्रभावकारिता

श्रीविद्याका अनेक नामहरूद्वारा उपासना गरिने देवता श्रीविद्या यौटै हुन् तापनि उपासकका कामना भेदले मन्त्रभेद भएर स्वरूपभेद र नाम भेद हुन गएका छन् । जसको जुन परम्परा छ, गुरुले जुन मन्त्रको जसलाई जसरी उपदेश भएको छ, त्यसै मन्त्रको त्यसैरूपबाट, त्यसैगरी उपासना भएमा देवता प्रसन्न भएर अभीष्ट फल प्रदान गर्ने शास्त्रको वचन छ । तर ज्ञानीले यिनलाई सबै नामले यौटै ब्रह्मतत्त्वको प्रतिपादन भएको देख्तछ र मोक्षपद पाउँछ । सगुण र निर्गुणको पनि स्थिति यही नै हो । अन्तमा प्राप्तव्य फल वा गन्तव्य स्थान बिन्दु मोक्ष नै हो र यो केवल निर्गुण उपासनाबाट मात्र सम्भव हुन्छ, तर सगुण उपासना फेरि यसैको साधना हो । साधनको अवलम्बनबाट मात्र साध्यमा पुग्न सकिनु स्वाभाविकै हो । फेरि सगुण ध्यान र मन्त्रार्थ र मन्त्र चैतन्य पनि ब्रह्मतत्त्वकै प्रतिपादक हुन् भन्ने कुरा ज्ञानी साधकहरू आफ्नो चिन्तनको रहस्यमा बताउँदछन्।

श्रीविद्याको आविर्भावसम्बन्धी आख्यान

'तृतीय महाविद्या षोडशी – त्रिपुरसुन्दरीको आविर्भावलाई लिएर आख्यानहरू पनि प्रसिद्ध छन् । हुन त भगवती सुन्दरी जगन्मूर्ति, जन्म र मरण नै नभएकी नित्य हुन् तापनि देवताहरूको साधक भक्तहरुको कार्यसिद्धिका निमित्त उत्पन्न भइन् भन्ने उक्ति छ, नत्र नित्य सनातन ब्रह्मको उत्पत्ति कसरी ?

---

८. *नित्यैव सा जगन्मूर्तिस्तया सर्वमिदं ततम् । तथापि तत्समुत्पत्तिर्बहुधा श्रूयतां मम।*
देवानां कार्यसिध्यर्थमाविर्भवति सा यदा । उत्पन्नेति तदा लोके सा नित्याप्यभिधीयते॥
–मार्कण्डेय पुराण।

[९]एकपल्ट भगवान् शङ्करलाई प्रसन्न पार्न इन्द्रले अप्सराहरूलाई उहाँको सेवामा पठाए । उनीहरूले अनेकौं कलाकौशल, नाचगानद्वारा ईश्वरलाई खुसी तुल्याए । शिवले अप्सरालाई कालिकाका सेवामा पठाउनुभयो । भगवान् शिव कालिकालाई बारम्बार जिस्क्याउँदै **'काली ए काली !'** भनी बोलाउनु हुन्यो । एकपल्ट कालीले म अब कालीको रूप छोडेर गोरीको रूप लिन्छु । शिवले **'काली !'** भनेर फेरि बोलाउनु भयो भने म बोल्दिन, उहाँले मलाई नपाएर अल्मलिनु हुन्छ, बडो आनन्द आउँछ- भन्ने सोचेर काली अदृश्य हुनुभयो। शिव- कालिकालाई कहीं पनि नपाएर चिन्तितजस्तो देखिनुभयो ।

त्यसैबेला नारद ऋषि शिवदर्शनको निमित्त आए । धेरै बेर कालिकाको दर्शन नपाएर नारदले आमा कहाँ जानुभयो भनेर सोधे । शिवले – काली मसँग रिसाएर अन्तर्धान भएकी छिन् भन्नुभयो । नारदको छुल्याहा बानी, शिव-शक्तिको झगडा गराउने उद्देश्यले कालिका लुकिरहेको ठाउँमा पुगेर 'महादेव त हजूर नभएको बेला पारेर अप्सराहरूसँग पो विहार गरिरहनुभएको छ' भनेर कुरा लगाए ।

कालिका यो कुरा सुनेर रीसले चुर्लुम्म हुनुभयो र 'म कुन चाहिं अप्सरा भन्दा कम छु त' भनेर अत्यन्त सुन्दर षोडशीको स्वरूप लिई शिवकहाँ पुग्नुभयो। त्यहाँ शिवका हृदयमा अत्यन्त सुन्दरीको छवि देखेर झनै रिसाउँदै 'बूढा, त म नभएको बेला कुन चाहिं सुन्दरीलाई आफ्नो हृदयमा राखेर मस्त भएको ?' भनी हकार्नु भयो । शिवले मुस्कुराउँदै – 'यो त तिम्रै रूप हो' भन्दा कालिका सब रीसराग बिर्सेर अत्यन्त प्रसन्न हुनुभयो । शिवले अब आइन्दा यसै रूपलाई त्रिपुरसुन्दरीका नामले उपासना गरिनेछ भनेर कालिकाको मान राख्नुभयो ।

अर्को आख्यान – [१०]प्राचीनकालमा यौटा महादैत्य थियो भण्डासुर । त्यसका दुई भाइ थिए- विशुक्र र विषङ्ग । ती दाजु-भाइ देवताहरूलाई अत्यन्त दुःख दिन्थे । तिनका डरले देवता कोही पातालमा, कोही समुद्रमा लुकेर बस्तथे।

---

९. *कालिकापुराण ।*

१०. *पुराभण्डासुरो नाम सर्वदैत्य शिखामणिः ...... देवी परमा शक्तिः – जघान भण्डं दैत्येन्द्रं युद्धे । – ब्रह्माण्डपुराण, ललितोपाख्यान ।*

यसै दुःखबाट बचाउन चराचरनिवासिनी परमा शक्ति चिदग्निकुण्डबाट आविर्भूत हुनुभयो र उहाँले युद्धमा दैत्यहरूको विनाश गर्नुभयो ।

[११]श्री षोडशीको प्रादुर्भाव मोहरात्रिका दिन आधा रातमा शिवकाञ्चीमा श्रीशैलमा भएको हो भन्ने उक्ति आगमरहस्यमा पाइन्छ ।

श्रीविद्याको उपासना

[१२]श्रीसुन्दरीको उपासना दुई किसिमबाट हुन्छ – अन्तर्याग र बहिर्याग। बहिर्याग – बाहिरी पूजा हो – विभिन्न उपचारहरूबाट हुन्छ र अन्तर्याग यौटा मानस पूजा हो । अन्तर्याग पनि तीन प्रकारको हुन्छ – सकल, सकलनिष्कल र निष्कल परमेश्वरीको उपासनाका लागि तीनवटा रूप विद्यमान छन् – स्थूल, सूक्ष्म र पर ।

स्थूलरूपको उपासना विभिन्न इन्द्रियद्वारा गरिन्छ । सूक्ष्मरूपको उपासना श्रवण र वाक् इन्द्रियद्वारा हुन्छ । पर रूपको उपासना केवल मनद्वारा मात्र सम्भव छ । यी तीन रूप भए तापनि देवीको भावना भने सरूप (रूपसहित) र नीरूप (रूपविहीन) दुई प्रकारको हुन्छ । रूपवाला भावना बहिर्याग हो भने नीरूप उपासना अन्तर्याग हो । लौकिक भाषामा बहिर्यागलाई पूजा र अन्तर्यागलाई सन्ध्या भन्ने गरिन्छ । [१३]सन्ध्या नभई पूजा हुँदैन ।

वस्तुतः पूजा याग हो र याग दुवै नभै पूर्ण हुँदैन । यसमा पनि अन्तर्याग चाहिँ वस्तुतः योग हो, कन्दमूलमा रहेकी कुण्डलिनीलाई जाग्रत गराएर मूलाधार, स्वाधिष्ठान, मणिपूर, अनाहत, विशुद्ध र आज्ञाचक्रको भेदन गर्दै सहस्रदल कमलमध्यमा विराजमान शिवसँग मिलन गराउनु, त्यसबाट पनि माथि उठी उन्मनासम्म पुग्नु, परशिवसँग एकात्मभावमा प्राप्त हुनु नै अन्तर्याग हो । त्यसपछि

---

११. *मोहरात्रिसमुद्भवा । महानिशामुखे जाता श्रीविद्या परमा कला । शिवकाञ्च्यां च श्रीशैले जाता श्रीत्रिपुराम्बिका । – उद्. आगमरहस्य – ६ ।*

१२. *नित्या षोडशिकार्णवको भूमिका –व्रजवल्लभ द्विवेदी ।*

१३. *अन्तर्याग र बहिर्यागका विधिविधान र यसको रहस्य गुरुबाट दीक्षा लिएर गुरु आज्ञाबाट मात्र सम्पन्न गर्नु पर्दछ । अन्यथा यसबाट अभीष्ट सिद्धि हुँदैन, अझ हानिमात्र सम्भव छ ।*

पञ्च उपचारदेखि षोडशोपचारसम्म विविध साधनद्वारा देवताको सगुणरूपको उपासना बहिर्याग हो ।

श्रीविद्याका अन्य भेद

[१४]श्रीविद्याका अन्य भेदहरूमा व्यष्टि, समष्टि, जाग्रत आदि बाह्र धामहरूमा भावनीय विद्याका पनि खास बाह्र भेद प्रमुख छन् – शक्तिशिवविद्या, लोपामुद्राविद्या, क्रोधमुनि(दुर्वासा)विद्या, मानवीविद्या, चान्द्रीविद्या, कौबेरीविद्या, अगस्त्यमुनिविद्या, नन्दिविद्या, प्रभाकरीविद्या, षड्मुखीविद्या, परमशिवविद्या र वैष्णवीविद्या । यी विद्याहरूमा शक्तिशिवविद्या आद्यविद्या हो– विद्याराज्ञी – विद्याहरूकी रानी । यो यौटै विद्यामा तीन भाग छन्, समूह छन् । ती हुन् – शाम्भवकूट, कामराजकूट र शक्तिकूट । त्यसैले श्रीविद्या त्रिकूटात्मक मुख्य हुन्छ । प्रकारान्तरले यो विद्या चतुष्कूटात्मक र षट्कूटात्मक पनि छ ।

वस्तुतः विभिन्न देवता, ऋषि, उपासकहरूले उपासना गरेर सिद्ध गरेको विद्या उनैका नामले लोकमा प्रसिद्ध र फलदायिनी हुन्छन् ।

श्रीविद्याका सन्ध्या

श्रीविद्याका चार सन्ध्या हुन्छन् – प्रातः, मध्याह्न, सायं एवं तुरीय । प्रातः सन्ध्यामा राजसी, मध्याह्नमा सात्त्विकी र सायं सन्ध्यामा तामसी ध्यान हुन्छ । तुरीय सन्ध्यामा त ब्रह्मोपासना मुख्य हुन्छ ।

श्रीविद्याको विशेषता

श्रीविद्या प्रमुखतया ऊर्ध्वाम्नायमा पूजित हुन्छ । अझ सबै आम्नायमा पनि यिनको पूजा हुनसक्ने हुनाले यो सर्वाम्नाय प्रपूजित पनि भन्छन् ।

तर भित्री अर्थ विचार गर्दा – पृथ्वी, जल, तेज, वायु र आकाश पाँच तत्त्वमाथि अधिष्ठित (आफ्नो वशमा राखेकी), स्वयं प्रकाश, महासौभाग्यरूपिणी, परमामृतवर्षिणी, जगत्की आदिकारण, जगन्मोहनी, परमानन्दरूपिणी, अनुग्रहकला,

१४. *त्रिपुरातापिनी उपनिषद् – टीकासहित । विशेष – श्रीविद्या परमरहस्यात्मक छ । यो गुरु मुखबाट मात्र जान्न, बुझ्न र उपासना गर्न योग्य एवं फलदायी छ ।*

हृदयकी साक्षिस्वरूपा, जगत्‌की वशीकरणशक्ति, स्तम्भनशक्ति, जम्भनशक्ति, जगन्मोहनशक्ति, विश्वराज्ञी भन्ने बुझिन्छ ।

यसै ध्यानबाट महात्रिपुरसुन्दरीकै त्रिकूटात्मक (वाग्भवकूट, कामकूट र शक्तिकूट) मन्त्रको पनि उद्धार हुन्छ ।

श्रीविद्याका नामहरू

यसैगरी महात्रिपुरसुन्दरीका अनेकौं नाम छन् । ललितसहस्रनाममा उनका हजार नामहरूको उल्लेख छ । यसको अनेकौं विद्वान्–मनीषीहरूले टीका, व्याख्या गरेका छन् । भास्कर रायको टीका चाहिँ ज्यादै आदरणीय मानिन्छ। त्यस ग्रन्थमा महात्रिपुरसुन्दरीका सबै नामहरूका अर्थरहस्य – सगुण र निर्गुणपरक अर्थको व्याख्या पाइन्छ । त्यहाँ पनि भगवतीका अनेकौं नामका बाहिरी र भित्री अर्थ छन् । बाहिरी अर्थ सगुण उपासकका निमित्त र भित्री अर्थ निर्गुण उपासकका निमित्त प्रतिपादित छन् ।

यसबाट के देखिन्छ भने भगवती त्रिपुरसुन्दरी – षोडशी परब्रह्मस्वरूपा देवता हुन् । यो विराट् ब्रह्माण्ड उनको विराट् विग्रह हो – शरीर हो । कण-कणमा उनका विग्रहका अवयव हुन् । जो जे छ जो छ त्यो उनै नै हुन् ।

श्रीविद्याको ध्यान

श्रीविद्याकी अधिष्ठात्री भगवती त्रिपुरसुन्दरीका ध्यानहरू पनि विद्याका भेदले, साधकहरूका भेदले, कामना भेदले बेग्लाबेग्लै छन् । सबै ध्यानका दुई अर्थ हुन्छन् – पहिलो अर्थले देवताको बाह्यस्वरूप चिन्तन–मनन गर्न सकिने - मानवशरीरजस्तै हात–पाउ आदि भएको र दोस्रो मन–वचन–कर्मले छुन नसक्ने ब्रह्मस्वरूपको प्रतिपादक । उदाहरणस्वरूप बालात्रिपुराको ध्यान –

रातो कपडा, अर्धचन्द्र शिरमा, उदाउन लागेका सूर्यजस्तो कान्ति, तीन आँखा, पुस्तक, अक्षमाला, वराभय, भएका चार हात, रातो कमलको आसन ।

यसको बाहिरी स्वरूप स्पष्ट छ । तर भित्री अर्थ चिन्तन गर्दा – रातो कपडा सौभाग्य सूचक हो । अर्धचन्द्र अमृतवर्षिणी हुन्छ । तीन आँखा काम-

कलाको प्रतीक हो । रातो कमलको आसन पूर्ण ब्रह्माण्डमा व्यापकरूपले अनुस्यूत भन्ने हो र पुस्तक ज्ञानको, अक्षमाला सम्पूर्ण मातृका, वराभय कामनासिद्धिको प्रतीक मानिन्छ । यसै ध्यानबाट बालाकै मन्त्रको पनि उद्धार हुन्छ ।

त्रिकूटा महात्रिपुरसुन्दरीको ध्यान

त्रिकूटा महात्रिपुरसुन्दरीको ध्यानमा – ब्रह्मा, विष्णु, रुद्र, ईश्वर, सदाशिव (पञ्चप्रेत) माथि बसेकी, खारेको सुवर्णजस्तो वर्ण, अर्धचन्द्र शिरमा, करोडौं कामदेवलाई पनि जित्ने कामेश्वरी, मुस्कुराइरहेकी, उत्तुङ्ग स्तन, अत्यन्त युवति, कोमल अङ्ग, पाश, अंकुश, फूलका बाण, धनुष लिएकी, रातो कपडा, अनेकौं दिव्यरत्नको आभूषण यस्ती महात्रिपुरसुन्दरी ।[१५]

त्रिकूटा ध्यानको बाह्य अर्थ

[१६]षोडशी – त्रिपुरसुन्दरीको उपासना हुने आधार श्रीचक्र अर्थात् श्रीयन्त्र हो । यसमा बीचमा बिन्दु, त्यसबाहिर त्रिकोण, अनि अष्टकोण, त्यस बाहिर दुइवटा दशकोण, त्यस बाहिर चौध कोण, त्यस बाहिर अष्टदल कमल, अनि सोह्र दल कमल, त्यस बाहिर तीन वृत्त (घेरा) र अनि तीन भूपुर हुन्छन् ।

यो श्रीचक्र सर्वदेवमय छ । सबै देवताको यसमा निवास हुन्छ । यसमा अग्नि, सूर्य, सोम र ब्रह्म यी चार चक्रहरू छन् र तिनीहरू कामरूप, जालन्धर, पूर्णागिरि र ओड्याण पीठात्मक हुन् । यो चक्र सृष्टि, स्थिति र संहारस्वरूप पनि हो । यसमा अनाख्यालाई पनि जोडेर चार स्वरूप पनि यसको मान्दछन् । यसैमा पूर्व, पश्चिम, दक्षिण र उत्तर चार आम्नायको पनि समावेश छ । यो श्रीचक्र नौवटा नित्याहरूको पनि स्वरूप हो । त्यतिमात्र नभएर सोह्र नित्यामय पनि यसलाई मान्दछन् ।

---

१५. *निगमागम वैज्ञानिकसार, धनशमशेर ।*

१६. *बिन्दु–त्रिकोण–वसुकोण–दशारयुग्म, मन्वस्त्रनागदलसंयुतषोडशारम् । वृत्तत्रयं च धरणीसदनत्रयं च श्रीचक्रमेतदुदितं परदेवतायाः ।। श्रीचक्रको वर्णन योगिनीहृदय र नित्याषोडशीकार्णवमा विस्तृत रूपमा पाइन्छ । सौभाग्यसुधोदय त झन् श्रीचक्रको वर्णनमा विशिष्ट स्थान राख्तछ ।*

श्रीचक्रको भावना सकल, सकलनिष्कल र निष्कल तीन रूपबाट हुन्छ। श्रीचक्र त विश्व हो, ब्रह्माण्ड हो; पूर्ण वर्ष हो, शरीर हो । यसैले यसलाई चक्रहरूमा राजा मानिन्छ र चक्रराज भनिन्छ । विभिन्न देवताहरूको पूजाका आधार आ-आफ्ना बेग्लाबेग्लै यन्त्र (चक्र) हुन्छन् । यौटा देवताको पूजन अर्काको चक्रमा प्रायः हुँदैन । तर श्रीचक्रमा सबै आम्नायका देवताको भावना र अर्चना हुन्छ ।

श्रीचक्रको स्वरूप

[17]श्रीचक्र नवयोन्यात्मक हुन्छ । यसमा नौवटा त्रिकोणहरू हुन्छन् । तलतिर फर्केका पाँचवटा र माथितिर फर्केका चार वटा । यी नौ चक्रका ईश्वरीहरू हुन् - त्रिपुरा, त्रिपुरेश्वरी, त्रिपुरसुन्दरी, त्रिपुरवासिनी, त्रिपुराश्री, त्रिपुरमालिनी, त्रिपुरासिद्धा, त्रिपुराम्बिका र महात्रिपुरसुन्दरी ।[18] वस्तुतः श्रीचक्र नै महात्रिपुरसुन्दरीको स्वरूप हो र उनैका शरीरका विभिन्न देवतास्वरूप अवयवहरू नै श्रीचक्रका आवरण देवता हुन् । जब परमा शक्ति आफ्नै इच्छाले विश्वस्वरूप भएर आफ्नै स्फुरण सर्वत्र देख्न थाल्दछिन् अनि श्रीचक्रको उदय हुन्छ ।[19] श्रीचक्रमा रहेका नौ चक्रमध्ये पाँच चक्र चाहिँ वामा, ज्येष्ठा, रौद्री, अम्बिका र परा शक्ति हुन् भने चार चक्र भने इच्छा, ज्ञान, क्रिया र शान्ता शक्ति हुन् । यसैबाट परा, पश्यन्ती, मध्यमा र वैखरी क्रमले विश्वको स्फुरण हुन्छ । ज्ञानको आविर्भाव हुन्छ । यसैलाई चक्रमयी सृष्टि पनि भन्दछन् ।

[20]श्रीचक्रमा रहेका बिन्दु र त्रिकोण काम-कला पनि हो । यही शिवशक्तिमिथुन पिण्ड हो । यसैभित्र भुवनमण्डल छ । वाक् र अर्थको सृष्टि कारण हो । यसमा रहेका तल र माथि फर्केका त्रिकोणहरू सोम- सूर्यात्मक,

---

१७. *त्रिपुरा त्रिपुरेशी च सुन्दरी पुरवासिनी । श्रीर्मालिनी च सिद्धाम्बा त्वष्टमी त्रिपुराम्बिका।* *- सङ्केतपद्धति - उद्. नित्याषोडशिकार्णव टीका ।*

१८. *सेयं परा महेशी चक्राकारेण परिणमेत यथा । तद्रूपणवयवानां परिणतिरावरणदेवताः सर्वाः । -कामकला विलास ।*

१९. *नित्याषोडशिकार्णव - भूमिका-टिप्पणी ।*

२०. *कामकलाविलास ।*

शिवशक्त्यात्मक छन् । यी परस्परमा अनुप्रविष्ट छन् । शरीरमा रहेका समस्त चक्र यसै भित्र छन् । विश्वमा रहेको प्रत्येक वस्तु यसमा छ । यसैले यो चक्र दिव्य छ । देवतामय छ ।

श्रीविद्याको उपासना

षोडशी त्रिपुरसुन्दरीको उपासना गर्न उपासकले सर्वप्रथम सद्गुरुबाट श्रीविद्याको दीक्षा प्राप्त गर्नु अत्यावश्यक छ । दीक्षितलाई मात्र बीजमन्त्रको जप-प्रयोगको अधिकार हुन्छ । साधिकार उपासकद्वारा गरिएको उपासनाले मात्र फल दिन्छ ।

श्रीविद्याको अर्चना

देवीको पूजा प्रथमतः अन्तर्यागबाट शुरु हुन्छ । प्रातःकालमा सर्वप्रथम प्रातःकृत्य हुन्छ । यसमा अजपाको विधान छ । सर्वप्रथम गुरुवन्दना गरेर गुरुको मानस पूजा हुन्छ । त्यसपछि शरीरमा षट्चक्रको भावना गरेर कुण्डलिनीको उत्थान गर्दै सहस्रारस्थित परमशिवसँग यसको मिलाप गराइन्छ । त्यसपछि पुनः अवतरण गरिन्छ । यो अन्तर्यागको क्रिया हो ।

त्यसपछि स्नान समाप्त गरी गुरुले उपदेश गरेका पद्धतिबाट आ-आफ्नो गच्छेअनुसार पञ्चोपचारदेखि षोडशोपचारसम्म जो सकिन्छ साधनद्वारा देवीको अर्चना हुन्छ । त्यसमा प्राणायाम, न्यास, ध्यान, जप, पूजा, पाठ सबै विधिपूर्वक गर्नु आवश्यक छ ।

उपास्य र उपासकमा अभेद

वास्तवमा पूजाको रहस्य आफूलाई सर्वतोभावेन देवतामा समर्पित गरिदिनु, आफूलाई देवतामय ठान्नु, आफूलाई देवता नै मान्नु, सम्पूर्ण भेददृष्टिलाई समाप्त गर्ने क्रममा देवतालाई अद्वयतत्त्व मानी तिनैमा लय गराइदिनु नै हो ।

त्यसैले उपासक भावना गर्दछ –

अहं देवी न चान्योऽस्मि ब्रह्मैवाहं न शोकभाक् ।
सच्चिदान्दरूपोऽहमात्माहमिति चिन्तयेत् ।।

मैं देवी हुँ । उनीदेखि अन्य (भिन्न) म होइन । म ब्रह्म नै हुँ । ममा शोक

छैन । म सत् हुँ (तीनै कालमा म रहिरहन्छु) । चित् हुँ (ज्ञानस्वरूप हुँ, चैतन्य हुँ) । आनन्द हुँ र दुःखको लेश पनि ममा छैन । म आत्मा हुँ (म शरीर होइन, इन्द्रिय होइन, विश्वप्रपञ्च ममा छैन) ।

उपासकले सम्पूर्ण देवदेवतालाई आफ्नै इष्टदेवताकै स्वरूप मान्नु पर्दछ । त्यतिमात्र होइन विश्वमा जो जे जति जहाँ वस्तु छन् र हुन सक्तछन्, ती सबैमा आफ्नै इष्टदेवता व्याप्त छन् । ती सबै तिनैका विराट् विग्रहका अवयव हुन् । सुख, दुःख, मान-अपमान, रागद्वेष, प्रवृत्ति-निवृत्ति सव इष्टदेवता कै लीला वा क्रीडा हुन् । यो विश्वब्रह्माण्ड उनैको लीलाभूमि वा क्रीडाभूमि हो । यी भावनाहरू मनमा ल्याउने अभ्यास गर्ने साधक एक दिन देवतामय बन्दछ, यसमा शंका छैन। यही उपासनाको रहस्य हो ।

साधक पहिले पशुभावमा रहन्छ, अज्ञानी हुन्छ र कर्मबन्धनमा बाँधिएको हुन्छ । त्यसै भावमा विविध उपचारले ईश्वरको उपासना गर्दछ । त्यसपछि ऊ वीरभावमा आरूढ हुन्छ । आफूलाई ईश्वरै मानेर आत्मतत्त्वकै उपासना गर्दछ । आफ्ना मानसिक सम्पूर्ण क्रियाकलाप, प्रवृत्ति-निवृत्ति सबै ईश्वरकै उपासना मात्र थाल्दछ । त्यहाँबाट पनि आरूढ भएर ऊ नित्यभावमा पुग्दछ । त्यहाँ ऊ देवतामय बन्दछ, देवता नै हुन्छ, त्यही उसको कैवल्य हुन्छ र मोक्ष हुन्छ । यही उपासनाको परम रहस्य हो ।

श्रीविद्याको महिमा

त्रिपुरासुन्दरीको माहात्म्य अवर्णनीय छ । उनी त -

[२१]त्रिपुरानन्तशक्त्यैक्यरूपिणी सर्वसाक्षिणी ।
सा चितिः सर्वतः पूर्णा परिच्छेदविवर्णनात् ।।

अनन्तशक्तिहरूको समष्टिरूप त्रिशक्ति - इच्छा, ज्ञान र क्रियाशक्ति । यी तीन शक्तिहरूको समष्ठि त्रिपुरा, समस्त चराचर जगत् प्रपञ्चकी साक्षी, जडमा अव्यक्त र चेतनमा व्यक्तरूपले रहेकी चितिशक्ति, कतै अपूर्णता छैन, कतै परिच्छेद छैन, पूर्ण, परिपूर्ण परब्रह्म परमात्मा, यस्ती त्रिपुरा । यिनै भित्र रहेको विराट् ब्रह्माण्ड, चराचर जगत् यिनैको स्वेच्छाले बाहिर स्फुरित हुन्छ र अन्तमा

२१. *त्रिपुरारहस्य ।*

यिनैमा विलीन पनि हुन्छ । सृष्टि, स्थिति, लय, तिरोभाव, अनुग्रह यी पाँच कृत्यका प्रवर्तक, द्वैत, द्वैताद्वैत, अद्वैत, परमाद्वैत तत्त्व, यिनै त्रिपुरा हुन् । यिनको माहात्म्य, महिमा वर्णन गर्नु सम्भवै छैन ।

चरमे जन्मनि यथा श्रीविद्योपासको भवेत् ।

अथवा

यस्य नो पश्चिमं जन्म यदि वा शङ्करः स्वयम् ।
तेनैव लभ्यते विद्या श्रीमत्पञ्चदशाक्षरी ।।

अनेकौं जन्मसम्म असल कर्म, उपासना गरेर मात्र अन्तमा पछिल्लो जन्ममा श्रीविद्याको उपासक हुने सौभाग्य पाइन्छ । स्वयं शंकरले अर्थात् शाम्भव पदमा पुगिसकेका साधकले त्रिपुरासुन्दरीको पञ्चदशाक्षरी विद्या प्राप्त गर्न पाउँछ। त्यसभन्दा पनि माथि उक्लिसकेपछि अझ षोडशी प्राप्त गर्ने सौभाग्य पाउँछ ।

[२२]कोटिकोटि मुख, कोटिकोटि जिह्वाले पनि श्रीविद्याको वर्णन गर्न सक्तैन। श्रीविद्या–षोडशी विद्या ब्रह्मस्वरूप हो । यी सुन्दरीको सेवाबाट भोग र मोक्ष दुवै प्राप्त हुनसक्तछन् । श्रीविद्याको एक पल्ट उच्चारणमात्र गर्नाले पनि अनन्त अश्वमेध र वाजपेय यज्ञको फल पाइन्छ। अनेकौं तीर्थयात्राको पुण्य प्राप्त हुन्छ।

तर यो विद्या अत्यन्त गोप्य छ । प्रकाशित गर्नु हुँदैन । राज्य दिनु, बरु आफ्नो शिर नै दिनु पर्दछ भने पछि नहट्नु षोडशाक्षरी विद्या नदिनु ।

यसको अर्थ कसैलाई नदिनु भन्ने होइन । पात्रलाई दिनु । पात्रको विचार प्रथमतः आवश्यक छ । दीक्षित साधकमात्र यसको पात्र हुनसक्तछ, अधिकारी हुनसक्तछ । गुरुकृपाले मात्र यो मन्त्र पाइन्छ र गुरुको कृपा भगवती त्रिपुरासुन्दरीकै कृपाले मात्र सम्भव छ । अतः अन्तमा –

मम न भजनशक्तिः पादयोस्ते न भक्तिः
न च विषयविरक्तिर्ध्यानयोगे न शक्तिः ।
इति मनसि सदाऽहं चिन्तयन्नाद्यशक्ते:
रुचिरवचनपुष्पैरर्चनं सञ्चिनोमि ।।

ॐ तत्सत् ।

२२. *ज्ञानार्णव तन्त्र, परातन्त्र, उद्. वृहत्पुरश्चर्यार्णव विशेष – यससँग संलग्न श्रीचक्रको विवरणपत्र मननीय छ ।*

चितिरूपा - त्रिपुरा

त्रिपुराको ध्यान

ॐ नमः कारणानन्दरूपिणी परचिन्मयी ।
विराजते जगच्चित्रचित्रदर्पणरूपिणी ।।
जयत्येषा परा श्रीमत्त्रिपुरा सर्वसाक्षिणी ।
या सेवकानुद्धरति संसृतेर्गुरुरूपिणी ।।

तेस्रो महाविद्या षोडशी, जसको वास्तवमा नाम पनि छैन, रूप पनि छैन, तैपनि साधकहरू जसलाई त्रिपुरा, त्रिकुटा, राजराजेश्वरी र त्रिपुरमहासुन्दरीका नामले सगुण रूपमा उपासना गर्दछन् ।

श्रीविद्याको विशेषता

वस्तुतः यिनी सम्पूर्ण जगत्मा चैतन्यरूपले विराजमान छिन् । यिनै सम्पूर्ण जगत्को अविशेष कारण परमानन्द हुन् । स्वच्छ ऐनामा कुनै वस्तुको प्रतिबिम्ब झल्केजस्तै यिनैमा यो चराचर विश्व प्रतिबिम्बित छ । यिनै सम्पूर्ण कर्मका साक्षी हुन् । यिनै स्वयं परम गुरु बनेर आत्मज्ञानका माध्यमबाट प्राणीहरूलाई संसारको भुमरीबाट उद्धार गर्दछिन् ।

यसैले मार्कण्डेय पुराणअन्तर्गतको सप्तशती भन्दछ –

या देवी सर्वभूतेषु चेतनेत्यभिधीयते ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ।।
चितिरूपेण या कृत्स्नमेतद् व्याप्य स्थिता जगत् ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ।।

स्वयं ज्ञान पनि यिनै र ज्ञानवान् आत्मा पनि यिनै । यसैले तात्त्विक दृष्टिले हेर्दा ज्ञान र ज्ञानवान्मा कत्ति फरक छैन । अझ भनौं ज्ञान र ज्ञानवान्

जस्तै ज्ञेय पनि तिनीहरूभन्दा अलग्ग छैन । अर्थात् त्रिपुरा भगवती स्वयं ज्ञानस्वरूपा हुन्, ज्ञानवती पनि हुन् र ज्ञेया पनि हुन् । यिनैमा पुगेपछि मात्र ज्ञान, ज्ञाता र ज्ञेयको त्रिपुटी बिलाएर जान्छ । यसैले यिनै स्वयं त्रिपुरा भनिन्छिन् ।

हामी यो संसार हेर्छौं र भन्छौं अहा ! कति सुन्दर !! शक्ति, धन, परिवार जोडेर तिनीहरूको भोगमा चुर्लुम्म डुबेर ठान्छौं, अहा ! कति आनन्द !! के यो वस्तुतः सौन्दर्य हो ? आनन्द हो ? हो भने के यो शाश्वत छ ? सनातन छ ? प्रश्न सरल छ, तर उत्तर अत्यन्त कठिन ।

एउटा राजा थिए मुक्ताचूड । उनका दुई छोरा थिए – हेमचूड र मणिचूड। एक दिन शिकार खेल्न जाँदा जङ्गलमा हेमचूड यौटी अत्यन्त सुन्दरी युवतीलाई देख्तछन् । ती थिइन् हेमलेखा । राजा सुषेण र विद्युत्प्रभा विद्याधरीका एकान्त प्रेमको प्रतिफल। उनको पालन पोषण भएको थियो महर्षि व्याघ्रपादबाट । हेमचूड र हेमलेखा परस्परमा आसक्त हुन्छन् । उनीहरूको विवाह हुन्छ । हेमचूड राजाका छोरा – भोगै भोगमा डुब्न चाहन्छन् । हेमलेखा एउटा तपस्वीका छाप्रोमा सात्त्विक वातावरणमा हुर्केकी कन्या भोगबाट हट्न चाहन्छिन् । लोग्नेलाई हेमलेखा सम्झाउँछिन् भोग सुख होइन, आनन्द होइन, यो शाश्वत छैन । अर्थात् भ्रममात्र हो । सुख र आनन्दको मृगमरीचिका हो ।

यहींनेर अर्को आख्यानले जन्म लिन्छ । एउटा सेठको छोरो अत्यन्त सुन्दर । उसको विवाह हुन्छ अत्यन्त सुन्दरी कन्यासँग । तर विडम्बना त्यो सेठको छोरो आफ्नी पत्नी बाहेकै पनि यौटी सेविकासँग आसक्त हुन्छ र प्रेमाचार गर्दछ । ती सेठकी पत्नी पनि आफ्ना पतिसँग सन्तुष्ट नभएर आफ्ना नोकरसँग आसक्त हुन्छिन् । सेठको छोरोले केही दिन त थाहा पाउँदैन । आफ्नी पत्नीसँग अत्यन्त स्नेह गर्दछ । उसको शारीरिक सौन्दर्य देखेर मुग्ध हुन्छ । आफूलाई भाग्यमानी सम्झिन्छ । पछि रहस्य खुल्छ । आफ्नी अत्यन्त सुन्दरी पत्नी अत्यन्त कुरूप नोकरप्रति आसक्त भएको देखेर उसमा वैराग्यको उदय हुन्छ । ऊ सोच्दछ–

के हो सौन्दर्य ? के हो आनन्द ? के हुन् सुख र दुःख ? यस प्रश्नको उत्तर आफ्नै जीवनका घटनाहरू आफ्नै अनुभवहरूबाट खोज्न चाहन्छ । यहीं फेरि पूर्व प्रसङ्ग जोडिन्छ – हेमचूड र हेमलेखाको । हेमलेखा आफ्ना पतिसँग तिनै प्रश्न सोद्धछिन् । कहाँ छ सौन्दर्य ? यदि रूपमा छ भने किन सेठको छोरो

अज्ञानवश कुरूपा सेविकाको प्रेममा विह्वल भएको ? किन उसकी सुन्दरी पत्नी आफ्नो सुन्दर पतिलाई छोडेर कुरूप सेवकप्रति आसक्त र उसबाट सन्तुष्ट भएको?

कहाँ छ आनन्द ? के भोगमा छ ? यही हो भने सेठको छोरोका निमित्त उसकी आफ्नी पत्नी र सेविकासँगको प्रेम भोगमा के को फरक ? फेरि सेवकप्रति आफ्नी पत्नी आसक्त भएको देखेर उसमा वैराग्यको उदय किन भयो त ? के तपाइँ (हेमचूड) म, हेमलेखाको यसै सौन्दर्यबाट त्यही आनन्द पाउन खोज्नु हुन्छ ? हेमलेखा आफै प्रश्न उठाएर आफै समाधान पनि गर्छिन् –

तात्त्विक दृष्टिमा त्रिपुरातत्त्व

तात्त्विक दृष्टिले हेर्दा सौन्दर्य र आनन्द वस्तुतः एउटै वस्तुमा छ, अनेकमा होइन । वस्तुतः जहाँ सुन्दरता छ त्यहीं आनन्द पनि छ । सौन्दर्य शरीरमा छैन, बाहिर देखिने यस विश्वमा पनि छैन । सौन्दर्य छ केवल चैतन्यतत्त्वमा । जो स्वयं चेतन छैन, जड छ त्यो त मुर्दा हो त्यसमा कहाँ सौन्दर्य हुनु ! जहाँ चैतन्य छैन त्यसको संसर्गले आनन्द पनि कसरी पाउनु ! यस संसारमा कहीं यदि हामी सौन्दर्य पाउँछौं भने कहीँ आनन्द पाउँछौं नियालेर हेरौं । चिन्तन गरौं त्यसको अन्तरतम तहमा चैतन्यतत्त्व विराजमान भएको हामी पाउँदछौं । यसकारण चैतन्यतत्त्व नै सत्य हो, शिव हो, सुन्दर हो, परमानन्द हो – यही तत्त्व त्रिपुरातत्त्व हो, यिनै परमेश्वरी त्रिपुरमहासुन्दरी हुन् ।

चितिरूपा महासत्त्वा साम्राज्ञी परमेश्वरी ।
त्रिपुरा भासते यस्यामविचित्रं विचित्रवत् ।।

त्रिपुरा नै चित्शक्ति हुन् । जब यिनी आफ्नै स्वतन्त्रताले, आफ्नै इच्छाले विश्वमा चैतन्यको प्रसार गर्न उन्मुख हुन्छिन् । त्यसबेला यिनलाई ईश्वरका नामले दार्शनिकहरू चिन्तन गर्दछन् । यिनै त्रिपुरा भूत, वर्तमान र भविष्यत्मा एवं जाग्रत, स्वप्न र सुषुप्तिमा असीमित रूपले निरन्तर रूपमा रहिरहन्छिन् । यसैले यिनी महासत्ता पनि हुन् । यिनी परम स्वतन्त्र छिन् । कसैको अधीनमा यिनी कहिल्यै पनि रहेकी छैनन्, यसैले यिनलाई साम्राज्ञी भन्दछन् । अनुत्तर ऐश्वर्य, जसदेखि पर कुनै ऐश्वर्य छैन त्यस्ती यिनी छिन् । यिनै सामान्य रूपले सर्वत्र, सर्वदा भासित हुन्छिन् । यहाँ कुनै वास्तविक भिन्नता छैन, एकरूपता छ,

एक रस छ । तैपनि संसारको प्रत्येक वस्तु मोहले गर्दा, अज्ञानताले गर्दा भिन्न भिन्न रूपमा देखिन्छ, व्यवहारमा आउँछ । अज्ञानीले भिन्नता देख्दछ, ज्ञानीले अेभद । अज्ञानीले विश्वप्रपञ्च देख्दछ, ज्ञानीले एउटै चैतन्यशक्ति ।

एउटा वस्तुलाई अर्को वस्तुबाट छुट्याउने र एउटालाई अर्कोबाट सीमित गर्ने तत्त्व दुइवटा मात्र छन् – ती हुन् देश र काल ।जुन वस्तु यहाँ छ, त्यो अर्को ठाउँमा हुँदैन, त्यसैगरी अन्यत्र भएको वस्तु यहाँ हुँदैन । यसरी एउटा वस्तुले अर्को वस्तुलाई सीमित गराउँदछ, छुट्याउँछ देशले अर्थात् स्थानविशेषले । यस्तै गरी हिजो जुन वस्तु हामीसँग थियो, त्यो आज छैन, आज भएको वस्तु फेरि भोलि हुँदैन, (अझ दार्शनिकहरू त हाम्रो शरीरलाई छिन् छिन्मा परिवर्तित भइरहेको छ भन्दछन्)। यसरी देशले वस्तुहरूलाई सीमित गरेजस्तै कालले अर्थात् समयले पनि वस्तुहरूलाई एक अर्काबाट सीमित र पृथक् गर्दछ ।

तर यहाँ चैतन्य एउटै तत्त्व हो – शाश्वत र सनातन तत्त्व । त्यो यहाँ पनि छ अन्यत्र पनि । हिजो पनि थियो, आज पनि छ, भोलि पनि अवश्य रहन्छ । यसमा कुनै परिच्छेद छैन, सीमा छैन, पार्थक्य छैन । यसैले त यो 'सत्' पनि हो सदा सर्वदा अपरिच्छिन्न असीमित र एकरस भावमा रहने तत्त्व । यही त्रिपुरा तत्त्व हो । यिनै त्रिपुरमहासुन्दरी भगवती हुन् ।

अँध्यारो कोठामा कुनै सामान खोज्न जानुपर्‍यो भने हामी बत्ती बाल्दछौं। यसैले सबै कुरा देखिन्छ । तर बत्ती खोज्न अर्को बत्तीको आवश्यकता पर्छ र? चैतन्य भए जड पदार्थ पनि प्रकाशित हुन्छन्, चैतन्य नभए कुनै पनि वस्तु प्रकाशित हुँदैन । अन्धकारमा रहेका वस्तुहरू जति सुन्दर र अमूल्य भए पनि तिनको मूल्याङ्कन त्यसबेला मात्र गर्न सकिन्छ जब हामीसँग 'प्रकाश' हुन्छ । यही चैतन्य हो, चिति हो, त्रिपुरा तत्त्व हो ।

सृष्टि हुनुभन्दा अगि यही तत्त्व थियो – चितितत्त्व । यो स्वयंमा पूर्ण स्वतन्त्र थियो । यही उसको स्वतन्त्रतालाई सङ्कल्प अझ बृहत् सङ्कल्प भन्नुपर्दछ। यसैबाट ऐनामा यो समस्त चराचर जगत् पूर्ण ब्रह्माण्डमा अखण्डरूपमा प्रतिबिम्बित र भासमान हुन्छ । हामी आफ्नै अन्तर्गत आफ्नै चितिमा आफैमा प्रतिबिम्बित भएको आफैले देखेर आफै मुग्ध र आनन्दित हुन्छौं । यो बुझ्ने प्रत्येक प्राणीलाई कहिल्यै नष्ट नहुने आनन्दको अनुभूति हुन्छ ।

देवतामा पनि हेरौं - ब्रह्मा चारमुख भएका, विष्णुका पेटबाट निस्केको कमलमा विराजमान, सृष्टिकर्ता, विष्णु - शेषशायी, शङ्ख, चक्र, गदा, पद्म लिएका चतुर्बाहु - पालनकर्ता । शिव जटाजूटधारी, त्रिशूल र डमरू लिएका, सर्पका गहना लगाएका - संहारकारी । तीनै जना स्वरूपले, कर्मले र स्वभावले बेग्लाबेग्लै ।

तर के यो वास्तविक दृष्टि हो त ? होइन, यो त बाहिरी स्थूल दृष्टिसम्म हो। स्थूल देह, स्थूल प्रपञ्च, सगुण विग्रहलाई हेर्दा यो सत्य देखिन्छ तापनि यसभित्र तीनैवटा समानरूपले विराजमान एउटै तत्त्व छ - चितितत्त्व । यदि निष्कल र निर्गुण रूप हो । यसको उपासना योगीहरू पनि नित्य गर्ने गर्दछन्। यसै उपासनाबाट परम श्रेय प्राप्त हुन्छ । दुःख नष्ट हुन्छ । संसारको बन्धन काटिन्छ । परम आनन्द पाइन्छ ।

दुःख दुई प्रकारका छन् - बाहिरी र भित्री । बाहिरी दुःख शारीरिक र भित्री मानसिक । यिनीहरूको निवृत्ति नै सुख हो । यहीं आनन्द छ । आनन्द नै सौन्दर्य हो। तर दुःखको निवृत्ति वास्तविक हुनुपर्दछ, भोगबाट भएको सुखले र मनको क्षुद्र इच्छापूर्ण हुँदाको सुखले दुःखको वास्तविक निवृत्ति हुँदैन यो त सुखको भ्रममात्र हो । यस भ्रमको निराकरण फेरि दुःख बढेर आएपछि मात्र हुन्छ ।

वास्तविक दुःख निवृत्ति त त्रिपुटीको निवृत्तिबाट हुन्छ - ज्ञान, ज्ञेय र ज्ञाताको भाव हराएपछि, यो त्रिपुरा तत्त्वको ज्ञान भएपछि, चिति तत्त्वको बोध भएपछि मात्र सम्भव छ । त्यहीं सौन्दर्य छ । त्यहीं आनन्द छ । अखण्ड आनन्द, नित्य र शाश्वत ब्रह्मानन्द यति भनेर हेमलेखा फेरि पति हेमचूडसँग सोद्धछिन् - प्रिय अब के मेरो यो शरीर, यो रूप, वस्तुतः सुन्दर छ त ? के यसैको भोगमा वास्तविक आनन्द छ त ? कहाँ छ सौन्दर्य ? कहाँ छ आनन्द ?

हेमचूड समाधिस्थ हुन्छन् । उनको अन्तश्चक्षु खुल्दछ । अत्यन्त सुन्दर, परम आनन्दमय चिन्मय प्रकाशको उनलाई दर्शन हुन्छ ।

अतिमधुरचापहस्तामपरिमितमोदबाणसौभाग्याम् ।
अरुणामतिशयकरुणामभिनवकुलसुन्दरीं वन्दे ।।

ॐ तत्सत्

शिव-पशुपतिको निर्गुण स्वरूप

परब्रह्मरूप शिव

शिवको तात्त्विक स्वरूप त परब्रह्म नै हो । [1]शिव त परभन्दा पनि पर, कुनै प्रमाणबाट थाहा पाउन नसकिने, अवाङ्मनोगोचर ब्रह्म हुन् । मलयुक्त भएजस्तो हुँदा निन्दित झैं हुने र मलले छुँदै छुँदैन भन्ने वास्तविक ज्ञान हुँदा स्वयं अनिन्दित । उनको कुनै उपमा छैन, उनीजस्ता कोही कहीं छँदै पनि त छैन । उनको विनाश सम्भव छैन, यसैले उनी अव्यय पनि हुन् ।

आकाश त व्यापक मात्र छ, तर शिव त (व्योम) आकाशभन्दा पनि पर कुनै तत्त्व विद्यमान छ भने तिनै हुन् । उनको कारण कोही पनि छैन । उनी व्यापक छन् (माथि पनि भनियो) त्यसैले उनी सम्पूर्ण चर-अचर जगत्मा अनुस्यूत छन् । संसारका स्वामी भएकाले उनलाई तत्त्वज्ञहरू 'प्रभु' भन्ने नामले पुकार्दछन् । वचनले उनको वर्णन गर्न सक्तैन, बढी के भन्ने मनैले पनि उनको सङ्कल्प - विकल्पसम्म पनि गर्न सक्तैन । यसैले उनलाई प्रमाणातीत - प्रत्यक्ष, अनुमान, उपमान, शब्द, अनुपलब्धि, अभाव, ऐतिह्य, चेष्टा आदि कुनै पनि प्रमाणले छुँदैन, जान्न चिन्न सकिंदैन ।

यो सुप्रभेदागमले प्रतिपादित गरेको तथ्य हो । यही कुरा [2]वातुल शुद्धाख्य तन्त्रले पनि ठीक यही तथ्य उपपादन गरेको छ ।

अजितागमको दृष्टिमा - [3]शिव सर्वोत्तर - ब्रह्माण्डमा जो छ, जे छ सबभन्दा पर छन् । अथवा उनी सर्वोत्तर सम्पूर्ण चराचर जगत्को अन्तरतममा विद्यमान छन् । तिनै समस्त प्राणीमा सूक्ष्मरूपले रहिरहेका छन् । विद्वान्हरू

---

१. *सुप्रभेदागम, IV, 1, 9b-12A उद्-अजितागम २ टिप्पणी (परि.)*

२. *वातुलशुद्धाख्य पटल १, श्लोक १२-२३ A (परि.)*

३. *अजितागम, २/१-३० (परि.)*

यिनलाई ब्रह्म शब्दले व्यवहार गर्दछन् । यिनी स्थूलपनि छन्, सूक्ष्म पनि छन् । व्यक्तमात्र, अव्यक्तमात्र, व्यक्त र अव्यक्त दुवै पनि यिनी छन् । बाहिर पनि छन्, भित्र पनि छन्, भित्र र बाहिर दुवै तिर यिनी विद्यमान छन् । शिव नित्य छन्, अनित्य छन् र नित्यानित्य दुबै पनि छन् । शिव पुरुष हुन्, स्त्री हुन् र नपुंसकलिङ्ग पनि हुन्, अर्थात् उनी कुनै लिङ्गमा सीमित छैनन्, लिङ्ग भेदबाट पर छन् । तीनै अवस्था, तीनै कालमा सदासर्वदा अनवच्छिन्न रूपमा विद्यमान छन् शिव । उनी दृश्य छन्, देख्न सकिन्छ उनलाई, अदृश्य पनि उनी हुन् र दृश्यादृश्य पनि शिव हुन् ।

सम्पूर्ण इन्द्रियहरूले जान्न सकिने इन्द्रियहरूले थाहा पाउन सकिने सीमाभन्दा पर विद्यमान र दुवै शिव हुने हुँदा इन्द्रियगम्यताले पनि उनलाई बाँध्न सकिन्न । शिवलाई वचनले वर्णन गर्न नसकिने होइन, मनले चिन्तन पनि उनको गर्न सकिन्छ, कर्मद्वारा पनि उपासना, आराधना उनको हुन अवश्य सक्तछ तर यति भैकन पनि शिव मान, माता र मेय त्रितत्त्व, त्रिपुटीभन्दा पर छन् । भनाइको अर्थ ज्ञान पनि उनैको हुन्छ, ज्ञान गर्ने पनि उनै हुन् र स्वयं उनी ज्ञान स्वरूपै हुन् । शिव, वास्तवमा स्वयं त्रिपुटी हुन्, त्रिपुट उनकै स्वरूप हो, एक अर्काबाट उनलाई छुट्याउन सकिन्न, यसैले स्वयं त्रिपुटी स्वरूप भएर पनि यसभन्दा पर छन् ।

शिव स्वयं शिवरूप आत्मविद्या हुन् – शिव आत्मस्वरूप भएर सम्पूर्ण प्राणीमा विद्यमान छन्, स्वयं विद्यास्वरूप पनि उनै हुन् । यसरी आत्मा पनि आफू, चैतन्य पनि आफू र आफै विद्या पनि, अनि आत्मविद्या पनि । यसैले शिवशास्त्र आत्मविद्या हो र यो स्वयं शिवस्वरूप नै छ । शिव भोक्ता – भोग गर्ने हुन्, भोज्य – भोग पनि उनैको हुन्छ र साथै उनी स्वयं भोग पनि त हुन् । माया, आणव र कार्म मल तीन प्रकारका हुन्छन् – यी तीनै मल स्वयं शिवस्वरूप हुन्। यसैले त शिवशास्त्रको अभ्यासबाट हुने शिवज्ञानबाट यी तीनैवटा मलबाट मुक्ति पाइन्छ । शिव स्वयं ज्ञान हुन् र अज्ञान पनि । ज्ञान र अज्ञान यौटै वस्तुका दुई पक्ष हुन्, एक पक्षको ज्ञान नभै अर्को पक्षको ज्ञान हुन सक्तैन । वस्तुतः अज्ञान र ज्ञान शिवकै दुई रूप हुन्, वस्तु एक स्वभाव दुई, तर तात्त्विकरूपले अभिन्न – यौटै।

यसैगरी प्रकाश र अन्धकार यी पनि ज्ञान र अज्ञानजस्तै, यिनकै सांसारिक

उपमा प्रकाश र तिमिर । तर दुवै शिवस्वरूप, शिवदेखि अभिन्न । शिव नजिक पनि छन् टाढा पनि । जो सर्वत्र विद्यमान छ, जहाँ पनि छ, जतातते छ, त्योभन्दा नजिक अरू के हुनु । तर त्यही अज्ञानीका लागि टाढा पनि छ । हेय र उपादेय, त्याज्य र ग्राह्य, जो शिवैशिव छ त्यो के हेय के उपादेय । हेयमा पनि शिव, उपादेयमा पनि शिव ।

नित्य र नैमित्तिक, गर्नैपर्ने, नगरिनहुने, नगरे पाप लाग्ने, अनिष्ट हुने, मानवमात्रका लागि विहित कर्म नित्य त्यही शिव हुन् – सदासर्वदा नित्यविहित– स्वयं नित्य । तर नैमित्तिक आवश्यकता परेका बेला सधैं ग्राह्य, गरे पुण्य फल प्राप्त हुने, सधैं इष्टकारक त्यो पनि शिव – यसैले नित्य पनि नैमित्तिक पनि शिव, दुवै उनैका स्वरूप ।

शिव त पर पनि अपर पनि । शिवभन्दा पर कुनै अन्य वस्तु छँदै छैन । साथै जेभन्दा, जोभन्दा पर शिव छन्, ती समस्त पनि शिवभन्दा पृथक् छैनन् । जव समस्त विश्वब्रह्माण्ड नै शिव हुन् भने शिवभन्दा अन्य वस्तु पर के भयो त। संकोच र प्रसार वा सीमितता र विस्तार यी दुवै पनि शिव नै हुन्, शिवभन्दा यी पृथक् छैनन् ।

शिव जे पनि हुन् र जहाँ पनि छन् भने संकोच र विस्तारको भेद शिवमा कहाँबाट हुनु ? सत्य र असत्य, सत् र असत् यी पनि शिवै हुन् । शिव जहिले पनि छन्, कालको दृष्टिले शिवमा पर र अपरको भेद छैन । फेरि असद् वस्तु नै छैन र सत् शिव नै हुन् भने सत् र असत्को भेद पनि शिवमा नहुनु अत्यन्त स्वाभाविक छ । शिव कर्ता र भर्ता दुबै हुन् ।

यो समस्त ब्रह्माण्ड शिवबाटै प्रकट भएको हो, शिवले नै यसको संरक्षण गर्दछन् र शिवमै यो लीन हुन्छ । हृदयमा धारण गर्नपर्ने, हृदयमा कुनै ठाउँ नै दिन हुने, यी दुवै शिवकै स्वरूप हो । वाच्य र वाचक पनि शिव नै हुन् । शब्दले अर्थ बुझाउँदछ – यसैले यो वाचक हो, शब्द (वाचक)ले बुझाउने अर्थ विशेष वाच्य हो, वाचक र वाच्य अर्थात् शब्द र अर्थ दुवै शिव नै हुन् । यौटा सानो बीजमा विशाल वृक्ष, हाँगा, जरा, पात, फल–फूल सम्पूर्ण प्रपञ्च लुकेर रहेझैं

शिवको परा अवस्थामा सम्पूर्ण वाचक र वाच्य – शब्द र अर्थको प्रपञ्च अन्तर्लीन भएर बोधस्वरूपमा रहेको हुन्छ र त्यही बोध पछि ज्ञान भएर प्रकट हुन्छ। त्यसैले शिव वाच्य र वाचक दुवै हुन्, यसमा सन्देह छैन ।

शिवलाई आधार आधेय पनि भनिएको छ । कुनै पनि वस्तु जहाँ रहन्छ त्यो आधार, आधारमा जे रहन्छ त्यो आधेय । यो समस्त विश्वब्रह्माण्डको अधिष्ठान शिव नै हुन् त्यसैले उनी आधार, र शिव त विश्वमयै हुन् त्यसैले आधेय पनि ।

वास्तवमा भन्ने हो भने तात्त्विक दृष्टिले हेर्दा कुनै पनि भिन्न भिन्न वस्तु दुइवटामा आधार – आधेयभाव सम्बन्ध रहन सक्तछ, शिव त यौटै तत्त्व-ब्रह्मतत्त्व हुन् भने के कसको आधार र कहाँ रहने कुन आधेय ! आधार-आधेयभाव त तात्त्विक नभएर केवल औपचारिकमात्र हो । त्यसैगरी शीत र ऊष्ण – चीसो र तातो पनि शिवै हुन् । चीसो र तातो र छालाले थाहा पाउने गुण हुन् । शिवलाई विश्वरूपमान्दा आगो पनि शिव, पानी पनि शिव, आगोको तातोपना पनि शिव, पानीको चीसोपना पनि शिव ।

तत्त्वतः भन्ने हो भने शिव त ब्रह्मतत्त्व हुन्, इन्द्रियका अगोचर । त्यसरी हेर्दा शिव कसरी चीसा र कसरी ताता। ब्रह्मतत्त्व त विचित्रको बिन्दु हुन्छ जहाँ भाव र अभाव संसारका विभिन्नताको मिलन हुन्छ, त्यही शिव हुन् । सुख-दुःख, पवित्र-अपवित्र, साह्रो-कमलो, राग, द्वेष, सुस्थित-दुःस्थित, चल-अचल यी सवै परस्पर विरोधी-अविरोधी, देख्दा एक अर्काका विरोधी-भिन्न भएजस्ता वस्तुहरू सबै शिवै हुन्, शिवभन्दा पृथक् होइनन्, हुँदै होइनन् ।

तन्त्रमा वर्णित सृष्टिक्रममा गणना गरिएका तत्त्वहरू – प्रकृति, महत्तत्त्व (बुद्धि), अहंकार, शब्द-स्पर्श-रूप-रस-गन्ध-तन्मात्राहरू, कान-छाला-आँखा-जिभ्रो-नाकमा रहने ज्ञानेन्द्रियहरू, बोली-हात-गोडा-दिसा-पिशाब गर्ने कर्मेन्द्रियहरू, मन, पृथ्वी-जल-तेज-वायु-आकाश यी पाँच वटा महाभूतहरू, राग, माया, विद्या, कला र नियति, विद्येश्वर, शक्ति, शुद्धमाया, शुद्धविद्या, शुद्धकला, सदाशिव, शिव र ईश्वर, यी सम्पूर्ण तत्त्वहरू एक अर्कोभन्दा भिन्न भएर सृष्टिक्रमको

भूमिकाको निर्वाह गर्दछन् यी सवै तत्त्वतः शिव नै हुन्, शिवमात्र हुन् ।

अरू के कुरा म र तपाइँ – अस्मत् शब्द र युष्मत् शब्दका वाच्यार्थ, भन्ने र सुन्ने, यहाँ पनि भेद कहाँ पो छ र ! दुवै त शिवै हुन् । म पनि शिव, तपाइँ पनि शिव।

एकोऽहं, बहुःस्याम्, प्रजायेय भनेर स्वयंलाई आफूभन्दा पृथक् भएजस्ता इच्छा, ज्ञान र क्रिया शक्तिका रूपमा आविर्भूत गराउने शिव नै यस प्राणसर्गका स्रोत हुन् – आदिम स्रोत । स्रोत मात्र हो र ! स्रष्टा पनि शिव, सर्जन पनि शिव र प्रजा पनि शिव ।

ब्रह्मादेखि काश्यपसम्मका सर्जक शिव नै हुन् । उनै मुनि हुन्। सप्तर्षि उनै । सूर्य, चन्द्र आदि विभिन्न ग्रहका अधिपति उनै । उनै देवराज इन्द्र, उनै कुवेर र वरुण, उनै यम र अग्नि, उनै नागेश, उनै निर्ऋति, वायु र ईशान दश दिग्पाल उनै, उनै अष्टवसु, उनै एकादश रुद्र, देवता र दानव उनै, आठ विकल्प,पाँच तिर्यक् योनि, मनुष्य बढी के भन्ने सम्पूर्ण जगत्, विश्व, ब्रह्माण्ड नै शिव हुन् ।

ऋक्, यजु, साम र अथर्व यी चारै वेद शिवकै वास्तविक रहस्यको वर्णन गर्दछन् । सिद्धान्त, भूततन्त्र, वाम र दक्षिण समेत, भैरवतन्त्र, पाशुपतमत, विष्णुतन्त्र, बौद्धशास्त्र, दिक्पालदर्शन, अठारै पुराण, समस्त वेदाङ्ग, योगशास्त्र, न्याय-वैशेषिक आदि षड्दर्शन यी समस्त शास्त्रले तत्त्वका रूपमा जसको चर्चा गर्दछन्, परीक्षा गर्दछन् र निष्कर्षका रूपमा प्रतिष्ठापित गर्दछन् ती तत्त्व शिव नै हुन् ।

शिवको आदि, मध्य र अन्त छैन । उनी कालनियन्त्रक हुन् । उनी स्वयं कालमात्र होइनन् – महाकाल हुन् । शिवका स्वभावमा कुनै कल्मष छैन, उनी स्वभावतः विमल हुन् । उनी सर्वज्ञ छन् – ज्ञानको सीमा छैन उनीमा । उनीमा अपूर्णता छैन – परिपूर्ण छन् – शिव ।

देश र कालले अनवच्छिन्न – फलानो ठाउँमा छ, फलानो ठाउँमा छैन भनेर जसलाई भन्न सकिंदैन अगि थियो, अहिले छैन भनेर जसका विषयमा व्यवहार गर्न सकिंदैन, यसरी देश र कालले छुट्याउन नसकिने शिव । जो जहिले पनि विद्यमान छ, भूत, वर्तमान र भविष्यत् तीनै कालमा अबाधित रूपले जसको सत्तालाई नकार्न सकिंदैन, जो जहाँ पनि छ त्यो कुन ठाउँमा छैन?

फेरि सर्वत्र भएको वस्तुलाई कहीं छ भनेर पनि किन र कसरी भन्नु ? यस्ता शिवतत्त्व हुन् ।

वाङ्मनोतीतगोचर त पहिले पनि भनिसकियो । वचन र मनले वर्णनै गर्न नसकिने, मनले कल्पनै गर्न नसकिने, वाणी र मनका डोरीले बाँध्नै नसकिने यस्ता परब्रह्म तत्त्व शिव हुन् । **निष्कल** – कलाले रहित, मलरहित **निष्क्रिय** - कुनै कर्मको बन्धनबाट बाहिर रहेको, **सर्वग** – सर्वत्र गतिशील, **सर्वदृक्** - सर्वैतिर दृष्टिसम्पन्न यस्ता शिवको पूजा योगिले मात्र गर्न सक्तछन् ।

त्यो पनि बाह्यपूजा – होइन, जसको बाह्यस्वरूपै छैन, जो सर्वस्वरूप छ, त्यसको बाह्य पूजा केले, कुन साधनाद्वारा, कुन उपचारले, कसरी गर्न सक्नु । यद्यपि **अन्तर्याग** – आभ्यन्तर पूजा हुन सक्तछ । नित्य, निरन्तर योगाभ्यासमा लागेका, यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि - यी अष्टाङ्ग योगले आफ्नो चित्तवृत्तिले विमल–निर्मल बनाइसकेका योगीजनले मात्र परब्रह्मतत्त्व शिवतत्त्वको उपासना – मानसपूजा सम्पन्न गर्न सक्तछन् ।

परिशिष्ट - (१)

१. **शिवं परात्परं ब्रह्म अप्रमेयमिति स्मृतम् ।**
मलत्त्वान्निन्दितं ज्ञेयमलत्वादनिन्दितम् ।।
अनौपम्यमसादृश्यादक्षीणत्वात्तथाव्ययम् ।
व्योमातीतात्परं सूक्ष्मं नित्यं कारणशून्यतः ।।
व्यापित्वात्सर्वगं प्रोक्तं स्वामिभावात्प्रभुस्मृतम् ।
वाङ्मनोव्यतिरिक्तत्वात्प्रमाणातीतगोचरम् ।।

सुप्रभेदागम, IV, 1, 9b-12a उद् – अजितागम २

२. **शिवं परात्परं सूक्ष्मं नित्यं सर्वगमव्ययम् ।**
अनिन्दितमनौपम्यमप्रमेयमनामयम् ।।
शुद्धत्वाच्छिवमुद्दिष्टं परादूर्ध्वं परात्परम् ।
व्योमातीततनुं सूक्ष्मं नित्यं कारणकारणम् ।

व्याप्त्या सर्वगतं प्रोक्तमक्षीणादव्ययं भवेत् ।
अमलोऽनिन्दितं ज्ञेयमसादृश्यादनौपमम् ।।
प्रमाणव्यतिरिक्तत्वादप्रमेयमिति स्मृतम् ।।
निर्गुणत्वाद् विशेषेण अनामयमिति स्मृतम् ।।
इत्येतैर्लक्षणैर्युक्तं शिवरूपमिहोच्यते ।।

वातुलशुद्धाख्य तन्त्र, पटल १, श्लोक १९-२२ A)

३. शिवः सर्वोत्तरः स्थाणुः परमात्मा महेश्वरः ।
सच्चिदानन्दरूपी यः सदसद्व्यक्तिवर्जितः ।।१।।
स एव सर्वत्र सद्भिर्ब्रह्मशब्देन शब्दितः ।
स्थूलं सूक्ष्मं परं चैव व्यक्ताव्यक्तोभयं तथा ।।२।।
बाह्यमाभ्यन्तरं चैव बाह्याभ्यन्तरमेव च ।
नित्यं चैव तथाऽनित्यं नित्यानित्यं तथैव च ।।३।।
पुंलिङ्गं चैव स्त्रीलिङ्गं नपुंलिङ्गं तृतीयकम् ।
जाग्रत्स्वप्ने सुषुप्तिश्च भूतं भव्यं भविष्यकम् ।।४।।
अदृश्यं च तथा दृश्यं दृश्यादृश्यं तथैव च ।
वाचिकं मानसं कर्म मानं माता च मेयकम् ।।५।।
आत्मविद्या शिवाख्यं च भोक्ता भोज्यं च भोग्यकम् ।
मायेयमाणवं कर्म ज्ञानमज्ञानमेव च ।।६।।
प्रकाशं तिमिरं चैव स्थूलं सूक्ष्मं तथैव च ।
अन्तिकं च तथा दूरं हेयोपादेयमेव च ।।७।।
नित्यं नैमित्तिकं चैव परं चापरमेव च ।
संहृतं च प्रकीर्णं च सत्यं चासत्यमेव च ।।८।।
सच्चासच्च सुरश्रेष्ठ कर्तृ-भर्तृ तथैव च ।
हृद्यं चैव तथाऽहृद्यं हृद्याहृद्यं तथैव च ।।९।।
वाच्यं च वाचकं यत्तदाधाराधेयमेव च ।
शीतमुष्णं च यत्प्रोक्तं सुखदुःखं तथैव च ।।१०।।

पवित्रं चापवित्रं च मृदु तीक्ष्णं तथैव च ।
रागद्वेषं च जन्तूनां यत्नालस्यं तथैव च ।।११।।
उन्नतं च नतं चैव संपच्चासंपदेव च ।
सुस्थितं दुःस्थितं चैव चलं चाचलमेव च ।।१२।।
सर्वमेतत्स एवेशस्तस्मादन्यन्न विद्यते ।
प्रकृतिश्च महाँश्चैवाप्यहंकारक एव च ।।१३।।
शब्दमात्रं स्पर्शमात्रं रूपमात्रं तथैव च ।
रसमात्रं गन्धमात्रं श्रोत्रत्वक्चक्षुरेव च ।।१४।।
जिह्वा घ्राणं च वाक्पाणिपादं पायुरुपस्थकम् ।
मनसा च पृथिव्यादिपञ्चकं पुरुषेण तु ।।१५।।
रागो माया च विद्या च कला नियतिरेव च ।
विद्येशश्चैव शक्तिश्च शुद्धमाया तथैव च ।।१६।।
शुद्धविद्या शुद्धकला सदाशिवशिवं विदुः ।
ईश्वरश्च स एव स्यात्स एवाऽहं भवांस्तथा ।।१७।।
स एव देवो ब्रह्मादि काश्यपाद्याः प्रजासृजः ।
स एव मुनयः सप्त चन्द्रादित्यौ ग्रहेश्वरौ ।।१८।।
स एव देवराजोऽपि कुबेरवरुणौ तथा ।
स यमोग्निश्च नागेशो निर्ऋतिर्वायुरेव च ।।१९।।
ईशानो गणपाः सर्वे वसवोऽष्टौ तथैव च ।
रुद्रा एकादशान्येऽपि देवदानवपुङ्गवाः ।।२०।।
दैवमष्टविकल्पं च तिर्यग्योनं च पञ्चकम् ।
मानुष्यं च जगत्कृत्स्नं स एव शिव उच्यते ।।२१।।
चत्वारश्च तथा वेदा रहस्येन वदन्ति तम् ।
सिद्धान्ते भूततन्त्रे च वामे स्त्रोतसि दक्षिणे ।।२२।।
भैरवे च तथाऽन्येषु पशुपाशुपतादिषु ।
विष्णुतन्त्रे च बौद्धे च तथा दिग्पालदर्शने ।।२३।।

अष्टादशपुराणेषु षडङ्गेष्वपरेषु च ।
योगशास्त्रेषु सर्वेषु न्यायवैशेषिकादिषु ।।२४।।
यैर्यैर्यद्यत्परीक्ष्यैव तत्त्वमित्युच्यते बुधैः ।
तत्तत्स एव देवेशः शिवसंज्ञः सनातनः ।।२५।।
आदिमध्यान्तनिर्मुक्तः स्वभावविमलः प्रभुः ।
सर्वज्ञः परिपूर्णश्च शिवो ज्ञेयः शिवागमे ।।२६।।
दिक्कालाद्यनवच्छिन्नो वाङ्मनोऽतीतगोचरः ।
निष्कलो निष्क्रियश्चापि सर्वगः सर्वदृक् सदा ।।२७।।
अन्तर्यागो हि तत्पूजा योगिनामेव सा भवेत् ।
योगाभ्यासरतैः पुंभिर्हृत्कुशेशयमध्यमे ।।२८।।
यमाद्यष्टाङ्गयोगेन विमलीकृतमानसैः ।
पूज्यते नेतरैस्तस्य पूजाकृत्यं विशिष्यते ।।२९।।
हित्वा तदर्चनां नान्यैः श्रेयो भवति देहिनाम् ।
अन्तर्यागाधिकारोऽत्र क्वचित्कस्यापि जायते ।।३०।।

अजितागम, क्रियापाद २/१-३०

बहिर्यागाधिकारोऽयं किञ्चिज्ज्ञानां च जायते ।
इत्यवेद्य स देवेशः शिवः सर्वान्तरः स्थितः ।।३१।।
लोकानुग्राहको भूत्वा जन्तूनां भुक्तिमुक्तिदः ।
पञ्चब्रह्मतनुः साक्षात् स शिवोऽभूत्सदाशिवः ।।३२।।

अजितागम, क्रियापाद २/३१-३२

श्रीपशुपतेर्मान्त्रं वपुः

'ध्यायेन्नित्यं महेशं .... पञ्चवक्त्रं त्रिनेत्रम्'[१] इत्यादिना महेशस्य पञ्चवक्त्रवद्वपुः प्रसिद्धम् । वक्त्रेषु चैतेषु पश्चिमस्थं वक्त्रं सद्योजाताख्यम्, उत्तरस्थं वामदेवाभिधेयम्, पूर्वस्थं तत्पुरुषाह्वयम्, दक्षिणस्थितमघोरनामकम्, ऊर्ध्वे वर्तमानं ईशाननामधेयमिति विश्रुतम् । महानारायणोपनिषदि तेषां पञ्चमन्त्रात्मकत्वं प्रतिपादितम् । मन्त्राश्च ते -

१. **सद्योजातं प्रपद्यामि सद्योजाताय वै नमः । भवे भवे नातिभवे भजस्व मां भवोद्भवाय नमः ।।**[२]

२. **वामदेवाय नमो ज्येष्ठाय नमः श्रेष्ठाय नमो रुद्राय नमः कालाय नमः कलविकरणाय नमो बलविकरणाय नमो बलप्रमथनाय नमः सर्वभूतदमनाय नमो मनोन्मनाय नमः ।।**

३. **तत्पुरुषाय विद्महे महादेवाय धीमहि तन्नो रुद्रः प्रचोदयात्।।**

४. **अघोरेभ्योऽथ घोरेभ्यो घोरघोरतरेभ्यः । सर्वतः सर्वसर्वेभ्यो नमस्ते अस्तु रुद्ररूपेभ्यः ।।**

५. **ईशानः सर्वविद्यानामीश्वरः सर्वभूतानां ब्रह्माधिपतिर्ब्रह्मणोऽधिपतिर्ब्रह्मा शिवो मे अस्तु सदाशिवोम्।।** इति ।

[३]पञ्चब्रह्मोपनिषदि च सद्योजातादीनामेतेषां स्वरूपाणि उपपाद्य तेषां पञ्चकृत्यनियन्तृत्वं पञ्चब्रह्मात्मकत्वं च प्रतिपादितम्।

---

१. *शिवस्य ध्यानम्, तन्त्रे ।*

२. *महानारायणोपनिषदि १७ खण्डे, मन्त्राः १-५ ।*

३. *पञ्चब्रह्मोपनिषदि मन्त्राः १-१५ ।*

श्री पशुपति

१. [४]सद्योजातं मही पूषा रमा ब्रह्मा त्रिवृत्स्वरः ।
ऋग्वेदो गार्हपत्यं च मन्त्राः सप्त स्वरास्तथा ।
वर्णं पीतं क्रिया शक्तिः सर्वाभीष्टफलप्रदम् ।।

२. [५]महादेवं महाबोधदायकं पावकात्मकम् ।।
विद्यालोकसमायुक्तं भानुकोटिसमप्रभम् ।
प्रसन्नं सामवेदाख्यं नानाष्टकसमन्वितम् ।।
धीरस्वरमधीनं चाहवनीयमनुत्तमम् ।
ज्ञानं संहारसंयुक्तं शक्तिद्वयसमन्वितम् ।।
वर्णं शुक्लं तमोमिश्रं पूर्णबोधकरं स्वयम् ।
धामत्रयनियन्तारं धामत्रयसमन्वितम् ।।
सर्वसौभाग्यदं नृणां सर्वकर्मफलप्रदम् ।
अष्टाक्षरसमायुक्तमष्टपत्रान्तरस्थितम् ।।

३ [६]यत्तत्तत्पुरुषं प्रोक्तं वायुमण्डलसंवृतम् ।
पञ्चाग्निना समायुक्तं मन्त्रशक्तिनियामकम् ।।
पञ्चाशत्स्वरवर्णाख्यमथर्ववेदरूपकम् ।
कोटिकोटिगणाध्यक्षं ब्रह्माण्डाखण्डविग्रहम् ।।
वर्णं रक्तं कामदं च सर्वाधिव्याधिभेषजम् ।
सृष्टिस्थितिलयादीनां कारणं सर्वशक्तिधृक् ।।
अवस्थात्रितयातीतं तुरीयं ब्रह्मसंज्ञितम् ।
ब्रह्मविष्ण्वादिभिः सेव्यं सर्वेषां जनकं परम् ।।

४. [७]अघोरं सलिलं चन्द्रं गौरीवेदद्वितीयकम् ।
नीरदाभं स्वरं सान्द्रं दक्षिणाग्निरुदाहृतम् ।।
पञ्चाशद्वर्णसंयुक्तं स्थितिरिच्छाक्रियान्वितम् ।
शक्तिरक्षणसंयुक्तं सर्वाघौघविनाशनम् ।।

---

४. तत्रैव मन्त्रौ १-२ ।

५. तत्रैव मन्त्राः ५-९ ।

६. तत्रैव मन्त्राः १०-१३ ।

७. तत्रैव मन्त्राः ३-४.५ ।

सर्वदुष्टप्रशमनं सर्वैश्वर्यफलप्रदम् ।

५. [८]ईशानं परमं विद्याप्रेरकं बुद्धिसाक्षिणम् ।
आशात्मकमव्यक्तमोङ्कारस्वरभूषितम् ।।
सर्वदेवमयं शान्तं शान्त्यतीतं स्वराद्बहिः ।
अकारादिस्वराध्यक्षमाकाशमयविग्रहम् ।।

[९]इत्येवं सद्योजातादिस्वरूपव्याख्यानपरा पञ्चब्रह्मोपनिषद् जगदेव सर्वमखिलं चराचरं पञ्चधा वर्तमानं ब्रह्मकार्यमिति पञ्चब्रह्मात्मकमेवेति स्वात्मनि सर्वं प्रविलाप्य सोऽहमस्मीति जानीयाद् विद्वान् ब्रह्मामृतो भवेदिति घोषयति।

भगवतः शिवस्यैव चतुर्विंशत्यवतारेष्वन्यतमो [१०]लकुली लकुलीशो नकुलीशो लगुडेशो वा पाशुपतसूत्रेषु सद्योजातं प्रपद्यामीत्यादिमन्त्राणामेव व्याख्यानं कुर्वाणः शिवस्य विविधस्वरूपाणि प्रत्यपादयत् । नकुलीशपाशुपतदर्शन-स्याष्टाविंशतिसङ्ख्याकविद्यागुरुषु अन्यतमः सप्तदशो राशीकरः कौण्डिन्यापर-नामधेयः सूत्राणां भाष्यं कृतवानिति तत्र सूत्रोक्तशिवस्वरूपाणि आविष्कृतवानिति दर्शनमेतत्[११] नकुलीशपाशुपतदर्शनेतिनाम्ना प्रसिद्धम् ।

नकुलीशपाशुपतदर्शने[१२] **सद्योजात**पदेन शिवस्य नित्यत्वमनङ्गित्वं जन्ममृत्युरहितत्वम्, **भवे भवे नातिभवे, भवोद्भवाय** इति पदाभ्यां च तस्य विद्याकलापशूनां धर्मज्ञानैश्वर्याधर्मज्ञानवैराग्यानैश्वर्याणां भवभावनकृतत्वं तेषामुत्पत्ति-तिरोभावानुग्रहकारित्वं च प्रतिपाद्यते ।

[१३]'**वामदेवाय नमः**' इत्यादिक्रमेण शिवस्य श्रेष्ठत्वप्रतिपादनेन साकं देव इति पदेन, क्रीडावान् एव भगवान् विद्या-कला-पशुसंज्ञकं त्रिविधमपि कार्यमुत्पादयन् अनुगृह्णाति, तिरोभावयति चेति तस्य क्रीडाधर्मित्वम्, परत्वाज्ज्येष्ठत्वम्, रुतस्य

८. *तत्रैव मन्त्राः १४-१५ ।*

९. *तत्रैव मन्त्राः २१-२३ ।*

१०. *तन्त्रेषु नामभेदः ।*

११. *नकुलीशपाशुपतदर्शनम् कौण्डिन्यभाष्योपेतम् अनन्तकृष्णशास्त्रिणा संपादितं त्रिवेन्द्रं नगरं ई. १९४० वर्षे प्रकाशितम् ।*

१२. *पा.सू. १/१-४०-४४ ।*

१३. *पा.सू. २/१-४ ।*

(भयस्य) द्रावणात् संयोजनाद् रुद्रत्वं च प्रतिपाद्यते। उद्धृतं च तत्रैव-

दृक्क्रियालक्षणा शक्तिस्तत्त्वधर्मोऽस्य नित्यता।
श्रेष्ठोऽतः सर्वभूतेषु तस्मादेष परः स्मृतः।।
नानाविधैः कृतैर्यस्माद् भयैश्च विविधैस्तथा।
संयोजयति भूतानि तस्माद् रुद्र इति स्मृतः।। इति।

[१४]अथ च देवस्य कालयते यस्मात् क्षेत्रसाधनानिष्ठानि स्थानानि कलादिशरीरेन्द्रियविषयादिभ्यो वियोगेन कालत्वम्। स्थानशरीरेन्द्रियविषयादिसन्निवेशेन विस्तरविभागविशेषतश्च कार्यकारणाख्याभिः कलाभिर्धर्मज्ञानवैराग्यैश्वर्याधर्माऽज्ञानावैराग्यानैश्वर्यदिभिश्च क्षेत्रसंयोजनमित्येतद् भगवति अभ्यधिकत्वं शेषेषु च पुरुषेषु च न्यूनत्वमिति कलविकरणत्वम्, धर्मज्ञानवैराग्यैश्वर्याधर्माज्ञानावैराग्यानैश्वर्येच्छाद्वेषप्रयत्नादिकं हि बलं, तस्य वृत्तिनिरोधे दुर्बलानां च प्रमथने सक्षमत्वात् बलप्रमथनत्वम्, देवमनुष्यादीनां स्थानशरीरेन्द्रियादिविषयेषु या रञ्जनाधिवासनाख्या रतिस्तत्सर्वस्यामन्तरदृष्ट्या ईश्वरकृतत्वेन तत्सर्वस्योपशमे क्षमत्वात् सर्वभूतदमनत्वम्। सर्वकारणग्रहणानुग्रहणेऽपि कार्यकरणरहितत्वेन निष्कलत्वात् मनोऽमनत्वं चोपपादितम्।

उक्तं च -

[१५]ब्रह्मादि भूर्जपर्यन्तं जगदेतच्चराचरम्।
यत् कालयते रुद्रः कालरूपी ततः स्मृतः।।
काल्यान् कलयते यस्मात् कलाभ्यः कालपर्ययात्।
कलनात्कालनाच्चापि काल इत्यभिधीयते।।
शब्दः स्पर्शगुणो वायुस्तौ च रूपं च तेजसि।
ते रसश्च जले ज्ञेयास्ते च गन्धः क्षितावपि।।
न ह्यतेजस्विनाशाय तैजसाः प्रभवन्ति वै।
बलान्यतिबलान्यस्य न भवेऽतिबलानि वै।।
अपाणिपादोदरपार्श्वजिह्वः,
अतीन्द्रियो व्यापिस्वभावसिद्धः।

१४. *तत्रैव २/२२-२७ कौण्डिन्यभाष्ये च।*

१५. *उद्धृतं पा.सू. कौण्डिन्यभाष्ये द्र. ७३-७६।*

पश्यत्यचक्षुः स शृणोत्यकर्णो
न चास्य बुद्धं न च बुद्धिरस्ति ।।
न वेत्ति सर्वं न च तस्यास्ति वेत्ता
तमाहुरग्र्यं पुरुषं महान्तम् ।।

[16]एवं च '**अघोरेभ्योऽथ**' इत्यादि मन्त्रेण भगवतोऽतिशान्तानुग्रहकरणत्वेनाघोरत्वम्, अशान्तानुग्रहकरणत्वेन घोरत्वम्, पशूनां सम्मोहकरणत्वेन घोर-घोरतरत्वम्, कारणशक्तेरव्याहतत्वात्सर्वत्वम्, विद्यादिकार्यस्य शरणाच्छर्वत्वम्, सर्वविद्यादिकार्यत्वात्सर्वत्वम्, सर्वशरीरोत्पादकत्वाद् रुद्ररूपत्वं च प्रतिपाद्यते।

[17]एवं च **तत्पुरुषायेत्यादि** गायत्रीमन्त्रेण शिवस्य कारणत्वबहुत्वनानात्वेनोपदिष्टत्वात्तत्त्वं पौरुष्यानुपूरणाच्च पुरुषत्वमिति अनेकेषु रूपेषु अवस्थानात्तत्पुरुषत्वम्, [18]क्रीडावानेव भगवान् विद्या-कला-पशुसंज्ञकं त्रिविधमपि कार्यमुत्पादयति, अनुगृह्णाति, तिरोभावयति चेति क्रीडाधर्मित्वेन सर्वदेवानामभ्यधिकत्वादुत्कृष्टत्वाद् व्यतिरिक्तत्वाच्च महादेवत्वञ्चेति ज्ञानक्रियाशक्तिसंयोजकत्वमुपपाद्यते ।

[19]तथा च **ईशानः सर्वविद्यानाम्** इति मन्त्रेण भगवतः सर्वविद्यानां धर्मार्थकामकैवल्यतत्साधनपराणामीशनादीशानत्त्वम्, सर्वभूतानां सिद्धेश्वरतरचेतनानां निरतिशयैश्वर्यवत्त्वादीश्वरत्वम्, सर्वचेतनव्यतिरिक्तक्षेत्रत्वाद् ब्रह्मत्वम्, बृंहयते विद्याकलाभूतानि, बृहच्च तेभ्य इति सोऽधिपतिर्ब्रह्मेति, परिपूर्णपरितृप्तत्वाच्च शिवत्वं तस्येति व्युत्पाद्यते ।

इत्थं हि नकुलीशपाशुपतदर्शनं निरुक्तपञ्चमन्त्रतनुः शिवो विद्याकलाख्यपशूनां कार्यपदार्थानां पश्यने पाशकत्वे च कारणभूत इति पशुपतिपदान्वर्थभूतः सर्वोपास्य इति व्युत्पादयति । [20]तदेव भाष्ये उक्तम् – 'पशूनां पतिः पशुपतिः, अत्र पशवो नाम सिद्धेश्वरवर्जं सर्वे चेतनावन्तः । कार्यकारणाञ्जना निरञ्जनाश्च पशवः । तेषां पशुत्वमनैश्वर्यं बन्धः ।'

---

१६. पा.सू. ३/२१-२६ तत्कौण्डिन्यभाष्ये च पृ. ८९-९१ ।
१७. पा.सू. ४/२२-२४ तद्भाष्ये च पृ. १०७-१०८ ।
१८. पा.सू. १/९ तद्भाष्ये च ।
१९. पा.सू. ५/४२-४७ तद्भाष्ये च पृ १४४-१४६ ।
२०. पा.सू. कौण्डिन्यभाष्ये पृ. ४-५ ।

एवं च तत्रैव 'पतिः कस्मात् ? आप्नोति पाति च तान् पशून् इत्यतः पतिर्भवति, तान् केन आप्नोति ? केन रक्षति ? ततो विभुशक्त्या पशूनाप्नोतीति पतिः' इति ।

[२१]शैवदर्शनसिद्धान्तेऽपि भगवतो नैव प्राकृतं वपुरस्मदादिसदृशं, किन्तु शाक्तमिति प्रतिपाद्यते 'शक्तिस्वरूपैः सद्योजातादिभिः पञ्चभिर्मन्त्रैः, स्वेच्छाविनिर्मितपरिमितसामर्थ्यवद्दिग्देशकालाकारव्यवच्छिन्नमनुपममहिम तच्छरीरं नत्वस्मदादिशरीरसदृशम्' इति भट्टनारायणकण्ठाः ।

[२२]अत एव '**मूलाद्यसम्भवाच्छाक्तं वपुर्नो तादृशं प्रभोः**' इति सिद्धान्तः।

[२३]परमेश्वरस्य तच्छाक्तं वपुरनुग्रह-तिरोभावाऽऽदान-रक्षणोत्पत्तिलक्षण-कृत्यपञ्चकोपयोगिभिः **ईशानः सर्वविद्यानाम्** इत्यादिभिर्निरुक्तमन्त्रैः परिकल्पितमूर्धादि ईशानतत्पुरुषाघोरवामसद्योजाताख्यं मान्त्रमिति सिद्धम् । वस्तुत ईश्वरो हि नीरूपो नामहीनश्च ब्रह्मरूपस्तथाऽपि '**साधकस्य तु लक्ष्यार्थं तस्य रूपमिदं स्मृतम्**' इति । ईशानो हि मूर्धा, तत्पुरुषो वक्त्रम्, अघोरो हृदयम्, वामदेवो गुह्यम्, सद्योजातश्च तन्मूर्तिः ।

[२४]इत्थं शक्तिः कुर्वती देहकृत्यं देहाभावादुच्यते देहशब्दैः ।
तस्या भेदा येऽपि वामादयः स्युस्तेऽपि प्रोक्ताः कृत्यभेदेन सद्भिः ।।

तत्रापि स्वगुणेन चिदचिदात्मकं जगत्सर्वमीष्टे इति **ईशानः**, सर्वेषां शरीरेषु अधिष्ठानभावादुषित इति **तत्पुरुषः**, शिवो बोधो हृदयभूतो यस्माद् भगवत इति **अघोरः**, धर्मार्थकामलक्षणेन त्रिवर्गेण प्रलोभ्य जगद् वमतीति **वामः**, कर्मप्रक्षयाय क्षिप्रमेवात्मनो मूर्तयो जाता इति **सद्योजातः**' इति भगवतो नामपञ्चकमत्यन्तमन्वर्थम्। तदेव शतरत्नसंग्रहे –

[२५]वपुषोऽविद्यमानत्वाद् यद् यत्कृत्यं करोति सः ।
तत्र तत्रास्य तत्कर्तृवपुषाऽनुकृतं वपुः ।। इति ।

---

२१. *मृगेन्द्रतन्त्रटीकायां विवृत्तौ १/३/७*

२२. *मृगेन्द्रे १/३/७ ।*

२३. *मृगेन्द्रे तद्विवृत्तौ च १/३/८-१४ ।*

२४. *मृगेन्द्रे १/३/१४ ।*

२५. *शतरत्नसंग्रहे श्लो. १९ ।*

वस्तुतो हि भगवान् -

[२६]येन येन स्वरूपेण साधकः संस्मरेत् सदा ।
तस्य तन्मयतां याति चिन्तामणिरिवेश्वरः ।। इति ।

[२७]तथा च -

लोकानुग्राहको भूत्वा जन्तूनां भुक्तिमुक्तिदः ।
पञ्चब्रह्मतनुः साक्षात् स शिवोऽभूत् सदाशिवः ।।

[२८]बृहत्वाद् बृंहणत्वाच्च ब्रह्म इति ब्रह्मपदव्युत्पत्तिं व्याकुर्वद् बातुलशुद्धाख्यं तन्त्रं मूर्ति-तत्त्व-भूत-पिण्डादिलक्षणं ब्रह्मभेदपञ्चकं विवृणोति । पञ्चानामेव ब्रह्मणां पुनः प्रत्येकं भेदपञ्चकं तदपि ब्रह्मैवेति, पञ्चविंशतिश्चैतद् सलक्षणं विस्तरेण व्याख्यातं तत्रैव ।

[२९]समस्तमहेश्वरमूर्त्यधिष्ठातारोऽपि ब्रह्मादयः सद्योजातं प्रपद्यामीत्यादि-भगवन्मन्त्रमया एवेति परमेश्वराद्वयमेव जगत्। निरुक्तसद्य आदि मन्त्रपञ्चकमपि भगवच्छक्तिरूपम्, तदेव हि वेदादिसमस्तशास्त्रप्रपञ्चमपि ।

यथा हि स्वच्छन्दे -

सद्योजातस्तु वै ब्रह्म वामो विष्णुः प्रकीर्तितः ।
अघोरो रुद्र इत्युक्तस्तथा पुरुष ईश्वरः ।।
ईशानस्तु वरारोहे स्वयं देवः सदाशिवः ।

तथा च -

सद्योजातस्तु ऋग्वेदो वामदेवो यजुःस्मृतः ।
अघोरः सामवेदस्तु पुरुषोऽथर्व उच्यते ।।
ईशानश्च सुरश्रेष्ठः सर्वविद्यात्मकः स्मृतः ।

समस्तं ज्ञानं विज्ञानञ्च सद्योजातादिभ्यो विनिर्गतम् । समस्ततत्त्वजातं चाभिव्याप्य परमेश्वर एव पञ्चमूर्तिस्तिष्ठतीति परमेश्वराद्वयमेव जगदिति निष्कर्षः।

२६. सर्वस्रोतःसंग्रहसारे, शत त्नसंग्रहे ।
२७. अजितागमे २/३२ क्रियापादे ।
२८. वातुलशुद्धाख्यं तन्त्रम् ७/१-१४ ब्रह्मलक्षणविस्तारोऽपि तत्रैवेति ७ पटले द्रष्टव्यः ।
२९. स्वच्छन्दतन्त्रे ११/४०-४३ ।

[30]परमेश्वरस्य पुनरीशानादिभेदेन अष्टात्रिंशत् कला अपि निर्दिष्टास्तासां न्यासः समन्त्रो विधेय इति स्वच्छन्दोक्तिः –

तद्यथा – तारा, सुतारा, तरणी, तारयन्ती, सुतारिणी इति ईशानस्य पञ्च। निवृत्तिः, प्रतिष्ठा, विद्या, शान्तिः, इति तत्पुरुषस्य चतस्रः। तमा, मोहा, क्षुधा, निद्रा, मृत्युः, माया, अभया, जरेति अष्टौ अघोरस्य। रजा, रक्षा, रतिः, पाल्या(पाली), क्राम्या, तृष्णा, मतिः, क्रिया, ऋद्धिर्माया, रात्रिः, भ्रामिणी, मोहिनी, मनोन्मनीति त्रयोदश वामदेवस्य। सिद्धिः, ऋद्धिः, द्युतिः, लक्ष्मीः, मेधा, कान्तिः, सुधा, स्थितिरिति अष्टौ सद्योजातस्येति समष्टौ अष्टात्रिंशत् कलाः परमेशस्य तत्तन्मन्त्रैर्विविधाङ्गेषु साधकैर्न्यस्तव्याः।

[31]अन्यत्र च आगमेषु कलानामधेयेषु क्वचन किञ्चित् पार्थक्यमपि अधिगम्यते किन्तु तदत्यन्तं न्यूनमिति चिन्त्यम्।

तथा च – पशुपतेर्वपुर्हि तन्त्राणामवतारायैव स्फुटम् –

पुष्पे गन्धस्तिले तैलं देहे जीवो जले रसः।
यया तथैव शास्त्राणां कुलमन्तः प्रतिष्ठितम्॥

इति स्वाभिन्नतया स्वान्तःप्रतिष्ठितं ज्ञानमज्ञानतिमिरान्धानां बद्धजीवानां समुद्धरणाय शिवेनैव प्राकाश्यं नीतम्। उक्तं च महास्वच्छन्दे –

गुरुशिष्यपदे स्थित्वा स्वयं देवः सदाशिवः।
प्रश्नोत्तरपदैर्वाक्यैस्तन्त्रं समवतारयत्॥ इति।

शिवो हि स्वयं स्वात्मानं पञ्चधा विभज्य गुरुपदे तिष्ठन् स्वाभिन्नाश्च पञ्चशक्तीस्तन्त्राणि समुपदिष्टवान् इति भगवतः पञ्चववक्त्रात्मकं वपुः सुप्रसिद्धम्।

[32]अजिताद्यागमेषु अन्यत्र च द्वैतप्रधाना दशशैवागमाः, द्वैताद्वैतप्रधाना अष्टादश भैरवागमाः, अद्वैतप्रधानानि चतुःषष्टिसंख्याकानि तन्त्राणि च सद्योजात–

---

३०. *स्वच्छन्दे १/५३–५८ मन्त्राश्च विशेषतो गुरूपदेशगम्या नैव प्रकाश्या इति शास्त्रनिर्देशान्नैव प्रकाशिताः।)*

३१. *रौरवाद्यागमेषु कलानां विस्तरेण समुल्लेखो जात इति तत्र द्रष्टव्यम्। शैवागमे विद्यापादे प्रथमपटले तट्टिप्पण्याञ्च।*

३२. *अजितागमे प्रथमपटले। तन्त्रावतारक्रमश्च तत्रैव विस्तीर्णः।*

वामदेवाऽघोरतत्पुरुषेशानाख्यशिववक्त्रेभ्यो विनिःसृतानि तत्तत्पञ्चशक्तिभिः श्रुतानि। तान्येव गुरुपरम्परया लोके प्राप्तानि, पशुत्वविमुक्तिस्रोतोभूतानि इति पशुपतेर्लोकानुग्राहकत्वम् । यथा चाजितागमे –

अज्ञानेनान्धतमसा भवेदस्तं गतं जगत् ।
इति संचिन्त्य देवेशः समुत्पाद्य दशात्मजान् ।।
तेषां ज्ञानं ददौ पूर्वम् .... ।

अन्यत्र च– एक एव भगवान् शिवः परमकारुणिक आत्मानं सद्योजातादिभेदेन पञ्चधा विभज्य स्वाभिन्नाः शक्तीश्च तथैव विभज्य सद्योजातः कुब्जेश्वरीम्, वामदेवः सिद्धेश्वरीम्, अघोरो निशेश्वरीम्, तत्पुरुषः पूर्णेश्वरीम्, ईशानश्च कामेश्वरीं तन्त्राणि श्रावयामास। तथा च– न केवलं पञ्चैव अपि तु भगवतः षष्ठमपि वक्त्रं कालाग्निरुद्राख्यं वज्रेश्वरीमुपदिष्टवादिति विशेषः। अत एव तन्त्रशास्त्राणि षडाम्नायेषु विभक्तानि। तत्र च ईशानवक्त्रमाकाशरूपतया, कालाग्निरुद्रश्च सर्वाधारभूततया पातालस्थितो गुप्त इति शिवलिङ्गे वक्त्रचतुष्टयमेव लोके दृष्टिपथपायाति इति स्फुटम् ।

तदेव हि 'आ+ग+म' पदघटकाक्षरत्रयेण–

आगतं शिववक्त्रात्तु गतं (श्रुतं) च गिरिजामुखम् ।
मतं च वासुदेवस्य तस्मादागम उच्यते ।। इति व्याक्रियते ।

कुलार्णवेऽपि शिववचनम् –

[३३]मम पञ्चमुखेभ्यश्च पञ्चाम्नायाः समुद्गताः ।
पूर्वश्च पश्चिमश्चैव दक्षिणश्चोत्तरस्तथा ।।
ऊर्ध्वाम्नायश्च पञ्चैते मोक्षमार्गाः प्रकीर्तिताः ।। इति ।

अन्यत्र च – '**रसाम्नायाः षडाम्नायाः पूर्वदक्षिणपश्चिमोत्तरोर्ध्वादनुत्तरा**' इति श्रुतं वचनं षडाम्नायसूचकं वक्त्रषट्कमेव शिवस्य द्योतयति ।

शिवस्य पञ्चवक्त्रात्मकदेहस्य सगुणं ध्यानं तत्स्वरूपञ्च तन्त्रेषु उपलभ्यते।

---

३३. *कुलार्णवे ३ उल्लासे ।*

यथा -

१. [३४]सद्योजातवक्त्रम् (पश्चिमाम्नाये) -

प्रालेयामलमिन्दुकुन्दधवलं गोक्षीरफेनप्रभं
भस्माभ्यङ्गमनङ्गदेहमदनज्वालावलीलोचनम् ।
ब्रह्मेन्द्रादिमरुद्गणस्तुतिपरं ऋग्वेदशाखामयं
सद्योजातमिदं कलङ्करहितं स्थाणोर्मुखं पश्चिमम् ।।

- श्वेतवर्णम्, हंसवाहनम्, पृथिवीतत्त्वम्, सृष्टिरूपं ब्रह्म ।

[३५]**सद्योजातं प्रपद्यामीति** मन्त्रस्य प्रयोगे ध्यानविशेषस्तु-

कुन्देन्दुशङ्खस्फटिकावभासो
वेदाक्षमालावरदाभयाङ्कः ।
त्र्यक्षश्चतुर्वक्त्र उरुप्रभावः
सद्योऽधिजातोऽवतु मां प्रतीच्याम् ।।

२. [३६]**वामदेववक्त्रम्** (उत्तराम्नाये) -

गौरं कुङ्कुमपिङ्गलं सुतिलकं व्यापाण्डुगण्डस्थलं
भ्रूविक्षेपकटाक्षवीक्षणलसत्कर्णोत्पलं सुन्दरम् ।
याजुर्वेदमिदं सुधाप्रहसितं नीलालकालङ्कृतं
वामे सिद्धसुरासुरेन्द्रनमितं वक्त्रं रहस्योत्तरम् ।।

- कृष्णवर्णम्, गरुडवाहनम्, अप्तत्वम्, अमृतरूपम्, श्रीविष्णुरूपं ब्रह्म।

[३७]**वामदेवाय नमः** इत्यादि मन्त्रस्य प्रयोगे ध्यानविशेषस्तु -

वराक्षमालाभयटङ्कहस्तः
सरोजकिञ्जल्कसमानवर्णः ।
त्रिलोचनश्चारुचतुर्मुखो नः
पायादुदीच्यां दिशि वामदेवः ।।

---

३४. *शैवपूजापद्धतिग्रन्थे ।*

३५. *बृहत्पुरश्चर्यार्णवे खण्ड-२, पृ. ४६३ ।*

३६. *शैवपूजापद्धतौ ।*

३७. *बृहत्पुरुश्चर्यार्णवे खण्डः - २, पृ. ४६४ ।*

३. अघोरवक्त्रम् (दक्षिणाम्नाये) -

कालाभ्रभ्रमराञ्जनद्युतिनिभं व्यावृत्तपिङ्गेक्षणं
बालेन्दुद्युतिकोटिद्रंष्ट्रयुगलं प्रोद्भासिताथर्वणम् ।
सव्योत्तुङ्गफणासहस्त्रमणिभिः कापालमालाधरम्
घोरं दक्षिणमीश्वरस्य वदनं भ्रूभङ्गरौद्रं मुखम् ।।

- मेघवर्णम्, महाप्रेतवाहनम्, तेजस्तत्त्वम्, आदित्यस्वरूपम्, ब्रह्म ।

[३८]अघोरेभ्योऽथेत्यादिमन्त्रस्य प्रयोगे तु ध्यानम् -

कुठारखेटाङ्कुशपाशशूल-
कपालढक्काक्षगुणान् दधानः ।
चतुर्मुखो नीलरुचिस्त्रिनेत्रः
पायादघोरो दिशि दक्षिणस्याम् ।।

४. तत्पुरुषवक्त्रम् (पूर्वाम्नायः) -

[३९]संवर्त्ताग्नितडित्प्रदीप्तकनकं सस्निग्धतेजोरुणम्
गम्भीरस्वरसामवेदमुदितं प्रोद्भासिताम्राधरम् ।
गङ्गोत्तुङ्गतरङ्गपिङ्गलजटाबालेन्दुनेत्रत्रयं
वक्त्रं तत्पुरुषं सुरेन्द्रनमितं पूर्वं मुखं शूलिनः ।।

- पीतवर्णम्, वायुतत्त्वम्, अश्ववाहनम्, जगच्चैतन्यात्मकं ब्रह्म ।

[४०]तत्पुरुषाय विद्महे - इत्यादिमन्त्रस्य प्रयोगे ध्यानन्तु -

प्रदीप्तविद्युत्कनकावभासो
विद्यावराभीतिकुठारपाणिः ।
चतुर्मुखस्तत्पुरुषस्त्रिनेत्रः
प्राच्यां स्थितं रक्षतु मामजस्त्रम् ।।

---

३८. बृहत्पुरश्चर्यार्णवे खण्डः-२, पृ. ४६३ ।

३९. शैवपूजापद्धतौ ।

४०. बृहत्पुरश्चर्यार्णवे २ खण्डे पृ. ४६२, ४६३ ।

[41]ईशानवक्त्रम् (ऊर्ध्वाम्नायः) -

व्यक्ताव्यक्तगुणोत्तरं च विमलं षट्त्रिंशतत्त्वात्मकं
वेदाद्यक्षरमन्त्रशास्त्रनिलयं ध्येयं सदा योगिभिः ।
सर्वज्ञत्वमधीश्वरत्वममलं सूक्ष्मातिसूक्ष्मं परं
शान्तं पञ्चममीश्वरस्य वदनं ख-व्यापितेजोमयम् ।।

- नीलवर्णम्, वृषभवाहनम्, आकाशतत्त्वम्, सर्वव्यापकं तत्त्वं ब्रह्म ।

[42]ईशानः सर्वविद्यानाम् इति मन्त्रप्रयोगे तु ध्यानम् -

वेदाभयेष्टाङ्कुशपाशटङ्कः
कपालढक्काक्षकशूलपाणिः ।
शितद्युतिः पञ्चमुखोऽवतात्मा-
ईशान ऊर्ध्वं परमः प्रकाशः ।।

[43]कालाग्निरुद्रवक्त्रम् (अधराम्नायः) -

यं वेदान्तनितान्तसत्तमगुणैः संपूजितं चामरैः
पुन्नागाम्बुजनागपुष्पवकुलैर्नागासुराद्यर्चितम् ।
नित्यं भानुसहस्त्रदीप्तकिरणैः कालाग्निरुद्रोपमम्
तत्संहारकरं नमामि सततं पातालसंस्थं मुखम् ।।

- अरुणवर्णम्, प्रेतवाहनम्, अग्नितत्त्वम्, पञ्चभूतात्मकं ब्रह्म ।

तथा च लघुपाशुपतास्त्रविद्यायां चतुर्मुखस्य पशुपतेः, मध्यमपाशुपतास्त्रविद्यायां पञ्चवक्त्रस्य दशभुजस्य पशुपतेः, महापाशुपतास्त्रविद्यायां च षड्वक्त्रस्य पशुपतेर्ध्यानं तन्त्रेषु वर्णितम् ।

यथा- महापाशुपतास्त्रविद्यायाम् -

पूर्वे तप्तसुवर्णाभं शान्तं विष्णवात्मकास्यकम् ।
दक्षिणे भैरवास्यं च श्यामं दंष्ट्राङ्कुरान्वितम् ।।

---

४१. *शैवपूजापद्धतौ ।*

४२. *बृहत्पुरश्चर्यार्णवे २ खण्डे पृ. ४६४ ।*

४३. *शैवपूजापद्धतौ ।*

क्षीरकुन्देन्दुधवलं कात्मकं पश्चिमाननम् ।
उत्तरे वदनं गौरं गौरीशङ्कररूपकम् ।।
ऊर्ध्वे ज्योतिर्मयं वक्त्रं शिखाकारं तदन्तरे ।
श्रीचक्रराजचिह्नन्तु परब्रह्मात्मकं विभुम् ।।
नाभौ कालाग्निरुद्राख्यवदनं प्रोज्वलाननम् ।। इत्यादि।

एतमन्यत्रापि यत्र तत्र भगवतः पञ्चवक्त्रात्मकवपुषो वर्णनं प्रसिद्धम् ।

वस्तुतो भगवान् शिवस्तु नित्यः शुद्धो बुद्धो मुक्तः सत्यश्चिदात्मक आनन्दघनः परब्रह्मरूप एव । न तस्य रूपं न च नामधेयम् । साधकानां हितार्थायैव तस्य रूपकल्पनेति शम् ।

तव तत्त्वं न जानामि कीदृशोऽसि महेश्वर ।
यादृशोऽसि महादेव तादृशाय नमो नमः ।।

स्रोतोग्रन्थाः -

१. महानारायणोपनिषत् ।
२. पञ्चब्रह्मोपनिषत् ।
३. नकुलीशपाशुपतदर्शनम्, सूत्रं भाष्यं च ।
४. मृगेन्द्रतन्त्रम्, तट्टीका च ।
५. शतरत्नसंग्रहः ।
६. अजितागमः ।
७. बातुलशुद्धाख्यतन्त्रम् ।
८. स्वच्छन्दतन्त्रम् ।
९. रौरवागमः ।
१०. कुलार्णवतन्त्रम् ।
११. शैवपूजापद्धतिविशेषः ।
१२. बृहत्पुरश्चर्यार्णवः ।

श्री पशुपतिको मान्त्रिक शरीर

ॐ नमः शिवाय ।

श्रीपशुपतिनाथको स्वरूप

श्री पशुपतिनाथको दर्शन गर्न जाँदा उहाँका लिङ्गमा पूर्व, पश्चिम, दक्षिण र उत्तर दिशामा चार मुखको दर्शन हुन्छ । शिवशास्त्रअनुसार उहाँको अर्को यौटा पनि मुख छ – शिवलिङ्गको मस्तक भागमा; त्यो चाहिँ भौतिक दृष्टिले देख्न सकिंदैन । तन्त्रमा अझ उहाँका अर्को यौटा पनि मुखको वर्णन छ । त्यो शिवलिङ्गको तल्लो भागमा पातालतिर छ । त्यो पनि भौतिकरूपमा देख्न सकिंदैन । त्यसकारण श्री पशुपतिनाथलाई पञ्चवक्त्र (पाँच वटा मुख भएका) वा षड्वक्त्र (६ वटा मुख भएका) महादेवका रूपमा स्तुति गरिने गरिन्छ । श्री पशुपतिनाथका यी मुखहरूका नाम हुन् - पूर्व - तत्पुरुष, उत्तर - वामदेव, दक्षिण - अघोर, पश्चिम – सद्योजात, ऊर्ध्व (माथि) – ईशान र अध (तल) कालाग्नि रुद्र ।

परब्रह्मरूप शिव

वस्तुतः शिव त परब्रह्म परमात्मा हुन् । ब्रह्मका नाम पनि हुँदैनन् र रूप पनि । जो सबै थोक हो, संसारको प्रत्येक वस्तु- स्थावर जङ्गम सबै चीज जसको विराट् विग्रहकै अङ्ग प्रत्यङ्ग हुन्, उसको के नाम ! उसको कुन रूप ! सबै वस्तुका नाम – उनैका नाम, सबै वस्तुका स्वरूप उनैका स्वरूप । कुनै खास नाम र कुनै विशेष स्वरूप मात्रमा परब्रह्मलाई कसरी सीमित गर्न सकिन्छ। आकाश जहाँ पनि छ, कुन आकाश कुन ठाउँ र कुन देशको ! त्यसलाई सीमित बनाउनु त कल्पना मात्र हो ।

त्यस्तै शिवका नाम र रूपको सीमा पनि कल्पनाबाहेक केही होइन, हुँदै–

होइन । तर कल्पना वा काल्पनिक भन्दा असत्य भनिएको हो कि भन्ने भान पनि हुन्छ तर कल्पना सत्य पनि हुन सक्तछ – शिवको जुनसुकै नाम र रूप काल्पनिक भए पनि असत्य चाहिँ हुँदै होइन तर भेद असत्य हो र सीमा झूठो हो।

पशुपतिनाथको वक्त्रपरिकल्पनाको आधार

श्री पशुपतिनाथका पाँच वा छ वक्त्रका कल्पनाको आधार पनि अवश्य छ, नत्र छवटै मुख किन ? घटी वा बढी किन नभएको ? भन्ने शङ्का उठ्न सक्तछ।

ज्ञान लौकिक रूपमा अभिव्यक्त हुन शब्द र अर्थ चाहिन्छ । तर शब्द र अर्थ छुट्टिनुभन्दा पहिले ज्ञान परा अवस्थामा स्वयं शिवदेखि अभिन्नरूपमा शिवस्वरूपमै शिवमै निहित थियो । त्यसपछि अभिव्यक्तिको अवस्था आयो - पश्यन्ती । त्यसपछि शब्द र अर्थ छुट्टिए, त्यो अवस्था हो – मध्यमा, तर त्यसबेला पनि ज्ञान अभिव्यक्त भएको थिएन । अभिव्यक्त हुन माध्यम चाहियो।

शिवले आफूभन्दा अभिन्न रूपमा रहेका आफ्नै शक्तिलाई आविर्भूत गर्नु भयो । स्वयं शिव स्वयं यौटै मात्र भएर पनि छवटा पृथक् पृथक् स्वरूपमा प्रकट हुनुभयो र गुरु पदमा आसीन हुनुभयो । उहाँकै शक्ति यौटै भएर पनि शिवकै इच्छाले छवटै शक्तिका रूपमा आविर्भूत हुनुभयो र शिष्यका रूपमा आसीन हुनुभयो ।

शिवले गुरु भएर आफ्नै शक्तिलाई शिष्य बनाएर समस्त ज्ञानराशिको उपदेश दिएर शास्त्रका रूपमा प्रकाशित गराउनुभयो । ज्ञान प्रकाशित भयो, गुरु परम्पराले लोकमा आउँदै गयो । अज्ञानी ज्ञानी बन्दै गए । बन्धनमा परेका जीव मुक्त हुँदै गए । अज्ञानी जीव पशु थिए । उनको अज्ञान–पशुत्व । पशुलाई ज्ञान प्रदान गरेर उनीहरूलाई पशुत्व–अज्ञानबाट मुक्त गर्नुहुने शिवको नाम पशुपति पर्न गयो – पशुहरूका मालिक, पशुत्वबाट मुक्त गर्ने ईश्वर ।

शिवका षड्वक्त्र र शक्ति

शिवले स्वयं ग्रहण गर्नु भएका यिनै छवटा मुख, जसबाट समस्त ज्ञानराशियुक्त शास्त्रहरूको आविर्भाव भयो, तिनकै नाम हुन् – तत्पुरुष, वामदेव,

अघोर, सद्योजात, ईशान र कालाग्नि रुद्र । ज्ञानराशिलाई शिष्य भएर ग्रहण गर्ने शिवका छ वटा शक्ति हुन् – पूर्णेश्वरी, सिद्धेश्वरी (गुह्येश्वरी), निशेश्वरी (काली), कुब्जेश्वरी (कुब्जिका), कामेश्वरी (श्री) र तारेश्वरी (वज्रेश्वरी) ।

शिवज्ञानको प्रसार

तत्पुरुषले पूर्णेश्वरीलाई, वामदेवले सिद्धेश्वरीलाई, अघोरले निशेश्वरीलाई, सद्योजातले कुब्जेश्वरीलाई, ईशानले कामेश्वरीलाई र कालाग्निरुद्रले तारेश्वरी (तारा) वा वज्रेश्वरीलाई उपदेश गर्नुभएको ज्ञान – शिवज्ञान हो, त्यही ज्ञान निबद्ध भएको शास्त्र शिवशास्त्र हो । त्यही ज्ञानको अर्को नाम आगम पनि हो । आगम शब्दका तीन अक्षर छन् – आ, ग र म । 'आ'को अर्थ शिवबाट प्राप्त, 'ग'को शक्तिमा गएको (शक्तिले प्राप्त गरेको) र 'म'को स्वयं विष्णुले पनि मनेको (मानेर त्यसैका आधारमा प्रजापालन गरेको) भन्ने हो । यसको अर्को पनि नाम छ – 'तन्त्र' । यसैकारण – शिवको यौटा महत्त्वपूर्ण विग्रह (स्वरूप) पशुपतिको विग्रह हो – स्वरूप हो ।

शिवशास्त्र

शिवका तिनै मुखहरूबाट प्रकट भएका शास्त्र हुन् – दशवटा शैव आगम (भेदप्रधान), द्वैत, अठारवटा भैरव आगम (भेद+अभेदप्रधान), द्वैत + अद्वैत र चौसट्ठी वटा तन्त्र (अभेदप्रधान) अद्वैत । यी मुख्य शिव शास्त्र हुन्, यिनैका आधारमा कुनै न कुनै पक्षको विश्लेषण र विकास गर्न प्रकाशित भएका उपागम र उपतन्त्रहरू त अनन्त छन् । यिनीहरू पनि शिवशास्त्र नै हुन्, अज्ञानका नाशक हुन्, पशुत्वका मोचक हुन् ।

शिवनामको दार्शनिक रहस्य

श्रीपशुपतिका उपर्युक्त नामहरूको दार्शनिक रहस्य पनि छ । स्वयं शिवका अठार अवतार – नकुलीश, कौशिक, गार्ग्य, मैत्रेय, कौरुष, ईशान, परगार्ग्य, कपिलाण्ड, मनुष्यक, कुशिक, अभि, पिङ्गल, पुष्पक, बृहदार्य, अगस्ति, सन्तन, राशीकर (कौण्डिन्य) र विद्यागुरु मध्ये पहिला नकुलीश, लकुलीश वा लगुडेशले

विकसित गरेका सूत्रहरूमा 'पाशुपतदर्शन' प्रकाशित भएको छ । यसको नाम नै नकुलीश पाशुपत दर्शन हो । यसको भाष्य कौण्डिन्यले बनाए । यो भाष्य पञ्चार्थी भाष्य भनिन्छ । यसमा विकसित पशुपतदर्शनले पति, पशु र पाश तीन तत्त्वको व्याख्याका साथै उपनिषद्मा वर्णित पाँच मन्त्रहरूको व्याख्या र विश्लेषण गरेर श्रीपशुपतिका उपर्युक्त पाँच मुखहरूको दार्शनिक रहस्य खोलेको छ ।

पाशुपतदर्शन र पशुपतितत्त्व

'अथातः पशुपतेः पाशुपतयोगविधिं व्याख्यास्यामः' (अब म पशुपतिको पाशुपतयोगविधिको व्याख्या गर्दछु) भन्ने प्रतिज्ञा आफ्नो पहिलो सूत्रमा गर्ने नकुलीशले आफ्नो दर्शनको प्रयोजन (उद्देश्य) स्पष्ट पारेका छन् ।

नकुलीश पाशुपतदर्शनले पाँच तत्त्वको विस्तार गरेको छ – कार्य, कारण, योग, विधि र दुःखान्त । यीमध्ये परमपुरुषार्थ – सबैलाई चाहिने नभै नहुने तत्त्व हो दुःखान्त । दुःखान्तको अर्थ दुःखको अन्त्य मात्र होइन सुखको स्रोत सिद्धिप्राप्ति पनि हो । यो दुःखान्त स्वयं पशुपतिको प्रसादबाट मात्र प्राप्त हुनसक्तछ । पशुपतिको अर्थ हो– पशुहरूको पति। सिद्धेश्वरलाई छोडेर बाँकी सबै चेतनावान् जीव पशु हुन्।

पशुत्व – अनैश्वर्य (ऐश्वर्यको अभाव) बन्ध हो । यो बन्ध अनादि छ । यसैले बाँधिएको हुनाले चेतनावान् जीव पशु भनिन्छन् । यिनै पशुलाई रक्षा गर्ने ईश्वर पति हुन् । ईश्वरले आफ्नो अपरिमित विभुशक्तिबाट अपरिमित पशुहरूको रक्षा गर्छन् र उनीहरू प्रवृत्ति र निवृत्ति मार्गमा लाग्छन् । त्यसकारण **कार्य** – पशु हुन् र **कारण** – पति, आत्मा र ईश्वरको सम्बन्ध **योग** हो । योग प्राप्तिको उपाय हो **विधि** । यसैबाट परमपुरुषार्थ प्राप्त हुन्छ – **दुःखान्त** ।

पशुपतिका स्वरूप र यिनका अनुग्रह कार्य अनुसार उनका नाम तत्पुरुष, वामदेव, अघोर, सद्योजात र ईशान भएका हुन् । यिनै नामहरूले पशुपतिका स्वरूप र उनका अनुग्रहकार्यको सङ्केत गर्दछन् ।

पञ्चमन्त्रमूर्ति शिव

पशुपतिका नाम कसैका कल्पनामात्रबाट आएका होइनन् । यिनका स्रोत हुन् उपनिषद्का पाँच मन्त्रहरू । महानारायणोपनिषत्को सत्रौं खण्डमा पाँच मन्त्रहरूको

उल्लेख छ – **सद्योजातं प्रपद्यामि०, वामदेवाय नमः०, अघोरेभ्योऽथ०, तत्पुरुषाय०, ईशानः सर्वविद्यानाम्०** यिनै मन्त्रहरूबाट उपर्युक्त शिवका नामहरूको उद्धार भएको हो । यसैले शिवको शरीर मन्त्रमय छ, मान्त्रिक छ, भौतिक होइन।

यिनै पाँचवटा नामका आधारमा पशुपतिलाई पञ्चब्रह्मका रूपमा पनि उपासना गरिन्छ । पञ्चब्रह्मोपनिषत्मा पनि यी नामहरूको व्याख्या र स्वरूप विवेचन पाइन्छ । पाशुपतसूत्र र कौण्डिन्यभाष्यमा त '**अथेदं ब्रह्म जपेत्**' भन्ने सूत्रबाटै सद्योजात आदि शिवका नामहरूको व्याख्या प्रारम्भ गरिएको छ ।

शिवका पाँच नामहरूका स्रोत उपनिषद्का मन्त्रहरू हुन् –

१. **'सद्योजातं प्रपद्यामि सद्योजाताय वै नमः । भवे भवे नातिभवे भजस्व मां भवोद्भवाय नमः ।'**

यस मन्त्रबाट श्रीपशुपतिको पश्चिम वक्त्रको नाम 'सद्योजात'को उद्धार हुन्छ। सद्योजात – यस नामबाट भगवान् श्रीपशुपति सत्– नित्य, आद्य – आदिदेव, अर्थात् अनादिदेव र अजन्मा र अविनाशी हुनुहुन्छ भन्ने स्वरूप स्पष्ट हुन्छ ।

२. **'वामदेवाय नमो ज्येष्ठाय नमः श्रेष्ठाय नमो रुद्राय नमः कालाय नमः कलविकरणाय नमो बलविकरणाय नमो बलप्रमथनाय नमः सर्वभूतदमनाय नमो मनोन्मनाय नमः ।'**

यस मन्त्रबाट श्रीपशुपतिको उत्तरवक्त्रको नाम 'वामदेव'को उद्धार हुन्छ। वामदेव नामबाट श्रीपशुपति सबभन्दा श्रेष्ठतम देवता हुन् र उनी स्वयंले सम्पूर्ण कार्य जीवजगत्को उत्पत्ति लीलैलीलावशात् गर्ने गर्दछन् र अन्त्यमा पुनः सम्पूर्ण जगत्को उनैमा तिरोभाव पनि हुन्छ भन्ने तथ्य स्पष्ट हुन्छ ।

३. **'अघोरेभ्योऽथ घोरेभ्यो घोरघोरतरेभ्यः । सर्वतः सर्व सर्वेभ्यो नमस्ते अस्तु रुद्ररूपेभ्यः ।'**

यस मन्त्रबाट श्रीपशुपतिको दक्षिण वक्त्रको नाम 'अघोर'को उद्धार हुन्छ। भगवान्को 'अघोर' नामले परमेश्वरका शान्त स्वभावको

सङ्केत गर्दछ । अकरुणा, अशान्ति, क्रोध, कल्मष श्रीपशुपतिमा रहँदैन । शान्तिबाट मात्र सुख प्राप्त हुन्छ र शान्ति शिवमा रहने हुनाले सुखको स्रोत शिवलाई नै मानिन्छ ।

४. **'तत्पुरुषाय विद्महे महादेवाय धीमहि । तन्नो रुद्रः प्रचोदयात् ।'**

यस मन्त्रबाट श्रीपशुपतिको पूर्ववक्त्रको नाम 'तत्पुरुष'को उद्धार हुन्छ ।

तत्पुरुष नामले पुरुषार्थको द्योतन गर्दछ । पुरुषार्थ धेरै छन्, तर तीमध्ये मोक्ष (कैवल्य) परमपुरुषार्थ हो । यसको मूल स्रोत शिव हुनुहुन्छ । श्रीपशुपति त जीवको पशुत्वरूप अनादिमलको नाश गरेर ज्ञान प्रदान गरी कैवल्य दिने हुनाले उनको पशुपति नाम नै सार्थक छ ।

५. **'ईशानः सर्वविद्यानामीश्वरः सर्वभूतानां ब्रह्माधिपतिर्ब्रह्मणोऽधिपतिर्ब्रह्मा शिवो मेऽस्तु सदाशिवोम् ।'**

यस मन्त्रबाट श्रीपशुपतिको ऊर्ध्ववक्त्र (मस्तकभागमा रहेको मुख) 'ईशान' नामको उद्धार हुन्छ । ईशान–नामले श्रीपशुपति ईश्वर हुन्, प्रभु हुन्, धाता हुन् भन्ने सङ्केत दिन्छ । धर्म, अर्थ, काम र मोक्ष यो चतुवर्ग पुरुषार्थको साधनको स्रोत श्रीपशुपति नै भएकाले उनको उपासनाबाट मोक्षमात्र होइन –धर्म, अर्थ र कामना पनि हस्तगत हुन सक्तछन् भन्ने सङ्केत ईशान–नामबाट प्राप्त हुन्छ ।

यिनै पाँच मन्त्रहरूले श्रीपशुपतिको दर्शनोक्त स्वरूपको प्रकाशन गर्ने हुनाले उनलाई पञ्च मन्त्रतनु (पाँच मन्त्रमय शरीरसहित) भनेर श्रद्धा गरिन्छ । सद्योजात, अघोर, वामदेव, तत्पुरुष र ईशान यी पाँच नामहरूलाई व्यक्त गर्ने मन्त्र पञ्चब्रह्मोपनिषत्मा पनि पाइन्छ ।

'यः किमादौ किं जातमिति । सद्योजातमिति । किं भगव इति । अघोर इति । किं भगव इति । वामदेव इति । किं वा पुनरिमे भगव इति । तत्पुरुष इति । किं वा पुनरिमे भगव इति । सर्वेषां दिव्यानां प्रेरयिता ईशान

इति । ईशाने भूतभव्यस्य सर्वेषां देवयोगिनाम्' पञ्चब्रह्मोपनिषत्‌का यी मन्त्रात्मक वाक्यहरूले सद्योजात, अघोर, वामदेव, तत्पुरुष र ईशान यी नामहरू भगवत्तत्त्वका वाचक हुन् भन्ने सङ्केत प्रदान गर्दछ ।

यसै उपनिषद्‌का अन्य मन्त्रहरूबाट त झन् ती नामहरूका स्वरूप तत्त्व व्यक्त हुन्छन् –

१. सद्योजातम् – मही पूषा रमा ब्रह्मा त्रिवृत्स्वरः । ऋग्वेदो गार्हपत्यं च मन्त्राः सप्तस्वरास्तथा । वर्णं पीतं क्रिया शक्तिः सर्वाभीष्टफलप्रदम् ।

२. अघोरं सलिलं चन्द्रं गौरी वेदद्वितीयकम् । नीरदाभं स्वरं सान्द्रं दक्षिणाग्निरुदाहृतम् । पञ्चाशद्वर्णसंयुक्तं स्थितिरिच्छाक्रियान्वितम् । शक्तिरक्षणसंयुक्तं सर्वाघौघविनाशनम् । सर्वदुष्टप्रशमनं सर्वैश्वर्यफलप्रदम् ।

३. वामदेवं महाबोधदायकं पावकात्मकम् । विद्यालोकसमायुक्तं भानुकोटिसमप्रभम् । प्रसन्नं सामवेदाख्यं नामाष्टकसमन्वितम् । धीरस्वरमधीनं चाहवनीयमनुत्तमम् । ज्ञानसंहारसंयुक्तं शक्तिद्वयसमन्वितम् । वर्णं शुक्लं तमोमिश्रं पूर्णबोधकरं स्वयम् । धामत्रयनियन्तारं धामत्रयसमन्वितम् । सर्वसौभाग्यदं नृणां सर्वकर्मफलप्रदम् । अष्टाक्षरसमायुक्तमष्टपत्रान्तरस्थितम् ।

४. यत्तत्तत्पुरुषं प्रोक्तं वायुमण्डलसंवृतम् । पञ्चाग्निना समायुक्तं मन्त्रशक्तिनियामकम् । पञ्चाशत्स्वरवर्णाख्यमथर्ववेदरूपकम् । कोटिकोटिगणाध्यक्षं ब्रह्माण्डाखण्डविग्रहम् । वर्णं रक्तं कामदं च सर्वाधिव्याधिभेषजम् । सृष्टिस्थितिलयादीनां कारणं सर्वशक्तिधृक् । अवस्थात्रितयातीतं तुरीयं ब्रह्मसंज्ञितम् । ब्रह्मविष्ण्वादिभिः सेव्यं सर्वेषां जनकं परम् ।

५. ईशानं परमं विद्यात्प्रेरकं बुद्धिसाक्षिणम् । आकाशात्मकमव्यक्तमोङ्कारस्वरभूषितम् । सर्वदेवमयं शान्तं शान्त्यतीतं स्वराद्बहिः । अकारादिस्वराध्यक्षमाकाशमयविग्रहम् । पञ्चकृत्यनियन्तारं पञ्चब्रह्मात्मकं बृहत् ।

पञ्च ब्रह्मोपनिषत्‌का यी माथिका मन्त्रहरूबाट सद्योजात, अघोर, तत्पुरुष,

वामदेव र ईशान यी पाँच नामहरूले श्री पशुपतिलाई पृथ्वी, जल, तेज, वायु र आकाश पञ्चतत्त्वात्मक, सर्वदेवमय, सर्वस्वरमय, सर्ववेदमय, सृष्टि-स्थिति-लय-तिरोभाव र अनुग्रहस्वरूप पञ्चकृत्यका नियन्ता, गार्हपत्य-दक्षिण-आहवन-सत्यपर्वा पाँच अग्निस्वरूप, समस्त स्वरस्वरूप, सकल वर्णस्वरूप, इच्छा-ज्ञान-क्रियाशक्तिस्वरूप, सम्पूर्ण मन्त्रशक्तिका नियामक, सर्वसिद्धिप्रदाता, जाग्रत्-स्वप्न-सुषुप्ति अवस्था त्रयात्मक भएर पनि तीदेखि अतीत, तीन धामका नियन्ता हुनुका साथै कल्याणका समग्र स्रोत, समस्त विद्याका अधिष्ठाता, पञ्चब्रह्मात्मक भएर पनि यौटै परब्रह्म परमात्मा हुन् भन्ने तथ्यको प्रतिपादन गर्दछन् ।

सद्योजात आदि नामहरूको उल्लेख बृहज्जाबालोपनिषत्मा पनि भएको उत्पत्तिका प्रसङ्गमा पनि आएको देखिन्छ –

ॐ तथेति । सद्योजातात्पृथिवी । तस्याः स्यान्निवृत्तिः । तस्याः कपिलवर्णा नन्दा । तद्गोमयेन विभूतिर्जाता ।

वामदेवादुदकम् । तस्मात्प्रतिष्ठा । तस्याः कृष्णवणा भद्रा । तद्गोमयेन भासितं जातम् ।

अघोराद्वह्निः । तस्माद् द्विद्या । तस्या रक्तवर्णा सुरभिः । तद्गोमयेन भस्म जातम् ।

तत्पुरुषाद्वायुः । तस्माच्छान्तिः । तस्याः श्वेतवर्णा सुशीला । तस्या गोमयेन क्षारं जातम् ।

ईशानादाकाशम् । तस्माच्छान्त्यतीता । तस्याश्चित्रवर्णा सुमना । तद्गोमयेन रक्षा जाता ।

यी मन्त्रहरूबाट ज्ञात हुन्छ – **सद्योजातं प्रपद्यामि०** मन्त्रबाट पृथ्वी भइन्, निवृत्तिकला भयो । त्यसबाट कपिला नन्दा गाई भइन् र त्यसैको गोबरबाट विभूति पैदा भयो । **वामदेवाय नमः०** मन्त्रबाट जल भयो । त्यसबाट प्रतिष्ठा कला भयो, त्यसबाट काली गाई भद्रा भइन् र त्यसैको गोबरबाट भस्म पैदा भयो।

अघोरेभ्यो० मन्त्रबाट आगो भयो । त्यसबाट राती गाई सुरभि भइन्। तिनैको गोबरबाट भस्म पैदा भयो ।

तत्पुरुषाय० मन्त्रबाट वायु भयो । त्यसबाट शान्ति कला आयो । त्यसबाट सेती गाई सुशीला भइन् र तिनैको गोबरबाट क्षार पैदा भयो ।

ईशानः सर्वविद्यानाम्० मन्त्रबाट आकाश भयो । त्यसबाट शान्त्यतीत कला भयो। त्यसबाट छिरबिरे रङ्गकी गाई भइन् र तिनैको गोबरबाट क्षार पैदा भयो।

विभूत भस्म भएर क्षार भयो । यसको धारणबाट ऐश्वर्य प्राप्त हुन्छ, सम्पूर्ण पापनाश हुन्छ, आपत्ति हट्छन्, भूत-प्रेत-पिशाच-ब्रह्मराक्षस-अपस्मार-भवभीतिबाट रक्षा हुन्छ ।

फेरि तिनै मन्त्रहरूले शिर, मुख, तिघ्रा, गुह्य र गोडामा भस्म धारण पनि गर्नु पर्दछ ।

यसका साथै **सद्योजातं प्रपद्यामि०** आदि पाँच मन्त्रद्वारा नै जपमालाको संस्कार गरेर मात्र जपमा प्रयोग गर्ने विधि पनि तन्त्रशास्त्रमा पाइन्छ । शिवमहापुराणमा ब्रह्मा, विष्णु, रुद्र, महेश्वर र सदाशिव यी शिवका पाँच मूर्ति हुन् र यिनले सम्पूर्ण विश्व व्याप्त गरेको छ भन्ने उल्लेख छ । पञ्चब्रह्म पशुपतिका स्वरूपको वर्णन गर्दै शिवमहापुराण भन्छ –

'ईशानः पुरुषोऽघोरो वामः सद्यस्तथैव च ।
ब्रह्माण्येतानि देवस्य मूर्त्तयः पञ्च विश्रुताः ।।
ईशानाख्या तु या तस्य मूर्तिराद्या गरीयसी ।
भोक्तारं प्रकृतेः साक्षात्क्षेत्रज्ञमधितिष्ठति ।।
स्थाणोस्तत्पुरुषाख्या या मूर्तिर्मूर्त्तिमतः प्रभोः ।
गुणाश्रयात्मकं भोग्यमव्यक्तमधितिष्ठति ।।
धर्माद्यष्टाङ्गसंयुक्तं बुद्धितत्त्वं पिनाकिनः ।
अधितिष्ठत्यघोराख्या मूर्तिरत्यन्तपूजिता ।।
वामदेवाह्वयां मूर्त्तिं महादेवस्य वेधसः ।
अहं कृतेरधिष्ठात्रीमाहुरागमवेदिनः ।।
सद्योजाताह्वयां मूर्त्तिं शम्भोरमितवर्चसः ।
मनसः समधिष्ठात्रीं मतिमन्तः प्रचक्षते ।।

ईशान, तत्पुरुष, अघोर, वामदेव र सद्योजात यी पशुपतिका पाँच ब्रह्ममूर्ति हुन् । यीमध्ये ईशान मूर्ति प्रकृतिको भोक्ता क्षेत्रज्ञको अधिष्ठान हो । तत्पुरुष मूर्ति सत्त्व-रज र तमो गुणको आश्रय र भोग्य, अव्यक्तको अधिष्ठान हो । अघोर मूर्ति धर्म आदि अष्टाङ्गले समन्वित, बुद्धितत्त्वको अधिष्ठान हो । वामदेव मूर्ति अहंकारको अधिष्ठान हो । सद्योजात मूर्ति मनको अधिष्ठान हो । यिनीहरूमा पनि श्रोत्र (कान), वाणी, शब्द र आकाशको ईश्वर मूर्ति तत्पुरुष, चक्षु (आँखा), चरण (गोडा), रूप र अग्निको ईश्वर मूर्ति अघोर, रसना (जिभ्रो), पायु (मलेन्द्रिय), रस र जलको ईश्वर मूर्ति वामदेव एवं घ्राण (नाक), उपस्थ (मूत्रेन्द्रिय), गन्ध र पृथ्वीको ईश्वर मूर्ति सद्योजात मानिन्छन् । आफ्नो कल्याण चाहने व्यक्तिले सधैं यी कल्याणदायक पञ्चमूर्तिको वन्दना गर्नु पर्दछ - भनिन्छ ।

शैवदर्शन सिद्धान्तमा शिवको शरीरलाई प्राकृत शरीर होइन सद्योजातादि शक्तिमन्त्रहरूद्वारा आफ्नै इच्छाले निर्मित शाक्त शरीर भनिएको छ -

'शाक्तं वपुर्नो तादृशं प्रभोः ।'

श्रीपशुपतिको मन्त्रमय शरीरमा पनि मस्तक, मुख, हृदय, गुह्य, पाउको स्वरूप पनि ईशान, तत्पुरुष, अघोर, वामदेव र सद्योजात मन्त्रले नै लिएको बताइएको छ ।

इत्थं शक्तिः कुर्वती देहकृत्यं देहाभावादुच्यते देहशब्दैः ।
तस्या भेदा येऽपि वामादयः स्युस्तेऽपि प्रोक्ताः कृत्यभेदेन सद्भिः ॥

भगवान् श्रीपशुपतिको शरीर नभए पनि पञ्चकृत्यका भेदले शाक्त शरीरको कल्पना गरिएको छ ।

शतरत्न संग्रहमा - श्रीपशुपति आफ्ना गुण (स्वातन्त्र्य शक्ति)ले चित् र अचित् दुवै प्रकारको जगत् सृजना गर्ने हुनाले **ईशान**; सबै प्रकारका शरीरमा अधिष्ठानस्वरूप रहने हुनाले **तत्पुरुष**; शिवात्मक बोध नै हृदयरूपमा रहेकाले **अघोर**; धर्म, अर्थ, काम स्वरूप त्रिवर्गमा मुग्ध पारेर संसार चलाउने हुनाले **वामदेव** र कर्मनाश (कर्म मलनाश)का लागि तुरुन्त शरीर ग्रहण गर्ने हुनाले

सद्योजात हुनुहुन्छ भन्ने बताइएको छ । यसैमा श्रीपशुपतिका पाँच नामको सार्थकता छ । शतरत्न संग्रहअनुसार -

वपुषोऽविद्यमानत्वाद् यद् यत्कृत्यं करोति सः ।
तत्र तत्रास्य तत्कर्तृवपुषाऽनुकृतं वपुः ।।

श्रीपशुपतिको भौतिक शरीर छैन, तैपनि शरीरी त हुनुहुन्छ, किनभने उहाँका कृत्यअनुसार नै उहाँका शरीरको अनुकरण गरिएको हो ।

सद्योजातस्तु वै ब्रह्मा वायो विष्णुः प्रकीर्तितः ।
अघोरो रुद्र इत्युक्तस्तथा पुरुष ईश्वरः ।।
ईशानस्तु वरारोहे स्वयं देवः सदाशिवः ।

स्वच्छन्द तन्त्रको यस वचनले सद्योजात ब्रह्मा, वामदेव विष्णु, अघोर रुद्र, तत्पुरुष ईश्वर र ईशान सदाशिव हुन् भन्ने प्रतिपादन गर्दछ र यी पाँचै मूर्ति यौटै श्रीपशुपतिको भएकाले ब्रह्मा आदि पाँच देवता पनि यौटै हुन् भनी सर्वदेव ऐक्य पनि यसैबाट सिद्ध हुन्छ । साथै शिव नै वास्तवमा ब्रह्मा आदिले काम गर्ने सृष्टि आदि पञ्च कृत्यका सम्पादक हुन्, कृत्य भेदले मात्र ब्रह्मा आदि नाम भेद देखिन्छन् भन्ने तथ्य पनि प्रमाणित हुन्छ । त्यसैगरी–

सद्योजातस्तु ऋग्वेदो वामदेवो यजुः स्मृतः ।
अघोरः सामवेदस्तु पुरुषोऽथर्व उच्यते ।।
ईशानश्च सुरश्रेष्ठः सर्वविद्यात्मकः स्मृतः ।

स्वच्छन्दतन्त्रकै यस वचनले सद्योजात - ऋग्वेद, वामदेव - यजुर्वेद, अघोर- सामवेद, तत्पुरुष - अथर्ववेद र ईशान सर्वविद्यात्मक भएको तथ्य प्रतिपादन गरेर समस्त विद्याहरूको केन्द्र, स्रोत वा अधिष्ठान श्रीपशुपति नै हुन् र उनैका कृपा-प्रसादले मात्र ज्ञान उपलब्ध हुनसक्तछ र ज्ञानबाटै मात्र जीवको अज्ञान (पशुत्व, बन्धन) नष्ट भएर भवसागरबाट जीवन-मृत्युको पाशोबाट मुक्त हुनसकिन्छ भन्ने तथ्य सिद्ध गर्दछन् । यसैमा श्रीपशुपति नामको सार्थकता छ ।

फेरि ईशानका पाँच कला तारा, सुतारा, तरणी, तारयन्ती र सुतारिणी, तत्पुरुषका चार कला – निवृत्ति, प्रतिष्ठा, विद्या र शान्ति, अघोरका आठ कला– तमा, मोहा, क्षुधा, निद्रा, मृत्यु, माया, अभया र जरा, वामदेवका – रजा, रक्षा, रति, पाल्या, झाम्या, तृष्णा, मति, क्रिया, ऋद्धि, माया, रात्रि, भ्रामिणी, मोहिनी र मनोन्मनी तेह्र कला एवं सद्योजातका सिद्धि, ऋद्धि, द्युति, लक्ष्मी, मेधा, कान्ति, क्षुधा र स्थिति आठ कला गरी जम्मा परमेश्वरका अठतीसकला छन्। तिनीहरूको न्यास साधकले अङ्ग–अङ्गमा गर्नुपर्दछ । यही कला न्यास हो ।

श्रीपशुपतिका सगुण ध्यान तन्त्रहरूमा उपलब्ध हुन्छन् –

१. **सद्योजात (पश्चिमाम्नाय)**

प्रालेयामलमिन्दुकुन्दधवलं गोक्षीरफेनप्रभम्,
भस्माभ्यङ्गमनङ्गदेहमदनज्वालावलीलोचनम् ।
ब्रह्मेन्द्रादिमरुद्गणस्तुतिपरं ऋग्वेदशाखामयं
सद्योजातमिदं कलङ्करहितं स्थाणोर्मुखं पश्चिमम् ।।

सेतो वर्ण, ऋग्वेद, हंसवाहन, पृथिवी तत्त्व र सृष्टिरूप ब्रह्मा ।

सद्योजातं प्रपद्यामि० मन्त्रको प्रयोग गर्दा विशेष ध्यान –

कुन्देन्दुशङ्खस्फटिकावभासो
वेदाक्षमाला वरदाभयाङ्क ।
त्र्यक्षश्चतुर्वक्त्र उरुप्रभावः
सद्योधिजातोऽवतु मां प्रतीच्याम् ।।

२. वामदेव (उत्तराम्नाय)

गौरं कुङ्कुमपिङ्गलं सुतिलकं व्यापाण्डुगण्डस्थलं
भ्रूविक्षेपकटाक्षवीक्षणलसत्कर्णोत्पलं सुन्दरम् ।
याजुर्वेदमिदं सुधाप्रहसितं नीलालकालङ्कृतम्
वामे सिद्धसुरसुरेन्द्रनमितं वक्त्रं रहस्योत्तरम् ।।

गौरवर्ण, यजुर्वेद, गरुडवाहन, जलतत्त्व, अमृतरूप, श्रीविष्णुरूप विष्णु।

वामदेवाय नमः० मन्त्रको प्रयोगमा ध्यान –

वराक्षमालाऽभयटङ्कहस्त
सरोजकिञ्जल्कसमानवर्णः ।
त्रिलोचनश्चारुचतुर्मुखो नः
पायादुदीच्यां दिशि वामदेवः ।।

३. तत्पुरुष (पूर्वाम्नाय)

संवर्त्ताग्नितडित्प्रदीप्तकनकं सस्निग्धतेजोऽरुणं
गम्भीरस्वरसामवेदमुदितं प्रोद्भासिताम्राधरम् ।
गङ्गोत्तुङ्गतरङ्गपिङ्गलजटाबालेन्दुनेत्रत्रयं
वक्त्रं तत्पुरुषं सुरेन्द्रनमितं पूर्वं मुखं शूलिनः ।।

पहेंलो वर्ण, सामवेद, अश्व (घोडा) वाहन, वायु तत्त्व, जगच्चैतन्यात्मक ब्रह्म ।

तत्पुरुषाय विद्महे० मन्त्रप्रयोग गर्दाको ध्यान –

प्रदीप्तविद्युत्कनकावभासो
विद्युद्वराभीतिकुठारपाणिः ।
चतुर्मुखस्तत्पुरुषस्त्रिनेत्रः
प्राच्यां स्थितो रक्षतु मामजस्रम् ।।

४. अघोर (दक्षिणाम्नाय)

कालाभ्रभ्रमराञ्जनद्युतिनिभं व्यावृत्तपिङ्गेक्षणं
बालेन्दुद्युतिकोटिदंष्ट्रयुगलं प्रोद्भासिताथर्वणम् ।
सव्योत्तुङ्गफणासहस्रमणिभिः कापालमालाधरं
घोरं दक्षिणमीश्वरस्य वदनं भ्रूभङ्गरौद्रं मुखम् ।।

मेघवर्ण, अथर्ववेद, महाप्रेतवाहन, सूर्यस्वरूप, भैरवात्मक ब्रह्म।

अघोरेभ्योऽथ० मन्त्रको प्रयोग गर्दाको ध्यान –

कुठारखेटाङ्कुशपाशशूल
कपालढक्काक्षगुणान् दधानः ।
चतुर्मुखो नीलरुचिस्त्रिनेत्रः
पायादघोरो दिशि दक्षिणस्याम् ।।

५. ईशान (ऊर्ध्वाम्नाय)

व्यक्ताव्यक्तगुणोत्तरं च विमलं षट्त्रिंशतत्त्वात्मकं
वेदाद्यक्षरमन्त्रशास्त्रनिलयं ध्येयं सदा योगिभिः ।
सर्वज्ञत्वमधीश्वरत्वममलं सूक्ष्मातिसूक्ष्मं परम्
शान्तं पञ्चममीश्वरस्य वदनं ख-व्यापितेजोमयम् ।।

नीलवर्ण, सर्वविद्यात्मक, वृषभ (साँढे) वाहन, आकाशतत्त्व, सर्वव्यापक तत्त्व ब्रह्म ।

ईशानः सर्वविद्यानाम्० मन्त्रको प्रयोग गर्दाको ध्यान -

वेदाभयेष्टाङ्कुशपाशटङ्कः-
कपालढक्काक्षकशूलपाणिः ।
शितद्युतिः पञ्चमुखोऽवतात्मा-
मीशान ऊर्ध्वं परमः प्रकाशः ।।

यसका अतिरिक्त श्रीपशुपतिको अव्यक्त पाताल वक्त्र छ, सम्पूर्ण जगत्को आधार स्वरूप -कालाग्निरुद्र (अधराम्नाय) । उहाँको ध्यान -

यं वेदान्तनितान्तसत्तमगुणैः संपूजित्तं चामरैः
पुंनागाम्बुजनागपुष्पवकुलैर्नागासुराद्यर्चितम् ।
नित्यं भानुसहस्त्रदीप्तकिरणैः कालाग्निरुद्रोपमम्
तत्संहारकरं नमामि सततं पातालसंस्थं मुखम् ।।

अरुणवर्ण, प्रेतवाहन, अग्नितत्त्व, पञ्चमूतात्मक ब्रह्म ।

तन्त्रमा तीन किसिमका पाशुपतास्त्र विद्याको उल्लेख पाइन्छ - लघुपाशुपतास्त्रविद्या, मध्यमपाशुपतास्त्रविद्या र महापाशुपतास्त्रविद्या । यी मध्ये लघुपाशुपतास्त्रविद्याको ध्यानमा चतुर्मुख पशुपतिको र मध्यमपाशुपतास्त्रविद्यामा पाँच मुख दश भुजा भएका पशुपतिको ध्यान छ । महापाशुपतास्त्र विद्यामा भने उपर्युक्त छ आम्नायकै सबै वक्त्रहरूको समुल्लेख भएको ध्यान पाइन्छ -

पूर्वे तप्तसुवर्णाभं शान्तं विष्णवात्मकास्यकम् ।
दक्षिणे भैरवास्यं च श्यामं दंष्ट्राङ्कुरान्वितम् ।।

क्षीरकुन्देन्दुधवलं कात्मकं पश्चिमाननम् ।
उत्तरे वदनं गौरं गौरीशङ्कररूपकम् ।।
ऊर्ध्वे ज्योतिर्मयं वक्त्रं शिखाकारं तदन्तरे ।
श्रीचक्रराजचिह्नं तु परब्रह्मात्मकं विभुम् ।।
नाभौ कालाग्निरुद्राख्यवदनं प्रोज्ज्वलाननम् ।।

महापाशुपतास्त्रविद्याको यो ध्यान नेपालमा विराजमान श्रीपशुपतिका मुखलिङ्गमा रहेको स्वरूपसँग प्रायः मेल खान्छ । चार दिशामा चार मुख, प्रत्येक वक्त्रवाला शरीरमा दुइ-दुई भुजा, भुजामा माला-कमण्डलु, उत्तर वामदेव वक्त्रमा गौरीशङ्करको समन्वित रूप, दक्षिण वक्त्र, अघोरको भैरवस्वरूप, मस्तकमा श्रीचक्रको यन्त्रपूजा यी सबैको उल्लेख यसै महापाशुपतास्त्र विद्याको ध्यानमा मिल्दछ ।

यसरी श्रीपशुपतिको पञ्चवक्त्रात्मकता, पञ्चब्रह्मरूपताको समुल्लेख धेरै ठाउँमा शास्त्रहरूमा पाइन्छ । वेद, पुराण, तन्त्र जहाँ हेरे पनि शिवको शिवत्व पूर्णरूपमा भरिएको पाइन्छ ।

श्रीपशुपति त यौटै छन्, तर कण-कणमा विभक्त र व्याप्त छन् । सर्वदेवमय छन्, सर्ववस्तुमय छन् । सृष्टि उनैले गर्दछन्, पालन उनैबाट हुन्छ, संहार गर्ने पनि उनै हुन्, तिरोभाव उनैमा हुन्छ र अनुग्रह पनि उनै गर्दछन् - यसैले उनी पञ्चकृत्य कर्ता मानिन्छन् । परमज्ञानी, सम्पूर्ण ज्ञानका स्रोत, महागुरु, परमकारुणिक, धर्म-अर्थ-काम र मोक्षका प्रदाता, परमेश्वर, परब्रह्म परमात्मा श्रीपशुपति हुन् ।

श्रीपशुपतिको त नाम पनि छैन, रूप पनि । उनी त परब्रह्म हुन् । तर साधकका कल्याणका लागि उनका रूप र नामको सत्य परिकल्पना गरिन्छ ।

तव तत्त्वं न जानामि कीदृशोऽसि महेश्वर ।
यादृशोऽसि महादेव ! तादृशाय नमो नमः ।।
ॐ नमः शिवाय ।

भगवान् श्रीपशुपति पञ्चब्रह्मोपनिषद्को दृष्टिमा

परब्रह्मको रूपमा पञ्चमूर्ति शिव

कृष्ण यजुर्वेदभित्रको हो भनी मानिएको पञ्चब्रह्मोपनिषद् शाकलको प्रश्न र पैप्पलादका उत्तरको रूपमा प्रस्फुटित ब्रह्मविद्या हो । शाकलले पाँचपल्ट सोद्धै गए – भगवान् को हुन् ? भगवान् को हुन् ? पैप्पलादले यौटै प्रश्नको पाँचवटा बेग्लाबेग्लै उत्तर दिए – भगवन् सद्योजात हुन्, अघोर हुन्, वामदेव हुन्, तत्पुरुष हुन् र सम्पूर्ण दिव्य देवताका पनि अन्तर्यामी भएर प्रेरणा दिने, भूत,वर्तमान एवं भविष्यत् तीनै कालका ईश्वर – सर्वेश्वर ईशान । यिनै पाँच ब्रह्म हुन् – भगवान् पशुपतिका पाँच मुख, पाँच मूर्ति, पाँच विग्रह । तर भगवान् पशुपति पाँच विग्रह – पाँच मूर्तिले समन्वित भएर पनि यौटै तत्त्व – परब्रह्मतत्त्व हुन् यही परम सत्य तात्त्विक दृष्टि हो ।

१. **सद्योजात** – लोकमा गोप्यभन्दा पनि गोप्य कुनै तत्त्व छ भने शाकल, त्यो सद्योजात हो । यो शिवको पश्चिम मुख हो । यिनै मही (पृथ्वी), पूषा, रमा, ब्रह्मा, त्रिवृत् (विश्व, विराट् र तुरीय चैतन्य), अकारादि स्वर, ऋग्वेद, गार्हपत्य अग्नि, मन्त्रहरू (ॐ नमः शिवाय आदि मन्त्रहरू), सात साङ्गीतिक स्वरहरू (सा रे ग म प ध नि) हुन् । यिनको वर्ण पहेंलो छ । यिनी क्रिया (कर्म) शक्ति हुन् । साधकले चाहेका जति पनि वस्तुहरू छन् – यस लोक र परलोकका पनि, अझ भनौं मोक्ष पनि सवै सद्योजात ब्रह्म – भगवान् शिवका पश्चिम मुखको उपासना गर्ने साधकले प्राप्त गर्न सक्तछ ।

२. **अघोर** – यो भगवान् पशुपतिको दक्षिण तिरको वक्त्र हो । यिनी जलतत्त्व हुन्, चन्द्रमा, गौरी, यजुर्वेद पनि हुन् । यिनको वर्ण आषाढको मेघको जस्तो छ । ॐकारमा 'उ' यिनको स्वर तत्त्व हो । यिनी दक्षिणाग्नि हुन्। 'अ'देखि लिएर 'क्ष'सम्म पचास वर्णले संयुक्त छन् यिनी । स्थिति (परिपालन) र इच्छा एवं क्रिया शक्ति यिनको स्वभाव हो । शक्ति पनि यिनकै विकल्पबाट उद्भूत हुन्छ । सम्पूर्ण पापको विनाशक, सवै दुष्टहरूको शमन गर्ने र सवै किसिमका ऐश्वर्यस्वरूप फल प्रदान गर्ने ईश्वर पशुपतिको अघोर विग्रह हो ।

३. **वामदेव** - यो भगवान् पशुपतिको उत्तर मूर्ति हो । यिनका उपासनाले महाबोध – आत्मबोध –ब्रह्मबोध प्राप्त हुन्छ । यिनी अग्नितत्त्व हुन् । विद्या (समस्त शक्तिबाट प्राप्त हुने जति पनि ज्ञान छन्) तिनका आलोकका यिनी एकमात्र स्रोत हुन् । यिनको कान्ति करोडौं सूर्यको कान्ति तुल्य छ। प्रसन्न स्वभाव यिनको छ । यिनी सामवेद हुन्, सामवेद भित्रका सात गान र भरतका नाट्यशास्त्र निष्पन्न गान गरी आठ गानको समन्वित यिनी हुन् । ॐकारको धीर स्वरद्वारा यिनी उपासित हुन्छन् । यिनी आहवनीय अग्नि हुन् । ज्ञान र संहार यी दुइवटा यिनैमा निस्यूत छन् । सेतो तर अलि अलि होकि होइन जस्तो अँध्यारो भाव भएको वर्ण यिनको छ । यिनी स्वयं पूर्णस्वरूप भइकन उपासकलाई पनि पूर्णबोध (आत्मबोध) प्रदान गर्दछन् । जाग्रत्, स्वप्न र सुषुप्ति तीन धामका यिनी नियन्त्रक हुन् र विश्व, तैजस एवं प्राज्ञ धामत्रयले समन्वित पनि छन् । सम्पूर्ण सौभाग्य यिनका उपासना गर्ने मानिसलाई प्राप्त हुन्छ । सम्पूर्ण कर्मफल यिनले प्रदान गर्दछन् । 'ॐ नमो महादेवाय' आठ अक्षरले युक्त आठ पाते कमलमा यिनी विराजमान छन् । यही हृत्पुण्डरीक हो, हृदय नै उक्त मन्त्रमय कमलको प्रतीक हो । यसैमा भगवान् पशुपतिको वामदेव - मूर्ति सदा–सर्वदा विराजमान छ ।

४. **तत्पुरुष** – तत्पुरुष भगवान् पशुपतिको पूर्वपट्टिको मूर्ति हो । यिनी वायु

मूर्ति हुन् । पाँचै अग्निले समन्वित र सात करोड मन्त्रहरूका नियामक, पचास प्रकारका स्वर-वर्णले युक्त र अथर्ववेद यिनको स्वरूप हो । करोडौं करोड गणहरूका अध्यक्ष तत्पुरुषको समस्त अखण्ड ब्रह्माण्ड नै विराट् विग्रह हो । यिनको वर्ण रातो छ । यिनले साधकका समस्त कामनाहरू पूर्ण गर्दछन् । सम्पूर्ण व्याधि (रोग) का रामबाण औषधि हुन् । सृष्टि, स्थिति, संहार तीनै कृत्यका यिनी कारण हुन् । सम्पूर्ण शक्तिहरू यिनमा निस्यूत छन् । जाग्रत्, स्वप्न, सुषुप्ति तीनै अवस्थाबाट यिनी पर छन् । यिनै तुरीय ब्रह्म हुन् । ब्रह्मा, विष्णु र महेश्वर तीनै देवताले यिनको सेवा गर्दछन्। यिनै तत्पुरुष सबैका उद्भव, जनक पनि हुन् ।

५. **ईशान -** ईशान भगवान् पशुपतिको सबभन्दा माथिको मुख-मूर्ति हो । यिनी सम्पूर्ण ब्रह्माण्डका क्रियाकलापका प्रेरक हुन् । सम्पूर्ण प्राणीका बुद्धिका साक्षीस्वरूप हुन् । यिनी आकाशात्मक व्यापक तत्त्व हुन् । यिनी अव्यक्त छन् । ॐकार यिनको स्वरूप हो । यिनी सम्पूर्ण देवतास्वरूप छन् । शान्त छन् । शान्ति नामक कलाबाट पनि यिनी पर छन् । सातै स्वरदेखि पनि टाढा छन् । अकार आदि स्वरका अध्यक्ष यिनी हुन् । सृष्टि, स्थिति, लय, तिरोधान र अनुग्रह यी पाँचै कृत्यका यिनी नियन्ता हुन् । पञ्च ब्रह्मका समष्टि अझ भनौं बृहत् समष्टि यिनको स्वरूप हो ।

सद्योजात, वामदेव, अघोर, तत्पुरुष र ईशान यी पाँच ब्रह्म परब्रह्मका व्यष्टि स्वरूप हुन् । परब्रह्मदेखि अभिन र यिनैमा संस्थित । परब्रह्मले आफैमा निहित पञ्चब्रह्मको उपसंहार गरेर स्वस्वरूपका रहँदा यिनी परब्रह्म भनिन्छन् । पञ्च ब्रह्मात्मक भएर पनि त्यसदेखि पर रहेको परब्रह्म स्वयं आफ्नै तेजले, आफ्नै मायाका वैभवले आदि, मध्य र अन्तमा भासित हुन्छन् । यसैले पञ्चब्रह्मका आविर्भाव र लयको आधार परब्रह्म नै हो ।

मायाले मोहित भएर देवताहरू स्वयं जगद्गुरु, कारणका पनि कारण महादेवलाई तात्त्विक दृष्टिले जान्न सक्तैनन् । यिनको रूप, मन र वचनले ग्रहण गर्न सक्तैन । यिनी त परभन्दा पर, समस्त चराचर विश्वका आधार पुरुष हुन् ।

यिनैका प्रकाशले विश्व प्रकाशित हुन्छ र यिनैमा लय पनि हुन्छ । त्यही परम शान्त पद परब्रह्म पद हो । सद्योजात आदि पञ्चब्रह्मका रूपमा देखिने र सुनिने पनि परब्रह्म तत्त्व नै हो । 'यही तत्त्व म हुँ' भन्ने तथ्य जसले बुझ्दछ, त्यो स्वयं ब्रह्मभावमा प्राप्त हुन्छ, मुक्त हुन्छ । भगवान् पशुपतिको विग्रह मन्त्रमय छ – पञ्चाक्षरमन्त्रमय । सम्पूर्ण जगत् पञ्च ब्रह्मात्मक छ । पञ्चब्रह्मात्मक विद्या पञ्चाक्षरी मन्त्र हो भन्ने बुझेर जुन साधक त्यो मन्त्र जप्तछ, त्यो स्वयं पञ्च ब्रह्मात्मक भएर अनि परब्रह्मभावमा पुगी जन्ममरणको भवबन्धनबाट मुक्त हुन्छ।

पशुपतितत्त्व

महात्मा गालवलाई स्वयं महादेवले कृपापूर्वक यो ज्ञान प्रदान गरेपछि गालव अन्तर्हृदय भएर मोक्ष प्राप्त गर्न सफल भए । जुन ज्ञान पाएपछि नसुनेको, नबुझेको, नजानेको केही बाँकी रहँदैन । जसरी यौटा माटोका डल्लोलाई तात्त्विक दृष्टिले बुझेपछि सम्पूर्ण कार्यात्मक सृष्टि मृत्तिकामय छ भन्ने बुझिन्छ, जसरी यौटा फलामको डल्लोलाई जानेपछि सबै फलामका कार्यमा फलामै मात्र रहेको तथ्य बुझिन्छ, फेरि कोट्याएर सबैलाई हेरिरहनु पर्दैन, त्यसैगरी सम्पूर्ण कार्यात्मक विश्व आफ्नो कारणदेखि कत्ति पनि भिन्न छैन भन्ने तथ्य बुझ्नु पर्दछ । भेद मिथ्या हो, कारण र कार्य भिन्न छैन, कारण यौटै छ, नित्य छ, अद्वैत छ, शुद्ध चैतन्य स्वरूप छ – यही पशुपतितत्त्व हो ।

यसै ब्रह्मपुरीमा जुन दहराकाश छ – त्यही हो हृत्पुण्डरीक । साधकको हृदय यौटा कमल हो, त्यहीं विराजमान छन् सत्, चित्, आनन्दस्वरूप परब्रह्म शिव । यिनै सबैका साक्षी हुन् । संसार बन्धनबाट छुटाइदिने, पशुत्वबाट मुक्त गराउने, अज्ञानबाट निवृत्त गराउने शिव पशुपति हुन् । मुमुक्षुले – मोक्षको इच्छुक साधकले यही तथ्य बुझेर पञ्चब्रह्मको पञ्चब्रह्मका आधार–अधिष्ठान भनौं – परब्रह्मको खोज गरेर उनैका कृपाले मोक्षलाभ गर्न सक्तछ । यसमा लेशमात्र पनि सन्देह छैन ।

शिवज्ञान र पति-पशु-पाशतत्त्व

परमेश्वर शिवको स्वरूप

स्वायम्भुव सूत्रका वचन उद्धृत गर्दै शतरत्न सङ्ग्रहकार उमापति शिवाचार्य परमेश्वर शिवको स्वरूप-वर्णन गर्दछन् –

अप्रमेयमनिर्देश्यमनौपम्यमनामयम् ।
सूक्ष्मं सर्वगतं नित्यं ध्रुवमव्ययमीश्वरम् ।।
अप्रमेयमनन्तत्वादनिर्देश्यमलक्ष्यतः ।
अनौपम्यमसादृश्याद् विमलत्वादनामयम् ।।
सूक्ष्मं चानुपलभ्यत्वाद् व्यापकत्वाच्च सर्वगम् ।
नित्यं कारणशून्यत्वादचलत्वाच्च तद् ध्रुवम् ।।
ॐकारात्मतया भाति शान्त्यतीतः परः शिवः ।

शिव अप्रमेय छन्; उनको सीमा छैन; उनलाई नाप्न सकिंदैन; यसैले उनको इयत्ता छैन' उनी मन, वचन, कर्मले ग्रहण गर्न सकिंदैन; उनी अगम्य छन्; मन, वचन, कर्मका विषय होइनन् त्यसैले शिवलाई अप्रमेय भनिएको छ। इयत्ता नै थाह हुन नसकिने, नाप्न नसकिने, ज्ञान गर्न नसकिने, इन्द्रिय, वाणि र कर्मबाट अगम्य। थाहा पाउनै नसकिने स्वरूप, शिव अनिर्देश्य छन् – उनलाई यस्ता छन् शिव भनेर निर्दिष्ट नै गर्न सकिंदैन, अझ भन्ने हो भने शिव त अलक्ष्य छन्, उनलाई देख्नै सकिंदैन, उनको अनुमान पनि हुँदैन, यसैले शिवलाई अनिर्देश्य भनिएको छ।

शिव अनामय छन्, अनामयको अर्थ हो रोग, दोष आदि विकार। शिवमा न रोग छ, न दोष छ, न कुनै विकार छ किनभने उनी समस्त कल्मष र समस्त विकारबाट अस्पृष्ट छन् निर्मल छन्, विमल छन् । शिवको कुनै उपमा छैन, शिव जस्ता कोही, कुनै वस्तु भए पो उनको उपमा दिन सकिन्छ, जो जस्तो

ब्रह्माण्डमै छैन, उसको के उपमा दिनु ? त्यसैले शिवलाई उपमा नै नभएका अनौपम्य भनियो । शिव अत्यन्त सूक्ष्म छन्, शिवलाई कुनै पनि ज्ञानेन्द्रियले वा कर्मेन्द्रियले ग्रहण गर्न सकिंदैन, उनी सर्वथा अनुपलब्ध छन्, संसारमा स्थूल वस्तु इन्द्रियका ग्राह्य हुन सक्तछन्, शिव त सूक्ष्म छन्, सूक्ष्ममा पनि अत्यन्त सूक्ष्म, उनको ग्रहण कसरी हुनु, उपलब्धि कसरी ? शिवलाई सर्वगत भनिएको छ, शिवको कुनै सीमा छैन, संकोच छैन, उनी कहाँ छैनन्, चर-अचर, स्थावर-जंगम, ब्रह्माण्डका कण-कणमा विद्यमान छन्, विराजमान छन्, उनको व्यापकता सर्वप्रसिद्ध छ, खोज्न सक्ने भक्तले उनको सत्ता सर्वत्र पाउन सक्तछ, नसक्नेलाई कहीं पनि शिव छैनन् ।

संसारमा जो कार्य छ, त्यसको कारण अवश्य हुन्छ, यो शाश्वत नियम हो, यसमा कुनै अपवाद छैन । शिव कार्य नै होइनन्, उनको कुनै कारणै छैन । विश्वका कारण बरु शिव आफै नै हुन् । यिनको कारण कोही पनि छैन । शिव ध्रुव पनि छन् । जो चल हुन्छ, एक ठाउँबाट अर्को ठाउँमा जान, पुऱ्याउन सकिन्छ, एक ठाउँमा गए वा पुगेपछि अन्यत्र हुँदैन वा पाउन सकिंदैन त्यो चल हुन्छ, ध्रुव हुँदैन । शिव ध्रुव छन्, चल उनी छैनन्, जो जहाँ पनि छ, व्यापक छ, सर्वत्र विद्यमान छ, ऊ चल कसरी हुनु ? अध्रुव कसरी ? त्यसैले शिव ध्रुव हुन्।

त्यसैले स्वायम्भुव सूत्रका अनुसार शिव अप्रमेय, अनिर्देश्य, अनौपम्य, अनामय, सूक्ष्म, सर्वगत, नित्य र ध्रुव छन् । शिव फेरि अव्यय पनि छन्, उनको अन्त्य छैन । उनी ईश्वर हुन् । तर उनको सत्ता सर्वत्र प्रकाशित छ - ॐकारको स्वरूपमा, ॐ नै ईश्वरको स्वरूप हो, वाचक हो । यस्ता शिव शान्त्यतीत छन्, परभन्दा पनि पर छन्, परमेश्वर नै हुन् शिव ।

ज्ञानका स्रोत सदाशिव

सदाशिवबाट संसारमा ज्ञान प्रवृत्त भएको हो । जति पनि यहाँ शास्त्र छन्, लौकिक, वैदिक, आध्यात्मिक, अतिमार्गिक र मान्त्रिक ती सबैको उपदेश शिवबाटै भएको हो । यी शास्त्रको अध्ययन, मननबाट हुने जति पनि ज्ञान छन्, सबका स्रोत परम शिव नै हुन् । त्यसैले वस्तुतः जति पनि ज्ञान छन् ती सबै शैवी ज्ञान नै हुन् ।

शैव ज्ञानको प्रयोजन

शिवबाट प्राप्त हुने ज्ञानको प्रयोजन के हो त ? किन शैव ज्ञानको प्रवृत्ति संसारमा भयो ? यसको उत्तर छोटकरीमा उमापति शिवाचार्य भन्छन् -

अथात्ममलमायाख्यकर्मबन्धविमुक्तये ।
व्यक्तये च शिवत्वस्य शिवाज्ज्ञानं प्रवर्त्तते ।।

मल तीन प्रकारका छन् - १. आत्ममल (आणव मल), २. मायामल (स्वयं मायास्वरूप) र ३. कार्ममल (कर्मस्वरूप) । यी तीनै वटा मल बन्ध हुन्, बन्धनमा पार्दछन् यिनीहरूले जीवलाई । यी तीनै प्रकारका बन्धनबाट-पाशोबाट मुक्ति दिलाउनु शिवत्वको अभिव्यक्ति गराउनु (शिवभावलाई प्रकाशित गर्नु) नै शिवज्ञानको प्रयोजन हो । पशु अज्ञानले बाँधिएका जीव हुन्, यो संसार पाशको जाल हो । दुवै पशु र पाशहरूबाट प्राप्त हुने ज्ञान पशुरूपको अभिव्यञ्जक हुन्छ र स्वयं पाशरूप नै हुन्छ, त्यस्तो ज्ञानले पाशलाई नै दृढ बनाउँदछ । तर शिव त पशु र पाशभन्दा विलक्षण छन् ।

पाशको विरुद्ध स्वभाव भएका छन्, संसारमा जो जे सामर्थ्य विद्यमान छन्, ती सबै शिवमा नै निहित छन्, त्यसैले शिवबाट प्राप्त ज्ञान पाशको जालो हटाउन, पशुत्वबाट मुक्ति दिन पर्याप्त छ र यसले पाश अवश्य नै हटाउने हुनाले यो दृढ पनि छ । तर यो ज्ञान शिवका अनुग्रहबाट मात्र प्राप्त हुन सक्तछ, शिवका अनुग्रहले दीक्षा प्राप्त हुन्छ र त्यसबाट जीव पशुत्वबाट–बन्धनबाट मुक्त हुन्छ ।

शिवज्ञानको उत्पत्तिका निमित्त स्वयं शिवले आगमहरूमा क्रियाचर्याहरूको उपदेश गरेका छन् - **ज्ञानोत्पत्ति निमित्तं तु क्रिया चर्याः प्रकीर्त्तिताः ।** (देवीकालोत्तरागम) । योगाभ्यासका माध्यमले ज्ञानको अभ्यास गर्नु आवश्यक हुन्छ । त्यसपछि ज्ञानका प्रकाशले अज्ञानरूप अन्धकार नष्ट हुन्छ । भनिएको छ-

ज्ञानाभ्यासं ततः कृत्वा ज्ञानं तत्र तदाऽभ्यसेत् ।
तदाऽज्ञानान्धकारं च ज्ञानदीपेन नाशयेत् ।। (सुप्रभेदागम)

आगमका चार विधाहरू

ज्ञान प्राप्त गर्ने – गराउने प्रयोजनकै लागि आगमहरूमा शिव स्वयंले चर्या, क्रिया, योग र ज्ञान यी चार पाद (पाउ) (चार विधाहरू)को उपदेश गरे। यिनको प्रयोजन सालोक्य (शिवलाई देख्नु), समीप्य (शिवको नजिक पुग्नु), सारूप्य (शिवकै स्वरूप प्राप्त गर्नु) र सायुज्य (शिवसँगै मिल्नु) यी चारै पुरुषार्थ प्राप्त गर्नु – गराउनु नै हो ।

अथ चर्या-क्रिया-पादं योगपादं तथैव च ।
ज्ञानपादं क्रमाच्चैव शिवेन परिभाषितम् ।।
एतच्चतुर्विधं मार्गं सालोक्यादिफलप्रदम् ।।

(शिवज्ञानबोधसंग्रह)

सालोक्यं चैव सामीप्यं सारूप्यं सायुज्यकं तथा ।

(सुप्रभेदागम)

परमपुरुषार्थ प्राप्तिको माध्यम ज्ञान

उपर्युक्त परमपुरुषार्थ प्राप्तिको माध्यम ज्ञान हो । ज्ञान गुरुबाट शिवका अनुग्रहले दीक्षा प्राप्त गरेपछि योगाभ्यासजन्य ज्ञानाभ्यासबाट प्राप्त हुनसक्तछ ।

दीक्षैव मोचयत्यूर्ध्वं शैवं धाम नयत्यपि ।।

(शिवज्ञानबोधसंग्रह)

सृष्टिकाले महेशानः पुरुषार्थप्रसिद्धये ।
विधत्ते विमलं ज्ञानं पञ्चस्त्रोतोऽभिलक्षितम् ।।

सृष्टिको आरम्भमा स्वयं परमेश्वर पर र अपरमुक्ति एवं भोग प्राप्त गराउने प्रयोजनका लागि पाँच स्रोतबाट विभिन्न शास्त्रहरूको ज्ञानको उपदेश गर्दछन् ।

यी पाँच ज्ञानका स्रोतहरू हुन् – शिवका ऊर्ध्व (माथि), पूर्व, दक्षिण, उत्तर र पश्चिमका वक्त्र (मुखहरू) । सबभन्दा पहिले निष्कल शिवबाट परम अबबोधरूप ज्ञान नादका रूपमा निस्क्यो र त्यसपछि शिवकै सदाशिवरूपबाट त्यसै ज्ञानले तन्त्रहरूको आकार प्राप्त गऱ्यो । त्यही कुरा पुष्करागममा बताइएको

छ -

अदृष्टविभवाच्छान्ताच्छिवात् परमकारणात् ।
नादरूपं निनिष्क्रान्तं शास्त्रम्० ।
सदाशिवोऽपि भगवान् नादरूपतयाऽऽगतम् ।
षट् पदार्थमयं ज्ञानमनेकच्छन्द एव तत् ।।

शिवज्ञानका स्रोत

शिवका ज्ञानका ती पाँच स्रोतहरू ऊर्ध्व (माथिको), पूर्वको, दक्षिणको, उत्तरको र पश्चिमको मुखहरूका नाम हुन् क्रमशः - ईशान, तत्पुरुष, अघोर, वामदेव र सद्योजात । यिनै पाँच स्रोत (मुखबाट) उपदेश भएको ज्ञान पशुत्वरूप बन्धनको (आणव, माया र कार्ममलको) विनाशको उपाय हो र शिव सायुज्य प्राप्तिको कारण हो । वास्तवमा ज्ञानका स्रोत पच्चीस छन् । उपर्युक्त प्रत्येक श्रोतभित्रको अवान्तर स्रोत पनि पाँच-पाँच वटा छन् । ती हुन् -लौकिक, वैदिक, आध्यात्मिक, आतिमार्गिक र मान्त्रिक । यसरी शिवबाट पच्चीस स्रोतहरूबाट पच्चीस विधामा शास्त्रजालको आविर्भाव भएको हो ।

यही कुरा कामिक आगममा वर्णित छ -

लौकिकं वैदिकं चैव तथाऽऽध्यात्मिकमेव च ।
अतिमार्गं च मन्त्राख्यं तन्त्रभेदमनेकधा ।।
सद्यो वाम-महाघोर-पुरुषेशानमूर्त्तयः ।
प्रत्येकं पञ्चवक्त्राः स्युस्तैरुक्तं लौकिकादिकम् ।।
पञ्चविंशतिभेदेन स्त्रोतो भेदः प्रकीर्त्तितः ।
एतेष्वेवान्तर्गतं वस्तु वाङ्मयं वस्तुवाचकम् ।।
(कामिकागम)

पञ्चधा लौकिकं तन्त्रं तथा तन्त्रं च वैदिकम् ।
तन्त्रमाध्यात्मिकं तद्वदतिमार्गं तथैव च ।।
तथैव मन्त्रतन्त्राख्यं तेषु यद् बहुधेरितम् ।। (सोमसिद्धान्त)

यसैले संसारमा विद्यमान जति पनि शास्त्रहरू छन् – लौकिक (लोकमा प्रचलित संसार चलाउन आवश्यक कला–कौशल, व्यवहार बताउने), वैदिक (यज्ञयागादि विधान बताउने), आध्यात्मिक (आत्मपादको विस्तार गर्ने दर्शन शास्त्र), आतिमार्गिक (स्वीकृत मार्गभन्दा बाहिरको बाटो लोकप्रचलित, वैदिक मार्गभन्दा विरुद्ध मार्ग बताउने, आध्यात्मिक भन्दा पनि भिन्न बाटो बताउने) र मान्त्रिक (मन्त्र, तन्त्र, झारफुक, अभिचारकर्म बताउने) । जे जति पनि शास्त्र छन् शिवबाट निस्केका हुन्, शिवबाटै उपदिष्ट हुन्, शिवज्ञान नै हुन् । यो शिवज्ञान पनि शिवत्व प्राप्त गराउने परज्ञान र पाशजाल सिकाउने अपरज्ञान दुई प्रकारका छन् ।

हामी संसारमा जति पनि ज्ञान देख्तछौं तिनमा स्रोत शिव नै भएकाले तिनको शुद्धतामा शंका छैन तापनि तिनको अभ्यास भेदले राम्रो र नराम्रो फल दिने सुख–दुःख, मोक्ष–बन्धका प्रयोजक हुन्छन् । वास्तवमा यिनको भेद पनि अधिकारीका भेदले भएको हो – शिवसायुज्य चाहनेले त्यसैको अधिकारी बनेर शिवका अनुग्रहबाट परज्ञान प्राप्त गरेर त्यसैको अभ्यास गर्दछ र पछि आफ्नो अभीष्ट शिवसायुज्य प्राप्त गर्दछ, तर जो सांसारिक छ, संसारकै सुख–दुःखमा मग्न हुन चाहन्छ, उसले अपरज्ञानको अभ्यास गर्दछ ।

ज्ञानभेद र अधिकारिभेदका कारण फलभेद

साधकले प्राप्त गर्ने फलमा ज्ञानको भेद र अधिकारीका भेदले फरक–फरक हुनु स्वाभाविक नै हो ।

आदावभूद् द्विधा ज्ञानमधिकारिविभेदतः ।
परापरेण भेदेन पति–पश्वर्थदर्शकम् ।।
शिवप्रकाशकं ज्ञानं शिवज्ञानं परं स्मृतम् ।
वेदाद्यपरविज्ञानं पशु–पाशार्थदर्शकम् ।। (कामिकागम)

पशुपति नामको सार्थकता

आतममल (आणवमल), मायामल र कर्ममल यी तीन किसिमका

मलहरूको विनाश गरेर पशुत्वबाट मुक्ति दिने एवं शिवत्व प्राप्त गराउने ज्ञान प्रदान गर्ने हुनाले नै शिवलाई पशुपति शब्दले भक्तहरू खास गरी तत्त्वचिन्तक मनीषीहरू, दार्शनिकहरू शिवको आराधना गर्ने गर्दछन् । यसैमा शिवको पशुपतिनाथ नामको पनि सार्थकता छ - पशुहरूका पति (मालिक) पशुपति, पशुत्वरूपी बन्धनबाट मुक्त गर्ने ज्ञान प्रदान गर्ने पशुपति । पशुपतिलिङ्गमा दृश्यमान चार मुख पनि पूर्व, दक्षिण, उत्तर र पश्चिम स्रोत नै हुन् । माथिको स्रोत चाहिँ आकाशस्वरूप व्यापक भएकाले इन्द्रियगम्य छैन । पूर्वस्रोत तत्पुरुष, दक्षिण स्रोत - अघोर, उत्तरस्रोत - वामदेव र पश्चिम स्रोत - सद्योजात लिङ्गमा दृष्टिगोचर हुन्छन् तर ऊर्ध्वस्रोत - ईशान इन्द्रियातीत छन्, योगीहरूले मात्र यिनको ध्यान गर्दछन् ।

ज्ञानगुरु शिवको नाम पशुपति-पदको अर्थ बुझ्न पाशुपति पदभित्र अनुस्यूत तीन पद - १. पति, २. पशु र ३. पाश र यिनका वाच्यार्थको विश्लेषण आवश्यक हुन्छ, अनिमात्र पाशबद्ध जीव पशुहरूका पशुत्वरूप बन्धका मोचक (छुटाउने) ईश्वर शिवको पशुपति नामको सार्थकता सिद्ध हुन्छ ।

१. पति

पति पदार्थलाई परिभाषित गर्दै विश्वसारतन्त्र भन्दछ -

अचेतनस्य मायादेः प्रवर्त्तकतया पतिः ।
सिद्धः सर्वार्थवित् कर्त्ता व्यापकः सततोदितः ।।

भगवान् शिव नै पति पदार्थ हुन् । उनी सर्वज्ञ छन्, उनले नजानेको केही छैन, जो सम्पूर्ण ज्ञान राशिको अजस्र स्रोत हो, जो गुरुको पनि गुरु हो सर्वपदार्थवित्- सर्वज्ञ त्यही हुन्छ । पति - सर्वज्ञ छन् । शिव संसारका कर्ता हुन्, ब्रह्माण्डमा जो छ, जे छ त्यो कार्य हो, जुनसुकै कार्यको पनि कारण अवश्य हुन्छ, कर्ता पनि हुनु जरुरी छ, पति समस्त कार्यका कर्ता हुन्, जसले जे बनाए पनि मूलकर्त्ता चाहिँ त्यसको पति नै हुन्छन् ।

पति व्यापक छन् - उनी जहाँ पनि छन्, उनी नभएको स्थान नै छैन, घट घटमा उनको निवास छ, जसरी आकाश सर्वत्र विद्यमान छ,

त्यसैगरी पति सर्वत्र विद्यमान छन् । पति सततोदित छन्, उनी बद्ध छैनन्, सधैं मुक्त छन् । स्वयं मुक्त नभए अरूलाई भवपाशबाट छुटाउने कसरी? यसैले पति नित्यमुक्त छन् । सततः उदित छन् । अचेतन मायाका प्रवर्त्तक पनि पति नै हुन् । जसरी रथ जड छ, तर चेतन चालकको कारणले रथ जहाँ पनि पुग्दछ र रथ पुग्यो भनिन्छ ।

वास्तवमा जड रथ कसरी, कहाँ आफै पुग्नु ? त्यो चालकले पुऱ्याएको हो । त्यसैगरी माया त जड छ, अचेतन छ, माया प्रमुख भएको यो जगत्को प्रपञ्च चेतन प्रवर्त्तक नभैकन कसरी प्रवृत्त हुनसक्तछ? यसकारण अचेतन मायाको प्रवर्त्तक कोही अवश्य छ, त्यो हो पति । यसरी अनुमानद्वारा पति तत्त्व सिद्ध हुन्छ ।

अस्ति कश्चिदपर्यन्त-रमणीयगुणाश्रयः ।
पतिर्विश्वस्य निर्माता पशुपाशविलक्षणः ।।

(वायवीयपुराण)

अचेतनं जगद् विप्राश्चेतनप्रेरणं विना ।
प्रवृत्तौ वा निवृत्तौ वा न स्वतन्त्रं रथादिवत् ।।
योऽत्र प्रवर्त्तकः शक्तः स पतिः परिपठ्यते ।
विवादाध्यासितं विश्वं विश्ववित् कर्तृपूर्वकम् ।।
कार्यत्वादावयोः सिद्धं कार्यं कुम्भादिकं यथा ।।

(पुष्करागम)

एवं हि परतन्त्रत्वाज् जगतोऽस्याऽखिलस्य तु ।
प्रवृत्तिर्दृश्यते यस्मात् तस्मात् कर्त्ता महेश्वरः ।। (मतङ्ग)

अचेतन माया प्रधान विश्वका प्रवर्त्तक पति दृक्शक्ति र क्रियाशक्ति दुई शक्तिहरूले सम्पन्न छन् । दृक्शक्ति ज्ञान शक्ति हो र क्रियाशक्ति रचना शक्ति । ज्ञानशक्ति विश्वको ज्ञान गर्ने शक्ति, यही शक्ति भएकै हुनाले पति सर्वज्ञ छन् । क्रियाशक्ति – रचना शक्ति यसै शक्तिले पति संसारको रचना गर्दछन् र सबैका कारण मानिन्छन् । यी दुवै ज्ञान र

क्रिया शक्ति शिवलाई कसैले दिएको होइन, स्वाभाविक रूपमा यी पतिमा निहित छन् ।

ज्ञानशक्त्या विजानाति क्रियया कुरुते जगत् । (रत्नत्रय)

यसै तथ्यलाई पराख्यासूत्र अभिव्यक्त गर्दछ -

दृक्क्रियात्मकमैश्वर्यं यस्य तद् दात्रपूर्वकम् ।
ईश्वरः सोऽत्र मन्तव्यः शक्तिद्वययुतः प्रभुः ।।

यही कुरा परातन्त्रमा पनि व्यक्त हुन्छ -

चिद्रूपमात्मनो रूपं दृक्क्रियागुणलक्षणम् ।
ज्ञानरूपस्थितस्यापि स्वरूपं दृक्क्रियात्मकम् ।।

यस्ता दृक्शक्ति (ज्ञानशक्ति) ले समन्वित सर्वज्ञ शिवले क्रियाशक्ति (रचनाशक्ति) द्वारा संसारको रचना गर्दा के विना शरीरले गर्छन् त ? उनको शरीर छ कि छैन ? यो प्रश्न बढो महत्त्वपूर्ण छ । उनको शरीर नमान्ने हो भने अशरीरी (शरीरै नभएका)ले कसरी विश्वब्रह्माण्डको रचना गर्ने ? शरीर छ भने शरीर त नश्वर हुन्छ, त के पति पनि नाशवान् छन् ? उनको अनन्तता कसरी ? यो कुरा विचारणीय अवश्य छ ।

उक्त प्रश्नको उत्तर शास्त्रहरू यसरी दिन्छन् - मूर्ति चल र अचल दुई प्रकारका मानिन्छन् - चल मूर्तितत्त्व मुख शरीरात्मक हुन्छ र अचल मूर्ति आफ्नो शक्तिस्वरूप हुन्छ । पतिको मूर्ति अचल मूर्ति हो । पतिको दृक्शक्ति र क्रियाशक्ति नै पतिको मूर्ति हो । सूर्यको किरण नै जसरी सूर्य हुन् त्यसैगरी पतिका उक्त दुई शक्ति नै पतिको मूर्ति वा स्वरूप हो । उनको मूर्ति ज्यादै उत्कृष्ट खालको, अत्यन्त सूक्ष्म, सम्पूर्ण दिशाहरूमा व्याप्त, अमृत (अनश्वर), निखिल बन्धन (आवरण) मुक्त, शान्त (रागद्वेषरहित), सबैले दर्शन पाउन चाहने, आदि र अन्त्य रहित, करुणायुक्त छ ।

काष्ठा सैव परा सूक्ष्मा सर्वदिक्काऽमृतात्मिका ।
प्रध्वस्तावरणा शान्ता वस्तुमात्राऽतिलालसा ।।
आद्यन्तोपरता साध्वी मूर्तित्वेनोपचर्यते ।

यस्ता अचल मूर्तिवाला पतिको मूर्ति तत्त्व-भुवन-शरीरवाला मूर्ति हुँदैन। यिनको सदाशिव आदिको आकार त केवल योगीको ध्यानका निमित्त मात्र कल्पना गरिने गरिन्छ ।

साधकस्य तु लक्ष्यार्थं तस्य रूपमिदं स्मृतम् ।

(पुष्करागम)

चिदचिदनुग्रहहेतो रूपाण्येतानि स प्रभुः कृत्वा ।
कुरुते चितामनुग्रहमनादिमलरुद्धशक्तीनाम् ।।

(तत्त्वप्रकाश)

पतिको शरीर त छँदैछैन, तैपनि उनी जो जो कृत्य (कार्य) सम्पन्न गर्दछन्, त्यसकै विभिन्न प्रकृति अनुरूप ती कार्य गर्न समर्थ हुने खालको शरीर कल्पना गरिन्छ ।

वपुषोऽविद्यमानत्वाद् यद् यत् कृत्यं करोति सः ।
तत्र तत्रास्य तत्कर्तृवपुषाऽनुकृतं वपुः ।।

पतिले पाँच प्रकारका कृत्य सम्पन्न गरी लोकमाथि अनुग्रह गर्दछन्- सृष्टि, स्थिति, संहार, तिरोभाव र अनुग्रह । यिनै पाँच कृत्य सम्पन्न गर्न तदनुरूप पतिका पाँच स्वरूप कल्पित भएका हुन् ।

पतिको यो स्वरूप वेदोक्त पाँच मन्त्र ईशानः सर्वविद्यानाम् आदि मन्त्रमय छ र उनका पाँच मूर्ति पनि ईशान आदि नामले ग्रहण गरिन्छन्। यसैले पतिको शरीर मन्त्रमय छ, शक्तिस्वरूप अर्थात् शाक्त छ ।

तद्वपुः पञ्चभिर्मन्त्रैः पञ्चकृत्योपयोगिभिः ।
ईश-तत्पुरुषा-ऽघोर-वामाऽद्यैर्मस्तकादिकम् ।।

(श्रीमन्मृगेन्द्र)

वास्तवमा पति त चिताएको कुरा प्रदान गर्ने चिन्तामणि नै हुन् । साधना गर्ने साधकले जुन जुन रूपमा उनको स्मरण गर्दछ तिनै तिनै रूपमा उनी तन्मय हुन्छन् । पति त सबै थोक हुन्, यस संसारको कण-कण उनको विग्रह हो । जुन रूप पनि उनकै रूप हो । उनका अतिरिक्त

त कुनै रूप हुँदै हुँदैन । त्यसैले-

येन येन हि रूपेण साधकः संस्मरेत् सदा ।
तस्य तन्मयतां याति चिन्तामणिरिवेश्वरः ।।

(सर्वस्रोतसंग्रहसार)

शिवको शरीर प्राणीहरूको जस्तो हात-पाउ-शिर आदि भएको भौतिक शरीर होइन तापनि जसरी लौकिक शरीरको सञ्चालन गर्ने कर्त्ता आत्मा हुन्छ त्यसैगरी सृष्टि, स्थिति, संहार, तिरोभाव र अनुग्रहका कर्त्ता पति हुन् । यी पाँच कृत्यका कारण चाहिँ पतिका आफ्नै शक्ति हुन्, शक्तिदेखि अतिरिक्त कुनै पनि कारण हुन सक्तैन ।

जगज्जन्म-स्थिति-ध्वंस-तिरोभाव-विमुक्तयः ।
कृत्यं सकारकफलं ज्ञेयमस्यैतदेव हि ।।

पुष्करागम भन्दछ -

प्रलयेऽप्यनुगृह्णाति सृजत्यवति हन्ति च ।
तिरोदधाति भगवान् न कालापेक्षया सदा ।।

पतिलाई उक्त पाँच कृत्य सम्पादन गर्न कालको अपेक्षा गर्नु पर्दैन, उनै सर्वविध कृत्यका लागि निरतिशयरूपमा स्वतन्त्र छन् ।

यही स्वतन्त्रता पतिको ऐश्वर्य हो । यसै ऐश्वर्य सम्पन्नताले गर्दा पतिलाई ईश्वर भनिन्छ ।

यिनै पति संसारी जीवको पशुत्वरूपी बन्धन काटेर उनीहरूलाई मुक्ति प्रदान गर्दछन्, शिव सायुज्यको अनुग्रह गर्दछन् । यसैले पनि पशुपति हुन् ।

२. पशु

पराख्यसूत्रमा पशुको परिभाषा पाइन्छ -

देहान्योऽनश्वरो व्यापी विभिन्न ! समलोऽजडः ।
स्वकर्मफलभुक् कर्त्ता किञ्चिज्ज्ञः सेश्वरः पशुः ।।

देहदेखि भिन्न, आत्मा (देह होइन, देहस्वरूप पनि होइन), अनुमान गम्य होइन, स्वयं प्रकाशित, जो अनश्वर छ, आत्मा नित्य छ, नष्ट हुँदैन, अविनाशी छ, व्यापी छ, व्यापक छ, अनेक छ, मलयुक्त छ, ज्ञानकारक, कर्मभिन्न रागकारण अज्ञान मात्र हुन्छ, यसले प्रावरणको काम गर्दछ, त्यही मल हो त्यस्तो मलयुक्त आत्मा, जो जड छैन, ज्ञान र क्रिया स्वभाववाला छ । जड भयो भने आत्माको प्रवृत्ति सम्भव छैन, त्यसैले आत्मा जड होइन अजड मान्नु पर्दछ । आत्माले आफ्नो कर्मको फल भोग्दछ, भोक्ता छ, कर्ता छ, जो सर्वज्ञ छैन, थोरै मात्र जान्दछ, जो सेश्वर छ, ईश्वरबाट प्रेरणा प्राप्त गर्दछ त्यही आत्मा पशु हो ।

शैवपरिभाषा भन्दछ –

'पशुर्नाम देहेन्द्रियादिव्यतिरिक्तो नित्यश्चिदात्मकोऽनेको विभुरनादि-मलावृतोऽस्वतन्त्रः कर्ता च ।'

नाव्यापको न क्षणिको नैको नापि जडात्मकः ।
नाकर्ता भिन्नचिद्योगी पाशान्ते शिवताश्रुतेः ।।

(श्रीमन्मृगेन्द्र)

पशुका तीनवटा भेद छन् – १. सकल, २. प्रलयाकल र ३. विज्ञानाकल। १. **सकल** – जसको दृक्शक्ति (ज्ञानशक्ति) मलले अवरुद्ध छ, आफ्नो भोगका लागि कर्मसँग जसको सम्बन्ध छ त्यो सकल पशु हो । २. **प्रलयाकल** – जसको दृक्शक्ति मलद्वारा अवरुद्ध छ, कर्मपाक भएकाले कलाबाट पनि परित्यक्त छ, कर्मसँग सम्बद्ध छैन त्यो प्रलयाकल पशु हो। ३. **विज्ञानाकल** – मलद्वारा दृक्शक्ति र क्रियाशक्ति अवरुद्ध भएकाले दृक्क्रियाशक्ति शून्य कल्प जसको छ, त्यो विज्ञानाकल पशु हो ।

यही परिभाषा पौष्करागममा वर्णित छ –

पशवस्त्रिविधा ज्ञेयाः सकलः प्रलयाकलः ।
विज्ञानाकल इत्येषां शृणुध्वं लक्षणं क्रमात् ।।
मलोपरुद्धदृक्छक्तिस्तत्प्रसृत्यै कलादिमान् ।
भोगाय कर्मसम्बन्धः सकलः परिपठ्यते ।।

प्राग्वन्निरुद्धदृक्छक्तिः कर्मपाकात्कलोज्झितः ।
कर्मण्यैष्यकलायोग्यो यस्य च प्रलयाकलः ।।
मलोपरुद्धशक्तित्वाच्छून्यकल्पस्वदृक्क्रियाः ।
तृतीयः पठ्यते तन्त्रे नाम्ना विज्ञानकेवलः ।।

वास्तवमा मल नै पशुत्व हो, मलरूप पशुत्वयुक्त भएकै हुनाले आत्मा पशु भनिन्छ, जबसम्म पशुत्वको संयोग रहन्छ तबसम्म आत्मा मुक्त हुँदैन ।

पशुः पशुत्वसंयोगान्न मुक्तः पशुरुच्यते । (श्रीमत्पौष्कर)

३. **पाश**

पशुत्व के हो ? यस विषयमा यसको परिचय दिंदै स्वायम्भुव सूत्र भन्दछ –

अथाऽनादिमलः पुंसां पशुत्वं परिकीर्त्तितम् ।
तुष-कम्बुकवज्ज्ञेयं मायावापाङ्कुरस्य तत् ।।

दृक्क्रियात्मक तेजलाई ढाकेर मलीन बनाइदिने मल, जो अनादिकालदेखि चलिआएको छ, त्यही पशुत्व हो । त्यसैको सम्बन्धले गर्दा आत्मा पशु भनिन्छ। यो मल उनै शिवको आफ्नै शक्तिबाट मात्र निवृत्त हुनसक्त छ। यही मलको अर्को नाम – अज्ञान, अन्धकार, अज्ञाता आदि पनि हो । यही पाश हो ।

मलोऽज्ञानं तमोऽज्ञत्वं तिरस्कारकरस्तथा ।
पतिः पशुरविद्येति मलपर्यायवाचकः ।। (सुप्रभेदागम)

मलका सात प्रकारका काम हुन्छन्, ती हुन् –

मोहो मदश्च रागश्च विषादः शोष एव च ।
वैचित्यं चैव हर्षाख्यः सप्तैते सहजा मलाः ।।

(मातङ्गपारमेश्वर)

यिनै पशुका अनादिमल आफ्ना शक्तिद्वारा हटाएर आत्मालाई मुक्ति प्रदान गर्दछन् पति । त्यसैले पति – पशुपति हुन् । यौटा विचित्र कुरो के छ भने – महेश्वरकी माहेश्वरी शक्ति सबै माथि अनुग्रह गर्ने, अनुग्राहिका जसलाई भनिन्छ ती पनि पाशै हुन् ।

माहेश्वरी शक्तिले दृक्शक्ति र क्रियाशक्तिलाई आवृत गरेर (ढाकेर) आफू रहुँञ्जेलसम्म आफूले परिणाम दिइरहने हुनाले यो पनि पाशै मानिन्छ। माहेश्वरी शक्तिले अनुग्रह गरेर आत्मा सांसारिक सुख–दुःखमा अलमलिई रहने र उसको ज्ञानशक्ति र क्रियाशक्ति प्रकाशित नभएर शिवत्व प्राप्तिमा बाधा आउने हुनाले यो पनि रोधशक्ति (आवरणशक्ति) भएकोले पाशै हो।

तासां माहेश्वरी शक्तिः सर्वानुग्राहिका शिवा ।
धर्मानुवर्त्तनादेव पाश इत्युपचर्यते ।।

वास्तवमा पाश शिवानन्दाभिव्यक्तिको विरोधी हुन्छ । यसले गर्दा शिवानन्द अभिव्यक्त हुन पाउँदैन ।

पाश पनि पाँच प्रकारका मानिएका छन् – आणव (दृक्शक्ति र क्रियाशक्तिलाई रोकिदिने) तिरोधायकशक्ति (माहेश्वरीशक्ति), बिन्दु, माया र कर्म । यी मध्ये तिरोधायक शक्ति चाहिँ चेतन र अरू चार वटा जड हुन्छन् । बिन्दु, माया, कर्म यी तीन वटाले पनि भोग र भोग्यको सम्पादन गर्ने हुनाले विषयसुखमात्र दिने हुन्छन् र यिनीहरू पनि शिवत्वप्राप्तिका वाधक नै हुन् ।

'पाशत्वं नाम शिवानन्दाभिव्यक्तिविरोधित्वम् । अयं च पाशः पञ्चविधः । आणवं तिरोधायकशक्तिर्विन्दुर्माया कर्म चेति । तिरोधायक-शक्तिस्तु चिद्रूपाऽपि पाशानुग्राहकत्वात् पाश इत्युपचर्यते।' (शैवपरिभाषा)

आणवमल, मायामल र कार्ममलबाट बद्ध आत्मा संसारी हुन्छ, विषयी हुन्छ, क्षेत्री, क्षेत्रज्ञ, भोक्ता, पशु, ज्ञानी, भोगी, शरीरी हुन्छ । यो बद्ध आत्मा शिवात्मक दीक्षा नभैकन मुक्त हुनसक्तैन । शिवका अनुग्रहले

शैवी दीक्षा पाएर भवबन्धनबाट यो मुक्त हुन्छ ।

ज्ञानादिभिर्न मोक्षोऽस्ति तस्माद् दीक्षैव मोचनी ।
सर्वस्यानुग्रहकरः शिवो देवः स्वभावतः ।।
दीक्षया चात्र मुक्तिः स्यात् सर्वेषां प्राणिनामिह ।
तस्मात् तु शिवसामर्थ्यान्मुक्तिः सर्वत्र सिद्ध्यति ।।

गुरुले जसरी सुतेका शिष्यलाई दण्डद्वारा उठाउँदछन्, त्यसैगरी मोहनिद्रामा सुतेका आत्मालाई शिवले ब्युँझाएर शिवत्वमा दीक्षाद्वारा पुऱ्याउँदछन् ।

गुरुर्यथाऽग्रतः शिष्यान् सुप्तान् दण्डेन बोधयेत् ।
शिवोऽपि मोहनिद्रायां सुप्ताँच्छक्त्या प्रबोधयेत् ।।

(किरणसूत्र)

किनभने दीक्षा नै मलनाश गर्ने एकमात्र तत्त्व हो ।

दीयते ज्ञानं सद्भावः क्षीयते च मलत्रयम् ।
दीयते क्षीयते चेति दीक्षाशब्दो द्विधोच्यते ।।

आत्माले आफ्नो सामर्थ्यले मात्र मोक्ष प्राप्त गर्न सक्तैन, यसका लागि स्वयं शिवको अनुग्रह चाहिन्छ ।

न मोक्षं याति पुरुषः स्वसामर्थ्यात् कदाचन ।
मुक्त्वा प्रसादं देवस्य शिवस्याऽशिवहारिणः ।।

शिवदीक्षाद्वारा अवस्था शुद्ध भएपछि –

अशरीरं यदात्मानं पश्यति ज्ञानचक्षुषा ।
तदा भवति शान्तात्मा सर्वतो विगतस्पृहः ।।

मुक्त आत्माले आफूलाई शरीरी देख्तैन, ज्ञानचक्षु खुल्दछन् उसका र आफूलाई चैतन्य देख्न थाल्दछ । ऊ सर्वदा शान्त रहन्छ, मोहादिको पाशमा पर्दैन । स्पृहा कुनै पनि रहँदैन । अनि – अत्यन्त

तेजसित वहने वायु पनि आकाशलाई छोडेर जान नसकेजस्तै विषयमा बसेर पनि ज्ञेय तत्त्व शिवतत्त्वमा नै ऊ सदासर्वदा रहिरहन्छ ।

अनि शरीरपात भएपछि, घडाभित्र बालिएको बत्ती घडा फुट्ता सर्वत्र प्रकाशित भएजस्तै देहपात भएपछि आत्मा सर्वज्ञ आत्मै आत्मा प्रकाशित भैरहन्छ ।

भग्ने घटे यथा दीपः सर्वतः संप्रकाशते ।
देहपाते तथा चात्मा भाति सर्वत्र सर्वदा ।।
एवं देहनाशे पराख्यातिर्घटनाशे तु दीपवत् ।

यसरी पशु पतिका अनुग्रहले पशुभावलाई त्यागेर पतिभावमा पुग्दछ -

पशुभावाद् यदातीत्य पतिभावेन तिष्ठति

तर यौटा कुरा यहाँ विचारणीय के छ भने - सिद्धान्त शैव दर्शनअनुसार शिवसमान हुनु नै मोक्ष होइन, बरु शिवका साथ यौटै भएर शिवानन्दको अनुभव गर्नु नै मोक्ष हो । आफूमा परमशिवको अभेद छ (आफै परमशिव हुँ) भन्ने ज्ञानै मोक्षको कारण हो । यही कुरा सर्वज्ञानोत्तरमा वर्णित छ -

अहमेव परो देव सर्वमन्त्रमयः शिवः ।
सर्वमन्त्रव्यतीतश्च सृष्टिसंहारवर्जितः ।।
मया व्याप्तमिदं सर्वं दृश्यादृश्यं चराचरम् ।
अहमेव जगन्नाथो मत्तः सर्वं प्रवर्त्तते ।।
अनेकाकारसम्भिन्नं विश्वं भुवनसञ्चयम् ।
शिवाद्यवनिपर्यन्तं तत्सर्वं मयि संस्थितम् ।।
अहमात्मा शिवो ह्यन्यः परमात्मेति यः स्मृतः ।
एवं यो भावयेन्मोहान्न शिवत्वमवाप्नुयात् ।।
यः शिवः सोऽहमेवेति अद्वैतं भावयेत् सदा ।।

परमसुखानुभूति

सारांशमा भन्दा शिवका सम्पूर्ण गुण आफैमा देख्नु, आफू र शिवमा फरक नदेख्नु र 'शिव नै म हूँ' भन्ने भावना सधैं राख्नाले शिवका अनुग्रहले शिव नै होइन्छ, अनि शिवानन्दको अद्वितीय रसले ओतप्रोत होइन्छ । यही मोक्ष हो । शिवसँग एकात्मता प्राप्त गर्दा जुन सुख हुन्छ त्यो त निर्विकल्प, अचिन्त्य, हेतुदृष्टान्तै नभएको अनुपम हुन्छ, त्यही परम सुख हो । अस्तु ।

ॐ तत्सत् ।

(प्रस्तुत लेख श्री उमापतिशिवाचार्यद्वारा संग्रहित शतरत्न सङ्ग्रहमा आधारित सिद्धान्त शैवदर्शनको संक्षिप्त सार हो । – लेखक)

पाशुपतदर्शन : संक्षिप्त पूर्व इतिहास र साहित्य

पाशुपतदर्शनका ग्रन्थकार

[१]पाशुपतदर्शनका प्रमुख प्रवर्तक ग्रन्थकार लकुलीश हुन् । यिनी भगवान् रुद्रका अठ्ठाइस योगाचार्य अवतारहरूमा अन्तिम हुन् । लकुलीश शिवका अवतार हुन् भन्ने कुराको प्रमाण शिवपुराण, वायुपुराण र कारवणमाहात्म्यलाई मान्नुपर्दछ।

[२]भगवान् शिवका अवतारस्वरूप अठार विद्यागुरुहरू छन् - लकुलीश (नकुलीश), कौशिक, गार्ग्य, मैत्र्य, कौरुष, ईशान, पारगार्ग्य, कपिलाण्ड, मनुष्यक, अपरकुशिक, अत्रि, पिङ्गलाक्ष, पुष्यक, बृहदाचार्य, अगस्ति, सन्तान, राशीकर (कौण्डिन्य) र विद्यागुरु । यी तीर्थेश हुन् र यिनीहरूलाई पाशुपतहरूले समय समयमा मान्नुपर्ने हुन्छ । यीमध्ये पहिला र प्रमुख विद्यागुरु लकुलीश भएकाले यिनैका नाममा लकुलीश वा नकुलील पाशुपत दर्शन भन्ने नाम परेको हो ।

लकुलीशको मूर्ति राजपुतानामा पाइएको छ । उनको एक हातमा लठ्ठी र अर्कोमा बीजपुर फल देखिन्छ । लठ्ठीलाई संस्कृतमा लगुड भन्दछन् । यसैले पनि हो कि यिनको नाम लगुडेश भन्ने परेको छ । यिनका अलि अलि मात्र फरक देखिने अरू पनि नाम छन् - लकुली, लाकुली, लकुलीश, लकुलीश्वर, नकुलीश, लगुडेश आदि ।

कार्यावतार तीर्थ (बडौदा राज्य) कारवण नाम भएको ठाउँमा जन्मेका लकुलीशले उज्जयिनी आएर आफ्ना शिष्यहरू बढाए । त्यही कुशिक अथवा कौशिकले आएर उनीसँग यौटा रोगीले वैद्यसँग परामर्श गरेजस्तै ईश्वर, संसार, मोक्ष आदिका बारेमा प्रश्न गरे । उनैलाई लकुलीशले उपदेश गरेको विद्या

१. *पाशुपतसूत्र, कौण्डिन्यभाष्य, पृ. ३-४ ।*

२. *गणकारिका, षड्दर्शनसमुच्चय ।*

पाशुपतसूत्रका रूपमा पाशुपतमतको स्रोत भएर रहेको हामी पाउँछौं ।

मनुष्यरूपी भगवान् ब्राह्मणकायमास्थाय कायावतरणेऽवतीर्णः। तथा पद्भ्यामुज्जयिनीं प्राप्तः। अन्त्याश्रमप्रसिद्धं लिङ्गमास्थाय प्रवचनमुक्तवान्। कुशिकभगवान् अभ्यागत्य वैद्यवदवस्थितः आतुरवदवस्थितः शिष्यः पृष्टवान् ।

यिनको समय अथवा भनौं पाशुपतसूत्रको रचना काल ईशाको १०५ देखि १३० वर्षसम्म मानिन्छ ।

पाशुपत ग्रन्थ र विषय

१. पाशुपतसूत्र

पाशुपतसूत्र लकुलीश पाशुपतमतको स्रोत मूलग्रन्थ हो । यसमा पाँच अध्याय छन् । पहिलोमा चवालीस, दोस्रोमा सत्ताइस, तेस्रोमा छब्बीस, चौथोमा चौबीस र पाँचौमा सतचालीस सूत्रहरू छन् । यसमा प्रतिपादित विषयवस्तुलाई संक्षेपमा संकलित गरेर भन्नुपर्दा यसमा वेदमा वर्णित शिवका पाँच मन्त्रहरूको रहस्यार्थ, शिवप्राप्तिका निमित्त योग र विधिहरू, शिवध्यान र उपासनाका प्रक्रियाहरूको वर्णन यस ग्रन्थमा छ।

२. कौण्डिन्यभाष्य

यसै ग्रन्थका माथि पञ्चार्थभाष्य नामक राशीकर कौण्डिन्यको भाष्य छ । भाष्यकार कौण्डिन्यको नाम राशीकर हो र यिनी पाशुपतका विद्यागुरु परम्परामा सत्रौं स्थानमा पर्दछन् ·। यिनको समय ईशाको पूर्वभाग (५०५ देखि ५३० ईशवीय वर्ष) तिर पर्दछ भन्ने अनुमान गरिन्छ ।

पाशुपतसूत्रको अर्थ गूढ छ । तर भाष्यकारले स्पष्ट र सरल रूपमा पाशुपतसूत्रको अर्थ गरेर यसलाई निकै बोधगम्य बनाइदिएका छन् ।[३] यसको भाष्यको नाम पञ्चार्थभाष्य हो ।

३. *अर्थातिशयसम्पन्नं ज्ञानातिशयमुत्तमम् ।*
पञ्चार्थं क्रियते भाष्यं कौण्डिन्येनानुपूर्वशः ।। पा.सू. कौ.भाष्य

पाशुपतसूत्रको व्याख्या भएकोले कौण्डिन्य भाष्य स्वयंमा यौटा मौलिक कृति नभए पनि पाशुपतमतका पाँच तत्त्व कार्य, कारण, योग, विधि र दुःखान्तका विस्तृत र विश्लेषणात्मक विचार यस भाष्यमा पाइन्छ । साँच्ची नै भन्ने हो भने यसै भाष्यका आधारमा नै पाशुपत मतका सम्पूर्ण आचार सम्पादन हुन्छ र यसैलाई पाशुपत ज्ञानको स्रोत र प्रमाण मानिन्छ ।

३. विशुद्धमुनिरचित यमप्रकरण

यी ग्रन्थका नाम गणकारिकाको परिशिष्ट भागमा उद्धृत छन् । यम प्रकरण ईशवीय वर्ष सातौं शताब्दीमा रचिएको हो भन्ने अनुमान छ।

[४]यम प्रकरणका रचयिता विशुद्ध मुनि भाष्यकार कौण्डिन्यभन्दा पछिका हुन् र उनले भाष्यकारले भाष्यमा प्रथम अध्यायमा बताएकै यम प्रकरणलाई पद्यबद्ध बनाएका हुन् । यसका एकाइस श्लोकमा अहिंसा, ब्रह्मचर्य, सत्य, असलव्यवहार, आत्रेय, गुरुसेवा, शौच, आहारलाघव (थोरै खानु), अक्रोध र अप्रमाद यी दशवटा उपभेदसहित प्रतिपादित गरिएका छन् ।

४. आत्मसमर्पण

विशुद्ध मुनिद्वारा नै रचित[५] यो ग्रन्थ तेह्र श्लोकमा निबद्ध, आफ्नो नाम अनुरूप भगवान्को स्तुति हो । यसमा अठार पाशुपत योगाचार्यहरूको नाम लिएर पाशुपत–मार्गबाट अविरुद्ध वैराग्यप्राप्ति, समभावप्राप्ति, पञ्चार्थविज्ञाननामका कामनाले भगवान्को स्तुति गरिएको छ ।

५. गणकारिका

पाशुपतमतको परम्परामा गणकारिकाको स्थान महत्त्वपूर्ण मानिन्छ। गणकारिकाका रचयिता भासर्वज्ञ हुन् वा हरदत्त आचार्य यसमा ऐकमत्य

४. *शैवदर्शन बिन्दु, पृ. ३१*

५. *गणकारिका सं. १, परि. द. २५–२६ ।*

त छैन । कतैबाट गणकारिकाका रचयिता हरदत्त आचार्य हुन् भन्ने देखिन्छ त कतैबाट भासर्वज्ञ । भासर्वज्ञ पनि न्यायसारकर्ता नै हुन् भने यिनको समय ईशवीय दशौं शताब्दी हुनसक्तछ ।

गणकारिका यद्यपि सानो र सारगर्भित ग्रन्थ भएकोले यसको रहस्यार्थ प्रकाशन गर्ने खालको रत्नानामक टीका ज्यादै महत्त्वपूर्ण छ । यो टीका पनि भासर्वज्ञ आफैले बनाएका हुन् भन्ने पनि उक्ति छ । यसमा खासगरी लाभ, मल, उपाय, देश, अवस्था, विशुद्धि, दीक्षाकारी बल यी आठ पञ्चकको साङ्गोपाङ्ग व्याख्या र गुरुका नौ गणको वर्णन अर्थात् पाशुपतमतको समष्टिगत व्याख्या गरिएको छ ।

यसैमा सत्कार्यविचार, टीकान्तर, संस्कारकारिका आदिको पनि उल्लेख त पाइन्छ तर ग्रन्थको अभावमा विषयको ज्ञान गर्न उति सजिलो छैन ।

६. कारणपदार्थ

यस ग्रन्थको रचयिता को हो स्पष्ट छैन । तर यसमा पति पदार्थको वर्णन राम्ररी गरिएको छ ।

७. षड्दर्शनसमुच्चय

आचार्य हरिभद्र सूरीको यो ग्रन्थ विविध दृष्टिले अध्येय र मननीय छ । यिनको समय ईशवीय वर्ष ९६० भन्ने विद्वान्हरूको मत छ ।

८. षड्दर्शनसमुच्चय

षड्दर्शन समुच्चय अर्को पनि छ राजशेखरको । यी दुवै पुस्तक पाशुपतमत छोटकरीमा बुझ्न बडो सहायक र प्रामाणिक मानिन्छन् ।

९. षड्दर्शनसंग्रह

माधवाचार्यको षड्दर्शन संग्रहमा संकलित नकुलीश पाशुपतदर्शन यसको साङ्गोपाङ्ग परिचायक नभएता पनि संक्षेपमा सरल ढंगबाट यसको ज्ञान प्राप्त गर्ने अपूर्व माध्यम बन्न पुगेको देखिन्छ ।

पाशुपतदर्शनको उद्भव र विकास

[१]पशुपतिको नाम वैदिक साहित्यमा धेरै ठाउँमा पाइन्छ । तर त्यहाँ पशुपति शब्द रुद्र शब्दको पर्यायका रूपमा लिइएको छ । आज जस्तो पशुपतिमतमा उल्लेख भएबमोजिम पशुपतिको स्वरूपसँग त्यो मेल खाँदैन । महाभारतमा पनि पशुपतिमतको उल्लेख भएको देखिन्छ । त्यसबेला यो मत सम्प्रदायका रूपमा विकसित भएको थियो भन्ने विद्वान्हरूको अवधारणा छ ।

वायु पुराणमा शिवलिङ्गका उपासकहरू चार प्रकारका छन् भन्ने कुरा प्रतिपादन गरिएको छ – शैव, पाशुपत (महापाशुपत), कालदमन र कापालिक । यी चारैवटा मतहरू स्वयं ब्रह्माबाट प्रादुर्भूत भएका हुन् भन्ने त्यहाँको भनाइ हो ।[२]

[३]शिवपुराणमा पनि श्रीकण्ठ नाम भएका महेशले उपदेश गरेको भनी उपमन्यु मुनिले कृष्णलाई बताएको पाशुपतज्ञान विस्तारका साथ निर्देश गरिएको छ । त्यहीं अठार प्रकारका महेशावतार योगाचार्यहरू एक सय बाह्र तिनका शिष्यहरूको नाम पाइनुका साथै ती पाशुपत भएको प्रमाण, पाशुपतहरूका लक्षणहरू वर्णन गरिएका छन् ।[४] त्यसबेला पनि पाशुपतमत साङ्गोपाङ्ग रूपमा सम्प्रदायरूपले नै विकसित भएको थियो भन्ने कुरा निर्विवाद छ ।

[५]वायु र [६]कूर्मपुराणहरूमा पनि यसको उल्लेख हुनुले पाशुपत मत

---

१. *अथर्वसंहिता, ११-२/२८, वाजसनेय संहिता १६-२८, पारस्करगृह्यसूत्र २, ८, आश्वलायन गृह्यसूत्र ४८, गोपीनाथकविराजकृत आसपेक्ट अफ इण्डियन् थट् पृ. १६८, १६९ टिप्पणीमा उद्धृत ।*

२. *त्यहीं पृ. १६८, १६९ ।*

३. *शिवपुराण २,४-६*

४. *शिवपुराण, वायवीयसंहिता ९ अ.*

५. *अ. २३ भनी पाशुपतसूत्रको टिप्पणी, पृ. ३ ।*

६. *अ. ५३ भनी त्यहीं ।*

पुराणकालिक हो भन्ने कुरा राम्ररी सिद्ध गरिदिएको छ ।

नारदीय ब्रह्मसूत्रको दोस्रो अध्यायको दोस्रो पाउको सातौं अधिकरण पति- अधिकरण अथवा पाशुपत- अधिकरणका रूपमा प्रसिद्ध छ । त्यहाँ यस मत खण्डनको प्रयास गरिएकाले ब्रह्मसूत्रको निर्माणकालमा पनि पाशुपत-मत र त्यसका सिद्धान्तहरूको प्रसार एवं विकास राम्ररी भइसकेको मात्र नभै विपक्षीहरूले आफ्नो मतको प्रसारका निमित्त यसको खण्डन गर्नै पर्ने बाध्यता भैसकेको स्थिति देखिन्छ ।

शिव, वायु, कूर्म पुराणहरूमा उपलब्ध योगाचार्य र तिनका शिष्यहरूको नामावलीमा अत्रि, गोतम, वशिष्ठ, सनकादि, कश्यप, जैमिनी, कणाद, अक्षपाद आदि मन्त्रद्रष्टा वा दार्शनिक तत्त्ववेत्ताहरूको नामसङ्कीर्तन भएको देख्दा र तिनीहरू पाशुपत भएको बताइँदा पाशुपत मतको साँच्चीको उद्भवकाल पत्ता लाउन गाह्रो भए तापनि यसको अतिप्राचीनतामा सन्देह भने रहँदैन ।

अथर्व शिरः उपनिषद् र अरू धेरै उपनिषद्हरूमा यस मतको, पाशुपत तत्त्वज्ञानको, पाशुपत आचारहरूको विश्लेषण र व्याख्या धेरै धेरै पाइनाले उपनिषद्कालमा पनि यसको राम्रो प्रचार-प्रसारमात्र नभएर यसको स्थान ज्यादै माननीयरूपमा रहेको प्रमाणित हुन्छ ।

यसकारण वैदिककालमा वैदिक साहित्यका रूपमा पाइएको, सुनिएको पाशुपति शब्द, औपनिषत्कालमा व्यवस्थापित भएको पाशुपत ज्ञान विकसित हुँदै पुराणकालमा साङ्गोपाङ्ग समुदायका रूपमा खडा भएको हुँदा मतमतान्तरहरूले आफ्ना मतका पुष्टिका निमित्त यसको खण्डन गर्नैपर्ने, नगरि नहुने भइसकेको देखिन्छ ।

शिव र कूर्म पुराणहरूमा भगवान् शिवका अठार अवतार योगाचार्यहरूको नाम र तिनीहरूमा प्रत्येकका चार शिष्यहरू रहेको कुरा थाहा भैसक्यो । तीमध्ये पहिला गुरु श्वेताचार्य र अन्तिम चाहिँ लकुलीश (लकुली, नकुलीश अथवा लगुडेश पनि) थिए भन्ने उल्लेख पाइन्छ । कूर्मपुराण अनुसारमा श्वेताचार्य कै शिष्य अरू सत्र जना थिए भन्ने उल्लेख भएकाले त लकुलीशभन्दा पहिलेपनि

पाशुपत ज्ञानले अध्ययन–अध्यापनका क्रममा राम्रो मान्यता पाइसकेको थियो भन्ने सिद्ध हुन्छ ।

आज भोलि प्रचलित पाशुपतज्ञान भने लकुलीश (नकुलीश) ले स्थापित गरेकाले उनैका नाममा लकुलीश (नकुलीश) पाशुपतमत वा पाशुपतदर्शनका रूपमा प्रसिद्ध छ ।

ब्रह्मसूत्रकारले खण्डन गर्न खोजेको पाशुपत नकुलीश पाशुपत मत नै हो कि होइन भन्ने विषयमा अलि विवाद छ । कुनै विद्वान् भन्छन् – 'पत्युरसामञ्जस्यात्' भनेर ब्रह्मसूत्रको द्वितीय अध्यायको द्वितीय पादमा पत्यधिकरण अन्तर्गत खण्डन गर्न खोजिएको पाशुपत मत द्वैत हो । लकुलीशले स्थापित गरेको पाशुपत मत भने द्वैताद्वैत हो ।

यी दुवैमा ईश्वरस्वरूप र मोक्षको लक्षणलाई लिएर पनि एक मत छैन । द्वैत पाशुपत मतमा ईश्वर निमित्त कारण मात्र हो, उपादान होइन, मोक्ष पनि दुःखान्त मात्र हो । तर लकुलीश पाशुपत मतमा ईश्वर निमित्त र उपादान कारण दुवै हो र मोक्ष दुःखान्त एवं ऐश्वर्य प्राप्ति हो आदि । यसले गर्दा ब्रह्मसूत्रकारले खण्डन गरेको पाशुपत मत लकुलीश प्रतिपादित पाशुपत मत होइन भन्ने अवधारणाले जन्म पाएको देखिन्छ । तर यो कुरा त्यति युक्तिसँगत छैन । दुवैमा तत्त्वका दृष्टिले फरक छैन ।

शंकराचार्य भगवत्पादले पनि पञ्च पदार्थ (कार्य, कारण, योग, विधि, दुःखान्त) को उपस्थापन गरेर खण्डन गरेका छन् । अप्पय दीक्षितको मतमा पनि यो खण्डित मत नाकुल अथवा लकुलीश पाशुपत मत नै हो । यसकारण ब्रह्मसूत्रकारले खण्डन गर्न खोजेको पाशुपत मत लकुलीश पाशुपत नै हो, यसभन्दा भिन्न कुनै अर्को पाशुपत मत होइन । यति भएर पनि यहाँनेर यौटा कुरा भने निश्चित छ ।

पाशुपतमत लकुलीशले स्थापना गरेको र तिनले नै मौलिकरूपमा चलाएको भने होइन । तीभन्दा पहिलेका ऋषिहरूले पनि यसको उल्लेख र प्रतिपादन समेत गरेका छन् । लकुलीशले त आफूभन्दा पहिलेका तत्त्वदर्शी विद्वान्हरूले

उपदेश गरेका सिद्धान्तहरूको संकलन र समुपबृंहण गरेर व्यवस्थितसम्म गरेका हुन् भन्ने कुरा बिर्सनु हुन्न ।

[७]शिवपुराणमा पनि शैवधर्मलाई ज्यादै ठूलो श्रेष्ठ व्यक्तिहरूले अनुष्ठान गरेका, उनीहरूबाट परम्परागतरूपमा प्राप्त, इतिहास र पुराणद्वारा उपबृंहित भनेर पाशुपतशास्त्रलाई वेदको सारस्वरूप मान्दै युगीनरूपमा परमेश्वर शिवले नै योगाचार्यको स्वरूप लिएर प्रवर्तित गरेका हुन् भन्ने भाव व्यक्त गरिएको छ ।

[८]पाशुपतमतका प्रवक्ताहरूमा सन्, दधीच, अगस्त्य र उपमन्यु यी चार हुन् । यी संहिताका प्रवर्तक हुन् । यिनका परम्परामा हजारौं अरू गुरुहरू भए । पाशुपतमतलाई श्रेष्ठ अनुष्ठान एवं योग भनिन्छ । पाशुपतहरूका पाँच तत्त्वहरूमा अनुष्ठान प्रधान योग पनि यौटा तत्त्व हो । यसै योगलाई शिवका नामाष्टकमय योग भन्ने गरिन्छ । यसैले पाशुपतमत योगमत हो र यसका प्रवक्ताहरू भने योगाचार्य हुन् ।

[९]शिवपुराणमै श्वेत, सुतार, मदन, सुहोत्र, कंक, लौगाक्षि, जैगीषष्य, दधिवाह, ऋषभ, मुनिरुग्र, अत्रि, सुपालक, गौतम, वेदशिरा मुनि, गोकर्ण, गुहावासी, शिखण्डी, जयमाली, अट्टहास, दारुक, लांगुली, महाकाल, शूली, दण्डी, मुण्डीश, सविष्णु, सोम शर्मा र लकुलीश यी अठ्ठाइस योगाचार्यहरूको नाम परिग्रहण गरेर लकुलीशलाई पनि शिवकै अवतारमा गनिएको छ ।

[१०]लकुलीश पाशुपतमतको उद्भव काल केही विद्वान्हरूले ईशाको दोस्रो शताब्दी मानेका छन् । यो कुरा मान्नुका आधार मथुराको स्तम्भलेख, सोमनाथ शिलालेख, वायुपुराण, लिङ्गपुराण, सूतसंहिता, राजशेखरको षड्दर्शनसमुच्चय आदिमा पाइने लकुलीश पाशुपतमतको गुरु–शिष्यपरम्परामा आधारित नै हुन् ।

---

७. *शिवपुराण, वायवीयसंहिता, पूर्वभाग, अ. ३२, श्लो. ९–२४ ।*

८. *शिवपुराण, वायवीयसंहिता, पूर्वभाग, अ. ३२, श्लो. १५–१६*

९. *शिवपुराण, वायवीयसंहिता, उत्तरभाग, अ. ९, श्लो. २–६ ।*

१०. *शैवदर्शनबिन्दु –कान्तिचन्द्र पाण्डेय पृ. २७, २८ ।*

शिववन्दना

नमस्कारात्मक मङ्गल

स्कन्दपुराण अन्तर्गतको सूतसंहितामा प्रारम्भका दुई श्लोकहरूमा भगवान् शिवको नमस्कारात्मक मङ्गल गरिएको छ –

ऐश्वरं परमं तत्त्वमादिमध्यान्तवर्जितम् ।
आधारं सर्वलोकानामनाधारमविक्रियम् ।।
अनन्तानन्दबोधाम्बुनिधिमद्भुतविक्रमम् ।
अम्बिकापतिमीशानमनिशं प्रणमाम्यहम् ।।

परमेश्वरका रूपमा शिव

भगवान् शिव ईश्वर हुनुहुन्छ । ऐश्वर्य जसमा रहन्छ, त्यही ईश्वर भनिन्छ। ऐश्वर्य हो स्वतन्त्रता, यो हो – कुनै पनि कर्म गर्दा कसैको प्रभावमा पर्न नपर्नु, कसैको अधीनमा रहन नपर्नु । भगवान् शिव समस्त चराचर जगत्का सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता हुनुहुन्छ, त्यतिमात्र होइन, उहाँ तिरोभाव र अनुग्रहका पनि कर्ता हुनुहुन्छ । सृष्टि, स्थिति, संहार, तिरोभाव र अनुग्रह यिनैशिवका पञ्चकृत्य हुन् ।

यी पञ्चकृत्य सम्पन्न गर्न भगवान् शिव स्वयं स्वतन्त्र हुनुहुन्छ । उहँ कसैको अधीनमा हुनुहुन्न । यही शिवको स्वतन्त्रता हो, यही स्वतन्त्रता उहाँको ऐश्वर्य हो । यही ऐश्वर्य शिवमा रहेको हुनाले शिव ईश्वर हुनुहुन्छ । ईश्वर पदको यो व्याख्या आगमको हो ।

ईश्वर शब्दको व्युत्पत्तिलभ्य अर्थ चाहिँ 'व्यापक' भन्ने हो । यसैले ईश्वर विभु हुन्छ, व्यापक हुन्छ । त्यसैले श्रीमद्भगवद्गीताको यो वचनले – 'ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति' ईश्वरको व्यापकताको पुष्टि गर्दछ ।

नकुलीश पाशुपतदर्शनमा यौटा सूत्र छ – **'ईश्वरः सर्वभूतानाम्'** (५/४३) यस सूत्रको व्याख्या गर्दै भाष्यकार कौण्डिन्य लेख्तछन् – **'अत्र निरतिशयैश्वर्येण ईश्वरः। पुरुषः चैतन्यवानित्यर्थः। आह – कस्यायम् ईश्वरः। तदुच्यते सर्वभूतानाम्। अत्र चेतनाचेतनेषु सर्वशब्दः।'** आदि।

यस भाष्यको तात्पर्य हो – समस्त चेतन र अचेतन, स्थावर जङ्गम, चराचर जगत्का ईश्वर (सर्वव्यापक) निरतिशय – असीम, अनन्त, अविच्छिन्न ऐश्वर्यले युक्त भएर रहेका छन्। ईश्वरशब्दकै अर्को अर्थ हो – ईशान। ईशानपदको अर्थ हो – प्रभु, धाता, नियन्ता। यिनै सवै विशेषणले समन्वित भगवान् शिव हुनुहुन्छ, त्यसैले उहाँ ईश्वर हुनुहुन्छ।

पातञ्जल योगशास्त्रले ईश्वरको लक्षण बताउँदछ – **'क्लेश-कर्म-विपाकाऽऽशयैरपरामृष्टः पुरुषविशेष ईश्वरः।'** अविद्या–अस्मिता, राग,द्वेष र अभिनिवेश यी पाँच क्लेशले, पुण्य र पापरूप कर्मले, तिनका फल जाति, आयु र भोगरूप विपाकले र वासनारूप आशयले कत्ति पनि नछोएको पुरुष नै ईश्वर हो।

शिव ईश्वर हुन् – उहाँमा क्लेश छैन, उहाँलाई पाप र पुण्यरूप कर्मले छुँदैन, त्यसको फल भोग र त्यसको वासनाले पनि उहाँ अपरामृष्ट हुनुहुन्छ। यही उहाँको ऐश्वर्य हो। यसैले उहाँलाई ईश्वर भनिएको हो।

परमतत्त्वका रूपमा शिव

शिवलाई फेरि **परमतत्त्व** भनिएको छ। तत्त्व–पदको व्याख्या विशेषतः न्यायशास्त्रमा पाइन्छ। न्यायसूत्रको वात्स्यायन भाष्यमा भाष्यकार भन्दछन् – **'सतश्च सद्भावः, असतश्च असद्भावः। सत् – सत् इति गृह्यमाणं यथाभूतम-विपरीतं तत्त्वं भवति। असच्च असदिति गृह्यमाणं यथाभूतमविपरीतं तत्त्वं भवति।'** (वात्स्यायन भाष्य १/१/१, प्रस्तावना)

जुन वस्तु जो हो, जस्तो छ त्यसको त्यस्तै स्वरूप तत्त्व हो। सत् पदार्थ हो भने सद्भाव, असत् पदार्थ हो भने असद्भाव नै तत्त्व हो। अर्थात् याथातथ्य, यथार्थता, स्वस्वरूपता यही तत्त्व हो। आत्माको आत्मत्व तत्त्व हो, शरीरत्व आदि होइन, शरीरको शरीरत्व तत्त्व हो अरू होइन। आत्माको यथाभूत अविपरीत

तत्त्व आत्मा हो, शरीरत्व आदि चाहिँ विपरीत भएको हुनाले तत्त्व हुँदैन ।

शिव नित्य, शुद्ध, बुद्ध, मुक्त, सत्, चित्, आनन्दस्वरूप परब्रह्म हुनुहुन्छ, त्यही भाव तत्त्व हो । शिवलाई ब्रह्मकै रूपमा लिनु, बुझ्नु, जान्नु तत्त्वज्ञान हो । उहाँको व्यापकतालाई संकुचित गरेर मानवबुद्धिले उपाधि विशिष्ट शरीरी मान्नु, संसारीको रूपमा बुझ्नु तत्त्व होइन । उहाँको ब्रह्मभाव नै तत्त्व हो, अरू त सव उपाधिमात्र हुन् । फेरि शिव त परम तत्त्व हुन् ।

तत्त्व पनि दुई प्रकारको हुन्छ – पर र अपर । विभिन्न शास्त्रका, विभिन्न दर्शनका विभिन्न मान्यता छन् । न्यायले प्रमाण प्रमेय आदि सोह्र तत्त्व मान्दछ, वैशेषिकले द्रव्य, गुण आदि छ तत्त्व, साङ्ख्यले प्रकृति–पुरुष आदि पच्चीस तत्त्व, योगले ईश्वरसमेत छब्बीस तत्त्व, आगमले छत्तीस तत्त्व, पाशुपत सम्प्रदायले कार्य कारण आदि पाँच तत्त्व, शैव सिद्धान्तले पति, पशु, पाश तीन तत्त्व आदि आदि । तर यी सबै तत्त्वहरू परतत्त्व होइनन् – अपरतत्त्व हुन् ।

यी तत्त्वहरू जहाँ जे जति छन्, सबैभन्दा पर, ती सबका अधिष्ठानस्वरूप परमतत्त्व ब्रह्मतत्त्व हो, त्यही शिवतत्त्व हो । जसले जुन तत्त्व मान्दछ त्यो शिवतत्त्वभन्दा पृथक् छैन । यौटै वस्तुलाई विभिन्न दृष्टिले हेरेर बेग्लाबेग्लै नाम दिएजस्तै मात्र हो, वस्तुतः सवै यौटै तत्त्व हो, त्यो हो ब्रह्मतत्त्व- शिवतत्त्व । त्यही परमतत्त्व हो । यही कुरा तत्त्वपञ्चकमा छ – **शिवात्मकमिदं सर्वं शिवादन्यन्न विद्यते ।**

उपनिषद्हरू त शिवलाई परम ब्रह्मतत्त्वका रूपमा सबै नै मान्दछन् । यसैले शिवलाई परमतत्त्व भनिएको हो । शिव आदि, मध्य र अन्तले वर्जित छन् । पातञ्जलयोगदर्शनमा यौटा सूत्र छ – **'स एव पूर्वेषामपि गुरुः कालेनानवच्छेदात् ।'** (१/२६)

यसै सूत्रको व्याख्या गर्दै व्यासभाष्य भन्दछ – **पूर्वे हि गुरवः कालेनावच्छिद्यन्ते । यत्रावच्छेदार्थेन कालो नोपावर्तते स एष पूर्वेषामपि गुरुर्यथाऽस्य सर्गस्यादौ प्रकर्षगत्या सिद्धस्तथाऽतिक्रान्तसर्गादिष्वपि प्रत्येतव्यः ।'** (व्यासभाष्य सू. १/२६)

यसैगरी भोजवृत्ति भन्दछ – **'आद्यानां स्त्रष्टृणां ब्रह्मादीनामपि स**

गुरुरुपदेष्टा । यतःस कालेन नावच्छिद्यते, अनादित्वात् । तेषां पुनरादिमत्त्वादस्ति कालेनावच्छेदः ।' (भोजवृत्ति सू. १/२६)

आदिमध्यान्तवर्जित शिव

सबैले गुरु मानेका, सवका पूर्वज, देवता पनि कालको प्रभावमा पर्दछन्। तर कहिल्यै कालका प्रभावमा नपर्ने, कालले कवलित गर्नै नसक्ने तिनका पनि गुरु हुन्छन्, ती हुन् ईश्वर । ईश्वरलाई सामान्य व्यक्तिलाई झैं कालले प्रभावित गर्न सक्तैन; किनभने ऊ अनादि हुन्छ ।

जो जन्मन्छ, त्यो एक दिन मर्दछ – त्यो शाश्वत नियम हो । यो नियम अकाट्य छ । जन्म र मृत्युका बीचको अवधि नै मध्यभाग मानिन्छ । सामान्यतया देवता–मनुष्य, पशु, कीट, पतङ्ग किं बहुना, जडवस्तु पनि आदि, मध्य र अन्त्य अवस्थामा भएका पाइन्छन् । तर परमेश्वर न जन्मन्छ, न उसको मध्य छ, न अन्त्य । ऊ त्रिकालाबाध्य छ । भूत, वर्तमान र भविष्यत् कालका अवस्था विशेषका नाम हुन् । परमेश्वरलाई कालले प्रभावित गर्दैन भनेपछि उसको भूत पनि छैन, वर्तमान र भविष्यत् पनि छैनन् । अर्थात् ऊ जहिले पनि छ, पहिले पनि थियो, आज पनि छ र पछि पनि रहने छ ।

काल स्वयं पनि नित्यपदार्थ हो । नित्य जो हुन्छ – त्यो अजन्मा हुन्छ र अनन्त हुन्छ – अर्थात् आरम्भ र अन्त्य त्यसको हुँदैन । न्यायदर्शनले त्यसैले काललाई नित्य द्रव्य पदार्थ मानेको हो ।

काल जहिले पनि छ । भूत, वर्तमान र भविष्यत् त त्यसका उपाधि विशेषमात्र हुन् । यौटै काललाई उपाधिवशात् हिजो, आज र भोलि आदिमा अथवा त्यसैलाई लिएर ज्येष्ठ, कनिष्ठ आदि व्यवहार गरिन्छ ।

काललाई विभु अर्थात् व्यापक पनि मानिएको छ । जड चेतन आदि पिण्डसँग यसको सधैं सम्बन्ध रहने गर्दछ । न्यायसिद्धान्त मुक्तावली ग्रन्थको कारिका भन्दछ –

जन्यानां जनकः कालो जगतामाश्रयो मतः ।

संसारमा जन्मने जति पनि वस्तु छन्, सवैको जनक काल हो र समस्त

वस्तुको आधार पनि यही हो । यसैले यसलाई जगत्‌को आधार र कार्यमात्रका प्रति निमित्तकारण पनि भनिन्छ । किनभने जुन वस्तु संसारमा छ वा हुन्छ त्यसको सम्बन्ध कालसँग नभई छोड्‌दैन, त्यो कुनै न कुनै कालमा अवश्य रहेको हुन्छ ।

काललाई ईश्वरै हो, काल र ईश्वरमा फरक छैन भन्ने मत पनि छ । ईश्वर पनि जगत्‌मा जो कार्य हुन्छ त्यसको निमित्तकारण हुन्छ र काल पनि । क्षण, लव, निमेष, काष्ठा, कला, मुहूर्त, याम, अहोरात्र, अर्धमास (पक्ष), मास, ऋतु, अयन, संवत्सर, युग, कल्प, मन्वन्तर, प्रलय, महाप्रलय, जेजस्ता व्यवहार लोकमा हुने गर्दछन्, तिनको हेतु काल नै हो । यिनीहरूलाई काल र सिङ्गो उपाधिरहितलाई चाहिँ महाकाल भन्ने हो । वस्तुतः काल ईश्वर नै हो –

परस्य ब्रह्मणो रूपं पुरुषः प्रथमं द्विजः ।
व्यक्ताव्यक्ते तथैवान्ये रूपे कालस्तथा परम् ।।

(विष्णुपुराण १/२/१४)

कलन अर्थात् नियन्त्रण, ग्रहण, ज्ञान आदि गर्ने हुनाले काल नाम यसको हो।

कालः कलयते लोकेः कालः कलयते जगत् ।
कालः कलयते विश्वं तेन कालोऽभिधीयते ।।
कालस्य वशगाः सर्वे देवर्षिसिद्धकिन्नराः ।
कालो हि भगवान् देवः स साक्षात्परमेश्वरः ।।
सर्ग-पालन-हर्ता स कालः सर्वगतः समः ।
कालेन कल्प्यते विश्वं तेन कालोऽभिधीयते ।।
येनोत्पत्तिश्च जायेत येन वै कल्प्यते कला ।
सोऽन्तवच्च भवेत्कालो जगदुत्पत्तिकारकः ।।
यः कर्माणि प्रवश्येत प्रकर्षे वर्तमानके ।
सोऽपि प्रवर्त्तको ज्ञेयः कालः स्यात्प्रतिपालकः ।।
येन मृत्युवशं याति कृतं येन लयं व्रजेत् ।
संहर्त्ता सोऽपि विज्ञेयः कालः स्यात् कलनापरः ।।

कालः सृजति भूतानि कालः संहरते प्रजाः ।
कालः स्वपिति जागर्ति कालो हि दुरतिक्रमः ।।
काले देवा विनश्यन्ति काले चासुरपन्नगाः ।।
नरेन्द्राः सर्वजीवाश्च काले सर्वं विनश्यति ।।
त्रिकालात् परतो ज्ञेय आगन्तुर्गतचेष्टकः ।
तथा वर्षाहिमोष्णाख्यास्त्रयः काला इमे पराः ।।
तथा त्रयोऽन्येऽपि ज्ञेया उद्यन्मध्यास्तरूपिणः ।
सूक्ष्मोऽपि सर्वगः स वै व्यक्ताद्व्यक्तकरः शुभः ।।

(हारित)

गजहा दैत्यहा कालो लोकज्ञाता गुणाकरः ।

(महाभारतः)

निष्कर्षमा – काल भगवान् स्वयं हुन् । ती हुन् – महादेव साक्षात् ईश्वरः। तिनै जगत्को कलना गर्दछन् । उनी आफू चाहिँ सबै उपाधिरहित भएकाले उनको प्रारम्भ – मध्य र अन्त्य छैन । उनै जगत्का कारण र कारणका पनि कारण हुन् ।

सर्वाधार शिव

भगवान् शिवलाई सम्पूर्ण लोकको आधार भैकन पनि उनको चाहिँ कुनै चीज आधार नभएकोले उनलाई आधारहीन वा अनाधार भनिएको छ ।

ईश्वर काल हुन्, काल जगत्कै आधार हो, यसैले भगवान् स्वयं सर्वाधार हुन् भन्ने कुरा त एकदृष्टिबाट माथि पनि प्रतिपादित भैसकेको छ ।

'अहं कृत्स्नस्य जगतः प्रभवः प्रलयस्तथा ।'
'मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव ।'
'मया ततमिदं सर्वं जगदव्यक्तमूर्तिना ।
मत्स्थानि सर्वभूतानि न चाहं तेष्ववस्थितः ।'
'यथाकाशस्थितो नित्यं वायुः सर्वत्रगो महान् ।
तथा सर्वाणि भूतानि मत्स्थानीत्युपधारय ।।'

'सर्वभूतानि कौन्तेय प्रकृतिं यान्ति मामिकाम्'
मया भूतं चराचरम् ।'
'विष्टभ्याहमिदं सर्वमेकांशेन स्थितो जगत् ।'
'मयि सर्वं प्रतिष्ठितम् ।'

श्रीमद्भगवद्गीताका यी सबै वचनहरू ईश्वरलाई समस्त चराचर जगत्का आधार हुन् भन्ने तथ्य प्रमाणित गर्दछन् । गीताका दशौं अध्यायको विभूति योगले र एकादश अध्यायमा वर्णित भगवान्को विश्वरूपदर्शनले पनि यही निष्कर्ष प्रदान गर्दछ । यशोदाले कृष्णका मुखभित्र अनन्त ब्रह्माण्डको दर्शन गरिन् । अर्जुनले युद्धमा भगवान्को विग्रहमा विश्व-ब्रह्माण्ड नै देखे । महाकालसंहितामा गुह्यकालीको दिव्यरूपता प्रतिपादित छ । वेदान्तदर्शनले ब्रह्मलाई जगत्को अधिष्ठान बताएको छ । समस्त दर्शन जो ईश्वर मान्दछ, ईश्वरलाई नै जगत्का आधार मान्दछ । महर्षि वेदव्यासले ब्रह्मसूत्रको तेस्रो पादमा परमेश्वरलाई सर्वाधार बताउनुभएको छ – **द्युभ्वाद्यायतनं स्वशब्दात् ।** (१/३/९)

स्वशब्दवाच्य परमात्मा नै स्वर्ग, पृथिवी आदिका आधार हुन् । यही कुरा मुण्डकोपनिषद्मा प्रतिपादित छ –

'यस्मिन् द्यौः पृथिवी चान्तरिक्षमोतं मनः सह प्राणैश्च सर्वैः ।
तमेवैकं जानथ आत्मानमन्या वाचोविमुञ्चथामृतस्यैष सेतुः ।।

(मुण्डकोपनिषद् २/२/५)

जसमा स्वर्ग, पृथिवी, अन्तरिक्ष, सम्पूर्ण प्राण (प्राण, अपान, व्यान, उदान, समान एवं नाग, कूर्म, कृकर, देवदत्त, धनञ्जय) सहित मन पनि ओतप्रोत छ, त्यही परमात्मा हो । त्यसैलाई जान, अरू कुरा छोड । आत्मज्ञान नै अमृतत्वसम्म पुऱ्याउने पुल हो ।

पुनः ब्रह्मसूत्रमा भनिएको छ – **'अक्षरमम्बरान्तधृतेः'** (१/३/१०)

परब्रह्मपरमात्मा जो अक्षर छ (गीताले **अक्षरं ब्रह्म परमम्** भनेर परब्रह्मलाई अक्षर भनेको छ) उसैले आकाशपर्यन्त सम्पूर्ण जगत्लाई धारण गरेको छ ।

यही कुरा बृहदारण्यक उपनिषद्मा गार्गीको प्रश्नको उत्तर दिंदै महर्षि

याज्ञवल्क्यले उत्तरका रूपमा बताए – **एतद् वै तदक्षरं गार्गि, ब्रह्मणाऽभिवदन्त्यस्थूलमनणवह्रस्वमदीर्घमलोहितमस्नेहम्०** (३/८/८)

त्यो अक्षर, जो स्थूल, अणु, ह्रस्व, दीर्घ, रातो, पहेंलो आदि छैन, त्यसैमा सवै आकाश आदि ओतप्रोत छ।

अझ भगवद्गीतामा त भगवान् कृष्णले अर्जुनलाई उपदेश दिंदा कार्यब्रह्मको पनि अधिष्ठान आफू (ईश्वर) लाई बताउनुभएको छ – **ब्रह्मणोऽपि प्रतिष्ठाहममृतस्याऽव्ययस्य च।**

अनाधार शिव

यसरी परमेश्वर समस्त ब्रह्माण्डका आधार हुनुहुन्छ तर उहाँको आधार चाहिँ अरू कुनै कुरा छैन। अँध्यारोमा अन्य कुरा देख्न बत्ती चाहिन्छ, तर बत्ती देख्न पुनः अर्को बत्तीको आवश्यकता पर्दैन, उसले आफै आफूलाई पनि प्रकाशित गर्दछ। यही भगवद्गीता पनि भन्दछ – **न चाहं तेष्ववस्थितः।** म जगत्को अधिष्ठान हुँ, मेरो अधिष्ठान जगत् होइन।

अविक्रयरूपमा शिव

परमेश्वरलाई 'अविक्रय' भनिएको छ। अविक्रयको अर्थ हो अविकारी। साङ्ख्यशास्त्रमा प्रकृति र विकृतिको पूर्ण विवेचन पाइन्छ। साङ्ख्यसम्मत पच्चीस तत्त्व – पुरुष, प्रकृति, महत्तत्त्व (बुद्धि), अहङ्कार, एघार इन्द्रिय (पाँच ज्ञानेन्द्रिय-आँखा, नाक, कान, जिभ्रो र छाला, पाँच कर्मेन्द्रिय वाक्, हात, गोडा, दिसा, पिसाव गर्ने इन्द्रिय एवं मन), पाँच तन्मात्रा – रूप, रस, गन्ध, स्पर्श, शब्द तन्मात्राहरू, पाँच महाभूत – पृथ्वी, जल, तेज, वायु र आकाश, यीमध्ये प्रकृति र पुरुषलाई छोडेर सवै विकार हुन्। विकास याने अन्यथा भाव, अर्थात् प्रकृतिकै अर्का परिणाम। साङ्ख्यदर्शन भन्दछ –

मूलप्रकृतिरविकृतिर्महदाद्याः प्रकृतिविकृतयः सप्त।
षोडकस्तु विकारो न प्रकृतिर्न विकृतिः पुरुषः॥

पुरुष तत्त्वलाई न प्रकृति न विकृति भनेर यहाँ हिलोमा पैदा भएर पनि

हिलोले नछोएको कमलझैं निर्लिप्त बताइएको छ ।

छब्बीसौं तत्त्व ईश्वर मात्रे योगशास्त्रले ईश्वरको लक्षण बताउँदा –

'क्लेश-कर्म-विपाकाऽऽशयैरपरामृष्टः पुरुषविशेष ईश्वरः' भनेर ईश्वरलाई प्रकारान्तरले अविकारी नै सिद्ध गरेको छ । न्याय सूत्रकार गौतमले – **'विकारधर्मित्वे नित्यत्वाभावात्.......'** भनेर जो विकार धर्मवाला हुन्छ त्यो नित्य हुँदैन, जो नित्य हुन्छ त्यो विकारधर्मी हुँदैन भन्ने तथ्य प्रतिपादन गरेका छन् । परमेश्वर त नित्य छन्, जन्म–मरण रहित छन् । त्यस्ता परमेश्वर विकार कसरी हुनु ? त्यसैले परमेश्वरलाई अविक्रय–अविकारी भनिएको हो ।

अनन्तानन्दबोधाम्बुनिधि शिव

मङ्गलपद्यमा परमेश्वरको अर्को विशेषण छ – **अनन्तानन्दबोधाम्बुनिधिः** अर्थात् कहिल्यै पनि नाश नहुने, अनन्त आनन्दबोधका समुद्र । परमेश्वरको स्वरूप निरूपण गर्दा उनलाई '**सच्चिदानन्दघन**' भनिएको छ । परमेश्वर सत् हुन्, सदा–सर्वदा अविच्छिन्नरूपमा रहिरहन्छन्, उनी भूत, वर्तमान, भविष्यत् त्रिकालाबाध्य छन् ।

जो कुनै बेला हुँदैन त्यो सत् हुँदैहुँदैन । परमेश्वर जहिले पनि जहाँ पनि व्यापकरूपले विद्यमान छन्, त्यसैले उनी सत् हुन् । त्यसैले शास्त्रकारले ब्रह्मलाई सत्य भनेका छन् – **सत्यं ब्रह्म उच्यते,** सत्य भएकै हुनाले ब्रह्मको ज्ञान गर्न योगी चाहन्छ– **सत्यं परं धीमहि** भनेर । यो संसारमा ब्रह्ममात्र सत्य हो, अन्य सबै मिथ्या – झूठा । **ब्रह्म सत्यं जगन्मिथ्या** किनभने जगत् नश्वर छ, रहँदैन, त्यसैले त्यो पारमार्थिक सत्य होइन।

यस्तै ईश्वरलाई ज्ञानस्वरूप भनिएको छ । **सत्यं ज्ञानमनन्तं ब्रह्म ।** यसैलाई 'चित्' पनि भनिन्छ । ज्ञान स्वयं भगवान् हुनुहुन्छ, त्यसैले उहाँ संसारलाई प्रकाशित गर्नुहुन्छ । स्वयं जो प्रकाशस्वरूप हुँदैन, उसले कसरी अरूलाई आलोकित गर्नु ? बत्ती स्वयं प्रकाश भएर नै सम्पूर्ण बाह्य जगत्लाई प्रकाशित गर्दछ । सूर्य स्वयं प्रकाशस्वरूप भएर नै जगत्मा उज्यालो छर्दछ । ऊ आफैलाई प्रकाशित गर्ने अर्को कुनै प्रकाश चाहिंदैन, यसैले ऊ स्वयं प्रकाश हुन्छ ।

भगवान् शिव स्वयं प्रकाशस्वरूप हुनुहुन्छ – **'प्रकाशः परमः शिवः'**। वास्तवमा ज्ञान दुई प्रकारको मानिएको छ – परज्ञान र अपरज्ञान । परज्ञान चाहिँ पूर्ण अखण्डबोध स्वरूप नै हो, जो स्वयं भगवान् नै हो, उनीदेखि अभिन्न, न शब्द छ न अर्थ, कुनै विषयको उपाधि पनि छैन, केवल चित्स्वरूप ।

यही भगवत् – स्वरूप-बोधात्मक चित् नै विभिन्न सांसारिक ज्ञानको पूर्ण र अजस्र स्रोत हो । जब त्यही ज्ञानले उपाधि ग्रहण गर्दछ, उपाधिवशात् जस्तो उपाधि हुन्छ तदनुसार यसको स्वरूप बन्दछ । यसैले निरुपाधिक ज्ञान पूर्णज्ञान भगवत्तत्त्व र सोपाधिक ज्ञान अपरज्ञान जगत् विषयक ज्ञान । यसो भएता पनि अपरज्ञान पनि परज्ञानभन्दा पारमार्थिक रूपमा भिन्न भने छैन । त्यसैको बाह्यस्वरूप भेद मात्र हो ।

जसरी परमात्मतत्त्व प्रत्येक चराचरमा अतीन्द्रियस्वरूपले व्याप्त छ, परमात्मतत्त्व र आत्मतत्त्व भिन्न छैन, जीवात्मा र परमात्मा फरक हुँदैन, त्यसैगरी पूर्णबोध पनि जगत्विषयक ज्ञानभन्दा फरक छैन । नदीको जल र सागरको जल यौटै हो, केवल स्थानविशेष, जो स्वयं उपाधि मात्र हो त्यसका भेदले मात्र फरक देखिएको हो । त्यस्तै ज्ञान पनि हो ।

ज्ञान शब्दको व्युत्पत्ति दुई किसिमबाट हुन्छ, जुन जानिन्छ त्यो (जानिनु), र जेबाट जानिन्छ, त्यो (ज्ञानको करण) । दर्शन शब्द पनि ज्ञानकै पर्याय हो । ज्ञानका जति पनि भेद उपभेद देखिएका छन्, ती सवै यिनै दुइवटै ज्ञानभित्र पर्दछन्। भगवद्गीतामा सात्त्विक, राजस र तामस यी तीन प्रकारका ज्ञानको वर्णन छ, तन्त्रमा परज्ञान, अपरज्ञानको विवेचना छ, शब्दब्रह्म मात्रे शास्त्र छन् । जति शास्त्र त्यति मत । मत जति भए पनि परमार्थतः ज्ञान यौटै हो – त्यो हो भगवत्तत्त्व ।

'सत्यं ज्ञानम् अनन्तं ब्रह्म', 'सत्यं ज्ञानम् आनन्दं ब्रह्म', यज्ज्ञानान्नापरं ज्ञानं तद् ब्रह्मेत्यवधारय', सत् चित् आनन्दम् अद्वयं ब्रह्म' इत्यादि वचनहरूले ब्रह्मलाई ज्ञानस्वरूप नै प्रतिपादन गर्दछन् । भगवती आदि शक्ति स्वयं 'चिति'स्वरूपा हुन् भन्ने कुरा तन्त्रशास्त्रले प्रतिपादन गर्दछ । चैतन्य छ त जगत् पनि छ, छैन चैतन्य भने जगतै छैन ।

चितितत्त्व त जगत्मा कण–कणमा व्याप्त छ । जीवन र मृत्यु यसै चितितत्त्वको सम्बन्ध र असम्बन्धले छुट्टिने वस्तु हुन् । चैतन्य छ जीवन छ, ग्राह्य छ, चैतन्यको सम्बन्ध टुट्यो – मृत्यु भयो, त्याज्य भयो । यही चिति स्वयं भगवती हुनुहुन्छ । ज्ञान नै आनन्दको पनि स्वरूप हो । ज्ञानमा नै आनन्द छ, अज्ञानमा छैन । लोकमा पनि केही कुरा जान्दा कत्तिको आनन्द लाग्दछ । नजान्दा मर्मान्तक पीडा हुन्छ ।

ज्ञान सुख हो, अज्ञान दुःख । ज्ञान प्रकाश हो, अज्ञान अन्धकार । ज्ञान अमरता हो, अज्ञान मृत्यु, त्यसैले भक्त चाहन्छ– **'तमसो मा ज्योतिर्गमय'**, **'मृत्योर्मा अमृतं गमय'** गायत्रीको मूल अर्थ पनि ज्ञानको वैशिष्ट्य प्रकाशित गर्नु र प्राप्त गर्ने आकाङ्क्षालाई अभिव्यक्ति दिनु नै हो । **'भजे भव्यं दिव्यं किमपि परमं नीलिम महः'** भनेर दिव्यज्यातिको प्रार्थना पनि ज्ञानकै आकाङ्क्षा हो ।

धेरै कुरा के गरौं दर्शनको निचोड नै के हो भने परमपुरुषार्थ मोक्ष पनि ज्ञानैबाट मात्र पाइने हुन्छ, अन्यथा पाइँदैन भन्ने कुरा दर्शन भन्छ – **'ऋते ज्ञानान्न मोक्षः'** । यसैले ज्ञानलाई परमानन्दको सागर भनिएको हो । त्यो त भगवान् नै हुनुहुन्छ । त्यसैले **अनन्तानन्दबोधाम्बुनिधि** भनेर भगवान्लाई सम्झिने गरिन्छ । भगवान् मै सुख छ, उनैमा आनन्द छ, अन्यत्र त कष्ट छ, पीडा छ । बाह्यसुखको जो अनुभव जगत्मा देखिन्छ, त्यो नश्वर छ, विनाशी छ, अन्त्यमा कष्ट दिने खालको छ। सागरबाट जति जल झिके पनि सकिंदैन, त्यसको अन्त्य छैन, त्यसैगरी भगवान्मा जो आनन्द छ, त्यसको पनि अन्त्य छैन । त्यसैले भगवान् – अनन्त आनन्दका सागर हुन् । यही कुरा प्रतिपादन गर्दछन् निम्नलिखित वचनहरू –

- **विभुर्चिदानन्दमरूपमद्भुतम्** । – कैवल्य उपनिषद् ।
- **आधारमानन्दमखण्डबोधम्** । – कैवल्य उपनिषद् ।
- **शिवशक्त्यात्मकं रूपं चिन्मयानन्दवेदितम्** । – पाशुपतब्रह्मोपनिषत्।

ईश्वरलाई अखण्ड आनन्दको सागर प्रतिपादन गर्ने अनेकौं शास्त्र छन् । ऐकान्तिक र आत्यन्तिक दुःख निवृत्ति भनौं वा अखण्ड आनन्द भनौं प्राप्त हुने कुनै पद छ भने त्यो हो – परमेश्वरको पद – ब्रह्म पद ।

अद्भुतविक्रम शिव

भगवान्लाई फेरि अद्‌भुत विक्रम भनिएको छ – अद्‌भुत पराक्रम भगवान्को पराक्रमका अगाडि जीव जगत्को पराक्रमको कुनै गणना छैन। जो स्वयं सृष्टिकर्ता छ, संसारको पालन गर्दछ, विश्वलाई समाप्त पार्ने जसको क्षमता छ, ब्रह्माण्ड नै जसमा तिरोभूत हुन्छ र फेरि जसका अनुग्रहले संसारको नव अस्तित्व शुरु हुन्छ, त्यसको पराक्रमको वर्णन कसले कसरी गर्ने ? जहाँ जता दृष्टि पर्दछ – ईश्वर कै पराक्रम देखिन्छ, अलिकति चिन्तन गऱ्यो – आश्चर्यजनक पराक्रमको अजस्र स्रोत ईश्वरै देखिन्छन्। अद्‌भुत छ, साँच्चि नै ईश्वरको पराक्रम, त्यसको व्याख्या जति गरे पनि पुग्दैन र सकिंदैन पनि ।

अम्बिकापति शिव

भगवान् शिवलाई **अम्बिकापति** भनिएको छ । अम्बिका आमालाई बताउने शब्द हो, उनका पति अर्थात् पिता । भगवान् शिव जगत्कै पिता हुन्।

हुन त, जो परब्रह्म परमात्मा हो, विराट् ब्रह्माण्डको चर र अचर (जड र चेतन) जो जे छ, कण कण उनकै विराट विग्रहका अङ्ग हुन्। **'ब्रह्मैव केवलम्' 'नास्ति ब्रह्मणोऽतिरिक्तं किञ्चित्'** जे छ ब्रह्ममात्र छ, ब्रह्मभन्दा भिन्न कुनै केही छैन भन्ने ब्रह्मस्वरूप शिव पुरुष हुन् कि स्त्री, आमा कि बाबु ? न आमा न बाबु, आमा पनि बाबु पनि ।

नेति नेति भन्ने प्रक्रियाबाट जाँदा केही पनि होइन । आमाभन्दा भिन्न पिता हुन्छन्, पिताभन्दा बेग्लै माता हुन्छिन् – जो सवै थोक हो त्यो आमामात्र पनि होइन, पितामात्र पनि होइन । अर्थात् सवै थोक हो, आमा पनि बाबु पनि, त्यति मात्र किन पति, पत्नी, दाजुभाइ, दिदीबहिनी सबै । समष्टिमा सोच्दा – कसैलाई कसैभन्दा पृथक् गर्न मिल्दैन ।

फेरि श्री र श्रीमान्, शक्ति र शक्तिमान्, यी दुइमा त भेदै छैन । पानी र छालमा फरक छैन, चन्द्र र चन्द्रिका यौटै हो, आगो र ज्वाला पनि यौटै हो, त्यसैगरी शक्ति र शक्तिमान्मा पनि कत्ति पनि फरक छैन । ती दुबै यौटै तत्त्व हुन्-

'शक्तिः शक्तिमतोऽभिन्ना चन्द्रिका चन्द्रतो यथा ।'

'शिवाऽभिन्ना परा शक्तिः ....' स्वच्छन्दतन्त्र ।

'यस्य यस्य पदार्थस्य या या शक्तिरुदीरिता ।
सा सा सर्वेश्वरी देवी स स सर्वो महेश्वरः ।। – (योगिनीहृदय)

यस्ता अनेकौं शास्त्रीय वचनहरूले शिव र शक्तिको अभेद सिद्ध गर्दछन्। यति हुँदाहुँदै पनि यौटै शिव तत्त्व सृष्टिका लागि स्वयं दुई तत्त्व बनेर शिव र शक्तिका रूपमा प्रकट हुन्छन् र तिनकै सामरस्यबाट आनन्दको क्षरण हुन्छ, विश्व ब्रह्माण्डको सृजना हुन्छ । तान्त्रिक साहित्यमा शक्तिलाई चित्रूपा मानिएको छ । चितिरूपबाट शक्ति नै समस्त ब्रह्माण्डमा व्याप्त छ ।

'चितिः स्वतन्त्रा विश्वसिद्धिहेतुः' । चितिशक्ति शिवसँग अभिन्न छ तर संसारको मूलकारण पनि यही हो । **'चितिशक्तिः अपरिणामिनी'** यसको परिणाम हुँदैन, प्रसार र विकास चाहिँ अवश्य हुने हुन्छ । नित्य, शुद्ध, मुक्त, बुद्ध, चिदानन्दघन परतत्त्व शिव प्रकाशस्वरूप हुन् । तिनै जव विश्वरूपमा स्फुरित हुन चाहन्छन् त्यसबेला उनकै अभिन्न शक्ति एकबाट अनेकरूपमा स्फुरित हुन्छ । त्यही विमर्श हो । त्यसैले शिवलाई प्रकाश र शक्तिलाई विमर्श भनिन्छ । प्रकाश विमर्शको रहस्य, शिव–शक्तिको रहस्य हो ।

त्वं यथा शिवमयी तथा शिवस्त्वन्मयो हि शिवयोरभेदिनोः ।
तत्त्वमेकमबहिर्मुखास्पदं यत्र भिन्न इव विश्वविक्रिया ।।

यौटा परमभक्त शिवलाई शक्तिमय र शक्तिलाई शिवमय दुबै यौटै तत्त्व देख्दछ । अद्वैत शिव–परम शिव र अद्वैत शक्ति नै पराशक्ति वा महाशक्ति, नाममात्र फरक, हो यौटै तत्त्व, अद्वयतत्त्व । बिन्दु परमशिव, त्यही स्वयं स्फुरित हुँदा त्रिबिन्दु भएर त्रिकोण बन्दछ शक्ति । शिवशक्ति त्यही काम, कला – शिव काम – शक्ति कला । यसैबाट समस्त ब्रह्माण्डको उत्पत्ति र यसैमा विश्वको स्फुरण र त्यसैमा लय । यसमा यौटा अत्यन्त उदेकलाग्दो रहस्य विद्यमान छ – प्रभु परमात्मा स्वरूपानन्दमा मगन त रहन्छ र त्यहाँ रसरूपमा आनन्दको अनुभूति, त्यसको आस्वादन तबसम्म सम्भव छैन जबसम्म त्यो यौटै तत्त्व दुइवटा बनेर पुनः सामरस्यमा प्राप्त हुँदैन । आनन्दनै परम पुरुषार्थ हो, त्यहीमात्र गन्तव्य हो–

प्राप्तव्य हो । यही शिव-शक्तिको रहस्य हो ।

पति र पत्नी, दुवैको मिलन, मिलनबाट आनन्द, विश्वको उत्पत्ति, यही त शिव-शक्तिको सामरस्यको खेल हो, लीला हो । यही खेलबाटै त सृष्टिको प्रारम्भ भयो, थाहा छैन - भविष्यत्मा कहिलेसम्म यही क्रम चलिरहने छ, यसको अन्त्य त छँदैछैन । भनिन्छ - शिवमा इ-कार शक्ति हो इ-नभै शिव बन्दैन, शव बन्दछ। शिवमा अन्तर्निहित शक्ति नै शिवको शिवता-स्वभाव हो। पुराणका अनेकौं कथा-उपकथाको यही यौटा प्रतीक सत्य हो ।

अ-पुंलिङ्ग हो, आ-स्त्रीलिङ्ग । वस्तुतः अ नै आ हो अ+अ = आ । अ-प्रकाश, आ - विमर्श, अबाटै स्फुरित समस्त वर्ण, समस्त वर्णको पारस्परिक मिलनबाट विद्याको उद्भव र विकास । तर सवैको मूलमा अ-केवल अ । सव स्वरूपको मूलमा बिन्दु-केवल बिन्दु भएझैं ।

ईशानका रूपमा शिव

भगवान्लाई ईशान पनि भनिएको छ । ईशान भगवान् शिवको नाम हो- **'सर्वस्य प्रभुरीशानः'** । ईशान समस्त ब्रह्माण्डका मालिक हुन् -

आद्यं पुरुषमीशानं पुरुहूतं पुरुष्टुतम् ।
ऋतमेकाक्षरं ब्रह्म व्यक्ताव्यक्तं सनातनम् ।।

आद्यपुरुष **ईशान** - व्यक्त र अव्यक्त, सनातन ब्रह्म । **'ईशानः सर्वविद्यानामीश्वरः सर्वभूतानां ब्रह्माधिपतिर्ब्रह्मणोऽधिपतिर्ब्रह्मा शिवो मेऽस्तु सदाशिवोम्' (उपनिषद्)** ।

ईशान सम्पूर्ण विद्याका ईश्वर, सम्पूर्ण प्राणिहरूका अधिपति ब्रह्म हुन् भन्ने मन्त्रको तात्पर्य हो । भगवान् शङ्कराचार्यले ईशावास्योपनिषत्मा - **'ईशिता परमेश्वरः परमात्मा सर्वस्य । स हि सर्वमीष्टे सर्वजन्तूनामात्मा सन्प्रत्यगात्मतया तेन स्वेन रूपेणात्मनेशावास्यमाच्छादनीयम् ।'** भन्ने व्याख्या गर्नुभएको छ । तात्पर्य हो- सवैका प्रभु भगवान्ले सम्पूर्ण जगत्लाई व्याप्त गर्नुभएको छ, ढाक्नु भएको छ, संसारमा जो भिन्न भिन्न चराचर जगत् देखिन्छ, सवैका अन्तमा

परमार्थरूपले केवल प्रभुमात्र हुनुहुन्छ ।

पाशुपतसूत्रको कौण्डिन्य भाष्यमा '**ईशानः सर्वविद्यानाम्**' भन्ने सूत्रको व्याख्या गर्दै भाष्यकार कौण्डिन्यले '**ईशानः प्रभुः धाता**' भन्दै धर्म-अर्थ-काम-मोक्षका साधनामा तत्पर सबैका प्रभु, रक्षक, प्रेरक र सबै विद्याका अधिष्ठाता भन्ने प्रतिपादन गर्नुभएको छ । पञ्चब्रह्मोपनिषद्मा लेखिएको छ –

सर्वेषां दिव्यानां प्रेरयिता ईशान इति ।
ईशानो भूतभव्यस्य सर्वेषां देवयोनिनाम् ।।

ईशानलाई सम्पूर्ण देवताका पनि प्रेरणादाता र भूत, वर्तमान, भविष्यत् तीनै कालका ईश्वर भनिएको छ ।

भगवान् श्रीपशुपतिको सबभन्दा माथिको मुखारविन्दलाई ईशान भनिन्छ। उनलाई ऊर्ध्वाम्नाय विद्याका उपदेष्टा भनिन्छ । उनै कामेश्वर पनि हुन् – कामेश्वरी श्रीविद्याका भैरव । ईशान त सम्पूर्ण चराचर जगत्लाई अव्यक्तरूपमा व्याप्त गर्ने हुँदा आकाशस्वरूप ब्रह्म मानिएको छ, त्यसैले त उनको दर्शन बाहिरी चक्षु-इन्द्रियले हुँदैन । '**योगिनामेव गम्यः**' भनेर योगद्वारा चिन्न जान्न सकिने तत्त्व-परतत्त्व भनिन्छ ।

ईशानलाई प्रेरक, बुद्धिको साक्षी, आकाशात्मक अव्यक्त, सर्वदेवमय, शान्त, शान्त्यतीत, आकाशमय विग्रह, पञ्चकृत्य (सृष्टि, स्थिति, संहार, तिरोभाव र अनुग्रह) का नियन्ता परब्रह्म भनेर पञ्चब्रह्म उपनिषद्मा बयान गरिएको छ ।

शिवको शरीर पनि हाम्रो जस्तै भौतिक शरीर नभएर शाक्त शरीर हो । मन्त्रमय शरीर हो – '**सद्योजातं प्रपद्यामि०**' देखि लिएर '**ईशानः सर्वविद्यानाम्०**' सम्मका पाँच वेदमन्त्रहरूबाट आविर्भूत शरीर । त्यसमा पनि ईशानलाई मूर्धा भनिएको छ मस्तक भाग । शिवमहापुराणले शिवका पाँच मूर्तिहरूमध्ये ईशान मूर्तिलाई अत्यन्त विशिष्ट, प्रकृतिले साक्षात्भोक्ता र क्षेत्रज्ञ भन्दछ । स्वच्छन्दतन्त्रमा '**ईशानस्तु वरारोहे स्वयं देवः सदाशिवः**' भनेर साक्षात् सदाशिव भगवान् र '**ईशानश्च सुरश्रेष्ठ सर्वविद्यात्मकः स्मृतः**' भनेर सम्पूर्ण विद्यास्वरूप प्रतिपादन गरिएको छ। महापाशुपतास्त्र विद्यामा माथिको ईशान वक्त्रलाई ज्योतिस्वरूप

श्रीचक्रराज चिह्नवाला, व्यापक परब्रह्म भनिएको छ ।

यस्ता भगवान् शिवलाई म रात–दिन प्रणाम गर्दछु भनेर सूतसंहिताको प्रारम्भमा मङ्गल गरिएको छ । शिवको स्मरण, शिवको वन्दना, शिवको पूजन, शिवको अनन्य भक्ति, शिवको शरणागतिले ऐहिक सुखशान्ति र पारलौकिक मोक्ष प्रदान गर्दछ । शिव त स्वयं कल्याणमूर्ति हुनुहुन्छ । शिवभक्तिले जीव पशुत्वबाट मुक्त हुन्छ । उसले भवबन्धनमा पर्नु पर्दैन, कहिल्यै पर्नु पर्दैन ।

दशश्लोकी सिद्धान्तबिन्दुमा आचार्य शङ्कर भगवत् पाद शिवलाई परब्रह्मका रूपमा वर्णन गरेर **'तदेकोऽवशिष्टः शिवः केवलोऽहम्'** भन्दै परमानन्दबोधरूप शिवसँग आफू जीवलाई अद्वैतत्व प्रतिपादन गर्दछन् । अथर्वशिरः उपनिषद्मा -

विश्वतश्चक्षुरुत विश्वतो मुखो विश्वतो बाहुरुत विश्वतस्पात् ।
स बाहुभ्यां धमति सम्पतत्रैर्द्यावाभूमी जनयन् देव एकः ।।

भनेर शिवको व्यापकता प्रतिपादन गरिएको छ ।

कैवल्योपनिषद्मा शिवको उपासनाबाट **'प्रयाति शुद्धं परमात्मरूपम्'** भनेर उपासक शिवकै रूपमा प्राप्त हुन्छ भनिएको छ। त्यहीं शिवको ज्ञानबाट **'संसारार्णवनाशनम्'** संसाररूपी (दुःखको) समुद्र नाश हुन्छ (पार तरिन्छ) भनिएको छ । पञ्चब्रह्मोपनिषद्मा **'अद्वैत चैतन्य'** का रूपमा प्रतिपादन गरेर **'शिवः संसारमोचकः'** भनिएको छ । श्वेताश्वतर उपनिषद्मा त शिवै शिव, जताततै शिवको परब्रह्ममयता प्रतिपादित भएको छ र शिवलाई अमृतत्वमा पुऱ्याउने सेतु (पुल) भनेर शिवज्ञानबाट शिवमयत्व प्राप्त गर्न सकिन्छ भनिएको छ । हे शिव !

तव तत्त्वं न जानामि कीदृशोऽसि महेश्वर ।
यादृशोऽसि महादेव तादृशाय नमो नमः ।।
ॐ नमः शिवाय ।।

विश्वगुरु भगवान् शिव र शक्ति

पुण्यपर्वको रूपमा महाशिवरात्रि

ॐ नमः शिवाय शान्ताय कारणत्रयहेतवे ।
निवेदयामि चात्मानं त्वं गति परमेश्वर ।।
ॐ कालि कालि महाकालि चतुर्वर्गफलप्रदे ।
योगेश्वरि महामाये गुह्यकालि नमोऽस्तु ते ।।

महाशिवरात्रिको पुण्यपर्व भगवान् शिव र साथै जगज्जननी शक्तिको पनि आराधनाका लागि ज्यादै विशिष्ट मानिएको छ । समस्त हिन्दूजगत् यस दिनमा शिवको दर्शन गरेर केही नभए पवित्र जल र बेलपत्रले भए पनि उनको पूजा गर्दछन् । यसैगरी तन्त्रदीक्षा लिएका साधकहरू पनि यस पुण्यपर्वमा आ-आफ्ना इष्टदेवता खासगरी शक्तिको अर्चना गर्दछन् ।

शिव र शक्तिको एकरूपता

शिव र शक्तिको एकात्मकताबारे चर्चा गर्दा – पुराणहरूमा बताइएअनुसार शिरमा जटाजूट, जटामा बालचन्द्रको आभूषण, शरीरमा खरानी, नागका गहना, कमरमा बाघको छाला, रुद्राक्षका माला, हातमा त्रिशूल र डमरू ज्यादै करुणामय अत्यन्त तेजस्वी मूर्ति आँखा अगाडि उपस्थित हुन्छ । यसैगरी शक्ति भन्नासाथ दुई अथवा त्यसभन्दा पनि बढी हातहरू, हातमा विभिन्न आयुध, सिंहवाहन, अत्यन्त सुन्दर तेजोमयी वात्सल्यपूर्ण देदीप्यमान अनुहार भएकी स्त्रीदेवताको मूर्ति स्पष्ट हुन्छ ।

तर यी मूर्तिहरू त शिव र शक्तिका केवल बाहिरी विग्रह हुन्, भक्तहरूको उपकारका लागि, साधनाको प्राथमिक आधार प्रदान गर्नका लागि । परमेश्वरको

अनुग्रहपूर्ण दर्शन यस्तै विभिन्न रूपहरूमा साधकहरूलाई हुन सक्तछ । यिनै मात्र किन ? साधनको सोपान चढ्दै जाँदा योगीहरू देख्तछन् । परमेश्वर तत्त्व त व्यापक छ, के जड, के चेतन, समस्त चराचर जगत् उनैका अव्यक्त रूपले ढाकेको छ । परमेश्वर जहाँ पनि छ, जे पनि हो, कहाँ छैन ? कुन होइन ? केवल ज्ञान हुनुपर्दछ, श्रद्धापूर्ण भक्ति समन्वित दृष्टि चाहिन्छ ।

शिव र शक्ति सुन्दा दुइटा बेग्लाबेग्लै झैं लाग्दछ । ती दुवै यौटै तत्त्व हुन्। शिव नै शक्ति हुन्, शक्ति नै शिव हुन् । यी दुईका पृथक् अस्तित्व नै छैन। 'शिव' यो यौटै शब्दभित्र पनि श्-पछाडिको इ-शक्ति हो । 'इ' नभइदिएको भए शिव शब्द बन्दैनथ्यो, त्यसो हुँदा त यो शब्द 'शव' हुन्थ्यो, यसको अर्थ हुन्थ्यो मूर्दा-निःसार, अर्थहीन र निष्क्रिय । शिव स्वयं कल्याण हुन् भने शक्ति कल्याणकारिणी। चन्द्रमा र चन्द्रिका जस्तै । चन्द्रिका चन्द्रमाभन्दा पृथक् छैन, न चन्द्रमा चन्द्रिकाभन्दा बेग्लै छ । यी त यौटै हुन् । तत्त्व यौटै हो । अस्तित्व यौटै हो ।

फेरि हेरौं - ब्रह्म र माया । शिव ब्रह्म हुन् र माया प्रकृति । माया ब्रह्मभन्दा बेग्लै छैन । यहाँ दुइटा देख्नु अज्ञान हो । यसैबाट संसार हुन्छ, बन्धनमा परिन्छ, अज्ञानको निवृत्ति हुन्छ, ज्ञानको निर्मल प्रकाशमा केवल ब्रह्म छ - सत्, चित्, आनन्दस्वरूप ब्रह्म । यही त कैवल्य हो, मोक्ष हो । यही जान्ने बित्तिकै कुनैपनि जान्नुपर्ने अर्को बाँकी रहँदैन ।

परब्रह्म सम्पूर्ण द्वन्द्वमुक्त छ, त्यसमा कुनै पनि उपाधि छैन, न राग छ न द्वेष, अतः निर्गुण छ, स्वतन्त्र छ । उही परम शिव हो । शक्ति उही स्वरूप हो, ऊभन्दा बेग्लै छँदै छैन । जब लोकव्यवहारको निर्वाह गर्नुपर्ने हुन्छ अनि उही निर्गुण ब्रह्म सगुण हुन्छ, उसैबाट उहीदेखि अभिन्न रूपमा रहेका ज्ञान, शक्ति, ऐश्वर्य, बल, वीर्य र तेज यी छ वटा गुणहरू प्रकट हुन्छन्, पछि उनैमा यी सबै लीन हुन्छन् । कहाँ छ द्वैत भाव । यो त परम अद्वैत हो ।

तन्त्र भन्दछ - सृष्टि नहुँदै यौटै तत्त्व थियो - परम शिव आफ्नै स्वरूपमा अवस्थित । उनको मनमा आयो - म यौटै छु, अब धेरै बन्नु पऱ्यो, सृष्टि गरूँ यही उनको इच्छाशक्तिको उदय थियो । इच्छा शक्तिबाट ज्ञानशक्ति र ज्ञानशक्तिबाट

क्रियाशक्तिको आविर्भाव भयो । यही सृष्टि गर्ने इच्छाशक्ति भएका परम शिव नै पहिलो 'शिवतत्त्व' हो । यही अवस्था सृष्टिको उन्मेष हो, प्रथमस्पन्दन हो ।

यिनैको दोस्रो तत्त्व हो – शक्तितत्त्व = शिवको सृष्टि गर्ने इच्छाशक्ति । वास्तवमा भन्ने हो भने यही इच्छाशक्तिवाला शिव नै शक्तितत्त्व हुन् । शिवदेखि बेग्लै हुँदै होइनन् ।

शिव – प्रकाश हो, शक्ति–विमर्श । यही विमर्श प्रकाशको शक्ति सृष्टि हुँदा विश्वाकार हुन्छ, स्थितिकालमा विश्वप्रकाशस्वरूप हुन्छ र यही अन्तमा प्रलय हुँदा विश्वसंहारस्वरूप हुन्छ । यसरी लोकयात्रा समाप्त भएपछि यो शक्ति फेरि प्रकाशमै लीन हुन्छ । यसैले शिवलाई अन्तर्लीन विमर्श भनिन्छ । शक्ति अन्तर्मुखी हुँदा 'शिव' र शिव बहिर्मुखी हुँदा 'शक्ति' भनिन्छ । अन्तर्मुख र बहिर्मुख हुनु त केवल दुइवटा भावमात्र हुन्, तत्त्व यौटै हो । तर यसमा शिवभाव मुख्य हुन्छ र शक्तिभाव गौण । तर जहाँ शिव र शक्ति एकरस हुन्छन् त्यहाँ कुनै प्रधान र गौण भन्ने हुँदैन, यो त साम्यावस्था हो – यसैलाई शिवशक्तिसामरस्य भन्दछन्, यही तत्त्वातीत पनि हो ।

यौटा बडो रमाइलो कुरो छ – संस्कृतमा आफूलाई बुझाउँदा नेपाली भाषामा 'म' भनेजस्तै 'अहम्' भनिन्छ । यसैभित्र पनि ठूलो रहस्य छ ।

अक्षरहरूमा सबभन्दा अगि 'अ' आउँछ र सबभन्दा पछि 'ह' अरूजति पनि अक्षरहरू छन् यिनै अ र ह भित्र पर्दछन् । यहाँ पनि अ–शिव हुन् र ह– उनको विमर्शशक्ति, त्यसपछिको म्कारले यी दुई शिव र शक्तिको सामरस्यलाई बुझाउँदछ । यसरी सम्पूर्ण ज्ञानराशि शिवशक्तिभित्रै छ – पिण्डीभूत छ । त्यो फेरि म आफूभन्दा पनि पृथक् होइन, त्यसैले शिव–शक्तिको सामरस्यको मूर्त रूप म – आफै हुँ अर्थात् हामीमध्ये प्रत्येकले त्यही सम्झनु पर्दछ । यही आत्मज्ञान हो । यो त सौन्दर्यको पराकाष्ठा हो । यसभन्दा सुन्दर अरू के हुनु । त्यसैले त हाम्रा गुरुले हामीलाई साँवा अक्षर चिह्नाउँदा 'राम्रो म' भनी चिह्नाए ।

अर्को कुरा हेरौं – तन्त्र पूजाको मूल आधार यन्त्र हुन्छ । सम्पूर्ण यन्त्रहरूको सार भूत स्वरूप हो दुईवटा त्रिकोण । यौटा माथि फर्केको र यौटा तल । एक

अर्कामा अनुप्रविष्ट (भित्र पसेको) बीचमा बिन्दु । यसलाई हामी सरस्वतीको यन्त्र भन्दछौं । यसमा पनि शिव-शक्ति सामरस्य छ । माथि फर्केको त्रिकोण - शिव र तल फर्केको त्रिकोण शक्तिहो र बीचको बिन्दु यिनीहरूको सामरस्य । यसैभित्र समस्त विद्या छन् । यसैले यो सरस्वतीको प्रतीक मानिन्छ ।

यसैगरी शिवलिङ्ग बिन्दु हो र यसको आधार जलहरि शक्ति । यही सृष्टिको मूल स्रोत कामकला पनि हो ।

यसरी जहाँ शिव छन्, उहाँ शक्ति छिन् र जहाँ शक्ति छिन् उहाँ शिव पनि छन् । शिव र शक्तिको तादात्म्य छ, एकात्मकता छ । त्यसैले शिवदीक्षा नलिई शक्तिदीक्षा लिनु हुन्न । शिवपूजा नगरी शक्तिपूजामा अधिकार हुन्न । शिव नै शक्ति हुन्, शक्ति नै शिव हुन् । सम्पूर्ण चराचर जगत् शिवशक्तिमय छ ।

सद्‌गुरुका रूपमा शिव

सद्‌गुरु शिवका बारेमा यसरी व्याख्यान गरिएको छ -

ब्रह्मानन्दं परमसुखदं केवलं ज्ञानमूर्तिं
द्वन्द्वातीतं गगनसदृशं तत्त्वमस्यादिलक्ष्यम् ।
एकं नित्यं विमलमचलं सर्वदा साक्षिभूतं
भावातीतं त्रिगुणरहितं सद्‌गुरुं नं नमामि ।।

सद्‌गुरु स्वयं परब्रह्म नै हुन् । उनैको चरणमा गएर सम्पूर्ण ज्ञान खुल्दछन्। उनी स्वयं ज्ञानमूर्ति छन् । यसैबाट सम्पूर्ण दुःखको निवृत्ति हुन्छ । यही परम सुख हो । यसैले त सद्‌गुरुलाई परमानन्द स्वरूप नै मानिन्छ । उनी अद्वैत तत्त्व हुन्, यसैले सम्पूर्ण द्वन्द्वबाट उनी मुक्त छन् । आकाशजस्तै विशाल र व्यापक छन् - स्वयं शून्य भएर पनि सम्पूर्ण चराचर जगत्‌मा अनुस्यूत भएर रहेका छन्। तत् + त्वम् + असि यी तीन शब्दहरूको समूहात्मक यो वाक्य साधारण वाक्य होइन, यसले प्रत्येक व्यक्तिलाई व्यष्टिबाट समष्टिमा पुऱ्याउँदछ, जीवको ब्रह्मसँग तादात्म्य स्थापित गर्दछ । यस वाक्यको लक्ष्य स्वयं सद्‌गुरु नै हुन् ।

शिव अनेक होइन एक छन् । जन्म मृत्युवाला क्षणभङ्गुर पदार्थ होइन

नित्य र शाश्वत् छन् । उनीमा कुनै कल्मष छैन, विमल छन्, अचल छन् । जीवका प्रत्येक कर्मका साक्षी उनै छन् । पशु, वीर र दिव्य यी तीन भावहरूबाट र सत्व, रज एवं तम यी तीन गुणहरूबाट पनि यिनी माथि उठेका छन् । यिनीहरूको घात–प्रतिघातले उनको स्पर्शसम्म पनि गर्न सक्तैन । यस्ता सद्गुरुलाई मेरो नमस्कार छ ।

माथिको मङ्गल श्लोकले गुरुतत्त्व सूक्ष्मभन्दा सूक्ष्म भनौं वा व्यापकभन्दा व्यापक भनौं निष्कर्षमा पुगेर गुरुतत्त्वको विश्लेषण गरेको छ । एउटै वाक्यमा भन्नुपर्दा 'गुरुतत्त्व परब्रह्मतत्त्व हो' यही भन्नु पर्दछ ।

तन्त्रग्रन्थहरूले एक स्वरमा गुरुलाई साक्षात् शिव भनेका छन् । हो पनि–भगवन् शिवबाटै समस्त शास्त्रहरूको आविर्भाव यस लोकमा भएको हो ।

अद्वैतमत अनुसार सम्पूर्ण ज्ञानराशिको मूल 'परा वाक्' हो । यो स्वयं बोधस्वरूप छ, यही पूर्ण स्थिति हो । समस्त भावहरू यसै स्थितिमा पूर्ण रहन्छन् । यस अवस्थामा ज्ञानको स्वरूपलाई लिएर कुनै भेददृष्टि आउनै सक्तैन।

सृष्टिको उन्मेषमा सर्वप्रथम परमबोधबाट 'अहम्' अर्थात् 'म' यस ज्ञानको अन्तरहृदयमा उदय हुन्छ । यसका कुन वाच्य, कुन वाचक यसको पनि भेद रहँदैन यो पश्यन्ती भूमि हो ।

यसपछि अर्को मध्यमा भूमिको, अन्तरालमा शब्द र अर्थ वाचक र वाच्य यस भावको उदय हुन्छ । स्वयं परमेश्वर यस भूमिमा आफ्नो यौटै स्वरूपलाई दुई अंशमा विभक्त गर्दछन् – गुरु र शिष्य । यसै कल्पित गुरु - शिष्य भावका माध्यमबाट समस्त शास्त्रको आविर्भाव हुन्छ ।

गुरु सदाशिवमा परमेश्वर स्वयं आफ्ना पाँच शक्ति चित्, आनन्द, इच्छा, ज्ञान र क्रिया यी पाँच मुखको रूपमा प्रकट गर्दछन् । सदाशिवका यिनी पाँच मुखबाट अभेद, भेदाभेद र भेदका अवस्थाहरू उल्लसित हुन्छन् । यिनैबाट समस्त शास्त्रहरूको आविर्भाव हुन्छ । तर यस अवस्थामा पनि यिनीहरू अस्फुट नै रहन्छन्, गुप्त नै रहन्छन् ।

पछि वैखरी अवस्थामा यही ज्ञान भिन्न भिन्न शास्त्रका रूपमा लोकमा

प्रस्फुटित हुन्छन् । यही शास्त्रको अवतरण क्रम हो ।

भगवान् शिवका पाँच मुखका नामहरू ईशान, तत्पुरुष, सद्योजात, वामदेव र अघोर हुन् । यिनीहरूकै पारस्परिक संघटनबाट पञ्चस्रोतोमय दशवटा भेद प्रधान शैवागमहरू, अठारवटा भेदाभेद प्रधान रौद्रागमहरू र चौसट्ठीवटा अभेदप्रधान भैरवागमहरू अर्थात् तन्त्रहरू प्रस्फुटित भएका हुन् ।

विमर्शरूपिणी शक्तिरस्य विश्वगुरोः सदा ।
परिस्फुरति सैकाऽपि नाना भावार्थरूपिणी ।।

विश्वगुरु परमेश्वरकी शक्तिको नाम विमर्श हो । स्वयं यौटै भएर पनि भिन्न भिन्न भावार्थका रूपमा यिनैको परिस्फुरण हुन्छ ।

गुरुशिष्य पदे स्थित्वा स्वयं देवः सदाशिवः ।
प्रश्नोत्तरपदैर्वाक्यैस्तन्त्रं समवतारयत् ।।

स्वयं भगवान् सदाशिव आफ्नै दुई वटा स्वरूप गुरु र शिष्यको स्थानमा रहेर शिष्य प्रश्न गर्दछ गुरु उत्तर दिन्छन् यस प्रकार प्रश्नोत्तरपरक वाक्यहरूद्वारा तन्त्रको अवतर गराउँदछन् ।

स्वयं भगवान् सदाशिव भन्नुहुन्छ – म प्रकाशस्वरूप परम शिव नै हुँ । जब म समस्त विश्वमाथि अनुग्रह गर्न चाहन्छु, अनि परा, पश्यन्ती, मध्यमा र वैखरी यी चार अवस्थाक्रमबाट स्वयं आफ्नै अंश विमर्श शक्तिको रूपमा प्रकट भएर आफैले उठाएका प्रश्नको आफै जवाफ दिंदै तथ्यहरूलाई प्रकाशित गर्दछु।

नित्यं शुद्धं निराभासं निराकारं निरञ्जनम् ।
नित्यबोधचिदानन्दं गुरुं ब्रह्म नमाम्यहम् ।।
आनन्दमानन्दकरं प्रसन्नं ज्ञानस्वरूपं निजबोधयुक्तम् ।
योगीन्द्रमीड्यं भवरोगवैद्यं श्रीमद्गुरुं नित्यमहं नमामि ।।

ॐ तत्सत् !

तन्त्रमा पशुपति साधना

संसारको कुनै पनि प्राणी दुःखी हुन र रहन चाहँदैन । सबै दुःखको अन्त नै मन पराउँछन् । यो दुई प्रकारले सम्भव छ – भएको दुःख नष्ट हुनाले र दुःख आउँदै नआउनाले । भएको दुःख त विभिन्न सांसारिक उपाय वा उपचारले नष्ट हुन सक्छ, तर दुःख कहिल्यै नआउने हुनु केवल पशुपतिको प्रसादबाट मात्र सम्भव छ ।

पशुपति शब्दको अर्थ हो – पशुहरूको पति । जो जीवन्मुक्त छन्, सिद्धेश्वरका दर्जामा पुगिसकेका छन्, सनक, सनन्दन, सनातन, सनत्कुमार आदि । तीदेखि बाहेक सबै चेतनावान् जीव पशु हुन् ।

ईश्वरमा रहेका गुण-ऐश्वर्य यही परम स्वातन्त्र्य हो । यसमा बन्धनको लेश मात्र पनि छैन । यही ज्ञान हो । यही कारणतत्त्व हो । यही प्रभुशक्ति हो । यसैबाट प्रवृत्ति, निवृत्ति, स्थिति, इष्ट, अनिष्ट, स्थान, शरीर, इन्द्रिय विषय आदिको प्राप्ति हुन्छ ।

यसै ऐश्वर्यको अभाव – अनैश्वर्य, परतन्त्रता हो । यही बन्धन हो । यही अज्ञान हो, यही कार्यता हो । घरमा पालिएका जनावर बन्धनमा परेर स्वतन्त्र छैनन् । अनेकौं पाशले बाँधिएका जीव पनि पशु नै हुन् । यी पनि स्वतन्त्र छैनन्, रूप, रस, गन्ध, स्पर्श, शब्द-विषयहरूले बद्ध छन् । पाश-डोरी, सिक्री यसले जनावर बाँधिन्छन् । पाश-विषयहरूको सिक्री-घृणा; लज्जा, शङ्का, भय, जुगुप्सा, कुल, शील, जाति, यिनले सबै जीव कस्सिएर बाँधिन्छन् । ईश्वरले यिनै पशुहरूको रक्षा गर्दछन् ।

आफ्नो प्रभुशक्ति, विभुशक्ति, आफ्नो ऐश्वर्यद्वारा पशुहरूलाई उनी पशुत्वबाट, अनैश्वर्यबाट, परतन्त्रबाट, अज्ञानको पाशोबाट, मलको जालोबाट मुक्त गर्दछन्।

यसैले ईश्वर पति हुन्, पशुहरूका पति हुन्, पशुपति हुन् । उनैद्वारा प्रेरित भएर जीव विषयमा प्रवृत्त हुन्छन् । उनैको प्रसाद पाएर त्यसबाट निवृत्त पनि हुन्छन् । इष्टमा प्रवृत्ति, अनिष्टबाट निवृत्ति, प्रवृत्ति र निवृत्तिका प्रेरक पशुपति नै हुन् ।

पशुपतिका प्रसादले जीवलाई कसैबाट घृणा हुँदैन । न कसैमा उसलाई शङ्का हुन्छ । कसैबाट डर पनि हुँदैन । लाज पनि कसैबाट लाग्दैन । ईर्ष्या त उसको कसैसँग हुँदै हुँदैन । मेरो ठूलो कुल, मेरो महान् चरित्र, म ठूलो जातिको आदि घमण्डले उसलाई कहिल्यै छुँदैन । यो मुक्ति, पाशोबाट मुक्ति पशुपतिकै कृपाबाट, उनकै प्रसादबाट मात्र सम्भव छ ।

यही दुःखान्त हो, दुःखको सर्वथा अन्त । दुःखान्त पनि दुई प्रकारको छ– सात्मक र अनात्मक । सात्मक दुःखान्त – पारमैश्वर्य प्राप्ति चाहेको कुरा देख्नु, पाउनु, गर्नु, इच्छा लागेको ठाउँमा जान समर्थ हुनु । यसबाट पनि दुःखको अन्त हुन्छ । कुनै कुरा देख्न नपाएर, कुनै वस्तु उपलब्ध नभएर, केही गर्न नसकेर, कतै जान नपाएर मानिसलाई दुःख हुन्छ ।

पारमैश्वर्य–दृक्क्रिया वशित्व – दृष्टि, क्रिया र वेगको सामर्थ्य पाएर यी सबै दुःखको अन्त हुन सक्तछ। यही सिद्धि हो । अष्टसिद्धि हो । अणिमा, महिमा, लघिमा, गरिमा, प्राप्ति, प्राकाम्य, ईशित्व, वशित्व यी सिद्धि त्यसै पाइन्छन् । यसको निमित्त आवश्यक छ पशुपतिको प्रसाद । यही सिद्धिको स्रोत हो । त्यस्तै अनात्मक दुःखान्त । दुःखको आत्यन्तिक र ऐकान्तिक निवृत्ति । दुःख अवश्य नष्ट हुनु र फेरि कहिल्यै उत्पन्न नहुनु । यही निःश्रेयस हो, कैवल्य हो, मोक्ष हो । यो पनि पशुपतिकै प्रसादबाट सम्भव छ । यही अभ्युदय कल्याण र निःश्रेयस मोक्षको सिद्धि हो । यो धर्मबाट मात्र सम्भव छ । धर्म हो साधना, पाशुपतसाधना, पशुपतिको अनन्य आराधना ।

अचेतन मायाको प्रवर्तक, सम्पूर्ण रहस्यका ज्ञाता–सर्वज्ञ, सर्वव्यापी, सततोदित, नित्य मुक्त ईश्वर पति हुन् । विश्वका निर्माता पशु र पाशभन्दा विलक्षण, दृक्क्रियात्मक ऐश्वर्यका अनन्य आश्रय ईश्वर हुन् । रथका चालक सारथिजस्तै, घडाका निर्माणकर्ता कुमाले जस्तै शक्तिसम्पन्न प्रवर्तक, विश्वका

ज्ञाता पनि पशुपति । रथ स्वयं स्वतन्त्र छैन यसलाई सारथिको अपेक्षा हुन्छ गतिमान् हुन । घडा स्वतः घडा बन्दैन, घडाको रूपमा अस्तित्वमा आउन यसलाई प्रवर्तक चाहिन्छ - कुमाले । ठीक त्यसैगरी जगत्लाई प्रवृत्त एवं निवृत्त हुन पतिको अपेक्षा रहन्छ - पशुपतिको । यसैले पशुपति महेश्वर हुन् - सम्पूर्ण जगत्का कर्ता, सबैका अनन्य कारण । यिनमा ज्ञानशक्ति र क्रियाशक्ति छन् । ज्ञानशक्तिले उनी विश्वलाई जान्दछन् र क्रियाशक्तिले यसको निर्माण एवं परिचालन गर्दछन् ।

पतिको लक्षण हो - स्वभावतः निर्मल भैकन दृक्शक्ति र क्रियाशक्तिले समन्वित हुन । दाहकता र प्रकाशकता सूर्यको स्वभाव हो । अत्यन्त उज्ज्वल किरणहरूका अधिष्ठान स्वयं सूर्य हुन् । ठीक त्यसैगरी पतिको स्वभाव निर्मलता हो- मलहरूबाट बिल्कुलै अस्पष्ट-शुद्ध, अकल्मष । दृक्शक्ति र क्रियाशक्ति यिनका किरण हुन् - सूर्यका किरणजस्तै । यसैले पति-पशुपति सुदीप्त आत्मा हुन् ।

पशुत्वको संयोगबाट मुक्त नभएको जीव पशु हो । पशुत्व चाहिँ त्यो अनादि मल हो जसले धानलाई भूसले छोपेर राखेजस्तै जीवलाई ढाकेको हुन्छ। पशुत्वलाई विद्वान्हरू अझ तामामा लागेको कालिमासँग दाँज्न मन पराउँदछन्। यही अज्ञान हो र अज्ञानता पनि । यही पापको मूल स्रोत पनि हो । यो पशुत्वको निवृत्ति पशुपतिको शक्ति, उनैका प्रसादबाट मात्र हुन सम्भव छ अरूबाट होइन।

फेरि पाशो उनै पतिको शक्ति, उनैदेखि वास्तवमा अभिन्न, अनुग्राहक तत्त्व हो - भनिन्छ ज्ञानीहरूको चित्तलाई बलजफ्ती तानेर ल्याई देवी भगवतीले मोहको जालमा पारी दिनुहुन्छ । यो माया शिवको शक्ति, शिवदेखि अभिन्न शिवकै किरणको रूपमा रहेको छ ।

पतिले यसै मायाको बन्धनबाट पशुलाई मुक्त गर्दछन् । पशुत्वको अनादि कालदेखि चलेर आइरहेको बन्धनलाई चुँडाएर फ्याकिदिन्छन् । यही पतिको जीवमाथिको अनुग्रह हो ।

यो केवल पशुपतिको साधना, उनको आराधना, उनको अनन्य उपासनाबाट मात्र सम्भव छ । यही साधनाको चर्चा, यसैको प्रक्रिया पद्धतिको वर्णन विभिन्न

कोणबाट विभिन्न दृष्टिबाट तन्त्रहरूमा गरेको पाइन्छ ।

प्राणायाम, न्यास, ध्यान, जप, पूजा, पाठ यी सम्पूर्ण उपचार उनै पति - पशुपतिको आराधनाका लागि हुन् । यसमा पनि विभिन्न मार्ग छन् । यौटै मार्गमा पनि बेग्लाबेग्लै तह छन् । विभिन्न भाव, भावानुसारका आचार । यी सब पशुपति साधनाका सोपान हुन् । यिनैबाट शनैः शनैः चढ्दै गएर जीवले ईश्वरत्व प्राप्त गर्दछ । पारमैश्वर्य प्राप्त गर्नमा सफल हुन्छ । तर यो पनि पशुपतिको प्रसादले प्राप्त भएको सद्गुरुको उपदेशबाट दीक्षाबाट । यसैले साधना यौटै मात्र यसको उपाय हो।

पशुपतिको साधनातन्त्र साहित्यमा दुई प्रकारले प्रतिपादित छ – सगुण र निर्गुण । नामरूपयुक्त र नामरूपविहीन । सगुणसाधनामा पशुपति मन, वचन र कर्मले गोचर हुन्छन् । मनले उनको शरीर, वर्ण, आयुध, वस्त्र, आभूषण आदिको कल्पना गरिन्छ, ध्यान गरिन्छ । वचनले स्तुति पाठको माध्यमबाट यिनैको वर्णन हुन्छ । कर्मले विभिन्न उपचारहरूद्वारा यिनैको अर्चन गरिन्छ ।

शिवको एक वक्त्रमुख, चार वक्त्र, पाँच वक्त्र, छ वक्त्र, आठ वक्त्र अनेकौं स्वरूपमा साधकहरू उपासना गर्दछन् । भनिएको पनि छ –

'अनेकाऽऽकारसंयुक्तं देवदेवं महेश्वरम्'
'नानारूपधरं देवं नानारूपसमन्वितम्'
'महेशं सकलं विद्यात् सृष्टिस्थितिलयात्मकम्'
'तन्मूर्तिर्विविधा भवेत्'

यी हुन् तन्त्रका महत्त्वपूर्ण उक्तिहरू, जसले पशुपतिका अनेकौं रूप, अनेकौं चिह्न, अनेकौं लीलाको प्रतिपादन गर्दछन् ।

जटामुकुटले समन्वित एकमुख, तीन नेत्र, चार हात, हातमा वर, अभय, मृगी, परशुको धारण, पद्मासन–यो हो परमेश्वरको स्वरूप । यिनका पनि अनेकौं मूर्ति–पच्चीस मूर्ति । यिनैको करोडौंको एक अंशबाट ब्रह्मा र विष्णुको उद्भव, उनकी शक्ति उमा– त्रिकोणका रूपमा, सोम, सूर्य र अग्नि तीन आँखा, नाकमा वायु, गलामा गणेश, हृदयमा स्कन्द, नाभिमा अन्य देवताहरू, रौं–रौंमा ऋषिहरू

सब उनै पशुपतिका अंश, उनैमा अधिष्ठित, उनैबाट प्रादुर्भूत, उनैमा आश्रित र उनैमा विलीन, विभिन्न तत्त्व, विभिन्न शक्ति, विभिन्न वर्ण सबथोक ।

पशुपतिका पाँच वर्ण पाँच तत्त्वका परिचायक, प्रतीक–पीतवर्ण पृथ्वी, शुक्ल आभा – जल, रक्तवर्ण–तेज, कृष्णरूप–वायु र धूम्रवर्ण – आकाश ।

पशुपतिको पाँच वटा मूर्ति – ईशान, ईश्वर, ब्रह्म, शिव र सदाशिव । यी सव वस्तुतः यौटै प्रणवाकारमा परिलक्षित छन् ।

पशुपति – स्वयं परब्रह्म, यौटै तत्त्व, सर्वव्यापी, सतत् उदित आत्मतत्त्व। यति भएर पनि उनको साधना पाँच ब्रह्मको रूपमा गरिन्छ – सद्य अथवा सद्योजात, वामदेव, तत्पुरुष, अघोर, ईशान ।

१. **सद्योजात** – शङ्खजस्तै पाण्डुर वर्ण, जटामुकुट मण्डित, चार मुख, चार हात, बाह्र आँखा, विभिन्न आभूषण ।

२. **वामदेव** – जपापुष्प जस्तै रातो आभा, जटामुकुट मण्डित, चार मुख, चार बाहु, बाह्र आँखा, रातो वस्त्र, रातो चन्दन, रातै माला, जगतैलाई वशीभूत पार्ने अपूर्व शक्ति ।

३. **तत्पुरुष** – पहेंलो वर्ण, दिव्य मुकुट, चार मुख, चारै हात, बाह्र आँखा, दिव्य गहना, जगत्को चैतन्यात्मक ब्रह्मरूप ।

४. **अघोर** – गाजलजस्तो कालो वर्ण, अत्यन्त भयङ्कर रूप, जटामुकुट मण्डित, चार मुख, चार बाहु, बाह्र आँखा, दाँत किटेको, बाघको छाला लाएको, यही ओढेको, पाउमा नूपुर, सम्पूर्ण आभरण, दिव्य गन्ध, दिव्य पुष्प – सम्पूर्ण शत्रु विजय गर्ने शक्ति ।

५. **ईशान** – स्फटिकको शुद्ध वर्ण, जटामुकुट, चार मुख, बाह्र आँखा, चार बाहु, सेतो वस्त्र र सेतै उपर्ना, दिव्यपुष्प, दिव्य गन्धको अनुलेपन, मोक्षका प्रदाता ।

यी पाँच ब्रह्मको समष्टिगत यौटै स्वरूप – चाँदीको जस्तो सेतो वर्ण, शिरमा चन्द्रमाको आभूषण, रत्नमय उज्ज्वल अङ्ग–प्रत्यङ्ग, चार हात, हातमा चार आयुध – परशु, मृग, वर र अभय, प्रसन्न अवस्था, पद्मासन, बाघको

छालामा समासीन, विश्वका आदि कारण, विश्वका वन्दनीय, सम्पूर्ण भय र त्रासका विनाशक, पाँच मुख र तीन नेत्र भएका महादेव – पशुपति ।

पशुपतिको यस स्वरूपदेखि बाहेक अर्को यौटा ध्यान – त्यो हो छ मुख भएको ध्यान माथिको पाँच मुखदेखि अतिरिक्त अर्को मुख –कालाग्निरुद्र । विश्वको आश्रम, सर्वाधार – सम्पूर्ण पिण्ड ब्रह्माण्डलाई अडाएर राख्ने महाशक्ति सम्पन्न स्वरूप । सेतो शरीर, रातो मुखमण्डल, दुई बाहु माथि उठाएर विराट् ब्रह्माण्डलाई धारण गरेको ।

पशुपतिका उपर्युक्त ६ वक्त्र अर्थात् मुख छन् – सद्योजात, वामदेव, तत्पुरुष, अघोर, ईशान र कालाग्निरुद्र । पश्चिम, उत्तर, पूर्व, दक्षिण, माथि र तल छ दिशामा उन्मुख ।

पशुपतिका यी ६ वक्त्रका छ वटै फेरि बेग्लाबेग्लै शक्ति – सद्योजातकी शक्ति कुब्जेश्वरी अथवा कुब्जिका, वामदेवकी – सिद्धेश्वरी अथवा सिद्धिकराली, गुह्यकाली, तत्पुरुषकी – पूर्णेश्वरी अथवा भुवनेश्वरी, दक्षिणकी निशीश्वरी अथवा दक्षिणकाली, ईशानको – कामेश्वरी अथवा कामकलाकाली त्रिपुरसुन्दरी भगवती र कालाग्निरुद्रकी बज्रेश्वरी अथवा तारेश्वरी (तारा) ।

जति शिवका रूप उति शक्तिका पनि । शिव शक्ति नभई स्पन्दन पनि गर्न सक्तैनन् । शक्तिविहीन शिव – शव मात्र हुन् । शिवशक्तिमा कुनै भेद छैन । अनुभवसूत्रको अन्तमा **नमः शिवाय** मन्त्रलाई नै शिव र शक्तिको योग सिद्धि गरिएको छ ।

पशुपतिको साधना – यसको यौटा रूप, उनको अर्चन लिङ्गार्चन ।

लिङ्ग – स्वयं शिव हुन् । जसबाट समस्त चराचर जगत् प्रादुर्भूत हुन्छ । चिनिन्छ, जसमा फेरि लय पनि हुन्छ यही लिङ्ग हो यही शिव हो । लिङ्ग तीन प्रकारका छन् – भावलिङ्ग, प्राणलिङ्ग र दृष्टिलिङ्ग ।

भावलिङ्ग – भावबाट मात्र प्राप्त गर्न सकिन्छ – यो परभन्दा पनि पर छ, सन्मात्र छ ।

प्राणलिङ्ग – मनोग्राह्य छ, यो प्राणमा अन्तर्निहित छ – सकल – निष्कल दुवै छ ।

दृष्टिलिङ्ग - बाहिरी आँखाले देख्न सकिने, इच्छा लागेको वस्तु पुऱ्याइदिने, अनिष्टको परिहार गर्ने पशुपति लिङ्ग यो हो । ब्रह्मको लक्षण सत्, चित् र आनन्दरूपता । सत् - भावलिङ्ग, चित् - प्राणलिङ्ग र आनन्द - दृष्टिलिङ्ग हुन्। यसैले लिङ्ग सच्चिदानन्द ब्रह्म नै हो । यसमा भावलिङ्ग पर, प्राणलिङ्ग सूक्ष्म र दृष्टिलिङ्ग स्थूल हो । यी तीनै लिङ्गहरू प्रत्येक दुई प्रकारका छन् - भावलिङ्गको दुई प्रकार चरलिङ्ग र शिवलिङ्ग । प्राणलिङ्गको दुई प्रकार महालिङ्ग र प्रसादाख्य लिङ्ग । दृष्टिलिङ्गको दुई प्रकार गुरुलिङ्ग र आचार लिङ्ग ।

आफ्नो शक्तिको वैभव र स्वातन्त्र्य अथवा लीलाले गर्दा यिनका शक्ति पनि छ प्रकारकै छन् - शान्त्यतीतोत्तरा - चित्तशक्ति, शान्त्यतीता - पराशक्ति शान्ति, आदिशक्ति, इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्ति । उपर्युक्त ६ वटा लिङ्गहरू यिनै छ शक्तिहरूले समन्वित भएर योगीहरूद्वारा आराधित हुन्छन् । यिनको स्वरूप वर्णन वातुलोत्तर तन्त्रको अनुभवसूत्रमा विस्तृत रूपमा उपलब्ध हुन्छ ।

पशुपतिको साधनामा लिङ्गस्थल पछि अङ्गस्थलको पनि ज्यादै ठूलो महत्त्व छ । अङ्ग शब्दकै अर्थ ब्रह्मपरायणता हो । यसलाई तीन प्रकारले वर्णन गर्न सकिन्छ - योगाङ्ग, भोगाङ्ग र त्यागाङ्ग । शिवसँग जीवलाई जोडेर साधना गर्दा अत्यन्त सुखको अनुभव हुन्छ - त्यो योगाङ्ग हो । अनेकौं भोग गर्दा शिवसँग भोग्यवस्तुलाई भोग्नु - भोगाङ्ग हो । संसारलाई भ्रान्ति सम्झेर त्याग दिनु त्यागाङ्ग हो । यी तीन अङ्गहरू क्रमशः कारण, सूक्ष्म र स्थूल, सुषुप्ति, स्वप्न र जाग्रत् । प्राज्ञ, तैजस र विश्व हुन् ।

पशुपतिको साधनामा भक्तिको कम महत्त्व छैन । पहिले शिवका ६ अङ्गहरू - सर्वज्ञता, तृप्ति, अनादिबोध, स्वतन्त्रता, शक्तिको अलुप्तता र अनन्त शक्ति । यिनै ६ अङ्गमा प्रविष्ट ६ प्रकारका भक्तिहरू। एकै प्रकारको पानी ६ वटा भिन्नभिन्न स्वभाव भएका वस्तुमा प्रवेश गरी भिन्नभिन्न छ वटा रसमा परिवर्तित हुन्छ । ठीक त्यसै गरी शिवका ६ अङ्गमा प्रविष्ट छ प्रकारका भक्ति त्यही आकारमा परिणत भएर तन्मय हुन्छन् ।

१. जड वा चेतन जुनसुकै वस्तुमा पनि यौटै दृष्टि हुनु यो पहिलो समरसाकार

भक्ति हो ।

२. दोस्रो – जे देखे पनि पशुपतिकै अनुग्रह ठानेर आनन्दित हुनु – यो पनि भक्ति नै हो ।

३. तेस्रो भक्ति – संसार चक्रलाई नष्ट गरिदिने अनुभवाकार भक्ति हो - सर्वत्र आत्मतत्त्वको अनुभव गर्नु ।

४. चौथो परमा भक्ति परमेश्वरको अवधान गर्नु ।

५. पाँचौ नैष्ठिकी भक्ति परमेश्वरमा निष्ठा, आस्था, विश्वास राख्नु र

६. छैठौं सद्‌भक्ति सर्वत्र सद् देख्नु, सबैलाई सज्जन ठान्नु ।

पशुपतिको साधनाअन्तर्गत अष्टमूर्तिको उपासनाले अत्यन्त महत्त्व राख्दछ- पृथ्वी, जल, अग्नि, वायु, आकाश, यजमान, सोम, सूर्य यी आठ मूर्तिको पूजन एवं दिशाबाट क्रमशः – आग्नेयकोणसम्म सम्पन्न गरिन्छ । यिनै आठ मूर्तिहरूलाई हर, महेश्वर, शूलपाणि, पिनाक (धनुर्) धारी, पशुपति, शिव, महादेव यी नामहरूले साधकहरू अर्चना गर्दछन् ।

शिवको पूजा सर्वप्रथम अङ्गपूजाको रूपमा गर्नु ज्यादै आवश्यक छ । यसरी गरिएको पूजा सर्वसिद्धिप्रद हुन्छ, कोटिगुणित हुन्छ । शिवपूजन नगरीकन गरिएको अन्य पूजाको फल छैन ।

पशुपतिको निर्गुण साधना

शिवको निर्गुण साधनाको प्रतीक अङ्ग हो । शिवको अङ्गस्थल आत्मा हो । अङ्ग र आत्माको योग सम्यक् योग हो, संयोग हो । सर्वज्ञता, तृप्ति, अनादिप्रबोधता, स्वतन्त्रता, अलुप्तशक्तिता, अनन्तशक्तिता यी ६ वटा पशुपतिका अङ्गहरू आत्माकै अङ्ग हुन् । आत्मा सर्वज्ञ छ, नित्य तृप्त छ, ज्ञानस्वरूप छ, स्वतन्त्र छ, शक्ति कहिल्यै लुप्त हुँदैन, शक्तिको अन्त पनि छैन । यसले शिव र आत्मामा कुनै भेद छैन ।

उपास्य भएर, पूज्य भएर जुन रूप शिवको हुन्छ, उपासक भएर, पूजक भएर त्यही रूप आत्माको पनि हुन्छ । उपास्य – उपासक, पूज्य–पूजक, साध्य–साधक, गुरु–शिष्य, शिव–आत्मा यी दुई वटाजस्ता देखिए तापनि वस्तुतः तान्त्रिक

रूपमा यिनीहरूमा फरक छैन । यही संयोग हो सायुज्यरूप मुक्ति हो ।

यही शिवाङ्ग र आत्माको संयोग विधि साधना विधि हो – वास्तविक भक्ति हो । साधक सधैँ शिवलाई आत्मा मान्दछ – **आत्मा त्वम्** यही उसको सङ्कल्प रहन्छ । यो संयोग त्यसै हुँदैन – यहीँ चाहिन्छ साधना र यसको लागि आवश्यक हुन्छन् केही विधिहरू ।

सर्वप्रथम संसारचक्रका तारक, अविद्या ग्रन्थिभेदक, शिवविद्याका प्रदाता परम शिवलाई गुरु मानेर साधक आफ्नो अविद्याको निवृत्तिका लागि शिवविद्या प्राप्त गर्न खोजेर सद्‌गुरु कहाँ उपस्थित हुन्छ । साधक सोद्धछ – 'म को हुँ ?' गुरु उत्तर दिन्छन् – 'त्यो ब्रह्म तिमी नै हौ ।' यी सम्पूर्ण देह, इन्द्रिय आदि अविद्याबाट जन्मेका भ्रान्तिले असत्य भएर पनि सत्यजस्तै भासित हुन्छन्, यसकारण यस भ्रान्तिको विनाशका लागि तिमी सधैँ लिङ्ग र शिवाङ्गको संयोग स्वरूप ज्ञानमा निष्ठा राख ।

लिङ्ग तत्पदको वाच्य हो, अङ्ग – त्वं पदको, यी दुईको संयोग – **असि** पदको । लिङ्ग, अङ्ग र यी दुईको संयोग – यिनै तीनवटा क्रमशः सत्, चित् र आनन्द हुन्, नाद, बिन्दु र कला हुन्; मन्त्र, क्रिया र प्रयोग हुन्; प्रकृति, पुरुष र तिनका प्रेरक संयोग हुन् । अकार, उकार र मकार रूप प्रणव हुन् । वाक्, अर्थ र तिनको प्रतिपत्ति हुन्, यही ज्ञान शिवले गुरु भएर शिष्य जीवलाई करुणापूर्वक प्रदान गर्दछन् । यही ज्ञान दिएर शिवले जीवका समस्त पाशहरूको छेदन गर्दछन् अनि पति भावमा प्राप्त हुन्छन् – यसैले शिव पति, जीव–पशु, मल–पाश, दीक्षा पाश छेदन गर्ने कैंची हुन् । यही शैवी दीक्षा हो ।

यो ज्ञान पाएपछि जीवका सम्पूर्ण कर्महरू क्षीण हुन्, अविद्याका गाँठा फुक्दछन्, अनेकौं संशय, सङ्कल्पहरू भस्मसात् हुन्छन् । उपासना संयोग हो (लिङ्ग र शिवाङ्गको), संयोग द्वैतको लय हो, यही लय निवृत्ति हो, यही विश्रान्ति हो – परम पशुपति पद हो । यसैको निमित्त गरिएको भक्तिले सम्पूर्णता र सार्थकता प्राप्त गर्दछ । यही साधनाको चरम लक्ष्य हो ।

नमः शिवाय यसमा तीन शब्द छन् – **नमः, शिव र अय** । यी तीन

शब्द, अङ्ग र सम्बन्धका वाचक हुन् । जीवन, परमात्मा र तिनीहरूका तादात्म्यका वाचक हुन् । मूलाधारदेखि आज्ञाचक्रसम्म यी मन्त्र अधिष्ठित छन् । शिवको शरीर पनि यिनै मन्त्रहरूले सम्पूर्ण छ ।

पाञ्चरात्र भन्दछ – दृष्टिहीन भएको अधिष्ठाता आत्मा हुँदैन । त्यसैकारण नामरूपले विहीन भए तापनि पशुपति शरीर आदिले युक्त भइकन पनि मुक्त छन्। आत्माका मूर्ति दुई प्रकारका हुन्छन् – चल र अचल । चल मूर्ति, तत्त्व भुवन आदि शरीरवाला र अचल चाहिँ ज्ञान र क्रिया स्वभाववाला । यही अचलमूर्ति सर्वोत्कृष्ट मानिन्छ । वास्तवमा पशुपति अशरीर (शरीर नभएका) छन्, उनको लौकिक प्राणीहरूका जस्तो शरीर हुँदैन । तर साधकको लक्ष्य प्राप्तिका लागि उनका शरीरको कल्पना गरिन्छ । चेतन र अचेतन जगत्को अनुग्रहका लागि प्रभुको रूपको कल्पना हुने गर्दछ ।

भनिन्छ शरीर नभएको हुनाले नै जुन जुन कर्म उनी गर्दछन्, त्यही कर्म लोकमा लौकिक शरीर भएको जीवले आफ्ना इन्द्रियहरूद्वारा गरिने कर्म हुन् । अर्थात् लौकिक जीवले गरिने समस्त कर्म परमार्थमा भगवान् पशुपतिबाट नै हुने कर्म हुन् । पशुपतिको शरीर शक्तिमय शरीर हो – मन्त्रात्मक अर्थात् मन्त्रमय । दृक्क्रिया शक्ति नै उनका इन्द्रिय हुन् । यिनैबाट जगत्को प्रवृत्ति र निवृत्ति हुन्छ । जसरी काल अमूर्त भएर पनि फलको साधक हुन्छ, ठीक त्यसैगरी शिव अमूर्त भएर पनि स्वेच्छाले स्वतन्त्रतापूर्वक सम्पूर्ण दिव्य कर्म सम्पन्न गर्दछन् । त्यसकारण इच्छा नै उनका करण हुन्, इन्द्रियादि हुन् ।

यही तथ्यको द्योतक पशुपतिको पञ्चाक्षर मन्त्र रहस्यको विश्लेषणबाट पनि हुन्छ । ॐ परिपूर्ण ब्रह्मको वाचक हो । **नमः** नमस्कारको वाचक । अझ नमः शब्दको अर्थ त प्रह्वता हो, प्रह्वतां चाहिँ सत्, चित्, आनन्दस्वरूप शिवबाट जीवन मायाले बेग्लै देखिएकोमा मायाविहीन अवस्थाको शिव र जीवको एकात्मकता तादात्म्यलाई भन्दछन् । 'शिव' शब्दले चाहिँ सत्य, ज्ञान, परानन्दस्वरूपता शिवको अत्यन्त व्यक्त भएर द्योतन हुन्छ । किनभने 'शिव' शब्द स्वयं चित्कलास्वरूप ब्रह्मको वाचक हो ।

तन्त्रमा साधनाको दृष्टिले तीन प्रकारका पाशुपत विद्याको प्रतिपादन गरिएको पाइन्छ – लघुपाशुपतविद्या, मध्यमपाशुपतविद्या र महापाशुपतविद्या ।

लघु पाशुपत विद्यामा पशुपतिको ध्यान – मध्याह्नकालका सूर्यको जस्तो प्रचण्ड र उज्ज्वल कान्ति, शिरमा चन्द्रमा, भयङ्कर अट्टहास, तीन आँखा, सर्पका गहना, जटाजूट र जुँघा, दाह्री, चार हातमा त्रिशूल, मुङ्ग्रो, खड्ग र शक्तिस्वरूप हतियार दाह्रा, भयङ्कर स्वरूप यस्ता दिव्य अस्त्ररूपी पशुपति ।

पशुपतिको यो सगुण ध्यान निर्गुण रहस्यको पनि प्रतीक वा द्योतक हुन्छ। पशुपति संहारका देवता हुन्, अमृतस्वरूप छन्, कामकला उनको स्वरूप हो, उनी प्रकृतिपुरुष उभयात्मक हुन्, पशुपतिका उपासनाले आध्यात्मिक, आधिभौतिक र आधिदैविक तीनै प्रकारका ताप नष्ट हुन्छन्, सङ्कल्प–विकल्पको भुमरीबाट मुक्ति पाइन्छ, बल र शक्ति अधीनमा हुन्छन्, सत्व गुण विकास आफूमा हुन्छ र यसबाट ब्रह्मस्वरूपत्व लाभ हुन्छ भन्ने रहस्य यसबाट अभिव्यक्त हुन सक्तछ ।

यसैगरी मध्यम पाशुपत विद्यामा पशुपतिको ध्यान – पाँच मुख, दश हात, प्रत्येक मुखमा तीन आँखा, आगाको ज्वाला जस्तो प्रचण्ड कान्ति, जटाजूट र जुँघा, दाह्री, भयङ्कर दाह्रा, खड्ग, बाण, माला, त्रिशूल, शक्ति, बन्चरो, खेट, धनु, कुण्डिका, ब्रह्मदण्ड यी आयुध हातमा धारण, अनेकौं गहना, सर्पको आभूषण, स्फटिकसमान स्वच्छ आभा, शान्त स्वरूप – यस्ता सबै संसारका रक्षक पशुपति ।

यसको निर्गुण रहस्य – पशुपति पृथ्वी, जल, तेज, वायु र आकाश तत्त्वात्मक हुन्, दश दिशामा व्यापक आत्मतत्त्व वा ब्रह्मतत्त्व हुन्, त्रिबिन्दु, कामकलात्मक हुन्, प्रकाश स्वरूप छन्, संहार उनको कृत्य हो, प्रकृति पुरुषात्मक हुन्, सत्त्व गुणात्मक स्वरूप छ, सिद्धि, जृम्भण, वेग, बल, न्यानोपन, प्रकाशांश, रक्षा, मोहन, तृप्ति, त्रिविधतापनाश, ब्रह्माण्डरक्षा गर्ने स्वभावका हुन्, त्रिगुणात्मक छन्, कालविजयी हुन् भन्ने हो ।

विश्वरूपता, ज्यादै हिस्सी परेका, सवित् स्वरूप, त्रिकोण–कामकलात्मक,

सत्व–रज–तमोगुणात्मक, सबै प्रपञ्चलाई बाँधेर आत्मसात् गरेका, अमृतस्वरूप, परब्रह्म, आफ्नै शरीरमा सम्पूर्ण ब्रह्माण्डलाई समाविष्ट गरी स्वयं साक्षी स्वरूप भएर रहेका, सम्पूर्ण विश्वको आधार, कालविजयी, पापनाशक, ज्ञान र अभयदाता, पञ्चकृत्यकारी, परब्रह्म पशुपति भन्ने बुझिन्छ ।

महापाशुपत विद्यामा पशुपतिको ध्यान

महापाशुपत विद्यामा पशुपतिको ध्यान यसप्रकार छ – करोडौं सूर्य चम्केजस्तै अत्यन्त तेजिलो आभा, करोडौं चन्द्रमा उदाएको बेलाजस्तै आह्लादकारी शीतलतासम्पन्न, पूर्वतर्फ खारेको सुवर्णजस्तो पहेंलो वर्णको शान्त विष्णुको मुहार, दक्षिणतर्फ कालो वर्णको दाह्रावाल भैरवको मुहार, पश्चिम दिशामा दूध र कुन्दपुष्प समान सेतो वर्णको क–वर्णात्मक मुखारविन्द, उत्तरतिर सेतो गोरो वर्णको गौरीशङ्कर उभयात्मक मुखमाथि बत्तीको ज्वाला स्वरूप ज्योतिर्मय मुख, त्यसमा श्रीचक्रराजको चिह्न, नाइटोका अत्यन्त प्रोज्ज्वल कालाग्निरुद्रको मुहार, प्रत्येक शिरमा जटाजूट, चन्द्रमाको अलङ्कार, व्यापक, परब्रह्मस्वरूप, सर्पका गहना, रुद्राक्षका माला, मुण्डमाला, रत्नै रत्नैका गहना, पाउसम्म झुण्डिएको बेलपत्रको माला, प्रत्येक शिरको दुई–दुई हात, एक हातमा वेद, अर्कोमा अभयदान यसरी आठ हात, सधैं सोह्र वर्षका युवा दर्शन, आकाशमा शून्य शून्यमा पद्म त्यसमाथि बसेका सच्चिदानन्दस्वरूप पशुपति ।

ध्यानको निर्गुण रहस्य – विश्वरूपता ज्यादै हिस्सी परेका, संवित् स्वरूप, त्रिकोण–कामकलात्मक, सत्व–रज–तमोगुणात्मक, सबै प्रपञ्चलाई बाँधेर आत्मसात् गरेका अमृतस्वरूप, परब्रह्म, आफ्नै शरीरमा सम्पूर्ण ब्रह्माण्डलाई समाविष्ट गरी स्वयं साक्षी स्वरूप भएर रहेका, सम्पूर्ण विश्वको आधार, कालविजयी, पापनाशक, ज्ञान र अभयप्रदाता पञ्चकृत्यकारी, परब्रह्म पशुपति भन्ने बुझिन्छ । यसरी पशुपति तात्त्विक रूपमा निर्गुण ब्रह्म नै हुन् । ब्रह्म विश्वब्रह्माण्डस्वरूप नै हुन्छ भने जे पनि, जस्तो पनि हुन्छ । जो सबैथोक हो त्यो यस्तो पनि हो त्यस्तो पनि हो । त्यसैले सगुण पनि भयो ।

यौटै व्यक्ति– बाबु, छोरा, दाजु, भाइ, गुरु, शिष्य, मामा, भान्जा आदि

सबै हुन सक्तछ, ऊसँग व्यवहार गर्ने जो जस्तो भयो त्यस्तै आफूसँग मिल्ने रूपबाट ऊसँग व्यवहार गर्दछ । छोराले बाबु मान्दछ, भान्जाले मामा, भाइले दाजु, दाजुले भाइ । ठीक त्यसैगरी निर्गुण ब्रह्म स्वयं विभु छ, व्यापक छ, समष्टि पनि हो – व्यष्टि पनि, विस्तार पनि हो । यसैको अनुभवात्मक ज्ञान हुनु साधनाको वास्तविक लक्ष्य हो । यसैबाट साधक साध्यस्वरूप भएर साधक र साध्यमा तादात्म्य हुनसक्तछ ।

नेपालमा विराजमान पशुपतिको तात्त्विक स्वरूप

अन्त्यमा, नेपालमा विराजमान पशुपति तात्त्विक स्वरूपबारे चर्चा गरिन्छ– जलहरिमाथि शिवलिङ्ग, त्रिबिन्दुले बनेको योनिकला, बीचको बिन्दु कार्य, त्यसैले कामकलात्मक, लिङ्ग ज्योतिर्लिङ्ग, यसैबाट विश्वको उत्पत्ति र यसैमा लय, चार मुख – ब्रह्मा, विष्णु, महेश्वर शिवशक्त्यात्मक चणकाकार स्वरूप, सर्वविद्याका अधिपति र ब्रह्माण्डको प्रतीक, परा–अपरा परापरा शक्तिको प्रतीक, सम्पूर्ण ऋद्धि, सिद्धि, देवताको प्रतीक श्रीचक्रलाई मस्तकमा धारणा गरेको आदि आदि वर्णन गर्न नसकिने सत्‌चित् आनन्दस्वरूप परब्रह्म परमात्मा हुन् । उनै अज्ञानी अनादि बद्ध जीव पशुहरूका रक्षक, मोक्षदाता पति – पशुपति हुन्, उनैले पाशोको जाल अज्ञानलाई काटेर फ्याँकिदिन्छन् – आफ्ना भक्त साधकहरूको। यही उनको तात्त्विक स्वरूप हो।

शुभम्

सन्दर्भ ग्रन्थ

१. पशुपतसूत्र कौण्डिन्य भाष्य

२. कुलार्णव तन्त्र

३. वातुलशुद्धाख्य तन्त्र

४. सर्वदर्शन संग्रह नकुलीश पाशुपत दर्शन

५. न्यायसूत्र

६. शतरत्न संग्रह, श्लो. ७ र ८
७. वायवीयसंहिता – उद्धृत शतरत्नसंग्रह
८. पौष्करतन्त्र उद्धृत शतरत्नसंग्रह
९. मतङ्ग उद्धृत शतरत्नसंग्रह
१०. रत्नत्रय
११. शतरत्नसंग्रह
१२. वातुलतन्त्र
१३. ध्यायेन्नित्य.... स्तुति निर्वाणतन्त्र, तोडलतन्त्र
१४. तन्त्रको प्राचीन ठ्यासफू – पद्धतिग्रन्थ
१५. शिव : शक्त्यायुक्तो – सौन्दर्यलहरी १
१६. वातुलोत्तरतन्त्र, शिवानुभवसूत्र, अधिकरण ८
१७. शिवानुभवसूत्र अधिकरण ३
१८. निर्वाणतन्त्र र तोडलतन्त्र ५ पटल
१९. शिवानुभवसूत्र, लिङ्गाङ्ग संयोगविधि
२०. अनुभवसूत्र अधिकरण ६
२१. शतरत्नसंग्रह
२२. वामदेवसंहिता, उद्धृत बृहत्पुरश्चर्याणव
२३. प्रबुद्धसनातनरहस्य
२४. उद्धृत प्रबुद्धसनातनरहस्य

ब्रह्मरूपा गुह्यकाली

गुह्यकालीको महास्थान नेपाल

भगवान् पशुपतिनाथ ज्योतिर्लिङ्गको रूपमा विराजमान हुनु भएको हुनाले हाम्रो देश नेपाल 'पाशुपतक्षेत्र'को रूपमा प्रसिद्ध भएझैं आदिशक्ति जगज्जननी श्रीगुह्यकालीको निवासभूमि यो देश 'पार्वतीको घर' नामले विश्रुत छ । त्यसैले यो शक्तिक्षेत्र हो । कुब्जिकातन्त्र, तन्त्रचूडामणि, बृहन्नीलतन्त्र, पीठनिर्णय (महापीठनिरूपण) आदि प्राचीन तन्त्र-ग्रन्थहरूले नेपाललाई शाक्त-उपासनाका प्रमुख केन्द्रहरूमध्ये गणना गरेर यौटा महान् 'शक्तिपीठ' घोषित गरेका छन् ।[१] देवीभागवतमा नेपाललाई गुह्यकालीको महानस्थानको रूपमा निर्देश गरेर 'शक्तितीर्थ' बताइएको छ[२] – गुह्यकाल्या महास्थानं नेपाले यत् प्रतिष्ठितम् ।

गुह्यकाली उत्तराम्नायकी नायिका हुन् । गुह्यकालीको सगुण तथा निर्गुणरूपको विस्तृत वर्णन तन्त्रशास्त्रहरूमा पाइन्छ । अथर्ववेदका वारतन्तवी, मौञ्जायनी, तार्णवैन्दवी, शौनकी, पैप्पलादिका, सौमन्तवी नामक मुख्य-मुख्य छ शाखाहरूको उल्लेख गुह्योपनिषद्मा पाइन्छ जहाँ भगवती गुह्यकालीको स्वरूप निर्देश गरेर 'शाक्ततीर्थ' बताइएको छ ।[३]

महाकालसंहिता नामक महान् तन्त्र ग्रन्थको कालीखण्ड (अथवा गुह्यकालीखण्ड) गुह्यकालीको शास्त्रीय स्वरूप निरूपण र साङ्गोपाङ्ग उपासना-प्रक्रियाको निर्वचनका लागि प्रामाणिक मानिन्छ । आगमशास्त्रको वचन छ –

अचिन्त्यस्याप्रमेयस्य निर्गुणस्य गुणात्मनः ।
उपासकानां सिद्ध्यर्थं ब्रह्मणो रूपकल्पना ।।[४]

---

१. *दी शाक्त पीठज् – डो.सी सरकार, पृ. १९, २१, २२, ३५ (टिप्पणी)*

२. *उक्तग्रन्थ पृ. १०७ मा उद्धृत*

३. *उपनिषत्संग्रह (वाराणसी), १९७०*

४. *रमझम २/३ मा 'कलाको आदर्श' लेखमा श्री धनशमशेरद्वारा उद्धृत, पृ. २३ ।*

भगवती परमेश्वरी अचिन्त्य, अप्रमेय र निर्गुण हुनुहुन्छ, उपासकको सिद्धिका लागि मात्र प्रभुको रूपको कल्पना गरिन्छ ।

'कार्यार्थे सगुणा त्वं च वस्तुतो निर्गुणा स्वयम् ।'

भगवतीको वास्तविक स्वरूप निर्गुण नै हो, केवल व्यवहारको लागि सगुण रूपको कल्पना भनिन्छ ।

यही कुरा ललिता सहस्रनाम व्याख्याको भूमिकामा प्रसिद्ध विद्वान् भास्करराय लेख्नुहुन्छ – 'केवल उपासकहरूको अनुग्रहको लागि मात्र भगवतीको सगुण रूप हो। किनभने बहिरङ्ग–अनुष्ठान गरेकाहरूलाई मात्र अन्तरङ्ग–अनुष्ठानमा अधिकार हुन्छ । उपासकहरूको रुचि–वैचित्र्यले गर्दा नै ईश्वरीका रूपमा पनि वैचित्र्य पाइन्छ ।'[५]

गुह्यकालीको सगुण रूप

गुह्यकालीका मन्त्रहरूमा अठार प्रकारका भेद पाइन्छन् । मन्त्रहरूकै भेदले गर्दा ध्यानहरूमा, यन्त्रहरूमा र वाहनहरूमा पनि भिन्नता देखिने हुन्छन् । जसले जुन मन्त्रको अभ्यास गर्दछ, त्यसको त्यही नै आम्नाय ठहर्छ ।[६]

गुह्यकाली सय, अस्सी, साठी, छत्तीस, बीस, एक्काइस, दश, पाँच, तीन, दुई र एक शिर भएकी एघार प्रकारकी वर्णित छिन् । यी मध्ये भरतले उपासना गरिएकी दशवक्त्र भएकी गुह्यकाली मुख्य मानिन्छिन् । यी दशवक्त्रा गुह्यकाली कालीहरूमा पनि जगदम्बिका हुन् । कार्यकारणको भेदले यिनी प्रकृति स्वरूपिणी हुन् र अरू केवल विकृति हुन् ।[७]

---

५. *कल्याण श्री गणेशाङ्क ४८/१, पृ. ६३ मा उद्धृत ।*

६. *गुह्यकाल्यास्तु मन्त्राणामष्टादश भिदाः प्रिये ।*
मन्त्राणां भेदतो ध्यानभेदास्युर्विविधास्तथा ।।
यन्त्रभेदा अपि तथा वाहनानां भिदास्तथा ।
यो मन्त्रो येन चाभ्यस्तं तथाम्नायः प्रकीर्तितः ।। (महाकालसंहिता– हस्तलिखित पृ. १ (क), बृहत्पुरश्चर्यार्णव – ३ खण्ड – श्री ५ प्रतापसिंहशाहदेव पृ. ५४ ।

७. *महाकालसंहिता (ह.लि.), पृ. १ (क)*

दशवक्त्रा गुह्यकालीको संक्षिप्त ध्यान

भगवती गुह्यकालीको प्रभावले ठूलो रगतको बाढी, भयङ्कर कोलाहल, नौ करोड चामुण्डा र एक करोड भैरवहरूद्वारा वेष्टित र रक्त-मांस पूरित रक्तबालुकामय द्वीप, बीचमा एक योजन विस्तृत यौटा मण्डल, एक करोड भैरवीहरूद्वारा घटित यौटा ठूलो प्राकार, बीचमा ठूलो मसान, चारैतिर आगै आगोको ज्वाला, करोडौं योगिनीहरू तड् तड् शब्द गर्दै ताली पिटीरहेका काटिएका टाउकाहरूको माला उनेर तोरण बनाइएको, त्यसको बीचमा हीरा-मोतीहरूले बनेको रत्नमय दिव्य सिंहासन, सिंहासनलाई चारतिरबाट सत्य, त्रेता, द्वापर, कलि चार युग र ऋक्, साम, यजु, अथर्व चार वेद एवं शिक्षा, कल्प, निरुक्त, छन्द, व्याकरण, ज्यौतिष र सात उपवेदहरूले आफ्ना शिरमा उठाएका, त्यसमाथि दोस्रो सिंहासन, यसलाई आफ्ना आफ्ना शस्त्रास्त्र र वाहनहरूले सुशोभित अष्टदिग्पालहरूले आफ्ना मस्तकमा धारण गरेको, त्यसमाथि ब्रह्मा, विष्णु, रुद्र, ईश्वर र सदाशिव नामक पाँच महाप्रेतहरूले आफ्ना शिरमा बोकेको तेस्रो सिंहासन, त्यसमाथि भयानक भैरवाख्य पीठ, त्यसमाथि ज्योतिष्टोम, अग्निष्टोम, वाजपेय, षोडशी, चयन, पुण्डरीक, राजसूय, अश्वमेघ, बार्हस्पत्य, विश्वजित, नरमेध, सौत्रामणी, अर्धसावित्रि, सूर्यकान्त, अञ्चलभिद् नामक सोह्र यज्ञहरूका प्रतीक सोह्रपाते कमल, त्यसमाथि उत्तम शिवासन, त्यसमाथि धर्म, ज्ञान, वैराग्य, ऐश्वर्य, यश, विवेक, काम र मोक्षको प्रतीक आठ पाते कमल त्यसमाथि शोभित हुनुहुन्छ – भगवती गुह्यकाली ।

भगवतीको नीलकमलको जस्तो श्याम वर्ण छ, इन्द्रनीलमणिको जस्तो नीलै आभा छ, ज्ञानरश्मिको अपूर्व छटा तुल्य ज्योर्तिमण्डलको बीचमा विराजमान हुनुहुन्छ – भगवती गुह्यकाली; दश शिर छन्, सत्ताइस आँखा छन्, सबभन्दा माथिल्लो वक्त्र छ – अग्निवक्त्र जसलाई चण्डयोगेश्वरी भनिन्छ, त्यसभन्दा मुनि सेतो भयानक सिंहको मुख छ, त्यसभन्दा मुनि बीचमा बँदेलको मुख, त्यसको बायाँतिर रातो बानरको मुख र दायाँतिर भालुको मुख, त्यसको मुनि भयानक मानव वक्त्र छ, बायाँतिर गरुडको, त्यसको दायाँतिर मकर (ग्राह)को,

बायाँतिर फेरि हात्तीको, दक्षिणतिर फेरि घोडाको मुख छ ।

भयङ्कर दाह्रा छ, डरलाग्दो अट्टहास गर्दा मुखबाट रगत चुहिरहेको छ, समय-समयमा जिब्रोले रगत चाट्तै गर्नुहुन्छ, डरलाग्दो शब्द गर्नाले समस्त दिशाहरू कम्पायमान हुन्छन्, शिरमा अर्धचन्द्र, विभिन्न प्रकारका स्वर्ण भूषण, तप-तप रगत चुहिरहेको नरमुण्डमाला, सेता हाडका गोलीहरूको समुज्वल माला, मुर्दाका औंलाहरूको माला, कठोर उतुङ्ग वक्षयुगल विशाल जघन (नितम्ब) क्षीण कटिले भगवती शोभायमान हुनुहुन्छ ।

हातमा - रत्नमाला, कपाल (खपर), चर्मपाश, शक्ति, खट्वाङ्गमुखण्ड, भुशुण्डी, धनु, चक्र, घण्टा, बालप्रेत, शैल, आदि आयुधहरू धारण गर्नुभएको छ ।

कमलको फूलमाथि कहिले नृत्य गर्नुहुने कहिले सुखसँग बस्नुहुने, समस्त देवादिदेव, मुक्तरूपले हुङ्कार गर्नुहुने, तीन करोड शक्ति र नौ करोड चामुण्डाहरूले घेरिएकी, अठार करोड महयोगिनीहरूद्वारा शोभित, साठी करोड डाकिनी, असी करोड भैरवीहरूद्वारा वेष्ठित, करोडौं कालानलका ज्वालाहरूले प्रदीप्त कलेवर, महाप्रलयकालीन करोडौं सूर्य, अरबौं विद्युत्को कान्ति भएकी, इन्द्रादिदेवताहरूद्वारा पनि देख्न नसकिने दानवहरूको मर्दन गर्ने भगवती गुह्यकाली हुनुहुन्छ ।[८] हाहाराव तन्त्रको वचन छ[९] -

ब्रह्मादिपञ्चकयुगश्रुतिदिक्पतीनां
मुण्डेषु भैरवशिवाप्रलयानलेषु ।
तस्योर्ध्वगे दशशतच्छदविद्रुमाभे
पद्मासनां भगवतीं परमां दशास्याम् ।।
सिंहेभकोलकपित्रृक्षतुरङ्गताक्ष्र्य-
योगेश्वरीमकरमानवपङ्क्तिवक्त्राम् ।
शूलाङ्कुशौ परशुमुद्गरपाशपात्र-
खट्वाङ्गबालकशिरोङ्कितपाणिपद्माम् ।।

---

८. *महाकालसंहिता (हस्तलिखित), पृ. २-३ क, ख ।*

९. *गुह्यकाली सहस्रनाम पुस्तिकामा प्रकाशित ।*

प्रस्तुत संक्षिप्त ध्यान उपर्युक्त वर्णनमा धेरै अंशले मिलेता पनि यस वचनअनुसार भगवती गुह्यकालीको दश वक्त्रहरू मध्ये यौटा वक्त्र स्यालको नभैकन बँदेलको छ र भगवती भैरवमाथि बसेको स्यालमा पद्मासन भएर विराजमान हुनुभएको छ भन्ने अन्तर देखिन्छ ।

आद्य शङ्कराचार्यले पनि यिनै दशवक्त्रा गुह्यकालीको ध्यान गर्नुभएको थियो र उहाँको ध्यान महाकाल संहिता कै ध्यानसँग मिल्दछ ।[१०] यिनको उपासना भरतले र भगवान् रामचन्द्रले गर्नुभएको थियो । यसकारण यिनलाई भरतोपासिता वा रामोपासिता गुह्यकाली भनिन्छ । यिनी मुख्य हुन् ।

यस्तै अन्य शतवक्त्रा, सहस्रवक्त्रा, अयुतवक्त्रा आदि पनि गुह्यकालीको स्वरूप भेद पाइन्छ । यसलाई लेख लम्बिने डरले यहाँ प्रस्तुत गरिएको छैन ।[११]

भगवती गुह्यकालीको उपर्युक्त एवं अरू जति पनि सगुण स्वरूप छन् ती सव उपासकहरूमाथि अनुग्रह गरेर अन्तरङ्ग अनुष्ठानकालागि अधिकृत बनाउन अन्तःकरण शुद्धिका निमित्त कल्पना गरिएका छन् । परमेश्वरी त वस्तुतः निर्गुण ब्रह्मस्वरूपिणी चैतन्य मात्र हुनुहुन्छ भन्ने कुरा माथि पनि उल्लिखित भइसकेको छ। सगुण स्वरूपमा पनि भिन्न भिन्न रूपले परिकल्पना गरिएको वक्त्र, भूषण, आयुध, वाहन आदिले पनि ईश्वरीको उही निर्गुण रूपकै तर्फ इङ्गित गरेको हुन्छ । यसकारण भगवतीको अङ्ग-प्रत्यङ्ग भूषणादिको समस्त परिकल्पना प्रतीकात्मक छ।

गुह्यकालीको निर्गुण रूप

निस्त्रैगुण्या विकृतिरहिता निर्विकारा निरीहा
नित्या शुद्धा चिदमलतनुर्निष्प्रपञ्चा च शक्तिः ।
मायातीताऽमृतपदमयी वेदवेदान्तवेद्या
कालव्यापिन्यपि परशिवा वासनाऽऽनन्दरूपा ।।[१२]

भगवती गुह्यकाली सत्व, रज, तम यी तीन गुणदेखि पर विकारहीना, मूलप्रकृतिस्वरूपा, रागद्वेषादिवियुक्ता, नित्या, शुद्धा, चित्स्वरूपा, निर्मला, प्रपञ्चहीना,

१०. *पञ्झटिकास्तोत्र ।*

११. *महाकालसंहिता (हस्तलिखित) पटल १ र बृहत्पुरश्चर्यार्णव ३. खण्ड ।*

१२. *महाकालसंहिता (ह.लि.)*

शक्तिस्वरूपा, मायातीता, अमृतपदमयी, वेद–वेदान्तहरूद्वारा अनुभव गर्न सकिने, कालव्यापिनी हुनाले देशकालको परिच्छेदले रहित भएर सत्यस्वरूपले अवस्थित, परभन्दा पनि पर, परमानन्द स्वरूपा हुनुहुन्छ । यसैले महाकाल संहितामा – **सैव ज्ञेया वरारोहे ! निर्गुणा ब्रह्मरूपिणी**[१३] गुह्यकालीको ब्रह्मरूपता प्रतिपादन गर्दछ।

आ–ब्रह्मस्तम्ब पर्यन्त जेजति वस्तुहरूको सत्ता प्रमाणित हुनसक्तछ, सब भगवती गुह्यकालीकै स्वरूप हो । त्यसैले वेद भन्छ – **आब्रह्मस्तम्बपर्यन्तं तनुमस्याः प्रचक्षते**[१४] । **'सत्यं ज्ञानम्, आनन्दं ब्रह्म'** । ब्रह्म भूत, वर्तमान, भविष्यत् तीनै कालमा अबाधित र अनवच्छिन्नरूपले रहिरहने हुनाले कालले अनवच्छिन्न छ । सर्वत्र व्यापक हुनाले नित्योपलब्धि स्वरूप देशले अनवच्छिन्न पनि छ । यसैले यो सत्य छ । समस्त स्थावर जङ्गममा सामान्य र विशेष चैतन्यका रूपमा रहिरहने हुनाले यो शुद्धबोध स्वरूप छ – यसैले ब्रह्म ज्ञान हो, चित् हो । माया अविद्या हो, अज्ञान हो अज्ञान दुःखको मूल हो, ब्रह्म मायातीत छ, यसैले यो दुःखहीन छ, परमानन्दस्वरूप छ । शास्त्रमा पनि भनिएको छ -

बृहच्च तद्दिव्यमचिन्त्यरूपं सूक्ष्माच्च तत्सूक्ष्मतरं विभाति ।
दूरात् सुदूरे तदिहास्ति किञ्चित् पश्यत्त्विहैतत् निहितं गुहायाम् ।।[१५]

ब्रह्मदेखि भिन्न ब्रह्माण्डमा केही छैन, समस्त ब्रह्माण्ड ब्रह्ममय छ । यसैले ब्रह्मरूपा गुह्यकाली परम निर्गुणरूपा हुनुहुन्छ । भनिएको पनि छ -

सर्वाननशिरोग्रीवा सर्वभूतगुहाशया ।
सर्वत्रस्था भगवती तस्मात् सर्वगता शिवा ।।
सर्वतः पाणिपादान्ता सर्वतोऽक्षिशिरोमुखा ।
सर्वतः श्रुतिमत्येषा सर्वमावृत्य तिष्ठति ।।
सर्वेन्द्रियगुणाभासा सर्वेन्द्रियविवर्जिता ।
सर्वेषां प्रभुरीशानी सर्वेषां शरणं महत् ।।[१६]

१३. *महाकालसंहिता (ह.लि.) ८१, पृ. ४ (क)*
१४. *अथर्वशिरषउपनिषद् (गुह्यकाल्युपनिषद्)*
१५. *अथर्वशिरषउपनिषद् (गुह्यकाल्युपनिषद्)*
१६. *गुह्यकाल्युपनिषद् – उपनिषद् सङ्ग्रह, वाराणसी, १९७०, पृ. ४१५ ।*

उक्त पद्यमा प्रतिपादित वर्णनले गुह्यकालीको विभुत्त्व र व्यापकतालाई प्रमाणित गर्दछ ।

जो व्यापक छ, ब्रह्माण्डै जसको स्वरूप छ, त्यसको कुनै लौकिक रूप र अङ्ग प्रत्यङ्ग हुँदैन । त्यसैले गुह्याको कुनै शरीर छैन, इन्द्रिय छैन, अन्तःकरण छैन। तर ब्रह्माण्ड उनैबाट जन्मन्छ, उनैले पाल्दछिन्, उनैमा लीन हुन्छ । किन्तु उनलाई सृष्टि, पालन र संहार गर्ने कोही अरू छैन । संसार उनैको वशमा छ उनी कसैको वशमा छैनन् ।[१७] समस्त इन्द्रादि देवता उनैको इशारामा नाच्दछन्, उनैको इच्छा पूर्ण गर्न कर्तव्यरत छन् । वस्तुतः समस्त देवता उनैका अभिन्न स्वरूप हुन् ।

भगवती गुह्या स्वयं अग्नि, सूर्य, वायु, चन्द्रमा, शुक्र, ब्रह्मा, जल, प्रजापति आदि सम्पूर्ण देवता हुनुहुन्छ, उहाँकै प्रकाशले सूर्य, चन्द्र, विद्युत् र अग्नि प्रकाशित छन् । उहाँलाई प्रकाशित गर्ने कसैको सामर्थ्य छैन । भनिएको पनि छ- **'तामेव भान्तमनुभाति सर्वं तस्या भासा सर्वमिदं विभाति ।'**[१८] यिनै गुह्यकालीले हिरण्यगर्भलाई जन्म दिइन् ।[१९]

यसैले यिनी समस्त ईश्वर, जीव र जड तत्त्वकी उत्पत्तिस्थान मानिएकी छिन् ।[२०] यिनै मूल प्रकृति हुन् अरू सबै यिनका विकार हुन्,[२१] यिनी स्वयं अविकारा छिन् । यिनैले सम्पूर्ण ब्रह्माण्डको सृजना गरेर आफ्नो प्रकाशले सबै प्रकाशित गर्दछिन् । सम्पूर्ण प्राणीहरूको हृदयमा गूढरूपले निविष्ट भएर जगत्लाई नचाउँछिन् र अन्तमा नदीहरू आ-आफ्ना नाम रूप छोडेर समुद्रमा मिले झैं यिनै 'गुह्या'मा लीन हुन्छन् ।

---

१७. *जगत् सर्वं वशे तस्या वश्या कस्यापि सा न च ।*
विश्वं सर्वं सृजति सा कोऽपि सृजति तां न हि ॥
सा पालयति संसारं तां पालयति कोऽपि न ।
तां न संहरते कोऽपि सा सर्वं संहरत्यदः ॥ महाकालसंहिता (ह.लि.) ८१, पृ. ४ (क)

१८. *गुह्यकाल्युपनिषद्, पृ. ४१४-१५ ।*

१९. *'पूर्वं हिरण्यगर्भं जनयामास सा' - गु., उप.*

२०. *सा देवानां प्रभवा उद्भावा - गु.उप.*

२१. *प्रकृति सा परिज्ञेया .... अन्या विकृतयः प्रोक्ताः ।* - महाकालसंहिता

यिनी न स्त्री हुन् न पुरुष, न ता नपुंसक नै । यिनमा लिङ्गभेद, अवस्थाभेद, कालभेद, देशभेद केही रहँदैनन् । इन्द्रिय, विषय, मन, बुद्धि, आत्मा, महत्तत्त्व, अव्यक्त, पुरुष यी प्रत्येक आफूभन्दा अघिल्लादेखि पर छन् । तर भगवती गुह्या ती भन्दा पनि पर छिन् । यसैले यिनी पराकाष्ठा र परागति मानिएकी छिन् ।

महाकाल संहितामा भनिएको छ –

निर्विकारां निराभासां कूटस्थां चिद्विलासिनीम् ।
अद्वैतां परमानन्दां नित्यां शुद्धां निरञ्जनाम् ।।
सृष्टिः स्थितिश्च संहारोऽनाख्याभासापदामिधाम् ।
वेदान्तवेद्यां कैवल्यरूपां निर्वाणकारिणीम् ।।
गुणातीतामात्मरूपप्रबोधातीतगोचारान् ।।[२२]

भगवती गुह्यकाली समस्त वेद विद्याको सारस्वरूप वेदान्तशास्त्रद्वारा एकमात्र तत्त्वका रूपमा प्रतिपाद्य सत्, चित्, आनन्दस्वरूप अद्वैत परमात्मा परब्रह्म परप्रबोध स्वरूपा निर्वाणरूप नै हुन् भन्ने कुरा शास्त्रसम्मत छ ।

रूप, रस, गन्ध, स्पर्श, शब्द यी पाँचै विषयहरूदेखि पर रहेकी हुनाले भगवती गुह्या चक्षु, रसना, घ्राण, त्वक् र श्रोत्र यी पाँचवटा ज्ञानेन्द्रियहरूद्वारा अवेद्य छिन् । निष्क्रिय रहेकी हुनाले वाक्, पाणि, पाद,पायु, उपस्थ यी पाँचै कर्मेन्द्रियकी पनि यी विषय होइनन् ।

अचिन्त्य, अप्रमेय भएकी हुँदा अन्तःकरणको पहुँचदेखि पनि यिनी बाहिरै छिन् । प्रमाण, प्रमेय, प्रमिति, त्रिपुटीरहित अद्वैततत्त्व भएकी हुनाले यिनी प्रमाणहरूदेखि पनि अगम्य अप्रमेय छिन् । यस्तो परिस्थितिमा समस्त स्थावर जङ्गमको साक्षी संवित्–स्वरूप गुह्याका अन्तरङ्ग उपासना = आत्मिक पूजन गर्नुपर्ने निर्देश शास्त्रहरूको छ ।

'आत्मा वा अरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यः' भन्ने

२२. *'..... सा काष्ठा सा परागतिः', 'सा परमालम्बनम्', 'यस्याः परं नापरमस्ति किञ्चित्'– गु.उप., पृ. ४१४–१५ ।*

श्रुति वाक्यको अनुसरण गरेर शास्त्रचोदित कर्मद्वारा अन्तःकरणलाई परिशुद्ध पारिकन मात्र (१) **तत्सत्** (२) **सोऽहमस्मि** (३) **ब्रह्माऽहमस्मि** (४) **तत्सत् अहमेव** (५) **अहमेवेदम्** यी पाँच महाकाव्यहरूको परमार्थरूपले अनुभव गर्नु नै निर्गुणा र चितिरूपा गुह्याको परमोपासना हो ।

निर्गुण उपासनाको निमित्त मनलाई चन्दन, बुद्धिलाई फूल, परमेश्वरीसँगको एकीभावलाई सुगन्धित धूप, आँखाको ज्योतिलाई उज्ज्वल प्रकाशमय दीप आफ्नो शरीरलाई स्वादिष्ट नैवेद्य, प्रत्याहार समाधि प्राणायाम, धारणाहरूलाई न्यास मानिएको छ ।[२३]

गुह्योपासनाको क्रममा गरिने भूतशुद्धि विधानमा पनि हृदयरूपी कमलमा रहेको बल्दो दीप शिखा जस्तो तेजस्वी आत्मालाई ब्रह्मबीजमन्त्रले सुषुम्णाको बाटोबाट मस्तकमा सहस्रदल कमलको बीचमा रहनु भएको परमात्मासँग संयुक्त गराउने विधान छ । पछि अन्तमा आत्मरूप भगवतीको चिन्तन गर्ने निर्देश पनि शास्त्रको छ ।[२४] उपासकले आत्मरूप भगवती चिन्तन यसरी गर्नुपर्दछ -

अहं देवी न चान्योऽस्मि ब्रह्मैवाहं न शोकभाक् ।
सच्चिदानन्दरूपोऽहमात्माऽहमिति चिन्तयेत् ।।[२५]

'मै हुँ भगवती गुह्या, उनीदेखि बाहेक विश्वकै अस्तित्व नभएकोले म भगवतीदेखि भिन्न भन्ने कुरामा प्रश्नै छैन । म ब्रह्म स्वरूप हुँ । दुःख-शोकको भोक्ता म होइन । म त त्रिकाल सत्य छु । पूर्णबोध स्वरूप छु ।'

भूतशुद्धिको अन्त्यमा गरिने भगवतीसँग आफ्नो ऐक्य चिन्तनले उत्कृष्ट

---

२३. *महाकालसंहिता (ह.लि.) प. १, पृ. ४ (ख)*

२४. *हृत्पुण्डरीकाक्षमात्मानं ज्वलद्दीपाशिखाकृतिम्*
सुषुम्णावर्त्मना ब्रह्मबीजमन्त्रेण मस्तके
सहस्रदलमध्यस्थे संयोज्य परमात्मनि
देवीरूपमथात्मानं चिन्तयेत् .... (महाकालसंहिता, प. पृ. ५१, ५२)

२५. *'धर्म दर्शन' पत्रिका १/१ मा श्री रथी धनशमशेरको लेखबाट उद्धृत ।*

आत्मिक उपासनाको उदाहरण प्रस्तुत गर्दछ -

महाचण्डयोगेश्वरी गुह्यकाली कराली महाडामरी चाट्टहासा ।
जगद्ग्रासनी चण्डकापालिनी च त्वमेका परब्रह्मरूपेण सिद्धा ।।[२६]

'सुधाधारस्तव' मा भगवान् महाकालले = शङ्करजीले पनि गुह्यकालीलाई अन्य भगवतीहरूसँग ऐक्य स्थापना गरेर उनको ब्रह्मरूपता प्रतिपादित गर्नु भएको छ ।

फेरि गुह्यकालीको अर्को रूप कामकलाकाली हो - मन्त्र र ध्यानका भेदले मात्र यी दुइवटामा भिन्नता देखिएको हो । कामकलाकालीको स्वरूप -

'या गुह्यकाली सैवेयं काली कामकलाभिधा ।
मन्त्रभेदाद् ध्यानभेदाद् भवेत् कामकलात्मिका ।। '[२७]

कामकलाकाली पनि **अहम्** हुन्, अर्थात् 'आफू' आत्मस्वरूप हुन् । भनिएको छ - **अहमाकाराख्यसिद्धकामकलाम् ।**[२८]

यहाँ 'अ'बाट अनुत्तर प्रकाशस्वरूप 'परशिव' भन्ने बुझिन्छ । परमार्थतत्त्व-वेत्ताहरूले कामना गरिने हुँदा यो 'काम' पनि हो । फेरि अर्को अक्षर 'ह'कार विमर्शरूप पराशक्तिको बोधक हो जो चिक्छक्ति बाहेक अन्य केही होइन । यही 'कला' पनि हो किनभने 'क'- आकाश 'ल'- पृथ्वी र 'आ'- अनन्तको प्रतीक मानिएकोले आकाशदेखि पृथ्वीसम्म व्याप्त चिक्छक्ति नै कला हो । यसरी कामकला भनेको प्रकाश+विमर्शात्मक अहन्ताको बोधक हो । यसरी आत्मतत्त्व नै गुह्यकालीको स्वरूप हो । त्यही चिक्छक्ति हो र त्यही परब्रह्म हो ।[२९]

---

२६. *तान्त्रिकोपासना दर्पण, द्वितीय खण्ड, श्री धनशमशेर ज.ब.रा., प. ८, पृ. २२-२३ ।*

२७. *महाकाल संहिता - बृहत्पुरश्चर्यार्णव ३ खण्डमा उद्धृत, पृ. ८४ ।*

२८. *निगमागम वैज्ञानिकसार - श्री धनशमशेर, पृ. २५९ ।*

२९. *यस विषयमा विशदरूपमा अध्ययन गर्न श्री धनशमशेरको निगमागम वैज्ञानिकसार हेर्नुहोस्, पृ. २५९ ।*

सारांश

गुह्यकाली नेपालकी अधिष्ठात्री शक्ति हुन् । गुह्यकालीको सगुण र निर्गुण दुवै रूप शास्त्रसम्मत छन् । केवल व्यवहारका लागि उपासकहरूमाथि अनुग्रह गर्नको निमित्त ईश्वरीको सगुणरूप कल्पना भएको हो । वस्तुतः गुह्या निरञ्जन, निराकार, निष्क्रिय, गुणातीत, मायातीत, नित्य, शुद्ध, निष्प्रपञ्च, परमामृत, सत्, चित्, आनन्दस्वरूप परब्रह्म नै हुन् । यिनै प्राणीहरूको हृत्पुण्डरीकमा आत्मतत्त्वको रूपमा साक्षी स्वरूप भएर निवास गर्दछिन् । यिनै सृष्टि, स्थिति, लयरूपा हुन् । यिनी विश्वको उद्भव र लयस्थान दुवै हुन् । समस्त देवता, मनुष्य, पशु, पक्षी, कीरा, किं बहुना स्थावरसमेत यिनकै रूप हो । ब्रह्माण्ड यिनीदेखि भिन्न छैन ।

अकारः सर्ववर्णाग्र्यः[३०] प्रकाशः परमः शिवः ।
हकारोऽन्त्यः कलारूपः विमर्शाख्यः प्रकीर्तितः ।।

यही शास्त्रहरूको निष्कर्ष छ ।

इति शुभम्

प्रस्तुत लेखको निमित्त आधार मानिएका ग्रन्थहरू -

१) महाकाल संहिता, काली खण्ड (हस्तलिखित) तदन्तर्गत गुह्यकाली उपनिषद्।

२) बृहत्पुरश्चर्यार्णव, तीन खण्ड - श्री ५ प्रतापसिंह शाहदेव, विस्तारक र प्रकाशक - रथी श्री धनशमशेर ज.ब.रा.

३) निगमागमवैज्ञानिकसार - रथी श्री धनशमशेर ज.ब.रा.

४) तान्त्रिकोपासना दर्पण - रथी श्री धनशमशेर ज.ब.रा.

५) दी शाक्त पीठज् - श्री दिनेश चन्द्र सर्कार

६) गुह्यकाली सहस्रनाम र फुटकर सम्बद्ध सामग्री

---

३०. *सङ्केतपद्धत्यामिति योगिनीहृदयस्य सेतुबन्धटीकायामुद्धृतम्, पृ. २१ ।*

श्रीगुह्येश्वरी अथवा श्रीगुह्यकाली

श्रीगुह्येश्वरीको अवस्थिति

श्री गुह्येश्वरीको मन्दिर नेपालको राजधानी काठमाडौंको पूर्वोत्तर कोणमा विद्यमान छ । त्यस मन्दिरमा श्रीगुह्येश्वरी भगवतीको कलश आकारको प्रतिमा र सँगै श्री भैरवको प्रतिमा पनि प्रतिष्ठापित गरिएको छ । वास्तवमा श्रीगुह्येश्वरीको कलशाकार प्रतिमा पनि यौटा जलको कुण्डलाई छोपेर राखिएको छ । यिनैको पूजा – उपासना भक्तहरू श्रद्धापूर्वक गर्ने गर्दछन् ।

यसै गरी काठमाडौंको उत्तरपट्टि बालाजू नजिकै पनि श्रीगुह्येश्वरीको मन्दिर छ । यहाँ केही उच्च पीठका प्रस्तर (ढुङ्गाको) कलश आकारको प्रतिमा छ । यसलाई पुरानो गुह्येश्वरी भनी प्रसिद्धि प्राप्त छ ।

काठमाडौंमैं हनुमानढोका परिसरमा महेन्द्रेश्वर महादेवको पश्चिमोत्तर कोणमा पनि सानो प्रस्तर युगल कलशाकार प्रतिमा प्रतिष्ठापित गरिएको छ । विभुलाई पनि गुह्येश्वरीकै रूपमा पूजा गर्ने गरिन्छ ।

श्रीगुह्यकालीको ध्यान युक्त प्रतिमा भने केवल यौटा मात्र भक्तपुर जिल्लाको लोहकिल्थली (लोकन्थली) मा दिव्येश्वरीका नामले प्रसिद्ध छ ।

श्रीगुह्येश्वरीको इतिवृत्त

श्रीगुह्येश्वरीका सम्बन्धमा यौटा कथा प्रसिद्ध छ । पहिले सत्ययुगमा दक्ष प्रजापतिका तेत्तीस करोड कन्याहरूमा जेठी सती देवीको विवाह भगवान् शिवसँग भएको थियो । यो विवाह दक्षलाई मन परेको थिएन । यसैले उनीशिवको अपमान र निन्दा प्रायः गर्ने गर्दथे ।

एकपल्ट उनले यौटा यज्ञ गरे । यज्ञमा सबै देव–देवता, छोरी–ज्वाइँहरूलाई निम्ता दिइयो, तर शिव र सतीलाई भने बोलाइएन। यो कुरा थाहा पाएर सती

श्री गुह्यकाली

अत्यन्त दुःखी भइन् । उनी पति शिवले रोक्तारोक्तै पनि पिताका यज्ञमा गइन् । त्यहाँ आफ्ना अगाडि आफ्नै पतिको अपमान पिताद्वारा भएको सुन्नै नसकेर यज्ञकुण्डमा फालहाली प्राण–त्याग गरिन् । शिव यो कुरा सुनेर अत्यन्त रिसाए र वीरभद्र एवं महाकालीलाई पठाई दक्षको यज्ञ विध्वंश गराए ।

त्यसपछि सतीदेवीको मृत शरीर काँधमा बोकी बहुलाहाजस्ता भएर यत्र–तत्र हिंड्न थाले । यो देखी विष्णुले आफ्ना मायाले सतीका शरीरमा कीरा पारी यसलाई गलाइदिए । सतीका विभिन्न अङ्ग गल्दै एक–एक गरी ठाउँ–ठाउँमा खस्न थाल्यो । जहाँ खस्यो, त्यो यौटा शक्तिपीठ बन्यो, उपासनाको केन्द्र बन्यो । यसै क्रममा सबभन्दा पहिले नेपालमा सतीको गुह्य पतन भयो । यसैले यहाँ गुह्येश्वरी पीठ रह्यो ।

यो कथा स्कन्दपुराणको केदारखण्डमा छ भनी स्वस्थानी माहात्म्यमा लेखिएको छ । माघ–माहात्म्य नेपालका प्रायः हिन्दूहरूका घरमा माघ–महिनामा भन्ने सुन्ने गरिन्छ ।

पुराणहरूमा श्रीगुह्येश्वरीपीठ

श्रीगुह्येश्वरी पीठका विषयमा स्कन्द पुराणको हिमवत् खण्डमा (नेपाल माहात्म्यमा) पनि बडो महत्त्वपूर्ण प्रसङ्ग पाइन्छ । पहिले योगीश्वर राजा देवीदास योगीहरूका साथमा नेपालका सिद्धपीठ, महीपीठहरूको दर्शन गर्न आएका थिए । उनीहरूलाई देवीमय देखे । देवी गुह्येश्वरीको दर्शनसम्म पनि नगरी जानलाग्दा विघ्न पऱ्यो, उनीहरू शक्तिहीन भए । पछि उनीहरूले गुह्येश्वरीको उपासना गरी शक्ति प्राप्त गरे ।

यसमा भगवती पार्वती गुह्यालाई महाकालरात्रि, कृशाङ्गी (दुब्ली), कृष्णा, कमलवक्त्रा (डरलाग्दी) इकारादिरूपा भद्रकाली आदि भनी स्तुति गरिएको छ। त्यहीं गुह्येश्वरीलाई मणिमय पीठमा विराजमान ज्ञानरूपा, ज्योतिर्मय श्रीगुह्यकाली भनिएको छ । उनैले पहिले श्लेष्मान्तक वनलाई वरदान दिएकी थिइन् र आज पनि यो वन श्रीपशुपति र श्रीगुह्येश्वरीका परिसरमा फैलिएको छ ।

देवीभागवत, मेरुतन्त्र आदि ग्रन्थहरूमा पनि नेपालमा गुह्यकालीको महापीठ रहेको र यहाँ वाममार्गले पूजा अर्चना हुने सिद्धपीठ भएको चर्चा पाइन्छ ।

श्रीगुह्येश्वरीपीठ र आद्यशङ्कराचार्य

श्रीगुह्यकाली भगवतीसँगै जोडेर आदिशङ्कराचार्यका विषयमा पनि भन्ने सुन्ने गरिएको यौटा किंवदन्ती छ । विश्वविजयका प्रसङ्गमा आदिशङ्कराचार्य नेपाल आउँदा उनी शक्तिहीन भएर बाटोमा लडे । जल पनि कमण्डलु उठाएर पिउन सकेनन् ।

त्यसैबेला यौटी बालिका प्रकट भएर कचौरामा खीर खान दिइन् । उनीले 'मेरो शक्ति छैन, कसरी खाउँ' भने । यो सुनी बालिकाले हाँस्तै भनिन् – 'किन? तिमी त शक्ति नमान्ने, आज शक्ति नभएको गुनासो किन गर्दछौ ?' यो सुन्नासाथ शङ्करले बुझे । उनले भगवती गुह्याको दशवक्त्राको स्तुति गरे अनि शक्ति प्राप्त गरे । शङ्करकृत गुह्यकालीको स्तुति पज्झटिका स्तोत्रका नामले प्रसिद्ध छ ।

श्रीगुह्येश्वरी नामका अनेक अर्थ

गुह्येश्वरी वा गुह्यकालीको नामका पनि अनेकौं अर्थ छन् । गुह्य पतन भएकोले, गुह्य (रहस्यरूपा), गोप्य पूजा–अर्चना हुने हुनाले, गुह्य (गूढ) स्वरूप भएकोले, गुह्य (मूलाधार चक्र) को अधिष्ठात्री भगवती भएकोले, गुह्यक भन्ने पर्वत – कन्दरावासी जातिका सिद्धहरूले उपासना गरेकाले गुह्येश्वरी वा गुह्यकाली भन्ने नाम भएको हुन सक्तछ ।

गुह्येश्वरीमा भगवती कुब्जिकेश्वरी (पश्चिमाम्नायकी अधिष्ठात्री देवी) र गुह्यकाली (उत्तराम्नायकी अधिष्ठात्री देवी) को समष्टि (एकरूपता) गरिएको छ भन्ने कुरा गोरक्ष–संहिता ग्रन्थमा स्पष्ट किटान गरिएको छ ।

गुह्यकालीका धेरै नाम छन् । सहस्रनाम (हजार नाम), अष्टोत्तरशतनाम (एक सय आठ नाम) प्रसिद्ध नै छन् । तिनीहरूमा पनि बाह्रवटा नाम महत्त्वपूर्ण छन् – गुह्यकाली, गुह्ययोगिनी, योगेश्वरी, महायोगेश्वरी, महाकाली, काली, गुह्येश्वरी, सिद्धयोगिनी, महाचण्डी, योगिनी, सिद्धिकराली र चिच्चण्डा – गुह्यकाली । यिनीहरूले गुह्येश्वरीको वास्तविक स्वरूप प्रति इङ्गित गर्दछन् ।

कालीहरूमा पनि विशिष्ट कालीका रूपमा श्रीगुह्येश्वरी

गुह्यकाली उत्तराम्नायकी अधिष्ठात्री हुन् । दश महाविद्याहरू (काली,

तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, बगलामुखी, मातङ्गी र कमला (लक्ष्मी)) मध्ये पहिलो महाविद्या काली हुन् । दक्षिणाम्नायका उपासकहरूले दक्षिणकालीलाई आद्य महाविद्या लिन्छन् भने उत्तराम्नायका साधकहरू गुह्यकालीलाई आद्य महाविद्याका रूपमा लिन्छन् ।

कलियुगमा काली विशिष्ट हुन्छिन् र यिनको उपासनाविना मुक्ति सम्भव छैन भन्ने शास्त्रीय वचन छ। कालीहरूमा पनि गुह्यकालीलाई अझ विशिष्ट मानिएको छ । सालोक्य (गुह्याको दर्शन पाउनु), सामीप्य (गुह्याको नजिक पुग्नु), सारूप्य (गुह्याकै रूप ग्रहण गर्नु), सायुज्य (गुह्यासँगै अभिन्न भएर मिल्नु) यी चारै मुक्तिहरू क्रमैसित गुह्यकालीको सच्चा आराधना गर्ने साधकले प्राप्त गर्दछन् । काललाई नियन्त्रित गर्ने, आफ्नो गाँस बनाइदिने, कालले कहिल्यै पनि प्रभावित पार्न नसक्ने, बरु काललाई नै वशमा राख्ने हुनाले भगवतीको नाम काली भएको हो।

श्रीगुह्येश्वरीको उपासना

गुह्यकालीको निर्गुण र सगुण दुवै रूपमा उपासना हुन्छ । वास्तवमा गुह्यकाली त परब्रह्म नै हुन् । उनको नाम पनि छैन, रूप पनि । उनी त मन, वचनबाट अगोचर (मनले कल्पनै गर्न नसकिने, वचनले वर्णनैगर्न नसकिने) तत्त्व हुन् । केवल साधकका हितका लागि ब्रह्मको नाम र रूपका कल्पना गरिन्छ, यसैगरी गुह्याको पनि भएको हो । उनको त सीमा नै छैन, अनन्त छिन्। उनी बालक, युवा, वृद्ध होइनन् । न स्त्री, पुरुष, नपुंसक केही हुन् ।

श्रीगुह्येश्वरीको जाति-गोत्र, कुल पनि छैन । उनैबाट विश्व निस्कन्छ, उनैमा खेल्दछ र उनैमा लीन हुन्छ । गुह्या त सृष्टि, स्थिति, संहार, अनाख्या र भासा यी पाँचै कृत्यहरूको सम्पादन गर्दछिन् । उनको जन्म र मृत्यु केही छैन । नित्य, शुद्ध, बुद्ध, मुक्त, सत्य, ज्ञानरूपा गुह्यकाली परब्रह्म नै हुन् ।

श्रीगुह्यकालीको सगुण स्वरूपको रहस्य

संसारको प्रत्येक चराचर वस्तु गुह्यकालीको विराट्विग्रह (स्वरूप) भित्र पर्दछ । तैपनि साधकले आफ्नो श्रद्धा र भक्तिले जुन स्वरूपको उपासना गरी

सिद्धि प्राप्त गऱ्यो त्यही उनको सगुण विग्रहका रूपमा प्रसिद्ध भयो । ब्रह्मा, विष्णु, शिव, वशिष्ठ, राम, हिरण्यकशिपु, कुबेर, यम, भरत, रावण, बलि, इन्द्र यस्तै अन्यान्य देवता, दानव, मानव जसले उनको जुन रूपको साधना गरी सिद्धि प्राप्त गऱ्यो, त्यही स्वरूप त्यसै साधकद्वारा उपासिता भनी प्रसिद्ध भयो ।

यसरी गुह्यकाली एकदेखि लिएर दशहजार मुख सम्म, भिन्न-भिन्न भुजाहरू, भिन्न-भिन्न हतियारहरू, वर्ण, भूषण आदिले संयुक्त देखिन्छिन् । उनका मन्त्रहरू पनि भिन्नभिन्न छन् । यिनैका भेदले ध्यान पनि बेग्लाबेग्लै छन् । यौटी भगवती गुह्यकाली उपासनाका भेदले मन्त्रको विभिन्नताले स्वरूपको पनि विभिन्नता । यही गुह्यकालीको सगुण स्वरूपको रहस्य हो ।

गुह्यकालीस्वरूपका अनेक भेद

गुह्यकालीको अनन्त भेदमध्ये भरतले उपासना गरिएकी दश मुख चवन्न हात भएकी गुह्यकाली विशिष्ट र प्रसिद्ध मानिएकी छिन् । ब्रह्मा, विष्णु, ईश्वर, महेश्वर र सदाशिव यी पाँच महाप्रेतहरू; सत्य, त्रेता, द्वापर र कलि यी चार युगहरू; ऋक्, यजु, साम र अथर्व यी चार वेदहरू; इन्द्र, अग्नि, यम, निर्ऋत, वरुण, वायु, कुबेर, ईश, ब्रह्मा र अनन्त यी दश दिग्पालहरूका शिरमाथि भैरव, तिनीमाथि ज्योतिष्टोम, अग्निष्टोम, वाजपेय, षोडशी, चयन, पुण्डरीक, राजसूय, अश्वमेध, बार्हस्पत्य, विश्वजित्, नरमेध, सौत्रामणि, अर्धसावित्रि, सूर्यकान्त, अचलभिद्, गोमेध यी सोह्र यज्ञका प्रतीक सोह्र पाते कमल, त्यसमाथि श्याल, त्यसमाथि धर्म, ज्ञान, वैराग्य, ऐश्वर्य, यश, विवेक, काम र मोक्षका प्रतीक आठपाते कमल, त्यसभन्दा पनि माथि यी सबैलाई आसन बनाएर विराजमान भगवती दश मुख भएकी गुह्यकाली ।

श्रीगुह्यकालीका दशवटा मुखमा पनि सिंह, हात्ती, वँदेल, बाँदर, भालु, घोडा, गरुड (पक्षी), योगेश्वरी (तेज, ज्वाला), मकर (ग्राह) र मानवका मुखहरू अर्थात् पृथ्वी, जल, तेज, वायु, आकाशमा जहाँ जति पनि प्राणी छन् तिनका श्रेष्ठतमरूपका प्रतीक – सर्वमय भगवती गुह्यकाली। भुजामा पनि संक्षेपतः आठ भुजा, तिनीहरूमा त्रिशूल, अंकुश, बञ्चरो, मुग्रो, पाश (डोरी), पात्र,

खट्वाङ्ग र बालकको शिर । प्रत्येक आयुध बेग्लाबेग्लै वस्तुको प्रतीक, तर प्रत्येक आयुध साधकका कल्याणका लागि नै धारण गरेको । अथवा चवन्न भुजा, तिनीहरूमा पनि भिन्न आयुध छ ।

गुह्यकालीका परिसर, आसन, मुखमण्डल, शरीरका अवयवहरू, आयुधहरू, आभूषणहरू, उनका वर्ण यी सबै सबै वस्तुहरूका बेग्लाबेग्लै अर्थ, समष्टिमा गुह्यकालीमा भिन्नता र अनन्ता समाविष्ट, अन्तर्निहित एकताको प्रतीक परब्रह्म, यही सारांश हो उनका स्वरूपको ।

श्रीगुह्यकालीको उपासना

गुह्यकालीको उपासना त यौटा योग नै हो । योगका विधि जति पनि छन्, ती सबै तिनका उपासना विधि हुन् । वास्तवमा सम्पूर्ण इन्द्रियलगायतको मन चाहिँ साधक, विश्वका सम्पूर्ण भोग्य-अभोग्य वस्तुहरू उपचार (चढाइने वस्तु) र देवता चाहिँ आत्मा स्वरूप गुह्यकाली यहीं गुह्याको निर्गुण साधना हो - सात्त्विक साधना।

मन-चन्दन, बुद्धि-फूल, देवतासँग आफ्नो एकता स्थापित गर्नु धूप, आँखाको तेज- बत्ती, आफ्नो शरीर - नैवेद्य, प्रत्याहार - समाधि - प्राणायाम र धारणा यी योगका अङ्गहरू पाद्य-अर्घ्य-आचमनीय र स्नानीय अनादि महावाक्यहरू न्यास, यो पूजा विधि महाकालीसंहितामा वर्णित छ । ॐ तत् सत् (संसारको प्रत्येक वस्तु ॐकार स्वरूप हो त्यसैले सत्य हो ।), सोऽहमस्मि (त्यो सत्य वस्तु म नै हुँ), ब्रह्मऽहमस्मि (म ब्रह्म नै हुँ), तत्सत् अहमेव (त्यो सत् पदार्थ मदेखि बेग्लै होइन), अहमेवेदं सर्वम् (म नै यस ब्रह्माण्डमा सम्पूर्ण हुँ) ।

यी पाँच महावाक्यहरूको अनुभवात्मक ज्ञान उपासकमा हुनु नै गुह्यकालीको वास्तविक उपासना हो । जीव र आत्मा अनि जगत् यौटै पदार्थ हुन् - भिन्न छैनन् । अज्ञानले गर्दा भिन्नजस्तै देखिन्छन् मात्र । पछि गुह्यकालीकै उपासनाले उनैको कृपाले अज्ञान निवृत्त भएपछि यौटै शाश्वत सत्य देखिन्छ त्यो हो श्रीगुह्यकाली। गुह्यकालीको निर्वाण, महानिर्वाण, परमनिर्वाण, निर्वाणातीत र अनि तुरीय, महातुरीय, परमतुरीय, तुर्यातीत यी चार वटा स्थितिको उपासना गुह्यकाली दिव्य उपासना हो ।

श्रीगुह्येकालीको भावोपासना

पशुभाव (आफूलाई अज्ञानी मानेर भगवती गुह्यकालीको उपासना गर्नु त्यो पनि द्वैतभावले), वीरभाव (भगवतीको उपासना स्वयं वीर बनेर उनैसित नै ऐक्य स्थापना गर्न खोज्ने उपासना), दिव्यभाव (गुह्यकालीदेखि अतिरिक्त वस्तु नै कुनै नदेख्नु) संक्षेपमा यी तीन भावहरूबाट गुह्याको उपासना हुन्छ । यसमा पनि आचारहरू - दक्षिणाचार, वामाचार, कुलाचार, पूजा प्रक्रिया, उपचार आदि आदिको विभिन्न तन्त्र ग्रन्थहरूमा साङ्गोपाङ्ग वर्णन पाइन्छ । यिनीहरूको पूर्णज्ञानका निमित्त महाकालसंहिताको अध्ययन गर्नु आवश्यक छ ।

श्रीकामकलाकाली र श्रीगुह्यकाली

गुह्यकालीको अर्को स्वरूप कामकलाकाली हो । मन्त्र र ध्यानका भेदले यी दुइवटामा भिन्नता देखिन्छ तापनि तत्त्व दुवै यौटै हुन्, देवता यौटै हुन् । यी पनि 'अहम्' अर्थात् म - आत्मरूपा नै हुन् । 'अ' प्रकाश र 'ह' विमर्श 'म्' दुवैको अभिन्नता वा समष्टि । प्रकाश-विमर्शात्मिका काली । 'अ' परमशिव, 'ह' पराशक्ति, 'म्' दुवैको अभिन्नता - शिवशक्त्यात्मक गुह्यकाली ।

म-देवी गुह्यकाली नै हुँ, तिनी र ममा भेद छैन, म - ब्रह्मस्वरूप छु, शोकले मलाई छुँदैन, सत् (त्रिकाल सत्य, सधैं रहिरहने) चित्- ज्ञानस्वरूप, आनन्द (सुख र आनन्दको पराकाष्ठा) मै हुँ, म आत्मा हुँ भन्ने चिन्तन गुह्यकालीको साधना हो । त्यसको अनुभूति भक्तिको चरम परिणति मोक्ष ।

नेपालमा श्रीगुह्यकालीको आविर्भाव

नेपालको गुह्येश्वरी पीठका सन्दर्भमा सतीदेवीको गुह्यपतन श्लेष्मान्तक वनमा भएपछि धेरै कालसम्म यो जलरूपमा गुप्त नै रह्यो । पछि नरसिंह ठाकुर नामका तान्त्रिक सिद्ध नेपालमा आउँदा उनलाई 'म गुह्या हुँ, मलाई प्रकाशित गर' भन्ने गुह्येश्वरीको स्वप्न भयो । उनले वनमा खोज्दै जाँदा एक ठाउँमा जलको सानो पोखरीमा भगवती गुह्याको दर्शन पाएर त्यहीं मन्दिर बनाई पूजा-उपासना गरे। पछि लम्बकर्ण भट्ट (लक्ष्मीनारायण भट्ट) को सहायताले राजा प्रतापमल्लले पोखरीमा

दलिन आदि हाली प्रस्तर प्रतिमाले कुण्डलाई छोपी देवप्रतिष्ठा गरे । अनि कालक्रमले पूजा–उपासनाको परम्परा चल्यो, चल्दै गयो । सबले आ–आफ्ना श्रद्धा र शक्ति अनुरूप प्रतिमा, मन्दिर, परिसर सजाउँदै गए । राजा प्रजा, स्वेदशी–विदेशी सबैका भक्तिका केन्द्र वर्तमान गुह्येश्वरीको मन्दिर हो ।

नेपालका राजाहरूद्वारा आराधित श्रीगुह्येश्वरी

राजा जगज्जय मल्लले तुलजा भवानीमा रहेको सोही आकारको कलश र भैरवको प्रतिमाको मार्गकृष्ण दशमीका दिन यात्रा गरी रातभरी गुह्येश्वरीको वर्तमान प्रतिमा रहेका स्थानमा राखी पूजा गरिन्छ । यसबाट तुलजा र गुह्येश्वरीको सम्बन्ध घनिष्ठ भएको बुझिन्छ । यो प्रसङ्ग अनुसन्धेय छ।

नेपालका राजाहरूले गुह्यकालीको पूजा–उपासना राजोपचारले गरेको, विभिन्न समयमा पुरश्चरणहरू भएको इतिहास सिद्ध छ । विशेष चौध वक्त्रको अमृतरूपा गुह्यकालीको उपासना राजसी शानले गर्ने गरिएको देखिन्छ । यसैले गुह्येश्वरी/गुह्यकाली, तुलजा, देगुन्तले यी देवताको शास्त्रीय अनुसन्धानपूर्ण अध्ययन आवश्यक छ । हाल गुह्यकालीको पूजा नित्य, नैमित्तिक दुवै कर्माचार्यहरू जो दीक्षित छन् गर्ने गर्दछन् । यसका निमित्त विभिन्न गुठी छन् ।

हिन्दू र बौद्धहरूकी समानरूपमा आराध्या श्रीगुह्यकाली

गुह्येश्वरीको मान्यता केवल हिन्दू सनातनीहरूमा मात्र होइन, बौद्ध (महायानी बौद्ध, बौद्ध महायान परम्पराका अनुयायीहरू) पनि गर्दछन् । विशेषतः चार योगिनीहरू – खड्गयोगिनी, वज्रयोगिनी, आकाशयोगिनी र नैरात्म्ययोगिनीमध्ये गुह्यकालीलाई नैरात्म्ययोगिनीका नामले पनि बौद्ध महायानीहरू उपासना गर्दछन्। बौद्ध महायान दर्शनमा आत्माभन्दा माथिको अवस्था नैरात्म्य छ । यसैकी अधिष्ठात्री गुह्यकाली हुन् भन्ने मानिन्छ ।

नित्य पूजनका अतिरिक्त प्रत्येक अष्टमी, पूर्णिमा, चैत्र र आश्विनका नवरात्रहरूमा गुह्यकालीको विशेष नैमित्तिक पूजा हुन्छ । गुह्यकालीकै उपासनाले उनका प्रसादले रामले रावणमाथि विजय पाएकोले विजयादशमीका दिन विशेषतः भक्तजनहरू गुह्यकालीको श्रद्धापूर्वक दर्शन गर्दछन् ।

गुह्यकालीको निर्गुण एवं सगुण स्वरूपको विस्तृत वर्णन, उपासनाविधि प्रक्रियाहरू, योगका तह (स्थितिहरू) उपचार, सामग्रीहरू र उनका मन्त्र, ध्यान, न्यास आदि सबै तन्त्रहरूमा वर्णित छन् । गुह्यकालीको मन्त्र, मण्डल आदि गोप्य र गुरुमुखबाट मात्र जान्नुपर्ने हुनाले दीक्षा लिएर मात्र विधिपूर्वक साधना गर्नु पर्दछ । अन्यथा विघ्न पनि पर्न सक्तछ भन्ने शास्त्रीय वचन छ ।

श्रीगुह्यकालीको प्रतिपादक ग्रन्थ महाकालसंहिता

गुह्यकालीसम्बन्धी मान्यताप्राप्त तन्त्रग्रन्थ हो - महाकालसंहिता । यो हाल प्रकाशित छ । अहिलेसम्म तीन खण्डहरूमा गङ्गानाथमा रिसर्च इन्स्टिच्यूटबाट प्रकाशमा ल्याइएको छ । यो ग्रन्थ पूर्ण संस्कृतमा छ । अन्यान्य पूजापद्धति, स्तोत्र आदि विभिन्न प्रकीर्ण तन्त्र ग्रन्थहरूमा पनि हेर्न सकिन्छ ।

पशुपतिक्षेत्र विकास कोषको प्रशंसनीय कार्य

श्री ५ महाराजाधिराज सरकारको संरक्षकत्वमा र श्री ५ बडामहारानी सरकारका अध्यक्षतामा गठित पशुपतिक्षेत्र विकास कोषले यस क्षेत्रको पनि भौतिक स्थितिको सुधार कार्य गर्न लागेको छ र अब धर्म, संस्कृतिका पक्षमा पनि संरक्षण गर्ने आदि धेरै कार्य हुँदैछ ।

निष्कर्ष

नेपालमा गुह्यकालीको उपासनाको परम्परा ब्राह्मण र नेवार दुवै जातिमा रहेको छ । सात्त्विक, राजस र तामस तीनै प्रकारका उपासना आ-आफ्ना परम्पराअनुरूप दीक्षालिएर मात्र गरिने गरिन्छ । वास्तवमा सिद्धविद्याको रूपमा गुह्यकालीको विद्यालाई मान्यता प्राप्त छ ।

गुह्यकालीको विद्या योगविद्या भएकोले गूढ र गहन छ । पद्धतिहरू अनेकौं छन् । मन्त्र र पूजा प्रक्रिया पनि भिन्न भिन्न छन् । यो ज्यादै रहस्यात्मक छ । परम्पराअनुरूप दीक्षित गुरुबाट स्वयं दीक्षित भएरै मात्र यिनको तान्त्रिक उपासना गर्ने अनुमति प्राप्त छ । अन्य भगवती करुणामयी माताका रूपमा पूजा, भक्ति चाहिँ सर्वसम्मत सुलभै छ ।

नैपालकगुह्येश्वरीपीठस्य शास्त्रीयमितिवृत्तम्

१.१ पुराणेषु श्रीगुह्येश्वर्याश्चर्या श्रीगुह्येश्वरीपीठस्य समुत्पत्तिश्च

स्कन्दपुराणस्य केदारखण्डे स्वस्थानीव्रतकथायां श्रीगुह्येश्वरीपीठस्योत्पत्तिविषयिणी एका कथा नेपाले विश्रुता । पुरा कृतयुगे दक्षप्रजापतेस्त्रयस्त्रिंशत्कोटिसङ्ख्यकासु दुहितृषु अन्यतमा ज्येष्ठा सती देवी भगवता महादेवेन विवाहिता । विवाहोऽयं सतीदेव्याः पितुर्दक्षस्य नैवासीत् सम्मतः, किन्तु विष्णोश्छलेन स स्वपुत्रीं सतीं शङ्कराय दातुं विवशो जात आसीदिति जामाता महादेवस्तस्मै न रोचते स्म । एकबारं दक्षो महायज्ञमेकं प्रारभत । सर्वेऽपि देवास्तत्र सादरमामन्त्रिताः, किन्तु नैव स्वदुहिता सती जामाता महादेवश्चामन्त्रितौ । नारदमुखाद् यज्ञविषयिणीं तथ्यां वार्तामवगम्य सती स्वामतीवावमानितामन्वभवत् । महादेवेन प्रतिरुद्धाऽपि सती अवमानविह्वला तदाज्ञां विनैव पितुर्दक्षस्य वेशम जगाम । तत्र अनेकान् देवान् सपत्नीकान् निमन्त्रितान् दृष्ट्वा स्वां स्वपतिं महादेवं च उभावेव अनाहूतंतौ विलोक्य सती स्वपितरं तत्कारणं पप्रच्छ । दक्षश्च महादेवस्य भृशं निन्दां चकार । स्वपितृविहितां महादेवनिन्दां श्रोतुमपारयन्ती सती यज्ञकुण्डस्थे प्रज्ज्वलितेऽग्नौ समुत्प्लुत्य स्वप्राणान् तज्याज । महादेवश्च वार्तामितां श्रुत्वा अतीवकुपितो वीरभद्रं महाकालीञ्च आवाह्य अनेकैर्देवैः संरक्षितं दक्षयज्ञं विनाशयितुं आज्ञापयामास । वीरभद्रो महाकाली च महादेवस्याज्ञां शिरोधार्य दक्षयज्ञं प्रविविशतु, दक्षञ्च शिरोविहीनं विधाय वीरभद्रस्तस्य मस्तकं तस्मिन्नेव यज्ञकुण्डे आजुहाव । पश्चाच्च दक्षपत्न्या

विलापेन जातार्द्रहृदयो वीरभद्रो दक्षं पशुबुद्धिं मत्त्वा यज्ञे आलभितं छागशिरस्तस्य स्कन्धे संयोज्य तस्मै पुनः प्राणान् प्रददौ । वार्ताञ्चैतां सर्वां ततो महादेवं स निवेदयामास । महादेवश्च सपत्न्याः सत्या वियोगेन भृशं दुःखितः तस्याः प्राणहीनं शरीरं स्कन्धे निधाय उन्मत्तवत् पृथ्व्यामितस्ततो बभ्राम । जगतः संहारकारिणो भगवतो महादेवस्य तादृशीं स्थितिं विलोक्य देवैः स्तूयमानो विष्णुः स्वमायया सतीदेव्याः शरीरे कृमिविशेषानुत्पादयामास। ते च कृमयः सत्याः शरीरं विखण्डितं विधाय यत्र तत्र पातयामासुः। सत्याः शरीरस्य यः कश्चन खण्डो यत्र पतितस्तत्रैका शक्तिरुत्पन्ना । स्वयम्भुना ब्रह्मणा च महादेवमूर्तिमेकां तत्र प्रतिष्ठाप्य पीठमेकं संस्थापितम्। अनेकानि खलु एतादृशानि शक्तिपीठानि पृथिव्यां समुद्भूतानि ।

एतेष्वेव प्रथमं पीठं नेपाले समुद्भूतम् । अत्र च प्रथमं तावत् सत्या गुह्यस्थानं समपतदिति पीठमेतद् गुह्येश्वरीपीठनाम्ना प्रथितम् । योगिनी चात्र चन्द्रघण्टाख्या, महादेवस्तु सिद्धेश्वर इति । अत्रैव इन्द्रादयो देवाः स्वर्गात्समागत्य तपश्चक्रुः । देवी च तेभ्यः सुप्रसन्ना सत्य-त्रेता-द्वापर-कलीति युगचतुष्टयेऽपि देवा इति सुप्रसिद्धा लोकैः समुपास्या भवन्तु इति वरं दत्तवती ।

शाक्तपीठानामुत्पत्तिं विषयीकृत्य एतादृश्य एव कथा अनेकेषु ग्रन्थेषु समुपलभ्यन्ते । किन्तु कथास्वरूपेषु न सर्वत्र साम्यम् ।

दशयज्ञकथाया मूलं ऋग्वेदे[१], माध्यन्दिनशाखान्तर्गते शतपथब्राह्मणे[२], ऐतरेयब्राह्मणे[३], गोपथब्राह्मणे[४] च लभ्यते, किन्तु तत्र पीठानामुत्पत्तिविषयिणी न कार्ऽपि चर्चा परिलक्ष्यते । तत्रत्यां कथामनुसृत्य प्रजापतिस्तु यज्ञरूप एव । स स्वदुहितरं दिवम् उषरुं वा अकामयत इति देवैः प्रार्थितो रुद्रः प्रजापत्युपरि बाणान् प्राहरत् । तदाघातेन प्रजापते रेतो भूम्यां स्खलितम् । तदेव पश्यन् भगोऽन्धो जातः, भक्षयन् पूषा च दन्तहीनो बभूवेति ।

१. १०/६१/५-७

२. १/७/४/१-७

३. ३/३३

४. २/१

पश्चाच्च पुराणादिषु दक्षमखविध्वंसविषयिणी कथा पुनर्विकसिता, कथास्वरूपञ्च किञ्चित्परिवर्तितम् ।

महाभारतेऽपि[५] दक्षयज्ञविध्वंसस्य कथा संप्राप्यते । तत्रत्यकथानुसारेण दक्षप्रजापतिरेकदा हयमेधेन यजमानो महेश्वराय यज्ञभागं न दत्तवानिति हिमसुता दुःखोद्विग्नहृदया तूष्णीं स्थिता । महादेवश्च देव्या मतं ज्ञात्वा स्वानुचरैर्दक्षयज्ञं सहसा घातयामासेति । अत्रापि शाक्तपीठानामुत्पत्तिविषये न काऽपि चर्चा विहिता । आश्चर्यं तु अन्यदपि, अत्र किञ्चित् यन्महाभारते दक्षः सत्या जनकत्वेन नाभिहितः, नापि च यज्ञे शिवस्यावमानविषये सत्याः प्राणत्यागविषये च कापि चर्चा विहितेति ।

स्कन्दपुराणान्तर्गते हिमवत्खण्डे नेपालमाहात्म्ये नेपालदेशः क्षितेर्मध्ये भुक्तिमुक्तिदायकं सर्वकामिकं प्रशस्तं क्षेत्रम्, यत्र गुप्ताख्यया देव्या समं ज्योतिर्लिङ्गस्वरूपः पशुपतिर्देवो विराजत इति निर्दिष्टम्[६] । अस्मिन्नेव ग्रन्थे अपरत्र 'सिद्धदेवैः प्रपूजिता गुह्याख्या (देवी) योगिनीकोटिकोटिभिः परिसेविता राजत इति च विलिखितम् ।[७] गुह्येश्वर्याश्चान्तिके योगिनीकोटिसेविता माहेश्वरी देवी, तदन्तिके च कौमारी, वाराही, नारसिंही, शिवदूतीत्यादयो देव्यः स्वं स्वं वाहनमारूढाः कोटिकोटिगणैरावृता दशदिशो देव्याः स्थानं रक्षन्तीति च चर्चितम्[८] । अन्येषाञ्चानेकेषां देवानाम्, बह्वीनां देवीनाञ्चायं नेपालदेशो निवासभूमिरिति दिविस्थैरपि सदाकाङ्क्षिता त्रैलोक्यदुर्लभा पुण्या तेजोमयी उमामहेश्वरीपुरीति शास्त्रेषु सुप्रसिद्धम् ।

पुरा महाराजो देवीदासो, योगीश्वरो योगिनश्च नेपालाख्यं सिद्धपीठं महापीठं च द्रष्टुमाययुः । ततस्तेऽन्यदेवैः साकं भूमिमिमां देवीमयीं ददृशुः। देवीमप्रणम्य गन्तुकामास्ते सर्वे विघ्नान्विताः शक्तिविवर्जिता जाताः । पश्चाच्च वायुचोदितास्ते पशुपतेश्वरम्, गणनाथम्, क्षेत्रपालादिकम्, महेश्वरीम्,

५. १२/२८३/१९-३३

६. हिमवत्खण्डे ७१/८,९, पृ. १५६ ।

७. " ७१/२६

८. " ७१/२७-३३

गुह्याख्यां महेश्वरीं च प्रस्तुवन्तः पुनः स्वशक्तिमधिगतवन्त इति तत्रापि गुह्येश्वर्याः समुल्लेखो वैशिष्ट्येन समायाति[९] । योगिभिर्विहितायामेतस्यां स्तुतौ भगवती गिरिजा गुह्या खलु महाकालरात्रिस्वरूपा, कृशाङ्गी, कृष्णा, करालवक्त्रा, अकारादिरूपा भद्रकाली चेति वर्णितम् । अथ च तत्रैव एषा मणिभ्राजमाने सुपीठे निषण्णा ज्ञानरूपा गुह्यकालीति निर्दिष्टम्[१०] । प्रसङ्गेनैतेन नेपाले विराजमाना देवी गुह्येश्वरी नानातन्त्रेषु वर्णिता गुह्यकाली एव नान्या इत्यनेनैव स्वरूपेण तदाऽपि भक्तैरुपास्याऽऽसीदिति ज्ञायते । तत्रैव पुरा श्लेष्मान्तकाख्याय नागेन्द्राय गुह्याख्या देवी वरं दत्तवतीति तन्नाम्नाऽद्यापि नेपाले गुह्येश्वरीस्थानस्यान्तिके वनमेकं ख्यातमस्तीत्यपरः प्रसङ्गोऽधिगम्यते[११]।

अथ च श्रीमद्भागवतमहापुराणे[१२], कूर्मपुराणे[१३] च यज्ञविषयिणी कथा यद्यपि समुपलभ्यते, तथापि तत्र शक्तिपीठानामुत्पत्तिविषयिणी चर्चा नैवोपलक्ष्यते । देवीभागवते[१४] सत्या देहस्य दाहः, शिवस्य कोपेन भद्रकालीगणान्वितस्य वीरभद्रस्योत्पत्तिः, तस्य त्रैलोक्यनाशनतत्परत्वम्, देवानां शिवशरणागतिः, सतीदेहं स्कन्ध आरोप्य शिवस्य भूभ्रमणम्, विष्णुना सतीदेहस्य छेदनम्, सतीदेहावयवानां यत्र तत्र पात इत्यादित्रिषयाणां निर्देशं पुरस्कृत्याष्टोत्तरशतसिद्धपीठानां समुत्पत्तिविषयिणी कथा समुल्लिखिता । तत्र नेपालस्थगुह्येश्वरीपीठस्य नास्ति कश्चनोल्लेखः । किन्तु अत्रैव ग्रन्थे[१५] केषाञ्चन महत्त्वास्पदानां शाक्ततीर्थानामुल्लेखो विहितः।

९. हिमवत्खण्डे ७३/४३-७०

१०. " ७१/११५-१२७

११. " ७९/३९

१२. ४/५/१४-२१

१३. १/१५/६०-६४

१४. ७/३०/३८-१०२

१५. ७/३८/५-३०

अस्मिन्नेव सन्दर्भे लिखितम् –

'गुह्यकाल्या महास्थानं नेपाले यत् प्रतिष्ठितम्' इति ।

कालिकापुराणे[१६] दक्षयज्ञस्य विध्वंसम्, शाक्तपीठानां समुत्पत्तिञ्च विषयीकृत्य मनोहारिण्येका कथोपवर्णिता । अत्रापि दक्षयज्ञस्य समारम्भः, तत्र शिवसत्योरनामन्त्रणम्, दक्षद्वारा शिवस्यावमानः, सत्याः प्राणत्यागः, सत्याः शरीरं स्कन्धे निधाय शिवस्य पृथ्वीभ्रमणञ्चेत्येते विषयास्तथैव वर्णिता यथा अस्माभिः प्रथममेव निरुक्ताः । किन्तु, अस्ति किञ्चिद् वैषम्यमत्र, यत् सत्याः शरीरे ब्रह्म–विष्णु–महेश्वराः प्रविविशुः, शरीरं च तस्या भुवि खण्डशः ते पातयामासुरिति ।

प्रथमं तावत् देवीकूटे पादयुग्मं न्यपतत्, ततश्च उड्डियाने उरुयुग्मम्, कामरूपे योनिमण्डलम्, जालन्धरे स्तनयुग्मम्, पूर्णगिरौ अंसग्रीवादिकमित्यादिरीत्या सतीशरीरावयवा भुवि लवशः पतिताः । यत्र सत्या देहांशाः पतितास्तत्र तत्र महादेवः स्वयं लिङ्गरूपधृक् संस्थितः । देवाश्च शिवशक्ती आराधयामासुरिति । किन्त्वत्र कुत्रापि नैपालकपीठस्य नोल्लेख इति विशेषः ।

१.२ तन्त्रेषु गुह्येश्वरीपीठस्य सम्भवविषयको निर्देशः

मेरुतन्त्रे[१७] एकपञ्चाशत्सङ्ख्याकशक्तिपीठानां सम्भव उदाहृतः । अत्र दक्षयज्ञतद्विध्वंसादिविषयानवलम्ब्य न कापि चर्चा विहिता । विशेषोऽत्र सर्वाणि पीठानि अकारादिवर्णानां नामभिर्वर्णितानि ।

'अकारः कामरूपाख्यं पीठम्, आकारः काशिकापीठम्' इत्यादिरीत्या पीठनामानि निर्दिष्टानि । नैपालकपीठविषये अत्रोक्तम्[१८] –

नेपालं तु इकारः स्याद् गुह्यं तत्र तु पार्वति ।
तस्माद् वामस्य मार्गस्य मूलस्थानं तदुच्यते ।।

---

१६. १६/१-१९, १७/१-५५, १८/१-५४

१७. १०/८०१-९१७

१८. १०/८१८-८२१ ।

षट्पञ्चाशल्लक्ष्यमिता भैरव्यो भैरवास्तथा ।
शक्तीनाञ्च सहस्रे द्वे पीठानां च शतत्रयम् ।।
चतुर्दश तथाष्टानि तत्र सन्निहितानि च ।
दक्षभागे सिद्धिदानि पीठान्यष्टौ च तत्र तु ।।
सिद्धिर्वैदिकमन्त्राणां तत्र पीठचतुष्टये ।
तन्मलं यत्र पतितं जातं तदुपपीठकम् ।। इति ।

निरुक्तश्लोकेषूक्तस्येकारस्येश्वर्याः परामर्शात् तया च गुह्यपदवाच्यार्थस्य योगेन नेपाले गुह्येश्वरीपीठस्य संस्थितिरेतेन संसूच्यते। पीठञ्चैतद् वाममार्गस्य मूलस्थानमिति तु अत्रत्योपासनाविधिभिः प्रमाणीक्रियते इति तु यथावसर-मुच्यते । दक्षमार्गे सिद्धिदानीं अष्टौ पीठानि, उपपीठानि च यानि उपर्युक्तानि तेषामध्यावधि न किमप्यनुसन्धानं विहितमिति चिन्त्यम् ।

कुब्जिकातन्त्रे मायावती-मधुपुरीत्यादिनां द्वाचत्वारिंशत्सङ्ख्याक-सिद्धपीठानां समुल्लेखो विहितः[१९] । तत्र नेपालमेकादशं पीठमिति निर्देशः। किन्तु नास्ति तत्र देवता-तन्माहात्म्यादीनां विशिष्टा चर्चा ।

ज्ञानार्णवतन्त्रानुसारेण तन्त्रासारानुसारञ्च कामरूप-वाराणस्यादि-पञ्चाशतपीठानां न्यासो मात्रिकावद् विधेयः[२०] । अत्रापि तृतीयपीठत्वेन नेपालपीठस्य समुल्लेखः । बृहन्नीलतन्त्रेऽपि नैपालकपीठस्य निर्देशो विहितः[२१] । रुद्रयामलतन्त्रात् समानीतमिति तन्त्रसारे[२२] समुद्धृतवचनानुसारं कामरूपे मूलाधारः, वाराणस्यां मुखवृत्तम्, नेपाले दक्षचक्षुः, पौण्ड्रवर्धने वामचक्षुः, कश्मीरे दक्षकर्णः, कान्यकुब्जे वामकर्ण इत्यादिरीत्या एकपञ्चाशतपीठानां सम्भव उदाहृतः, इत्येतद्वचनाद् नेपाले देव्या दक्षचक्षुषः पतनस्य प्रसङ्गः समुपलभ्यते । किन्तु एतन्नापरैर्ग्रन्थैः, अभिलेखादिभिः,

१९. *उद्धृतं शाक्तपीठे* पृ. १९
२०. " पृ. २१
२१. " पृ. २२
२२. " पृ. २३

केनचनेतरेण च साक्ष्येण प्रमाणीक्रियत इति विचिन्त्यम्। महापीठनिरूपणाख्ये ग्रन्थे पीठनिर्णयसन्दर्भ एकपञ्चाशच्छाक्तपीठानां निर्देशो विहितः । तत्र पीठनानिर्देशपुरस्सरं पतितदेहावयवानां समुत्पन्नशक्ति-भैरवाणाञ्च नामान्यपि विस्तरेण वर्णितानि । एकस्मिन् ग्रन्थे- **'नेपाले जानु मे शिव । कपाली भैरवः श्रीमान् महामाया च देवता ।।'** इति वचनेन नेपाले देव्या जानु पतितं तत्र च महामायेत्याख्या देवता सुप्रसिद्धा, कपाली भैरवश्च समुत्पन्नः सुपूजितश्चेति सूचितम् । क्वचन- 'जानुनि मम' इति वचनं लभ्यते, एतेन नेपाले देव्या उभे जानुनी पतिते इत्यपि ज्ञायते । अथ च 'पीठनिर्णयस्यैवापरेषु हस्तलिखितग्रन्थेषु पुनः -

> **'नेपाले जयदुर्गाख्या तत्र वै तालुकं शिवः ।**
> **कपाली भैरवस्तत्र महामारी च देवता ।।**
> **विशेषतः कलियुगे वसामि चन्द्रशेखरे ।'**

इति वचनं समुपलभ्यत इति वचनाद् नेपाले देव्याः तालुकं पतितम्, तत्र देवता महामारी समुत्पन्ना, भैरवश्च कपालीति सूच्यते । किन्तु स्वस्थानी-व्रतकथायान्तु चन्द्रपुरे दक्षिणनेत्रं पतितम्, तच्च चन्द्रपीठमिति ख्यातम्, तत्र खलु सिद्धिकला देवी, सिद्धयोगिनी, प्रकाशेश्वरो महादेवश्च समुत्पन्ना इति समुल्लेखो लभ्यते[२३] । अथ च तत्रैव देवीकोटे देव्या वामं जानु पतितम् । तच्च भद्राक्षी देवी, ललिता योगिनी, मत्तेश्वरो महादेवश्च समुत्पन्ना इति लिखितम्[२४] ।

पुनश्च सत्या दक्षं जानु एकापुरे पतितम् । तच्च एकापुरपीठमिति ख्यातम् । तत्र च साधुक्षी देवी, सकुपी योगिनी, उन्मत्तेश्वरो महादेवश्च समुत्पन्ना इति निर्दिष्टम्[२५] ।

---

२३. *स्वस्थानीव्रतकथा अ. १२*

२४. " अ. १२

२५. " अ. १३

स्वस्थानीव्रतकथायां चर्चितानि उपर्युक्तानि चन्द्रपुरम्, एकापुरम्, देवीकोटमित्यादीनि स्थानानि भौगोलिकदृष्ट्या कुत्रावस्थितानि, अद्य तेषां कानि सन्ति नामधेयानीति सर्वमेतदनुसन्धानविषय एव । किन्तु इदं स्पष्टं यत् सत्या देहावयवपातविषये ग्रन्थेषु नैवैकमत्यमिति । प्रसङ्गादत्र इदमपि स्मर्यते यन् नेपाले पूर्वाञ्चलविकासक्षेत्रे कोश्यञ्चले सुनसरीमण्डलान्तर्गते धराने विजयपुरक्षेत्रे अपरञ्चैकं शाक्तपीठं वरीवर्ति दन्तकालीति नामधेयेन सुप्रसिद्धम् । तत्र खलु सत्या एव दन्ताः पतिताः । तत्र च दन्तकालीति भगवती समुत्पन्ना, अत एव तत्पीठं दन्तकालीपीठमिति सुप्रसिद्धमिति तत्रत्यानां लौकिकानां वृद्धानां मतं श्रुतिपथमायाति[२६] । किन्तु एतदपि ऐतिहासिकसामग्रीस्तिन्त्रग्रन्थेषु नैव प्रमाणीक्रियत इति चिन्त्यम् । एतावता नैपालकं गुह्येश्वरीपीठं हि तावद् गुह्यकाल्या एव महास्थानमुत्तराम्नाय-पीठमिति निष्कर्षः । सत्या गुह्यपातेन समुत्पन्नं गुह्येश्वरीपीठमेतदित्युक्तौ तु अस्ति कश्चन सन्देहः । निष्कर्षे चात्र साक्ष्यभूताः तत्रत्या नित्यनैमित्तिक-काम्यार्चनविधयः परम्परा चेत्यलं विस्तरेण[२७] ।

२६. *स्थानीयाऽनुश्रुतिः ।*

२७. *गुह्यकाल्यास्तन्त्रोक्तं स्वरूपम्, तदर्चनप्रक्रिया, तद्वैशिष्ट्यादिकञ्च यथावसरं प्रकाशयिष्यते।*

श्रीगुह्यकाल्या ब्रह्मभावोपासनम्

उत्तराम्नायोपास्या श्रीगुह्यकाली निर्गुणब्रह्मरूपिणीति तन्त्रशास्त्रस्योद्घोषः। महाकालसंहितायामस्या वेदोक्तं विराड्ध्यानं समुपवर्णितमुपलभ्यते । अथर्ववेदमध्ये मुख्यतमा षट्शाखा विवृताः, वारतन्तवी, मौञ्जायनी, तार्णबैन्दवी, शौनकी, पैप्पलादिका, सौमन्तकी चेति । तासु षट्स्वपि शाखासु वर्णितानि देव्याः स्वरूपाणि एकीकृत्य साधकानामुद्धाराय गुह्यकाल्या विराड्ध्यानं संहितायां वर्णितमिति तत्रत्यः समुल्लेखः ।

यथोर्णनाभिः सूत्राणि सृजति गिलति च, यथा पृथिव्यामोषधयः संभवन्ति क्षरन्ति च, यथा पुरुषेषु केशलोमानि जायन्ते क्षरन्ति च, यथा पृथिव्यां प्राणिन उत्पद्यन्ते विलीयन्ते च, यथा च ज्वलतः पावकात् स्फुलिङ्गा निर्गत्य विनश्यन्ति च तथैव परब्रह्मणो गुह्यकाल्या जगतः प्रभवः प्रलयश्चेति तस्याः सृष्टिसंहार-कारणत्वम्। जगति दृश्यमान-मनुमेयञ्च पदार्थजातमखिलं देव्या अङ्गोपाङ्गभूतमेवेति नैव किञ्चित्तदपाकृतम् । युक्तं चोक्तं संहितायाम् -

यस्याः परं नापरमस्ति किञ्चित्
यस्या नाणीयो न ज्यायोऽस्ति किञ्चित् ।
वृक्ष इव स्तम्भादि वितिष्ठत्येका
तयेदं पूर्णं भगवत्याः सर्वमिति ।।
एका देवी सर्वभूतेषु गूढा
व्याप्नोत्येतत् सर्वभूतान्तरस्था ।
कर्माध्यक्षा सर्वभूताधिवासा
साक्षिणी वेत्री केवला निर्गुणा च ।।
निष्कलां निष्क्रियां शान्तां निरवद्यां निरञ्जनाम् ।।

इत्यादि महाकालसंहितोक्ताः पङ्क्यो गुह्यकाल्या ब्रह्मरूपत्वं प्रकाशयन्ति । अपरा चोक्तिस्तदेव व्यनक्ति-

निर्गुणा सगुणा जाता निराकाराऽपि साकृतिः ।
अदेहाऽपि सदेहाऽभूदरूपा रूपधारिणी ।। इति ।

महाकालसंहितायामेव अपरमेकं स्तोत्रमस्ति गुह्यकाल्याः सुधाधारास्तोत्राख्यम्। तत्रस्थाः सर्वा अपि पङ्क्यो गुह्यकाल्याः परब्रह्मरूपत्वमेवोपपादयन्ति । यथा-

अचिन्त्यामिताकारशक्तिस्वरूपा
प्रतिव्यक्त्यधिष्ठानसत्त्वै-(सत्तै-)कमूर्तिः ।
निराकार-(गुणातीत-)निर्द्वन्द्वबोधैकगम्या
त्वमेका परब्रह्मरूपेण सिद्धा ।।
महाचण्डयोगेश्वरी गुह्यकाली
कराली महाडामरी चण्ड-(चाट्ट-)हासा ।
जगद्ग्रासनी चण्डकापालिनी च
त्वमेका परब्रह्मरूपेण सिद्धा ।।
विशुद्धा परा चिन्मयी स्वप्रकाशा-
ऽमृतानन्दरूपा जगद्व्यापिका च । इत्यादि ।

महाकालसंहितायामेव गुह्यकाल्या ध्यानद्वयं निगदितं सगुणं निर्गुणञ्च । तत्र द्वितीयं यथा -

एकं ज्योतिर्मयं शुद्धं सर्वगं व्योमवद् दृढम् ।
अत्यन्तनिर्मलं स्वच्छमादिमध्यान्तवर्जितम् ।
अस्थूल-सूक्ष्मानाकाशास्पृश्यादृश्यमचाक्षुषम् ।।
अरसं न च गन्धाढ्यमप्रमेयमजं विभुम् ।
आनन्दमजरं नित्यं सदसत् सर्वकारणम् ।।
सर्वाधारं जगद्रूपममृत्युमजमव्ययम् ।
अदृश्यं दृश्यमानस्थं वह्निस्थं सर्वतोमुखम् ।।

सर्वदृक् सर्वतःपादं सर्वस्पृक् सर्वतोमुखम् ।
ब्रह्म ब्रह्ममयोऽहं स्यामिति यद्वेदनं भवेत् ।।
तदेव निर्गुणध्यानं सामान्यं परिकीर्तितम् '

इति सामान्यं निर्गुणध्यानम् । अपरञ्च विशेषध्यानम्, तदपि च निर्गुणमेव । यथा-

एकां ज्योतिर्मयीं नित्यां सर्वगां व्योमरूपिणीम् ।
ईदृग्विधां गुह्यकालीं निराकारां विभावयेत् ।। इत्यादि ।

अथ च महाकालसंहितायामेव सुगीता जपसमर्पणमनु स्तोतव्या सिद्धितत्त्वस्तोत्रमित्याख्या- मनोहरा स्तुतिः । तत्रापि गुह्यकाल्या ब्रह्मभावेनैव भावनम् । यथा-

या व्याप्य शक्त्या निजया जगति विष्टभ्य भूतानि तथाऽखिलानि ।
वर्वर्ति सर्वोपरि चित्प्रकाशा सा गुह्यकाली परिपातु विश्वम् ।।
निस्त्रैगुण्या विकृतिरहिता निर्विकारा निरीहा
नित्या शुद्धा चिदमलतनुर्निष्प्रपञ्चा च शक्तिः ।
मायातीताऽमृतपदमयी वेदवेदान्तवेद्या
कालव्यापिन्यपि परशिवा वासनानन्दरूपा ।। इत्यादि ।

एवं तन्त्रोक्तवचनैः श्रीगुह्यकाल्या निर्गुणब्रह्मरूपत्वसिद्ध्या तद्भावनयैवोपासनविधयः पूजापद्धतिष्वपि समुपलभ्यन्ते। अर्चनविधावपि -

निर्विकल्पे चिदानन्दे विशुद्धे च निरञ्जने ।
गुणातीते निराधारे केवले परमात्मनि ।।
अद्वितीये परानन्दमये ज्योतिःस्वरूपके ।
प्रपञ्चादिलयस्थाने गुह्यकालीस्वरूपके ।।
वेदान्तज्ञानसम्वेद्ये परब्रह्माभिसंज्ञके ।

तथा च -

अनन्तानन्तकोट्यर्थकल्पान्ताग्निसमप्रभाम् ।
सच्चिदानन्दसन्दोहसाक्षिभूतां सनातनीम् ।।
अन्तर्बहिश्च ब्रह्माण्डव्यापिनीं व्योमवत्स्थिताम् ।
दिक्कालपरिमाणाद्यनवच्छिन्नां सुनिर्मलाम् ।।
अतीन्द्रियामनक्षां च शब्दस्पर्शादिवर्जिताम् ।
सर्वाधारां निराधारां पूर्णचैतन्यविग्रहाम् ।।
निरञ्जनां निराकारां निर्लेपाञ्च निरामयाम् ।
परगम्यस्फुरज्ज्योतिर्मयीं सर्वात्मसाक्षिणीम् ।।
सर्वोपाधिविनिर्मुक्तां मनोवाचामगोचराम् ।
महायोगेश्वरीं वन्दे कैवल्यपददायिनीम् ।।

इत्यादिभिरनेकैर्मन्त्रैर्देव्या ध्यानम्, निर्वाण-महानिर्वाण-निर्वाणातीत-तूर्य-महातूर्य-तूर्यातीतादि बहुविध न्यासजालम्, नित्यशुद्धमुक्तसत्यपरमाखण्डा-नन्दानन्ताद्वैतनिस्त्रैगुण्यसर्वसर्वान्तर्बहिर्व्याप्ताचिन्त्यागम्यावाङ्मनोगोचरनिरञ्जन-निराकारनिराभासनिष्कलनिर्लेपोपमारहितस्वप्रकाशानादिमध्यान्ताविकारातिचैतन्यपरिपूर्ण-परब्रह्ममहानिर्वाणमहायोगेश्वरी महानिर्वाणमहामन्त्रः ।

तादृशमहायोगेश्वरी देवता, तादृशमहायोगेश्वरी या सर्वत्र प्रकाशते सैवा-हमस्मीति ऐक्यभावनम्, यदैवं महामूलबिम्बातिचैतन्यपरिपूर्णपरब्रह्ममहानिर्वाण-महायोगेश्वरी स्वतः प्रकाशकार्यकारणातीतस्फुरज्ज्योतिः सृष्ट्यादौ प्रकाशते, तदैव महाप्रलयान्तकालवह्निज्वालामालाप्रज्वलितमहाकालाग्निनिर्वाणश्रीगुह्यकाली महाघोरतेजोरूपतया महाप्रलयेऽनन्तपरार्द्धब्रह्माण्डदाहमाचरिष्यति नातःपरं किञ्चिदिति श्रुतिः ।

सर्वमन्त्रोपमन्त्रयन्त्रतन्त्रमुद्राधिपतिसर्वाम्नायाधिपतिसर्वतत्त्वाधिपतिसर्वज्ञतादि-सर्वैश्वर्यनिलयाकारमहामन्त्ररूपशब्दब्रह्मविग्रहे सकलागमोपनिषत्सर्वस्वसत्यज्ञाना-नन्तमायाऽविद्याऽस्पृश्याऽतिचैतन्यपरिपूर्णपरब्रह्ममहानिर्वाणयोगेश्वरीस्वरूपे निलीनो-ऽस्मीति समाधिः, तादृशमहायोगेश्वरीसायुज्यप्राप्तिकामनया विनियोगः, तथैव

षडङ्गन्यासजातम्, इत्यादिकोऽखिलोऽर्चनविधिः श्रीगुह्यकाल्या ब्रह्मभावोपासन-विधेरङ्गभूत एव । ततोऽप्यधिकं विशेषमहावाक्यम् -

ययेदं सृज्यते विश्वं ब्रह्मादिस्थावरान्तकम् ।
यत्रावतिष्ठते सर्वं ययैव प्रविलीयते ।।
या परब्रह्मनिर्वाणगुह्यकालीति शब्दिता ।
सैवाहं चिद्घना पूर्णा परानन्दमहोदया ।।
अद्वैतज्ञानसंसेव्या महायोगेश्वरी परा ।
श्रीमद्गुह्यमहाकाली परमात्माऽस्मि नापरः ।। इति ।

अथ च (निरुक्ता) श्रीगुह्यकाली खल्विदं सर्वं नातः परतरं सत्यं सत्यमहमस्मीति महावाक्यम्'। श्रीगुह्यकाल्या पूजारहस्यञ्च परात्परतरं परमं हि-

एकैवाहमियं द्वितीयरहिता न स्त्री न चाहं पुमान्
न क्लीबं न शरीरिणी विधिमुखो मायाप्रपञ्चोऽखिलः ।
मायातीततया निराकृतगुणग्रामानुपाधिः स्वतः
सर्वज्ञास्म्यहमक्रिया घनतरानन्दोदधिः सच्चितः ।।
विश्वव्यापिनिजप्रकाशमहसश्चैक्येन नित्योदिता
भासन्तेऽखिशक्तयो मम कला मय्येव भावं गताः ।
मद्रूपः परतः शिवोऽपि तदहं यद्ब्रह्मरूपं परम् ।
तद्रूपा तदुपासिता किल तदन्तर्यामिरूपं महः ।। इति ।

गुह्यकाल्या गायत्री च - अद्वयायै, महानिर्वाणायै, अमृता इति देवता-बोधकपदान्तर्गतैव ।

वस्तुतः पूजाविधिस्तु वास्तविकः:-

तेषां मनस्तु गन्धः स्याद् बुद्धिः पुष्पाणि कीर्तिता ।
धूपश्च कथितस्तेषामेकीभावेन भावना ।।
ज्योतींषि चक्षुषां दीपो नैवेद्यं स्वकलेवरम् ।
प्रत्याहारः समाधिश्च प्राणायामश्च धारणा ।।

पाद्यार्घ्याचमनीयं स्नानीयमेतत् प्रकीर्तितम् ।
अनादि यन्महावाक्यं तन्न्यासमिति कथ्यते ।।
न्यास एव हि विज्ञेयः पूजाविधिरिह प्रिये ।
महावाक्यान्यनादीनि षडेव हि वरानने ।। इति ।

अन्यविधयाऽपि पञ्च महावाक्यानि -

१- ॐ तत्सत्, २- सोऽहमस्मि, ३- ब्रह्माहमस्मि, ४- तत्सत् अहमेव, ५- अहमेवेदं सर्वमिति ।

देवता केवलं चैषां गुह्यकाली प्रकीर्तिता ।
पञ्चैतान्यपि वाक्यानि न्यासस्तेषामुदाहृतः ।।
सैव सत्यमसच्चान्यदिति तेषां विनिश्चयः ।
इदानीमपि पूयन्ते गृणन्तोऽमूनि पञ्च हि ।।
महापातकजैर्घोरैर्न लिप्यन्ते नरा अघैः ।
तिष्ठत् पश्यन् हसन् जल्पन् स्वपन्नश्नन् पिबन् व्रजन् ।।
जपन्ननुक्षणमिदं ब्रह्मभूयाय कल्पते ।
नैतादृशं किमप्यस्ति पातकं जगतीतले ।।
एतदुच्चारयन् नित्यं यन्न नाशयति प्रिये ।

इति तन्त्रोक्तो निष्कर्षः ।

श्री दुर्गा भवानी

श्रीदुर्गा

दुर्गा शब्दको व्युत्पत्ति र विशेषता

'दुर्गा' शब्दभित्र 'दुर्ग' र 'आ' दुई शब्द छन् । तीमध्ये दुर्ग-शब्दबाट दैत्य, ठूलो विघ्न, संसाररूपी बन्धन, कुकर्म, शोक, दुःख, नरक, यमराजको दण्ड, जन्म, ठूलो भय वा त्रास, ज्यादै ठूला-ठूला रोगहरू अर्थात् जति जति प्राणीमात्रका लागि अकल्याण गर्ने कुराहरू छन् ती सबै बुझिन्छन् र 'आ' शब्द चाहिँ 'नाश' को प्रतीक हो ।

यसकारण दुर्गाका उपासनाले अकल्याणकारी वस्तुहरूको विनाश हुन्छ । फेरि दुर्गा-शब्दमा द्, उ, र्, ग्, आ यी पाँच अक्षरहरू छन् । यिनीहरूका पनि बेग्लाबेग्लै अर्थहरू छन् । द्- ले दैत्यहरूका, उ- ले विघ्नको, र् - ले रोगको, ग्- ले पापको र आ- ले भय र शत्रुहरूको विनाशलाई प्रतीकात्मक रूपमा बुझाउँदछन्।

दुर्ग- यौटा दैत्य पनि थियो । त्यसको नाश गर्ने हुनाले 'दुर्गा' । दुर्ग- विपत्ति पनि हो र त्यस्तालाई हटाउने हुनाले 'दुर्गा' । बडा दुःखले धर्म, कर्म, उपासना, तपस्याले मात्र प्राप्त गर्न सकिने हुनाले पनि 'दुर्गा' । यस्तै दुर्गा - शब्दका धेरै अर्थ छन् । छोटकरीमा भन्दा अकल्याणकारी कुतत्त्व 'दुर्ग' हो र त्यसको विनाशकारिणी तत्त्व 'आ' ।

श्रीदुर्गाको परिचय र महिमा

देवी अथर्वशीर्ष (उपनिषद्) अनुसार सम्पूर्ण देवताहरूले एकपल्ट दुर्गा-लाई सोद्धछन् - 'तपाइँ को हुनुहुन्छ ?' यसको उत्तरमा महादेवी स्वयंले आफ्नो परिचय दिनुहुन्छ - 'म ब्रह्म हुँ । मबाटै प्रकृति, पुरुष र जगत्, शून्य र अशून्य पैदा भएको छ । म आनन्द अनानन्द (सुख र दुःख) दुवै हुँ । विज्ञान, अविज्ञान, ब्रह्म, अब्रह्म, पृथ्वी, जल, तेज, वायु र आकाशरूप पञ्च महाभूत र त्यसदेखि बाहेकका वस्तु सम्पूर्ण चराचर जगत् हुँ । वेद हुँ, अवेद पनि हुँ । विद्या र

अविद्या पनि हुँ । अज (नजन्मने - नित्य) र अनज (जन्मने) मै हुँ । सबै दिशा- तल,माथि, तेर्सो सबै हुँ । म रुद्र र वायुका रूपमा विचरण गर्दछु । आदित्य र विश्वेदेवका रूपमा हिंड्दछु । मित्र, वरुण, अग्नि, अश्विनीकुमारको भरण-पोषण मै गर्दछु । सोम, त्वष्टा, पूषा र भगलाई धारण गर्दछु । तीनै लोक- स्वर्ग, मर्त्य र पाताललाई आफ्ना पाउले ढाकिदिने त्रिविक्रम विष्णु, सृष्टिकर्ता ब्रह्मा र प्रजापति समेतलाई मैं धारण गर्दछु आदि ।

श्रीदुर्गाको निर्गुण स्वरूप

यसरी महादेवी दुर्गा स्वयं निरञ्जन, निराकार, नाम र रूपले विहीन ब्रह्मस्वरूप भैकन पनि सम्पूर्ण विश्व-ब्रह्माण्डको र सम्पूर्ण प्रपञ्चको कारण हुन्। यो उनको निर्गुण रूप हो ।

श्रीदुर्गाको सगुण स्वरूप

दुर्गा-को सगुणरूपमा भएको आविर्भावको वर्णन मार्कण्डेय पुराणको सप्तशती (चण्डी) मा पाइनछ । महिषासुर (राँगोको रूप भएको दैत्य) ले सताएर स्वर्गबाट निकालिएका देवताहरूको आर्तपुकार सुनेर भगवान् विष्णु, महादेव र ब्रह्मा पनि साह्रै रिसाए । उनका शरीरबाट ठूलो तेज निस्क्यो । त्यसपछि सम्पूर्ण देवताहरूका शरीरहरूबाट पनि एक-एक गरी तेज निस्कंदै पहिलेका तेजमा मिल्दै गए । ठूलो पर्वताकार धप् धप् बलिरहेको तेज त्यसै तेजःपुञ्जबाट अत्यन्त तेजस्विनी सुन्दरी नारी प्रकट भइन् । उनका अंग-प्रत्यङ्ग सबै तेजःपुञ्जबाटै बन्दै गए । देवताहरूले नै उनलाई आयुधहरू प्रदान गरे । उनले आफ्नो वाहन सिंह लिइन् । यिनै सिंहवाहिनी दुर्गा हुन् र यिनैले महिषासुरको विनाश गरिन् । यो सप्तशतीको प्रसिद्ध कथा हो ।

श्रीदुर्गाका विविध रूप

दुर्गाको पहिलो रूप उग्रचण्डाको हो, दोस्रो भद्रकालीको र तेस्रो कात्यायनीको । तीनै रूपले तीनै कल्पमा महिषासुरको वध भएको थियो । रम्भासुर दैत्यको महिषी (भैंसी), स्वरूपा राक्षसीबाट जन्मेको अत्यन्त बलवान्

र पराक्रमी छोरो महिषासुरलाई सर्वप्रथम रम्भाकल्पमा अत्यन्त भयङ्कर स्वरूप भएकी उग्रचण्डाले मार्नुभयो । फेरि नीललोहित कल्पमा त्यो फेरि जन्म्यो उत्तिकै बलवान्, पराक्रमी । त्यस जन्ममा भगवती भद्रकालीले त्यसको अन्त्य गर्नुभयो ।

त्यसरी दुई पल्ट सतीका हातबाट मरेपछि तेस्रो पल्ट पनि त्यसको जन्म भयो, फेरि पनि उस्तै वीर, पराक्रमी तर दुष्ट । त्यसले गर्वोन्मत्त भएर कात्यायन ऋषिका शिष्य बृहदश्वको अपमान गऱ्यो र कात्यायन ऋषिले उसलाई एक स्त्रीका हातबाट मारिने शाप दिए ।

उसले स्वप्नमा पनि यौटी स्त्रीले नै आफूलाई मारेको देख्यो । यसैले उसले भगवती महामायाको बडो कठोर तपस्या गरी उनलाई खुसी पाऱ्यो । भगवती प्रकट भएर उसको इच्छा सोधिन् । उसले कात्यायनको श्राप र स्वप्नमा आफूलाई स्त्रीका हातबाट मरेको देखेको कुरा बताएर तेस्रो पल्ट अन्य कुन रूपले भगवतीले उसलाई मार्ने हो भनी सोध्यो । देवीले उग्रचण्डाको भयङ्कर रूप देखाउनुभयो । त्यस रूपबाट ऊ अत्यन्त डरायो ।

त्यसपछि देवीले भद्रकालीको डरलाग्दो स्वरूप देखाउनुभयो । त्यसबाट पनि डरायो । त्यसपछि देवीले उसैको इच्छा सोध्नुभयो । उसले अत्यन्त सुन्दर नारीको रूप लिएर उसलाई मार्ने, मार्दा उसले देवीलाई हेरिरहन पाउने, मृत्युकालमा देवीको चरण उसका छातीमा टेकिनुपर्ने वरदान माग्यो । सोही वरदान अनुरूप तेस्रो पल्ट देवीले सुन्दर कात्यायनीको रूप लिएर महिषासुरको वध गर्नुभयो । यो कथा कालिकापुराण र महाकालसंहिता आदि ग्रन्थमा पाइन्छ ।

उग्रचण्डाको स्वरूप – सुवर्णको जस्तो रूप, अनेकौं दिव्य वस्त्र, आभूषण, अठार भुजा, भुजामा खड्ग, बाण, चक्र, वज्र, अंकुश, वर, डमरु, शूल, पात्र र खेटक, धनु, गदा, घण्टा, पाश, खट्वाङ्ग, केशपाश, बिन्दुमुद्रा र सिद्धिमुद्रा, शिरच्छेदन गरिएकोले घाँटीबाट निस्केका महिषासुरका छातीमा त्रिशूल रोपेको, यो हो उग्रचण्डाको अत्यन्त डरलाग्दो विग्रह ।

दोस्रो भद्रकाली सोह्र भुजा, दिव्य वस्त्र, दिव्य आभूषण, जटाजूट, नागहार, भुजाहरूमा शूल, खड्ग, शंख, चक्र, बाण, शक्ति, वज्र र दण्ड एवं खेटक, चर्म, धनुष, पाश, अंकुश, घण्टा, परशु र मुशल, रक्तवर्ण, त्रिनयन, बायाँ पाउले टेकेर महिषासुरलाई शूल रोपेको यो विग्रह भद्रकालीको हो ।

कात्यायनीको स्वरूप जटाजूट, शिरमा अर्धचन्द्र, तीनवटा कमलका समान नेत्र, यौवना, महिषासुरमर्दिनी, दश बाहु, बाहुमा त्रिशूल, खड्ग, चक्र, बाण, शक्ति र खेटक, धनुष, पाश, अंकुश, घण्टा वा परशु, देवीको दाहिनेपाउ सिंहमाथि र बायाँ महिषासुरमाथि, खड्ग हातमा लिएको महिषासुरको छातीमा शूल रोपेको । यो विग्रह कात्यायनीको हो । यी तीनै स्वरूप कल्पका भिन्नताले देवी दुर्गाले लिएका स्वरूप हुन् ।

श्रीनवदुर्गाका विविध रूप

दुर्गाका नौ वटा स्वरूपहरू प्रसिद्ध छन् – उग्रचण्डा कल्पमा रुद्रचण्डा, प्रचण्डा, चण्डोग्रा, चण्डनायिका, चण्डा, चण्डवती, चण्डरूपा, अतिचण्डिका र महोग्रचण्डा यी नौ दुर्गाको उपासना हुन्छ भने भद्रकाली कल्पमा शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्री यी नौ दुर्गाको उपासना गरिन्छ ।

दुर्गाका तीन स्वरूप अर्का पनि प्रसिद्ध छन् । ती हुन् – महाकाली, महालक्ष्मी र महासरस्वती । विष्णुका शरीरबाट योगनिद्रा स्वरूप महाकाली हटेकीले विष्णुले मधु–कैटभ दानवलाई मारे, महालक्ष्मीले महिषासुरको अन्त गरिन् र महासरस्वतीले सम्पूर्ण दानवसहित शुम्भ र निशुम्भको । यसको विस्तृत वर्णन मार्कण्डेय पुराणको देवीमाहात्म्य अर्थात् सप्तशती (चण्डी) मा पाइन्छ ।

दुर्गाका अरू पनि स्वरूप छन् – महषिमर्दिनी, धूलिनी, जयदुर्गा, वनदुर्गा आदि । यिनीहरूको सबै आम्नायहरूमा पूजा हुन्छ । नवै दुर्गाको समष्टिरूप चामुण्डाको पनि हो । ब्राह्मी, माहेश्वरी, वैष्णवी, ऐन्द्री, वाराही, कौमारी, नारसिंही, चामुण्डा र महालक्ष्मी । यी पनि नौ दुर्गाका रूपमा प्रसिद्ध छन् ।

वास्तवमा दुर्गा आफू यौटै भएर पनि उपासकहरूका बाधा हटाउन विभिन्न रूप ग्रहण गर्ने महामाया, महाशक्ति हुन् । दुर्गा गौरीको रूप भएकाले शैवहरूको, लक्ष्मीको रूप भएकाले वैष्णवहरूको र परमशक्तिको रूप भएकाले शाक्तहरूको उपास्या हुन्छिन् । पूर्व, पश्चिम, दक्षिण, उत्तर, ऊर्ध्व (माथि) र अध (तल) छ आम्नायकै अधीश्वरीहरू पूर्णेश्वरी, कुब्जेश्वरी, निशीश्वरी, सिद्धेश्वरी, कामेश्वरी र वज्रेश्वरी (तारा) दुर्गाकै भिन्न भिन्न रूप हुन् । दुर्गाका उपासनाले सम्पूर्ण विद्याहरूको

उपासना हुन्छ । यसकारण 'दुर्गा' शब्दमात्र पनि सम्पूर्ण मन्त्रहरूमा उत्तम मानिन्छ भन्ने तन्त्रग्रन्थहरूको सम्मति छ ।

श्रीदुर्गाको उपासना

दुर्गालाई प्रतीकात्मक रूपमा हेर्दा – सम्पूर्ण दैवी सम्पत्ति देवता र सम्पूर्ण आसुरी सम्पत्ति असुर हुन् । मानवलाई आसुरी सम्पत्तिले आक्रमण गर्दा दैवी सम्पत्ति जति सबै मिलेर यौटा हुँदा दुर्गा महाशक्तिको आविर्भाव हुन्छ । त्यसैबाट मात्र आसुरी सम्पत्तिमाथि विजय प्राप्त गर्न सकिन्छ । शक्ति – त्यसमा पनि महाशक्ति मोहको पनि कारण हो । त्यसैले ज्ञानीहरू पनि सत्यता नबुझेर भ्रमजालमा बाँधिन्छन् । जसले बुझ्दछ, त्यो तर्दछ । त्यसैले दुर्गाको आविर्भाव व्यक्ति–व्यक्तिका हृदयमा हुनसक्तछ र हुनुपर्दछ पनि । यही दुर्गाको स्वरूप र उपासनाको मर्म हो।

नेपाली समाज र श्रीनवदुर्गा

नेपालमा घर–घरै दुर्गाको पूजन हुन्छ । तर आश्विन शुक्ल प्रतिपदादेखि आश्विन शुक्ल नवमीसम्म नौ दिन उनको विशेष पूजन हुने गर्दछ । प्रतिपदाको दिन घटस्थापना, त्यसैमा दुर्गाको उद्‌बोधन, जमरा रोप्ने, षष्ठीका दिन फूलपातीको निमन्त्रण, सप्तमीमा फूलपाती (नवपत्रिका) भित्र्याउने, अष्टमीमा रात्रि महापूजा र कालरात्रि हवन, नवमीमा महापूजा र प्रभूत बलिदान, कुमारी पूजन, शस्त्र–अस्त्र, यन्त्र, वाहन आदिको पूजा गरी दशमीका दिन देवीलाई विसर्जित गरिन्छ। दशमीका दिन दुर्गाको प्रसाद आफूभन्दा ठूलाको हातबाट ग्रहण गरिन्छ । यो नेपालको महापर्व हो । यस दिन एकले अर्काको सुख–समृद्धिको कामना गरिन्छ । यसलाई शारदोत्सव वा दुर्गोत्सव पनि भनिन्छ ।

दुर्गाको यो उत्सव नित्य (नगरि नहुने, नगरेमा अनिष्ट हुन सक्ने), नैमित्तिक (पर्वमा गरिने), काम्य (गर्नाले अनेकौं कामना पूर्ण हुने) तीनै प्रकारको हो । पारिवारिक, सामाजिक र राष्ट्रिय सौमनस्य बढाउने दृष्टिले दुर्गापूजा नेपालमा दशैंका नामले प्रसिद्ध छ ।

श्रीनवदुर्गाको आराधना

यसमा अझ महत्त्वपूर्ण कुरा त – दुर्गा – नामले कुनै खास ध्यान भएको

देवता विशेषको मात्र होइन जसको जो इष्ट देवता छ, तिनैलाई मुख्य दुर्गाको रूप मानेर शारदीय पूजा हुने हुनाले दुर्गा सर्वदेवीमय हुन् भन्ने कुरा निर्विवाद छ।

दुर्गाको पूजा वसन्त ऋतुमा चैत्रशुक्ल पक्षमा प्रतिपदादेखि नवमीसम्म पनि गरिन्छ । यो वासन्तीपूजा हो । दुर्गाको उत्पत्ति वा आविर्भाव यसै बेला अष्टमीका दिन भएको हो । शारदीय पूजा जत्तिकै यसको पनि महत्त्व छ । यसलाई सानो दशैं वा चैते दशैं भनिन्छ ।

दुर्गाका वर्षभरिमा चारवटा नवरात्र हुन्छन्, आश्विनमा दुर्गाको प्रवबोधन, माघमा भोजन, चैत्रमा शयन र आषाढमा परिवर्तन (कोल्टे फेराउने) । देवी दुर्गाका विभिन्न स्वरूपको पूजा उपासना हुने रात्रिहरू पनि धेरै छन् । तैपनि सबै नव रात्रमा सबै रात्रिहरूमा पूजा, उपासना मात्र गरिरहनु सम्भव नभएकाले शारदीय र वासन्ती नवरात्रको विशेष महत्त्व छ। त्यसमा पनि अझ शारदीय नवरात्रको । यसमा खर्चवर्चको सुविधा, कामको हलुकोपन आदिले गर्दा यसलाई विशेष महत्त्व दिइएको हो ।

दुर्गाको पूजा उपासना हुने दिनहरूमा खास गरी शारदीय र वासन्ती नवरात्रमा मार्कण्डेय पुराण सप्तशतीको पाठ गरिन्छ । यही चण्डीपाठका नामले पनि प्रसिद्ध छ । सप्तशती हुन त देवी महात्म्य वर्णन हो । तर यसका प्रत्येक अक्षर मन्त्रमय छन् । यसको पाठ गर्ने विधि-विधान छ । साधारण पाठ, पुटित पाठ, नवचण्डी, शतचण्डी, सहस्रचण्डी, अयुतचण्डी आदि आदि अनेकौं पाठका विधिहरू विद्यमान छन् । यसको पुरश्चरण पनि गरिन्छ । बेग्लाबेग्लै कामनाले बेग्लाबेग्लै विधिद्वारा पाठ गरिन्छ । कवच पाठले आफूलाई सुरक्षित गरिन्छ, यन्त्र धारण गरिन्छ, जप गरिन्छ । विधि-विधान शास्त्रानुरूप गर्नुपर्दछ ।

नेपालका शक्तिपीठ

नेपालमा शक्तिपीठ अनन्त छन् । प्रत्येक शक्तिपीठ, जुन देवीको भए पनि दुर्गा उपासनाको त्यो केन्द्र मानिन्छ । काठमाडौं, ललितपुर (पाटन) र भक्तपुर (भादगाउँ) त झन् दुर्गाका मन्दिरले भरिभराउ छन् । दुर्गाको सर्वदेवीमय बालरूप कुमारीको विशेषपूजन झन् प्रसिद्ध छ । जीवित कुमारीलाई नै यहाँ प्रतिष्ठित गराएर तिनको पूजन हुन्छ । घर-घरै साना सना बालिकाहरूको (रजस्वला

नभएसम्म) कुमारीका रूपमा पूजा गरिन्छ । सबै नारीहरू देवीका रूप हुन् भन्ने सप्तशतीको वचनअनुसार यहाँ नारीको पनि सम्मान गरिन्छ ।

साम्प्रदायिक सद्भावनाको प्रतीक दुर्गा आराधना

हिन्दूहरूमात्र होइन, बौद्ध मतका अनुयायीहरू पनि आ-आफ्ना रूपमा दुर्गाको उत्सव, कुमारीपूजन गर्दछन् । तलको जातिका केटीहरूलाई कुमारी मानी अर्चना गर्ने शास्त्रीय वचन अनुसारको परम्परा पालनले त नेपालमा तल्लो जातिलाई घृणा गर्ने अवस्था नै पर्दैन । प्रायः शक्तिपीठमा चाण्डालजातिका शूद्रहरू देवपालक छन् । सामाजिक दृष्टिले यो परम्परा उत्कृष्ट छ ।

दुर्गोपासनाका विविध रूप

दुर्गा-उपासनाका विधिहरू तन्त्र र पुराण दुवैमा प्रशस्त पाइन्छन् । दुर्गा-उपासनाका पनि सात्त्विक, राजस र तामस तीन वटा भेद छन् । जो जसमा अधिकारी छ, जसको जुन परम्परा छ, त्यसले त्यही गर्नु श्रेयस्कर छ । पशु, वीर र दिव्यभावले दुर्गाको निर्गुण र सगुण उपासना गर्नु भोग र मोक्षका निमित्त आवश्यक मानिन्छ । तर तान्त्रिक मन्त्रहरूको उपासना भने गूढ र गोप्य मानिन्छ। यसको निमित्त सद्गुरु दीक्षित व्यक्तिबाट विधिपूर्वक दीक्षा लिएरमात्र गर्नु श्रेयस्कर हुन्छ, नत्र विघ्न पर्न सक्तछ भन्ने शास्त्रीय वचन पाइन्छ ।

श्रीदुर्गा साहित्य

दुर्गा-सम्बन्धी साहित्य, सम्बद्ध प्रकीर्ण ग्रन्थहरू, पद्धति ग्रन्थहरू, दुर्गाभक्तिविलास, दुर्गाभक्तितरङ्गिणी, पुरश्चर्यार्णव, मेरुतन्त्र, आगमरहस्य, महाकालसंहिता, कालिकापुराण र सप्तशती विशेष प्रसिद्ध छन् ।

सारांश

पूजा अर्कालाई हानी नपुऱ्याई आफ्नो धर्म, अर्थ, काम र मोक्षका लागि नै हुनुपर्दछ । अभिचारकर्मले अन्ततः आफैलाई हानी पुऱ्याउँदछ । **'सर्वं देवीमयं जगत्'** जगतै देवीमय छ भने अरूलाई हानी पुऱ्याउँदा देवी दुर्गा कसरी प्रसन्न होलिन् भनी सोच्नु र बुझ्नु अत्यन्त आवश्यक छ ।

दुर्गोत्सव (शारदीय दुर्गापूजा)

श्रीनवदुर्गाको आराधना

आश्विन शुक्ल प्रतिपदा तिथिमा आरम्भ भएर नौ दिनसम्म दुर्गा भगवतीको पूजा गरी नवमीका दिन समाप्त भै दशमीका दिन विसर्जन हुने शारदीय दुर्गापूजाको माहात्म्य नेपालमा दशैंका रूपमा प्रतिष्ठित र प्रसिद्ध छ ।

शरत्कालमा हुने यो पूजा नित्य, नैमित्तिक र काम्य तीनै प्रकारको हो । गर्नै पर्ने, नगरे पाप लाग्ने हुनाले नित्य, गर्दा पाप उत्पन्नै नहुने र धेरै फल पाइने एवं विशेष पर्वकालमा हुने हुनाले नैमित्तिक र भगवतीको प्रसाद पाएर सुख समृद्धि प्राप्त गर्ने कामनाले गरिने हुँदा काम्य, तीनै प्रकारको यस पूजालाई मानिन्छ ।

शारदीय पूजाको उद्भव

शारदीय पूजाको उद्भवलाई लिएर यौटा आख्यान प्रचलित भएको पाइन्छ- त्रेता युगको अन्त्यमा राम र रावणको युद्ध भयो । रावणमाथि कालिकाको कृपा दृष्टि रहेकाले रामले उसलाई मार्न सकेनन् । यो देखेर सम्पूर्ण देवताहरूका साथमा ब्रह्माले हिमसुता कालिकाको आराधना गरी उनलाई त्यो युद्ध हेर्न बिन्ति गरे । यो अनुरोध स्वीकार गरी कालिका पनि युद्ध हेर्न आइन् ।

आश्विन शुक्ल प्रतिपदादेखि आरम्भ भएको त्यो युद्ध यति भयंकर थियो, दिव्यशस्त्र, अस्त्रका प्रहारले यति उग्र थियो यसको वर्णनै गर्न सकिने स्थिति थिएन। रावणको बल- पराक्रम देखेर कालिका त झन् रावणैमाथि प्रसन्न देखिन्थिन् । यस परिस्थितिबाट त्रस्त भएर ब्रह्मा र देवगणले पुनः कालिकाको उपासना गरे ।

उनीहरूले देवीलाई 'तपाइँ लोककल्याणका लागि दानवको पक्ष नलिनोस्, यसो भयो भने रामले रावणको अवश्य वध गर्ने छन् । अनि यिनै नौ दिनसम्म तपाइँको पूजा-उपासना विशेषरूपमा लोकले गर्नेछ र राम स्वयं पनि तपाइँका उपासक हुनेछन् ।' भनी प्रतिज्ञात्मक प्रार्थना गरे । देवी प्रसन्न भइन् । रावणमा



श्री नवदुर्गा

उनको कृपादृष्टि रहेन । रामले रावणको वध गरे । त्यसै बेलादेखि दशैंको यो दुर्गापूजाको उद्भव भयो र आजसम्म पनि लोकमा प्रचलित नै छ ।

बडादशैंको आराधनासँग सम्बद्ध महिषासुरको आख्यान

दशैंको यसै पूजासँग महिषासुरको वधको आख्यान पनि जोडिने गरेको छ– प्राचीन रम्भाकल्पमा रम्भासुरको छोरा महिषासुरलाई देवीले अठार हात भएकी उग्रचण्डाको स्वरूप लिई मारेकी थिइन् । तर पछि नीललोहित कल्पमा फेरि त्यस असुरले जन्म लिएर सज्जनहरूमाथि अत्याचार गर्न लाग्यो । यसबाट क्रुद्ध भएर देवीले त्यसबेला सोह्र भुजा भएकी भद्रकालीको स्वरूप धारण गरी त्यसको वध गरिन् ।

त्यति हुँदा पनि श्वेतवाराहकल्पमा फेरि त्यो असुर जैगीसव्यको प्रसादले जन्म लिन आयो । त्यस जन्ममा उसले ऋषि–मुनिहरूलाई खुबै सताएकाले कात्यायन मुनिले उसलाई यौटी स्त्रीबाट उसको हत्या हुने श्राप दिए । ऋषिको श्राप र विभिन्न दुःस्वप्नहरूले गर्दा आशङ्कित भएर महिषासुरले स्वयं देवीको उग्र तपस्या गर्‍यो ।

देवी प्रसन्न भएर उसको अगाडि देखापर्दा महिषासुरले देवीसँग 'तपाइँले यसपल्ट मलाई कुन रूप लिएर मार्नुहुन्छ भनी प्रश्न गरी त्यो रूप देखाउन आग्रह गर्दा देवीले पहिले डरलाग्दा उग्रचण्डा र भद्रकालीको रूप देखाइन् । त्यो रूपदेखेर महिषासुर अत्यन्त डरायो र त्यसले – १. अत्यन्त सुन्दररूप लिएर मात्र आफूलाई मार्ने, २. आफ्नो प्राण जाँदा देवीको बायाँ पाउ आफ्नो छातीमा रहने र आफूले उनको मुखछवि हेरिरहन पाउने, एवं ३. देवताले पाएजस्तै यज्ञको भाग आफूले पनि पाउने गरी तीन वटा वर माग्यो ।

देवीले उसलाई ती तीनैवटा वर प्रदान गरिन् र अत्यन्त सुन्दर दश भुजा भएकी कात्यायनीका स्वरूपको दर्शन गराइन् । पछि उसले पाएको वरदान अनुरूप त्यसै रूपमा महिषासुरको वध भयो । यसरी तीन–तीन कल्पमा देवीद्वारा महिषासुरको वध भएर लोकले त्यसका अत्याचारबाट त्राण (सुरक्षा) पाएकाले पनि यो शारदीय पूजा बडो धूमधामसित हुने गरेको हो ।

कल्पभेदका कारण शारदीय पूजाका अनेक रूप

रम्भा कल्पमा उग्रचण्डा, नीललोहितकल्पमा भद्रकाली र श्वेतवाराहकल्पमा

कात्यायनीका रूपमा देवी दुर्गाले महिषासुरलाई मारेर लोकमा सुखशान्ति स्थापित गरेको हुँदा शारदीय पूजा पनि यसै अनुरूप तीन प्रकारको हुन्छ भन्ने शास्त्रको वचन पाइन्छ । १. नवमी कल्प, २. प्रतिपत् कल्प र ३. षष्ठी कल्प ।

नवमी कल्पमा आश्विन कृष्ण नवमीकै दिन देवीको उद्बोधन गरी आश्विन शुक्ल नवमीसम्म सोह्र दिन उग्रचण्डा भगवतीको पूजन गरिन्छ । भद्रकाली कल्पमा आश्विन शुक्ल प्रतिपदाका दिन देवीको उद्बोधन हुन्छ र आश्विन शुक्ल नवमीसम्म नै भद्रकालीको पूजा हुन्छ । अर्को षष्ठी कल्पमा षष्ठीका दिनमात्र कात्यायनीको उद्बोधन भै आश्विन शुक्ल नवमीसम्म चार दिन पूजन हुन्छ ।

यो शारदीय पूजा पौराणिक र तान्त्रिक दुवै रीतिले हुन सक्तछ । पौराणिक रीतिले पूजा गर्दा वैदिक विधि र तान्त्रिक रीतिले गर्दा तान्त्रिकै विधि छन् । जसलाई जुन विधिमा श्रद्धा छ, रुचि छ अथवा जसको जुन परम्परा छ भनौं त्यही विधि त्यसका लागि उचित र श्रेयस्कर हुने हुन्छ ।

शारदीय पूजाका आधार

शारदीय पूजाका आधारहरू अग्नि, प्रतिमा (मूर्ति), यन्त्र (काठ, ढुङ्गा वा धातुले बनेका यन्त्र), बेलको रूख, बिल्वपत्र, अथवा घडा हुन सक्तछन् । यसैगरी गाईका गोबरले लिपेको उँचा भूमि, सिन्दूरले बनाएको मण्डल, त्रिशूल, खड्ग, बाण, पुस्तक, तस्वीर, सर्वतोभद्रमण्डल, अनादिपीठ, शिवलिङ्ग आदि पनि पूजाका आधार हुन सक्तछन् । पूजाको आधारका रूपमा पत्रिकालाई लिंदा केरा, बेल, दाडिम, हलेदो, अशोक, धान आदिलाई लिन सकिन्छ ।

आराधना विधि

आश्विन शुक्ल प्रतिपदाको दिन घटस्थापना गरी त्यसैमा भगवती दुर्गाका रूपमा उग्रचण्डा, भद्रकाली वा कात्यायनीको अथवा आ-आफ्ना इष्टदेवताका स्वरूप दुर्गाका रूपमा मानि आएका शक्तिको आवाहन गर्ने, प्रातःसायंकाल दुवै समयमा वा सक्नेले मध्याह्नसमेत तीनै कालमा नौ दिनसम्म देवताको विशिष्ट पूजन,पाठ, हवन गर्ने एवं दशमीका दिन विसर्जन गरी प्रसाद ग्रहण गरेर उत्सव मनाउने दशैंको वैशिष्ट्य मानिन्छ ।

शारदीय नवदुर्गा पूजनका विशिष्ट विधान

दशैंको दुर्गापूजनका क्रममा षष्ठी, सप्तमी, अष्टमी र नवमीका दिनमा गर्नुपर्ने विशिष्ट विधानहरू पनि केही छन् – षष्ठीका दिन सायंकालमा नित्य क्रिया सकिएपछि बेलको रूखमा देवताको उद्‌बोधन गरिन्छ । यसमा सङ्कल्प एवं स्वस्तिवाचन गरेर यथाशक्ति विशिष्ट उपचारहरूद्वारा देवीलाई (दैवीशक्तिलाई) ब्युँझाइन्छ । यौटा राजालाई बन्दीहरूले अनेकौं गीत स्तुतिहरूद्वारा निद्राबाट ब्युँझाएजस्तै देवताका शक्तिलाई ब्युँझाउने हुनाले यस कृत्यको नाम बोधन वा उद्बोधन भएको हो ।

सप्तमीका दिन प्रातः उषाकालमा फेरि सबै नित्यक्रिया सिद्ध्याइसकेपछि बेलका रूपमा गएर देवताको पूजा गरी बेलको हाँगा काटिन्छ । यसैगरी अरू आठ पत्रिका गरी जम्मा नवपत्रिका जम्मा गरेर यसलाई अपराजिता वा कपडाले वेरी पूजास्थलमा मन्त्र, स्तुति, गीत आदिद्वारा पूजास्थानमा भित्र्याउने र पत्रिका, मूर्ति, खड्ग, यन्त्र, घडामा देवीको पूजा गरिन्छ ।

यसै क्रममा देवीको महास्नानको पनि ठूलो महत्त्व छ । यो स्नान सक्नेले सप्तमी, अष्टमी र नवमी तीन दिन, नसक्नेले अष्टमी र नवमी, त्यति पनि नसक्नेले नवमी एक दिन मात्र भए पनि गर्नैपर्ने विधान छ । यसमा नदीको जल, देवता, मातृका, नवग्रह, ऋषि, अस्त्र–शस्त्र, शास्त्र, नवरत्न, समय, तीर्थ–सागरहरू, शङ्खजल, गंगाजल, तातो जल, सुगन्धित जल, सेतो जल, पञ्च गव्य, पञ्चामृत, पुष्पोदक, कुशजल, ऊखुको रस, नरिवल पानी, माटो, सुनपानी, सर्वौषधि आदिले स्नान गराइन्छ र यसको फल ज्यादै ठूलो बताइएको छ ।

अष्टमीका दिन विशेष पूजा हुनुपर्दछ । अष्टमीका दिन उपवास बसेर देवीको पूजा हुन्छ, तर जसको छोरा छ त्यसले उपवास चाहिँ बस्न हुँदैन भन्ने पनि वचन पाइन्छ ।

त्यसैगरी नवमीका दिन पनि देवीको विशेष पूजा एवं धेरै बलिदान गर्नु वाञ्छित छ । विशेष गरेर अष्टमी र नवमीको सन्धिकाल देवीपूजनका लागि उत्तम मानिएको छ । नवमीका दिन कुमारीपूजन नगरी नहुने विधान हो ।

शारदीय पूजामा ध्यान दिनुपर्ने कुरामा चर लग्न वा चरांश छोड्नु हुँदैन। त्यसैमा विशेष फल छ, नत्र अरू लग्नमा विपरीत फल हुन्छ भन्ने उक्ति चिन्तनीय छ ।

दशमीका दिन निराजन, गीतनृत्य आदि उत्सव गर्दै नदीको जलमा पत्रिका विसर्जनका साथै हाँसो लाग्ने एवं अरूबेलामा निषिद्ध मानिएका अश्लील वचन, गीत र अभिनय गर्ने पनि शास्त्रीय वचन पाइन्छ ।

शारदीय पूजाको फलश्रुति

शारदीय पूजाको फलश्रुति ज्यादै विशिष्ट खालको छ । देवी रिसाइन् भने चाहेको सम्पूर्ण कुरा नष्ट हुने र खुसी भइन् भने जे चाहेको छ सबकुरा पूर्ण हुने हुनाले देवीको प्रसाद प्राप्त गर्ने अनन्य विधान शरद्‌कालको दुर्गा–पूजन (दुर्गोत्सव) नै हो यसमा शंका छैन ।

शारदीय पूजाको मुख्य विधि

दुर्गापूजामा गर्नुपर्ने मुख्य विधिमध्ये – कलशको स्थापना, भूतशुद्धि, नैमित्तिक कर्म गरिने न्यासहरू, नवपत्रिका प्रवेश (फूलपाती भित्र्याउनु), देवी पूजा, महिषासुर पूजा, उग्रचण्डा आदि आठ शक्तिहरूको अर्चना, चौसट्ठी योगिनीहरूको पूजा, नवदुर्गा पूजा, एघार देवीहरूको पूजा, अस्त्र पूजा, देवीका गहनाको पूजा, क्षेत्रपाल पूजा, नौ भैरवहरूको पूजा, आठ दिग्पालको पूजा, बलिदान, पीठ र मूर्ति पूजा, दुर्गा सप्तशती (चण्डी) को पाठ, होम, कुमारी पूजाहरू हुन् ।

सम्पूर्ण पूजन सकिएपछि देवीको स्तुति भक्तियुक्त भएर गर्नु, अनि देवीको विसर्जन गरी प्रसाद ग्रहण गरेपछि प्रतिमालाई जलमा विसर्जन गर्नु र उत्सव मनाउनु पनि दुर्गोत्सवभित्रकै विधिहरू हुन् ।

शारदीय पूजाको महत्त्व

शरद्‌कालको दुर्गापूजन नित्य, नैमित्तिक, काम्य तीनै प्रकारको भएकोले सबैले आ–आफ्नो साधन–स्रोतले भ्याएसम्म, आफ्नो गच्छेअनुसार प्रतिवर्ष गरेमा सम्पूर्ण सुख–ऐश्वर्य प्राप्त हुन्छ भन्ने शास्त्रहरूको वचन छ । जीवनमा अभ्युदय र अन्तमा निःश्रेयस (मोक्ष) प्रदान गर्ने भगवती दुर्गाको यो पूजा हिन्दू धर्मावलम्बी सबैका लागि परम श्रेयस्कर मानिन्छ – यसमा दुइमत छैन, छँदैछैन। ओम् ।

दशैं

दुर्गोत्सव अथवा शारदीय पूजा

दशैंको चाड प्रायः सबै नेपालीहरू बडो हर्ष र उमङ्गका साथ यौटा उत्सवका रूपमा मनाउँदछन् । यसैले दशैं कुनै वर्गविशेषको मात्र धार्मिक चाड नभएर यो सांस्कृतिक एवं सामाजिक उत्कर्ष बोकेको राष्ट्रिय चाड हो । दशैंमा शक्ति, समृद्धि र विद्याकी अधिष्ठात्री शक्ति महाकाली, महालक्ष्मी र महासरस्वतीकी स्वरूप दुर्गा भवानीको पूजा, उपासना, आराधना हुने हुँदा यसलाई दुर्गा पूजा पनि भन्ने गरिन्छ र शरत्कालमा हुने हुनाले यसको अर्को नाम शारदीय पूजा पनि हो । यसको अर्को शास्त्रीय नाम त अझ दुर्गोत्सव हो ।

आश्विन शुक्ल प्रतिपदादेखि आश्विन शुक्ल नवमीसम्म नौ दिन विधिपूर्वक दुर्गाको पूजन गरेर दशमीका दिन विसर्जन गरी प्रसाद ग्रहण गर्ने हुनाले दश दिनको यो उत्सव दशैंको नामले नेपालमा ज्यादै प्रसिद्ध छ ।

पूजाका अनेक भेद

पूजा जम्मा तीन प्रकारका हुन्छन् – नित्य, नैमित्तिक र काम्य ।

१. सधैं गर्नु पर्ने, नगरि नहुने, नगरेमा पाप लाग्ने प्रायश्चित्त गर्नुपर्ने पूजालाई नित्य भन्दछन् ।

२. कुनै पर्व विशेषमा गरिने, गर्दा अत्यन्त राम्रो फ़ल हुने, नगरेमा पनि त्यति अनिष्ट नहुने पूजा नैमित्तिक पूजा हो – यसलाई पर्वपूजा पनि भन्दछन् ।

३. आफूलाई राम्रो होस्, सुख-शान्ति होस्, धन मिलोस्, विद्या लाभ होस्, कुनै काम बनोस्, शत्रुनिवारण होस् भन्ने कामनाले जुन पूजा हुन्छ, त्यो काम्य पूजा हो ।

दशैंको पूजा नित्य, नैमित्तिक र काम्य तीनै वटा प्रकृतिको पूजा मानिन्छ। वैदिक, तान्त्रिक परम्पराका सनातन धर्मानुयायीहरूले यो पूजा गर्नै पर्दछ, नगरेमा पाप लाग्दछ, यो शरद् ऋतुमा कुनै खास समयमा गरिन्छ र यसबाट आफ्नो सुख समृद्धि आदि कामना सिद्ध होस् भन्ने चाहिन्छ ।

शारदीय पूजामा घटस्थापना विधि

यसको विधि वैदिक र तान्त्रिक जुन, जसको, जस्तो परम्परा छ त्यसैअनुसार हुन्छ । धनी, गरीब, राजा-रंक सबले आ-आफ्नो गच्छेअनुसार, आ-आफ्नो साधन स्रोतअनुसार दशैंको पूजाआजा गर्दछन् । शक्तिका पीठहरूमा मन्दिरहरूमा गएर दर्शन, अर्चना गर्ने गर्दछन् । पूजा गर्ने, मीठो खाने, राम्रो लाउने, मोज-मज्जा-आनन्द-उत्सव मनाउने चाडपर्व भएकोले दशैं सबैका लागि अत्यधिक प्रिय पर्व मानिन्छ ।

दशैंको पहिलो दिन - आश्विन शुक्ल प्रतिपदा । प्रतिपदालाई नन्दा तिथि भनिन्छ । औंसीले नछोएको शुद्ध नन्दा (प्रतिपदा) तिथिमा वैधृतियोगलाई छलेर भद्रालाई छोडेर दुर्गापूजनको शुभारम्भ गरिन्छ । वैधृति योगमा पुत्रनाश र चित्रामा धननाश हुन्छ भन्ने लेखिएकोले यो योगलाई छल्नु आवश्यक हुन्छ । अभिजित् मुहूर्त राम्रो साइत यसको लागि मानिन्छ ।

यसरी शुद्ध प्रतिपदाका दिन घरका मूलीले अथवा जसले दुर्गाको पूजा गर्नु छ उसले स्नान गरी पवित्र भएर सङ्कल्प गर्नुपर्दछ । सङ्कल्प गर्दा देश, काल कीर्तनका साथ दुर्गाको प्रीतिद्वारा सम्पूर्ण आपत्तिहरूबाट शान्ति, दीर्घायु, विपुलधन, सन्तानमा सुखशान्ति, ऐश्वर्य, कीर्ति, भयनाश, शत्रु पराजयका लागि दुर्गापूजन गर्दछु भनी प्रण गरिन्छ ।

त्यसपछि पवित्र स्थानमा (पूजा कोठामा) सुन, चाँदी, तामा कुनै धातुको कलश स्थापना गरी तीर्थ जलले भरेर यसको विधिपूर्वक पूजा गरी यसमा दुर्गाको आराधना गरिन्छ । दैत्यहरूको शेखी नाश गर्ने हे देवि दुर्गा ! यहाँ आएर मेरा पूजा ग्रहण गर्नुहोस्, आफ्ना आठै शक्तिसहित यस कलशमा निवास गरेर मेरो पूजा र बलि ग्रहण गर्नोस् भनी देवीको आवाहन गरिन्छ । त्यसपछि यथाशक्ति

सोह्र उपचारद्वारा देवीको पूजा त्यसमा गरेर कुभिण्डो अथवा पशुबलि दिइन्छ ।

त्यसपछि ईशानकोणमा यौटा पवित्र स्थानमा लिपपोत गरेर शुद्ध माटो वा नदीको राम्रो बालुवाले दुई हात, डेढ हात वा एक हातको वेदी बनाएर त्यहाँ जौ छरिन्छ (कसैले गहुँ पनि मिसाएर छर्छन् ।) त्यहाँ जयदुर्गाको आवाहन हुन्छ र अष्ट भुजा भगवतीको आराधना अर्चना हुन्छ । त्यहीं दश दिक्पाल, अष्टमातृकाको पनि पूजा गर्ने विधान छ ।

दुर्गा आराधनाको अमोघ मन्त्र

जयन्ती मङ्गला काली भद्रकाली कपालिनी ।
दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तु ते ।।

दुर्गा सप्तशतीको यो मन्त्रले र **ॐ दुर्गे दुर्गे रक्षिणि स्वाहा** भन्ने मन्त्रले दुर्गा पूजा गर्नु अत्यन्त राम्रो हुन्छ र पूजा गर्दा भेटी, मृदङ्ग, घण्टा, नगरा, डमरु जहाँ जे उपलब्ध हुन्छ – बाजाहरू बजाएर बडो उत्सवका साथ बडो भक्तिपूर्वक यो कार्य गर्नुपर्दछ ।

देवीको पूजाकोठामा आजकै दिन अखण्ड दीप बालिन्छ र त्यो बत्ती ननिभाईकन नौ दिनसम्म राखिन्छ र दशौं दिन मात्र त्यसको पनि विसर्जन हुन्छ। प्रतिपदाकै दिनदेखि सक्नेले नौ दिनसम्म नै कुमारी पूजन पनि गर्नुपर्दछ – पहिलो दिन –

सर्वस्वरूपे सर्वेशे सर्वशक्तिस्वरूपिणि ।
पूजां गृहाण कौमारि जगन्मातर्नमोऽस्तु ते ।।

यस मन्त्रले कुमारीको पूजन गर्नुपर्दछ । कुमारीको पूजा गर्दा दश वर्ष ननाघेकी, विवाह नभएकी, कुनै अङ्ग भङ्ग नभएकी सुलक्षणा कन्या छान्नु पर्दछ र उनलाई अन्न वस्त्र अलङ्कार जो सकिन्छ अर्पण गर्नुपर्दछ । यो कुमारीपूजन सधैं गर्न नसक्नेले अन्तिम दिन नवमीमा नौवटी कुमारीको वा यौटैको भए पनि पूजा गर्ने पनि विधान छ ।

नवदुर्गामा सप्तशती-पाठको महत्त्व

दशैंमा नौ दिनसम्म दुर्गाको पूजा गर्दा चण्डी – सप्तशतीको पाठ पनि गर्नै पर्ने विधान छ । सप्तशती चण्डी मार्कण्डेय पुराणबाट उद्धृत गरिएको देवीमाहात्म्य हो । दुर्गापूजनको समयमा सप्तशती पाठको त यति ठूलो महत्त्व छ कि यो पाठ विधिपूर्वक भक्तिसाथ नियमसित गर्न सकेमा देवी अत्यन्त प्रसन्न हुने र यसबाट सम्पूर्ण इच्छासिद्धि हुने फल श्रुति शास्त्रमा बताइएको छ ।

चण्डीपाठ गर्दा आचमन, प्राणायाम गरेर सङ्कल्प गर्ने, शापमोचन, मृतसंजीवनी विद्याको जप, उत्कीलन गरेर देवीको कवच, अर्गला र कीलक स्तोत्रको पाठ, वेदोक्त र तन्त्रोक्त रात्रिसूक्तको पाठ, देवी अथर्वशीर्षको पाठ गरेर त्यसपछि न्यास, ध्यान र नवार्णमन्त्रको जप, समर्पण गरेर सप्तशती पाठको प्रारम्भ गर्नु पर्दछ ।

चण्डीपाठ गर्दा अथ र इति शब्दको प्रयोग नगर्ने, धेरै छीटो र धेरै सुस्तरी पनि नगर्ने, गीत गाएजस्तो गर्न पनि हुँदैन, भक्तिपूर्वक पाठ गर्नुपर्दछ । पाठ सकिएपछि फेरि पहिले गरेजस्तै न्यास, ध्यान, जप, समर्पण गर्ने अनि ऋग्वेदोक्त देवीसूक्त, प्राधानिक रहस्य, वैकृतिक रहस्य, मूर्तिरहस्यको पाठ गर्ने, त्यसपछि देवीको क्षमापन स्तोत्र पाठ गरी त्रुटि भएकोमा क्षमा मागेर सम्पूर्ण कार्य देवीमै समर्पण गर्नुपर्दछ ।

सप्तशती चण्डी पाठको विधि आ–आफ्ना परम्परा र कतै कतै शास्त्रहरूमा पनि फरक फरक पाइन्छ । तर माथि बताइएको विधि चाहिँ धेरैले गर्ने गरेको सँग मिल्दछ । तैपनि आफ्नै कुनै विशिष्ट परम्परा छ भने त्यसै परम्परालाई अपनाउनु उचित हुन्छ ।

दीक्षापरम्पराअनुसार दुर्गाको आराधना

यसरी दशैंका नौ दिनसम्म चल्ने दुर्गापूजाको पहिलो दिन प्रतिपदा तिथिमा घटस्थापना गर्ने, जमरा रोप्ने, दुर्गाको आवाहन पूजन गर्ने, अखण्ड बत्ती बाल्ने, कुमारीपूजा गर्ने र सप्तशती पाठ गर्ने यी कर्महरू मुख्य मानिन्छन् । यसमा यौटा

विशेष कुरा के छ भने – कसैको कुल परम्परामा दुर्गाबाहेक अरू नै काली, तारा, षोडशी आदि देवताको पूजा उपासना गर्ने गरिन्छ र उनीहरूमध्ये नै कसैको दीक्षा परम्परा छ भने मुख्य देवताका रूपमा उनैको स्वरूप दुर्गाको पूजा दशैंमा पनि हुन्छ । उनैको आराधना नौ दिनसम्म गरेर प्रसाद पनि लगाइन्छ । यो विशिष्ट विधान हो ।

नवदुर्गामा पशुबलि विचारणीय विषय

पशुबलि दिने नदिने विषयमा बलि त दिनै पर्दछ शास्त्रअनुसार तर हिंसा प्रत्यक्षरूपमा नगर्ने परम्परा भएकाहरूले भने प्रतीक वा अनुकल्पका रूपमा पायस, कुष्माण्ड, ईक्षु आदिको बलि पनि दिइन्छ । यसमा कुलको आचार नै प्रधान हो । देवीभक्तिमा त श्रद्धा र आस्थाको नै ठूलो महत्त्व रहेको हुन्छ ।

नवदुर्गा पूजनविधि

दशैंको शारदीय दुर्गापूजाको पहिलो दिन प्रतिपदा तिथिमा घटस्थापना गरेर जमरा रोपेर त्यसमा भवानी दुर्गाको आवाहन, प्रतिष्ठा, पूजन, अखण्ड दीप प्रज्वालन, कुमारीपूजन, सप्तशती पाठका सामान्य र संक्षिप्त विधिबारे हामीले चर्चा गर्‍यौं । यसै प्रसङ्गमा अब द्वितीयाको दिन घटस्थापना त पहिलो दिनमै भैसकेको र त्यसमै देवीको आवाहन–प्रतिष्ठा पनि भैसकेको हुँदा पुनः घटस्थापना र प्रतिष्ठा गरिरहनु आवश्यक छैन । द्वितीयाको दिन आज त्यसै पूर्णकलशमै र त्यही पहिलो दिन रोपिएको जमरा मै आवाहन र प्रतिष्ठा गरिएको दुर्गाको पूजा अर्चना पहिलेकै दिन जस्तै विभिन्न उपचारद्वारा भक्तिसाथ गरिन्छ । खासगरी कुमारी पूजन चाहिँ सक्नेले प्रतिदिन गर्नुपर्दछ र द्वितीयाको दिन पनि–

सर्वस्वरूपे सर्वेशे सर्वशक्तिस्वरूपिणि ।
पूजां गृहाण कौमारि जगन्मातर्नमोऽस्तु ते ।।

सर्वस्वरूपा, सर्वेश्वरी, सर्वशक्तिस्वरूपिणी, जगत्‌की माता भगवती कुमारी मेरो पूजा ग्रहण गर्नोस् भनेर श्रद्धापूर्वक गरिन्छ ।

श्रीदुर्गालाई अर्पणीय विषय

देवीलाई खासगरी स्वास्नी मानिसहरूलाई मनपर्ने खालका सौभाग्य द्रव्य, अन्न, वस्त्र, अलङ्कार चढाउने विधान पुराणहरूमा पाइन्छ । यस प्रसङ्गमा प्रतिपदाका दिन कपाल सिङ्गार्ने विभिन्न साधनहरू भगवतीमा अर्पण गरिन्छ भने यसै क्रममा आज द्वितीयाका दिन कपाल कोर्न चाहिने अत्यन्त सुगन्धित तेल भगवतीमा अर्पण गरिन्छ ।

यसैगरी तृतीयाका दिन सिन्दूर र आलता, चतुर्थीका दिन मधुपर्क, तिलक, गाजल, पञ्चमीका दिन अङ्गराग र आफ्नो शक्तिअनुसार गहना–गुरिया, षष्ठीका दिन साँझ बेलको रूखमा देवीपूजन र बोधन, सप्तमीका दिन फूलपातीमा नवदुर्गाको आवाहन, अष्टमीका दिन उपवास, कालरात्रि पूजा, बलि, नवमीका दिन उग्रचण्डाको पूजा, खड्ग, शस्त्र अस्त्रको पूजा, कुमारी पूजा र प्रशस्त बलिदान एवं पछिल्लो दिन दशमीमा नीराजन र विसर्जन अनि प्रसाद ग्रहण । यस विधिले दुर्गाको पूजा गरेमा देवी अत्यन्त प्रसन्न हुन्छिन् र आफ्नो भक्तलाई आफ्नै छोरा कार्तिकेय कुमारलाई गरेजस्तै अत्यन्त स्नेह एवं वात्सल्यपूर्वक पालनपोषण गर्दछिन् भन्ने शास्त्रको वचन छ ।

दशैंमा प्रतिपदाका दिन विधिपूर्वक घटस्थापना गरी त्यसमा दुर्गाभवानी वा स्वेष्टदेवता स्वरूप दुर्गाको आवाहन पूजन, बलि समर्पण गर्नुका साथै जमरा रोपी त्यसमा नवदुर्गा, अष्टमातृका, दश दिग्पालको आवाहन पूजन गर्ने विधान चर्चा गरिसकियो। त्यसपछि द्वितीया, तृतीया, चतुर्थी, पञ्चमीका दिनहरूमा पनि पहिलो दिन आवाहन गरिएका देवताहरूलाई पूर्ववत् पूजन अर्चन गर्ने विधान सामान्य छ। तर षष्ठीका दिनदेखि भने केही विशेष विधानहरू छन् जो उल्लेखनीय छन् ।

नवदुर्गा आराधनाका विशिष्ट विधान

षष्ठीका दिन प्रातःकाल त पूर्ववत् विविध उपचारहरूद्वारा पूर्व आवाहित देवताहरूको पूजन गरिने सामान्य विधान त छँदैछ । तर सायँकाल सम्पन्न गर्नुपर्ने विशेष विधान पनि छ ।

साँझपख घरका मूली अथवा दुर्गापूजा सम्बन्धी अनुष्ठान गर्ने व्यक्तिले

पवित्र भएर चोखो लुगा लगाई भगवती दुर्गालाई श्रद्धापूर्वक मनमा चिन्तन गर्दै मौन भएर नजिकमा भएको बेलका रूखनिर जाने, सर्वप्रथम बेलको वृक्षलाई प्रणाम गर्ने, त्यसपछि सङ्कल्प पढ्नु पर्दछ । सङ्कल्पमा सामान्यतया देश, काल आफ्नो गोत्र इत्यादिको उच्चारण गर्नु आवश्यक छ ।

त्यसपछि सूर्य आधा अस्ताएको खास समयतिर विविध उपचारद्वारा बेलको रूखमा भगवतीको दुर्गाको पूजा-अर्चना गर्ने, अनि फेरि, मृदङ्ग, शङ्ख, घण्टा, डमरु आदि बाजा बजाई उत्सवका साथ देवीको उद्बोधन (व्यूँझाउनु) गर्नु पर्दछ । 'भगवती दुर्गा, हजूर अब निद्रा त्यागेर जागा हुनोस्, यस युगलाई पनि जाग्रत एवं प्रबुद्ध बनाइदिनोस्, मेरा शत्रुहरूको पनि विनाश गर्नोस्, तिनीहरूको पराजय होस्' भन्ने प्रार्थनाका साथ केही बीज मन्त्रहरूको यसमा प्रयोग हुन्छ ।

दुर्गा प्रार्थनाका अचूक मन्त्र

रावणस्य वधार्थाय रामस्यानुग्रहाय च ।
अकाले ब्रह्मणो बोधो देव्यास्त्वयि कृता पुरा ।।
अहमप्याश्विने षष्ठ्यां सायाह्ने बोधयामि वै ।
शक्रेणापि च संबोध्य राज्यं प्राप्तं सुरालये ।।
तस्मादहं त्वां प्रतिबोधयामि,
विभूतिराज्यप्रतिपत्तिहेतोः ।
यथैव रामेण हतो दशास्य-
स्तथैव शत्रुं विनिपातयामि ।।

रावणका वधका लागि र श्रीरामको अनुग्रह प्राप्त होस् भनेर त्रेता युगमा पहिले ब्रह्माले पनि तिम्रो प्रतिबोधन गरेका थिए । आज आश्विन शुक्ल षष्ठीका दिन म पनि अनिष्ट निवृत्ति र इष्ट प्राप्तिका लागि तिम्रो उद्बोधन गर्दछु । इन्द्रले पनि पहिले दानवको वध र स्वर्गको राज्य प्राप्तिका निमित्त यसैगरी तिम्रो उद्बोधन गरेका थिए र रामले पनि तिम्रै उद्बोधन गरेर नै रावणलाई मार्न सकेका थिए । त्यसैगरी हे भवानी म पनि आफ्ना शत्रुहरूको विनाशका लागि तिम्रो

उद्बोधन गर्दछु ।

उक्त मन्त्रद्वारा यिनै अर्थलाई मनमा राखी भगवती दुर्गाको उद्बोधन बेलको रूखमा गर्नु आवश्यक हुन्छ र भोलिपल्ट सप्तमीका दिन तिमीलाई म आफ्नो पूजाको निमित्त भित्र्याउँदछु । त्यसको निमित्त यस बिल्वशाखामा निवास गर र भोलिको निमित्त म तिमीलाई निम्ता चढाउँदछु भन्दै बिल्वनिमन्त्रण दिनुपर्दछ ।

नवदुर्गा आराधनाको रहस्य

देवताको स्वरूप र उपासना वास्तवमा प्रतीकात्मक हुने गर्छ । प्रकृतमा भगवती दुर्गा त प्राणीमात्रमा रहने चेतना, चेतनमात्रमा हुने शक्ति, त्यसबाट आर्जन हुने समृद्धि, त्यसको सदुपयोगबाट प्राप्त हुने सुखशान्तिको कल्पित मूर्त्त प्रतीक हुन् । दुर्गाले दुर्गम दानवको वध गरेर दुर्गलाई छिन्न-भिन्न बनाइन् । दुर्गम कठिनाइ, दुरुहताको बोधक शब्द हो । दुर्गा दुर्गाकै उपासनाबाट शक्ति, समृद्धि, विद्या, सुख-शान्ति सम्पूर्ण वस्तु उपलब्ध हुन्छन् ।

नवदुर्गा आराधनाजन्य विशिष्ट प्राप्ति

शारदीय पूजामा दुर्गाको उपर्युक्त उद्बोधन गर्दा रामको अनुग्रह र रावणका वधको उल्लेख गर्दा पनि त अभिमान, अन्याय, अत्याचारको विनाश र धर्म एवं मर्यादाको स्थापना हुने प्रयोजन देखाइएको तथ्य स्पष्ट छ । शत्रुविनाशका लागि दुर्गाको उपासना गरिन्छ । मानवमात्रका सबभन्दा भयानक शत्रु त उसका अन्तरमा बसेर गडबडी मचाइरहने काम-क्रोध-लोभ, मोह, मद, मात्सर्य, अभिमान, असूया जस्ता आसुरी वस्तुहरू हुन् - जो सधैं पाप-कर्म गर्न प्रोत्साहित र प्रेरित गरिरहन्छन् । यिनको नाश नगरी सफलता असम्भव छ । यी सबै कुरा भगवती दुर्गाकै उपासनाबाट मात्र सम्भव छ ।

दुर्गा उद्‌बोधनको रहस्य

फेरि दुर्गाको उद्बोधन पनि त प्रतीकात्मक नै हो । नत्र दुर्गा भवानीको निद्रा के उनको ब्युँझनु के । तैपनि जीवनमा सफलता, सुख-समृद्धि, शान्ति

पाउनका लागि आफूभित्र रहेको शक्तिं (सामर्थ्य)लाई ब्युँझाउनु सर्वप्रथम अत्यावश्यक हुन्छ । शक्ति त प्रायः सबै विकसित व्यक्तिमा सामान्यतया रहेकै हुन्छ, तर पहिले त्यो सुप्त अवस्थामा हुन्छ । कहिलेकहीं मानव आफैलाई आफूभित्र रहेको शक्तिको बोधै हुँदैन । त्यसलाई आफै थाहा पाउनु र त्यसलाई असल प्रयोजनका लागि उद्‌बुद्ध गराउनु आवश्यक छ । त्यही उद्बोधन उक्त दुर्गा उद्बोधनको रहस्य हो ।

चण्डिकाको अधिवासन

कर्मकाण्डका दृष्टिले त्यही आश्विन शुक्ल षष्ठीका दिन साँझ असल मुहूर्त हेरेर चण्डिकाको अधिवासन गरिन्छ । अत्यन्त सुगन्धित तेल, जाति जातिका अत्तरहरू, विभिन्न सुगन्धित फूलहरू र उपलब्ध हुने जति सबै प्रकारका मङ्गलदायक वस्तुहरू लगेर दुर्गा देवीलाई समर्पित गर्नुपर्दछ । भूत-प्रेतलाई बलि पनि दिनु आवश्यक हुन्छ त्यसबेला । गीत, बजा-गाजा, नृत्य-सङ्गीत, नमस्कार, रात्रि -जागरण, स्तुतिवचन, पूजा, मन्त्रपाठ, यी सबै वस्तुहरू देवीमा समर्पित गरेर अधिवासन कर्म गर्नु शास्त्रीय विधि हो ।

अधिवासन गर्ने शास्त्रीय वचन हो - **षष्ठ्यां सायं प्रकुर्वीत विल्ववृक्षेऽधिवासनम् ।** षष्ठी जुन दि़न साँझ पख उपलब्ध हुन्छ, अधिवासन त्यसै दिन गर्नुपर्दछ। उपर्युक्त देवीको उंद्बोधन कर्म यौटामा मात्र होइन, अनेकौं तन्त्रहरूमा अनिवार्य रूपमा गर्नुपर्ने विधान उल्लिखित छ । त्यसकारण यो कर्म अत्यन्त आवश्यक छ। तर सर्वत्र बेलकै रूख उपलब्ध नहुन पनि सक्तछ, यस्तो परिस्थितिमा बेलको यौटा हाँगा ल्याएर पवित्र पीठमा राखी उद्बोधन र अधिवासन गरे पनि हुनसक्छ । तर पाएसम्म वृक्ष भएकै ठाउँमा जानु अत्यन्त आवश्यक छ । यही शास्त्रीय विधि हो । बेलको हाँगोमा उद्बोधन गर्नु त केवल विधि पुऱ्याउन नसकिने परिस्थितिमा विधि पुऱ्याउनु हो ।

अब षष्ठीका दिन बेलका रूखमा विभिन्न पूजासामग्री र मङ्गलदायक वस्तु लिएर गई त्यसमा देवीको आवाहन गर्ने, उद्बोधन वा अधिवासन गर्ने

सकिएपछि भोलिपल्ट सप्तमीका दिन यसका निमित्त दशैंका विशेष विधानहरूको प्रारम्भ हुन्छ ।

आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म नौ दिन शारदीय पूजनका निमित्त ज्यादै महत्त्वपूर्ण समय मानिन्छन् । त्यसमा पनि यी सप्तमी, अष्टमी र नवमी चाहिँ झन् विशेष महत्त्वका भएका हुँदा यिनीहरूलाई महातिथि भन्दछन् । जस्तै महासप्तमी, महाअष्टमी र महानवमी ।

बिल्व अर्चना

सप्तमीका दिन घरका मूली अथवा दुर्गापूजन गर्ने व्रत लिएका व्यक्तिले प्रातः उषाकालमा चाँडै उठेर आफ्नो नित्य क्रिया पहिले सिध्याउने, अनि षष्ठीका दिन देवीको उद्बोधन वा अधिवासन गरेको बेलका रूखमा गई यसको लागि निर्धारित विशेष मन्त्र पढी दुइवटा बेलका फल लागेका हाँगा काटी हातमा लिएर – 'हे श्रीफल वृक्ष ! तिमी भगवती अम्बिकाका ज्यादै प्यारो फल हौ, तिमी अब मसँग हिंड, तिमीलाई म दुर्गाको स्वरूपमा पूजा गर्दछु ।' भन्ने अर्थ भएको मन्त्र पढेर त्यसपछि 'हे अम्बिका भगवती – तपाइँ यस बेलका हाँगामा विराजमान भएर संसारका कल्याणका लागि मसँग हिंड्नोस्, म यसैमा तपाइँको यथाशक्ति पूजा गर्दछु ।' भन्ने निवेदन गर्दै त्यस बेलका हाँगाका साथै अरू आठ पाती समेत नवै किसिमका फूलपाती आफ्ना घरमा आदरसाथ ल्याएर पहिले बाहिर आँगनमा ल्याउनु, त्यो ल्याउँदा नाना किसिमका उत्सव गर्ने, गीत, बाजा-गाजा बजाउने, जय-जयकार गर्ने र बडो श्रद्धाका साथ फूलपातीमा भगवती अम्बिकालाई आफ्नो घरमा भित्र्याउने काम गर्नुपर्दछ ।

फूलपाती

फूलपातीमा जम्मा नौ किसिमका पत्रिकाहरूको प्रयोग हुन्छ । जस्तै –

रम्भा, कच्ची, हरिद्रा च जयन्ती, विल्वदाडिमौ ।
अशोको मानकश्चैव धान्यानि नव पत्रिकाः ।।

केरा, कचूर, हलेदो, जयन्ती, बेल, दाडीम, अशोक, मानेझार (मानेकचूर)

र धानका बाला यी नौ पत्रिका नै फूलपाती मानिन्छन् ।

यी नौ फूलपातीका पनि आ–आफ्ना अधिष्ठात्री देवताहरू छन् – केराका पातका अधिष्ठात्री ब्रह्माणी वा ब्रह्मायणी अथवा ब्राह्मी शक्ति हुन्, कच्ची - कचूरकी कालिका, हलेदोकी दुर्गा, जयन्तीकी – कार्त्तिकी, बेलकी शिवा, दाडीमकी रक्तदन्तिका, अशोककी शोकरहिता, मानेकचूरकी चामुण्डा र धानकी लक्ष्मी हुन् ।

यसैले उपर्युक्त नौ पत्रिका फूलपातीहरूमा प्रत्येकमा बेग्लाबेग्लै अधिष्ठात्री देवताको आवाहन र अर्चना विशेष मन्त्रहरू पढेर गर्नु वा गराउनु पर्दछ। यिनीहरूमा पनि ब्रह्माणीले शान्ति, कालिकाले शत्रुनाश, दुर्गाले दुःख विनाश, जयन्तीले विजय, शिवाले सर्वकल्याण, रक्तदन्तिकाले सौन्दर्य, शोकरहिताले शोकनाश, चामुण्डाले कष्टनाश र लक्ष्मीले समृद्धि दिने हुँदा नौ पत्रिका फूलपातीको पूजन, तिनीहरूमा तिनका अधिष्ठात्री देवताहरूको आराधनाले मानवजीवन सुखी, शान्त, समृद्ध र निर्विघ्न बन्दछ । यही फूलपातीको रहस्य हो ।

नेपालमा फूलपाती

नेपालमा पनि फूलपाती भित्र्याउने राजादेखि प्रजासम्म सबैको परम्परा छ । सबैले आश्विन शुक्ल सप्तमीका दिन फूलपाती आ–आफ्नो आँगनमा पहिले राखेर पछि बडो उत्सवका साथ पूजाकोठामा भित्र्याई माथिका विधिले देवीहरूको आवाहन पूजन गर्ने गर्छन् । राजाले पनि गोरखाबाट फूलपाती ल्याएर बडो राष्ट्रिय उत्सवका साथ हर्ष बढाईं गर्दै हनुमानढोका दशैं घरमा भित्र्याइन्छ । राजा स्वयं आफ्ना परिवारका साथ फूलपातीको दर्शन गरी त्यसमा सहभागी होइबक्सन्छ ।

टुँडिखेलमा हर्ष बढाईं पनि सैनिक उत्सवका साथ गरिन्छ । त्यसैगरी नुवाकोटबाट ल्याइएको फूलपाती पनि काठमाडौंका नुवाकोट भैरवीका मन्दिरमा भित्र्याइन्छ, त्यो पनि राजसी उत्सवका साथ हुन्छ । उच्च ओहदाका कर्मचारीहरू र सैनिकहरूले पनि यसमा भाग लिन्छन् । यसरी दशैंका अतिविशिष्ट पर्व

सप्तमीका दिन फूलपाती भित्र्याए पछि प्रारम्भ हुन्छ ।

महाष्टमीमा दुर्गा र उग्रचण्डाको आराधना

दशैंको अष्टमी महाअष्टमी भनिन्छ । पूजाका दृष्टिले यस दिनको विशेष महत्त्व छ । यस दिन देवी – भवानीका मन्दिरहरूमा विशेष पूजा आराधना दर्शन हुन्छ । अत्यन्त भीड लाग्ने गर्दछ । पशुबलि पनि यस दिन खुब दिइने गरिन्छ ।

अष्टमीका दिन पहिले त पहिलेका दिनहरूमा गरेजस्तै भवानीको पूजा, जमरा पूजा आदि गरिन्छ, तर विशेषहरूमा उग्रचण्डाको आराधना गरिन्छ ।

उग्रचण्डा तु भयदा मध्याह्नार्कसमप्रभा ।
सा मे सदाऽस्तु वरदा तस्यै नित्यं नमो नमः ।।

यस मन्त्रले उग्रचण्डाको अर्चना गरिसकेपछि – अरू पनि प्रचण्डा, चण्डोग्रा, चण्डनायिका, चण्डा, चण्डवती, चण्डरूपा र अतिचण्डिका र महोग्रचण्डाको पनि विशेष मन्त्रहरूद्वारा यहाँ पूजन हुन्छ । यी आठ शक्तिहरू देवी दुर्गाका परिवार हुन् । दुर्गाको पूजा यी आठ शक्तिहरूको पूजनका साथ भएमा नै शक्तिसम्पन्न र फलदायी हुन्छ भन्ने शास्त्रको वचन छ ।

चौसट्ठी योगिनीहरूको आराधना

त्यसैगरी चौसट्ठी योगिनीहरूको पनि त्यहाँ पूजा हुन्छ । ब्रह्माणी, चण्डिका, रौद्री, गौरी, इन्द्राणी आदि चौसट्ठी योगिनी शक्तिहरूको सकिन्छ भने प्रत्येकको नाम लिंदै पूजा गर्ने नसके ब्रह्माणी आदि चौसट्ठी योगनीहरूलाई म पूजा गर्दछु, रक्षा गर्नोस् भनेर एकै वचनले पनि पूजा गर्न सकिन्छ ।

नवदुर्गाको आराधना

त्यसपछि फेरि ब्रह्माणी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, नारसिंही, इन्द्राणी, चामुण्डा र कात्यायनी यी नौ दुर्गाहरूको पनि अर्चना त्यहाँ हुन्छ ।

शस्त्रास्त्र पूजन

अष्टमीका दिनै विशेषरूपमा नौ दुर्गाका अस्त्रशस्त्रको पूजा गर्ने विधान छ। त्यसै क्रममा आ–आफ्ना घरमा भएका हतियारहरू खुकुरी, खूँडा, कर्ध, हँसियाको पनि पूजा गरिन्छ । अस्त्रको पूजा गरेर विपत्ति परेका बेला, कसैले आक्रमण गर्दा, कसैको शत्रुको प्रतीकार गर्नुपर्दा ती अस्त्रहरू शक्तिशाली भएर आफ्नो रक्षा गर्न सक्ने हुन्छन् । तर अरूलाई मार्न काट्न, दुःख दिन, आफ्नो स्वार्थका लागि अस्त्र शस्त्रको प्रयोग गर्नु वाञ्छनीय हुँदैन । हुन त पहिले त्यसले केही आफूलाई फाइदा पनि देला, तर परिणाम यसको आफैले भोग्नु पर्दछ । वस्तुतः शक्ति प्राप्ति, आत्म रक्षा र अरूको रक्षाका लागि हुन्छ, अरूलाई विनाश गर्नेले आफ्नै विनाशको निम्तो गर्दछ यसमा शंका छैन ।

देवीगणको पूजन

अस्त्र–शस्त्रको पूजापछि देवीका गणहरू, वाहन सिंह, महिषासुरको पनि पूजा गरिन्छ । असिताङ्ग, रुरु, चण्ड, क्रोध, उन्मत्त, आनन्द, कपाली, भीषण र संहारी यी नौ भैरवहरू एवं इन्द्र, अग्नि, यम, निर्ऋति, वरुण, वायु, सोम यी आठ दिक्पालको पूजा, यिनका आयुध (हतियार) र वाहनको पूजा अष्टमीको विशेष विधान हुन् ।

कालरात्रि पूजन र पशुबलि

अष्टमीका दिन कालरात्रिको पनि विधान छ । कालरात्रि गर्दा अष्टमी र नवमीका सन्धिकालमा अष्टमी जाँदो नवमी लाग्दो बेला चामुण्डाको पूजा हुन्छ। त्यसबेला विशेष पशुबलिको विधान छ। यस समयमा राँगो, बोका आदि पशुबलि दिइने शास्त्रीय विधान र परम्परा छ । नेपालमा पनि काठमाडौं, ललितपुर, भक्तपुरमा र अन्यत्र पनि तुलजाको मन्दिर भएका स्थानहरूमा कालरात्रि हुन्छ र पशुयज्ञ पनि हुन्छ । त्यतिमात्र के घरघरै अष्टमीका दिन राती नभए पनि भवानी स्थापना गरिएका ठाउँमा पशुबलि दिने विशेष परम्परा हुन्छ । जसको परम्परामा मारकाट हुँदैन, मासु चल्दैन, त्यहाँ पनि प्रतीक वा अनुकल्पका रूपमा कुभिण्डो,

ऊखु, घिरौंला काटेर पशुका रूपमा र पायस (खीर) को पनि बलि दिने गरिन्छ।

बलिका विषयमा हामी विशेष गरेर आगामी दिनहरूमा केही चर्चा गर्नेछौं। पशुहरूलाई काट्ने मार्ने, तिनीहरूको रगत भगवतीलाई चढाउने यो काम कोही राम्रो मान्दैनन् । भगवती त जगत्‌की माता, पशुकी पनि माता, माताले आफ्नै सन्तान पशुको बलि रुचाउलिन् त भन्ने पनि आशङ्का र प्रश्न पनि प्रायः उठ्ने गर्दछ । प्रत्यक्ष राँगो, बोका, कुखुरा, हाँस काटेर रगत देवीलाई चढाउने पनि नेपालमै जति पनि छन् । वस्तुतः शास्त्रको दृष्टि के हो ? यो हुन्छ कि हुँदैन, के पशुबलिबाट देवी प्रसन्न हुन्छिन् त भन्ने प्रश्न स्वाभाविक हो। यस विषयमा छुट्टै विचार हुनु जरुरी छ, हुने नै छ ।

बलिदान तान्त्रिक दृष्टिमा

बलिदानको अभिप्राय

'बलिदान' यो यौटा संस्कृत शब्द हो । संस्कृतमा 'बल' शब्दको अर्थ 'दिनु' भन्ने हुन्छ । त्यसैले 'बलि' शब्दको अर्थ दिइने पदार्थ हो । राजाले राष्ट्रबाट लिने भाग पनि बलि नै हो । यस्तै पूजकले देवतालाई चढाउने पूजा-सामग्रीलाई पनि 'बलि' नै भन्दछन् ।

पञ्च महायज्ञ बलिवैश्व अन्तर्गतको भूतयज्ञ (प्राणीमात्रलाई दिइने वस्तु) पनि बलि नै हो । यसरी देवता, प्राणीहरूलाई र भूतप्रेतपिशाचादिलाई पनि तृप्त गराउन प्रदान गरिने वस्तु बलि हो र यसरी प्रदान गरिनु नै बलिदान हो । अनि यसका साथै देवतालाई रगत वा मासु चढाउन काटिने पशुलाई पनि बलि (पशुबलि) भनिन्छ र यसरी गरिने वध पनि बलिदान नै हो ।

सबैको स्पृहणीय विषय - बलि

'बलि' देवताहरू ज्यादै रुचाउने गर्दछन् । देवयोनि मात्र होइन, काल, दिशा, महिना, संवत्सर, ऋतु, पक्ष, अयन, दिन, रात, तिथि, प्रहर, संक्रान्तिसमेत पनि बलि चाहन्छन् । त्यतिमात्र होइन वनस्पति, ओषधि, लहरा, रूख, पहरा,पर्वत, स्थावर-जङ्गम सबै बलि नै चाहन्छन् । यसरी बलि देवता, समस्त प्राणी, स्थावर-जङ्गम आदि सबैलाई बलि ज्यादै प्यारो हुन्छ ।

बलिका भेद

बलि वैदिक र तान्त्रिक दुई प्रकारको हुन्छ । वैदिक बलि यज्ञहरूमा वैदिक मन्त्रद्वारा देवतालाई प्रदान गरिन्छ र तान्त्रिक बलि चाहिँ तान्त्रिक मन्त्रद्वारा पशुको वध गरेर तिनका रगत र मासुद्वारा देवतालाई तृप्त गराउन पूजाविशेषमा

प्रदान गरिन्छ । विभिन्न देवताका प्रिय हुने बलि पनि प्रायः बेग्लाबेग्लै हुने गर्दछ। महाकालसंहितामा कुलदेवताका निमित्त कुन बलिप्रिय हुन्छ भन्ने निर्देश व्यापकरूपमा गरिएको पाइन्छ । यही कुरा बृहत्पुरश्चर्यार्णव ग्रन्थमा पनि जस्ताको तस्तै उद्धृत गरिएको देखिन्छ ।

यज्ञार्थ पशुहरूको सृष्टि

पशुहरूको सृष्टि नै यज्ञका लागि गरिएको हो, त्यसैले यज्ञमा पशुबलि गर्नु शास्त्रसम्मत नै हुन्छ । पशु र बलि यो शब्द देवताका ज्यादै प्रिय छन्, यसैले देवताका रुचिअनुसार उनीहरूको सन्तोषका लागि पशुको बलि दिनु पर्दछ । खास गरी नैमित्तिक पूजा (कुनै खास पर्वमा गरिने पूजा)मा मात्र पशु बलि प्रायः गर्नुपर्दछ । बलि नदिई देवीले पूजा नै स्वीकार गर्दिनन् भन्ने कुराहरू खास गरी तन्त्रशास्त्रमा धेरै ठाउँमा वर्णन गरिएको पाइन्छ ।

बलिदानको उपादेयता

बलिदान गर्नाले आयु बढ्दछ, रोग शान्त हुन्छ, शत्रुमाथि विजय प्राप्त गरिन्छ, धन प्राप्त हुन्छ, सिद्धि पाइन्छ र स्वर्गप्राप्ति समेत हुन्छ र निष्काम भएर बलिप्रदान गरेमा मोक्षसमेत यसबाट प्राप्त हुन्छ भन्ने कुरा महाकालसंहितामा वर्णित छ ।

मननीय विषय - पशुबलि

यहाँ यौटा कुरा मननीय छ – बलि (पशुबलि) देवतालाई अर्पण गर्ने विशेष विधि पनि तन्त्रमा बताइएको छ । कुन बलि दिनु हुन्छ, कुन हुँदैन (निषिद्ध) छ; कसले बलि दिनु हुन्छ, कसका लागि प्रतिबन्धित छ, बलिप्रदान गर्ने विधि कुन हो आदि कुरा जानेरमात्र अधिकारी व्यक्तिले विधिपूर्वक प्रदान गरिएको पशुबलिले राम्रो र चाहेजस्तो फल दिने हुन्छ । निषिद्ध बलि वा विधि नपुऱ्याइकन बलि दिएमा अनिष्ट पनि हुनजाने कुरातर्फ सावधान हुनु आवश्यक छ ।

सात्त्विक आराधकका लागि अनुकल्प

वानप्रस्थ (घर छोडेर वैराग्य लिइकन ईश्वरसाधनामा निस्केको व्यक्ति),

ब्रह्मचारी, दयावान् गृहस्थ व्यक्ति, सात्त्विक पुरुष, ब्रह्मनिष्ठ पुरुषले पशुबलि नदिनु पनि भनिएको छ । सात्त्विक व्यक्तिले जीवहत्या गर्नु हुँदैन । त्यसकारण जो सात्त्विक पूजक छ त्यसले पशुबलिको प्रतिनिधिरूपले प्रतीकात्मक बलि दिनु पर्दछ । कुभिण्डो, ऊखु, वनैया फलफूल, खीर, चामलको पीठोलाई बलिका रूपमा समर्पण गर्नुपर्छ । यसैलाई अनुकल्प भनिन्छ ।

अनुकल्पको उदाहरणका रूपमा **कुभिण्डो** – राँगो, **काँक्रो** – बोका, **भण्टा** – कुखुरा, **लौका** – भेडो, **कटहर** – मानिस, **ऊखु** – माछो, **खीर** – हात्ती आदि प्रतीकात्मक बलि मानिन्छन् । त्यसैगरी मास अथवा जाउलो (खिचडी) को बलि=कृसर सबै किसिमका बलिको प्रतीक मानिएको छ ।

यज्ञमा गरिने पशुहिंसा हिंसा होइन

वास्तवमा तन्त्रशास्त्रले देवतालाई 'बलि चढाउनु' भनी विधान गरिएकोमा देवता पूजन यौटा यज्ञ नै हो, पशु यज्ञका लागि नै स्वयम्भू (विधाता) ले सृष्टि गरिएका हुन्, यसैकारणले यज्ञमा, जहाँ पशुबलिदानको विधान छ, त्यहाँ विधिपूर्वक पशुको वध वास्तविक वध होइन । देवताको खुसीका लागि र पशु स्वयंको पनि पशुत्व (पशुयोनि) को निवृत्तिका लागि हो भन्ने शास्त्रीय वचन पाइन्छ ।

यसैले पशुबलिदान गर्दा पशुको पूजा गरेर, उसको कानमा पशुगायत्री मन्त्रको उच्चारण गरीकन 'तिमीलाई यज्ञका निमित्त सृष्टि गरेका हुन् विधाताले, त्यसैले देवताको तृप्तिकालागि म तिम्रो वध गर्दछु' भन्ने वाक्य सुनाएर मात्र वध गरिन्छ र उसको रगत र मासु देवतालाई समर्पित गरिन्छ । यसबाट देवता तृप्त भएर असल फल प्रदान गर्दछन् भन्ने शास्त्रोक्ति छ ।

वैदिक र तान्त्रिक साहित्यमा पशुबलिको विधान

तन्त्रमा मात्र होइन, वेदमा पनि यज्ञमा पशुबलि दिनुपर्ने विधान विद्यमान छ । **'पशुना यजेत' 'श्येनेनाभिचरन् यजेत'** इत्यादि वैदिक निर्देशले पशुयागको विधान गरेका छन् । तन्त्रमा त पञ्चमकारले देवीपूजा गर्नुपर्ने स्पष्ट विधान छ । पञ्चमकारमध्ये मांस पनि एक हो । यसका लागि पशुबलि दिनै पर्ने हुन्छ ।

नेपालमा पशुबलि

नेपालमा शाक्तपीठहरूमा पशुबलि भएको जहाँ पनि देख्न पाइन्छ । मानिसहरू देवतालाई खुसी पारेर आफ्नो कामना सिद्ध गर्न बलि चढाउँदछन् । दशैंमा त झन् पशुबलि जतातत्तै भएको देखिन्छ । राजकीय पूजामा राँगो र बोकाको बलि नभै हुँदैन ।

अष्टमातृकाका नाचमा पनि देवताको स्वरूप लिएर नृत्य गर्ने धामीले प्रत्यक्ष रगत पिएको देख्न सकिन्छ । देवीमात्र होइन, गणेश र नटेश्वरलाई पनि पशुबलि दिएको पाइन्छ । दशैंको कालरात्रि पूजा (अष्टमीका दिन) र महानवमीका दिन त धेरै धेरै बलि दिनू भन्ने शास्त्रीय वचनै छ । पशुपतिमा समेत भैरवमूर्तिमा पशुबलि चढाइन्छ । वत्सलादेवी, भुवनेश्वरी, गुह्येश्वरीमा त पशुबलि भै नै रहन्छन्।

पशुबलिको तात्पर्य - पशुत्वबाट मुक्ति

सप्तशती चण्डी (देवीमाहात्म्य) मा भगवतीले महिषासुरलाई मार्नुभएको वर्णन छ । त्यसैको परम्परामा आज पनि देवीलाई राँगोको बलि दिइने गरिन्छ । अरू पशु पनि दानवकै प्रतीक हुन् । उनको संहार पनि देवीद्वारा भएको उल्लेखले पशुबलि दिइने गरिएको हो । यसबाट दानवबाट मानवले त्राण पाउने र पशु पनि पशुत्वबाट छुट्कारा पाउने यसको मूल आशय हो । पशुबलि प्रत्यक्ष नदिनेले पनि अनुकल्प बलि चढाएर पशुबलिकै भावमा देवीपूजन गर्दछन् । नित्यपूजामा पनि अनुकल्प बलि दिइने नै विधान छ ।

पशुबलिसम्बन्धमा शास्त्रीय निष्कर्ष

यो त भयो बलिको विधिसम्मत प्रयोगको कुरा, तर बलिप्रदान गर्नै नहुने, जीवहत्याबाट नरक जानुपर्ने, यस जन्ममा जसले पशुको हत्या गरेको छ त्यसको हत्या अर्को जन्ममा तिनै पशुले गर्नेछन् भन्ने वचन पनि पुराणहरूमा पाइन्छ । सम्पूर्ण जीव विष्णुस्वरूप नै हुन्, एकले अर्को हत्या गर्नु भनेको स्वयं आफैले आफ्नो पतन गराउनु हो, यसबाट जय होइन नरकको वास हुन्छ भन्ने वचन पाद्मोत्तरखण्डको छ ।

स्वयं पार्वतीले 'म मेरो यौटा सन्तानले मेरै अर्को सन्तानको हत्या गरेर त्यसको रगत मासु मलाई नै चढाएको कसरी हेर्न सक्छु ? कसरी त्यसको कल्याण हुन्छ ? भन्नुभएको छ भन्ने त्यहीं अर्को वचन पनि छ । फेरि **'मा हिंस्यात् सर्वा भूतानि'**, **'अहिंसा परमो धर्म'** आदि श्रुतिस्मृतिहरूका वचनले पनि पशुहिंसाको निषेध गर्दछन् । यसको पनि विचार प्रशस्त पाइन्छ ।

विद्वान्हरूका विचारमा - वेद र तन्त्रमा यज्ञ र पूजामा जहाँ शास्त्र स्वयंले पशुहिंसाको विधान गरेको छ त्यहाँमात्र शास्त्रीय वचनअनुसार विधिपूर्वक पशुहिंसा गरिएकोमा त्यो हिंसा हिंसा हुँदैन, अन्यत्र अन्यथा भएको पशुहिंसा हिंसा मानिन्छ र त्यसले मानवको कल्याण होइन अनिष्ट गर्दछ । यसैले **'याज्ञिकी वा वैदिकी हिंसा हिंसा न भवति'**, **'तस्माद् यज्ञे वधोऽवधः'** भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

मासु खाने कुरा पनि शास्त्रानुसार बलि चढाएर भगवतीको प्रसादका रूपमा खाएको मासुले दोष लाग्दैन त्यो पनि मासु खानेले मात्र । नत्र आफ्नो इच्छाले जहान गनेर किनेर ल्याएको मासु खानाले र खाने उद्देश्यले मात्र देवताको पूजा शास्त्रवचन बेगर सम्पन्न गरेर मासु खाँदा पाप लाग्दछ र त्यसको भोग मासु खानेले भोग्नै पर्दछ ।

वस्तुतः देवता परब्रह्म परमात्मतत्त्व भएको र सम्पूर्ण स्थावरजङ्गम ईश्वरकै अंश भएको मात्र होइन कि जगत् नै ईश्वरको विराट् विग्रह भएकोले ईश्वरको पूजा सात्त्विकरूपमा सात्त्विक उपचारले नै गर्नु सर्वथा उचित छ । तैपनि आफ्नो श्रद्धा, परम्परा, अधिकार अनुरूप कसैले देवपूजाकै निमित्त पशुबलि गर्दछ भने शास्त्रीय निर्देश अनुसार शास्त्रानुसार नै विधिपूर्वक गर्नुपर्दछ, अन्यथा होइन, हुँदै होइन यो अन्तिम निष्कर्ष हो । तत्सत् ।

(बलिदान सम्बन्धमा साङ्गोपाङ्ग विवेचन यौटा सानो लेखमा सम्भव छैन । बलिप्रकार, विधि, फल आदि शास्त्रीय निर्देश बुझ्न र जान्न खोज्नेले तन्त्रमा दुर्गोत्सव प्रसङ्गको अध्ययन गर्न अनुरोध गरिन्छ । - लेखक)

लक्ष्मीपूजन र तिहार

दशौं महाविद्या - लक्ष्मी

महाविद्या-परम्परामा लक्ष्मी

महाविद्याहरू दशवटा छन् – काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, बगलामुखी, मातङ्गी र कमला । यी दश महाविद्यारूमा दशौं महाविद्या कमला नै लक्ष्मी हुन् । लक्ष्मी धन, सुख, समृद्धि, ऐश्वर्य, वैभवकी देवी हुन् । यिनैका अन्य नामहरू पद्मालया, पद्मा, कमला, श्री, हरिप्रिया, इन्दिरा, लोकमाता, मा, क्षीराब्धितनया, जलधिजा आदि पनि हुन् ।

लक्ष्मीपूजाका विशेष पर्वहरू

हरेक वर्ष तीनवटा विशेष पर्वहरूमा लक्ष्मीपूजन गर्ने शास्त्रीय विधान र लोकपरम्परा पाइन्छ । (१) महालक्ष्मीपूजन (षोडशलक्ष्मीपूजा), (२) कोजाग्रत लक्ष्मीपूजा र (३) दीपमालिका (दीपावली) लक्ष्मीपूजन ।

१) महालक्ष्मी पूजा

महालक्ष्मीपूजन, जसलाई षोडशलक्ष्मीपूजा पनि भन्दछन्, भाद्रशुक्ल अष्टमीदेखि शुरु हुन्छ र आश्विन कृष्ण अष्टमीको दिन समापन हुन्छ । यसरी जम्मा सोह्र दिन यो पूजा गरिन्छ । यो ज्यादै उत्तम पूजा हो । यसमा पहिलो दिन भाद्र शुक्ल अष्टमी ज्येष्ठा नक्षत्र परेको दिन पूजा प्रारम्भ गरेर सोह्र दिनसम्म प्रतिदिन ब्रह्मचर्यमा रहेर, हविष्य खाएर, एक चित्त भएर भक्तिपूर्वक लक्ष्मीको पूजन गरिन्छ । यसै व्रतमा सोह्रवटा (रातो) धागोको सोह्रैवटा गाँठो पारेर धारण गरिन्छ –यसलाई अनन्त भन्दछन् । सोह्रौं दिन उद्यापन हुन्छ र चन्द्रपूजन हुन्छ ।

यसमा खास गरी श्री, लक्ष्मी, वरदा, विष्णुपत्नी, क्षीरसागरवासिनी,

हिरण्यरूपा, सुवर्णमालिनी, पद्मवासिनी, पद्मप्रिया, मुक्तालङ्कारिणी, सूर्या, चन्द्रानना, विश्वमूर्ति, मुक्ति, मुक्तिदात्री, ऋद्धि, समृद्धि, तुष्टि, पुष्टि, धनेश्वरी, श्रद्धा, भोगिनी, भोगदा र धात्री – यी नामहरूले लक्ष्मीको विधिपूर्वक पूजा गरिन्छ ।

यो पूजा सोह्र वर्षसम्म नटुटाईकन गरेर सोह्रवर्ष पुगेपछि विधिपूर्वक उद्यापन गर्ने व्यक्तिलाई वैभवको कदापि कमी हुँदैन, उसको घरमा लक्ष्मी सदा स्थिर हुन्छिन् भन्ने शास्त्रको निर्देश छ । यो बडो प्रत्यक्ष व्रत हो ।

२) कोजाग्रत लक्ष्मीप्रजा

कोजाग्रत लक्ष्मीपूजन आश्विन शुक्ल पूर्णिमाको दिन हुन्छ । यस दिन आफ्नो घर–आँगन सिंगारेर, दिनभर व्रत गरेर राती लक्ष्मीपूजन गरिन्छ र पछि जाग्राम बसेर लक्ष्मीको नाम कीर्तन गरिन्छ । यसमा नरिवलको पानी खाएर पासा खेल्नु भन्ने पनि शस्त्रीय निर्देश छ । ‘मेरो पूंजा गरेर रातभरि को जाग्राम बस्छ’ भनेर लक्ष्मीले राती हेर्न आउने हुँदा यस व्रतकै नाम ‘कोजाग्रत’ पर्न गएको हो ।

३) दीपमालिका लक्ष्मीपूजन

दीपमालिका लक्ष्मीपूजन कार्तिक कृष्ण अमावास्याको दिन हुन्छ। यसलाई सुखरात्रि पूजा अथवा सुखसुप्तिका पूजा पनि भन्दछन् । यस दिन राती घरघरै बत्ती बालिन्छ, दिनभरि व्रत गरेर सायंकालमा आफ्नो घर–आँगन बत्तीले झकिझकाऊ पारेर लक्ष्मीको पाऊको छाप मूलढोकाबाट लगाउँदै ल्याई लक्ष्मीपूजन गर्ने कोठासम्म (ढुकुटीसम्म) पुऱ्याइन्छ । प्रदोषकालमा साँझ लक्ष्मीपूजन हुन्छ । भोकालाई अन्नदान गरिन्छ, केटाकेटीलाई खेलौनाहरू दिएर खुसी तुल्याइन्छ । ठूला व्यक्तिहरू पनि यस दिन खेलवाड गर्दछन् ।

यसै दिन गृहस्थहरू घर-घरै र व्यापारीहरू विशेष गरी पसल सिंगार्दछन् । बत्तीको विशेष प्रयोग हुन्छ । धान, माना, पाथी, तराजू, ढक आदि र रूपैयाँ पैसाको पनि यस दिन पूजा–अर्चना गरिन्छ । साथै लक्ष्मीका गणका रूपमा कुवेर, ख्याक आदिको पनि अर्चना हुन्छ ।

शक्तिपूजाका विशेष पर्वरात्रिहरू

शक्तिपूजाका निमित्त विशिष्ट मानिएका विशेष रात्रिहरूको उल्लेख तन्त्रग्रन्थहरूमा पाइन्छ । यिनीहरूमध्ये केही हुन् – वीररात्रि, महारात्रि, कालरात्रि, मोहरात्रि, घोररात्रि, क्रोधरात्रि, अचलारात्रि शिवरात्रि, दिव्यरात्रि, दारुणरात्रि, सुखरात्रि आदि । यिनीहरूका अतिरिक्त पनि देवीरात्रि, गणेशरात्रि, सिद्धिरात्रि, वाणरात्रि, कृष्णरात्रि, धर्मरात्रि, विष्णुरात्रि आदि पनि छन् । तर उपर्युक्त रात्रिहरूमध्ये वीररात्रि, महारात्रि, कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि विशेष महत्त्वका पर्वरात्रिहरू हुन् ।

पर्वरात्रिका विशेषता

उपर्युक्त पर्वरात्रिका आफ्नै विशेषताहरू छन् । जसले गर्दा यिनीहरू शक्तिपूजनका लागि विशेष ग्राह्य मानिन्छन् । तीमध्ये केही निम्नानुसार रहेका छन्।

वीररात्रि

कुलनक्षत्र – भरणी, रोहिणी, आर्द्रा, पुष्य, मघा, चित्रा, ज्येष्ठा, उत्तरफाल्गुनी, पूर्वाषाढा, विशाखा, श्रवण, उत्तराभाद्रा । कुलवार – मंगलवार, शुक्रवार एवं कुलतिथि– २, ४, ६,८, १०, १२, १४ हरूले युक्त रात्रि वीर रात्रि हुन्छ । यो रात्रि कौलिकहरूका लागि शक्तिपूजाका निमित्त ज्यादै नै उपयुक्त मानिन्छ । आश्विन शुक्ल अष्टमीको रात्रि महारात्रि ज्यादै ठूलो पर्वरात्रि हो भन्ने कुरा सबै हिन्दूहरूमा विदित छ । यस दिन राती घर–घरै शक्तिपूजा विशेष बलिहरूका साथ सम्पन्न हुन्छ ।

अब यही कार्तिक कृष्ण औंसीको रात – यसलाई सुखरात्रि भनिन्छ, यसमा लक्ष्मीपूजन दीपावलीका साथ विशेष उल्लास र उमंगका साथ सम्पन्न गरिन्छ भने यस रात्रिलाई कालरात्रि पनि भनिन्छ । यसै दिन राती कुलदीक्षा लिएका तान्त्रिकहरू आ–आफ्ना इष्टदेवताको दीपाराधनका साथ नैमित्तिक पूजन गर्दछन् । खास गरी काली र ताराको निमित्त यो ज्यादै प्रिय पर्वरात मानिन्छ ।

मोहरात्रि

भाद्र कृष्ण अष्टमी जसलाई कृष्णाष्टमी पनि भनिन्छ, त्यस दिनको रातलाई

मोहरात्रि भनिन्छ, यस दिन राती कालीले स्त्रीरूप छोडेर पुरुषको रूप लिएकाले यिनको खास नैमित्तिक पूजा हुन्छ र साथै कंसका हातबाट फुत्केर गएकी भगवती योगमाया जसलाई विन्ध्यवासिनी पनि भन्दछन् यिनको पनि यसै दिन विशेषपूजन हुने परम्परा छ ।

क्रोधरात्रि

चैत्र शुक्ल नवमीको रात्रि क्रोधरात्रि हो - यो पनि ज्यादै विशिष्ट रात्रि मानिन्छ- तन्त्रपूजनका लागि ।

घोररात्रि

मार्गकृष्ण अष्टमीको रात घोररात्रि, यस दिन राती महाकाल भैरवको विशेष पूजन हुन्छ ।

अचलारात्रि

फागुन कृष्ण एकादशीको रात शुक्रवार वा मंगलवार परेमा अचलारात्रि भनिन्छ । यस दिन राती महालक्ष्मीको विशेष अर्चना गर्नुपर्ने विधान तन्त्रशास्त्रमा पाइन्छ ।

शिवरात्रि

फागुन कृष्ण चतुर्दशीको रात - शिवरात्रि शिवपूजनका लागि ज्यादै ठूलो पर्वरात्रि कुनै हिन्दू धर्मानुयायीबाट अपरिचित छैन । यस दिन राती शिवपूजनमात्र होइन शक्तिदीक्षा लिएकाले आ-आफ्ना इष्टदेवताको पूजा विशेष विधि-विधानपूर्वक गर्दछन् । किनभने शिवपूजा नगरी शक्तिपूजा गर्नै हुन्न र फेरि शिव र शक्ति यौटै तत्त्व हो पृथक् होइन ।

सिद्धिरात्रि

चैत महिनाको अष्टमीको दिन संक्रान्ति पर्‍यो भने सिद्धिरात्रि वा दिव्यरात्रि भनिन्छ । यस दिन राती काली वा ताराको विशेष नैमित्तिक पूजा दीक्षितहरूले गर्दछन् । यस्तै अन्य पर्वरात्रिहरूका पनि आ-आफ्ना विशेषताहरू छन् ।

लक्ष्मीका विविध रूप

हुन त लक्ष्मी परब्रह्म परमात्मा हुन् तापनि भक्तहरू विभिन्न रूपमा उनको उपासना आफ्ना इष्टसिद्धिका लागि गर्दछन् । जस्तै – सौभाग्यलक्ष्मी, कमला, श्री, महालक्ष्मी, राज्यलक्ष्मी, साम्राज्यलक्ष्मी, त्रिशक्तिलक्ष्मी आदि ।

प्राचीनकालमा भगवान् श्रीकृष्णका वामांशबाट ज्यादै सुन्दरी भगवती देवी प्रकट भइन् । यिनै देवी लीलावशात् यौटीबाट दुइटी बनिन् । यौटी दुई हात भएकी राधा बनेर शक्ति र अर्की चार हात भएकी महालक्ष्मी विष्णुकी शक्ति । महालक्ष्मीका पनि विभिन्न स्वरूपमा उपासना हुन्छ । वैकुण्ठमा परिपूर्ण, शुद्ध सत्ता प्रधान, सर्वसौभाग्य युक्त महालक्ष्मी छिन् भने स्वर्गमा देवराज इन्द्रको ऐश्वर्य स्वरूप स्वर्गलक्ष्मी छिन् ।

पाताल र मर्त्यलोकमा राजाहरूकी राज्यलक्ष्मी छिन् र गृहस्थहरूकी गृहिणी स्वरूप गृहलक्ष्मी छिन् । यस्तै गाई पनि लक्ष्मीकै स्वरूप हुन् । यज्ञमा दक्षिणा,पद्मिनीहरूमा श्री, चन्द्रमामा शोभा एवं गहना, मणि–माणिक्य रत्न, राजा–रानी, फल, जल, गृह, धान, वस्त्र, दिव्यनारी, राम्रो स्थान, संस्कृत भाषा, प्रतिमा, मङ्गलघडा, दूध, चन्दन, रूखका हाँगा, नयाँ बादल आदि शोभायुक्त पदार्थहरू लक्ष्मीकै अंश मानिन्छन् ।

लक्ष्मीको निवासभूमि

जुन घरमा गृहिणी हँसिली, झगडा नगर्ने, धेरै नबोल्ने छिन्, जहाँ सेता परेवा पालिन्छन्, जो मीठो बोल्छ, गुरुजनको सेवा गर्दछ, थोरै बोल्छ, दीर्घसूत्री अल्छी छैन, धर्मात्मा, जितेन्द्रिय छ, विद्या–विनीत छ, परोपकारी र जनानुरागी छ लक्ष्मी उसकहाँ बास गर्छिन् । धेरै बेर स्नान गर्ने, चाँडो खाने, फूल पाउनासाथ सुँघी नहाल्ने, नग्न स्त्रीलाई नहेर्ने व्यक्ति लक्ष्मीको प्रिय हुन्छ । त्याग, सत्य र शौच (पवित्रता) लक्ष्मीलाई मन पर्छ ।

छोटकरीमा दैवीगुणहरू जसको अवलम्बनबाट आफ्नो मात्र होइन अरूको पनि कुभलो हुँदैन, कल्याण हुन्छ तिनीहरूलाई अपनाउने व्यक्ति लक्ष्मीका प्रिय हुन्छन्, सुखी–समृद्ध र ऐश्वर्यवान् हुन्छन् । आसुरी गुणहरू जसले अर्काको अकल्याण गर्दछ, तिनका अवलम्बन गर्ने व्यक्तिलाई लक्ष्मीले छोडिदिन्छिन् ।

लक्ष्मीले छोडेपछि दुःख, विपत्ति, दुर्भाग्य, रोग, शोक, बुभुक्षाका ओइरो लाग्छन् र अन्तमा उसको विनाश हुन्छ ।

तिहारका सन्दर्भमा विशेष विधान

कार्तिक कृष्ण त्रयोदशीदेखि तिहार शुरु हुन्छ र कार्तिक शुक्ल द्वितीयाको दिन भाइटीका गरेपछि यो उत्सव समाप्त हुन्छ । यी पाँच दिनलाई पञ्चक वा यमपञ्चक भन्दछन् । यी दिनहरूमा पाँचै दिन विभिन्न कर्महरू गर्ने शास्त्रको विधान छ । जस्तै –

पहिलो दिन कार्तिक कृष्ण त्रयोदशी

यस दिन बिहान कागलाई बलि अर्थात् भात वा अन्य खानेकुरा दिइन्छ। बेलुका यमराजलाई दीपदान गरिन्छ । यसै दिनलाई धन त्रयोदशी पनि भन्दछन्। गृहस्थहरू यसै दिन गृहस्थीको निमित्त उपयोगी कुनै न कुनै नयाँ भाँडाकुँडा किन्दछन्।

दोस्रो दिन कार्तिक कृष्ण चतुर्दशी

यस दिनलाई नरक चतुर्दशी वा नरक फाल्ने चतुर्दशी भन्दछन् । यस दिन बिहान श्याब र सबल नाम भएका दुइवटा भाले कुकुरको पूजा गरेर तिनीहरूलाई भात वा अन्य खानेकुरा ख्वाइन्छ । यसै दिन अपमार्ग घुमाएर अभ्यङ्ग स्नान गरिन्छ। राती नरक फाल्ने काम गरिन्छ । यसै दिन पापनिवृत्ति, यश र बलको वृद्धि र नरकबाट त्राणका लागि मन्त्रपूर्वक मासको नयाँ पालुवा खाइन्छ ।

तेस्रो दिन कार्तिक कृष्ण औंसी

यस दिनलाई लक्ष्मीपूजा भनिन्छ । बिहान गाईको शरीरमा बेसार पीठा पानीमा मिलाएर फूलले छाप लगाइन्छ, पूजा गरिन्छ र गाईलाई खानेकुरा ख्वाइन्छ। साँझपख गृहस्थहरू आफ्ना घर, पसल, कार्यालय सिंगार्दछन् । बत्तीको माला, बिजुलीले झकिझकाऊ पार्दछन् । लक्ष्मीपूजन हुन्छ । नयाँ नांग्लो, कूचो, माना-पाथी, ढक-तराजू आदि कमाई गर्ने साधनहरूको पूजा हुन्छ । मीठा-मीठा खानेकुरो खाएर प्रसन्न भएर मानिसहरू यस दिन ताश-पासा आदि खेल्दछन्।

चौथो दिन कार्तिक शुक्ल प्रतिपदा

यस दिन बिहान बैलको पूजा हुन्छ । गोवर्धन पर्वत भगवान् कृष्णले यसै

दिन उठाउनुभएकाले गोवर्धनपूजा र साथै कृष्णको पनि पूजा गरिन्छ । यस दिनलाई शास्त्रले द्यूतप्रतिपदा अर्थात् जूवा खेल्ने प्रतिपदा भनेको छ । महादेव र पार्वती यसैदिन जूवा खेलेका थिए ।

यस जूवामा पहिले पार्वतीले महादेवका सम्पूर्ण वस्तु बाघको छाला, त्रिशूल, नागमाला, चन्द्रमा समेत जितिदिएकी हुँदा महादेव खिन्न भएर घरबाट निस्केर गंगाका किनारमा बस्न गए । यो कुमारले देखेर महादेवका अनुमतिले उनी पार्वती समक्ष गए, जूवा खेले र महादेवले हारेका सबै चीज जिति ल्याए । तैपनि महादेव घर आएनन् ।

फेरि गणेशले आई पुनः पार्वतीका चीजबीच जिती आमालाई फर्काए । यसै दिनदेखि पासा खेल्ने चलन र यस दिन जित्यो भने वर्षभर जित हुन्छ र हार्‍यो भने वर्षभर हार हुन्छ भन्ने पुराणमा लेखिएको छ ।

यस दिन नेपालमा नेवारहरूमा ह्म–पूजा हुन्छ । साँझ घरको ठूलो व्यक्तिलाई घरका परिवारलाई पूजा गरेर सगुन दिने तोरण लगाइ दिने परम्परा छ । यसै दिन शंखधरले नेपाल संवत् चलाएकाले नेपाल संवत् अनुसार नयाँ वर्षको प्रारम्भ मानिन्छ ।

पाँचौं दिन कार्तिक शुक्ल द्वितीया

यस दिनलाई भ्रातृ द्वितीया, यमद्वितीया वा नेपाली भाषामा भाइटीका भन्दछन्। यसै दिन यमुनाले आफ्ना दाजू यमराजलाई आफ्ना घरमा पूजा सत्कार गरेकी हुँदा यस दिनको उक्त नाम पर्न गएको हो । यस दिन दीप, कलश, गणेशको पूजनका साथै मार्कण्डेय, बलि, व्यास, हनुमान्, विभीषण, कृपाचार्य, अश्वत्थामा र परशुराम यी अष्ट चिरञ्जीवीहरूको र यमराज एवं यमुनाको पूजा हुन्छ ।

त्यसपछि दाजु–भाइलाई बीचमा राखी दिदी–बहिनीहरूले तेल र पानीको धाराले बाँध्छन् । त्यसपछि दाजुभाइको रङ्गविरङ्गी टीकाहरू, दूबोको माला, गोदावरी, मखमली फूल आदिले पूजा हुन्छ । अंगप्रत्यङ्ग पूजा हुन्छ र ओखरं, कटुस, विमिरो खान दिइन्छ । अनि विभिन्न सेल, पुरी, मिठाई दिइन्छ । पछि भाइले दिदीको पूजा गरेर यथेष्ट दक्षिणा दिन्छन् । दाजुभाइको दीर्घायुको कामना गरिन्छ ।

यसरी पाँच दिनसम्म मनाइने यो तिहारको पर्व हिन्दूहरूको निमित्त ज्यादै विशिष्ट, मनोरम पर्व मानिन्छ ।

लक्ष्मीपूजा

प्रश्न - **भोलि लक्ष्मीपूजा छ । आज लक्ष्मीको विषयमा नै केही चर्चा गरौं क्यारे । लक्ष्मी कुन देवता हुन् ? यिनको स्वरूप कस्तो छ र किन यिनको पूजन गरिन्छ ? केही बताइदिनु हुन्छ कि ?**

उत्तर - हो, यो प्रश्न बडो सान्दर्भिक छ, विशेष गरेर भोली नै लक्ष्मीपूजा भएकोले । आज लक्ष्मीकै विषयमा चर्चा गरौं ।

लक्ष्मी शब्दको अर्थ हो - लक्षयति - पश्यति उद्योगिनमिति लक्ष्मी । अर्थात् - उद्योगी - उद्योग गर्ने, अल्छी नमानिकन आफ्नो कार्य गरिरहने व्यक्तिलाई हेर्ने, भन्नाले उसको दुःख-सुखको ख्याल गर्ने, दुःख हटाइदिने भनौं यिनै लक्ष्मी हुन् । अल्छी मान्छे, आफू केही नगर्ने, भाग्यमा भए लडेर आउँछ भनेर सुतिरहने मानिसलाई लक्ष्मीले कहिल्यै पछ्याउँदिनन् । परिश्रम गरेर केही गर्ने, सङ्घर्ष गर्ने पुरुषलाई मात्र लक्ष्मीले विश्वास गर्दछिन् । उसैले मात्र समृद्धि प्राप्त गर्दछ ।

यिनको स्वरूपको विषयमा अलि पछि चर्चा गरौंला । उनको उत्पत्तिको विषयमा अलिकति केही जानिहाल्नु उचित होला ।

पौराणिक आख्यान छ - पहिले सत्ययुगमा देवता र असुरले समुद्रमन्थन गरे । त्यसबेला धेरै थोक समुद्रबाट निस्क्यो । त्यस्तै लक्ष्मी पनि निस्किन् । अरू सबै बेग्लाबेग्लै देवताहरूले लिए । लक्ष्मीले नारायणलाई वरण गरिन् । लक्ष्मी - विष्णुकी शक्ति हुन् । यो कथा त ज्यादै प्रख्यात छ ।

यौटा आख्यान अर्को पनि छ, लक्ष्मीका विषयमा -

सृष्टिका आदिमा पहिले रासमण्डलमा परमात्मा कृष्णकी बायाँ

अंश थिइन् - देवी । अत्यन्त सुन्दर, युवति, उनको सौन्दर्यको वर्णनै गर्न सकिंदैनथ्यो । तिनै देवी ईश्वरको इच्छा यौटीबाट दुइटी बनिन् । बायाँ अंश महालक्ष्मी र दायाँ अंश राधिका । परमात्मा पनि त्यसैगरी यौटाबाट दुइटा बने, दुइहात भएका कृष्ण र चार हात भएका विष्णु। राधाले कृष्णलाई र महालक्ष्मीले विष्णुलाई वरण गरिन् । राधाकृष्ण गोपी-गोपिनीहरूसँग बस्नुभयो र विष्णु लक्ष्मीका साथ वैकुण्ठ जानुभयो।

महालक्ष्मीले पनि योगले अनेक रूप लिइन् - वैकुण्ठमा महालक्ष्मी, स्वर्गमा स्वर्गलक्ष्मी, राजाहरूमा राज्यलक्ष्मी, घरमा गृहलक्ष्मी, कहिले सुरभी, श्री आदि आदि ।

प्रश्न - लक्ष्मी पूजा किन गरिन्छ त ?

उत्तर - लक्ष्मी धन, सम्पत्ति, समृद्धि, सौभाग्यकी देवी हुन् । यी कुरा सबै चाहन्छन् । जीवनमा सफल हुन समृद्धिको आवश्यकता पर्दछ । त्यसैले यिनको उपासना हुन्छ ।

प्रश्न - फेरि लक्ष्मीको निवास पनि कहाँ हुन्छ कहाँ हुन्न भन्छन् । यस विषयमा शास्त्रमा के भनिएको छ त ?

उत्तर - लक्ष्मी गहनाहरूमा, रत्नमा, फलमा, जलमा, राजा-रानीमा, दिव्य अर्थात् असल गुण भएका आइमाईहरूमा, घर-घरमा, धानमा, कपडाहरूमा, देवताको प्रतिमा (मूर्तिमा), मङ्गलकलशमा, मणि-माणिक्यमा, दूधमा, चन्द्रमा आदि राम्रा र असल कुरामा निवास गर्दछिन् । यसैले लक्ष्मीपूजा गर्दा रूपैयाँ, पैसा, मूर्ति, धान आदि राखी पूजन गरिन्छ ।

प्रश्न - लक्ष्मी नजाने, नबस्ने ठाउँ कहाँ त ?

उत्तर - हो, लक्ष्मी नजाने, नबस्ने ठाउँको पनि वर्णन पाइन्छ ।

लक्ष्मी स्वयं भन्दछिन् - गुरु, बाबु-आमा, बन्धु, पाहुना, देवता, पितृ जोसँग रिसाउँछन्, त्यहाँ म कहिल्यै जान्न । झूठो बोल्ने,

जहिले जे माग्यो छैन मात्रै भन्ने, दुश्चरित्र, कृतघ्न, छुच्चो, रोइमात्र रहने, मनपरी बोल्ने आदि ठाउँमा म बस्तिन ।

यौटा कुरो अर्को छ हेर्नोस्, आफ्ना पूज्य र आश्रितलाई पालन–पोषण नगर्ने, दिशा–पिशाब गर्दा हेर्ने, चीसो गोडाले सुत्ने, साँझ र दिउँसो सुत्ने आदि पनि लक्ष्मी चाहनेले गर्नु हुँदो रहेनछ । यस्तै नराम्रा अनेकौं वस्तु छन् जुन काम गर्दा मानिसले लक्ष्मी प्राप्त गर्न सक्तैन । यसैले बूढापाकाहरू यसो नगर उसो नगर लक्ष्मी रिसाउँछिन् भन्छन् नि – त्यो पनि शास्त्रसम्मतै कुरा हो ।

प्रश्न – **अब यो कार्तिक कृष्ण औंसी भनौं भोलिका दिन लक्ष्मीपूजन किन गरिन्छ ? यसको के विशेषता छ त ?**

उत्तर – हो, कार्तिकमा दिउँसो चतुर्दशी परेर बेलुका औंसी परेको बेला लक्ष्मीपूजाको विशेष महत्त्व छ । यस रात्रिलाई सुखरात्रि भनिन्छ । दैत्यको भयबाट मुक्तभ एर सुखपूर्वक लक्ष्मी कमलभित्र आराम गर्ने हुनाले यसको नामै सुखरात्रि हो । यसलाई सुखसुप्तिका पनि भनिन्छ।

प्रश्न – **यस दिन कार्तिक कृष्ण औंसीका दिन लक्ष्मीपूजा गर्दा विशेषरूपमा के के गर्नु पर्दछ त ?**

उत्तर – जुन दिन लक्ष्मीपूजा गर्नुछ, त्यस दिन दिउँसो केही खानु हुँदैन । साँझ प्रदोष समयमा बत्तीहरूको माला सजाउनु पर्दछ । आफ्ना घरमा, आँगनमा, काम गर्ने ठाउँमा, पसलमा बत्ती बालेर लक्ष्मीको आराधना गर्नुपर्दछ । सुखरात्रिमा विशेष गरेर प्रदोष कालमा कुबेरको पनि पूजा हुन्छ – धनपतिको । त्यसमा यौटा मन्त्र छ – त्यसैको भाव हो– आगोको ज्योति, सूर्यको ज्योति, चन्द्रको ज्योति, ती ज्योतिभन्दा पनि उत्तम यो ज्योति प्रदान गर्ने हे दीप ! तिमीलाई नमस्कार छ । भनेर दीप बाल्नु पर्दछ ।

लक्ष्मीपूजा गर्दा – हे पद्मालये ! महालक्ष्मी मेरो रात्रि पनि सुखरात्रि बनाऊ, वर्षाकालमा मैले जो जस्तो अपराध गरें ती सबै

नाश गर भनी लक्ष्मीको पूजा गरिन्छ । तीन पल्ट लक्ष्मीको त्यस दिन पूजा गर्ने विधान छ । लक्ष्मीलाई श्री पनि भन्दछन् । '**श्रीँ**' लक्ष्मी बीजले उनको पूजा उपासना हुन्छ । तन्त्रमा यसको ठूलो महत्त्व छ। यसैबाट विधिपूर्वक न्यास, ध्यान, पूजा सब गर्ने विधान छ ।

प्रश्न - लक्ष्मीको तान्त्रिक स्वरूप चाहिँ के हो ?

उत्तर - काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, बगला, मातङ्गी र कमला । यी दशवटी महाविद्या हुन् । यीमध्ये दशौं महाविद्या कमला नै लक्ष्मी हुन् । तन्त्रमा लक्ष्मीको पनि अरू महाविद्याको जस्तै बेग्लै तन्त्र छ । खासगरी पूर्वाम्नायमा सौभाग्यलक्ष्मी, कमला, श्री, महालक्ष्मी, राज्यलक्ष्मी, साम्राज्यलक्ष्मी, त्रिशक्तिलक्ष्मी (श्री, परा, कामर्बाज) को पूजा हुन्छ । हुन त लक्ष्मी यौटै हुन तापनि मन्त्रको भेदले ध्यान भेद, हुन्छ र पूजाको सूक्ष्म विधि पनि फरक हुन्छ । उपासकको कामना अनुसार पनि फरक हुन सक्तछ ।

(यो रेडियो अन्तर्वार्ताको विवरण हो ।)

तन्त्रमा समाजव्यवस्था – वर्ण, आश्रम, आचार र संस्कारहरू

वर्ण र आश्रमको व्यवस्था

सत्य युगमा चार वर्णहरू मानिएका थिए – ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र। वेदले **ब्राह्मणोऽस्य मुखमासीद्** बाहू राजन्यः स्मृतः । **उरू तदस्य यद्वैश्यः पद्भ्यां शूद्रोऽजायत** भन्ने ऋचाद्वारा यही कुरा बताइएको छ । तर कलियुगमा यतिले पुंगेन, आचरणको साङ्कर्यले वर्ण साङ्कर्य पैदा गऱ्यो । उनीहरूलाई पनि समाजभित्र लिनु आवश्यक भयो । यसैले तन्त्रले स्वीकार गऱ्यो – यौटा अर्को वर्ण मान्नु आवश्यक छ, त्यो हो सामान्यवर्ण ।

यी वर्णहरूमा चारवटा आश्रमहरू पहिले मानिन्थे – ब्रह्मचर्य, गार्हस्थ, वानप्रस्थ र संन्यास । स्मृतिकारहरूले यही बताएका छन् । तर वस्तुतः समाजलाई हेर्दा दुईवटा आश्रमहरूमात्र कलियुगमा स्वीकृत भएका देखिन्छन् । ती हुन् – गार्हस्थ र संन्यास । कलियुगमा मानिस तपस्या कोही गर्दैन, न त कोही स्वाध्यायमा नै तत्पर रहन्छ । आयु थोरै हुन्छ, दुःखपूर्ण र बहुप्रयाससाध्य एवं श्रमसाध्य कुराहरू सम्पन्न गर्ने कसरी ? ब्रह्मचर्य र वानप्रस्थका बन्देजहरूमा रहनु कम कठिन कुरा होइन । यहाँ त जन्मनासाथ मानिस गृहस्थ भैहाल्छ, अनि मात्र संस्कार गरेर आश्रमी हुन्छ । जब मानिसमा तत्त्वज्ञानको उदय हुन्छ, त्यसबेला वैराग्य आएर ऊ संन्यास आश्रममा प्रवेश गर्न पुग्दछ ।

आगम ग्रन्थहरूमा गृहस्थका कर्महरू सम्पूर्ण बताइएका छन् । अन्य कुनै मार्गबाट गृहस्थको क्रियासिद्धि सम्भव छैन । संन्यासाश्रममा पनि वेदले बताएबमोजिम दण्डधारण गर्नु र त्यसलाई पूर्णतामा पुऱ्याउनु ज्यादै कठिन छ । बरु शैव विधिले गार्हस्थ आश्रम बिताएर पछि अवधूताश्रममा प्रवेश गर्नु नै श्रेयस्कर हुन्छ ।

कलियुगमा उपर्युक्त दुवै आश्रमहरूमा सबैको अधिकार छ, चाहे त्यो ब्राह्मण होस् वा अरू वर्णको कुनै व्यक्ति । सम्पूर्ण संस्कारहरू सबै कर्महरू शैवविधिले बेग्लाबेग्लै सम्पन्न गरी आफ्नो मर्यादामा रहनु आश्रमीहरूको निमित्त आवश्यक हुन्छ । यसको अर्थ कलियुगमा सबै वर्णका मानिसहरूको निमित्त यौटै आचार विहित छ भन्ने कदापि होइन, ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र एवं सामान्य वर्णका कर्मचिह्नहरू आगममा पनि बेग्लाबेग्लै नै बताइएका छन् ।

सबै वर्णका मानिसहरूका निमित्त सामान्य कर्तव्य

बाल्यकालमा विद्या उपार्जन गर्नु, जवान भएपछि धन आर्जन गर्नु र विवाह गर्नु, प्रौढ अवस्थामा धार्मिक कामहरूमा चित्त लगाउनु र अनि अन्तिम समय हुनलागेपछि संन्यास ग्रहण गर्नु - यी त सबै वर्णका मानिसहरूको निमित्त सामान्य कर्तव्य मानिएका छन् । वृद्ध आमा-बाबु, पतिव्रता पत्नी, बालक छोराछोरी यिनीहरूलाई निराश्रित छोडेर अवधूत आश्रम वा संन्यास आश्रममा प्रवेश गर्नु कदापि हुँदैन । यसलाई आगम शास्त्रहरूले अनुमति दिंदैन। आफ्ना असमर्थ बाबु-आमा, स्वास्नी, सन्तान र बान्धवहरूलाई नपालिकन उनीहरूलाई निरवलम्ब छोडेर सन्यास लिने व्यक्तिलाई उनीहरूको हत्या गरेको अपराध र पाप लाग्दछ - यसमा शंका छैन ।

दुःखीहरूमा जसले दया गर्दछ, काम र क्रोध जसका वशमा छन्, परस्त्रीबाट जो विरक्त छ, अर्काका सम्पत्तिमा जो निस्पृह छ, घमण्ड र ईर्ष्या जसमा छँदैछैनन्, आफू मर्न परे पनि जो धर्मसङ्घर्षदेखि पछि हट्दैन, जे गर्दछ श्रद्धावान् भएर, संशय नराखीकन शाम्भव आचार अनुसार गर्दछ, सबैमा समान दृष्टि राखेर संसार-यात्रा जसले चलाउँदछ, त्यसैले वास्तविक रूपमा तीनै लोक स्वर्ग, मर्त्य र पातालको विजय गर्दछ ।

वर्णानुसार आश्रमधर्म

सम्पूर्ण मानवजातिको पहिलो धार्मिक कर्म गार्हस्थको सम्यक् परिपालन नै हो । संन्यास आश्रमवासीहरूको पनि गृहस्थले पोषण गर्नु पर्दछ । आत्मकल्याण

र परोपकार दुवैको दृष्टिले गार्हस्थ आश्रम ज्यादै महत्त्वपूर्ण मानिन्छ ।

गृहस्थले ब्रह्मनिष्ठ भएर, ब्रह्मज्ञानको बाटोमा लागेर आफ्ना आश्रमको निमित्त निर्धारित सबै कर्महरूको पालन गर्दै, जेजति कर्म गरिन्छन्, ती सबै ब्रह्ममा नै समर्पित गर्नु पर्दछ । झूठो नबोल्नु, निन्दित कर्म नगर्नु, देवता र अतिथिहरूको पूजनमा संलग्न रहनु र गुरुजनमाथि श्रद्धापूर्वक उनीहरूको सेवा गर्नु गृहस्थका मूल कर्तव्यहरू हुन् ।

त्यसमा पनि पढ्नु-पढाउनु र यज्ञ-यागादि ब्राह्मणका कर्म हुन् भने राज्यशासन राष्ट्रसंरक्षण क्षत्रियका कर्तव्य हुन् । व्यापार-वाणिज्य वैश्यका कर्म हुन् र सेवावृत्ति शूद्रको हो । सामान्य वर्णका व्यक्तिहरूले ब्राह्मणदेखि बाहेक अरू वर्णका वृत्ति लिन पाउँदछन् । तर आवश्यकताअनुसार ब्राह्मणले क्षत्रियको, क्षत्रियले वैश्यको र वैश्यले शूद्रको वृत्ति पनि लिन हुन्छ ।

प्रमुख १० संस्कारहरू

आगम ग्रन्थहरूमा दश संस्कारहरूको विस्तृत उल्लेख पाइन्छ । ती हुन्- १. जीवसेक, २. पुंसवन, ३. सीमन्तोन्नयन, ४. जातकर्म, ५. नामकर्म, ६. निष्क्रमण, ७. अन्नाशन, ८. चूडा, ९. उपनयन र १०. उद्वाह (विवाह) ।

यी दशविध संस्कारहरूमध्ये शूद्र र सामान्य वर्णका मानिसहरूले उपवीत संस्कार गर्नु हुँदैन, उनीहरूको लागि अन्य नौ संस्कारहरूमात्र शास्त्रविहित छन्। सम्पूर्ण नित्य, नैमित्तिक र काम्य कर्महरू शैव मार्गबाटै सम्पन्न गर्नुपर्दछ । हुन त नियम, आगम सबैमा मन्त्र र तिनका प्रयोगहरू शंकरजीले नै बताउनुभएको हो तापनि कलियुगमा सबै मानिसहरू तेजोविहीन भै वेदबोधित कर्म पूर्ण गर्न असमर्थ भएका हुँदा तिनीहरूका लागि कुलधर्मको निरूपण गरिएको हो ।

सम्पूर्ण शुभ कर्महरूमा सर्वप्रथम कुशण्डिका कर्म गर्नु आवश्यक छ । यो हवन प्रधान कर्म हो र सम्पूर्ण क्रियासिद्धिका लागि यो महत्त्वपूर्ण मानिन्छ । यसमा विधिपूर्वक हवन कार्य गरेर अग्निबाट बुद्धि, विद्या, बल, मेधा, प्रज्ञा, श्रद्धा, यश, श्री, आरोग्य, तेज, आयुष्य आदि प्राप्त गर्न देवताहरूमा प्रार्थना गरिन्छ । यसबाट अग्निको प्रसाद पाएर उपर्युक्त संस्कारहरू सम्पन्न गरिन्छ -

१. **जीवसेक**

जीवसेक गर्भाधान अथवा ऋतुसंस्कार कर्म हो । यसमा विधिपूर्वक देवताहरूको हवन–पूजा गरेर विभिन्न मन्त्रहरूको उच्चारण गर्दै ऋतुकालमा प्रेमपूर्वक पत्नीसँग समागम गरिन्छ र असल सन्तानका निमित्त प्रार्थना गरिन्छ ।

२. **पुंसवन**

पत्नीले गर्भधारण गरेको तीन महिनामा पुंसवन संस्कार हुन्छ । यसमा पञ्चदेव र मात्रिकाहरूको पूजन, वसुधारा, वृद्धिश्राद्ध आदि गरिसकेपछि पत्नीलाई जौ र माससहितको दहि पिउन दिइन्छ । त्यसपछि विभिन्न देवी-देवताहरूको हवन हुन्छ र पाँचौं महिनामा पत्नीलाई पञ्चामृत पिउन दिइन्छ। यो पनि पुंसवन संस्कारकै अङ्ग हो । यसबाट देहशुद्धि हुन्छ ।

३. **सीमन्तोन्नयन**

यो संस्कार गर्भको छैठौं वा आठौं महिनामा गरिन्छ । यसमा पनि पूजा–हवन आदि कर्म गरिसकेपछि पतिले पत्नीको कपालमा सुनको काङ्गियो घुसारिदिन्छ ।

४. **जातकर्म**

यो कर्म सन्तान जन्मेपछि गरिन्छ । यसमा पूजन र हवन आदि गरिसकेपछि बाबुले काँसका भाँडोमा मह, घ्यू ल्याएर मन्त्रोच्चारणपूर्वक बच्चाको आयु, तेज, बल र मेधा (बुद्धि) वृद्धिको लागि उसलाई चटाउँदछ। त्यसपछि बच्चालाई आशीर्वाद दिएर उसको गुप्तनामको कल्पना गर्दछ र यसै नामले पछि उसलाई बोलाइन्छ । त्यसपछि धाईले नाल काट्तछे। यसमा नाल काटिएपछि मात्र आशौच (जूठो) लाग्ने हुनाले दैव र पितृकर्म त्यसभन्दा अगि नै समाप्त गरिन्छ । कथंकदाचित् कुमारी केटीबाट बच्चा जन्म हुन गयो भने पनि यो कर्म चाहिँ गर्नै पर्दछ, तर त्यस परिस्थितिमा मन्त्रको प्रयोग हुँदैन ।

५. नाम (प्रकाश) कर्म

यो कर्म बच्चा जन्मेको छैठौं वा आठौं महिनामा गरिन्छ । आमालाई न्वाइदिएर नयाँ लुगा फेराएर लोग्नेको अगाडि ल्याएर पूर्वतिर फर्काएर राखिन्छ । त्यसपछि बच्चाको शिरमा पवित्र जलको सेचन गरेर पवित्र बनाएपछि हवन कर्म गरिन्छ । अनिमात्र बच्चालाई काखमा लिएर छोटो र सजिलैसित बोलाउन सकिने खालको नाम दाहिने कानमा तीन पल्ट सुनाइन्छ।

६. निष्क्रमण

यो संस्कार बच्चा जन्मेको चौथो वा छैठौं महिनामा गरिन्छ । यसमा गणेशको पूजा गरेर बच्चालाई न्वाएर नयाँ लुगा लगाइन्छ र देव-देवताको पूजा गरेर आफ्नो बन्धु-बान्धवलाई साथमा लिएर बच्चा घर बाहिर ल्याइन्छ ।

७. अन्नाशन

यो संस्कार छोरोको छैठौं वा आठौं महिनामा गरिन्छ । यसमा पनि हवन-पूजन आदि कर्म गरिसकेपछि बच्चालाई सिंगारेर काखमा राखिकन बाबु अथवा बाबु नभएमा काकाले खीर चढाउनु पर्दछ । त्यसपछि पञ्च प्राणाहुति दिएर अनिमात्र बच्चालाई अरू अन्न ख्वाउने काम हुन्छ ।

८. चूडा

यो संस्कार तेस्रो अथवा पाँचौं वर्षमा गरिन्छ । यसमा विधिपूर्वक बालकको कपाल काटिन्छ र आमाको हातमा राखिन्छ । आमाले चाहिँ त्यो कपाल गोबरले भरिएको माटोका भाँडोमा राखिदिन्छे र त्यसपछि मात्र नाउले बच्चाको कपाल पूरा खौरन्छ । त्यसै बेला पूजा आजा गरेर सुन, चाँदी वा फलामको सीयोले बालकको कान पनि छेड्ने काम गरिन्छ ।

९. उपवीत

यो संस्कार द्विज (ब्राह्मण, क्षत्रिय र वैश्य) वर्णहरूको लागि देवता र पितृसम्बन्धी कर्म गर्ने अधिकार प्राप्तिको निमित्त गरिन्छ ।

गर्भको अथवा जन्मेको आठौं वर्षदेखि सोह्रौं वर्ष नपुग्दै यो संस्कार गर्नुपर्दछ । यसमा पनि कुशण्डिका विधिले हवन आदि गरिसकेपछि बालकलाई शिखा बाँकी राखी कपाल खौरन लगाएर स्नान गराइकन, पहेंलो कपडा लगाउन दिइन्छ ।

त्यसपछि मेखला (कन्ननी),यज्ञोपवीत (जनै) धारण गराएर, मृगको छाला र लठ्ठी दिएर गुरुकहाँ ब्रह्मविद्या सिक्न पठाइन्छ । त्यसपछि गुरुबाट ब्रह्मविद्या – गायत्री सिकेर शरीर, इन्द्रिय र मन पवित्र बनाएपछि, उसले भिक्षा उपार्जन गर्दछ र त्यो गुरुलाई नै चढाएर उनका आज्ञाले गार्हस्थ आश्रममा प्रवेश गर्दछ । त्यसअघि गुरुको सम्मुख बालकले जितेन्द्रिय बन्ने, सत्यको आश्रय लिने, ब्रह्मज्ञान प्राप्तिका लागि सदा तत्पर र संलग्न रहने, स्वाध्याय गरिरहने र सच्चा आश्रमी बनेर धर्मको आचरण गर्ने प्रण गर्दछ ।

१०. उद्वाह (विवाह)

यो संस्कार विवाह संस्कार हो । यसमा पनि बसुधारा वृद्धिश्राद्ध आदि गरेर योग्य वरलाई विधिपूर्वक सद्गुणले युक्त भएकी अलङ्कृता कन्या प्रदान गरिन्छ । यसमा 'दिने पनि काम, लिने पनि काम, कामकै निमित्त कामिनीलाई कामद्वारा नै ग्रहण गर्दछु र हामी दुवैको कार्य पूर्ण होस्' भनेर काम–स्तुति गरिन्छ ।

यसमा विशेष कुरा के छ भने – सवर्णहरूको निमित्त ब्राह्म विवाह सर्वथा द्रोषरहित छ । आफ्नो कुलधर्म अनुसार यौटै गोत्रमा पर्ने, सपिण्ड नभएकी कन्यालाई ब्राह्म विवाहविधिले ग्रहण गरिन्छ । यस ग्रहण गरिएकी पत्नी धर्मपत्नी भनिन्छे र घरकी लक्ष्मीसमान हुन्छे ।

शैव विवाह

कुलचक्रमा शैव विवाह पनि दुई प्रकारबाट हुन्छ – चक्रको नियमले र जीवनपर्यन्त राख्ने नियमले । चक्रानुष्ठानको समयमा शक्तिसाधक

आफ्ना बन्धु-बान्धवहरूको सामु परस्परका कामनाले वीरभावमा बसेको पुरुषले भैरवी वीरको समूहमा आफ्नो विवाह गर्ने अभिप्राय प्रकट गर्दछ र उनीहरूका अनुमतिले शाम्भव विवाह हुन्छ । यसको कुलाचारसम्मत विधि आगम ग्रन्थहरूमा वर्णित छ ।

यस प्रकारको विवाहमा उमेर र वर्णको चाहिँ विचार हुँदैन । केवल सपिण्डमा नरहेकी, लोग्ने नभएकी स्त्रीसँग पनि शैव विवाह हुन सक्तछ । यसरी शैव विधिले भएको विवाह पछि जन्मेका सन्तानले अनुलोमबाट भए (पुरुषभन्दा तल्लो जातकी स्त्रीबाट जन्मेको भए) आमाको आचरण गर्नुपर्दछ र विलोमबाट भए (पुरुषभन्दा माथिल्लो जातका स्त्रीबाट जन्मेको भए) सामान्य संकर जातिले गरेकै आचरण गर्नुपर्दछ । यस्ता सन्तानलाई पितृकर्ममा, कौलकर्महरूमा र भोजन आदि गर्ने गराउने कर्महरूमा अधिकार प्राप्त हुन्छ ।

अन्तमा शैव धर्म महान् छ, युगोपयोगी छ र यसका सेवनले धर्म, अर्थ, काम र मोक्ष चारै पुरुषार्थहरूको प्राप्ति हुन सक्तछ, जुन कुरा अरूबाट सम्भव छैन भन्ने आगम ग्रन्थहरूको वचन छ । यसलाई हृदयङ्गम गरी आ-आफ्ना कुल-धर्म, कुल-परम्परा, कुलाचार, देशाचारसँग विरोध नपर्ने गरी वर्ण र आश्रमका कर्महरू सबैले पालन गर्नुपर्दछ भन्ने तथ्य मननीय छ ।

(विशेष - यहाँ उल्लेख भएका संस्कारहरू प्रायः वैदिक संस्कारसँग मिल्दछन् भने कतिपय ठाउँहरूमा नमिलेजस्तो पनि छ । तर शुद्ध तान्त्रिक परम्परामात्र भएका परिवारहरूमा यस अनुसारनै कर्म भएको पनि सुनिन्छ । तर यस विषयमा विस्तृत छानबीन र अनुसन्धान कार्य तुलनात्मकरूपमा नेपालको परिवेशमा हुनु अत्यन्त आवश्यक छ । - लेखक)

धर्मशास्त्रमा पृथिवीपूजन

संस्कृत वाङ्मयमा पृथिवीका अनेक नाम

संस्कृत वाङ्मयमा पृथिवीका धेरै नाम छन् । पृथिवी वा पृथ्वी, भू, भूमि, अचला, अनन्ता, रसा, विश्वम्भरा, स्थिरा, ध्रा, धरिणी, धरणी, क्षौणी, ज्या, काश्यपी, क्षिति, सर्वंसहा, वसुमती, वसुधा, ऊर्वी, वसुन्धरा, गोत्रा, कु, क्ष्मा, अवनि, मेदिनी, मही, रत्नगर्भा, सागराम्बरा, अब्धिमेखला, भूतधात्री, रत्नावती, देहिनी, पारा, विपुला, मध्यमलोकवर्त्मा, धारणी, महाकान्ता, जगद्वहा, गन्धवती, खण्डनी, गिरिकर्णिका धारयित्री, धात्री, सहा, अचलकीला, गौ, इडा, ईला, इरा, अदिमा, वरा, उर्वरा, आद्या, जगती, भुवनमाता, वीजप्रसू, श्यामा, क्रोडकान्ता आदि ।[१]

पृथिवीको स्वरूप

न्यायदर्शनले यसको स्वरूप, यसमा रहने गुणहरूको वर्णन गरेको छ । त्यसअनुसार पृथ्वीमा स्पर्श, सङ्ख्या, परिमाण, पृथक्त्व, संयोग, विभाग, परत्व, अपरत्व, वेग, द्रवत्व, गुरुत्व, रूप, रस र गन्ध यी गुणहरू छन् । खासगरी सौरभ (राम्रो बास्ना) र असौरभ (नराम्रो बास्ना) दुई किसिमका गन्ध पृथ्वीमा रहने हुनाले र गन्ध अन्य कुनै द्रव्य पदार्थमा नरहने हुनाले यसबाट पृथ्वीको पहिचान गरिन्छ । यसको स्पर्श अनुष्णाशीत (न चीसो न तातो) हुन्छ । यसको इन्द्रिय घ्राण-इन्द्रिय, शरीर योनिज, विषय द्व्यणुक (दुइवटा परमाणुले बनेको अणु) देखि ब्रह्माण्डपर्यन्त हुन्छन् ।[२]

पृथ्वीलाई आकाश, वायु, तेज र जलपछिको पाँचौं भूत (महाभूत) भनिएको छ र यसलाई अध्यात्म-घ्राण, अधिभूत - गन्ध र अधिदैवत - वायु भनिएको छ ।[३] यसको विस्तार डेढसय करोडको छ भनिन्छ ।[४]

१. *अष्टकोष, भरत, जटाधर*

२. *भाषा परिच्छेद ७४, न्याय सिद्धान्त मुक्तावली, विश्वनाथ*

३. *महाभारत, अश्वमेध पर्व*

४. *मार्कण्डेय पुराण*

मधु र कैटभ विष्णुका हातबाट मारिएपछि तिनका मेद – बोसोबाट पृथिवीको उत्पत्ति भएको हो भन्ने कथा प्रसिद्ध छ पुराणमा र यसको नाम त्यसैले 'मेदिनी' पनि रहेको छ ।[५]

यो सात सागर, सात द्वीपले युक्त छ, यसको मुन्तिर सात पाताल र माथि ब्रह्मलोक छन् भनिन्छ । हिरण्याक्षले यसलाई पानीभित्र डुबाउँदा महाविष्णुले वराह (बँदेल) को रूप लिएर आफ्ना दाह्राले उचाली यसको उद्धार गरेकाले यसलाई वाराही वा विष्णुपत्नी अथवा वराहपत्नी पनि भनिएको छ र पृथ्वीका पुत्र मङ्गल हुन् भन्ने पनि उक्ति छ ।

पृथिवी पूजाको विधान

यिनको पूजनको पनि विधान पाइन्छ । यसबारे ब्रह्मर्षि नारदका प्रश्नमा भगवान् नारायण भन्दछन् – 'पहिले ब्रह्माको स्तुतिबाट प्रसन्न भएर श्री महावराहले हिरण्याक्षको वध गरेर रसातलबाट पृथ्वीको उद्धार गरी पानीमा कमलको पातजस्तै गरी थपक्क राखिदिएपछि त्यसैमा ब्रह्माबाट मनोहर विश्वको सृजना भयो । उनको सुन्दर रूप देखेर वराहले अनन्त कालसम्म उनीसित विहार गरे । यसबाट आनन्दित भएर पृथ्वी मूर्छित भइन् र फेरि वराहले स्वयं उनको पूजा गरेर वरदानसमेत दिए – 'हे पृथ्वी ! तिमी जगत्की आधार हौ, कल्याणकारिणी पनि हौ । सबै ऋषिमुनि देव–देवता, सिद्ध, मानवहरूले नयाँ घर बनाउँदा, गृहप्रवेश गर्दा, कुवा, तलाउ आदि बनाउँदा, खेतीपाती शुरु गर्दा मेरा वरदानले तिम्रो पूजन गर्नेछन्, जसले गर्दैन ती नरकमा पर्दछन्, तिनको कार्य सिद्ध हुँदैन ।'

त्यसपछि स्वयं पृथ्वी भन्दछिन् – 'हे प्रभु ! हजुरका आज्ञाले म सबै चर र अचर विश्व बोक्तछु । तर, मोती, सिपी, हरिको पूजा, शिवलिङ्ग शिला, शङ्ख, बत्ती, मन्त्र, मणि–माणिक्य, हीरा, जनै, फूल, पुस्तक, तुलसीदल, जपमाला, पुष्पमाला, कपूर, सुवर्ण, गोरोचन, चन्दन, शालिग्रामको जल नभैकन म यस जगत्लाई बोक्न सक्तिन, मलाई अत्यन्त कष्ट हुन्छ ।' त्यो कुरा सुनेर भगवान्ले 'यी वस्तु चढाएर जसले पृथ्वीको पूजन गर्दछ, त्यसलाई ठूलो पुण्य प्राप्त हुन्छ र ऊ दिव्य सय वर्ष सुरक्षित बाँच्तछ' भन्नुभएको थियो । यति भनेपछि नारदकै प्रश्नको उत्तर दिंदै श्रीनारायण पृथ्वीको पूजन विधि बताउनुहुन्छ ।

५. स्कन्द पुराण

पृथिवी पूजनमा उपयोगी मन्त्र र प्रार्थना

'ॐ श्रीँ ह्रीँ क्लीँ वसुन्धरायै स्वाहा' यसै मन्त्रले पहिले विष्णुले पृथ्वीको पूजन गरेका थिए ।

श्वेतचम्पकवर्णाभां शतचन्द्रसमप्रभाम् ।
चन्दनोच्छ्रितसर्वाङ्गां रत्नभूषणभूषिताम् ।।
रत्नाधारां रत्नगर्भां रत्नाकरसमन्विताम् ।
वह्निशुद्धांशुकाधानां सस्मितां वन्दितां भजे ।।

सेतो चाँपको जस्तो वर्ण, सयौँ चन्द्रमा उदाउँदा भएजस्तै आभा, शरीरभरि चन्दनको लेप, रत्नै रत्नको गहना, रत्नमै बसेकी, रत्नै रत्नले भरिएकी, रत्नकी खानी, समुद्रले युक्त, अग्नि वर्णजस्तो उज्ज्वल वस्त्र, सधै मुस्कुराइरहने, यस्ती भगवती पृथ्वीको म ध्यान गर्दछु ।

पृथिवी पूजाको फल

यहीँ नारदकै प्रश्नको उत्तर दिंदै फेरि नारायण उक्त पापहरूको पनि वर्णन गर्नुहुन्छ र साथै भूमिमाथिका क्रियाकलापबाट हुने पाप र पुण्य दुवैको चर्चा गर्नुहुन्छ । एक बित्ता पनि भूमि यदि सन्ध्या गर्ने ब्राह्मणलाई दान दियो भने त्यो दाता विष्णुलोक जान्छ । धानै धानले पूर्ण भूमि ब्राह्मणलाई दान दिँदा वर्षौंसम्म विष्णुको पाउमा बस्न पाइन्छ । गाउँ, भूमि र धान जसले दान दिन्छ र जसले लिन्छ ती दुवै पापमुक्त भएर वैकुण्ठवास गर्न पाउँछन् । भूमि दान दिने बेलामा जसले साधुको पूजन गर्दछ त्यो मित्र – गोत्र (बान्धव) सहित वैकुण्ठ वास गर्न पाउँछ ।

पृथिवीदानको दुरुपयोग र नारकीय दण्ड

आफूले अथवा अर्काले दिएको भए पनि ब्राह्मणको वृत्ति जसले हरण गर्दछ, त्यो चन्द्र सूर्य रहेसम्म कालसूत्रमा बस्दछ र त्यसका छोरा, नाति सबै भूमिहीन भएर, दरिद्र भएर, सम्पत्तिविहीन भएर, पुत्रविहीन भएर अन्तमा रौरव नरकमा पर्दछन् । जसले गाईको बाटो खोसेर धान रोप्तछ त्यसले दिव्य सय वर्षसम्म कुम्भिपाक नरकमा बस्नुपर्दछ ।

गोठ, तलाउ बिगारेर बाटो बनाउँछ, धान लिन्छ, त्यो चौध इन्द्र छउञ्जेल असिपत्र नरकमा बस्दछ । पञ्चपिण्डको उद्धार नगरीकन (पिण्ड नउठाईकन) अर्काको कुवामा जसले स्नान गर्दछ, त्यसले स्नान गरेको फल पाउँदैन र

नरकमा पनि पर्दछ । जुन कामुक पुरुषले एकान्तमा भूमिमा वीर्यपात गर्दछ त्यो वर्षौंसम्म रौरव नरकमा पर्दछ । जसले पानी आउने भूमि खन्दछ त्यो चार युगसम्म कृमिदश नरकमा बस्तछ ।

अर्कालि बनाएको तर लुप्त भएको कुवा र पोखरी प्रदान गर्दछ, त्यसको फल अर्कालाई नै जान्छ र त्यसले तातो भूमिमा हिंड्नु पर्दछ । पृथ्वीको स्वामीलाई केही नदिइकन जसले पितृको श्राद्ध गर्दछ त्यो मूढ अवश्य नरक पर्दछ । त्यसैले श्राद्धमा भूस्वामीलाई बेग्लै पहिले सीधा दान गर्दछन् । जसले बलेको बत्ती भूमिमा राख्तछ त्यो सात जन्मसम्म अन्धो हुन्छ । भूमिमा शङ्ख राख्यो भने अर्को जन्ममा कुष्ठरोगी हुन्छ ।

मोती, माणिक्य, हीरा, सुन, मणि भूमि राख्यो भने त्यो निश्चय नै नरकमा पर्दछ । जपमाला, फूलको माला, कपूर, रोचना भूमिमा राख्ने मानिस पनि नरकमा पर्दछ । चन्दनको काठ, रुद्राक्ष, कुशको जरा भूमिमा राख्ने मानिस मन्वन्तरसम्म नरक पर्दछ । पुस्तक, जनै भूमिमा राख्ने व्यक्ति जन्मान्तरमा ब्राह्मण हुँदैन र ब्रह्महत्याको पाप अर्को जन्ममा भोग्नुपर्दछ ।

गाँठो (ब्रह्मग्रन्थि) भएको जनैलाई सवै वर्णकाले मान्नुपर्दछ र यज्ञ गरेर जसले भूमिलाई दूधले सेचन गर्दैन त्यसले सात जन्मसम्म तातो भूमिमा तात्नु पर्दछ । भूकम्पमा, ग्रहण लागेको बेला जसले भूमि खन्दछ, जन्मान्तरमा त्यो महापापी अङ्गहीन हुन्छ ।

यन्त्र, मङ्गलघडा, शिवलिङ्ग, कुंकुम, जेठीमधु, चन्दन, कस्तूरी, तीर्थको माटो, खड्ग, गैंडाको खाक, स्फटिक, पद्मराग मणि, इन्द्रनील मणि, सूर्य मणि, रुद्राक्ष, कुशको जरा, शालग्राम शिला, शङ्ख, तुलसी, प्रतिमा, तुलसी जल, शङ्खमाला, बत्ती माला, शालग्राम पूजा गरेको तुलसी, निर्माल्य, नैवेद्य, हरियो वर्ण मणि, ब्रह्मग्रन्थि बनाइसकेको जनै, ऐना, सेतो चमर, गोरोचन, मोती, सिपी, माणिक्य, पुराण संहिता, आगो, कपूर, चाँदी, सुन, प्रबाल, रत्न, कुशवीज, तीर्थजल, पञ्चगव्य, गोमूत्र, गोबर पृथ्वीमा राख्ने मूढ मानिस अनेकौं वर्ष (दशलाख वर्ष) कालसूत्रमा पकाइन्छ ।[६]

पृथिवीका नाम र अन्वर्थता

सबैको बस्ने ठाउँ, हुने ठाउँ भएकोले पृथ्वीलाई **भू, भूमि** भनिन्छ ।

६. *ब्रह्मवैवर्त पुराण, कृष्णजन्मखण्ड ४ अध्याय ।*

धन, रत्न दिने हुनाले **वसुधा**, **वसुन्धरा** भनिन्छ । हरिको तिघ्राबाट जन्मेकीले **उर्वी** भनिन्छ । सबैलाई धारणा गर्ने हुने हुनाले **धरा**, **धरित्री**, **धरणी** भनिन्छ । यज्ञको धारण गर्ने हुनाले **इज्या**, जीवमात्रको क्षीण हुनाले **क्षौणी**, कश्यप ऋषिकी छोरी भएकीले **काश्यपी**, स्थिर भएकीले **स्थिरा** अनन्त रूप भएकीले **विश्वम्भरा**, पृथुकी कन्या भएकीले **पृथ्वी** भनिन्छ ।[७]

पृथिवीका भारहरू

पृथ्वीले भनेकी छन् – 'कृष्णको भक्ति नगर्ने, कृष्णभक्तको निन्दा गर्ने महापातकी हुन् र तिनीहरूको भार म वहनगर्न सक्तिन । आफ्नो धर्म, आचारबाट हीन, नित्य कार्य (सन्ध्या वन्दना) नगर्ने, श्राद्ध नगर्ने पृथ्वीलाई पीडा दिन्छन् । पिता, माता, गुरुमाता, छोरा आफूले पाल्नुपर्नेको भार पृथ्वीले बोक्न सक्तिनन्। झूटो बोल्ने, दया, सत्य नभएका, गुरुपत्नीको निन्दा गर्नेहरूको भारले पृथ्वीलाई पीडा हुन्छ । जसले कल्याणकारी हरिको नाम बेच्दछ, जीवघाती, गुरुद्रोही, ग्रामयाजी, लोभी, मूर्दा पोल्ने, शूद्रबाट खाने, पूजा–यज्ञ–उपवास–व्रत–नियम नमान्ने, गाई, ब्राह्मण देवता, वैष्णवको, शङ्खको, हरि, हरि कथाको द्वेष गर्ने यी पृथ्वीका भार हुन् ।' यति भनेर पृथ्वी साह्रै रोइन् र उनको रोदन देखेर, सुनेर ब्रह्माले विविध उपायले उनको कष्टहरण गरे ।

प्राणीमात्रको आश्रयका रूपमा पृथिवी

पृथ्वी सम्पूर्ण विश्वको आधार हो । आमाले आफ्ना बालक सन्तानलाई आफ्ना काखमा राखी स्तनपान गराएर पोषण गरेजस्तै पृथ्वीले सम्पूर्ण जीव-जगत्लाई आफ्ना छातीमा राखेर पोषण गर्दछिन् । त्यसैले पृथ्वी आमा र आमा पृथ्वी हुन् भनिन्छ । जुनसुकै पूजामा पनि आसन शुद्धि गर्दा –

पृथ्वि त्वया धृता लोका देवि त्वं विष्णुना धृता ।
त्वं च धारय मां देवि ! पवित्रं कुरु चासनम् ।।

'हे पृथिवी ! तिमीले सम्पूर्ण लोकलाई धारण गरेकी छ्यौ, तिमीलाई श्रीविष्णुले (हिरण्यकश्यपले डुबाउँदा) तिमीलाई धारण गरेका थिए । आज

७. *ब्रह्मवैवर्त पुराण, प्रकृति खण्ड पृथ्वी उपाख्यान ७ अध्याय ।*

तिमीले मलाई पनि धारण गर र मेरो आसनको शुद्धीकरण गर) भनेर प्रार्थना गर्दै सर्वधारशक्तिका रूपमा उनको पूजन गरिन्छ र यिनलाई सर्वाधारकमलासनका रूपमा आफ्नो आसन राखिन्छ । प्रातः उठ्नासाथ पनि –

जले विष्णुः स्थले विष्णुर्विष्णुः पर्वतमण्डले ।
ज्वालामालाकुले विष्णुः सर्वं विष्णुमयं जगत् ।।

जलमा, स्थलमा, पर्वत समूहमा, अग्नि र तेजोमण्डलमा सर्वत्र विष्णु विराजमान छन् र जगतै विष्णुमय छ भनेर पृथ्वीलाई विष्णुमय मानेर उनको नमन गरी दिनचर्याको आरम्भ गरिन्छ ।

पृथिवी प्रार्थनाको उपयोगिता

पृथ्वीमा हामी कुल्चन्छौं, यिनकै छातीमा सम्पूर्ण दिनभरिका राम्रा नराम्रा कर्म गर्छौं, पृथ्वी सबै सहन्छिन्, तैपनि हाम्रो पालन पोषण गर्दछिन् । त्यसैले एउटा कृतज्ञ सन्तानले जस्तै बिहान उठ्नासाथ 'आमा पृथ्वी, म दिनभरिको दिनचर्या तपाइँकै आज्ञाले गर्न जाँदैछु, मेरो पादस्पर्श (गोडाले हजूरलाई कुल्चेकोमा) क्षमा गर्नुहोस्' भनेर प्रार्थना गर्दछौं ।[८]

निष्कर्ष

जीवले पृथ्वीमा आँखा खोल्दछ, हुर्कन्छ, जीवनयापन गरेर यसैमा विलीन हुन्छ, यसैले मानव जीवनमा पृथ्वीको अहं भूमिका रहेको हुन्छ । मानवमात्रले पृथ्वीप्रति कृतज्ञ हुनुपर्दछ ।

विज्ञानका दृष्टिमा यो एउटा भौतिक पिण्ड हो, उसका हेराइमा देवताको कुनै अस्तित्व छैन, तर मानव त दृष्टमा पनि अदृष्टको खोज गर्दछ, भौतिकतामा आध्यात्मिकताको मान्यता राखेर यसप्रति कृतज्ञ हुन्छ । यही शायद मनुष्यको मनुष्यता हो । अस्तु ।

---

८. *समुद्र वसने (मेखले) देवि ! पर्वतस्तनमण्डले ।*
विष्णुपत्नि नमस्तुभ्यं पादस्पर्शं क्षमस्व मे ।।

अन्नपूर्णा उपासना

अन्नपूर्णा उपासनाको अत्यन्त उपयोगी मन्त्र

माया हृद्भगवत्यन्ते माहेश्वरि पदं ततः ।
अन्नपूर्णे स युगलं मनुः सप्तदशाक्षरः ।।
'ह्रीं नमो भगवति माहेश्वरि अन्नपूर्णे स्वाहा'

यी १७ अक्षरमा अगाडि प्रणव (ॐ) लाग्यो भने १८ अक्षरको मन्त्र हुन्छ र यसको साधनाले अन्न, मोक्ष र ऐश्वर्य प्राप्त हुन्छ । माया बीज ह्रीं अगाडि आएमा यसले सम्पूर्ण चाहेको कुरा प्रदान गर्दछ । श्री बीज (श्रीं) अगाडि लगाएर साधना गरेमा यो सुख बढाउने हुन्छ । वाग्बीज (ऐं) अगाडि लगाएर साधना गरेमा यो वचन (वाणी) को मालिक बनाउने हुन्छ । काम (क्लीं) अगाडि आएमा यसले सम्पूर्ण काममा सिद्ध गराउँछ । तार र माया दुई बीज (ॐ, ह्रीं) अगाडि लगाई साधना गरेमा सधैं ऐश्वर्य प्रदान गर्ने हुन्छ । माया र श्री (ह्रीं, श्रीं) दुई बीज अगाडि लगाई साधना गरेमा सम्पूर्ण सम्पत्ति प्रदान गर्ने हुन्छ ।

अन्नपूर्णा पूजनविधि

उक्त शक्तिहरूको पूजा प्रातःकृत्य (अजपा विधान) देखि लिएर पीठ-न्याससम्म गरेर हृदय कमलका केशरहरूमा र बीचमा पनि भुवनेश्वरी पीठ मन्त्रसम्मको पीठशक्तिलाई न्यास गरेर ऋष्यादि न्यास गर्नुपर्दछ । जस्तै शिरमा– **ब्रह्मणे ऋषये नमः**, मुखमा– **पङ्क्तिछन्दसे नमः**, हृदयमा – **अन्नपूर्णायै देवतायै नमः**।

यी मन्त्रहरूका ऋषि–ब्रह्मा, पङ्क्ति छन्द र देवता अन्नपूर्णा हुन् । त्यसपछि अङ्गुली न्यास र हृदयादिन्यास माया बीजको छवटा दीर्घ अक्षरहरूबाट गर्नुपर्दछ किनभने जुन बीज मूल मन्त्रको अगाडि आउँदछ त्यसै विद्याबाट षड्दीर्घ अङ्गुली न्यास र हृदयादि न्यास गर्नुपर्ने हुन्छ – **यद्बीजाद्या भवेद्विद्या तद्बीजेनाङ्गकल्पना।**

अन्नपूर्णाको ध्यान

रक्तां विचित्रवसनां नवचन्द्रचूडा-
मन्नप्रदाननिरतां स्तनभारनम्राम् ।
नृत्यन्तमिन्दुसकलाभरणं विलोक्य
हृष्टां भजे भगवतीं भवदुःखहन्त्रीम् ।।

रातो वर्ण भएकी, चित्र-विचित्र वस्त्र लगाएकी, नयाँ चन्द्रमा (द्वितीयाको चन्द्रमा) शिरमा धारण गरेकी, अन्न सबै प्रदान गरिरहने, स्तनको भारले अलिकति झुकेकी, चन्द्रमा धारण गरेर नाचिरहेका शिवलाई देखेर अत्यन्त खुशी हुने, संसारको दुःख हरण गर्ने भगवती (अन्नपूर्णा) को म भजन गर्दछु ।

अन्नपूर्णाको आराधना

यस्तो ध्यान गरेर मानस पूजा गर्ने सम्पूर्ण वस्तुहरूको उपचारको परिकल्पना मनमै गरेर त्यो अन्नपूर्णामा समर्पण गर्ने र अनि फेरि भगवतीको ध्यान गरेर आवाहन आदि पुष्पाञ्जलिसम्मका उपचारले भगवतीको पूजा गर्नुपर्दछ । त्यसपछि आवरण देवताको पूजा आरम्भ गर्नुपर्दछ । केशरहरूमा आग्नेय कोणमा - **ह्रीँ हृदयाय नमः**, नैर्ऋत्यमा - **ह्रीँ शिरसे स्वाहाः**, वायव्यमा - **ह्रीँ शिखायै वषट्**, ईशानमा- **ह्रीँ कवचाय हुँ**, बीचमा- **ह्रीँ नेत्रत्रयाय वौषट्**, चारै दिशामा- **ह्रीँ अस्त्राय फट्** मन्त्रले पूजा गर्नुपर्दछ ।

अष्टदलहरूमा पूर्वदेखि ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्राणी, चामुण्डा र महालक्ष्मी यी आठ मातृकाहरूलाई **ॐ** र **नमः** लगाएर **ॐ ब्राह्म्यै नमः** इत्यादिरूपले पूजा गर्नुपर्दछ । त्यसपछि आफ्ना-आफ्ना आयुध (हतियार) लिएका इन्द्र आदि दश दिक्पालहरूको पूजा गर्नुपर्दछ । यिनीहरूलाई विशेषरूपले समावेश गरी अरू सामान्य पूजापद्धतिबाट आवाहनदेखि लिएर विसर्जनसम्मका विधिविधानले पूजा गर्नु आवश्यक हुन्छ । अन्नपूर्णाको पुरश्चरण १६,००० सङ्ख्या जपबाट पूर्ण हुन्छ ।

अन्नपूर्णाको स्तोत्र

नमः कल्याणदे देवि नमः शङ्करवल्लभे ।
नमो भक्तप्रिये देवि अन्नपूर्णे नमोऽस्तु ते ।।
नमो मायागृहिताङ्गि नमः शङ्करवल्लभे ।
माहेश्वरि नमस्तुभ्यमन्नपूर्णे नमोऽस्तु ते ।।
महामाये शिवधर्मपत्नीरूपे हरप्रिये ।
वाञ्छादात्रि सुरेशानि अन्नपूर्णे नमोऽस्तु ते ।।
उद्यद्भानुसहस्नाभे नयनत्रयभूषिते ।
चन्द्रचूडे महादेवि अन्नपूर्णे नमोऽस्तु ते ।।
विचित्रवसने देवि अन्नदानरतेऽनघे ।
शिवनृत्यकृताऽऽमोदे अन्नपूर्णे नमोऽस्तु ते ।।
साधाकाभीष्टदे देवि भवदुःखविनाशिनि ।
कुचभारनते देवि अन्नपूर्णे नमोऽस्तु ते ।।
षट्कोणपद्ममध्यस्थे षडङ्गयुवतिमये ।
ब्रह्मार्ष्यादिस्वरूपे च अन्नपूर्णे नमोऽस्तु ते ।।
देवि चन्द्राकृतापीडे सर्वसाम्राज्यदायिनी ।
सर्वानन्दकरे देवि अन्नपूर्णे नमोऽस्तु ते ।।
इन्द्राद्यर्चितपादाब्जे रुद्राणिरूपधारिणी ।
सर्वसम्पत्प्रदे देवि अन्नपूर्णे नमोऽस्तु ते ।।
पूजाकाले पठेद्यस्तु स्तोत्रमेतत् समाहितः ।
तस्य गेहे स्थिरलक्ष्मीर्जायते नात्र संशय ।।
यस्मै कस्मै न दातव्यं न प्रकाश्यं कदाचन ।
प्रकाशात्कार्यहानिः स्यात्तस्माद्यत्नेन गोपयेत् ।।

इत्यन्नपूर्णास्तोत्रं समाप्तम्

अथ अन्नपूर्णाकवचम्

कथिताश्चान्नपूर्णाया या या विद्या सुदुर्लभाः ।
कृपया कथिताः सर्वाः श्रुताश्चाधिगता मया ।।१।।
साम्प्रतं श्रोतुमिच्छामि कवचं यत्पुरोदितम् ।
त्रैलोक्यरक्षणं नाम कवचं मन्त्रविग्रहम् ।।२।।
।। ईश्वर उवाच ।।
शृणु पार्वति, वक्ष्यामि सावधानाऽवधारय ।
त्रैलोक्य रक्षणं नाम कवचं ब्रह्मरूपकम् ।।३।।
ब्रह्मविद्यास्वरूपञ्च महदैश्वर्यदायकम् ।
पठनाद्धारणान्मर्त्यस्त्रैलोक्यैश्वर्यभाग् भवेत् ।।४।।
त्रैलोक्यरक्षणस्यास्य कवचस्य ऋषिः शिवः ।
छन्दो विराडन्नपूर्णा देवता सर्वसिद्धिदा ।।५।।
धर्मार्थकाममोक्षेषु विनियोगः प्रकीर्तितः ।
ह्रीं नमो भगवत्यन्ते माहेश्वरि पदं ततः ।।६।।
अन्नपूर्णे ततः स्वाहा चैषा सप्तदशाक्षरी ।
पातु मामन्नपूर्णा सा या ख्याता भुवनत्रये ।।७।।
विमाया प्रणवाद्येषा तथा सप्तदशाक्षरी ।
पात्वन्नपूर्णा सर्वाङ्गं रत्नकुम्भान्नपात्रदा ।।८।।
श्रीबीजाद्या तथा चैषा द्विरन्ध्राणां तथा मुखम् ।
प्रणवाद्या भ्रुवौ पातु कण्ठं वाग्बीजपूर्विका ।।९।।
कामबीजादिका चैषा हृदयन्तु महेश्वरी ।
तारं ह्रीं श्रीं नमोऽन्ते च भगवति पदं ततः ।।१०।।
माहेश्वरि पदं चान्नपूर्णे स्वहेति पातु मे ।
नाभिमेको न विंशार्णा पायान्माहेश्वरी सदा ।।११।।
तारं माया रमा कामः षोडशार्णास्ततः परम् ।
शिरस्था सर्वदा पातु विंशत्यर्णात्मिका च या ।।१२।।

करौ पादौ सदा पातु रमा काम ध्रुवस्तथा ।
ध्वजञ्च सर्वदा पातु विंशत्यर्णात्मिका च या ।।१३।।
अन्नपूर्णा महाविद्या ह्रीँ पातु भुवनेश्वरी ।
शिरः श्रीँ ह्रीँ तथा क्लीँ च त्रिपुरा पातु मे गुदम् ।।१४।।
षड्दीर्घभाजा बीजेन षडङ्गानि पुनन्तु माम् ।
इन्द्रो मां पातु पूर्वे च वह्निकोणेऽनलोऽवतु ।।१५।।
यमो मां दक्षिणे पातु नैर्ऋत्यां निर्ऋतिश्च माम् ।
पश्चिमे वरुणः पातु वायव्यां पवनोऽवतु ।।१६।।
कुबेरश्चोत्तरे पातु मामैशान्यां शिवोऽवतु ।
ऊर्ध्वाधः सततं पातु ब्रह्मानन्तो यथाक्रमात् ।।१७।।
वज्राद्याश्चायुधाः पातु दशदिक्षु यथाक्रमात् ।
इति ते कथितं पुण्यं त्रैलोक्यरक्षणं वरम् ।।१८।।
यद्धृत्वा पठनाद्देवाः सर्वैश्वर्यमवाप्नुयुः ।
ब्रह्मा विष्णुश्च रुद्रश्च कवचधारणाद्यतः ।।१९।।
सृजत्यवति हन्त्येव कल्पे कल्पे पृथक् पृथक् ।
पुष्पाञ्जल्यष्टकं देव्यै मूलेनैव पठेत्ततः ।।२०।।
युगायुगकृतायास्तु पूजायाः फलमाप्नुयात् ।
प्रीतिमन्योऽन्यतः कृत्वा कमला निश्चला गृहे ।।२१।।
वाणी वक्त्रे वसेत्तस्य सत्यं सत्यं न संशयः ।
अष्टोत्तरशतं चास्य पुरश्चर्याविधिः स्मृतः ।।२२।।
भुर्जे विलिख्य गुटिकां स्वर्णस्थां धारयेद्यदि ।
कण्ठे वा दक्षिणे बाहौ सोऽपि सर्वतपोमयः ।।२३।।
ब्रह्मास्त्रादीनि शस्त्राणि तद्गात्रं प्राप्य पार्वति ।
माल्यानि कुसुमान्येव भवन्त्येव न संशयः ।।२४।।

इति भैरवतन्त्रे भैरवभैरवीसंवादे अन्नपूर्णाकवचं समाप्तम् ।

त्यसपछि शङ्कराचार्यद्वारा रचित अन्नपूर्णा स्तोत्रको पाठ गर्नु आवश्यक छ।

विशेष मन्तव्य

अन्नपूर्णा भगवतीको साधनाको यो विधि 'शब्दकल्पद्रुम' मा अन्नपूर्णा शब्दको विश्लेषणको क्रममा उद्धृत गरिएको छ । माताका अरू पनि मन्त्र ध्यानहरू विभिन्न तन्त्र ग्रन्थमा वा पद्धतिहरूमा उपलब्ध हुन्छन् । यो साधना गर्न चाहने भक्तले सद्गुरुको जो अधिकारी छ, यथाशक्ति पूजा गरी उहाँबाट विधिपूर्वक दीक्षा लिएर मात्र गर्नु पर्दछ ।

सिद्धि र फलका लोभले अनधिकृत व्यक्तिले स्वयं गर्न थालेमा यसबाट कुनै फाइदा नभई हानि पनि हुन सक्तछ । यो तन्त्रशास्त्रको तात्पर्य हो । यो बिर्सनु हुँदैन । माता अन्नपूर्णा देवीले अधिकृत भक्त साधकको सदा कल्याण गर्नुहुन्छ र साधकले यस साधनाबाट सुख, समृद्धि प्राप्त गर्दछ ।

स्थानीय पत्रिकामा दिइएको एक अन्तर्वार्ता -

तान्त्रिकसाधना र पञ्चमकार

* **तन्त्रको परिभाषा तपाइँ कसरी दिनुहुन्छ ?**

\- तन्त्र यौटा शास्त्र हो तथापि यसभित्र साधना पद्धतिको विशेष व्याख्या गरिएको छ । यसो भनेर यो साधना पद्धति विशेष शास्त्र मात्रै पनि होइन । ईश्वर भनेको के हो ? ज्ञान भनेको के हो ? मोक्ष के हो ? र यो कसरी प्राप्त हुन्छ ? मानिसका आचारसंहिताहरू के के हुन् ? देवी देवताहरूको साधना कसरी गर्ने ? त्यसबाट सिद्धि कसरी प्राप्त हुन्छ ? ज्ञान कसरी प्राप्त हुन्छ ? भन्ने जस्ता कुराहरू वर्णन गरिएको शास्त्र नै तन्त्र–शास्त्र हो ।

* **तन्त्रमा मन्त्र, योग र साधनाको के स्थान छ ?**

\- तन्त्रमा साधनाको ठूलो महत्त्व छ । कुनै फल प्राप्तिका लागि गरिने परिश्रम, मेहनत, लगावका विधिविधानहरूलाई नै साधना भनिन्छ र यसको महत्त्व त जीवनका हरेक क्षेत्र र कार्यमा छ ।

तन्त्रमा मोक्षप्राप्ति, सिद्धिप्राप्ति र देवीदेवता खुसी पार्नका निम्ति गरिने विधिपूर्वकको कार्यलाई साधना भनिन्छ र यसको तन्त्रमा विशेष महत्त्व छ । त्यसैगरी, यदि देवतालाई खुसी पार्न हामी कुनै कुराको मनन गर्दछौं भने त्यो मन्त्र हुन्छ ।

सिद्धि प्राप्त गर्न देवता खुसी हुनु जरुरी भएकोले मन्त्रको पनि यसमा विशिष्ट स्थान छ । योग र ध्यान पनि साधनाकै अङ्गहरू हुन् । शाब्दिकरूपमा जीवात्मालाई परमात्मामा लगेर जोड्ने काम

योगले गर्ने भएकोले यसको महत्त्व झनै बढी छ ।

वास्तवमा भन्ने हो भने जीवात्मा र परमात्मा दुईवटा वस्तु होइनन् तर हाम्रा सांसारिक दृष्टिले हामीले यो दुइटा भेद खडा गरिरहेका छौं र यो दुइटा होइन अपितु यौटा वस्तु हो भनेर योगले प्रतिपादित गर्ने भएकोले यसको महत्त्व झनै बढी छ । योग तीन किसिमका हुन्छन् – हठयोग, राजयोग र लययोग ।

हठयोगमा आफ्ना इन्द्रियहरूलाई वलात् वशमा गरेर साह्रै कडा विधिविधानअनुसार साधना गर्नुपर्ने हुन्छ । यसपछि राजयोगको कुरा लिउँ । हाम्रो शरीरभित्र मूलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्धि र आज्ञा चक्रहरूको कल्पना गरिएको छ । यद्यपि आधुनिक शरीर विज्ञानअनुसार शरीरको चीरफार गरेर हेर्दा यी चक्रहरू देखिने कुरा होइनन् तर साधना गर्दा आफ्नो मनस्थितिलाई कुन कुन बेला कुन कुन ठाउँमा लगेर राख्ने र यौटा तहबाट अर्को ठाउँमा कसरी माथितिर उक्लने भन्ने कुराहरू यिनले बताउँछन् ।

जस्तो हाम्रो जीवनमा कतिपय समस्याहरू आउँछन् र तिनलाई हामीहरू समाधान गर्दै अगाडि बढ्दछौं त्यसैगरी साधनाका क्रममा विभिन्न ग्रन्थीहरू या गाँठोहरू हुन्छन् जसलाई फुकाउँदै साधकहरू झन् झन् माथिल्लो साधनास्तरमा उक्लिंदै जान्छन् र अन्तमा माथि मस्तिष्कमा सहस्रारमा लगेर शिवसँग आफूलाई मिलाउँछन् । यस पद्धतिलाई हामी राजयोग भन्दछौं ।

अब लययोगपट्टि जाऔं, साधनाका क्रममा हामी एक स्थानबाट उक्लेर अर्को ठाउँमा त पुग्यौं, तर त्यही नै बसी राख्नुपर्‍यो भने त्यो उक्लाइको कुनै अर्थ हुँदैन । हरेक स्थानमा आफूलाई लीन गराउँदै माथितिर उक्लिंदै जानुपर्दछ र अन्तमा गएर परमेश्वरमा आफूलाई लीन गराउनु पर्दछ । यसैलाई हामी मोटामोटी रूपमा लययोग भन्न सक्छौं । यसैगरी तन्त्र योग पनि छ जसमा विभिन्न योगहरूको वर्णन हुन्छ ।

* कुण्डलिनी जगाउने भनेको के हो ?

– हाम्रो शरीरमा ६ वटा चक्रहरूको कल्पना गरिएको छ, तिनीहरू विभिन्न दलका कमलका स्वरूपमा छन् । तिनीहरूमा विभिन्न मातृका र देवताहरू पनि प्रतिष्ठित छन् । तर, मूलाधार चक्रमा चाहिँ चारपाते कमलको परिकल्पना गरिएको हुन्छ जसको बीचमा स्वयम्भू लिङ्गको वास हुन्छ । जसमा तीन फन्को गरेर सर्प बसेको जस्तै कुण्डलिनी बसेकी हुन्छिन् । यिनी जीवात्माको प्रतीक हुन् ।

हामी भित्र ७२ हजार नाडीहरू छन् । जसमध्ये दश प्रमुख छन् र यसमा पनि तीनवटा नाडीहरू विशेष प्रमुख छन् । ती इडा, पिङ्गला र सुषुम्णा हुन् । जसमध्ये सुषुम्णा नाडी त्यस ठाउँको बीचमा रहेको हुन्छ। यही सुषुम्णा नाडीबाट कुण्डलिनीलाई जगाएर माथि लगिन्छ र सहस्रारमा जहाँ परमात्मा शिवको वास छ त्यहाँ लगेर मिलाइन्छ ।

यसरी जीवात्मा र परमात्माको योग हुन्छ र यसैलाई कुण्डलिनी उत्थान गराउने भनिएको हो । मूलाधार चक्र भनेको चाहिँ विभिन्न चक्रहरूमध्ये यौटा चक्रको नाउँ हो । मुख्य कुरो के हो त भने यस संसारमा असीमित दुःखहरू छन् र तीनबाट बाहिर निस्केर पुनः त्यसमा फर्केर नजानु नै यसको उद्देश्य हो । शरीर, आत्मा, विभिन्न प्रपञ्चहरू जस्ता कुनै पनि कुराहरूबाट मुक्त हुनु हो।

वेदान्तवादीहरूले ब्रह्म र मायाको जुन परिकल्पना गरेका छन् तपाइँहरूको सहस्रारको शिव र मूलाधार चक्रको कुण्डलिनीको परिकल्पना पनि त्यस्तै हो त ?

तन्त्रले मायाको प्रपञ्चलाई मान्दछ तर वेदान्तवादीहरूको ब्रह्मको परिकल्पनाबाट यो अझमाथि उठेको छ । किनभने **'अहं ब्रह्मास्मि'** भनेर 'म ब्रह्म हुँ' भन्न वेदान्तले सिकाउँछ । हेर्नोस्, भन्ने मात्रै हो भने त 'म ब्रह्म हुँ' भन्न सबैले जानेका छन् तर भन्दैमा मान्छे ब्रह्म भै चाहिँ हाल्दैन ।

त्यसकारणले मायालाई हटाएर ब्रह्म कसरी हुने भन्नका लागि साधना र उपासनाका क्रमहरू छन् जुन तन्त्रबाट मात्रै सम्भव छ। मायामा पनि हामी अलि फरक छौं। उनीहरू मायालाई मिथ्या या भ्रमका रूपमा लिन्छन्। तर हामी तन्त्रवादीहरू चाहिँ माया नै ब्रह्म हो र ब्रह्म नै माया हो, संसार परमेश्वरकै विराट् रचना हो र यो ब्रह्मकै स्वरूप हो भनेर मान्दछौं।

* **विज्ञान र तन्त्रमा के फरक छ ?**

– विज्ञानले कुनै पनि वस्तुको तात्त्विक रूपलाई देखाउँछ भने तन्त्रले पनि त्यही गर्दछ। त्यसैले तन्त्र पनि विज्ञान नै हो।

* **कुण्डलिनी जाग्रत हुँदै जाँदा साधकहरू भय र त्रासको स्थितिमा पुगी मानसिक रूपले असक्त हुनपुगेका घटनाहरू पाइएका छन्, कतिपयले त मानसिक अस्पतालहरूमा भर्ती पनि हुनुपरेको छ। यस्तो हुनुको के कारण हो ?**

– कुण्डलिनी जाग्रत हुँदै गएपछि मानिसलाई भयबाट मुक्ति मिल्दै जाने भएकोले यसबाट भय र त्रासको स्थितिमा साधक पुग्दछ भनेर म मान्दिन। म ब्रह्म हुँ, कुनै विराट् परमेश्वरको अंग हुँ, उनैमा लीन हुन म गइरहेछु भन्ने कुराबाट साधक अगाडि बढिरहेको बेलामा त्यहाँ भय र त्रासको स्थिति कहाँबाट उत्पन्न हुन्छ ?

तर तपाईंले भन्नुभएको दोस्रो कुरो अर्थात् साधनाका क्रममा मानसिक अस्पतालमा पुग्नु चाहिँ सम्भव छ। यसको कारण के हो भने मानिस कुण्डलिनी जगाउने भनेर केही नजानिकनै यसमा लाग्दछन् र क्रमानुसार, स्थितिअनुसार अगाडि बढ्दै जाने क्रमको पालना हुँदैन। कुनै सिद्धिप्राप्त गुरुको दीक्षा प्राप्त गरेको हुँदैन र आफूले आफैलाई गुरु ठहऱ्याई ऊ आफू मनलाग्दो गर्दछ। फलस्वरूप ऊ मानसिक अस्पतालमा पुग्दछ।

नेपालमा आजकाल योग साधना केन्द्रहरू प्रशस्त खुलेको म देख्दछु। तर मलाई बडो दुःखको साथ यो कुरा भन्नु परेको छ कि

तीमध्ये अधिकांश केन्द्रमा सिद्धि प्राप्त गुरुहरू नै छैनन् । शीर्षासनकै कुरा हेर्नुहोस् । यो कसरी, कुन बेला, केका लगि र कुन ध्यानावस्थामा गरिनुपर्दछ सबै कुराहरू शास्त्रमा वर्णित छ । तर ती नबुझीकन यो गर्दा गर्नेले केही दिनमै शारीरिक र मानसिकरूपमा दुःख पाउँछ ।

* **बम्बइमा एउटा 'चेतना' भन्ने केन्द्र खुलेको छ जसको दावी छ कि कुण्डलिनी जाग्रत हुँदै जाँदा यसको स्थितिलाई नाप्न सकिन्छ। यस दावीमा कति सत्यता छ ?**

– त्यो मनका विभिन्न किसिमका अवस्थाहरू हुन् । त्यसैले यसलाई नाप्न सकिन्छ भनेर म मान्दिन । यी त अनुभूतिका अवस्थाहरू हुन्। यसलाई कुन यन्त्रले नाप्ने ?

* **तपाइँले अघि भन्नुभएजस्तो किसिमबाट योग सिकाउने गुरु पाइन्छन् त ?**

– किन नपाइने ? खोज्न सक्नुपर्दछ र खोज्नेले आज पनि पाउँछन् । हेर्नोस्, संसारमा दुई किसिमका चटकीहरू छन्, एउटा सडक सडकमा पैसा लिएर देखाउने अर्को परमात्मा । बाँकी बीचका तमाम व्यक्तिहरू पैसाका लागि ठग्ने ठगहरू हुन् जसबाट हामी सदा सतर्क हुनुपर्दछ।

तन्त्रमा सिद्धिप्राप्तिमा जोड दिएको छ तर त्यसको प्रयोग ज्ञानप्राप्तिको लागि गरिनु पर्दछ । सिद्धिको प्रदर्शनमा नलाग्न र त्यसमा नअल्मलिन तन्त्रमा प्रष्टैसँग जोड दिइएको छ । किनभने सिद्धिको प्रदर्शनले लोभ र तृष्णा जाग्दछ जुन मोक्षका लागि बाधक हुनपुग्छ ।

* **तन्त्र साधनामा लाग्नेहरू शुरुका चरणदेखि नै ज्ञान र मोक्ष प्राप्तिभन्दा पनि सिद्धि प्राप्त गर्नपट्टि लागेको पाइन्छ र केही प्राप्त भएपछि त्यसमा रुमल्लिइरहन्छन् । नेपालबाट यस शास्त्रको लोप हुँदै जानुमा यो पनि एउटा कारण हो कि ?**

– तपाइँले वास्तविक कुरो गर्नुभयो । आजको युग भौतिक युग हो जहाँ मानिसहरू ज्ञान र मोक्षभन्दा पनि केही सानै सिद्धि प्राप्त भएपछि उनीहरू चटके वृत्तिमा लाग्दछन् । त्यसैले तान्त्रिकहरूको देशका

रूपमा विख्यात नेपालमा सिद्ध साधकहरू पहिले झैं आज छैनन् ।

* **अद्वैतवादीहरू तन्त्रका मार्गबाट मोक्षप्राप्ति गर्न खोज्दा मानिस सिद्धि प्राप्तिको शुरुमै यसका चमत्कारहरूबाट प्रभावित हुन्छन्, त्यसैले यसबाट मुक्ति या ज्ञान असम्भवप्रायः छ । अतः अद्वैतको ज्ञानमार्गबाट मात्रै यो सम्भव छ भन्छन्, तपाइँ यसको खण्डन कसरी गर्नुहुन्छ ?**

– यस कुरालाई सम्पूर्ण रूपबाट म सत्य मान्दिन । यो कुरा ठीक हो कि मान्छे अल्मलिन्छ । एउटा सामान्य उदाहरण लिउँ, कुनै मानिसले उच्च शिक्षाको अभिलाषा राखेको छ तर हाइस्कुल पास गर्नासाथै ऊ अल्मलियो भने उसको अभिलाषा पूरा हुँदैन, तर ऊ मेहनतसाथ, लगनका साथ, निरन्तरताका साथ र प्रतिबद्ध रहेर अगाडि बढेको भए उसको इच्छित शिक्षा प्राप्त हुन्थ्यो ।

तन्त्रबाट सिद्धि, ज्ञान सबै प्राप्त हुन्छ तर यसका लागि सहि गुरुको मार्गदर्शन अनुसार मन्त्र, योग, साधना र उपासना गर्नुपर्दछ । त्यसैले तन्त्र छोडेर अद्वैतमै जानु पर्दछ भन्ने कुरो होइन । वस्तुतः तन्त्र पनि परमाद्वैतवाद नै हो ।

* **तन्त्र, मन्त्र, योग, साधनाद्वारा नै भूत, प्रेत, पिशाच, बोक्सीजस्ता आसुरी वृत्तिहरू पनि रहेका छन् । मोक्ष र ज्ञान प्रदान गर्ने साधनले फेरि यस्ता कुरालाई किन बल दिएको हो ?**

– तन्त्रशास्त्रमा क्षुद्रतन्त्र या क्षुद्रविद्या भन्ने हुन्छ । जसमा यस्ता वस्तुहरूको बारेमा लेखिएको छ । शास्त्रमा जे जस्तो देखिएता पनि यिनका उपयोग र प्रयोग अरूलाई दुःख दिन र आफ्नो स्वार्थहित पूर्ति गर्न आजकाल यो प्रयोग भइरहेको छ । तर यस्ता प्रवृत्तिमाथि विजय पाउने उपाय पनि यसै तन्त्रमा छ ।

* **तन्त्रले साधनाका क्रममा शिव र शक्तिमध्ये कसमा बढी जोड दिएको छ ?**

– दुवैमा बराबर जोड दिएको छ । वास्तवमा यी दुवै एउटै तत्त्व हुन् ।

हेर्नुहोस्, शिव भनेको कल्याण हो । यसको भावनात्मक र मूर्त रूप नै शिव हुन् । शिवभन्दा पनि माथि परमशिव अर्थात् परमकल्याण हुन्छ । यिनै परमशिवको सृष्टितर्फको यौटा सानो हिस्साको जुन उन्मुखता हुन्छ त्यही शक्ति हो ।

यहाँ शिवले आफू गुरु पदमा रहेर शक्तिलाई आफूबाट निकालेर संसारको कल्याणको निम्ति शिष्यका रूपमा राख्नुभएको छ । यथार्थमा दुवै एउटै हुन् । तर, आत्मा र परमात्मा यौटै हो भन्दैमा संसारको अस्तित्व नै नमात्र चाहिँ मिल्दैन ।

* **तर साङ्ख्यले त प्रकृति र पुरुष भनी दुइटालाई संसारको कारण मान्दछ । यदि शिव र शक्तिमा भेद छैन भने संसारको कारण के हो त ?**

– शिव र शक्तिको भेद तन्त्रले त्यस अवस्थासम्म मान्दछ जबसम्म यो दुइको भेद-दृष्टि रहन्छ । शक्तिको पनि अन्तमा गएर शिवमै लीन हुन्छ । जस्तो सूर्यमा तातोपन छ तर सूर्य र तापक्रम दुइटा भिन्दै वस्तु होइनन् । त्यसैगरी शिव र शक्ति पनि दुई होइनन् ।

* **तन्त्रमा सुरा, सुन्दरी र मसानसाधनाजस्ता वस्तुहरू साधकले साधनाका क्रममा अँगालेको देखिन्छ । मोक्षप्राप्तिका निम्ति के यी साधनहरू वास्तवमै आवश्यक छन् ?**

– प्रेतसाधनाका बारेमा मेरो के धारणा छ भने लोभ, स्वार्थ आदिमा आजकाल यसको प्रयोग भइरहेको छ ।

सिद्धि आफूमा खराब होइन र यसलाई काम, क्रोध, लोभ, मोहजस्ता कुराहरूको दमन गर्नमा प्रयोग गरिनु पर्दछ र त्यसैको लागि यो दिइन्छ पनि । तर यसबाट कसैले भौतिक फाइदा उठाउँछ भने त्यो उसैलाई खराब हुन्छ ।

अब सुरा र सुन्दरीपट्टि जाउँ । तन्त्रमा भाव तीन किसिमको छ – पशुभाव, वीरभाव र दिव्यभाव । पशुभावमा साधकले आफू र परमेश्वरलाई अलग मानेर उनीबाट शक्ति र सिद्धि प्राप्त गरी आफ्ना

साधनालाई अगाडि बढाउँछ । आफूलाई उसले परमेश्वरको दास ठान्दछ। वीरभावमा पुगेपछि मानिस ज्ञानको क्षेत्रमा पाइलो टेक्छ र 'म ब्रह्म हुँ भन्न थाल्छ । हामी दुवै एक हौं अतः मलाई पनि एउटै ठाउँमा पुऱ्याउ भन्दछ । यसपछि ऊ अन्तिम अवस्था दिव्यभावमा पुग्छ ।

यस क्रमिक विकासमा साधनाका धेरै क्रमहरू छन् जसमा पञ्चमकार पनि एउटा हो । मद्य, मांस, मत्स्य, मुद्रा र मैथुनहरू जस्ता कुराको प्रयोग गर्नुपर्ने उल्लेख छ । तर मुख्य कुरो के हो भने हामीलाई यताउति अलमल्याई साधना गर्न नदिई अन्तिमावस्थामा पुग्न नदिने धेरै कुराहरू यस संसारमा छन् । र हामी पनि ती कुराहरू आफ्ना निम्ति प्रयोग गर्दछौं । जहाँसम्म यी कुराहरूको प्रश्न छ, यी साधनाहरूको प्रयोग गर्दा परमेश्वरको साधनामा चित्त क्षोभ हुने गरी गरिनु हुँदैन, बरु त्यसमा यिनलाई यौटा साधनका रूपमा प्रयोग गरिनु पर्दछ ।

फेरि, दिव्यभावमा पुगिसकिएपछि यी सब कुराहरू जरुरी रहँदैनन् । यिनको अर्थ पनि स्थितिअनुसार फरक छ । वीरभावमा मांसको अर्थ कुनै पशुलाई काटेर त्यसबाट प्राप्त भएको मांस भन्ने हुन्छ। तर, दिव्यभावमा गएपछि पुण्य र पापलाई पशु मान्दछ । त्यसैले पुण्य र पापरूपी पशुलाई ज्ञानको तरबारले काटेर खाइदिने भनेको हो। पुण्यले पनि स्वर्गादिहरूको लोभ दिन्छ जुन यौटा बन्धन हो ।

मदिरामा जाउँ - कुण्डलिनीलाई जगाएर सहस्त्रारमा शिवसँग लीन गराउँदा जुन आनन्द आउँछ त्यसलाई यौटा रसको रूपमा परिकल्पना गरिएको छ । मुद्रा भनेको मानिसलाई विभिन्न हाउ-भाउ र भंगिमाद्वारा जसरी खुसी पारिन्छ परमेश्वरलाई पनि त्यसैगरी खुसी पार्ने हो । यसो भनेको के हो भने विभिन्न किसिमबाट हामीले परमेश्वरलाई खुसी पार्नुपर्दछ ।

अब मैथुन- पञ्चममकारमा जाउँ । शिव र शक्तिको मिलनलाई मैथुन पञ्चममकार भन्दछन् । यी पाँच मकारहरूमा पनि सबैले सबैको प्रयोग गर्ने भन्ने हुँदैन । साधकहरूको आफ्नो अवस्था हेरी उसको

कुनै मकारमा अधिकार हुन्छ । कुन क्रममा गएर कसले के प्रयोग गर्ने त्यो उसको अधिकार हुन्छ । यदि आफूलाई अधिकारले नदिएको कुरा कसैले प्रयोग गऱ्यो भने त्यसको सिद्धि कहिले पनि हुँदैन । जस्तो मैथुनको अधिकार सबैलाई हुँदैन । अति उच्च स्थानमा पुगेकालाई मात्रै यो अधिकार हुन्छ ।

* **शब्दलाई दर्शनको उच्चतामा लगेर व्याख्या गरिंदा त यी सब कुनै कुरा जरुरी देखिंदैन नि ?**

\- ठाउँमा पुगिसकेपछि तपाइँले भनेजस्तै ती सबै कुराहरू गर्नुपर्ने जरुरी नै छैन । तर, साधनाका विभिन्न पद्धतिमा कुनै कुनै सम्प्रदायले यसलाई अपनाउनु पर्ने हुन्छ ।

* **त्यसो भए के देखियो भने सहस्त्रारको आनन्द त्यही ठाउँ पुगेपछि अनुभव गर्नुको सट्टा पहिले नै मांस, मद्य, मैथुन आदिको प्रचुर सेवन गरी त्यसको अनुभव गर्नुपऱ्यो ? यसले मानिसलाई भोगलिप्सामा मात्रै लिप्त गराउँदैन र ? फेरि ज्ञानप्राप्तिमा लीन मानिस यसरी भोगादीमा लिप्त भएको देखेर यस लौकिक संसारमा त्यसको नराम्रो प्रभाव पर्दैन त ?**

\- तपाइँले भन्नुभएको कुरा केही हदसम्म ठीक हो । तर तन्त्रअनुसार केही साधनाका क्रममा उचित अधिकारीले यसको प्रयोग आफ्नो चित्त क्षोभ नहुने गरी गर्नैं पर्दछ । तर आजकाल अधिकांशले पञ्चमकारको सही अर्थ नबुझी यी सब कार्य गर्दैं छन् जुन उचित होइन । त्यसको अनिष्ट फल पनि देखिइनै रहेको छ ।

* **यदि शिव र शक्ति यौटै हो भने यिनको किन लौकिक संसारमा विभिन्न आकार र रूप छ त ?**

\- वास्तवमा शिव र शक्ति यौटै हो, परब्रह्म परमात्मा यौटै हो र यिनका बीच कुनै फरक नै छैन । यौटा उदाहरण लिउँ, 'म'लाई हामी संस्कृतमा 'अहं' भन्दछौं । यसमा पहिलो अक्षर 'अ' र पछिल्लो अक्षर 'ह' छ।

विचार गर्नोस् यी दुवै अक्षरको भित्र सम्पूर्ण अक्षरहरू छन् । अर्थात् सम्पूर्ण शब्द, मातृका र जगत् 'मै' भित्र छ । यसको अर्थ यो हुन्छ कि संसारमा यौटै परब्रह्म परमात्मा छ ।

तर फेरि किन विभिन्न परिकल्पना हुन्छ त ? अहिले तपाइँहरूका अगाडि म विद्यानाथ भट्ट हुँ, तर मेरी छोरीका अगाडि म बाबु हुँ, बहिनीका अगाडि दाजु हुँ, दाजुका अगाडि भाइ हुँ, पत्नीको पति हुँ। र, सबैका प्रति मेरो कर्तव्य फरक हुन्छ, तर म त सबै ठाउँमा विद्यानाथ भट्ट नै हुँ ।

यसैगरी परब्रह्म परमात्मा पनि एउटै हो र उहाँका विभिन्न कामहरूका अनुसार हामीले उहाँका विभिन्न रूपको परिकल्पना गरेका छौं । अष्टमातृका, अष्टभैरव, शिव, विष्णु, ब्रह्मा, राम, कृष्ण आदि सबै यौटै हुन् । वास्तवमा भन्ने हो भने त ब्रह्मको नाम पनि हुँदैन, रूप पनि हुँदैन । तपाइँ कुनै नाम दिनोस् त्यो अपूर्ण हुन्छ र त्यहाँ संकोच पैदा हुन्छ । संकोच ज्ञान होइन । तपाइँ रूप पनि दिन सक्नु हुन्न । राम र कृष्णको रूप दिनासाथ त्यहीं उपासकहरूमा झगडा पर्दछ ।

यसै कारणले **'नाम रूपविहीनस्य ब्रह्मणो रूपकल्पना'** भनेर साधकहरूले आफ्नो विभिन्न उद्देश्य सिद्ध गर्नाका लागि विभिन्न रूप आदिको कल्पना गरेको मात्रै हो, तर सारतत्त्व यौटै हो । यौटा उदाहरण प्रासङ्गिक होला । शिवले त्रिशूल लिनुभएको छ जसमा तीनवटा शूल छ जसको अर्थ तीनवटा दुःख हुन्छ । ती आध्यात्मिक, आदिभौतिक र आदिदैविक हुन् । तीनवटै दुःखको अज्ञान हो त्यसको नाश गर्ने काम शिवले नै आफ्नो हातमा लिनुभएको छ ।

त्यस्तै शिवका हातमा डमरु छ, उहाँ डमरुका घोषले मानवमात्रलाई मोहनिद्राबाट जाग्रत गराएर ज्ञानप्राप्तिका लागि प्रेरित र प्रवृत्त गराउनुहुन्छ। स्रोत यौटै समात्ने दण्डी छ । त्यसैले यी दुःखलाई नाश गर्ने हो भने यौटै शिवको उपासना गर्नुपर्दछ ।

* **उपासकका दृष्टिकोणले आफूले आफूलाई साधनाको क्रममा कुन स्थानमा राख्नुहुन्छ ?**

\- म परमेश्वरको यौटा सेवक हुँ । उहाँको सेवाद्वारा ज्ञानप्राप्तिका बाटोमा लागेको यौटा पथिक हुँ । मलाई यौटा कुरो थाहा छ कि मेरो लक्ष्य उनै परब्रह्म परमात्मालाई प्राप्त गर्नु हो ।

* **चक्रको स्थानअनुसार तपाइँ अहिले आफूलाई कुन चक्रमा पुगेको अनुभव गर्नुहुन्छ ?**

\- राजयोगको चरणमा म पुगेको छैन । उपासना र साधनाको क्रममा म छु । गन्तव्यमा कहिले पुगिएला उनै ईश्वरको कृपा हो ।

* **तन्त्रले पुनर्जन्ममा विश्वास गर्दछ कि गर्दैन ?**

\- तन्त्रले संचित कर्म, प्रारब्ध कर्म र वर्तमान कर्मलाई मानेको छ जसअनुसार प्रारब्ध भोग गर्न जन्म मृत्युको चक्र त चलिनै रहन्छ । तर, यदि कोही साधनामा पुगिसकेको छ भने ऊ यो बन्धनबाट मुक्त हुन्छ ।

* **प्रारब्ध भोगकै कुरो हो भने त तन्त्रबाट पनि एउटै जन्ममा साधना प्राप्त हुनसक्ने देखिएन ?**

\- कुरा ठीक हो । कसै कसैले अतिकठिन साधनाबाट यौटै जन्ममा पनि प्राप्त गर्न सक्छ तर त्यसको लागि प्रायः जन्म जन्मान्तरसम्म लगिरहनु पर्ने पनि हुन्छ ।

* **मानौं एउटा मानिस कुनै स्थानमा यस जन्ममा पुग्यो, अर्को जन्ममा त उसले पुनः शुरुदेखिकै साधना गर्नुपर्ने भयो भने यो चक्कर त हरेक जन्ममा हुनेभयो । अनि उसले कसरी लीन हुन पुग्ने त ?**

\- कुरो त्यस्तो होइन । तपाइँले भन्नुभएझैं नै कोही मानिस यस जन्ममा एउटा स्थानमा पुगेर मऱ्यो भने अर्को जन्ममा ऊ यस्तो कुल परम्परामा जन्म लिन पुग्दछ जहाँबाट उसले अघिल्लो जन्ममा छोडेको ठाउँबाट

अगाडि बढ्दछ ।

यसलाई एउटा घर बनाउँदाको उदाहरणबाट हेरौं । आज कुनै ठाउँमा लगेर घर बनाउन छाडियो । भोलि आएर डकर्मीले हिजोको बिगारेर नयाँ निर्माणको थालनी गर्दैन अपितु हिजैकै ठाउँबाट उसले इँटहरू थपी घरको उचाई बढाउँदै जान्छ र घर नबनुञ्जेलसम्म यही क्रम रहन्छ । ज्ञानप्राप्ति पनि त्यस्तै हो ।

* **समष्टिमा भन्नुपर्दा अहिलेको नेपालमा तन्त्रको अवस्था तपाइँ कस्तो देख्नुहुन्छ ?**

\- साह्रै दयनीय छ । यसमा धेरै काम गरिनुपर्दछ । साधारण पाठ पूजा गरेर यो हुने कुरो होइन । त्यस उच्च स्थानको ज्ञानप्राप्त गर्नका लागि हामीले सोच्नै सकेका छैनौं । कोही लागेका छन्, तर पनि साधारण सिद्धिप्राप्तिका लागि मात्रै । केही पुस्तक पढेर र एक दुई सिद्धि प्राप्त गर्न खोज्दैमा यो प्राप्त हुने कुरो होइन । सबैभन्दा ठूलो कुरो हाम्रो पुरानो परम्पराको लोप हुँदैछ । र, दीक्षा लिनुपर्ने अनिवार्यता लुप्त प्रायः भइसकेको छ । यो राम्रो कुरो होइन ।

* **तपाइँको विचारमा साधनाका दृष्टिकोणबाट सिद्धिसहित उच्च स्थानमा पुगेको कोही व्यक्ति नेपालमा छ ?**

\- जुन किसिमको व्यक्ति तपाइँले सोध्नुभयो मैले अहिले देखेको छैन। तर यदि कोही लुकेर बसेका भए त्यो मलाई थाहा छैन ।

नेपाल : एक शक्तिक्षेत्र

शक्तिक्षेत्र नेपाल

नेपाल वास्तवमा एउटा शक्तिक्षेत्र नै हो किनभने नेपालको धार्मिक संस्कृतिमा शक्ति-उपासनाको ज्यादै विशिष्ट स्थान छ र यसले आफ्नो क्षेत्रमा अविछिन्न परम्परा पनि कायम गरेको छ । मेरुतन्त्रले ५१ शक्तिपीठहरूको वर्णन गर्ने सन्दर्भमा नेपालीलाई ज्यादै गुह्य (गोप्य) वाममार्गको मूलस्थान मानेको छ। यसैगरी कुब्जिकातन्त्र, तन्त्र चूडामणि, शाक्तानन्दतरङ्गिणी, बृहन्नीलतन्त्र, महापीठ निरूपण आदि तन्त्र-ग्रन्थहरूमा पनि नेपाललाई शक्तिपीठका रूपमा गणना गरिएको छ । नेपालमा माघ-माहात्म्यको रूपमा घर-घरै बडो श्रद्धा र भक्तिका साथ भन्ने र सुन्ने गरिएको 'स्वस्थानी व्रतकथा' मा त नेपालमा सतीदेवीको गुह्यस्थान पतन भएकाले गुह्येश्वरी पीठ रहेको छ भनी लेखिएको कुरा त सबैलाई थाहै छ ।

नेपालको शक्तिपीठ

तर यहाँनेर एउटा विशेष कुरो के छ भने **पीठनिर्णय** (महापीठनिरूपण) भन्ने ग्रन्थमा ५१ पीठहरूको वर्णन गर्दा नेपालमा देवीको घुँडा पतन भएको छ र त्यहाँ कपाली भैरव एवं महामाया भगवती छन् भनिएको छ । फेरि यसै ग्रन्थको कुनै प्रतिमा भने नेपालमा जयदुर्गा छिन्, कपाली भैरव छन् र महामारी देवता छन् र विशेषतः कलियुगमा म नेपालमा बस्दछु भन्ने देवी वाक्य पनि पाइन्छ। शिवचरित्र ग्रन्थमा फेरि नेपालमा सतीदेवीको दाहिने तिघ्रा पतन भएको हो, त्यहाँ महामाया नवदुर्गा देवता र कपाली भैरव छन् भन्ने कुरा उल्लेख गरिएको छ ।

अब आश्चर्यको कुरो छ के छ भने उपर्युक्त ग्रन्थहरूमा हाम्रो स्वस्थानी-व्रतकथामा बताइए झैं नेपालमा सतीदेवीको गुह्यपतन भएको कुराको कतै उल्लेख छैन, जब कि यसै प्रसङ्गलाई लिएर नेपालमा गुह्येश्वरी पीठ बडो प्रसिद्ध छ, भक्तहरू

ज्यादै श्रद्धा र भक्तिका साथ मान्दछन् यस क्षेत्रलाई, न त फेरि माथि बताइएका घुँडा वा तिघ्रा पतन भएको पीठ नै देखा परेको छ नेपालमा । देवी भागवतमा भने देवीका स्थानहरूको वर्णन प्रसङ्गमा नेपालमा गुह्यकालीको महापीठ रहेको छ भन्ने उल्लेख भएको छ । यो विषय आफैमा पनि अनुसन्धेय छ ।

पीठस्वरूप

शक्ति–उपासनाको केन्द्रलाई पीठ र महापीठ भन्दछन् । दक्षप्रजापतिको यज्ञ विध्वंश भएपछि महादेवले सतीदेवीको शरीर बोकेर पृथ्वीको भ्रमण गर्दा विष्णुका मायाले सतीदेवीको शरीरमा माखो उत्पन्न भएर त्यसले उनको शरीरलाई गलाउन र पतन गराउन थाल्यो अथवा मतान्तरमा विष्णुले चक्रले काटेर वा ब्रह्मा, विष्णु र शनिले शरीरभित्र पसी यसलाई काट्दै अङ्ग–प्रत्यङ्ग खसाल्न थाले । उनको अङ्ग जहाँ खस्यो त्यहाँ एउटी शक्ति उत्पन्न भइन् र एउटा भैरव पनि प्रकट भए । त्यो शक्ति उपासनाको एउटा केन्द्र बन्यो र ईश्वरीको कृपाले त्यहाँ उपासना गर्ने भक्तले सिद्धि प्राप्त गरेको हुँदा त्यो सिद्धपीठ वा महापीठका रूपमा प्रसिद्ध पनि भयो । वास्तवमा यस्ता पीठहरू शक्ति स्थापनाका दृष्टिले पवित्र तीर्थ र सिद्धभूमिका रूपमा गणना गरिन्छन् ।

पीठसंख्या

पीठहरूको संख्यालाई लिएर विभिन्न दृष्टि र मत–मतान्तर पाइन्छन् । कहीं उड्डीयाण (उड्याण), कामरूप, पूर्णगिरी र जालन्धर यी चार पीठहरूको वर्णन पाइन्छ भने कहीं वाराणसी, ज्वलन्ती, मायावती, मधुपुरी, अयोध्या र कान्ची समेतलाई यिनीहरूमा सम्मिलित गरेर दश पीठहरूको उल्लेख भएको छ । कहीँ आठ पीठहरूलाई लिइएको छ भने कहीं अठार भनिएको छ । कतै कतै पचास, एकाउन्न, चउन्न, एकसय आठ आदि भिन्न भिन्न संख्यामा पीठहरूको निर्देश पुराण र तन्त्र–ग्रन्थहरूमा गरिएको छ ।

पीठन्यास

पीठहरूको मान्यताबारे अर्को एउटा प्रक्रिया पनि छ । संसारमा जति पनि

पीठहरू छन् ती सबैको परिकल्पना मानव शरीरभित्रै गरिएको छ । शक्तिपूजाको अङ्गका रूपमा उपासक आफ्ना शरीरका विभिन्न अङ्गहरूमा बीज मन्त्रहरूको उच्चारण गर्दै विभिन्न महापीठहरूको न्यास गर्दछ । जस्तै, मूलाधारका कामरूप, हृदयमा जालन्धर, निधारमा पूर्णगिरि, त्यसभन्दा माथि तालुमा उड्डीयाण (उड्याण), आँखीभौंका बीच वाराणसी, तीन आँखा (दायाँ, बायाँ र निधार) मा ज्वलन्ती, मुखमा मायावती, घाँटीमा मधुपुरी, नाइटोमा अयोध्या र कम्मरमा काञ्चीपीठको न्यास गर्नुपर्दछ भन्ने रुद्रयामल ग्रन्थको निर्देश छ । यसलाई पीठन्यास भन्दछन्। विभिन्न देवताहरूका अङ्ग-अङ्गमा भावना गरेर प्रतिष्ठित गराएझैं यी पीठहरूको पनि भावना गरिन्छ र शरीरलाई शक्ति उपासनाको केन्द्रको रूपमा मानिन्छ । तन्त्र ग्रन्थहरूमा पीठन्यासका विभिन्न प्रक्रियाहरूको वर्णन पाइन्छ, यो पनि आम्नाय, देवता, मन्त्रका भेदले भिन्न भिन्न हुनसक्तछन् ।

गुह्येश्वरी

गुह्येश्वरीपीठलाई लिएर नेपाली धार्मिक समाजमा प्रसिद्ध स्वस्थानी व्रतकथाको सन्दर्भबारे त केहीं संक्षेपमा अघि पनि बताइसकिएको छ । त्यसभन्दा विशेष कुरा के हो भने - नेपालकी यिनी गुह्येश्वरी वास्तवमा उत्तराम्नायकी अधिष्ठात्री नायिका भगवती गुह्यकाली हुन् । 'गोरक्ष संहिता'मा गुह्येश्वरी र गुह्यकाली एउटै हुन् फरक छैन भनी लेखिएको छ ।

यिनी स्वयं निर्गुण, निराकार, ब्रह्मस्वरूप भएता पनि यिनका विभिन्न सगुण स्वरूपको उपासना देवता, दानव, मनुष्य सबैले गरेका छन् । यिनका मन्त्रहरूका अठार भेद छन् । मन्त्रका भेदले ध्यान पनि भिन्न भिन्न नै मानिन्छन्। यस्तै मन्त्र, वाहन आदि पनि बेग्लाबेग्लै छन् । ब्रह्मा, वशिष्ठ हिरण्यकशिपु, कुबेर, यमराज, भरत, रावण, बलि, इन्द्र, विष्णु आदि जसले जुन मन्त्रद्वारा जुन स्वरूपको ध्यान गरी यिनको उपासना गऱ्यो र सिद्धि प्राप्त गऱ्यो, त्यही मन्त्र, त्यही ध्यान लोकमा प्रसिद्ध पनि भयो ।

यिनका एक, दुई, तीन, पाँच, दश, तेह्र, चौध, बीस, छत्तीस, साठी, अस्सी, सय आदि मुख भएका स्वरूपहरूको ध्यान गरिन्छ तापनि भरतले उपासना गरेको दश मुख भएको स्वरूपकी ध्यान चाहिँ प्रधान र शीघ्र सिद्धिदायक मानिन्छ ।

देवता, मानव, पशुपक्षी सबैका स्वरूपलाई यिनीभित्र अन्तर्भूत गरेर यिनको उपासना गर्ने साधकले संसारैलाई यिनीभित्र र यिनैलाई संसारको प्रत्येक वस्तुमा देख्दछ । यो योगको चरम परिणति हो र ब्रह्मज्ञानको वास्तविक स्वरूप लाभ हो । यसैले गुह्यकालीको अर्को नाम योगेश्वरी, महायोगेश्वरी र चण्डयोगेश्वरी पनि हो ।

धनशमशेरको 'कामकला रहस्य' अनुसार नेपालको गुह्यकाली पीठमा जलज्योतिमा पश्चिमाम्नायकी देवी कुब्जिकाको र कुण्डमा सिद्धिकराली (गुह्यकाली) को समष्टि गरिएको हुँदा यसलाई आधा-आधा नाम लिई गुह्येश्वरी भनिएको हो । ज्योतिस्वरूप श्रीपशुपतिनाथ, बागमती नदी र गुह्येश्वरीपीठको माहात्म्यलाई लिएर हाम्रो पुराण भन्छ -

ज्योतीरूपसमं लिङ्गं वाग्मतीसदृशा नदी ।
गुह्येश्वरीसमं पीठं नास्ति ब्रह्माण्डगोलके ।।

गुह्येश्वरी वा गुह्यकाली नै भनौं, यिनका स्वरूप र उपासना प्रक्रियाको साङ्गोपाङ्ग वर्णन 'महाकाल संहिता' (गुह्यकाली खण्ड) मा पाउन सकिन्छ ।

वज्रयोगिनी र विक्रमादित्यको कराही

तान्त्रिक संस्कृतिमा वज्रयोगिनीको उपासनाले ज्यादै महत्त्वपूर्ण स्थान लिएको छ । खासगरी बौद्ध तान्त्रिक संस्कृतिअन्तर्गत यिनको विशेष परम्परा रहेको छ । बौद्धतन्त्र अनुसार वज्रयोगिनी, खड्गयोगिनी, आकाशयोगिनी र नैराम्ययोगिनीलाई वज्रयानी तान्त्रिक उपासनाका दृष्टिले विशेष महत्त्वपूर्ण मानिएको छ तापनि वज्रयोगिनीलाई त शैव र शक्ति तन्त्रहरूले पनि आत्मसात् गरी आफ्ना उपासनामा विशेष स्थान दिएका छन् ।

जेहोस्, अहिलेको यस सन्दर्भमा हेर्दा - ने मुनि जसको नामबाट यो देश 'नेपाल' भनिन्छ, यिनलाई वज्रयोगिनी भगवतीले वरदान दिएको प्रसङ्ग वंशावलीमा पाइन्छ । जुनबेला नेपाल खाल्डो एउटा तलाउको रूपमा थियो, कृष्णले अथवा भनौं मञ्जुश्रीले पहाड काटेर पानी बाहिर बगाइसकेका थिएनन्, त्यसबेला ने-मुनिले ज्योतिःस्वरूप श्री पशुपतिनाथ र श्रीवज्रयोगिनीबाट पाएका वरदानकै कारणले गर्दा पशुपति क्षेत्रको पालन गरेर यो देश 'नेपाल' भयो ।

कराही

वज्रयोगिनीको मन्दिर नेपालमा काठमाडौंको पूर्वोत्तर कोणमा रहेको एउटा प्राचीन शहर साँखुमा पर्दछ । हुन त यहाँ रहेको देवीका मूर्तिले हातमा खड्ग लिएको हुनाले यिनलाई वज्रयोगिनी होइन खड्गयोगिनी भन्दछन् र वज्रयोगिनीको मन्दिर चाहिँ फर्पिङ्गमा छ भनिन्छ, तापनि वंशावली र अरू अभिलेख अनुसार यिनलाई नै वज्रयोगिनी मान्नु पर्दछ । यिनीसँग यस मन्दिरको एक भागमा एउटा कराही घोप्ट्याइएको छ र एउटा शिर पनि त्यहाँ राखिएको छ जसलाई विक्रमादित्यको शिर भन्दछन् ।

यिनीसँग सम्बन्धित एउटा चाखलाग्दो किंवदन्ती भनौं वा कथा भनौं वंशावलीमा पाइन्छ । एकपल्ट नेपालका तत्कालीन राजा धर्मागत देव वज्रयोगिनीको बडो भक्तिसाथ सेवा गर्दथे । उनी सधैं एउटा ठूलो कराहीमा तेल तताएर आफ्नो शरीरलाई अनेकौं मसलाहरूले पोती त्यसमा हामफाल्थे र आफ्नो शरीरको पाक गरेर त्यसको भोग वज्रयोगिनी र उनका गणदेवताहरूलाई चढाउँथे । उनको यस्तो सेवाबाट प्रसन्न भएर वज्रयोगिनीले उनलाई पुनः पूर्ववत् जीवित गराएर प्रशस्त धन-सम्पत्ति प्रदान गर्दथिन्; र राजा त्यही धन आफ्ना प्रजाका कल्याणको निम्ति खर्च गरेर उनीहरूको पालन-पोषण गर्दथे ।

ठीक यही क्रम चलिरहेको बेलामा उज्जैनका एकजना १२ वर्षका बालक विक्रमसेनलाई एक दिन स्वप्न भयो । स्वप्नमा ज्योतिस्वरूप श्रीपशुपतिनाथ र भगवती श्री वज्रयोगिनीले उनलाई दर्शन दिएर 'तिम्रो कर्मद्वार यहाँदेखि उत्तरतिर रहेको नेपाल पुण्यभूमिमा छ' भनी प्रत्यक्ष देखाई त्यता जान आकर्षित गरे । उनी पनि स्वप्नलाई सत्य मानेर नेपालतिर प्रस्थान गरे ।

त्यतिबेला उनीसित बुद्धिसेन, माग्नाथ शर्मा र वैकुण्ठ तीनजना अरू पनि साथ लागी आएका थिए। उनीहरू नेपालको त्यसबेलाको ठूलो शहर विशालनगरमा आएर एक जनाको घरमा डेरा गरी बसे र राजा धर्मागतदेवको सेवा गर्न थाले । विस्तारै विस्तारै उनीहरू राजाका ज्यादै प्रियपात्र बन्न पुगे । रहँदा बस्दा राजा धर्मागतदेवले राती राती वज्रवाराहीको मन्दिरमा गएर तातो तेलको कराहीमा आफ्ना शरीरको पाक गरी ईश्वरीलाई भोग लगाएको र उनको कृपाले फेरि

जीवनदान र ऐश्वर्यसमेत पाउने गरेको कुरा विक्रमसेनले थाहा पाए र एक दिन चेवा गरी बस्दा आफ्नै आँखाले पनि देखे ।

त्यसपछि अर्को दिन विक्रमसेनले धर्मागत राजा जानुभन्दा पहिले नै रातको पहिलो प्रहरमा नै वज्रयोगिनीको मन्दिरमा गएर उनले गरेजस्तै तातो तेलको कराहीमा आफ्ना शरीर पाक गरी गणसहित ईश्वरीलाई भोजन गराए । ईश्वरीले पनि प्रसन्न भएर उनलाई फेरि जीवनदान दिई पारसमणि (फलामलाई छुआउनासाथ सुन हुने मणि) वा कल्पवृक्षसमेत दिएर घर फर्काइन् । पछि पूर्ववत् फेरि धर्मागत राजा आइपुगे । तर आफू पाक हुने कराही घोप्ट्याई राखेको देखी चकित भएर उनले ईश्वरीको पुकारा गरे । ईश्वरीले पनि 'चाहिंदो विधान पूर्ण भैसक्यो । हामी प्रसन्न भयौं । तिम्रो सेवक विक्रमसेनलाई पारसमणि दिएको छ। त्यसैबाट ऐश्वर्य प्राप्त गरेर सुख भोग गर । अब आउनु पर्दैन' भनिन्।

त्यसपछि धर्मागतदेव राजाले 'मेरो प्रारब्धमा सिद्धि रहेनछ' भन्ने ठानी सन्तोष मानेर दरबार फर्के । पछि विक्रमसेनले पनि राजालाई तथ्य कुरा विन्ती गरे । राजाले पनि 'तिमी धन्य रहेछौ, ईश्वरीको दर्शन र ऐश्वर्य समेत पायौ, अब तिमी नै राज्य गर, म वनमा जान्छु' भनेर उनलाई विक्रमादित्यको नामले राज्याभिषेक गरे । पछि उनी वनमा तपस्या गर्न गए र ईश्वरीका अनुकम्पाले उनको उद्धार भयो । यो कथा वंशावलीको हो ।

तन्त्रमा, **नैवेद्यं स्वकलेवरम्**, 'भगवतीलाई आफ्नै शरीर नैवेद्य चढाउनु पर्दछ' भनिएको छ । यसैका आधारमा यो कथा चलेको हो जस्तो लाग्दछ । वास्तवमा त्यसैगरी शरीरको पाक गरेर चढाउनु अथवा काटेर बलि दिनु भन्ने यस वाक्यको अर्थ होइन ।

तात्पर्य के हो भने – भगवती परब्रह्म परमात्मा हुन् । सम्पूर्ण संसार नै उनको विराट् विग्रह हो । हाम्रो शरीर पनि त्यसैभित्रको एउटा अंशदेखि बाहेक केही होइन। त्यसैले आफ्नो शरीरलाई पृथक् नमानी यसलाई परमेश्वरीका विराट् विग्रहमा विलीन गरिदिनु पर्दछ । किनभने भेदभाव अज्ञानमूलक हुन्छ र परब्रह्मसँगको अभिन्नताबोध नै वास्तविक ज्ञानको स्वरूप हो भन्ने यस वाक्यको अभिप्राय हो ।

हिन्दू र बौद्ध तन्त्रका समन्वयात्मक बिन्दुहरू

हिन्दू र बौद्ध तन्त्रसाधनाका दुई धारा

नेपालमा धेरै प्राचीन कालदेखि तन्त्र–साधनाका दुई धाराहरू निरन्तर प्रवहमान भएर धार्मिक जनजीवनलाई पवित्र, निष्पाप, कल्मषरहित, शुद्ध बनाउँदै परमपुरुषार्थ मोक्ष वा निर्वाणतर्फ प्रेरित गर्दै आएका छन् । ती धाराहरू हुन् - हिन्दू र बौद्ध तन्त्र साधनाका विचारधाराहरू । यी दुवै आपसमा पृथक् प्रकृतिका भएर पनि यिनको मिलन हुने समन्वयात्मक बिन्दुहरू अनेकौं छन् । हिन्दू शैव भक्त पुष्पदन्तले शिवको स्तुति गर्दै महिम्नस्तोत्रमा एक श्लोक पढेका छन् -

त्रयी साङ्ख्यं योगः पशुपतिमतं वैष्णवमिति
प्रभिन्ने प्रस्थाने परमिदमदः पथ्यमिति च ।
रुचीनां वैचित्र्याद् ऋजुकुटिलनानापथजुषां
नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव ।।

तात्पर्य हो – वेद, साङ्ख्य–योग आदि विभिन्न दर्शनहरू, पाशुपत, वैष्णव आदि सम्प्रदाय वा मतहरू यी देख्ता बेग्लै छन् । तर कुनै लामा कुनै छोटा, कुनै सोझा र कुनै बाङ्गाटिङ्गा नदीनालाहरू जो जस्ता भए तापनि जसरी ती सबै अन्ततः समुद्रमा गएर मिल्दछन्, त्यसैगरी समस्त श्रुति, स्मृति, दर्शन, ज्ञान-विज्ञान सबका मूल प्रतिपाद्य तत्त्व तपाइँ शिव नै हुनुहुन्छ – सागरजस्तै । ती सबै अन्ततः तपाइँ शिवमा नै विलीन हुन्छन् ।

हिन्दू र बौद्ध तन्त्रका समन्वयबिन्दु

१. वास्तवमा हिन्दू हुन् वा बौद्ध, जैन वा अन्य कुनै । सबैका प्रकृति,

साधना प्रक्रियाहरू, उपचार वा चिन्तनका मार्गहरू पृथक् पृथक् हुन सक्तछन्, तर मूल लक्ष्यको तात्त्विकस्वरूपमा मौलिक भेद छैन भने पनि हुन्छ। धर्म, अर्थ, काम र मोक्ष यिनीहरूलाई पुरुषार्थ मानिएको छ, त्यसमा पनि मोक्षलाई त परमपुरुषार्थ। चेतनशील, विचारवान् मनस्वी चिन्तक दार्शनिकहरू, जसले संसारका प्रपञ्चबाट टाढा रहेर जीवनको रहस्य पत्ता लाउन तपस्या गरे।

विश्वका जुनसुकै धर्मावलम्बी हुन्, सबैका क्रियाकलाप यिनैको प्राप्तिका लागि उन्मुख देखिन्छन्। यसैले भन्नुपर्दछ - मूलतः धर्म, अर्थ, काम र मोक्ष यिनीहरूलाई आ-आफ्ना धर्मसँग सम्बद्ध साहित्यमा जे-जस्ता नाम र स्वरूप दिइएता पनि धर्मका मिलन बिन्दुहरू - समन्वयात्मक बिन्दुहरू यिनै हुन्।

२. 'तन्त्र' शब्दको अर्थ हो - त्यो शास्त्र जसमा ज्ञानको विस्तार गरिएको हुन्छ। तर यो शब्द 'साधना-शास्त्र' को निमित्त प्रयोग गरिन्छ। मन्त्रहरूको प्रयोग गर्दै देवतालाई प्रसन्न बनाएर आफ्नो इष्टसिद्ध गर्ने साधना जुन शास्त्रमा पाइन्छ त्यसैलाई तन्त्र भनिने गरिन्छ। यो परिभाषा सामान्यतया हिन्दू र बौद्ध दुवै साधनाका लागि समानरूपले लागू हुन्छ।

३. हिन्दू तन्त्रको मूल स्रोत शिवलाई मानिन्छ। शिवले नै जनकल्याणका लागि आफ्नै मूल स्वरूप - आफैमा निहित ज्ञानराशिलाई दश शैव, अठार भैरव र चौसट्ठी तन्त्र वा आगमका रूपमा आफैबाट अभिन्न शक्तिलाई उपदेश गरे। यसैबाट मानिसको अज्ञानको निवारण भयो र उनीहरू पशुत्वबाट माथि उठेर मुक्त भए। शिवको नाम पनि पशुपति पर्न गयो।

बौद्ध तन्त्र पनि प्रथमतः बीजरूपमा बुद्धको उपदेशमा विद्यमान थियो र त्यसैको विश्लेषण पछि बुद्धकै शिष्यहरूले विभिन्न सङ्गीतिहरूमा गरे र महायान एवं त्यसैअन्तर्गत मन्त्रयान वज्रयानको विकास भयो भन्ने विद्वान्हरूको निष्कर्ष छ। हिन्दू तन्त्र शिवबाट समुदित भएर जनकल्याणको माध्यम भएजस्तै बौद्ध तन्त्र महाकारुणिक बोधिसत्त्वबाट समुदित भएर क्लेशावरण र ज्ञेयावरणबाट जनउद्धारको कारण बन्यो। यसरी शिव र

बोधिसत्त्वलाई समानरूपले भवबन्धनबाट मानिसलाई मुक्त गर्ने परम उद्धारक मान्नु पर्दछ ।

४. हुन त वेदलाई प्रमाण मान्ने आस्तिक र नमान्ने नास्तिक भन्ने परिभाषाका आधारमा वेदमूलक तन्त्र आस्तिक र बौद्धतन्त्र नास्तिक भनिने गरिन्छ, तापनि यो भेद औपचारिक मात्र भएको देखिन्छ, तात्त्विक होइन । जन्म र मृत्यु, जीवनका दुःखहरू, दुःखको उदय, दुःखबाट मुक्ति, मुक्तिको उपाय यिनका रहस्यहरूको खोज र हिन्दू र बौद्ध दुवै धर्ममा समानरूपले भएका छन् । वैदिक तान्त्रिक दर्शनमा शिवत्वप्राप्ति र बौद्ध तान्त्रिक दर्शनमा सम्यक् सम्बोधिप्राप्ति दुवै दुःखको परमनिवृत्तिकै उपाय मानिएका हुन्।

५. कतिपय दर्शनहरूमा त यति समानता भेटिन्छन् – तात्त्विक भेद पत्तालाउन पनि अत्यन्त गाह्रो पर्दछ – खासगरी वेदान्तको अद्वैतवाद (ब्रह्म सत्य, जगत् मिथ्या) को सिद्धान्त र बुद्धको शून्यवाद यी दुवैमा खास भेद पत्ता लगाउन निकै कठिन छ । प्रपञ्च मिथ्यात्व र सर्वशून्यताको तात्त्विक भेद छैन भने पनि हुन्छ ।

वेदान्तले **'अहं ब्रह्मास्मि'** 'म ब्रह्म नै हुँ' भनेर सिकाएको महावाक्यको क्रियात्मक अभ्यास शैवतन्त्रले गराउँदछ र यौटा पूजक (तन्त्रसाधक) अनुभव गर्न चाहन्छ – म ब्रह्म हुँ, म देवता हुँ, ममा कुनै शोक छैन, म सत् (तीनै कालमा विद्यमान), चित् – ज्ञानस्वरूप र आनन्दस्वरूप हुँ । यसैको तात्त्विक परिणतिबाट ऊ समस्त दुःखबाट = भवबन्धनबाट मुक्त हुन्छ ।

यता बौद्ध तान्त्रिकहरू शून्यता नै निर्वाण मान्दछन् – **शून्यतैव निर्वाणं केवलम्** – (चतुःशतक)। समस्त प्रपञ्चको शमन शून्यता हो, जसबाट समस्त कल्पनाको जालोको अन्त्य हुन्छ, प्रपञ्चको निवृत्तिबाट विकल्पको निवृत्ति हुन्छ, त्यसबाट समस्त क्लेशको निवृत्ति र त्यसबाट जन्मको निवृत्ति हुन्छ । यसैले शून्यता नै सम्पूर्ण प्रपञ्च निवृत्तिको मूलस्वरूप भएकोले यही निर्वाण हो (माध्यमिक वृत्ति)।

यसरी मोक्षको स्वरूप निर्वचनमा पनि शैव तन्त्र र बौद्ध तन्त्रको

दृष्टिमा उति फरक देखा पर्दैन । किनभने ब्रह्म त्यही तत्त्व हो जो शून्य तत्त्व हो । परमार्थतः ब्रह्मावाप्ति र शून्यत्वप्राप्ति यौटै नै हो ।

६. बौद्धशास्त्रमा दान, शील, क्षान्ति, वीर्य, ध्यान र प्रज्ञा छ पारमिताको प्रतिपादन भएर यिनीहरूलाई जसले हस्तगत गरेको छ त्यही पुनर्जन्मबाट मुक्त हुन्छ भन्ने, अरू पारमिता प्रज्ञापारमिताका लागि र प्रज्ञापारमिता पुनर्भवको उच्छेदका लागि हो – यही शून्यताको उपाय हो भन्ने प्रतिपादन पाइन्छ । अर्को शब्दमा तन्त्र साधनाका उपायका रूपमा प्रतिपादित चित्तशुद्धिका क्रममा अपनाउनुपर्ने उपाय तीभन्दा पृथक् देखिंदैनन् ।

हिन्दू वा शैव तन्त्रसाधना र बौद्ध तन्त्रसाधनासँग सम्बद्ध उपायहरूमा देखिने यौटा अद्‌भुत समन्वय योगमा छ । शैवतन्त्रहरूमा साधना वास्तवमा यौटा योग नै हो – जीव र आत्मा, आत्मा र परमात्मा, चित्तवृत्तिको निरोध, इन्द्रियका वृत्तिहरूको अन्तर्मुखीकरण आदि योग नै हुन् । गीतामा त कर्मयोग, भक्तियोग, ज्ञानयोग, यिनका पनि धेरै विधाहरू बताइएका छन् ।

वस्तुतः देवता साधनको परम उपाय योग हो। त्यो पनि हठयोग, राजयोग, लययोग आदि आदि । बौद्ध तन्त्रमा पनि योगको ठूलो महत्त्व प्रतिपादन भएको छ – **चित्तबिम्बस्य योगो तु बुद्धैस्तु वर्णितः, योगशब्दः प्रज्ञोपायार्थवाचकः, योगः शून्यता करुणाभिन्नं विशुद्धतत्त्वम्, विशुद्धचित्तम्, प्राणापानयोः परस्परं संयोगो योगः, योगः पूरकरेचकयोरेकता कुम्भकः, तत्त्वालम्बनसमाधिर्योगः'** इत्यादि वाक्यहरूले सम्यक्सम्बोधि, महासम्बोधि प्राप्तिको उपाय, चित्त विशुद्धिलाई र समाधिलाई योग हो भन्ने प्रतिपादन भएको देखिन्छ ।

योगका अङ्गहरूमा पनि शैवतन्त्रहरूमा यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि यी आठको परिगणना भएको छ भने बौद्ध तन्त्रमा योगका छ वटा अङ्गहरू मानिएकामा पाँचवटा त उही प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि नै हुन् भने त्यहाँ यम र नियम एवं आसनलाई छोडेर अनुस्मृतिलाई लिएको देखिन्छ ।

यसैगरी अन्तर्योग र बहिर्योगका नाममा चर्चा गरिएको शैवतन्त्रको चर्यालाई बौद्धतन्त्रले **योगिनां चर्या द्विधा, एका बाह्या, द्वितीया आध्यात्मिकी** भनेर लौकिक फल हेतु बाह्य एवं लोकोत्तर फल हेतु आध्यात्मिक योग चर्या मानेको पाइन्छ ।

त्यसरी नै शैवतन्त्रले गुरुतत्त्वलाई –

गुरुर्ब्रह्मा गुरुर्विष्णुर्गुरुर्देवो महेश्वरः ।
गुरुः साक्षात्परब्रह्म तस्मै श्रीगुरवे नमः ।।

भनेर गुरुको महत्त्व सर्वाधिक भएको बताएको छ भने बौद्धतन्त्रले -

गुरुर्बुद्धो गुरुर्धर्मो गुरुः सङ्घस्तथैव च ।
गुरुर्वज्रधरः श्रीमान् गुरुरेवात्र कारणम् ।।
गुरुमाराधयेत्तस्माद् बुद्धत्वफलवाञ्छया ।

भनेर त्यत्तिकै विशिष्टता गुरुलाई प्रदान गरेको भेटिन्छ ।

शैवतन्त्रमा चित् (ज्ञान) तत्त्व, ब्रह्मतत्त्व, आत्मतत्त्वका रूपमा प्रतिपादित भएको छ, बौद्धतन्त्रमा **चेर्तनं चित् ख्यातिः प्रकाशः प्रतिभासनं स्फुटत्वम् अपरोक्षतेति यावत्** भनेर उही ज्ञानतत्त्वको प्रतिपादन स्पष्ट पाइन्छ । यहीं ज्ञानतत्त्वलाई दुवैतिर अद्वय (द्वितीयरहित) तत्त्वका रूपमा लिइएको छ भने अनुत्तर तत्त्वलाई पनि **सर्वप्रपञ्चरहित ज्ञान**का रूपमा यौटै किसिमबाट प्रतिपादन भएको छ ।

योगसँगै सम्बद्ध शरीरमा रहेका चक्रहरूको विषयमा पनि दुवै तन्त्रहरूमा एकप्रकारको समानता देखिन्छ । शैवतन्त्रमा कुण्डलिनी योगसँग सम्बद्ध शरीरमा ६ चक्रहरूको अवस्थिति मानिएको छ – मूलाधार, स्वाधिष्ठान, मणिपूर, अनाहत, विशुद्ध र आज्ञा अनि सातौं सहस्रार । यिनैका भेदनबाट कुण्डलिनीलाई परमशिवसँग मिलन गराइन्छ, यही राजयोग हो ।

बौद्धतन्त्रमा पनि ६ चक्रहरूको अस्तित्वको वर्णन कालचक्र तन्त्रमा पाइन्छ – हृदयमा **धर्मचक्र**, शिरमा **सहस्रार**, घाँटीमा **सम्भोग**, नाभिमा

निर्माण, बाहुमा **कर्म** र अङ्गुलीपर्वसन्धिमा **क्रिया** । यिनै मध्येका चार चक्रहरूको वर्णन हेवज्रतन्त्रमा पनि पाइन्छ – धर्म, सम्भोग, निर्माण र महासुख । तन्त्र हेवज्रतन्त्रअनुसार निर्माणमा ६४, धर्ममा ८, सम्भोगमा १६ र महासुखमा २२ दलको कमलदल मानिएका छन् ।

धर्म, सम्भोग र निर्माण चक्र नै काय, वाक् र चित् चक्र हुन् । यिनीहरू क्रमशः हृदय, कण्ठ र योनिमा रहन्छन् । यिनका अतिरिक्त महासुखतन्त्र चाहिं शिरमा विद्यमान मानिन्छ । समस्त प्राणीहरूको उत्पत्ति र निर्माण स्थान योनिमा निर्माण चक्र – कायचक्र, धर्मचित्तस्वरूप धर्मकाय धर्मचक्र हृदयमा, सम्भोग – भोग स्थान कण्ठमा भोगचक्र – चित्तचक्र र महासुखको स्थान महासुखचक्र शिरमा रहेको चिन्तन बौद्धतन्त्रको हो । नाम, स्वरूप र स्थानबारे दुवै शैव र बौद्धतन्त्रमा केही भेद देखिएता पनि शरीरमा चक्रका अवस्थितिको धारणा र यसको योगसँग रहेको सम्बन्ध समान पाइन्छ ।

यसैगरी शैवतन्त्रमा इडा र पिङ्गला नाडीहरू चन्द्र र सूर्य नाडीका रूपमा मानिएर तिनैबाट प्राणको आवागमन हुने तथ्य प्रतिपादित छ भने बौद्धतन्त्रमा पनि **चन्द्रसूर्यौ तु विख्यातौ पार्श्वे तु वामदक्षिणे एवं एतौ तु चन्द्रसूर्याख्यौ, नाडीद्वयं प्रकीर्तितम्** भन्ने समानता पाइन्छ ।

तत्त्वका सम्बन्धमा पनि आत्मतत्त्व, मन्त्रतत्त्व, देवतातत्त्व र ज्ञानतत्त्व भन्ने बौद्ध तन्त्रको मान्यतासँग शैव तन्त्रको विरोध देखिंदैन ।

शिवका अतिरिक्त दीक्षा, जप, पूजा, मुद्रा, उपचारहरू (चन्दन, अक्षता, धूप, दीप, नैवेद्य आदि), व्रत, उपवास आदि साधनाका साधनहरू शैव र बौद्ध तन्त्र दुवैमा समानै छन्, खास फरक छैनन् । देवताका विषयमा पनि दुवै तन्त्रमा समान दृष्टि छन् । शैवतन्त्रमा वर्णित देवता बौद्धतन्त्रमा पनि पूज्य छन् । नाम र रूप फरक भए पनि मान्यतामा धेरै भेद छैन ।

अन्ततः नेपालमा बौद्धधर्मको विशेषतः महायान त्यसअन्तर्गत पनि मन्त्रयान बौद्धतन्त्रको विकास अत्यन्त गौरवको विषय हो । बुद्धत्व

पदको प्राप्ति नै तन्त्रको मूल उद्देश्य वा लक्ष्य हो । यही प्रज्ञा (ज्ञान) र उपाय (करुणा) को महासामरस्य हो । यही अनुत्तर पद हो । यसैको प्रयोजन सम्पूर्ण भवबन्धन जन्म दुःखको मुक्ति र महासुखको प्राप्ति हो। एक्लै आफ्नै मात्र होइन, सम्पूर्ण प्राणीलाई दुःखबाट छुटकारा दिलाउनु यही बुद्धत्वको साध्य हो । यही बौद्धतन्त्र साधनाको परमलक्ष्य हो । यहीँ निर आएर शैवतन्त्र साधनाको लक्ष्य पनि समन्वित हुन्छ । **अहं ब्रह्मास्मि** भनेर आफूले मात्र ब्रह्मपद प्राप्ति गर्ने होइन, सम्पूर्ण चराचर जगत्नै आफूमा अभिन्न भएको अनुभव गर्नु नै यसको लक्ष्य भएको हुँदा तन्त्र साधनाबाट लक्षित ब्रह्मपदप्राप्ति जगत्कै मोक्षको उपाय हो ।

तन्त्र साधनाको सारा प्रयास सम्पूर्ण चराचर जगत्को कल्याणका लागि हो । त्यो कल्याण – त्यो परम उद्देश्य स्वयं परिपूर्ण र शक्तिसम्पन्न भएपछि मात्र सम्भव हुन्छ । त्यही परिपूर्णता र शक्तिसम्पन्नता बुद्धमा सम्भव छ । यसैले महयानी बुद्धत्व प्राप्त गर्न चाहन्छ । यसैको लागि तन्त्र साधना हो । प्रथमतः बोधिचित्त (सम्पूर्ण प्राणीमा हित गर्ने चाहना) को उत्पत्ति आवश्यक छ – यही कारुणिकता हो । यसैले बोधिसत्त्व बनाउँदछ।

अनि ज्ञान सम्भार र पुण्य सम्भारको संचयबाट क्लेशावरण र ज्ञेयावरणको निवृत्तिका साथै लोकोत्तर प्रज्ञाको उदय भएर पछि बुद्धत्व प्राप्त हुन्छ भन्ने बौद्ध तन्त्रमार्गको निष्कर्ष हो । यही त शैव तन्त्र साधनाको परमलक्ष्य हो । शिवत्वको प्राप्ति, अज्ञानरूपी बन्धको विनाश, पशुत्वको उच्छेद, महाकारुणिकताको उदय यसैमा त दुवै तन्त्रमा साम्य छ । अस्तु।

चण्डी भक्त (भक्ति) विनोदिनी : एक अध्ययन

सप्तशतीको विशेषता

मार्कण्डेय पुराणअन्तर्गतको 'सप्तशती' ज्यादै प्रसिद्धि प्राप्त ग्रन्थ हो । यसको अर्को नाम 'चण्डी' र 'देवीमाहात्म्य' पनि हो । प्रत्येक हिन्दू जसले शाक्त परम्परामा आस्था राख्दछ, बडो आदर साथ सप्तशतीको पाठ गर्दछ । कुनै पनि प्रबुद्ध व्यक्ति जसले हिन्दूधर्मको जानकारी राख्तछ, यसको कीर्तिदेखि अपरिचित छैन । सप्तशती यौटा सिद्ध ग्रन्थ हो । यसको प्रत्येक श्लोक, प्रत्येक अक्षर मन्त्र भनिन्छ । यसको सामान्य पाठदेखि लिएर शतचण्डी, सहस्रचण्डी, अयुतचण्डी आदिको विधिविधान पुराण तथा तन्त्रग्रन्थहरूमा यत्रतत्र पाइन्छ । शाक्तपरम्परा रहेका प्रत्येक घरमा, प्रत्येक देवीमन्दिरमा, प्रत्येक शक्तिपीठमा यसको विधिपूर्वक पाठ गरिन्छ, यसैद्वारा पनि शक्तिको उपासना गरिन्छ ।

विद्वान्हरूले यसका अनेकौं टीका लेखेका छन्, टिप्पणी गरेका छन् । यसभित्र रहेका अनेकौं रहस्यहरूलाई सुल्झाउन खोजेका छन् । तर कति रहस्यहरू अझै पनि यसका गर्भमा पटाच्छन्न भएर रहेका छन् ।

सप्तशतीका आराधक नवमी सिंह

यसै सन्दर्भमा यसै ग्रन्थलाई लिएर मल्लकालीन एकजना प्रसिद्ध तन्त्रशास्त्रका ज्ञाता दीक्षित विद्वान्ले नयाँ खोज गरेका थिए । यी विद्वान् थिए प्रसिद्ध मल्लराजा कवीन्द्र प्रताप मल्लका नाति भूपालेन्द्र मल्लका अमात्य नवमी सिंह । यिनले **चण्डीभक्तिविनोदिनी**को नाममा सप्तशती ग्रन्थरत्नको सम्पादन गरेका थिए । खोजका दृष्टिले प्रस्तुत ग्रन्थ ज्यादै महत्त्वपूर्ण र उपयोगी त्यसैबेला पनि मानिएको थियो ।

सम्पादित ग्रन्थ चण्डीभक्तिविनोदिनीका पाण्डुलिपि

त्यसबेला आजजस्तो सम्पादित ग्रन्थलाई छपाएर सर्वजन सुलभ गरउने साधन-सुविधा नभएकाले यसको महत्त्व जान्ने व्यक्तिले उक्त ग्रन्थ सार्न लगाएर प्रतिलिपि आफ्नो घरमा सुरक्षित राखे । राष्ट्रिय अभिलेखालय, केशर पुस्तकालय र घर-घरमा पनि यसका सारिएका हस्तलिखित प्रतिहरू धेरै संख्यामा उपलब्ध छन् । कतिका परिवारमा त यसैको पाठ गर्ने परम्परा पनि चलेको पाइएको छ ।

तर नेपालका यी विद्वान्का खोजले आवश्यक प्रचार पाउन नसकेर हो वा प्राचीन परम्पराका मोहले हो वा अन्धानुकरणले हो – यस ग्रन्थले व्यापक कार्यक्षेत्रलाई अंगाल्न सकेन । अनुसन्धानको आजको युगमा पनि यसको समुचित शोधकार्य हुनसकेको छैन। यो नेपालका प्रतिभाको देन हो । यसको अङ्गीकारले देशको गौरव बढ्दछ । विद्याको क्षेत्र समृद्ध हुन्छ। यसका साथै जगज्जननी भगवती दुर्गाको माहात्म्य पाठमा यसले महत्त्वपूर्ण योग प्रदान गर्दछ ।

चण्डीभक्तिविनोदिनीको विशेषता

अमात्य नवमी सिंह आफ्नो ग्रन्थमा सर्वप्रथम बाला अर्पणाको मङ्गलपरक स्तुति गरेपछि भन्छन् – 'सप्तशती समस्त भुवनमा प्रसिद्ध छ । नाम यसको सप्तशती (सात सयको संग्रह) भन्ने छ तर आजसम्म उपलब्ध कुनै ग्रन्थमा सात सय श्लोक संख्या पूर्ण भएको पाइएको छैन । यसैले मलाई (यसको पूर्णता बारे) सन्देह भयो । मैले अनेकौं ग्रन्थहरूको अध्ययन गरेर निर्णय गरें । ग्रन्थ (आठ अक्षरको एक पाउ र चार पाउको एक श्लोकलाई यौटा ग्रन्थ मानिन्छ) सातै सय हुनुपर्दछ । यसमा प्रमाण पाइयो र मैले सातै सय श्लोक फेरि लेखें (लेखाएँ) त्यसकारण अब 'सप्तशती' (सात सय श्लोक भएको ग्रन्थ) को पाठमा अब कुनै असङ्गति छैन ।'

'श्री भूपालेन्द्र मल्ल राजाको राज्यकालमा, नेपाल राष्ट्रमा, अनेकौं देवताका पीठहरूले सुशोभित, कान्तिपुर शहरमा चण्डी भगवतीका भक्तिले प्रेरित भएर अमात्य नवमीसिंहले समस्त तन्त्रहरूबाट झिकेर भक्तविनोदिनी ग्रन्थ तैयार पारे।'

यसै सन्दर्भमा ग्रन्थकारले 'शम्भु-नित्यातन्त्र'को प्रमाण दिएर लेख्तछन्-

'सावर्णिः सूर्यतनयोः' (सप्तशतीको आरम्भको श्लोकांश) देखि 'सावर्णिर्भविता मनुः' (सप्तशतीको आखिरीको श्लोकांश) सम्म 'उवाच' आदिलाई छाडेर सात सय श्लोकसङ्ख्या पूर्ण छन् । मार्कण्डेयकै वाक्य एकदेखि तेह्र अध्यायसम्ममा क्रमशः ८६, ७१, ४७, ४१, १४७, २०, २६, ६६, ४०, २८, ७१, ३९ र १८ श्लोकहरू छन् । यिनीहरूको सम्पूर्ण सङ्ख्या ७०० हुन्छ । 'अथर्वशिरस्' उपनिषद् अन्तर्गत रहेको यो सप्तशती तीनै लोकमा गुप्त र दुर्लभ छ, जसले यसको विधिपूर्वक साधना गर्दछ – उसले चाँडै नै सिद्धि प्राप्त गर्दछ ।'

यसदेखि अतिरिक्त आजसम्म जति पनि सप्तशती (चण्डी) को ग्रन्थ लिखित वा प्रकाशित रूपमा भेटिएका छन्, कुनैमा पनि नवमीसिंहले भनेझैं सातै सय श्लोकसङ्ख्या पूर्ण छैन । 'सप्तशती' यस नामको अर्थ सात सय मन्त्र (सात सय श्लोक होइन) भन्ने लगाएर 'मार्कण्डेय उवाच, राजा उवाच, देवी उवाच आदि वाक्यहरूलाई र नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः' यस यौटै श्लोकको आधा भाग भित्रै पनि तीनवटा मन्त्रहरू मानेर सात सय मन्त्र विद्वान्हरूले पुऱ्याएका छन् । टीका-टिप्पणीकार विज्ञहरूले पनि यसैलाई ठीक मानेर तदनुसार साधना गर्ने व्यवस्था दिएका छन् ।

मार्कण्डेय पुराणकै पनि उपलब्ध भएसम्म पुराना हस्तलिखित प्रतिहरू हेर्दा पनि आजसम्म नवमीसिंहले भनेझैं सात सयवटै श्लोक पूरा पाइँदैनन् ।

चण्डीभक्तिविनोदिनीको स्रोत एक मननीय विषय

तर जसरी माथि बताएबमोजिम नवमीसिंहले शम्भुनित्या तन्त्रकै वचन उद्धृत गरेर प्रमाणपूर्वक सात सय श्लोकसङ्ख्या हुनुपर्दछ भनेका छन्, यो हेर्दा पाठ-साधना आदिमा प्रचलित सप्तशती ग्रन्थलाई पूर्ण मात्र कठिन पर्दछ । यहाँनिर आएर यौटा कुरा ज्यादै विचारणीय हुन आउँछ – शम्भुनित्या तन्त्रको वचनलाई प्रमाण मानेर सात सय श्लोक सङ्ख्या नै पूर्ण हुनु आवयक छ भन्ने कुरा ठीक मान्ने हो भने पनि नवमीसिंहले जुन श्लोकहरू थप गरेकाछन्, तिनीहरूको स्रोत कुन ग्रन्थ हो ?

स्वयं नवमीसिंहले 'विभिन्न तन्त्रग्रन्थहरूबाट निर्णय गरेर श्लोक पुनः लेखिए' भनेका छन् । उनले पनि विशेषरूपमा ती थप श्लोकहरूको स्रोत कुनै ग्रन्थको

कीटान गरेका छैनन् । यसले गर्दा ग्रन्थकारले केवल सात सय श्लोक पूर्ण गर्ने उद्देश्यले आफै वा कुनै विद्वान्द्वारा देवीमाहात्म्य कै विषयलाई लिएर प्रसङ्ग सुहाउँदो गरी नयाँ श्लोक निर्माण गरेका हुन् कि भन्ने शङ्का उठ्नु स्वाभाविक छ।

भक्तिश्रद्धामा आधारित हुन्छ र श्रद्धा विश्वासमा । यहाँ तर्कको धेरै काम छैन । तर विद्याको निर्णय गर्दा, प्रामाण्य र अप्रामाण्यको विचार गर्दा केवल श्रद्धा र विश्वासले पुग्दैन प्रमाणको आवश्यकता हुन्छ, तर्कको उपयोग हुनु जरुरी हुन्छ। किनभने तर्कपूर्ण अनुसन्धानबाट मात्र धर्मको वास्तविक स्वरूप जान्न सकिने हुन्छ। यो जानेपछि वस्तुमा वास्तविक श्रद्धा उत्पन्न हुनु – स्वभावगम्य पनि हो।

सप्तशती – भावना, श्रद्धा, भक्ति र मान्यताका दृष्टिले हिन्दू जगत्सँग व्यापक रूपले सम्बद्ध भएकोले चलिआएको परम्परामा नयाँ विचारलाई समाविष्ट गर्दा निकै असजिलोपन आउँछ । यसकारण यस तर्फ समुचित शोधकार्य हुनु आवश्यक छ । फेरि सप्तशतीका श्लोक मन्त्र हुन्, मन्त्रको आनुपूर्वीरूपमा उच्चारण हुनुपर्दछ कुनै व्यत्यय (फेरबदल), राख्ने छोड्ने हुनुहुँदैन । त्यसबाट अदृष्ट जन्मन सक्तैन । वर्तमान सप्तशती नै पूर्ण हो वा सात सय श्लोक नै पुग्नु आवश्यक छ । यस कुराको खोज अदृष्टसिद्धिको निमित्त पनि जरुरी छ ।

चण्डीभक्तिविनोदिनीको स्वरूपसमीक्षा

चण्डीभक्तिविनोदिनीमा अरू ग्रन्थहरूमा नभएका श्लोकहरूमध्ये पहिलो अध्यायमा ८, दोस्रोमा साढे २, तेस्रोमा ६, चौथोमा साढे ४, पाँचौमा साढे ७३, सातौंमा १, आठौंमा साढे ४, नवौंमा १, दशौंमा आधा, एघारौंमा साढे २०, बाह्रौंमा १ र तेह्रौंमा आधा गरी जम्मा साढे १२३ श्लोकहरू (१४७ पङ्क्तिहरू) थप भएका छन् ।

अधिकांश स्तुतिपरक भएका यी श्लोकहरू सम्भवत प्रस्तुत ग्रन्थमा मात्र सीमित रहेकाहुँदा व्याकरणका दृष्टिले अशुद्धिबहुल पनि छन् । अन्य प्रचलित ग्रन्थमा रहेका श्लोकहरू धेरै समयदेखि विद्वान्द्वारा सम्पादित र विश्लेषित हुँदै आएका हुँदा भाषागत अशुद्धि तिनीहरूमा नरहनु, र यी थप श्लोकहरूमा शोधकार्य हुँदै नभएकाले अशुद्धि रहिरहनु स्वाभाविकै पनि हो ।

विषयका दृष्टिले कतिपय श्लोकहरूले प्रचलित ग्रन्थहरूमा रहेका श्लोकहरूद्वारा व्यक्त भावनाका अन्तरलाई जोड्ने प्रयत्न पनि गर्दछन् भने कतिपय श्लोकहरू अलि पूर्वापर शैलीसँग मेल नखाएजस्तो पनि देखिन्छ । तर कतिपय स्तुतिपरक श्लोकहरू भने अरूसँग पूरापूर मिल्नु अस्वाभाविक पनि होइन ।

यतिमात्र होइन प्रस्तुत ग्रन्थमा अन्य प्रचलित पुस्तकमा भएका श्लोक पनि नभएर तिनीहरूका ठाउँमा नयाँ श्लोकहरूले ग्रहण गरेको देखिन्छ । विभिन्न मातृिकाहरू (हस्तलिखित प्रतिहरू) मा शब्द र श्लोकको पाठभेद त हुनेनै भयो। सन्निवेश पनि केही अगिपछि परेको देखिन्छ ।

चण्डीभक्तिविनोदिनीमा पाठ गरिने केवल मूल श्लोकहरूमात्र होइनन्, साधनाविधिको पनि सन्निवेश गरिएको छ । मूलपाठ शुरु हुनुभन्दा अगि ग्रन्थपरिचय, प्रसङ्ग, सप्तशती श्लोकसङ्ख्या व्यवस्था, पाठक्रम, पाठव्यवस्था, अर्गलास्तुति, कीलकस्तुति र कवचको सन्निवेश गरिएको छ । फेरि मूलपाठको लगत्तै पछि रहस्यत्रय मध्ये प्राधानिक रहस्य दुइमूर्ति रहस्यको सन्निवेश छ ।

त्यसपछि होमविधि, पुरश्चरणविधि, आवृत्तिफल, नवचण्डीविधान, शतचण्डीविधान, सहस्रचण्डीविधान, कालादिव्यवस्था, कुमारीपूजा, दीपदानविधि र सप्तशती धारणविधि समेत उल्लेख गरिएको छ । अर्गला, कीलक, कवच, मूलपाठ र रहस्यत्रयपाठदेखि अतिरिक्त अमात्य नवमीसिंहले विभिन्न स्रोत ग्रन्थहरूको नाम दिंदै उनीहरूको उद्धरणपूर्वक प्रामाणिकरूपमा अन्य विषयहरू तीन पटलहरूमा संकलित र व्यवस्थित रूपमा सन्निवेश गरेको देखिन्छ ।

ग्रन्थकारले मार्कण्डेय पुराणका अतिरिक्त मरीचकल्प, शम्भुनित्यातन्त्र, मेरुतन्त्र, सप्तशतीकल्प, हादिमत, महाकालसंहिता, वाराही तन्त्र, महाहाटकतन्त्र, तन्त्रराज, हरगौरीतन्त्र, हरगौरीसम्बन्ध, क्रोडतन्त्र र कालादिव्यवस्थातन्त्रलाई आधार ग्रन्थको रूपमा लिएको कुरा उनले दिएका नाम र उद्धरणहरूबाट स्पष्ट हुन्छ ।

ग्रन्थका अन्तमा ग्रन्थकारका मन्तव्य

'अनेकौं मन्त्रहरूको अवलोकन गरेर, विद्वान्‌हरूसँग परामर्श गरेर श्रीमहादेव (महेश)द्वारा प्रणीत तथ्यहरूलाई आफ्नो भएका बुद्धिले भगवती चण्डिकाको भक्तिले प्रेरित भएर मैले यो ग्रन्थको रचना गरें । यसमा अनेकौं ग्रन्थहरूको

प्रमाणहरू दिइएका छन् । ठीक, बेठीक के कस्तो छ राम्ररी बुझेर, विचारगरेर बुद्धिमान्ले यसको शोधन गर्नु उचित छ' लेखेका छन् ।

पुष्पिका वाक्यमा 'इति नवमीसिंहले बनाएको **चण्डीभक्तिविनोदिनीमा** पहिलो (दोस्रो, तेस्रो) पटल समाप्त भयो' भन्ने संस्कृतवाक्य लेखिएको छ ।

उपर्युक्त चण्डीभक्तिविनोदिनी का मातृकाहरू (हस्तलिखित) अर्वाचीन नेवारी लिपिमा वा देवनागरी लिपिमा लेखिएका पाइन्छन् । यिनीहरूमध्ये स्वयं नवमीसिंहले आफ्ना हातले लेखेको कुनै ग्रन्थ छ वा छैन, छ भने कुन हो, कहाँ छ आदि कुराहरू व्यापक अनुसन्धानका क्रममा पत्ता लाग्ने कुराहरू हुन् । तर स्वयं नवमीसिंहको सन्तति नःघल टोल काठमाडौंका राजभण्डारी परिवार हुन् भन्ने विश्वास गर्नुपर्ने ऐतिहासिक र परम्परागत आधारहरू छन् । यो पनि नवमीसिंहको जीवनीसम्बन्धी खोजबाट प्रमाणित हुन सक्तछ ।

अन्तमा, जाज्वल्यमान शक्तिपीठहरू विद्यमान रहेका शक्तिक्षेत्र नेपालमा, जसको सुरक्षा नित्य निरन्तर प्रबल शक्तिहरूले नै स्वयं गरिरहेको कुरा प्राचीन इतिहास एवं संस्कृतिका आधारहरूले प्रमाणित गर्दछन्, अनन्त तन्त्र ग्रन्थहरू शोध, खोज केही नभई अज्ञानको आवरणभित्र प्रच्छन्न भएर रहेका छन्, रहन बाध्य छन् - यो खुसी र गौरवको कुरा कदापि होइन । राजकीय पुस्तकालयहरूमा मात्र होइन, घरघरै नेपालमा खासगरेर कान्तिपुर, ललितपुर र भक्तपुरमा यस्ता ग्रन्थरत्नहरू छरिएर रहेका छन् । अनुसन्धान हुँदैन, अनुसन्धान गर्ने वा गर्नसक्ने व्यक्तिहरूलाई वर्तमान भौतिकवादका अजिंगरले निलिसक्न आँट्यो । प्राचीन धार्मिक परम्परा लुप्त हुँदै जान थाले । अलि दिनमा खोज गर्ने चिह्न समेत पनि मेटिएर जाने भयावह आशंका छ ।

यस स्थितिमा यस्ता ग्रन्थहरूको शोधकार्य संस्थागतरूपमा गर्ने, गराउने काममा राष्ट्रले चाख लिनु ज्यादै आवश्यक छ । विलम्ब भैसक्यो । राष्ट्रको गौरव विदेशी शिक्षाले ल्याएको विदेशी संस्कृतिले बढाउँदैन, बरु मेट्दै लैजान्छ। राष्ट्रको गौरव बढाउने लक्ष्य हिन्दू अधिराज्यले लिने हो भने यस्तै कामको योजना र कार्यक्रमहरू बन्नु, कार्यान्वित हुनु र यस कार्यमा राष्ट्रको ध्यान जानु अत्यावश्यक छ । अस्तु ।

नेपाली प्रतिभा नवमीसिंहको तन्त्रचिन्तामणि – एक परिचय

नवमीसिंह

नेपाल संवत् ८०७ वि.सं. १७४४ देखि ने.सं. ८२० वि.सं. १७५७ सम्म तेह्र वर्षमात्र कान्तिपुरमा राज्य गरेका विद्वान् युवक राजा भूपालेन्द्र मल्लका अमात्य आचार्य नवमीसिंह तन्त्रशास्त्रका अभूतपूर्व विद्वान् थिए। उनले नेपाली धार्मिक जगत्लाई सातसय श्लोकहरूले पूर्ण सप्तशती (चण्डी) (चण्डी भक्तिविनोदिनी, तन्त्रचिन्तामणि, कुलमुक्तिकल्लोलिनी, पुष्परत्नाकरजस्ता विशिष्ट तन्त्रग्रन्थहरू प्रदान गरेर राष्ट्रको धार्मिक संस्कृतिको संवर्धनमा महत्त्वपूर्ण योगदान गरे। नवमीसिंह व्यवसायले एक राजनीतिज्ञ, एक उच्च पदाधिकारी भएर पनि व्यक्तिगत जीवनमा उनी एक उच्च साधक थिए। उनका साधनाबाट निःसृत रचनाका अक्षर अक्षरले पनि ज्ञानको आलोक छरिरहेका छन्।

नवमीसिंहको तन्त्रचिन्तामणि

नवमीसिंहको तन्त्रचिन्तामणि नामले मात्र होइन कामको दृष्टिले पनि साधनहरूको निमित्त पनि यो चिताएको फल दिने मणिजस्तै ज्ञानको आचार हो। राजहंसले नीर-क्षीर विवेक गरेझैं रचनाकारले अनेकौं तन्त्रग्रन्थहरूका सारभूत तत्त्व झिकेर यसलाई गुंथेका छन्। चालीस प्रकाशहरूमा विभक्त यो विशाल ग्रन्थ तन्त्रसाधनाको लागि उपयोगी ज्ञान-विज्ञान र प्रक्रियागत विभिन्न विधाहरूले भरिएको छ।

तन्त्रचिन्तामणिको प्रयोजन र विषय

ग्रन्थको प्रारम्भमा साधकहरूलाई सिद्धि प्रदान गर्नमा निर्मल ख्याति

प्राप्त गरेका, यस चराचर जगत्‌की सृष्टिकारिणी जगज्जननी भगवतीको, ज्ञानको वरदान प्रदान गर्ने दिव्यौघ प्रभृति गुरुहरूको (दिव्यौघ, सिद्धौघ, मानवौघ आदि गुरुहरूको पूजन तन्त्रसाधनामा विशेष महत्त्वपूर्ण मानिन्छ), विघ्नध्वंसकारी भगवान् गणेशजीको, सम्पूर्ण तन्त्रशास्त्रहरूका रचनाकार भगवान् पशुपतिको, कालिका गुह्येश्वरीको र ब्रह्मा आदि देवताहरूले पनि नित्य वन्दना गरिने भगवती वज्रयोगिनीको वन्दना गर्दै नमस्कारात्मक मङ्गल गरिएको छ ।

त्यसपछि नाना दान, तपस्या, व्रत आदि धर्ममा लागिरहने, कविता बनाउन सिपालु, विद्याका खानी, नेपालाधिपति पृथ्वीपति भूपालेन्द्र (मल्ल) का अमात्य नवमी सिंहले विद्वान्‌हरूका साथ तत्त्व निर्णय गरेर यो ग्रन्थ तत्त्वचिन्तामणि बनाइएको छ भनेर ग्रन्थको परिचय दिइएको छ ।

अनि तन्त्रका गूढरहस्यहरू प्रकट गर्दा लाग्न जाने दोषको जगन्माताबाट क्षमा मागेर विद्वज्जनलाई संवोधन गर्दै ग्रन्थकार भन्छन् – 'परमार्थतिर चित्त लगाएका, ठूलो सिद्धि चाहने, देवताहरूका सम्पूर्ण रहस्य जान्न उत्सुक, हे विद्वान्‌हरू! तपाइँहरूले अब अनेकौं तन्त्रग्रन्थहरू हेर्ने परिश्रम गर्नुपर्दैन, यही ग्रन्थ पढिदिनोस्, यसैमा अनेकौं तन्त्रग्रन्थहरूका विभिन्न वचनहरू प्रकट गरिएका छन् ।'

ग्रन्थको आरम्भमा रचनाकारले दिएका उपर्युक्त अभिव्यक्तिहरूले ग्रन्थरचनाको काल, ग्रन्थकारको परिचय, ग्रन्थको स्वरूप, उद्देश्य, प्रयोजन र विषयवस्तु सबैलाई स्पष्ट पारिदिएका छन् ।

त्यसपछि चालीसै प्रकाशमा प्रतिपादन गरिएका विषयवस्तुहरूको सूची श्लोकबद्धरूपमा आफ्नै पाराले दिइएको छ, जसले गर्दा पाठकलाई इच्छित विषयवस्तुको अन्वेषण गर्न कुनै गाह्रो पर्दैन ।

प्रथम प्रकाशमा – तन्त्रहरूको नाम, तिनीहरूको उत्पत्ति, सृष्टिक्रम, कालिका र ताराको एकरूपता, दश विद्याहरूको उपासनाको वर्णन गर्दै श्यामालाई सबैको मूल हो भन्ने कुराको प्रतिपादन गरिएको छ । **दोस्रो प्रकाशमा** – मन्त्रोद्धार, वाम र दक्षिण मार्गहरूको लक्षण, आम्नायहरूको मार्ग निर्णय, पञ्च मकारहरू आम्नायकै अधीन हुन्छन् भन्ने कुरा र गुरु विना तन्त्रमा अधिकार हुँदैन भन्ने तथ्यको प्रतिपादन र दीक्षाको प्रशंसा निहित छ । **तेस्रो प्रकाशमा** –

गुरु र शिवमा फरक छैन भनिएको छ, गुरु शिष्यको लक्षण छ, दीक्षा कस्तालाई दिनु हुन्छ, कस्तालाई हुँदैन भन्ने कुराको विवेचन छ । **चौथो प्रकाशमा** - साधकहरूका सोह्रसंस्कारहरू, विभिन्न चक्रहरूको वर्णन छ । **पाँचौ प्रकाशमा**- मन्त्रहरूका सोह्रसंस्कारहरूको वर्णन र यिनका प्रक्रियाहरू बताइएका छन् ।

छैठौं प्रकाशमा - दीक्षाको निमित्त महिना, पक्ष, बार, नक्षर, योग, करण, लग्न, काल, चर आदिका फल देखाइएका छन् । **सातौं प्रकाशमा** - दीक्षाग्रहणको विधि बताइएको छ। **आठौं प्रकाशमा** - दिक्साधन, मण्डप र कुण्डहरूको लक्षण वर्णित छन् । **नवौं प्रकाशमा** - अंकुरार्पण बारेको विवेचन छ । **दशौं प्रकाशमा** - दीक्षाकै प्रसङ्ग छ, वाम र दक्षिण मार्गमा मन्त्रदानको भेद, कुलस्त्रीको उपदेश, उपासनाविधि, स्वप्नमा पाएको मन्त्र बारेको निर्णय, मन्त्र, गुरु र देवताको त्याग आदि विषय छन् ।

एघारौं प्रकाशमा - पूर्णाभिषेकका विविध प्रक्रियाहरूको व्याख्यान छ। **बाह्रौं प्रकाशमा** - दक्षिण कौल र वामकौल (कुलमार्गका अनुयायी)हरूका आचारको वर्णन र कुलधर्मका अधिकारीको विवेचन गरिएको छ । **तेह्रौं प्रकाशमा**- श्यामा आदि प्रत्येक विद्याको प्रतिपादनको सन्दर्भमा महानील आदि दश किसिमका आचारहरूको वर्णन छ । **चौधौं प्रकाशमा** - दीव्य, वीर र पशुभावको व्याख्यान र बालाको पूजनमा योग्यायोग्यको विचार गरिएको छ । **पन्ध्रौं प्रकाशमा** - सात्त्विक, राजस र तामस तीन किसिमका पूजाका भेदहरू, प्रातः कृत्य, अजपा विधान, स्नानका भेदहरू, विभूतिधारण, सन्ध्यावन्दन र गायत्रीहरूको मन्त्रोद्धार आदि विषयहरू उल्लिखित छन् ।

सोह्रौं प्रकाशमा - पूजा प्रशंसा, पूजन, आसन, भूतामसारण, भूतशुद्धि, मातृका आदि न्यास आदिको उल्लेख छ । **सत्रौं प्रकाशमा** - अन्तर्याग र बहिर्यागका आदिदेखि विसर्जन सम्मका विधानहरू वर्णित छन् । **अठारौं प्रकाशमा**- कौल र वाम मार्गोक्त पूजाविधिको प्रसङ्गमा ती मार्गहरूको उत्पत्ति, पञ्च मकारहरूको शुद्धि, शक्तिशुद्धि, पञ्च मकारको लक्षण र तिका अनुकल्पहरू र संस्कार प्रक्रिया समेतका गुप्त कुराहरूको निर्देश छ । **उन्नाइसौं प्रकाशमा** - पूजाका उपचारहरू, मन्त्रहरू र कुलद्रव्यको सेवनविधि सम्बन्धी चर्चा गरिएको छ । **बीसौं प्रकाशमा**- भोजन आदिको विधि, सायंकालिक र रात्रिकालका

कर्महरू चर्चित छन् ।

एक्काइसौं प्रकाशमा - श्यामा पूजाको क्रम बारे वर्णन छ । **बाइसौं प्रकाशमा**- कर्पूरस्तव, श्यामाको पुरश्चरणविधि, सर्वसाम्राज्यमेधानामक काली सहस्रनाम आदिको उल्लेख छ । (यहाँनिरको ग्रन्थ केही खण्डित छ) । **तेइसौं प्रकाशमा**- दक्षिणकालिकाका अंगभूत महाकालादि नित्यहरूमध्ये प्रत्येकको उपासनाबारे विस्तृत वर्णन गरिएको छ । **चौबीसौं प्रकाशमा** - नाना किसिमका पूजाका क्रमहरू बताइएका छन् । **पच्चीसौं प्रकाशमा** - चण्ड-चण्डिका पूजाका प्रक्रियाहरू बताइएका छन् ।

छब्बीसौं प्रकाशमा - श्रीविद्या अर्चनाको क्रम वर्णित छ भने **सत्ताइसौं प्रकाशमा** - भैरवी, महालक्ष्मी, मातङ्गी, भुवनेश्वरी, धूमावती, बगला, महाविद्याहरूको बेग्लाबेग्लै पूजा प्रक्रियाहरू चर्चित छन् । **अट्ठाइसौं प्रकाशमा**- चक्रपूजा, यसको सामग्रीहरू, लक्षणहरू, दश विद्याहरूका क्रमले दूतीयाग, चक्राचारको व्याख्यान छ । **उनन्तीसौं प्रकाशमा**- यन्त्रहरूको पूजा र दुई किसिमका सेवा प्रतिष्ठाबारे लखिएको छ भने **तीसौं प्रकाशमा** - चला र अचला दुई किसिमका मालाहरूको निर्णय गर्दै विभिन्न मालाहरू र तिनका निर्माण, संस्कार, क्रमले उल्लिखित छ ।

एकतीसौं प्रकाशमा- पुरश्चरणका काल, अंगहरू, विघ्नराज (गणेश) को पूजनविधि, विशेष आम्नाय निर्णय, दश विद्याको जप संख्याको निर्णय, देवताहरूका सिद्धिदायक स्थानहरू, पीठहरूको उत्पत्ति, मन्त्रविधाहरूको प्रबोध काल निर्णय, मन्त्र, मन्त्रशिखा र मन्त्रचैतन्यको स्वरूप, दशै विद्याहरूको कुल्लुका विधि, शाप र उत्कीलनमा फरक, शापोद्धार, मन्त्रकोहृदय, अर्थनिर्णय आदि विषयहरूको विवेचना छ । **बत्तीसौं प्रकाशमा**- यन्त्रसिद्धिका उपायहरू, चितासाधनकर्म, विभिन्न विद्याहरूको वीरसाधन र जपसंख्याको प्रमाण बारे उल्लेख भएको छ । **तेत्तीसौं प्रकाशमा**- दमनारोपण, यसको विधि, पवित्रारोपण, यसको विधि र ग्रन्थिभेदको चर्चा छ । **चौंतीसौं प्रकाशमा** - शारदीय विधान छ भने **पैंतीसौं प्रकाशमा** - पशुदान (वलिदान), पशुका भेदहरू, देवताको तृप्तिकाल, पशुको लक्षण हेर्ने, शुभ र अशुभ नैवेद्य आदिको समुल्लेख छ ।

छत्तीसौं प्रकाशमा - कुमारीपूजन, कुमारीहरूको लक्षण, शुभाशुभ

संकेतको व्याख्या छ। **सैंतीसौं प्रकाशमा** – काम्यविधि, षट्कर्म क्रम, माला-कुण्ड आदिको निर्णय र होमद्रव्यको प्रमाणबारे वर्णन गरिएको छ । **अठतीसौं प्रकाशमा** – दशै विद्याहरूको प्रायश्चित्त विधि छ। **उनन्चालीसौं प्रकाशमा** – साधकहरूले धारण गर्ने साम्राज्य मुद्रिका यन्त्रबारे उल्लेख भएको छ । अनि **चालीसौं प्रकाशमा** – प्रत्येक मात्रिका वर्णको ध्यान, दश विद्याहरूको मन्त्रभेद र नानाकिसिमका प्रयोगहरूको विस्तृत वर्णन छ ।

तन्त्रचिन्तामणि ग्रन्थको स्वरूप

उपर्युक्त सूचीमा केवल मुख्य मुख्य विषयहरूलाई मात्र लिइएको छ । यिनका अतिरिक्त पनि अनेकौं तन्त्रसाधनासम्बन्धी विषयहरूको वर्णन व्याख्यात्मक शैलीमा उक्त पुस्तकमा निहित रहेको पाइन्छ । ५"×१५" को हरिताल लगाएको प्राचीन नेपाली कागजमा ४" × १२" को ठाउँ ढाक्ने गरी अर्वाचीन नेवारीलिपिमा ४२९ पृष्ठमा पाको कालो नेपाली मसीले बडो श्रद्धा, भक्ति र परिश्रमसाथ लेखिएको चालीस प्रकाशमा निबद्ध तन्त्र चिन्तामणि नामक अमात्य नवमीसिंह रचित यस ग्रन्थले तन्त्रसाधनाका क्षेत्रमा ज्यादै विशिष्ट स्थान राख्दछ ।

तन्त्रचिन्तामणि ग्रन्थको वैशिष्ट्य

बंगालका कृष्णानन्द आगमवागीशको तन्त्रसार महीधरद्वारा रचित मन्त्रमहोदधि पछि लेखिएको यो ग्रन्थ आफ्नो नाम अनुरूप तन्त्रशास्त्रको चिन्तामणि नै हो, यसमा कुनै सन्देह छैन । हुन त यसपछि पनि रामतोषण मट्टाचार्यको प्राणतोषिणी र सरयूप्रसाद सुवेदीको आगमरहस्य यसै विधाका ग्रन्थ मानिन्छन् तापनि विषयसंग्रह र विवेचनात्मक वर्णनको दृष्टिले तन्त्रचिन्तामणिको स्थानमा पछिका उक्त ग्रन्थहरू पुग्न सकेका देखिंदैनन् ।

अन्तमा, सर्वतन्त्रेश्वर भगवान् पशुपति र आद्या काली गुह्येश्वरीको प्रसादले मुखरित भएको नवमीसिंहको प्रतिभाको परिणति स्वरूप नेपाली धार्मिक समाजले पाएको तन्त्रचिन्तामणि ग्रन्थको साङ्गोपाङ्ग अध्ययन र अनुसन्धान भै सम्पादित रूपमा जनसमक्ष चाँडै नै सम्बद्ध क्षेत्रले ल्याउने छ भन्ने आशा गरिन्छ ।

कार्तवीर्योदयमहाकाव्यस्य तन्त्रदृष्ट्याऽवेक्षणम्

विद्वत्कुलतिलकैः पण्डितवर्यैः पन्तोपनामभिः श्रीसुकृतिदत्तपन्तमहोदयै-र्विरचितस्य कार्तवीर्योदयमहाकाव्यस्य तन्त्रदृष्ट्यावेक्षणं हि प्रकृतप्रवृत्तेः प्रकृष्टं प्रयोजनं पुरतः समुपस्थाप्यते यथामति विद्यानाथोपाध्यायेनेति निवेदनम् ।

श्रीकृतवीर्यसूनोः कार्तवीर्येतिनाम्नातिप्रसिद्धस्य वीरातिवीरस्य अर्जुनदेवस्य चरितस्य वर्णनं समुद्दिश्य विरचितस्य कार्तवीर्यमहाकाव्यस्य प्रणेतारः पण्डितवर्याः स्वनामधन्याः पन्तकुलावतंसाः श्रीसुकृतिदत्तमहोदयास्तन्त्रशास्त्रस्य वेत्तारो भगवत्याः श्रीतारिणीदेवतायाः समुपासकास्तत्कृपालेशाधिगत्यातुराश्चासन्निति तैर्महाकाव्यस्य प्रारम्भ एव विहिताभ्यां मङ्गलवाक्याभ्यां स्पष्टमवगम्यते ।

कृपापारावारोल्लसदमलकल्लोलसुभगा-
श्चतुर्वर्गस्तोमार्पणपणकृतामोङ्कृतिकलाः ।
हरब्रह्मादीनां प्रतिदिनमलङ्काङ्क्षिततराः
कटाक्षास्तारिण्या मम विदधतां विघ्नशमनम् ।।(१/१)

ग्रन्थादौ, ग्रन्थमध्ये, ग्रन्थान्ते च मङ्गलमाचरणीयमिति श्रुतिचोदिता अविगीत-शिष्टाचारपरम्परा । समाप्तिकामो मङ्गलमाचरेदिति विधिवाक्यं च सदाचारपरम्परा-परिप्राप्तकर्तव्यताकमित्यत्र लौकिकानां परीक्षणं च दृष्टिसाम्यम्। **प्रयोजनमनुद्दिश्य न मन्दोऽपि प्रवर्तते** इति दर्शनात् मङ्गलस्य द्विविधं फलमैहिकं दृष्टं सुखादिकम्, आमुष्मिकं चादृष्टं स्वर्गादिकम् । दृष्टे फले सम्भवति अदृष्टफलकल्पनाया अन्याय्यत्वाद् दृष्टफलान्वेषणमेव प्रकृतानुसरणम् । दृष्टं फलं चात्र ग्रन्थकर्तुः स्वारब्धग्रन्थस्य निर्विघ्ना परिसमाप्तिरेवेति तत्र विघ्नशङ्कया तच्छमनाय मङ्गलाचरणं देवतानमस्कारात्मकं

तदाशीर्वादयाचनात्मकञ्च । यतो हि अविगीतशिष्टाचारविषयं मङ्गलमेव समाप्तिफलकं विघ्नध्वंसद्वारकमिति निश्चप्रचम् । तदेवाविगीतशिष्टाचारमनुसरन्तो ग्रन्थकृतः श्रीसुकृतिदत्तपन्ताः स्वकीयग्रन्थस्य कार्तवीर्योदयमहाकाव्यस्य परिसमाप्तिकामनया विघ्नशमनाय मङ्गलमाचरन्ति - **कटाक्षास्तारिण्या मम विदधतां विघ्नशमनम्** । इति ।

विघ्नाधिप इति नाम्ना दुरितध्वंसायातिप्रथितः श्रीगणेशो लोके यद्यप्युपास्यस्तथापि श्रीताराया: कृपाकटाक्षा मम विघ्नशमनं विदधतामिति ग्रन्थकर्तारस्तन्त्रदेवतां प्रार्थितवन्त इति तेषां तन्त्रदीक्षादीक्षितत्वं तान्त्रिकपरम्पराधिष्ठितत्वञ्च पुष्यते ।

तारा हि धर्मार्थकाममोक्षाख्यपुरुषार्थचतुष्टयप्रदायिनीति ब्रह्मोपेन्द्र-महेश्वरादिभिर्मन्त्रद्रष्टृभिः ऋषिभिश्च देवतासिद्धमानुषैः सदा साधितेति तन्त्र-शास्त्रसिद्धान्तः । तदेवोच्यते ग्रन्थकर्तृभिः स्वकीयग्रन्थादौ विहिते मङ्गलवाक्ये।

चतुर्वर्गस्तोमार्पणपणकृतामोङ्कृतिकलाः, हर-ब्रह्मादीनां प्रतिदिन-मलङ्काङ्क्षिततरास्तारिण्याः कटाक्षा इति । श्रीताराया एव करुणापरिपूरितकृपाकटाक्षं विघ्नशमनाय संप्रार्थ्य प्रारब्धस्य स्वकीयमहाकाव्यस्य परिसमाप्तावपि पुनर्ग्रन्थ-कृद्भिर्देव्याः करुणयैव स्वकाव्यं परिपूर्णमिति निवेदितं काव्योपान्ते -

नागेन्द्रनेत्रनवभूमितविक्रमाब्दे-
वैशाखमासि सितपक्षतृतीयतिथ्याम् ।
श्रीकार्तवीर्य्यचरितोदितकाव्यमेतत् -
श्रीतारिणीकरुणया परिपूर्णमासीत् ।। (१७/३५)

अथ च तैः स्वकाव्यं किञ्चित्प्रशस्य नानाविधकाव्योचितगुणोघैरलङ्कृता कार्तवीर्योदयाख्या कृतिः श्रीताराया एव चरणकमलयोः समर्पिता । यथा -

ब्रह्मोपेन्द्रगिरीशमुख्यविबुधैराराधिताङ्घ्रिद्वये
तारे शुद्धसुवर्णनिर्मितमिदं रीत्यादिसङ्गस्थितम् ।
उन्मीलन्मधुरध्वनि प्रतिपदं स्यूतं गुणौघैरलं
काव्यन्ते चरणेऽर्पयामि तदिदन्मञ्जीरवद् राजताम् ।।(१७/३३)

इत्येषाऽपि श्रीसुकृतिदत्तपन्तानां तन्त्रसाधनासाधकत्वेन तदीयकृतेः कार्तवीर्योदयमहाकाव्यस्य तन्त्रसाधनाप्रभाव-प्रभावितत्वञ्चेति विश्वासभूमिः।

श्रीतारा, श्रीतारिणी वा द्वितीयमहाविद्यात्वेन साधकैर्मनीषिभिः, ब्रह्मादि-देवताभिः वशिष्ठादिमहर्षिभिः, सिद्धैश्चानेकैः सूपासिता इति तत्कृपाकटाक्षलेशेन सिद्धिस्तोममवाप्य इह लोके सुखं परत्र च कैवल्यं प्राप्तवन्तस्तत्साधनतत्पराः साधका इति तन्त्रवचनम्।

श्रीताराया माहात्म्यं कुब्जिकातन्त्रे प्रकाशितम् –

कलौ कृष्णत्वमासाद्य शुक्लाऽपि नीलरूपिणी।
लीलया वाक्प्रदा चेति तेन नीलसरस्वती।।
तारकत्वात्सदा तारा तारिणी च प्रकीर्तिता। इति।

तथैव अन्यत्र च प्रतिपादितम् –

दासगेहे च योत्पन्ना सती नाम्नेति कीर्तिता।
कैवल्यदायिनी यस्मात्तस्मादेकजटा स्मृता।।
तारकत्वात् सदा तारा लीलया वाक्प्रदानतः।
नीलसरस्वती प्रोक्ता उग्रत्वादुग्रतारिणी।। इति।

श्रीताराया वाक्प्रदातृत्वं संसाराब्धितारकत्वं महद्वैशिष्ट्यं च संलक्ष्यैव सा ग्रन्थकृद्भिः स्वकाव्यादौ मङ्गलवाक्ये संस्तुता –

इन्दीवरच्छदकदम्बकसुन्दराङ्गं -
दोर्भिश्चतुर्भिरभिराजितमस्तभीति।
ताराभिधानममलं हृदये चकास्तु-
त्रैलोक्यतापशमने प्रथितं महस्तत्।। (१/२)

उग्रापत्तारणाय स्वयं फलरूपा उग्रतारा माता नीलसरस्वती मेरोः पश्चिमे कूले चोलनाख्ये महति ह्रदे जज्ञे इति स्वतन्त्रतन्त्रवचनम्। इत्थं भूतैस्तन्त्रवचनैः श्रीताराया उग्रापत्तारकत्वं वाक्प्रदत्वं कैवल्यदायकत्वं च प्रकाश्यते। तदेवोक्तं

ताराभक्तिसुधार्णवेऽपि -

लीलया वाक्प्रदा चेयं तेन नीलसरस्वती ।
तारकत्वात्सदा तारा सुखमोक्षप्रदायिनी ।।
उग्रापत्तारिणी यस्मादुग्रतारा प्रकीर्तिता । इति ।

परब्रह्मस्वरूपिणी एकैवाद्वितीया भगवती श्रीतारा उपासकभाववैचित्र्यादेव साधकानां हितार्थाय अष्टधा प्रकाशिता। तच्चोक्तम् -

तारा चोग्रा महोग्रा च वज्रनीला सरस्वती ।
कामेश्वरी भद्रकाली इत्यष्टौ तारिणी स्मृता ।। इति ।
अङ्गभेदाश्च तस्या आगमरहस्ये प्रतिपादिताः -
आदौ तु स्पर्शतारा स्यात्ततश्चिन्तामणिः स्मृतः ।
ततः सिद्धिजटा प्रोक्ता उग्रतारा ततः परम् ।।
हंसतारा ततो देवि ! निर्वाणरूपिणी कला ।
महानीला महेशानि ! नीलशाम्भवरूपिणी ।।

तारादेव्या उपासना पूर्व-दक्षिण-पश्चिमोत्तरोर्ध्वाम्नायपञ्चके एव तन्त्रोक्तरीत्या विधीयते । तत्रापि आम्नायभेदेन तस्या मूर्तिभेदश्चिन्त्य एव ।

यथा **पूर्वाम्नाये** - स्पर्शतारा, चन्द्रघण्टा, घण्टिका, त्रैलोक्यविजया चेति। **दक्षिणाम्नाये** - चिन्तामणिः, सिद्धजटा, क्रूरमालिका, क्रूरचण्डा, महाचण्डा, वज्रतारा, मणितारा, ब्रह्मतारा, नारसिंही, चतुर्वेदोदरी चेति। **पश्चिमाम्नाये**- उग्रतारा, अष्टाविंशतिभेदान्विता हंसतारा चेति । **उत्तराम्नाये** - अष्टतारा । **ऊर्ध्वाम्नाये** - महोग्रतारा, महानीला, शाम्भवतारा, महानीला सरस्वती, चीनसरस्वती, नीलसुन्दरी, महानीलसरस्वती चेति श्रीताराया मूर्तिभेदा नामभेदाश्च सन्ति । अथ च **अधराम्नाये**- अत्रापि विशेषतो बौद्धैर्वज्रेश्वरी तारेश्वरीत्यादिनामभिः सदैव तारा उपास्यते इति श्रीतारायाः षडाम्नायसाध्यत्वं प्रकाश्यते तन्त्रशास्त्रेण ।

स्वयं चतुर्भुजो महाविष्णुः, श्रीताराया उपेक्षया महद्दुःखमवाप्य पश्चात्तदुपासनयैव स्वरूपमधिगतवान् । महर्षेर्वशिष्ठस्य श्रीताराया एव कारुण्येन

तत्कृपालेशवशात् सिद्धिलाभः । देवतानामैश्वर्यप्राप्तिः ।

विशेषतः श्रीतारा हि –

वाचामीश्वरी भक्तकल्पलतिका सर्वार्थसिद्धीश्वरी ।
गद्यप्राकृतपद्यजातरचनासर्वार्थसिद्धिप्रदा ।।

इति विविधवैशिष्ट्यसंयुता भगवती तारा । तदुपासनेन साधकः कवितां विद्यां यथेच्छं लब्ध्वा सर्वशास्त्रार्थविद् भवेदिति तन्त्रशास्त्रवचनात् प्रकृतेऽपि कार्तवीर्योदयमहाकाव्यप्रणेतारः श्रीसुकृतिदत्तपन्ताः स्वाभीष्टकृतौ कार्तवीर्योदय-महाकाव्यस्य रचनायां सहस्रार्जुनचरितोद्गाने महत्साफल्यमवाप्तवन्त इति तन्त्रग्रन्थकृतां गद्यपद्यमयी वाणी मुखरिता सर्वेषामाह्लादकरी सञ्जातेति नात्र सन्देहलेशोऽपि ।

उक्तञ्च तारारहस्ये –

ब्रह्मा विष्णुरुमापतिस्त्रिभुवने सृष्टिं स्थितिं प्रालयं
ध्यात्वैनां जगदम्बिकां वितनुते मोक्षप्रदां तारिणीम् ।
भक्त्या तद्गतमानसो यदि जनस्तारां भजेद् यत्नतः
स क्षेमङ्करमेतदेव लभते तत्त्यागतो यात्यधः ।। इति ।

महाकविभिः सुकृतिदत्तपन्तमहाभागैरस्मिन् काव्ये यत्र तत्र भगवत्यास्तारायाः स्तुतिव्याजेन तदीयो महिमा प्रकाशितः । ब्रह्मविष्णुमहेश्वरवन्दितं तारायाश्चरण-युगलं मनोगतमन्धकारं नाशयतु इति याचमानाः कवयो वदन्ति –

लक्ष्मीपतीश्वरविरञ्चिकिरीटशाणप्राप्त-
प्रकाशनखरत्नविराजमानम् ।
स्वान्तान्तरालतिमिरं मम सन्धुनोतु
श्रीतारिणीपदयुगं दययाऽवतीर्णम् ।। (१०/१)

महाकविभिः सुकृतिदत्तपन्तमहाभागैर्द्वादशसर्गे मङ्गलाचरणक्रमे निगमशीर्ष-सञ्चारिणी, समस्तभीतिविनाशिनी, दुःखत्रयविनाशिनी, परमात्मनिविहारिणी, जटामुकुटधारिणी , भुजगभारभारिणी, भगवतीतारा प्रार्थिता, तदीयगुणाः प्रकाशिताः,

तदीयं स्वरूपञ्च समुन्मीलितम् -

पुरो भवतु तारिणी निगमशीर्षसञ्चारिणी
समस्तभयहारिणी निखिलदुःखसन्दारिणी ।
परेश्वरविहारिणी भवपयोधिसन्तारिणी
जटामुकुटधारिणी भुजगसम्भारभारिणी ।। (१२/१)

ब्रह्मविष्णुमहेश्वरसेविता विघ्ननाशिनी तेजोमण्डलमयी भगवती तारा महाकविभिरन्यत्र वन्दिता -

चतुर्भुजचतुर्वक्त्रपञ्चवक्त्रादिसंयुतम् ।
प्रत्यूहपटलच्छेदि महस्ताराभिधं नुमः ।। (१३/१)

शिवादिसेवितं तारिणीचरणपङ्कजं हृदि स्मृतमात्रं पापराशिविदारकं भवतीति ताराया वैशिष्ट्यं प्रकाशयन्तः कविवरास्तामित्थं प्रार्थयामासुः -

तारिणीपदपयोजमुज्ज्वलं सेव्यमानमनिशं शिवादिभिः ।
दुस्तराद्दुरितवारिराशितस्तारकं भवतु नः स्मृतं हृदि।।(१४/१)

विघ्नव्यूहविदारिण्यः तारायाश्चरणकमलपरागकणिका मम शिरसि समासतामिति कविवराः प्रार्थितवन्तः -

श्रीताराचरणाम्भोजपरागकणिका मम ।
प्रत्यूहव्यूहशातिन्यो मध्येमौलि समासताम् ।। (१५/१)

महाकविभिरैहिकजीवनस्यावसानेऽहं तारिणीपदं प्राप्स्यामीति दृढो विश्वासोऽभिव्यक्तः ।

पुत्रस्यास्य कनीयसो मम पुनः काव्याभिधानस्य च
जेष्ठाभ्यां मयि तारिणीपदगते दायः प्रदेयो ध्रुवम् ।
नित्यावेक्षणदुष्टतानिरसनाविघ्नप्रचारादिको
भूयाद्वां कुशलं सदाप्यविकलं सौभ्रात्रभाजोरिति ।। (१७/२८)

एतेन तेषां कविवराणां तारिणीसमुपासकता प्रमाणिता भवति । पुनश्च यथाऽहं महता परिश्रमेण महाकाव्यमिदं रचितवान् तथैवायासेनास्य परिशीलनकर्तरि जनेऽपि भगवत्याः तारायाः करुणादृष्टिपातः स्यादिति कामयन्ते कवयः-

मयीव परिशीलनश्रमयुतेऽस्य मर्त्यान्तरे
पतन्तु करुणादृशो भुवनतारिकाया द्रुतम् ।। (१७/३६)

स्वाभीष्टकृतिं महाकाव्यं समाप्य स्वसाफल्यं च तत् श्रीतारायाः एव करुणाकटाक्षप्रयोज्यमिति विश्वसमाना लोककल्याणाय षोडशसर्गान्ते महाकवयः श्रीतारां प्रार्थितवन्तः ।

या दत्तेऽमृतमर्थिने बुधगणायायासलेशं विना
श्रोतद्भूरिरसान् नवाङ्कविकलान् नाम्नापि पुष्णाति या ।
या प्राप्ता फणिहारमौलिपदवीं यास्ते त्रिनेत्राश्रिता
श्रीतारेश्वरमूर्तिरस्तु ....क्षेमाय सा सर्वदा ।। (१६/१२४) ।
इति शशधरं प्रत्याम्नाताः परस्परभारतीः
प्रमुदिततरं शृण्वन्तौ तौ सुखेन हि दम्पती ।
ललितललिताञ्चान्यां वार्तामुदाररसोदयं
समभिदधतौ क्षेमं लक्षं समासु विजह्रतुः ।। (१६/१२५)

सप्तदशसर्गान्ते च महाकवयः काव्यगतसकलदोषनिवारणाय भगवतीं तारां प्रार्थितवन्तः -

संवेशेक्षितकुम्भिकुञ्जशकलश्यामभ्रमोक्तिर्यथा
त्वद्रूपाध्यसितेऽत्र दोषगुणगा चर्य्या मुधा यद्यपि ।
पौरोभाग्यमभाग्यतो बहुबुधः कश्चित्तथाप्याचरेद्
जागर्य्याज्जननि! त्वदीयकरुणापाङ्गोऽत्र दोषच्छिदे ।।(१७/३४)

श्रीसुकृतिदत्तपन्तमहोदयाः स्वकाव्यं लोकान् रञ्जयत्विति कामनां चक्रुः-

चिरञ्जयतु रञ्जयत्वलमिदं सुकाव्यं बुधान्
मुदेव वसुधातले भवतु मिष्टमिष्टन्नृणाम् । (१७/३६)

श्रीकालिदासादिकविवृन्दस्येव समुज्ज्वलां कीर्तिं कामयमानाः श्रीसुकृतिपन्ता जगदुः -

श्रीकालिदासभवभूतिमुरारिमाघ-
श्रीहर्षभारविमुखाः कवयोऽधुनापि ।
तिष्ठन्ति कीर्तिवपुषेति ममैष यत्नः-
तिष्ठामि कल्पममुना वपुषेह विज्ञाः ।। (१७/३२)

मयेदं काव्यं निजबुद्धिविशोधनाय कृतमिति भावं प्रकाशयामासुः कविवराः श्रीसुकृतिदत्तपन्तमहाभागाः -

यन्नामवामगुणधामसुरामकीर्तिरद्यापि
भूमिवलयं विमलीकरोति ।
तस्यार्जुनस्य चरितं महितं यथाधि
सङ्कीर्तयामि निजबुद्धिविशोधनाय ।। (१/३)

भगवतः कार्तवीर्यस्य सर्वज्ञतां सर्वशरीरव्याप्तिञ्च निरूपयन्तो महाकवयः कथयन्ति -

थूर्वप्रजानां हृदि जातमात्रं सर्वज्ञतासर्वशरीरताभ्याम् ।
अकार्य्यमेतत्क्षण एव तासां पुरोभवन् किल्विषवृन्दतोऽथूः।। (७/३३)

सिंहासनगतस्य राजसिंहस्य भगवतः कार्तवीर्यस्य हनुमदादिपरिवेष्टितां महिमान्वितां स्थितिं निरूपयद्भिः कविवरैरुक्तम् -

हेमाद्रिशृङ्गमिव तुङ्गतरं विचित्रं
सिंहासनं समधिरोहति राजसिंहे ।
वामे प्रभञ्जनसुतस्थितिमाप पार्श्वे
दक्षे गुरुश्च पुरतः कनकप्रभा स्तः ।। (१६/६३)

कार्तवीर्यस्य भगवतोऽष्टासु दिक्षु क्षेमङ्करीप्रभृतिभिः शक्तिभिः सम्पन्ना वीरा विलसन्ति । बाह्यभावे च कार्तवीर्योदयं कामयमाना इन्द्रादयो देवा विराजन्ते

इति वर्णयन्ति कवयः -

अष्टासु दिक्षु जयशब्दघोषयन्तः
क्षेमङ्करीप्रमुखशक्तियुताश्च वीराः ।
बाह्ये पुरन्दरमुखा विबुधास्सहास्त्राः
श्रीराजराजशुभचिन्तनतो व्यराजन् ।। (१६/६४)

परं सर्वमिदं विनिवेद्याऽपि महाकवयः श्रीकार्तवीर्यसहस्रार्जुनदेवस्य तन्त्रसाधनासाध्यत्वविषये किमपि नैवोचुरिति चिन्त्यम् । श्रीकार्तवीर्यार्जुनो नृपो भगवतो विष्णोः सुदर्शनचक्रांशभूत इति तन्त्रेषु निर्देशो लभ्यते । यथा -

सुदर्शनस्यांशभूतः कार्तवीर्यार्जुनो नृपः ।
यः सुदर्शनचक्रस्यावतारः क्षितिमण्डले ।।

इति मेरुतन्त्रवचनात् स्पष्टम् ।

'सर्वेष्टसिद्धये ध्यायेत्कार्तवीर्यार्जुनेश्वरम्' इति वचनात् सर्वाभीष्टप्रद इति श्रीअर्जुनदेवः-

चौरमदविभञ्जनो मारीमदविभञ्जनः ।
अरिमदविभञ्जनो दैत्यमदविभञ्जनः ।।
दुःखनाशो दुष्टनाशो दुरितामयनाशकः ।

इति ध्यानपुरस्सरं तत्साधना शास्त्रेषु वर्णिता । इत्थं कार्तवीर्यार्जुनदेवस्य साधनं तन्त्रेषु प्रशस्तम् ।

कार्तवीर्यार्जुनयन्त्रं हि -

स्तम्भने पार्थिवै रौप्यैः शान्तौ वश्ये च तैजसैः ।
उच्चाटने वायवीयैर्विद्वेषे चापि नाभसैः ।।
मारणे तैजसैः क्षान्तौ वातैः पुष्टौ च पार्थिवैः । पूज्यमिति बोध्यम् ।

तेन साधकः -

साधकश्च सदैव स्यात्पुत्रवान् रोगवर्जितः ।
यशस्वी दीर्घजीवी च सकलत्रानुरञ्जकः ।।

वाक्सिद्धश्चापि तेजस्वी प्रतापी विजितेन्द्रियः ।
शत्रूपद्रवमापन्ने ग्रामे वा पुटभेदने ।।
संस्थापयेदिदं यन्त्रं वैरिभीतिनिवृत्तये ।

इत्यादिमेरुतन्त्रवचनैः कार्तवीर्यार्जुनदेवसाधनस्य माहात्म्यातिशयः प्रकाशितः।

नमो भगवते श्रीति कार्तवीर्यार्जुनाय च ।
सर्वदुष्टान्तकायेति तपोबलपराक्रमैः ।।

इत्यादिवचनैः श्रीकार्तवीर्यार्जुनदेवो दुष्टप्रशमनाय, अरिविमर्दनाय, बलपराक्रमप्रवर्द्धनाय च उपास्यत इति सिद्धम् ।

सर्वैश्वर्यविधायकञ्च ध्यानं श्रीकार्तवीर्यार्जुनदेवस्य -

माहिष्मत्यां मन्त्रिमध्ये समासीनमलङ्कृतम् ।
नानासुरस्त्रीप्रवृत्तं सिंहासनगतं सदा ।।
बाहुभिः शरचापासिगदामुद्गरशूलकान् ।
भुशुण्डीपाशखेटादीन् दधतं सुप्रसन्नकम् ।।
परचक्रस्तेनराजभयं ध्यानमुदीरितम् । इति ।

अथ च

त्रैलोक्ये भीषणं ध्यायेदयुताश्वरथस्थितम् ।
गर्जन्तं प्रतिशत्रूँश्च सहस्त्रार्कसमद्युतिम् ।।
दोर्दण्डमण्डलैर्वाणान् क्षिपन्तं तीव्रधारकात् ।
नानायुधधरैर्युक्तं रथिभिश्च पदातिभिः ।।
गजयूथैरश्ववाहैः कुण्डलद्योतिताश्वकम् ।
ध्यात्वैवं प्राङ्मुखो भूत्वा सहस्त्रं नाशयेद् भयम् ।। इति ।
तन्मन्त्रजपमात्रं हि मन्त्रवीर्यप्रवर्द्धनम् ।
मन्त्रस्यास्य जपाद्देवि ! नष्टं द्रव्यं च लभ्यते ।।
हताश्चौरा भविष्यन्ति द्रुतं द्रव्यं च सिध्यति ।

इति तन्मन्त्रमाहात्म्यम् ।

अपरं चाद्वितीयं प्रकृष्टं माहात्म्यं कार्तवीर्यार्जुनमन्त्राणाम् । यथा -

पश्चिमाम्नायमन्त्रास्तु प्रोक्ताश्चारब्वभाषया ।
अष्टौ शतान्यशीतिश्च येषां संसाधनात्कलौ ।।
पञ्च खानाः सप्त मीनाः नव शाहा महाबला ।
हिन्दूधर्मप्रलोप्तारो जायन्ते चक्रवर्त्तिनः ।।
पूर्वाम्नाये नव शत षडशीतिप्रवर्त्तिनः ।
फिरङ्गभाषया मन्त्रास्तेषां संसाधनाद् भुवि ।।
अधिपा मन्दराणाञ्च संग्रामेष्वपराजिताः ।
इंग्रेजा नव गद्याश्च लण्डनेष्वपि भाविनः ।।

वामाचारेण सिद्धिदा अर्जुनमन्त्राः, दक्षिणाचारफलदः कार्तवीर्यार्जुनः, वामाचारेण शूद्राणां लोके फलप्रदश्च तन्मन्त्र इति कार्तवीर्यार्जुनसाधनायाः प्राशस्त्यम्। कार्तवीर्यार्जुनदेवस्य प्रसादाय दीपविधिरपि फलदः क्षेमङ्करश्च साधकानाम् । यथा -

नित्यमेवं तु यो दद्यात्कार्तवीर्याय दीपकम् ।
शत्रवस्तस्य नश्यन्ति नात्र कार्या विचारणा ।।
व्याधयश्चाधयश्चैव विलीयन्तेऽचिरादपि ।
जीवेद् वर्षशतं मन्त्री पापानि क्षयमाप्नुयुः ।। इति ।

तत्रापि दीपानां ऋजुत्वेन वक्रत्वेन च साधकस्य शकुनाशकुने च विचार्येते। किमधिकेन श्रीकार्तवीर्यसाधना नानेकफलदा, किन्तु तत्साधनं गुरोराज्ञयैव तन्त्रोक्तविधिना विधेयम्, नान्यथेति शास्त्रमर्यादा ।

प्रकृते पण्डितवर्यैः सुकृतिदत्तपन्तमहोदयैः श्रीकार्तवीर्यार्जुनदेवस्य प्रोज्ज्वलं वीर्यप्रदं चरितं वर्णितं तत्पराक्रमगाथा च गीता स्वकीये कार्तवीर्योदयमहाकाव्ये इति देवानां सिद्धानां गुणानुवर्णनमपि तदुपास्तिरेवेयं कार्तवीर्यार्जुनदेवतायाः तन्त्रसाधनाऽवर्णननैयून्यमपाकुरुते । श्री उदयनाचार्यवर्यैर्न्यायकुसुमाञ्जलौ उक्तञ्च-

स्वर्गापवर्गयोर्मार्गमामनन्ति मनीषिणः ।
यदुपास्तिमसावत्र परमामा निरूप्यते ।। इति । शम् ।

लम्बकर्ण भट्ट

*- *डा. जगदीशचन्द्र रेग्मी*

काठमाडौंमा लम्बकर्ण भट्टको नाम चमत्कारी आख्यानहरूसँग सम्बद्ध भएर जनजिभ्रोमा जीवित रहिरहेको पाइन्छ । तर यिनको बारेमा सत्य-तथ्यात्मक इतिहासको खोजीको चासो जाग्न सकेको थिएन । यो छोटो लेखमा यस विषयमा एकसरो अध्ययन गर्न खोजिएको छ ।

लम्बकर्ण भट्टको परिचयका अनेक सन्दर्भ भाषावंशावलीहरूमा सुरक्षित भएको पाइन्छ । यही स्रोतको चर्चाबाट लम्बकर्ण भट्टको परिचय खोज्ने प्रयास गरौं ।

भाषा वंशावलीले लम्बकर्ण भट्टको परिचय यसरी दिएको छ -

"यी राजा (शिवसिंह) बडो ज्ञानी हुनाले दक्षिण महाराष्ट्र देशदेखि लक्ष्मीनारायण नाम लम्बकर्ण भट्ट ब्राह्मण नेपालपुरीमा आई कुलेश्वरमा बसी राजा प्रजा सबकन हेरी देशका लक्षण विचार गरी सहरभित्र प्रवेश गरी राजासँग भेट गऱ्या ।

राजाले विचार गर्दा उत्तम पुरुष ठहराई बहुतै सन्मान गऱ्या । त्यहाँपछि राजाले ती लम्बकर्ण भट्टकन गुरु वरी मन्त्रदान लिया ।

यी लम्बकर्ण भट्ट बहुतै मन्त्रशास्त्रमा प्रवीण सामर्थ्यवान् हुनाले घरखेत बिर्ता दी कान्तिपुरमा वास गराया" (**लंसाल २०२३:५९**)

वंशावलीको यो भनाइबाट कान्तिपुरका राजा शिवसिंहको समयमा लम्बकर्ण भट्ट भारत महाराष्ट्रबाट आएका, उच्च तहका तान्त्रिक हुनाले राजा शिवसिंहले उनीबाट मन्त्र सुनेर गुरु थापेको कुरा बुझिन्छ ।

** परम मित्र डा. श्री जगदीशचन्द्र रेग्मीज्यूको सौजन्यपूर्ण अनुमतिबाट यथावत् प्रकाशित ।*

राजा शिवसिंह मल्लका शासनकालका आजसम्म ज्ञात ऐतिहासिक प्रमाणहरूमा लम्बकर्ण भट्टको उल्लेख नपाइएकोले तिनको नेपाल आगमनको काल ठम्याउन अप्ठेरो परेको छ । तर राजा शिवसिंहको शासनकाल ई. १५७८ देखि १६२० सम्म रहेका कुरा अरू ऐतिहासिक स्रोतहरूबाट थाहा पाइने हुनाले सोही कालावधिभित्र लम्बकर्ण भट्टको कान्तिपुर आगमन भएको अनुमान गर्न सकिन्छ ।

लम्बकर्ण भट्ट राजा शिवसिंहकै समयमा काठमाडौं आएका हुन् वा होइनन् भन्ने कुराको ठेगान गर्ने प्रयासमा एउटा ऐतिहासिक महत्त्वको घटनाको चर्चा गरौं ।

वंशावलीमा लम्बकर्ण भट्टको सहयोगबाट नै राजा शिवसिंह मल्लले ललितपुरको तात्कालिक स्वतन्त्र राज्यलाई आफ्नो राज्यमा गाभ्न सकेको कुरा यसरी लेखिएको पाइन्छ –

"यिनै (लम्बकर्ण भट्ट) का मन्त्रका प्रभावले (राजा शिवसिंहले) ललित पत्तनका वैश्य राजाकन जिती दुवै सहर भोग गऱ्या" **(ऐजनः ५९)** ।

ललितपुर चापागाउँको ने.सं. ८२५ (ई. १७०५) को अभिलेखमा 'श्री भट्ट नारायण' नामका व्यक्तिको वर्णनमा भनिएको छ –

श्री भट्टनारायणः ।।
येन श्री शिवसिंहनामनृपते –
नेपालदेशाखिला–
धीशत्वं परिकल्प्य भूतिरतुला
स्वस्यापि संपादिता ।। (रेग्मी ४, १९६६ः २४७)

यो भनाइको अर्थ श्री भट्टनारायणले शिवसिंह नामका राजालाई सारा नेपालको राजा बनाएर आफूलाई पनि अतुलनीय (थुप्रो) सम्पत्तिको आर्जन गरे भन्ने हुन्छ ।

शिवसिंह महेन्द्रमल्लका कान्छा छोरा थिए । पिताको स्वर्गवासपछि जेठा सदाशिवमल्ल गद्दीमा बसेका थिए । तर उनी दुराचारी हुनाले जनताले

उनीलाई भगाएपछि शिवसिंह ई. १५७८ कान्तिपुरको राजगद्दीमा बस्न पाएका थिए । ने.सं. ७१५ (ई. १५९५) तिरदेखि राजा शिवसिंहले ललितपुर र दोलखाका स्वतन्त्र राज्यलाई आफ्नो राज्यमा मिलाएका र लिस्ति, केरुङ कब्जा गरेको, पूर्वतर्फ मकवानपुर सिन्धुलीसम्म र पश्चिमतिर गण्डकी पारिसम्म प्रभाव जमाएको ऐतिहासिक टिपोट पाइन्छ (**बज्राचार्य, श्रेष्ठ २०३१:३८**) ।

शिवसिंह सम्बन्धी माथि चर्चित कुन ऐतिहासिक घटनामा श्री भट्ट नारायणले सहयोग गरेका हुन् स्पष्ट छैन । तर वंशावलीहरूमा ललितपुरमा कब्जा गर्ने काम लम्बकर्ण भट्टको मन्त्रको प्रभावले भएको भन्ने भनाइ पाइनाले राज्यविस्तारको काममा उनको सहयोग रहेको हुनसक्दछ । यही कुरा पूरा दावीका साथ माथि चर्चित चापागाउँ अभिलेखमा व्यक्त गरिएको पाइन्छ ।

अब नामको समस्याबारे विचार गर्नु आवश्यक छ । वंशावलीका सन्दर्भहरूमा लक्ष्मीनारायण लम्बकर्ण भट्ट भनिनु र चापागाउँको अभिलेखमा श्री भट्टनारायण नाम दिइएकोमा पछिल्लो नामका व्यक्ति नै शिवसिंहका समकालिक हुन् भन्ने त स्पष्टै भएको छ । यिनको खास नाम नारायण भट्ट हुनुपर्दछ ।

भाषावंशावलीहरूमा लम्बकर्णको खास नाम लक्ष्मीनारायण भनिएको पाइन्छ । चापागाउँको अभिलेखमा नारायण भट्टपछि महादेव भट्ट भएका र उनीपछि लक्ष्मीनारायण भट्ट भएको कुरा लेखिएको छ । उनको तारीफमा त्यहाँ यस्तो लेखिएको छ –

लक्ष्मीनारायण इति ततो भट्टचूडामणिः
सत्सूनुर्ज्जातः शशधर ... दन्वतः पूर्णबिम्बः ।
दानं दारिद्रय द्राविडकुलमणेर्यस्य कीर्तिर्विशाला
नेपालेशार्चितपदयुगस्यास्य भागीरथी स्त्री ।

(रेग्मी ४, १९६६:२४७) ।

भट्टहरूमा उत्तम र पूर्णचन्द्रमा जस्ता, दानी, द्राविडकुलका मणि जस्ता, विशाल कीर्ति भएका र नेपालका राजाले पूजा गरिने पाउ भएका भनी उक्त पद्यमा लक्ष्मीनारायण भट्टको वर्णन गरिएको छ ।

कान्तिपुरका राजा प्रतापमल्ल र ललितपुरका राजा श्रीनिवास मल्लबीच

ने.सं. ७७८ (ई. १६५८) मा भएको सन्धिपत्रमा साक्षीका रूपमा 'श्री लक्ष्मीनारायण गुरुजु'को उल्लेख पाइन्छ (**रेग्मी ४, १९६६:११३**) र यिनीलाई 'गुरुजु' पनि भनिएकोले चापागाउँ अभिलेखमा चर्चित लक्ष्मीनारायणको परिचयको समानता स्पष्ट हुन्छ। प्रतापमल्लका गुरु लम्बकर्ण भट्ट यिनै हुन् भन्ने देखिन्छ। लक्ष्मीनारायण भट्टको नाम ने.सं. ८०१ (ई. १६८१) को प्रमाणमा पनि पाइन्छ (**रेग्मी ३, १९६६:१३**)। यिनैले भोजपत्रमा वि.सं. १७६२ (ई. १७०५) मा लेखेको सप्तशतीयन्त्र राष्ट्रिय अभिलेखालयमा रहेको छ (**स्लसर १९८२:७४**)। यी प्रमाणहरूबाट लम्बकर्ण भट्टको समयावधिका ई. १६५८ देखि १७०५ सम्मको ४७ वर्षबारे केही अवगत हुन आएको छ।

यति अध्ययनबाट शिवसिंह मल्लका समकालिक र गुरु नारायण भट्ट रहेछन् भन्ने बुझिन्छ र लम्बकर्ण भट्ट भनिने लक्ष्मीनारायण भट्ट उनका नाति रहेछन् भन्ने बुझिन्छ।

नारायण भट्टका उपलब्धि

वंशावलीका कथनमा नारायण भट्ट र लक्ष्मीनारायण भट्टका उपलब्धिहरू मिस्कट हुन पुगेकाले यो भट्टकुलका ज्ञात पहिला पुरुष नारायण भट्ट ओझेलमा परेका हुन्। हुँदा हुँदा वंशावलीका सबै विवरणमा लम्बकर्ण भट्ट नै नेपाल पस्ने पहिला पुरुष हुन् भनिएको छ र त्यो कुरा अब नारायण भट्टलाई सार्नु परेको छ।

वंशावलीहरूमा यो वंशलाई महाराष्ट्रबाट आएको भनिएको छ। चापागाउँको अभिलेखमा यो वंशलाई द्रविड भनिएको छ। नर्मदा नदीको दक्षिणका आन्ध्र, द्रविड, कर्नाटक, महाराष्ट्र र गुजरातका ब्राह्मणहरूलाई 'पञ्च द्रविड' भनिन्छ। तैपनि तामिल भेकका ब्राह्मणलाई द्रविड भनिने हुनाले त्यतैबाट नारायण भट्ट आएका हुन पनि सक्दछ।

नारायण भट्टको राजा शिवसिंहसँगको सम्बन्धबारे माथि चर्चा गरिएकै छ। चापागाउँको अभिलेखमा यिनको तारीफमा निकै गहकिला कुरा लेखिएका छन् -

यत्कीर्तिः शरदिन्दुसुन्दर ... मूर्तिः शिवस्याकृतिः
विद्या यस्य समस्तशास्त्र निगमव्याख्यातिभूमिं गता।

सिद्धिर्यस्य दिनेपि चन्द्रकरणे
रात्रौ च सूर्योदगमे
सोयं सद्द्रविडान्वयोद्भवतनुः
श्री भट्टनारायणः ।।

अभिलेखमा पहिलो हरफ अस्पष्ट छ तर नारायण भट्ट शिव जस्ता छन्, उनको कीर्ति शरद् ऋतुको चन्द्रमा जस्तो छ भन्ने वर्णन गरिएको बुझिन्छ । विद्यामा समस्त शास्त्र र वेदहरू नारायण भट्ट जान्दछन् भनेर दोस्रो हरफमा बताएर उनको विद्वत्तालाई औंल्याइएको छ ।

तेस्रो हरफमा जे भनिएको छ त्यसलाई पत्याउन सबैलाई हम्मेसी गाह्रो पर्दछ किनभने त्यसमा नारायण भट्ट दिउँसो चन्द्रमाको उदय गराउन सक्ने र राति सूर्योदय गराउन सक्ने सिद्धि भएका थिए भनिएको छ । तन्त्र-मन्त्रमा उनको विशेष दक्षता थियो भन्ने अनुमान यसबाट गर्न सकिन्छ ।

नारायण भट्टकै सल्लाहबाट राजा शिवसिंहले देगुतलेजुका मन्दिर कान्तिपुर र ललितपुरमा स्थापना गरेको कुरा वंशावलीको निम्न भनाइबाट थाहा पाइन्छ –

"गुरुका आज्ञाले कान्तिपुर ललितपत्तन दुवै सहरमा देगुतलेजुका देवालय बनाई यथाक्रम विधानपूर्वक बाह्याभ्यन्तर गरी श्री ईश्वरीकन (राजा शिवसिंहले) स्थापना गऱ्या ..." (**लम्साल २०२३:५९**) ।

राजा शिवसिंहले देगुतलेजुको स्थापना गरेको कुरा इतिहासकारहरूले प्रामाणिक मानेका छन् (वज्राचार्य २०३३:७१) । सो काममा नारायण भट्टको सल्लाहा रहेको कुरा वंशावलीले सङ्केत गरेकै छ । त्यस मन्दिरसँग नारायण भट्ट र उनका सन्तति नित्य र पर्वपूजा चलाउने घनिष्ठ रूपमा सम्बद्ध भएको हुनुपर्दछ। ठ्यासफुको ने.सं. ८०१ (ई. १६८१) को टिपोटमा देगुतलेजुमा गिद्ध बसेकोले लक्ष्मीनारायण भट्ट (लम्बकर्ण भट्ट) ले यज्ञ आदि गरी शान्ति गरेको कुरा लेखिएको पाइन्छ (**रेग्मी ३, १९६६:१३**) । यो सन्दर्भबाट लक्ष्मीनारायण भट्टको देगुतलेजु सम्बन्धी कर्मकाण्डमा हात रहने गरेको बुझिन्छ । पछि शाहकालको एक प्रमाणबाट देवाकर भट्ट भन्नेले देगुतलेजुमा गुठी राखेको उल्लेख पनि पाइनाले (**बज्राचार्य २०३३:७२**) यो कुरा स्पष्ट हुन्छ । एकथरि

वंशावलीमा श्री ५ रणबहादुर शाहले लम्बकर्ण भट्टका सन्तानलाई देगुतलेका पूजक नियुक्त गरेको उल्लेख पनि पाइन्छ (**हसरत १९७० : १५६**) । मल्लकालदेखि चलेको चलन बीचमा टुट्न गई श्री ५ रणबहादुर शाहबाट त्यो परम्परा कायम गरेको बुझ्न सकिन्छ ।

वंशावलीमा लम्बकर्ण भट्टले 'ललितपत्तनमा पनि स्थान बनाई आगमहरू र गणेशका मूर्तिहरू स्थापना गरिदिया' भनिएको पाइन्छ (**लम्साल २०२३ : ५९**) र यो काम नारायण भट्टलेनै गरेको मान्नुपर्दछ । राजा शिवसिंहमल्लले ललितपुरमा आफ्नो आधिपत्य कायम गरेपछि नारायण भट्टद्वारा उक्त धार्मिक कृत्य गरेको हुनुपर्दछ । त्यसै क्रममा नारायाण भट्टले ती राजाबाट पाटन भेकमा जग्गा जमीन पाएको अनुमान गरिन्छ । ने.सं. ८४५ (ई. १७२५) को पाटन रुद्रवर्ण महाविहारबाट पाइएको ताडपत्र तमसुकमा 'द्विजवर श्रीङतभाजु भट्टशमंणः क्षेत्र ...' को उल्लेख पाइन्छ (**शाक्य, कोल्वर १९८५:१६९**) । यो सन्दर्भबाट नरदेवीटोलका भट्टहरूको जग्गा जमिन पाटन भेकमा रहेको थाहा पाइन्छ ।

वंशावलीमा काठमाडौं चिकंमुगल टोलमा रहेको वज्रयोगिनीको मन्दिर राजा प्रताप मल्ल र लम्बकर्ण भट्टले ने.सं. ७०५ मा गरेका हुन् भनिएको पाइन्छ (**योगी २०१३:९६, लम्साल २०२३:५९**) तर ने.सं. ७०५ (ई. १५८५) को मिति प्रताप मल्लको नभई शिवसिंहको भएकोले सो काम पनि यिनै राजा र नारायण भट्टकै हुनुपर्ने अन्दाजी गर्न सकिन्छ ।

लम्बकर्ण भट्ट

माथि चर्चित चापागाउँ अभिलेखमा नारायण भट्टका छोरा महादेव भट्ट भए र उनका छोरा लक्ष्मीनारायण भट्ट भए भनिएको छ । यिनी लम्बकर्णका नामले प्रसिद्ध थिए भन्ने कुरा वंशावलीहरूका वक्तव्यबाट स्पष्ट हुन्छ । लामा कान हुनाले यो नाम प्रचलित रहेको कुरा बुझिन्छ । लामा कान हुनु विशिष्टता मानिने हुनाले यिनको विशिष्टता बारे अनुमान गर्न सकिन्छ ।

वंशावलीहरूमा मल्लकालको विवरणमा प्रताप मल्लको गतिविधिको विशेष स्थान पाइन्छ । प्रताप मल्लको विवरणमा पनि लम्बकर्ण भट्ट, नृसिंह

ठाकुर र जामुना गुभाजुको गुटका चमत्कारी गतिविधि सम्बन्धित गरिएको पाइन्छ । यहाँ राजा प्रताप मल्ल र लम्बकर्ण भट्टको गतिविधिका केही महत्त्वपूर्ण धार्मिक पक्षबारे छोटकरी चर्चा गरिन्छ ।

वंशावलीहरूको वक्तव्यबाट फर्पिङ्गकी प्रसिद्ध दक्षिणकालीको स्थापना राजा प्रताप मल्लले लम्बकर्ण भट्टसँग सल्लाहले गरेका थिए ।

"(राजा प्रताप मल्लले) गुरु लम्बकर्ण भट्टसँग संमत गरी यिन भट्टाद्वारा ॐ श्री दक्षिणकालीलाई दक्षिण दिशामा स्थापना गरी दिएका हुन् । यिनी दक्षिणकाली बहुतै प्रत्यक्षका हुन्" (**योगी २०१३ : ८२**) ।

लम्बकर्णको विशेष प्रसिद्धि हनुमानढोका राजदरबारका हनुमानको स्थापना सम्बन्धी घटनासँग सम्बद्ध गर्ने गरिएको पाइन्छ । एकथरी वंशावलीमा यस विषयमा भनिएको छ –

"श्रीराजा प्रताप मल्लबाट नेपाली सम्बत् ७७० सालमा आफ्ना घर दरबारका ढोकामा सुनका पाताले छाई श्री हनुमान स्थापना गरी हनुमान ढोका भनी प्रख्यात गरेपछि यिनै हनुमानलाई जाग्रत गर्नुपऱ्यो भनी आफ्ना गुरु लम्बकर्ण भट्टले पुरश्चरण बसी ती हनुमानलाई जगाई लड्डु ल्याई मुखमा हालिदिदा मुख बाई कपाकप लड्डु खाइदिए । यो श्री हनुमान यस्ता प्रख्यातका हुन्" (**योगी २०१३:८३**) ।[१]

हरिसिद्धिको प्रख्यात नाचको सम्बन्धमा पनि नृसिंह ठाकुरसमेत लम्बकर्ण भट्टको प्रयास रहेको थियो भन्ने कुरा वंशावलीको निम्न वक्तव्यबाट बुझिन्छ –

"नेपाली सम्बत् ७७४ सालमा श्रीराजा प्रतापमल्लले लम्बकर्ण भट्ट र नृसिंह ठाकुरका मन्त्रका बलले श्री हरिसिद्धिदेवीको नाच लोप भइरहेका प्रकाश गरूँला भनी विधान गर्दा सकेन" (**योगी २०१३ : ९१**) ।

---

१. *यो आख्यानको अर्को रूपमा हनुमानको सट्टा नरसिंह बताइएको पनि पाइन्छ । लम्बकर्ण भट्टले हनुमान ढोका दरबारमा स्थापना गर्न बनाइएको नरसिंह मूर्तिलाई जगाएर लड्डु ख्वाउँदै हिंडाएर आफ्नो घरमा पुऱ्याएर थापेका हुन् भन्ने आख्यान पनि गुरु स्व. श्री लोकनाथ रेग्मीबाट सुनेको छु ।*

नागको भयको निवारणको लागि लम्बकर्ण भट्टले पशुपतिनिरका वासुकि मन्दिरको जीर्णोद्धार गरी त्यहाँ विहानी पख धपनी भन्ने बाजा बजाउने परम्परा बसालेको कुरा अर्को थरी वंशावलीमा भनिएको पाइन्छ (**राइट १९६६ : १४७**)।

लम्बकर्ण भट्ट सम्बन्धी एउटा कथा पनि प्रचलित छ । त्यो कथामा राजा प्रताप मल्लले लम्बकर्ण भट्टसँग प्रसन्न भई उनीलाई ७ दिनभरि घुमेको जग्गा विर्ता दिन कबूल गरेका थिए । राजाले कवूल गरेजस्तो भयो भने त लम्बकर्ण भट्टले पूरा राज्य पनि ४-५ दिनमै घुमिसक्ने हुनाले मन्त्रीहरूले लङ्गडा र अन्धाले बोकिएको पाल्की चढाई उत्तर-पश्चिम (गोसाइँकुण्ड ?) तिरको पहाडी र जङ्गली क्षेत्रमा घुम्न पठाइदिए । उनीलाई भात पकाएर ख्वाउन लङ्गडा मान्छे साथ लगाइयो । फलतः लम्बकर्ण भट्टले धेरै जग्गा घुम्न सकेनन् (**राइट १९६६ : १४७**) ।

७ दिनसम्म घुमेको जग्गा वकस पाउने वचन राजाबाट पाउने लम्बकर्ण भट्टसम्बन्धी यो कथाले धेरै कुरातिर सङ्केत गरेको मान्न सकिन्छ । राजा प्रताप मल्ललाई लम्बकर्ण भट्टले कुनै ठूलै उपकार गरेको हुनुपर्दछ जसको बदलामा राजाले त्यस्तो बचन दिएका थिए । लम्बकर्ण भट्टले कुन उपकार राजालाई गरेका थिए स्पष्ट छैन । तर वंशावलीमा नृसिंह ठाकुर र लम्बकर्ण भट्टको सल्लाहबाट राजदरबारमा थापिएकी सुन्दरकाली र फर्पिङको दक्षिणकाली प्रसन्न भएकाले राजाले 'असंख्य धन द्रव्य कुवेर सन्तुष्ट भई ऐश्वर्य पाउँदा भया', 'ईश्वरीका प्रसादले भोट राज्य लासा कुती अम्बल गरी धेरै दौलत प्राप्त हुँदा मोहनचोकमा पाँच कोटि द्रव्य भण्डार थाप्या' भनिएको पाइन्छ (**लम्साल २०२३ : ८३**) ।

नारायण भट्टले शिवसिंहलाई जसरी राज्यविस्तार गर्न सहयोग गरेको चर्चा माथि गरिसकिएको छ त्यस्तै लम्बकर्ण भट्टले प्रतापमल्ललाई उत्तरतर्फ सीमान्त क्षेत्र निर्धारण गर्ने र त्यहाँबाट तिब्बतसँग व्यापार वृद्धि गर्ने काममा सहयोग गरेको अनुमान गर्न सकिन्छ । राजा प्रताप मल्लले तिब्बतका शासकबाट सीमान्त क्षेत्रका व्यापारिक नाताहरू कुती, खासा र किरोङ जितेको कुरा त उनै राजाको हनुमानढोका कृष्णादेवलको ने.सं. ७६९ (ई. १६४९) को शिलालेखमा

वर्णन गरिएकै छ (**रेग्मी ४, १९६६ : ८६**) ।

लम्बकर्ण भट्टबारे अरू खोजी हुन सके अरू कति तथ्य थाहा पाउन सकिंदो हो । भविष्यमा हुने अनुसन्धानबाट यस विषयमा प्रगति हुने आशा गर्न सकिन्छ ।

काठमाडौं सहरमा हनुमानढोका राजदरबारबाट अलिकति पश्चिमतर्फको ङत वा नरदेवी टोलमा लम्बकर्ण भट्टको बसोबास गर्ने घर रहेको कुरा थाहा पाइन्छ । यही टोलमा भट्ट परिवारहरूको बसोबास रहेको पाइन्छ जुनको सम्बन्ध नारायण भट्ट र लम्बकर्ण भट्टसँग रहेको बुझिन्छ । यो नरदेवी टोलको लामो लङमा भट्ट परिवारकै स्वामित्व रहेको र सो परिवार अति समृद्ध हुनाले 'नेतजुजु' अर्थात् नरदेवी टोलका राजा भन्ने चलन रहेको पाइन्छ । यो प्रसिद्धिबाट यो भट्टवंशको विशिष्टता पनि स्पष्ट हुन्छ । यही टोलमा एउटा 'भुलुखा देगल' पनि छ जसलाई लम्बकर्ण भट्टले सन्तानेश्वर महादेवको रूपमा थापेका हुन् भन्ने कथन यो टोलमा प्रचलित छ ।

माथि चर्चित चापागाउँको अभिलेखबाट लक्ष्मी नारायण लम्बकर्ण भट्टको छोरा हरिशङ्कर भट्ट भए भन्ने थाहा पाइन्छ । उनीले चापागाउँमा 'कापेश' महादेवको मन्दिर बनाई सो घटनाको स्मारक रूपमा लेखाइ राखेको शिलालेखमा आफ्नो वंशावली र पुर्खाहरूको गौरवको बयान पनि गराएका थिए । त्यसमा स्वयं हरिशङ्कर भट्टको पनि प्रभावशाली व्यक्तित्वको वर्णन गरिएको छ । त्यहाँ उनीलाई ठूला विद्वान् र वसिष्ठ ऋषिजस्ता ज्ञानी भनेर तारीफ गरिएको छ (**रेग्मी ४, १९६६: २४७-४८**) ।

यी हरिशङ्कर भट्ट आफ्ना पिताझैं मल्ल राजाहरूसँग घनिष्ठ र सम्मानित स्तरमा सन्निकट रहेको कुरा ने.सं. ८१८ (ई. १६९८) मा उपत्यकाका तीनै मल्ल राजाहरूले राजनीतिक सुधार ल्याउनेबारे गरेको सामूहिक सन्धिपत्रमा 'श्री हरिशङ्कर भट्ट भाजु'को रूपमा दृष्टसाक्षीका रूपमा राखिएबाट बुझिन्छ (**तेवारी, पौडेल २०२१: २४**) । त्यही सन्धिपत्रमा 'श्रीकृष्ण भट्ट भाजु' र श्रीमहेश्वर भट्ट भाजु' पनि दृष्टसाक्षीको रूपमा राखिएका छन् । यी तीने भट्टहरू लम्बकर्णका छोरा हुनु

सम्भव छ ।

नरदेवी टोलका भट्टवंशीहरू सम्बन्धी अरू फुटकर ऐतिहासिक सन्दर्भहरूको अभाव छैन तर सन्दर्भबाट ज्ञात हुन आउने भट्ट व्यक्तित्वहरूलाई साधारणतया नारायण भट्ट र उनका सन्तानहरूका विभिन्न गूँडहरूसँग सम्बद्ध गर्नुपर्ने अनुमान गरिन्छ ।

नरदेवी टोलमा भट्ट ब्राह्मणहरूको आँगनमा रहेको कौसीदेवलमा रहेको ने.सं. ७९६ (ई. १६७६) को शिलालेख पनि लम्बकर्ण भट्टकै वंशसँग सम्बद्ध रहेको हुनुपर्दछ । सो अभिलेखको हाल प्रकाशित सारांशमा राजा नृपेन्द्र मल्लको राज्यकालमा सिद्धेश्वर नामका ब्राह्मणले श्रीकृष्ण आदि देवताहरूको स्थापना गरेको कुरा लेखिएको छ (**राजवंशी २०२७: ११४**) ।

ङत टोलका बासिन्दा वीरेश्वर भट्टको उल्लेख ने.सं. ८०३ (ई. १६८३) को तमसुक ताडपत्रमा भएको छ । त्यहाँ तिनलाई 'श्रीराजगुरु' पनि भनिएको छ (**खनाल २०२८: ३३**) ।

त्यस्तै ने.सं. ८१८ को लक्ष्मी गरुड विष्णुमूर्तिको पादपीठमा लेखिएको अभिलेखमा ङत टोलका भट्ट परिवारका एक सदस्यहरूको सन्दर्भ पाइन्छ । प्रिन्स अफ वेल्स म्यूजियम बम्बईको सङ्ग्रहमा रहेको धातुनिर्मित उक्त विष्णुमूर्तिको अभिलेख निम्न बमोजिम पढिएको छ –

१. श्री ३ संवत् ८१८ आश्विनशुल्क १० तस्मिन् दिवस श्री ३ लक्ष्मी नारायण गरुड मूर्ति

२. नयङ्त नरसिंहभट्टन कारिन शुभम् (**एल्सप १९८४, ३४**) ।

ई. १६९८ को यो अभिलेखमा 'नयङत' नाममा 'ङत'ले ङत टोललाई बुझाएको देखिन्छ । सो टोलका प्रसिद्ध बासिन्दा भट्टपरिवारका नरसिंह भट्टको उक्त अभिलेखमा उल्लेख भएको छ ।

ने.सं. ८३५ (ई. १७१५) को ताम्रपत्रमा पनि 'श्री ङतमा भाजु' को रूपमा ङत टोलको भट्टपरिवारको उल्लेख पाइनछ (**खनाल २०२८: ४५**) ।

ने.सं. ८४४ (ई. १७२४) को ताडपत्र तमसुकमा 'ङत टोल' को यौताछे

गृहका बासिन्दा 'विप्र' श्री नारायण भट्टलाई राजा जगज्जयमल्ले ४९४ टङ्कामा (रूपियाँ) ५ रोपनी जग्गा बिक्री गरेको कुरा लेखिएको छ (**शाक्य, वैद्य १९७०: ४८**)।

हालसम्म ऐतिहासिक सामग्रीहरूबाट माथि चर्चित किसिमबाट लम्बकर्ण भट्टको वंशको मल्लकालीन राजनीतिक र सांस्कृतिक क्षेत्रमा सक्रिय योगदान रहेको देखिन्छ। भविष्यमा गरिने अरू अनुसन्धानबाट यस विषयमा बढी कुरा थाहा पाउन सकिनेछ।[२]

सन्दर्भ ग्रन्थ

एल्सप–, इयान १९८४: "**प्रोबलेम्स इन डेटिङ्ग नेपालिज मेटल स्कल्प्चरः थ्री इमेजेज अफ विष्णु**", कण्ट्रिब्यूशन्स टु नेपलिज् स्टडिज, सिनास त्रि.वि., वर्ष १२ अङ्क–१।

– तेवारी, रामजी, पौडेल, भोलानाथ आदि २०२१: **ऐतिहासिक पत्र सङ्ग्रह**, भाग–२, नेपाल सांस्कृतिक परिषद् काठमाडौं।

– खनाल, मोहनप्रसाद २०२८: **अभिलेख सङ्कलन**, साझा प्रकाशन, ललितपुर।

– योगी, देवीनाथ २०१३: **देवमाला (वंशाली)** मृगस्थली, गोरक्षपीठ।

– राइट, डेनियल १९६६: **हिष्ट्री अफ नेपाल**, रञ्जन गुप्ता, कलकत्ता।

२. *नरदेवीमा लम्बकर्णका सन्ततिका शाखा प्रशाखा अहिले पनि छन्। उहाँहरूसँग भेटघाट गरी लम्बकर्णबारे प्रामाणिक कुरा पत्ता लगाउन पनि खोजिएको हो जसमा सफलता पाउन सकिएन। त्यस्तो संयोग मिलेमा पाण्डुलिपि ग्रन्थ र अरू कागतपत्र र किम्बदन्तीहरूको सूचना एकत्रित गर्न सके अरू तथ्य उपलब्ध हुन सक्दछ।*

- राजवंशी, शङ्करमान २०२७: कान्तिपुर शिलालेख सूची, नेपाल राष्ट्रिय अभिलेखालय, काठमाडौं ।
- रेग्मी, डिल्लीरमण १९६६: मेडीभल नेपाल, भाग–३, फर्मा के. एल. मुखोपाध्याय, कलकत्ता ।
- रेग्मी, डिल्लीरमण १९६६: मेडीभल नेपाल, भाग–४, फर्मा के. एल. मुखोपाध्याय, कलकत्ता ।
- लम्साल, देवीप्रसाद २०२३: भाषा वंशावली भाग–२, नेपाल राष्ट्रिय पुस्तकालय ।
- वज्राचार्य, गौतम वज्र २०३३: हनुमान ढोका राजदरबार, नेपाल तजा एशियाली अध्ययन संस्थान, त्रि.वि. ।
- वज्राचार्य, धनबज्र, श्रेष्ठ, टेकबहादुर २०३१: दोलखाको ऐतिहासिक रूपरेखा, नेपाल तथा एशियाली अध्ययन संस्थान त्रि.वि. कीर्तिपुर।
- स्लसर, मेरी १९८२: नेपाल मण्डल प्रिन्स्टन यूनिभर्सिटी प्रेस।
- शाक्य, हेमराज १९८५: कोल्वर, बर्नहर्ड डकुमेण्टस् फ्रम द रुद्र वर्ण महाविहार, पाटन, जर्मनी ।
- शाक्य, हेमराज, वैद्य, तुलसीराम १९७०: मेडिभल नेपाल इन्स्क्रिप्सन एण्ड कोलो फोन्स, काठमाडौं ।
- हसरत, विक्रमजीत १९७०: हिस्ट्री अफ नेपाल, होशियारपुर, पञ्जाब ।



मूलाधारस्थितं चक्रं सर्वाधारतया स्थितम् ।
लिङ्गं तन्मध्यगं यत्तत् स्वयम्भूरिति विश्रुतम् ॥
कुण्डलिन्या त्रिरावृत्त्या वेष्ठितं, तद्धि पङ्कजम् ।
भगवत्या महापीठं कौलिकानां हि सिद्धिदम् ॥
तन्मध्यगे त्रिकोणे च विभाव्य स्वेष्टबीजकम् ।
दीक्षितो हि समभ्यर्च्य देवीप्रीतिकरो भवेत् ॥

मूलधारमा रहेको (मूलाधार) चक्र सम्पूर्ण विश्वकै आधारका रूपमा रहेको छ । त्यसैका बीचमा विख्यात स्वयम्भू लिङ्ग विद्यमान छ । त्यसलाई तीन फन्को मारेर कुण्डलिनीले बेरेको छ । त्यस्तो त्यो चक्र भगवतीको महापीठ हो र त्यो कौलिकहरूका लागि सिद्धिदायक हुन्छ । त्यसैको मध्यभागमा रहेको त्रिकोणमा आफ्ना इष्टदेवताका बीजमन्त्रको भावना गरेर पूजा गर्ने साधक भगवतीको प्रिय बन्दछ ।

लेखक परिचय

१.	नाम	: विद्यानाथ उपाध्याय भट्ट
२.	ठेगाना	: काठमाडौं महानगरपालिका वार्ड नं. २६, नरदेवी
३.	पिताको नाम	: स्व. श्री वासुदेव उपाध्याय भट्ट
४.	पितामहको नाम	: स्व. श्री विष्णुरमण उपाध्याय भट्ट
५.	नागरिकता	: नेपाली
६.	जन्मतिथि	: ४-४-१९४१ (वि.सं. १९९७ चैत्र २२)
७.	शिक्षा	: नव्यन्याय विषयमा आचार्य, प्रथम श्रेणी, विश्वविद्यालयमा विषयमा सर्वप्रथम । जर्मन भाषा र चिनियाँ भाषामा डिप्लोमा ।
८.	पदक	: विश्वविद्यालय (वाराणसी) स्वर्णपदक, महेन्द्र विद्याभूषण र अन्य सांस्कृतिक क्रियाकलापमा स्वर्ण एवं रजत पदक ।
९.	अनुसन्धान	: न्याय शास्त्र एवं तन्त्र शास्त्रमा अनुसन्धान ।
१०.	लेख, प्रकाश	: तन्त्रचिन्तामणि ग्रन्थको शोधपूर्ण सम्पादन- महेन्द्र संस्कृत विश्वविद्यालयबाट प्रथम भाग प्रकाशन, द्वितीय भाग प्रकाशोन्मुख, न्याय दर्शन, तन्त्र विषय, शिक्षा, परीक्षा प्रणाली सम्बन्धी लेखहरू प्रकाशित ।
११.	सेवा	: २०१९ सालदेखि २०४३ सालसम्म त्रिभुवन विश्वविद्यालय सेवामा २४ वर्ष र २०४३ सालदेखि २०६० सालसम्म महेन्द्र संस्कृत विश्वविद्यालय सेवामा १७ वर्ष र ६ महिना स्थायी सेवामा कार्यरत । हाल पनि महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गत वाल्मीकि विद्यापीठमा न्याय विभागमा करार सेवा ।
१२.	पद	: सर्वप्रथम प्रशासनमा सुपरिण्टेण्डेण्ट, त्यसपछि लेक्चरर, सह-प्राध्यापक र प्राध्यापक, बीचमा छात्रावास सुपरीक्षक, वाल्मीकि विद्यापीठको प्रमुख, प्राचार्य, सहायक डीन र महेन्द्र संस्कृत विश्वविद्यालयको सर्वप्रथम शिक्षाध्यक्ष । न्याय विभागाध्यक्ष, न्याय विषय समिति अध्यक्ष, प्राज्ञिक परिषद्को सदस्य एवं अनुसन्धान परिषद्को अध्यक्ष, पशुपति क्षेत्र विकास कोष, धर्म संस्कृति संवर्द्धन समितिको सदस्य ।
१३.	अनुभव	: न्याय विभागको प्राध्यापन, परीक्षा संचालन, शैक्षिक एवं समान्य प्रशासन, आदि ।
१४.	सहभागिता	: विविध राष्ट्रिय, अन्तरराष्ट्रिय शैक्षिक गोष्ठी, सेमिनार, सम्मेलनहरूमा कार्यपत्र लेखन, टिप्पणीकरण, व्याख्यान, प्रवचन, आदि साथै विविध सरकारी, गैरसरकारी शैक्षिक संघ-संस्था, संगठन, समिति, उपसमितिहरूमा सक्रियतापूर्ण सहभागिता ।
१५.	भ्रमण	: भारत, संयुक्त अधिराज्य बेलायत र जर्मनी
१६.	हालका क्रियाकलाप	: तान्त्रिक हस्तलिखित ग्रन्थको सम्पादन, न्याय (संस्कृत भाषाशास्त्र) को संस्कृत/नेपाली विश्लेषण, गन्थ, लेख लेखन ।
१७.	भाषाज्ञान	: संस्कृत, नेपाली, नेवारी, हिन्दी, अंग्रेजी र जर्मन
१८.	सेवानिवृत्त	: २०६० चैत्र २२
१९.	सम्पर्क	: फोन : ४-२५२६७२, मोबाइल : ९८४१-२५४४६५